# बदरीनाथ भट्टराईका कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव

नेपाली विषयमा विद्यावारिधि (पीएच्.डी.) उपाधिका निमित्त
नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रसमक्ष प्रस्तुत

## शोध प्रबन्ध


**शोधार्थी**

जानुका नेपाल

दर्ता नं. : ३३४/०६९


२०७५

# सिफारिस-पत्र

*बदरीनाथ भट्टराईका कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव* शीर्षकको यो शोधप्रबन्ध जानुका नेपालले विद्यावारिधि उपाधिका लागि मेरो निर्देशनमा तयार पार्नुभएको हो । मूलतः पूर्वीय आध्यात्मिक दर्शनका आधारमा यथासम्भव व्याख्यात्मक, विश्लेषणात्मक तथा तुलनात्मक पद्धतिको अनुसरण गरी परिश्रमपूर्वक तयार पारिएको यो शोधप्रबन्ध मौलिक र प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण छ । उहाँले तयार पार्नुभएको यस शोधकार्यबाट म पूर्णतया सन्तुष्ट छु र विद्यावारिधि उपाधि प्रदान गर्न नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र समक्ष सिफारिस गर्दछु ।

................................

प्रा. डा. रामचन्द्र लम्साल

(शोधनिर्देशक)

मिति : २०७५/ /

# सिफारिस-पत्र

शोधार्थी जानुका नेपालले विद्यावारिधि उपाधिका लागि *बदरीनाथ भट्टराईका कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव* शीर्षकमा शोधकार्य गर्नुभएकोमा मलाई प्रसन्नता बोध भएको छ । गहन अध्ययनका साथ तयार पारिएको यो शोधप्रबन्धबाट म पूर्णतया सन्तुष्ट छु र विद्यावारिधि उपाधि प्रदान गर्न नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र समक्ष सिफारिस गर्दछु ।

............................

प्रा.डा. लीलानाथ पौडेल

(शोधविशेषज्ञ)

मिति : २०७५/ /

# सिफारिस-पत्र

*बदरीनाथ भट्टराईका कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव* शीर्षकको यो शोधप्रबन्ध जानुका नेपालले विद्यावारिधि उपाधिका लागि तयार पार्नुभएको हो । मूलतः वैदिक, पौराणिक, आध्यात्मिक कथाका आधारमा लेखिएका बदरीनाथ भट्टराईका कथाहरूमा अध्यात्मको पहिचान गरी उक्त कथाहरूमा प्रयोग भएका पूर्वीय दर्शनको प्रभावलाई उजागर गरेर परिश्रमसाथ तयार पारी अन्तिम वाक्परीक्षाबाट आएका सुझावहरुका आधारमा परिमार्जन गरी तयार गरिएको यो शोधप्रबन्धबाट म पूर्ण सन्तुष्ट छु । विद्यावारिधि उपाधि प्रदान गर्न नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र समक्ष सिफारिस गर्दछु ।

........................
सह.प्रा.डा.नारायण चालिसे
(शोधविशेषज्ञ)

मिति : २०७५/ /

# कृतज्ञता ज्ञापन

नेपाल संस्कृत विश्व विद्यालय, अनुसन्धान केन्द्र अन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधिका निम्ति *बदरीनाथ भट्टराईका कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव* शीर्षकको यो शोधप्रबन्ध तयार गर्दा मलाई आवश्यक सहयोग गर्ने महानुभाव र सङ्घ संस्थाहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

सोही क्रममा सर्वप्रथम यस शोधकार्यलाई पूर्णता दिनका लागि जुनसुकै समयमा पनि आत्मादेखि उदार हृदयका साथ आवश्यक निर्देशन, सल्लाह, सुझाव र सत्प्रेरणा प्रदान गर्नुहुने परम श्रद्धेय गुरु प्रा.डा. रामचन्द्र लम्सालप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी शोधविशेषज्ञका रूपमा रही अमूल्य सल्लाह, सुझाव, आवश्यक परामर्शमा सहयोग पुऱ्याउनु हुने गुरुद्वय प्रा.डा. लीलानाथ पौडेल र सह.प्रा.डा. नारायण चालिसेप्रति कृतज्ञता व्यक्त गर्दछु । प्रस्तुत शोधकार्य गर्नका लागि उत्प्रेरणा प्रदान गर्नु हुने आदरणीय गुरुहरू प्रा.डा. यादव प्रकाश लामिछाने तथा प्रा.डा.बद्री विशाल भट्टराईप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत शोधकार्यलाई मूर्तता प्रदान गर्न प्रत्येक समय सक्रिय भूमिका निर्वाह गरी सहयोग गर्नुहुने उप-प्रशासक नारद पौडेल, उप-प्रशासक नगेन्द्र रेग्मी, पूर्व सह-प्रशासक हरिप्रसाद पाण्डेयप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधकार्यका लागि आवश्यक पुस्तक, पत्रपत्रिका उपलब्ध गराउन सहयोग गर्नु हुने प्रा. शिवगोपाल रिसाल, उप.प्रा. माधव घिमिरे तथा शोधनायक बदरीनाथ भट्टराईका छोरा अच्चुत भट्टराई तथा बुहारी गीता भट्टराई र छोरी अम्बिका, प्याकुरेलप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै यस शोधकार्यका लागि आवश्यक सामग्री, पुस्तक, पत्रपत्रिका, अप्रकाशित शोधप्रबन्ध लगायतका सामग्रीहरू उपलब्ध गराउने नेपाल संस्कृत विश्वविद्यालयको पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय कीर्तिपुर, वाल्मीकि विद्यापीठ पुस्तकालय, काठमाडौँ मदन पुस्तकालय, राष्ट्रिय पुस्तकालय, भारतीय पुस्तकालय, रत्नपुस्तक भण्डारप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई यस शोधकार्यका लागि निरन्तर अभिप्रेरित गर्नु हुने मेरा पति बाबुराम पौडेलज्यूको अभिप्रेरणाप्रति हृदयतः आभार व्यक्त गदर्छु । त्यस्तै मलाई यो धर्ती देखाएर हरेक कार्य गर्न मार्गदर्शन गर्ने मेरा पूजनीय स्वर्गीय पिता टंकनाथ शास्त्री नेपाल र अझैसम्म पनि मेरो सत्मार्गको लागि आशीर्वाद प्रदान गरिरहनु भएकी ममतामयी माता मोहमाया नेपालज्यूप्रति

सभक्ति कृतज्ञता अर्पण गर्दछु । मेरी प्रेरणाकी स्रोत सय वर्षीय सासू आमाको हृदयस्पर्शी सहयोगप्रति भक्तिपूर्वक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै यस शोधकार्यका साथसाथै विद्या आर्जनको क्रममा र मेरा जीवनको हरेक मोडमा सफलता हासिल गर्न हौसला प्रदान गर्दै मार्गदर्शन गर्नु हुने मेरा पिता समानका आदरणीय दाजुहरू जनार्दन नेपाल, पुरुषोत्तम नेपाल तथा भाउजूहरू चन्द्रावती नेपाल, रेनु नेपाल, दिदीहरू सरस्वती धिताल, इन्दिरा खतिवडा र मेनुका पौडेलप्रति हार्दिक नमन गर्दछु ।

अन्तमा यस शोधप्रबन्धको कार्यमा निरन्तररूपमा सहयोग गर्ने नारायण भट्टराई, शेरबहादुर बस्नेत, देवकी आचार्य, किरण पाण्डे, सुशीला (सुसान) खनाल, किरण सापकोटा, लगायतका सम्पूर्ण नील बाराही मा.वि. का मित्रहरूप्रति सप्रेम धन्यवाद ज्ञापन गर्दै मेरो शोधप्रबन्ध लेखनलाई अगाडि बढाउने कार्यमा सहयोग पुऱ्याउने मेरा अनमोल पुत्ररत्नद्वय अनुराग पौडेल र आदित्य पौडेल तथा भान्जी तुलसा घिमिरेप्रति पनि धन्यवाद ज्ञापन गर्दछु ।

................................

जानुका नेपाल

मिति : २०७५/ /

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अनु. | : | अनुवाद, अनुवादक |
| ऋक् | : | ऋग्वेद |
| ई. | : | ईस्वी |
| चौ.सं. | : | चौथो संस्करण |
| डा. | : | डाक्टर |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो. | : | दोस्रो |
| द्वि. सं. | : | द्वितीय संस्करण |
| ने.भा.प्र.स. | : | नेपाली भाषा प्रकाशिनी समिति |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | : | पृष्ठ |
| प्रा. | : | प्राध्यापक |
| ने.सं.वि. | : | नेपाल संस्कृत विश्वविद्यालय |
| यजु. | : | यजुर्वेद |
| वि.सं. | : | विक्रम संवत् |
| सं. | : | संवत्, संस्करण |
| सम्पा. | : | सम्पादन, सम्पादक, सम्पादित |
| सा.प्र. | : | साझा प्रकाशन |

उपर्युक्त सङ्क्षिप्त सूची बाहेक यस शोधप्रबन्धमा ठाउँ हेरी *इटलिक* र **बोल्ड** गरिएको छ ।

# विषय-सूची

**सिफारिस-पत्र** ii

**कृतज्ञता ज्ञापन** v

**सङ्क्षेपीकृत शब्दसूची** vii

**विषय-सूची** viii

**अध्याय एक**

**शोध परिचय**

१.१ समस्या कथन २

१.२ शोधकार्यको उद्देश्य ३

१.३ पूर्वकार्यको समीक्षा ३

१.४ अध्ययनको औचित्य ९

१.५ अध्ययनको सीमा १०

१.६ सामग्री सङ्कलन १०

१.७ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा १०

१.८ शोध प्रबन्धको सङ्गठन वा रूपरेखा ११

**अध्याय दुई**

**आध्यात्मिक दर्शनको सैद्धान्तिक परिचय**

२.१ दर्शनको उत्पत्ति र अर्थ १२

२.२ दर्शनको परिचय र परिभाषा १४

२.३ आध्यात्मिक दर्शन (षड्दर्शन) को परिचय १९

२.३.१ न्याय दर्शन २१

२.३.२ वैशेषिक दर्शन २३

२.३.३ साङ्ख्य दर्शन २५

२.३.४ योग दर्शन २७

२.३.५ मीमांसा दर्शन २९

२.३.६ वेदान्त दर्शन ३२

२.४ आध्यात्मिक दर्शनका आधारमा बदरीनाथ भट्टराईका कथा विश्लेषणका सैद्धान्तिक मान्यताहरू ३६
२.४.१ धर्म ३७
२.४.२ मन ४०
२.४.३ कर्म ४२
२.४.४ मानव धर्म ४३
२.४.५ शरीर ४५
२.४.६ आत्मा ४६
२.४.७ मोक्ष ४८
२.४.८ सुख-दुःख ५०
२.४.९ ईश्वर ५१
२.४.१० पुनर्जन्म ५३
२.५ दर्शन र साहित्यको सम्बन्ध ५५
२.६ अध्यायगत निष्कर्ष ५८

**अध्याय तीन**

**बदरीनाथ भट्टराईको साहित्यिक यात्रा तथा आध्यात्मिक दर्शनको आधारमा उनका कथाहरूको वर्गीकरण**

३.१ बदरीनाथ भट्टराईको परिचय ५९
३.२ बदरीनाथ भट्टराईको कथायात्रा ६१
३.२.१ चरण विभाजन ६३
३.२.२ आध्यात्मिक दर्शनका आधारमा बदरीनाथ भट्टराईका कथाहरूको वर्गीकरण ७०
३.३ अध्यायगत निष्कर्ष ७४

**अध्याय चार**

**देवकुल तथा ऋषिकुल सम्बन्धी कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव**

४.१ तेस्रो चरित्र कथा विष्लेषण ७६
४.२ भूल सुधार कथा विष्लेषण ७९
४.३ सत्यको खोजी कथा विष्लेषण ८३

४.४ सप्तशतीको सारांश कथा विष्लेषण ८८
४.५ जवानीको जोश कथा विष्लेषण ९४
४.६ हैमवती कथा विष्लेषण ९९
४.७ शक्तिपरीक्षा कथा विष्लेषण १०२
४.८ तीन वरदान कथा विष्लेषण १०५
४.९ तिनौटा द कथा विष्लेषण १०८
४.१० भूमा कथा विष्लेषण ११०
४.११ सारा इच्छा पूरा हुने उपाय कथा विष्लेषण ११८
४.१२ शुकुजीको प्रश्नको उत्तर कथा विष्लेषण १२२
४.१३ विश्वामित्र कथा विष्लेषण १२६
४.१४ वाल्मीकि कथा विष्लेषण १२९
४.१५ मातृहत्या कथा विष्लेषण १३३
४.१६ व्यभिचार कथा विष्लेषण १३६
४.१७ माझीकी छोरी रानी कथा विष्लेषण १४२
४.१८ साधु चोर कथा विष्लेषण १४६
४.१९ आथर्वण दध्यङ् कथा विष्लेषण १५२
४.२० अधुरो ज्ञानको खण्डन कथा विष्लेषण १५८
४.२१ पाँच प्रश्नको उत्तर कथा विष्लेषण १६३
४.२२ सत्यकाम कथा विष्लेषण १६८
४.२३ अंशवण्डा कथा विष्लेषण १७१
४.२४ शान्तिको मार्ग कथा विष्लेषण १७५
४.२५ के रैक्वको बिहे कथा विष्लेषण १७९
४.२६ अध्यायगत निष्कर्ष १८१

**अध्याय- पाँच**

## पौराणिक समयका राजकुल तथा सामान्य मानव जीवन सम्बन्धी कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव

५.१ भगीरथ कथा विश्लेषण १८४
५.२ ययाति कथा विश्लेषण १८८

| | | |
|---|---|---|
| ५.३ | प्रह्लाद कथा विश्लेषण | १९२ |
| ५.४ | दुर्योधनको सन्देश कथा विश्लोषण | १९६ |
| ५.५ | पुरुरवा कथा विश्लेषण | २०० |
| ५.६ | प्रमीला कथा विश्लेषण | २०३ |
| ५.७ | पृथु कथा विश्लेषण | २०५ |
| ५.८ | दमयन्ती कथा विश्लेषण | २०८ |
| ५.९ | आखिर आँखा कथा विष्लेषण | २१२ |
| ५.१० | मदालसा कथा विष्लेषण | २१६ |
| ५.११ | तरुना जोगी कथा विश्लेषण | २१९ |
| ५.१२ | चूडाला कथा विश्लेषण | २२२ |
| ५.१३ | कार्तवीर्य कथा विश्लेषण | २२५ |
| ५.१४ | जनक कथा विश्लेषण | २३० |
| ५.१५ | सुलभा कथा विष्लेषण | २३३ |
| ५.१६ | रावण कथा विष्लेषण | २३७ |
| ५.१७ | भृगु र हैहय कथा विष्लेषण | २४० |
| ५.१८ | रजि कथा विष्लेषण | २४२ |
| ५.१९ | सौताको डाह कथा विष्लेषण | २४५ |
| ५.२० | चितामा आहुति कथा विष्लेषण | २४९ |
| ५.२१ | पतन कथा विष्लेषण | २५४ |
| ५.२२ | क्षत्रियाणी ज्वाला कथा विष्लेषण | २५९ |
| ५.२३ | जङ्गी उर्दी कथा विष्लेषण | २६४ |
| ५.२४ | क्षमाको भीक कथा विष्लेषण | २६९ |
| ५.२५ | न्यायको पक्ष कथा विष्लेषण | २७३ |
| ५.२६ | सैरन्ध्री कथा विष्लेषण | २७७ |
| ५.२७ | सीमन्तिनीको दैनन्दिनी कथा विष्लेषण | २८३ |
| ५.२८ | सुन्द र उपसुन्द कथा विष्लेषण | २८८ |
| ५.२९ | कान्तिमती कथा विष्लेषण | २९० |
| ५.३० | साक्षात् देवता कथा विष्लेषण | २९३ |

५.३१ धनको मोह कथा विष्लेषण २९८
५.३२ माहिलो छोरो आनामानी कथा विष्लेषण ३०३
५.३३ घुस्माको क्षमा कथा विष्लेषण ३०८
५.३४ पछुतो कथा विष्लेषण ३१३
५.३५ इनारको शरण कथा विष्लेषण ३१७
५.३६ अध्यायगत निष्कर्ष ३२२

**अध्यायः छ**

## नेपालका ऐतिहासिक राजारानी र वीरवीरङ्गनाका चरित्रमा आधारित कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव

६.१ वैराग्यको उदय कथा विश्लेषण ३२८
६.२ 'सन्धिभङ्ग कथा विश्लेषण ३३४
६.३ आइमाईको हालीमाली कथा विश्लेषण ३३८
६.४ सङ्घर्ष कथा विश्लेषण ३४३
६.५ मनस्ताप कथा विश्लेषण ३४९
६.६ वेदना कथा विश्लेष्ण ३५३
६.७ घरझगडा कथा विश्लेषण ३५७
६.८ असम्भव कथा विश्लेषण ३६१
६.९ विन्ति पत्र कथा विश्लेषण ३६८
६.१० षड्यन्त्र कथा विश्लेषण ३७२
६.११ प्रतिफल कथा विश्लेषण ३७७
६.१२ वीरताको बत्ती कथा विश्लेषण ३८०
६.१३ भीमसेन थापाको दैनन्दिनीबाट कथा विश्लेषण ३८५
६.१४ विश्वासघात कथा विश्लेषण ३८९
६.१५ तीन पर्व कथा विश्लेषण ३९३
६.१६ खड्ग बहादुर कथा विश्लोषण ३९८
६.१७ शुक्रास्त कथा विश्लेषण ४०२
६.१८ बहादुरीको हत्या कथा विश्लेषण ४०८
६.१९ अध्यायगत निष्कर्ष ४१३

अध्याय सात

## सारांश र निष्कर्ष


| | | |
|---|---|---|
| ७.१ | शोध निष्कर्ष | ४१८ |
| ७.२ | सम्भावित शोध शीर्षकहरू | ४२३ |
| **परिशिष्टहरू** | | **४२४-४३३** |
| **सन्दर्भ सामग्री सूची** | | **४३४** |

# अध्याय : एक

## शोध परिचय

भगवान्का साकार र निराकार दुवै रूप छन् । उसको व्यक्तित्त्व परमपूर्ण छ, शाश्वत छ, आनन्दमय र ज्ञानमय छ । समुद्रको पानीको एउटा थोपामा समुद्रको सबै गुण रहे झैं हाम्रा चेतनामा पनि ईश्वरीय चेतनाका सबै गुणहरू रहेका छन् तर भौतिक शरीर, इन्द्रिय सुख, भौतिक सम्पादन, अहङ्कार आदिको लगावका कारणले हाम्रो वास्तविक दिव्य चेतना प्रदुषित हुन पुगेको छ । मानिसले सदियौंदेखि अनित्य वस्तुसँगको सर्म्पक बढाउँदै आएको छ । हाड र मासुले बनेको यो नश्वर शरीरलाई भ्रमका कारण वास्तविक आत्मा मानेर सत्य रूपमा स्वीकारी रहेको छ । भगवत्गीतामा भनिएको छ, *"सबै भौतिक दोषहरूबाट मुक्त भएको आत्माराम योगी परम चैतन्यको र्स्पश पाएर परिपूर्ण सुखको सर्वोच्च स्थितिमा पुग्छ (भागवत्गीता : ६।२८) ।"* परमात्मा वा आत्मा साक्षात्कारको वैज्ञानिक विधिलाई योग भनिन्छ । योगद्वारा मनुष्यले आफ्नो चेतनालाई शुद्ध पार्न सक्छ उसले आफूभित्र रहेको प्रदुषित भावनालाई रोकी पूर्ण ज्ञानको पूर्ण आनन्दको अवस्थालाई प्राप्त गर्न सक्दछ । मानिसले योगलाई विभिन्न प्रकारले ग्रहण गर्न सक्दछ भन्ने धारणा राख्ने बदरीनाथ भट्टराईद्वारा राजयोग, ज्ञानयोग, कर्मयोग, क्रियायोग, भक्तियोग आदि थुप्रै योग मार्गहरूद्वारा मानवीय जीवनको उद्धार गर्न सकिन्छ भन्ने भावना राखिएको पाइन्छ । भगवान् ईश्वरलाई प्राप्त गर्न मन, वचन र पवित्र कर्म गर्नु पर्दछ भन्ने वेदान्त दर्शनलाई आत्मसात गर्दै भट्टराईले विश्वास, नैतिकता, नियम, मानवीय मूल्य मान्यता र सिद्धान्तलाई अध्यात्मका रूपमा लिइएका छन् भने बौद्धिक खोज, दैवी शक्तिको खोजीको सिद्धान्त र आत्मअनुशासन आदिलाई दर्शनको रूपमा पस्किएको पाइन्छ ।

प्रसिद्ध वैदिक, पौराणिक तथा ऐतिहासिक विषयमा आधारित भई साहित्यिक कृतिको सिर्जन परम्परा नौलो वा नयाँ होइन । पूर्व तथा पश्चिम दुवै गोलार्धका अनेक स्रष्टाले आफ्ना सिर्जनामा यस्ता प्रसिद्ध विषयलाई उपयोग गरेका छन् । उपजीव्य स्रोत नामले चिनिने यस्ता निधि पश्चिममा ग्रिसको रोमन सभ्यताका विविध प्रसङ्गमा भेटिन्छन् भने प्राच्य वाङ्मयमा वैदिक, औपनिषदिक, उत्तर वैदिक तथा पौराणिक वाङ्मयका विविध ग्रन्थहरू उपजीव्य स्रोतका रूपमा परिचित छन् । प्राच्य वाङ्मयका यी उपजीव्य स्रोतको प्रभावमा भारतीय उपमहाद्वीपका अनेकौं भाषामा अनगिन्ती अनमोल कृतिहरू रचिएका

छन् । नेपाली साहित्यमा पनि वैदिक, औपनिषदिक, उत्तरवैदिक, पौराणिक तथा ऐतिहासिक विषयमा अनेकौं प्रतिभाले साहित्य सिर्जना गरेका छन् । कसैले सन्दर्भपूर्ण आख्यान लिएको पाइन्छ भने कसैले उपजीव्य स्रोतको विचार, चिन्तन/दर्शन आदिलाई कृतिको सार आफ्ना रचनामा भिजाएर चेतना र शिक्षा प्रदान गर्ने उद्देश्य राखेको देखिन्छ । उपजीव्य स्रोतलाई आधार बनाई साहित्य सिर्जना गर्ने यस्ता अनेकौं साहित्यकारहरू मध्ये बदरीनाथ भट्टराई (१९६५-२०५२) पनि एक हुन् । कवि, कथाकार, नाटककार, निबन्धकार तथा एकाङ्कीकारका साथै अनुवादकका रूपमा रही भट्टराईले दुई दर्जनभन्दा बढी कृति तयार गरेका छन् । उनले प्राचीन आर्य समाज, संस्कृति, वेद, उपनिषद् र पुराणको अध्ययन गरेर वि.सं. २००१ सालदेखि कथा लेखन सुरु गरेका हुन् । नेपाली भाषा प्रकाशन समितिमा कार्यरत छँदा र प्राध्यापन सेवामा रहँदादेखि नै साहित्य साधनामा संलग्न भट्टराईले संस्कृत साहित्यका केही पुस्तकलाई नेपालीमा अनुवाद पनि गरेका छन् । पूर्वीय दर्शनका पारखी, वेद, उपनिषद् तथा पुराणहरूका गहन अध्येता भट्टराई अद्वैत दर्शनबाट प्रभावित देखिन्छन् ।

बदरीनाथ भट्टराईका वैदिक कहानी (२०२९), पौराणिक कहानी र पौराणिक (बाल) कथा (२०१०), ऐतिहासिक कहानी (२०१५) गरी चारवटा कथा सङ्ग्रह प्रकाशित छन् । यी चार सङ्ग्रहमध्ये वैदिक र पौराणिक कहानी, पौराणिक (बाल) कथा वेद र पुराणमा आधारित रहेका छन् भने ऐतिहासिक कहानी ऐतिहासिक राजारानीको चारित्रिक जीवनभित्र धर्म, कर्म र निष्ठासँग सम्बन्धित रहेका छन् । आख्यान र सार वा सन्देश दुवै उल्लिखित स्रोतमा आधारित रहेका यी कथा सङ्ग्रहका कथामा अध्यात्म दर्शन तथा चिन्तनको प्रयोग पाइन्छ । प्रस्तुत अध्ययन यही विषयमा केन्द्रित छ । त्यसैले प्रस्तुत शोधप्रबन्धको शीर्षक बदरीनाथ भट्टराईका कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव रहेको छ ।

## १.१ समस्या कथन

यस शोधकार्यका समस्याहरू निम्नानुसार छन् :

१. बदरीनाथ भट्टराईका आध्यात्मिक कथाहरू के कस्ता दर्शनमा आधारित रहेका छन् ?

२. बदरीनाथ भट्टराईका आध्यात्मिक दर्शनमा आधारित कथाहरूको अध्ययन तथा विश्लेषण के-कसरी गर्न सकिन्छ ?

## १.२ शोधकार्यका उद्देश्य

उपर्युक्त समस्यामा आधारित यस शोधकार्यका प्रमुख उद्देश्यहरू निम्न लिखित रहेका छन् :

१. बदरीनाथ भट्टराईका अध्यात्मवादी दर्शनमा आधारित कथाहरूको पहिचान र अध्ययन गर्नु ।

२. अध्यात्मवादी दर्शनका आधारमा बदरीनाथ भट्टराईका कथाहरूको विश्लेषण गर्नु ।

## १.३ पूर्वकार्यको समीक्षा

बदरीनाथ भट्टराईको जीवनी तथा साहित्यकार व्यक्तित्वको बारेमा विभिन्न व्यक्तिहरूले समीक्षा तथा टिप्पणीहरू गरेका छन् । उनको कथाकारिता, व्यक्तित्व र कृतिहरूबारे पनि केही समीक्षकहरूद्वारा टिप्पणी तथा विवेचना भएका छन् । यहाँ भट्टराईका बारेमा पूर्ववर्ती विद्वान्हरूले गरेका अध्ययन, अनुसन्धानलाई समीक्षात्मक रूपमा प्रस्तुत गरिएको छ :

चक्रपाणि चालिसेद्वारा (२००२) नेपाली गद्यमा ल्याएको परिष्कारलाई बदरीनाथले थप योगदान दिएका छन् भनेर *नेपाली गद्यसङ्ग्रह* मा भनिएको छ । नेपाली गद्यको भाषागत परिमार्जन गरी राष्ट्रभाषालाई स्तरीय रूप प्रदान गर्ने काम यिनैबाट भएको हो । त्यसैले भाषा प्रेम उनको पहिलो विशेषता हो भने देशभक्ति, आध्यात्मिक चिन्तन र साहित्यिक निबन्ध तथा कथा लेखन बदरीनाथ भट्टराईका अन्य विशेषता हुन् भनी उल्लेख गरिएको पाइन्छ ।

बदरीनाथ भट्टराई (२०१९) द्वारा लिखित *नेपालका तारा* भन्ने पुस्तकको परिचय खण्डमा बालकहरूको सरल हृदयमा वीरता र देशभक्तिका बीउ रोपिएला र फल फल्ला भन्ने उद्देश्यले यो पुस्तिका लेखिएको भनी नेपाली भाषानुवाद परिषद्ले गुणपरक टिप्पणी गरेको छ ।

बदरीनाथ भट्टराई (२०३१) द्वारा लिखित *ईश्वर किन मान्ने ?* नामक ग्रन्थमा शम्भु प्याकुर्‍यालद्वारा भट्टराईका विषयमा भनिएको छ,– नास्तिकलाई आस्तिक बन्न बाटो देखाई

आफ्नो कर्म एवम् धर्मानुसार आचरण गर्ने सदाचारी पुरुषहरू उनको हरि-स्तुति, गजेन्द्र मोक्ष, विद्या गीता, विचार चन्द्रोदय आदि ग्रन्थहरूको अनुशीलनद्वारा सद्गति प्राप्त गर्न सक्छन् । बदरीनाथले आफ्ना साहित्यिक परिधिभित्र इतिहास, पुराण, धर्मशास्त्र, अध्यात्मविद्या सबैलाई समेटेका छन् र सबैका लागि रोचक सामग्रीहरू जुटाई आफ्नो बहुआयामिक प्रतिभा प्रस्तुत गरेका छन् भनी उल्लेख गरिएको छ ।

कृष्णप्रसाद पौडेल (२०३८) द्वारा एम.ए. नेपाली विषयका लागि गरिएको *बदरीनाथ भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन* शोधशीर्षकमा भट्टराईलाई आदर्शवादी उपदेशक कथाकारका रूपमा लिइएको पाइन्छ ।

घट्टराज भट्टराई (२०४०) द्वारा लिखित नेपाली साहित्य *प्रतिभै प्रतिभा* नामक पुस्तकमा बदरीनाथ भट्टराईको बहु-आयामिक व्यक्तित्वलाई चिनाइएको छ । सो कृतिमा बदरीनाथ भट्टराईको निबन्धकार, कथाकार र नाटककार व्यक्तित्वको चर्चा गर्दै लेखकले बदरीनाथ भट्टराईलाई वैदिक, पौराणिक, ऐतिहासिक र सामाजिक जुन विषयमा पनि घत लाग्दा विषयको छनौट गरी तारतम्य मिलाउँदै शैली र सिपका बुट्टा भर्दै पात्रहरूका मनस्थिति र हृदयका केस्रा केस्रा केलाएर पुराना उपजीव्य स्रोतका घटनालाई पनि आधुनिकताले नवीनता प्रदान गर्ने कथाकार भनेका छन् ।

नेपाली साहित्यका इतिहासकार द्वय दयाराम श्रेष्ठ र मोहनराज शर्मा (२०४०) द्वारा लिखित *नेपाली साहित्यको संक्षिप्त इतिहासमा* २००० को दशकमा देखा परेका सामाजिक कथाकारका रूपमा बदरीनाथ भट्टराईलाई राखेका उक्त लेखकहरूले वि.सं. २००१ बाट आफ्नो साहित्य यात्रा सुरु गरेका भट्टराईलाई समाज विकासका अभियन्ता कथाकार भनी मूल्याङ्कन गरेका छन् ।

डिल्लीराम तिमसिना र माधव भण्डारी (२०४१) द्वारा लिखित *हाम्रो साहित्य र साहित्यकारहरू* भन्ने पुस्तकमा सर्वप्रथम बदरीनाथ भट्टराईको साहित्यिक व्यक्तित्वको चिनारीका क्रममा उनलाई सरल तथा संस्कृतमय भाषामा रचना गर्ने, कुनै पनि कुरालाई वस्तुगत रूपमा प्रस्तुत गर्ने साहित्यकार हुन् भनी टिप्पणी गरिएको छ । टिप्पणीकारद्वारा भट्टराईलाई प्राचीन विषयवस्तुमा पनि आधुनिक युगको झलक दिने कथाकार भनिएको छ । भट्टराईले पौराणिक कालका ऋषिमुनि, मर्त्य, अमर्त्य, राजा रानी, आदिलाई पनि आधुनिक

मानव सरह नै कथामा देखाएका छन् भन्दै समीक्षक द्वयले उनका पौराणिक, वैदिक र ऐतिहासिक कथाभित्र आध्यात्मिक तथा सामाजिक सन्देश प्राप्त गर्न सकिन्छ भनेका छन् ।

घट्टराज भट्टराई (२०४२) द्वारा लिखित *साहित्यकार परिचय कोशमा स्रष्टा र कलम* शीर्षक अन्तर्गत बदरीनाथ भट्टराईका विषयमा प्रशंसापूर्ण संक्षिप्त परिचय दिइएको छ ।

ईश्वर बराल (२०४३) ले *झ्यालबाट* भन्ने पुस्तकमा भट्टराई अत्यन्त सरल र मार्मिक कथा लेख्ने व्यक्ति हुन् भनेका छन् । सरल भाषाशैलीमा समाजमा भएका सत्यतथ्य घटनाहरूलाई सकारात्मक रूपमा प्रस्तुत गर्ने ज्ञान बदरीनाथ भट्टराईमा रहेको टिप्पणी सहित अहिंसाका पूजारी, दुराचार र भ्रष्टाचारका विरोधी भएको हुनाले भट्टराईले धर्म र दर्शनका माध्यमबाट समाजमा सत्मार्गको शिक्षा दिएको उल्लेख समीक्षक बरालले गरेका छन् ।

वसन्त प्रकाश (२०५०) द्वारा लिखित *हाम्रो लेखन, मूल्य र मान्यतामा समेत ह्रास आइरहेछ* भन्ने शीर्षकको लेखमा बदरीनाथको लेखन सम्बन्धी आत्म स्वीकृतिलाई प्रस्तुत गरिएको छ । उनले उक्त लेखमा भट्टराईको संक्षिप्त जीवनी र साहित्यिक यात्राको समेत उल्लेख गरेका छन् ।

तारानाथ शर्मा (२०५१) द्वारा लिखित *नेपाली साहित्यको इतिहास* मा बदरीनाथ भट्टराईका कथाहरूबारे संक्षिप्त टिप्पणी गरिएको छ । शर्माले भट्टराईका सामाजिक कथाहरूमा हाम्रो जीवनका मामुली समस्याहरूको उद्घाटन गरिएको हुन्छ भन्दै उनलाई इतिहासमा समाज विकासका अभियन्ताका रूपमा परिचित गराउँदै नैतिक आदर्श र आध्यात्मिक ज्ञानको शिक्षा प्रदान गर्ने कथाकारको रूपमा लिन सकिन्छ भनेका छन् ।

भूपहरि पौडेल (२०५१) ले *नेपालको विद्वत् परम्परा* भन्ने पुस्तकमा नेपालका विद्वान्हरूको नामावलीमा बदरीनाथ भट्टराईको नामलाई समावेश गरी उनलाई नेपाली भाषा र साहित्यका सेवक भन्ने टिप्पणी गरेका छन् ।

नारायण गड्तौला (२०५२) एम.ए. नेपाली विषयको शोधकार्य अन्तर्गत *बदरीनाथ भट्टराईको कथाकारिताको* विषयमा अध्ययन अनुसन्धान गरिएको पाइएको छ । उनको

शोधकार्यमा बदरीनाथ भट्टराईका कथा, कृतिहरूलाई सूचीबद्ध गर्दै उक्त कथाहरूको बारेमा विशिष्ट पहिचान कायम गराइएको छ ।

घट्टराज भट्टराई (२०५३) द्वारा तयार गरिएको *स्रष्टा सिर्जना* भन्ने पुस्तकमा स्वर्गीय कवि लेखकहरूको संक्षिप्त परिचय गराउने क्रममा बदरीनाथ भट्टराईको साहित्यिक परिचय सहित उनका कृतिहरूको नामको सूची दिइएको छ । नेपाली शिक्षा परिषद्‌बाट २०४६ सालमा भट्टराई अभिनन्दित भएको उल्लेख गर्दै उनलाई विशिष्ट विद्वान्, साहित्य शास्त्री, धर्मशास्त्री, नेपाली भाषाका हिमायती आदि भनी उल्लेखनीय व्यक्तित्वका रूपमा परिचय गराइएको छ साथै गृहस्थ धर्म र वानप्रस्थ आश्रमलाई सर्वोपरि मान्ने सन्तुलित विद्वान्‌हरूको सूचीमा बदरीनाथलाई पनि उल्लेख गरिएको छ ।

शम्भु प्याकुऱ्याल (२०५३) द्वारा लिखित *अनुकरणीय व्यक्तित्व बदरीनाथ भट्टराई,* मधुपर्कमा प्रकाशित लेखमा नेपाली साहित्यको इतिहासमा स्व. बदरीनाथ भट्टराईको एक विशिष्ट स्थान छ भनी उल्लेख गरिएको छ । के बालक, के वृद्ध सबै मानिसहरू उनको लेखनीसँग परिचित छन् । स्कूल, क्याम्पस अथवा विश्वविद्यालय जुनसुकै तहका विद्यार्थी पनि उनको नाम नपढी आफ्नो लक्ष्यसम्म पुग्न सक्तैनन् भन्ने कुरा पनि उनको यस लेखमा उल्लेख गरिएको छ । उनको संक्षिप्त साहित्यिक यात्राको समेत उल्लेख गरिएको यस लेखमा बालकलाई उनी आफ्ना बालसाहित्यरूपी पापा दिएर फुल्याउँछन् भने युवकलाई  चिठी जस्तो कृतिले उत्साहित गरिदिन्छन् । बूढालाई उनी आफ्ना धार्मिक एवम् आध्यात्मिक रचनाहरू- जस्तै पौराणिक कहानी, आत्मपुराण, स्तुति-धारा आदिबाट इहलोक र परलोकको सोचमा तन्मय हुन सङ्केत गर्दछन् ।

वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी (२०५४) द्वारा सम्पादित *नेपाली कविता भाग-४* को भूमिकामा आधुनिक नेपाली कविता र यसका प्रमुख धाराहरूको संक्षिप्त चिनारीका क्रममा परिष्कारवादी धारामा देखा पर्ने कविहरूको पङ्क्तिमा बदरीनाथ भट्टराईको नाम पनि उल्लेख गरिएको छ । सम्पादक मण्डलले बदरीनाथ भट्टराई आधुनिक नेपाली साहित्यका महत्त्वपूर्ण व्यक्ति भन्दै उनले कथा, कविता, निबन्ध, नाटक लगायतका विभिन्न विधाहरूमा कलम चलाएको भए तापनि कविता विधा यिनको रुचिको विषय भएको र उनी परिष्कारवादी कवि भएको टिप्पणी गरिएको छ ।

जनकप्रसाद हुमागाई (२०५६) द्वारा लिखित *नेपाली बालसाहित्य* पुस्तकमा बदरीनाथ भट्टराईका धर्मबोध (भाग १ र ५), प्रबन्ध पल्लव, अनुवाद बोधिनी, अनुवाद प्रकाशिका, जस्ता बालोपयोगी पाठ्यपुस्तक तथा पौराणिक कथा जस्ता बालोपयोगी सामाग्रीहरू प्रकाशित भएका छन् । बदरीनाथले बालबालिकालाई नैतिकता र आदर्शको पाठ पढाएर उनीहरूलाई सच्चरित्र बन्ने प्रेरणा प्रदान गरेको पाइन्छ भनी यस पुस्तकमा उल्लेख गरिएको छ ।

दयाराम श्रेष्ठ र अन्य (२०५६) को सम्पादनमा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा ९ र १० को *नेपाली विषय*को पाठ्यपुस्तकमा बदरीनाथ भट्टराईको क्रमशः ऐतिहासिक कहानी कथा सङ्ग्रहभित्र खड्गबहादुर कथा र पौराणिक कहानी कथा सङ्ग्रहभित्र न्यायको पक्ष शीर्षकको कथा समावेश गरिएको छ । उक्त कथामा कथाकारको परिचय दिंदै सामाजिक नीति चेतना, सच्चरित्रता, देशप्रेम, मानवतावाद, तीव्र कर्तव्यबोध वा दायित्वबोध, सामाजिक सङ्गति तथा नेपाली कथा जगत्मा आफ्नो छुट्टै पहिचान कायम गरेका भट्टराईले इतिहास, पुराण र वेदलाई कथाको भिन्नाभिन्नै क्षेत्र बनाएर विगतका यथार्थभित्रका अमूल्य र रोचक तथ्यमाथि प्रकाश पारेका छन् भनिएको छ । विगतका घटना, चरित्र र प्रवृत्तिलाई टिपेर पनि समसामयिक समाजका निमित्त ती कुराहरूलाई प्रेरणादायी बनाउन सक्नु उनको साहित्यिक प्रतिभाको खुबी हो भन्दै यसमा बाल बालिकालाई नैतिक पाठ सिकाउनुका साथै अप्ठ्यारा परिस्थितिसँग कसरी जुध्ने र त्यस्तो असजिलो अवस्थाबाट मुक्ति पाउनका लागि गरिने उपायको समेत उल्लेख भएको उनका ऐतिहासिक, पौराणिक र वैदिक कथाहरू विषयगत परिधि हुन् भनेर प्रस्तुत गरिएको छ ।

भीम राना जिज्ञासु (२०६१) द्वारा सङ्कलित र सम्पादित *साहित्य ज्ञानमाला* पुस्तकमा बदरीनाथ भट्टराईको संक्षिप्त जीवनी व्यक्तित्व र कृतित्वको उल्लेख गरिएको छ ।

प्रमोद प्रधान (२०६५) द्वारा लिखित *नेपाली बालवाङ्मय परिचय कोशमा* बदरीनाथ भट्टराईद्वारा पौराणिक बालकथा सङ्ग्रहमा लिखित एक्काइस बालकथाहरूलाई अध्ययन गरी बदरीनाथ भट्टराईलाई बहुप्रतिभाशाली विद्वान् भनी टिप्पणी गरिएको छ । भट्टराईले पौराणिक सन्देश बालबालिकालाई दिनका लागि यी कथा सङ्ग्रह लेखेको उल्लेख गर्दै उनका कथामा विभिन्न पौराणिक पात्रहरूसँगका विषयलाई पुनः कथन गराइएको छ भन्दै शीर्षकले नै यसको पुष्टि हुने कुरा स्पष्ट पारिएको छ । प्रधानले विभिन्न पौराणिक चरित्रलाई कथाका

माध्यमबाट प्रस्तुत गरेर बाल बालिकाका लागि उपयोगी शिक्षा र सन्देश दिने चेष्टा गरिएको छ भन्दै भट्टराईका कथाको भाषा सरल तथा सरस र शैली प्रभावोत्पादक रहेको मूल्याङ्कन गरिएको पाइन्छ । साथै भट्टराईलाई बालोपयोगी जीवनी अन्तर्गतको शीर्षकमा नेपालका तारा भन्ने सङ्ग्रहमा उल्लेख गरिएका इतिहासका सत्र व्यक्तित्वहरू - अरमुडि, पलिपाओ, मुकुन्दसेन, प्रताप मल्ल, द्रव्यशाह, पृथ्वीनारायण शाह, कालु पाँडे, बहादुर शाह, रामकृष्ण कुँवर, अमर सिंह थापा, दामोदर पाँडे, भक्ति थापा, बलभद्र कुँवर, भीमसेन थापा, गुरु रङ्गनाथ, जङ्गबहादुर राणा, त्रिभुवन वीर विक्रम शाहदेवको बालोपयोगी जीवनीमा समेटिएका व्यक्तित्वको ज्ञानले बालबालिकामा देशभक्तिको बिउ रोप्ने विचार व्यक्त गरिएको छ ।

प्रमोद प्रधान (२०६५) द्वारा नै लिखित *नेपाली बालसाहित्यको इतिहास* मा बदरीनाथ भट्टराईद्वारा लिखित बालकथा सङ्ग्रहमा रहेका तेह्र बालकथाहरूको सूची सहित केही कथाको अत्यन्त लघु परिचय गरिएको छ ।

शिवगोपाल रिसाल (२०६९) द्वारा सम्पादित पं.बदरीनाथ भट्टराईको *रामगीताभित्रको कृतज्ञता निवेदन* शीर्षकको सम्पादकीयमा बदरीनाथ भट्टराईलाई, अजातशत्रु, वितरागी, धर्मशास्त्राचार्य, संस्कृत मनीषी, मुक्तात्मा, गृहस्थ सन्त-महात्मा भनी, प्रशंसा गरिएको छ । त्यस्तै भट्टराईको विद्वत्ता र ज्ञानवत्ता असाधारण एवम् ज्ञाननिष्ठा, नैतिकता, धर्म, चरित्र, आचार-विचार र व्यवहारमा उनी उदाहरणीय रहेको उल्लेख गरिएको छ । उक्त पुस्तकमा खप्तडबाबाले बदरीनाथ भट्टराईको आस्थावान् नैतिक तथा आध्यात्मिक चरित्रको प्रशंसा गर्दै परिवारमा पनि यी गुण आएको उल्लेख गरेका छन् ।

यसरी विभिन्न समीक्षकहरूको दृष्टिमा बदरीनाथ भट्टराईले सुरुमा आर्थिक विपन्नतालाई औंल्याएर सामाजिक चेतनालाई उजागर गर्न खोजेको देखिन्छ । काल्पनिक र सामाजिक कथा रचनाबाट विभिन्न विधामा अग्रिम भूमिका निर्वाह गरेका भट्टराईले जीवनको मध्यमा ऐतिहासिक, पौराणिक कथाहरूको रचना गर्दै जीवनको उत्तरार्धमा वैदिक कथाहरूको रचना गरी विभिन्न संस्कृत साहित्यमा रचित आध्यात्मिक विषयलाई नेपालीमा अनुवाद गरी अध्यात्म प्रेमी मानिसहरूलाई भगवान् स्वरूप एवम् ब्रह्ममय हुनुपर्ने सन्देश प्रदान गरेका कुरा उनका समीक्षकहरूले गरेका छन् । उनी हिंसालाई पाप र दयालाई धर्म मान्दछन् । उनले समाजमा धार्मिक भाव पैदा गर्न सदाचार पूर्वक आत्मसुधारका लागि अहिंसामा जोड

दिएको कुरालाई समीक्षकहरूबाट उधृत गरिएको छ । बदरीनाथ अद्वैत वेदान्त दर्शन र योग दर्शनका पूर्ण समर्थक हुन् भन्ने विषयको पूर्वकार्य यस शोधका लागि उपयोग सिद्ध भएको मान्न सकिन्छ । जीव र ईश्वरको अभेद सिद्ध गर्नु र भागवद् भक्तिलाई पूर्ण पालना गर्नु मुख्य आर्दश भएका बदरीनाथ पूर्वीय दर्शनको मूल सिद्धान्तलाई स्वीकार गर्दै वेदान्त, साङ्ख्य, मीमांसा, न्याय, र वैषेशिक दर्शनको स्वरूपलाई दार्शनिक विवेकद्वारा अन्तर्मुखी प्रवृत्तिपूर्वक अध्यात्मतर्फ मोड्न सफल देखिन्छन् । व्यक्ति, समाज, राष्ट्र तथा विश्वमा नै दया, मैत्री र सद्भाव फैलाउने आधार अध्यात्मलाई अंगालेका बदरीनाथ दार्शनिक चिन्तनलाई अध्यात्ममुखी, मानवतावादको संज्ञा प्रदान गर्न सफल भएको कुरा उल्लिखित समीक्षामा व्यक्त गरिएको छ । यिनका कथाहरूले देवस्तुति, नैतिकमूल्य र आस्तिक दर्शनमा केन्द्रित हुँदै मानवतावाद, भक्तिमार्ग र दार्शनिकमार्ग अंगालेका उनका कृतिमा दर्शन र साहित्य बिच घनिष्ठ सम्बन्ध रहेको छ । यिनै साहित्य र दर्शनका क्षेत्रमा कलम चलाएका बदरीनाथ भट्टराई स्वच्छ समाज निमार्णका पथप्रदर्शक मानिन्छन् भनेर समीक्षात्मक टिपणी गर्नु नै यो शोधकार्यको उपयोगिता मान्न सकिन्छ । अतः यस शोधकार्यका लागि बदरीनाथ भट्टराईका विषयमा गरिएका पूर्वकार्यहरूले सामग्री सङ्कलन तथा उनको व्यक्तिगत परिचय तथा कृति पहिचान गर्न सहज भएको छ ।

## १.४ अध्ययनको औचित्य

बदरीनाथ मूलतः अध्यात्मलाई केन्द्रविन्दु बनाई साहित्य सिर्जना गर्ने लेखक हुन् । उनका वैदिक, औपनिषदिक तथा पौराणिक कथामा नै अध्यात्मको आख्यानीकरण भएको छ । उपर्युक्त पूर्वाध्ययनहरू मध्ये केहीले यसको प्रमाण पनि प्रस्तुत गरेका छन् तर, आध्यात्मिक दर्शन सापेक्ष उनका कथाको एकीकृत अध्ययन भएको देखिंदैन । प्रस्तुत अध्ययनमा उपजीव्य स्रोतमा आधारित उनका सम्पूर्ण कथालाई आध्यात्मिक दर्शनका आधारमा अध्ययन गरिएको हुँदा यसको विशिष्ट महत्त्व रहेको छ । यस अध्ययनले आध्यात्मिक सन्दर्भलाई विवेचनाको आधार बनाएर अध्ययन गर्न चाहने भावी अध्येतालाई पनि उत्प्रेरित र मार्ग दर्शन गर्ने भएको हुँदा यसको औचित्य स्वतः पुष्टि हुन्छ ।

## १.५ अध्ययनको सीमा

बदरीनाथ भट्टराईले कविता, निबन्ध, सामाजिक तथा उपजीव्य स्रोतमा आधारित कथाहरू लेखेका छन् । उनको प्रतिभा, भक्ति र अध्यात्म दर्शनको विवेचनामा पनि मुखरित भएको छ र उनले भक्ति र अध्यात्म दर्शनका विविध पक्षको विवेचना गर्दै कृतिहरू रचेका छन् । यसरी उनको सिर्जनाको आयाम बहुविध भए पनि प्रस्तुत शोध प्रबन्धमा बदरीनाथका उपजीव्य स्रोतमा आधारित कथाहरूलाई मात्र अध्ययनको विषय बनाइएको छ । यसमा केवल वैदिक, औपनिषदिक, पौराणिक तथा ऐतिहासिक विषयमा आधारित कथाहरू र तिनमा अन्तर्निहित आध्यात्मिक दर्शनलाई नियाल्ने प्रयास गरिएको छ । तसर्थ बदरीनाथका सामाजिक कथालाई छोडेर वैदिक, औपनिषदिक, पौराणिक र ऐतिहासिक कथा सङ्ग्रहहरूमा सङ्गृहीत कथाहरूलाई आध्यात्मिक चिन्तन तथा दर्शन सापेक्ष अध्ययन गर्नु नै यसको सीमा रहेको छ ।

## १.६ सामग्री सङ्कलन

प्रस्तुत अध्ययन बदरीनाथ भट्टराईका कथाकृतिहरूको विष्लेषणमा आधारित अध्ययन हो । यस अध्ययन कार्यमा सामग्री सङ्कलनका निम्ति मूलतः पुस्तकालयलाई नै आधार बनाइएको छ । पुस्तकालयबाट सङ्कलित सामग्रीमध्ये बदरीनाथका वैदिक, औपनिषदिक पौराणिक तथा ऐतिहासिक विषयमा आधारित कथा सङ्ग्रहहरूलाई मुख्य सामग्रीका रूपमा लिइएको छ भने पूर्वीय दर्शनसँग सम्बन्धित सामग्रीलाई सैद्धान्तिक पूर्वाधार निर्माणमा उपयोग गरिएको छ । त्यस्तै बदरीनाथ भट्टराईका बारेमा प्रकाशित समीक्षा, टिप्पणी, समालोचना, आधुनिक शिक्षण प्रविधि (इन्टरनेट) तथा शोधपत्रका सूचनाहरूलाई भट्टराईका कथा विश्लेषणका सन्दर्भमा आवश्यकता अनुसार अध्ययन गरी द्वितीय स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । बदरीनाथका बारेमा थप जानकारीका निम्ति पारिवारिक सदस्यबाट पनि अन्तर्वाता तथा कुराकानीको माध्ययमबाट सूचनाहरू सङ्कलन गरिएको छ ।

## १.७ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

आध्यात्मिक दर्शनका मूलभूत मान्यताहरू धर्म, मन, कर्म, मानव धर्म, शरीर आत्मा, मोक्ष, ईश्वर, पुनर्जन्म, सुख-दुःख आदिलाई आधार बनाएर बदरीनाथ भट्टराईका कथाहरूको

व्याख्या, विश्लेषण गर्ने विधि नै प्रस्तुत शोधकार्यको मुख्य विषय हो । प्रस्तुत सोधकार्यमा आध्यात्मिक दर्शनमा आधारित षड्दर्शन (न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्त दर्शन) लाई समेत विश्लेषणको आधार बनाइएको छ ।

## १.८ शोध प्रबन्धको सङ्गठन वा रूपरेखा

प्रस्तुत अध्ययनलाई व्यवस्थित गर्न शोधप्रबन्धलाई निम्न अध्यायमा वर्गीकरण गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १. | अध्याय एक | : | शोध परिचय |
| २. | अध्याय दुई | : | आध्यात्मिक दर्शनको सैद्धान्तिक परिचय |
| ३. | अध्याय तीन | : | बदरीनाथ भट्टराईको साहित्यिक यात्रा तथा आध्यात्मिक दर्शनका आधारमा उनका कथाहरूको वर्गीकरण |
| ४. | अध्याय चार | : | देवकुल तथा ऋषिकुल सम्बन्धी कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव |
| ५. | अध्याय- पाँच | : | पौराणिक समयका राजकुल तथा सामान्य मानव जीवन सम्बन्धी कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव |
| ६. | अध्यायः छ | : | नेपालका ऐतिहासिक राजारानी र वीरवीरङ्गनाको चरित्रमा आधारित कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव |
| ७. | अध्याय सात | : | सारांस र निष्कर्ष |

उपर्युक्त मूल शीर्षकलाई आवश्यकता अनुसार निर्दिष्ट विविध उपशीर्षकहरूमा छुट्याएर अध्ययन गरिएको छ ।

•••

# अध्याय : दुई

# आध्यात्मिक दर्शनको सैद्धान्तिक परिचय

यो अध्याय आध्यात्मिक दर्शनको सैद्धान्तिक परिचयसँग सम्बन्धित छ । दर्शनको मान्यताका आधारमा कथात्मक कृतिमा पर्ने आध्यात्मिक दर्शनको प्रभावका सम्बन्धमा सूक्ष्म अनुसन्धान गर्ने प्रसङ्गमा विभिन्न उपशीर्षकहरूमा विभाजन गरेर यसको अध्ययन गरिएको छ । आध्यात्मिक दर्शनको प्रमुख सैद्धान्तिक परिचय दिने क्रममा दर्शनको उत्पत्ति- अर्थ, परिचय र परिभाषा तथा पूर्वीय आध्यात्मिक दर्शन/षड्दर्शन (न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्त) को परिचय दिइएको छ । त्यस्तै दर्शन र साहित्य बीचको सम्बन्ध तथा बदरीनाथ भट्टराईका आध्यात्मिक दर्शनमा आधारित कथाहरू विश्लेषणका आधारभूत तत्त्वहरू (धर्म, मन, कर्म, मानवधर्म, शरीर, आत्मा, मोक्ष, सुख-दुःख, ईश्वर, पुनर्जन्म) को पहिचान प्रस्तुत गरी अध्यायगत निष्कर्ष दिइएको छ ।

## २.१ दर्शनको उत्पत्ति र अर्थ

मानव सभ्यताको विकासक्रममा दर्शनको उत्पत्ति भएको मानिन्छ । मानवले आफू बसेको वातावरणका बारेमा परिचित हुने क्रममा, ब्राह्माण्ड/जगत् वा वातावरण परिर्वतनशील भए जस्तै मानव जीवन पनि स्वयम् परिर्वतनशील र गतिशील छ । वातावरण तथा मानव जीवन गतिशील किन बन्यो ? गतिशील हुनुका कारणहरू के के हुन् ? ब्रह्माण्डको शुरुवात कहाँबाट भयो र कहाँ अन्त्य हुन्छ ? ब्रह्माण्ड, सत्यको खोज, मानिस, आत्मा, चेतना, लगायतका विविध विषयहरूको शुरुवात र अन्त्य के हो ? जस्ता विषयमा जान्ने, हेर्ने, सुन्ने, बुझ्ने कारण पत्ता लगाउने पक्षहरूबाट दर्शनको उत्पत्ति भएको भन्ने केही विद्वान्हरूको मत रहेको पाइन्छ (शर्मा, २०६२ : १) । प्रेक्षण अर्थमा रहेको दृश् धातुबाट ल्युट् भएर दर्शन शब्दको निष्पत्ति हुन्छ (घिमिरे, २०६९ : ३३) । विचार गरेर हेर्नु वा ज्ञान लिनु दर्शनको मुख्य अर्थ हुन्छ । दर्शनको व्युत्पत्ति अनुसार दर्शन त्यो विद्या हो जसद्वारा सत्य तत्त्व देखिन्छ (सिंह, १९८३ ई. : १) । दर्शनको उत्पत्तिका बारेमा किटानीका साथ भन्न सकिने कुनै त्यस्तो ठोस आधार भने पाइएको छैन तापनि मानिसले आफूलाई लागेका यस्ता विविध पक्षका बारेमा जबसम्म आत्मविश्लेषण गर्दैन तबसम्म मानिसले आफू र आफ्नो कामको उचित मार्गदर्शन कोर्न सक्दैन तसर्थ मानिसले दर्शनको उत्पत्ति र दर्शनको

आवश्यकताको बारेमा खोजी गर्ने इच्छा प्रकट गरेको पाइन्छ । अतः मानिसका जिज्ञासाहरूको परिपूर्तिका लागि दर्शनको उत्पत्ति भएको हो । प्रसिद्ध आदर्शवादी ग्रीसेली दार्शनिक प्लेटोका अनुसार दर्शनको उत्पत्ति आश्चर्य, कौतूहल र जिज्ञासाका कारणबाट भएको हो भन्ने रहेको छ (शर्मा, २०६२ : १) । त्यस्तै मानिसमा रहेका सन्देहात्मक भावना नै दर्शनको जननी हो । महान् दार्शनिक गौतम बुद्धका अनुसार, मानसिक अशान्ति वा दुःखबाट शान्ति र सुखप्राप्तिका लागि दर्शनको उत्पत्ति हुन्छ भन्ने रहेको पाइन्छ (शर्मा, २०६२ : २) । पश्चिमी दार्शनिक काण्टका अनुसार दर्शनशास्त्र ज्ञानप्राप्ति प्रक्रियाको विज्ञान एवम् त्यसको समीक्षा हो (निगम, १९७७ ई : ८) ।

अतः दर्शन मानव चिन्तन र विचारको, ब्रह्माण्डको, सत्यको, सौन्दर्यको, वातावरणको खोजीको त्यस्तो उच्चतम् रूप हो; जसले सुमधुर र सुखमय जीवनयापनमा मार्गदर्शन गर्दछ (शर्मा, २०६२ : २) । दर्शन शास्त्र त्यो विज्ञान हो, जसले परमतत्त्व (यथार्थ) का स्वरूपको खोजी गर्दछ (निगम, १९७७ ई : ८) । त्यस्तै समय, परिस्थिति र वातावरणमा आधारित रही व्यक्तिलाई सांसारिक घटनाक्रम, दैवी भावना, सांस्कृतिक प्रचलन, सत्य प्रतिपादन, जीवन र मृत्यु जस्ता कुराहरूमा मार्गनिर्देश गर्न दर्शनको उत्पत्ति र विकास भएको हो (शर्मा, २०६२ : ३) ।

पूर्वीय मान्यतासँग नजिक रहेको अर्थ र तात्पर्यमा यहाँ दर्शन शब्दको प्रयोग गर्न खोजिएको छ । संस्कृत र नेपाली भाषामा अङ्ग्रेजी भाषाको Philosophy लाई दर्शन भनिन्छ । यसको अर्थ सत्यको ज्ञान भन्ने रहेको हुन्छ । यो शब्द ग्रीक भाषाको *Phλoδpia* बाट बनेको हो । दर्शन शब्द संस्कृत भाषाको दृश् धातुबाट बनेको हो जसको अर्थ हेर्नु भन्ने हुन्छ । नेपाली बृहत् शब्दकोशका अनुसार कुनै पनि वस्तु जीवन र चेतनाबारेको विवेचना र विश्लेषण गरिने विद्या, तत्सम्बन्धी विषयमा व्यापक रूपले यथार्थ परिचय दिने शास्त्र, अर्थात् आध्यात्मिक तथा भौतिक वस्तुको चिन्तन वा विश्लेषण गर्नुलाई दर्शन भनिएको छ (पोखरेल र अन्य, २०४० : ६००-६०१) । त्यस्तै दर्शन भनेको आँखा, ज्ञान, विचार, देख्नु, देखाउनु तथा शास्त्र विशेष न्याय, वैशेषिक साङ्ख्य, योग, मीमांसा वेदान्तका अतिरिक्त आस्तिक-नास्तिक, आध्यात्मिक, भौतिक दर्शन आदिलाई समेत बुझाएको पाइन्छ (गौतम, २०५४ : १३६) । वैदिक र लौकिक संस्कृत भाषादेखि आधुनिक आर्य भाषासम्म दर्शन शब्द लोकप्रिय बन्दै गएको छ । अनुसन्धान अन्वेषणको अर्थमा पनि दर्शन शब्दको विश्लेषण गर्ने

गरिएको पाइन्छ । *दृश्यते अनुसन्धीयते पदार्थानां मूलतत्त्वमनेन इति दर्शनम्* अर्थात् पदार्थहरूका मूल तत्त्वको अनुसन्धान, खोजी जसद्वारा गरिन्छ त्यही दर्शन हो (पाठक, २०४६ : २) भनेर विभिन्न विद्वान्हरूले दर्शनको अर्थ गरेका छन् । अतः दर्शन भनेको जीवन र जगत्बारेको विवेचना/विश्लेषण हो ।

## २.२ दर्शनको परिचय र परिभाषा

संसारमा रहेका जड वा चेतन पदार्थहरू वा मूल तत्त्वहरू जान्न वा उपयोग गर्न जुन शास्त्र उपयोगी हुन्छ त्यसलाई नै दर्शन भनिन्छ । आध्यात्मिक दृष्टिकोणमा ब्रह्मको नाम तत्त्व हो । त्यसको मानतत्त्व अर्थात् ब्रह्मको स्वरूपलाई तत्त्व भनिएको छ (सिंह, १९८३ : १) । यस प्रकार दर्शनलाई यस्तो विद्या मानिएको छ जसबाट तत्त्वको साक्षात्कार हुन्छ अर्थात् प्रत्येक जान्नुपर्ने र बुझ्नुपर्ने कुरा प्रष्ट हुन जान्छ ।

पूर्वीय चिन्तन परम्परामा दर्शन शब्दको दृष्टि ज्यादै सूक्ष्म र व्यापक मानिन्छ । पूर्वीय दर्शन वास्तवमा आध्यात्मिकतासँग जोडिएको छ । जीवनजगत् र प्रकृतिसँग सम्बन्धी चिन्तन स्वरूप ईश्वर, आत्मा र ब्रह्मसँगको साक्षात्कारलाई दर्शन भन्ने गरिएको पाइन्छ । पूर्वीय दर्शनको मूल स्रोत वेद हो । वेद कुनै दार्शनिक ग्रन्थ नभएर दर्शनको आधारग्रन्थ हो । वेदलाई आधार मान्ने षड्दर्शनहरू - न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्त दर्शन वास्तवमा पूर्वीय अध्यात्मवादी दर्शनहरू हुन् । यी दर्शनहरूले जीवन र जगत्बारेको सम्यक् दृष्टि दिनु भन्ने अर्थ प्रतिपादन गरेका छन् (शर्मा, १९९८ ई. १-२) । दार्शनिकहरूको प्रयत्न वास्तविकताको खोजी गर्नु रहेको हुन्छ । पूर्वीय दार्शनिकहरूले दर्शनलाई आध्यात्मिकतासँग जोडेर सांसारिक दुःखको अन्त्य कसरी हुन्छ भन्ने चिन्तन गरिरहेका हुन्छन् । पूर्वीय दर्शनमा ज्ञानको चर्चा ज्ञानका निम्ति नभएर मोक्षानुभूतिका निम्ति गरिएको पाइन्छ (चालिसे, २०६६ : ३२) । दार्शनिक चिन्तन मानवीय मूल प्रवृत्ति हो । प्रत्येक मानिसको कुनै न कुनै जीवन दृष्टि, जीवनदर्शन या जीवनमूल्य हुन्छ । यस्ता मानवीय दृष्टिलाई पूर्वीय दर्शनले हरेक प्रसङ्गलाई आध्यात्मिकतासँग, जोड्ने काम गरेको पाइन्छ । यसर्थ पूर्वीय दर्शनको सम्बन्ध आध्यात्मिकतासँग अध्यात्मको सम्बन्ध धर्मसँग, धर्मको सम्बन्ध श्रुतिसँग र श्रुतिको प्रयोजन सांसारिकताबाट मुक्ति प्राप्त गर्ने लक्ष्यतिर अगाडि बढेको हुँदा पूर्वीय दर्शन आध्यात्मिक चिन्तनबाट बढी प्रभावित रहेको पाइन्छ । पूर्वीय दर्शनको मूलस्रोत वैदिक वाङ्मय, संहिताहरू, ब्राह्मण, आरण्यक ग्रन्थहरू, उपनिषद्हरू,

ब्रह्मसूत्र र श्रीमद्भगवद्गीता भएकाले दर्शनका परिभाषाहरू उक्तग्रन्थ र दर्शनका विचारहरू नै हुन आउँछन् (चालिसे, २०६६ : ३३) । तसर्थ पूर्वीय दर्शनका मूल स्रोत दर्शनका आधार ग्रन्थहरू नै हुन् ।

संहिता, ब्राह्मण र आरण्यकमा स्तुति, उपासना र यज्ञको वर्णन गरिएको छ । ब्राह्मणमा कर्मकाण्डको विस्तारपूर्वक वर्णन गरिएको छ भने आरण्यकमा यज्ञको तात्त्विक विवेचना गरिएको पाइन्छ । उपनिषद्मा मानव जीवनको लक्ष्य मोक्षप्राप्ति मानिएको छ । ब्रह्मसूत्रमा वेदान्त दर्शनको विरोधमा उठाइने सबै अक्षेपहरूको तार्किक विवेचना गर्ने काम गरिएको पाइन्छ (चालिसे, २०६६ : १५) । श्रीमद्भगवद्गीता नीतिशास्त्रको विश्वविख्यात ग्रन्थ हो । गीताको मुख्य सन्देश निष्काम कर्म हो । गीताका अनुसार आत्मा अमर छ, मानिसले जन्म लिएपछि फलको इच्छा नगरी कर्म गर्नुपर्छ भन्ने रहेको छ । श्रीमद्भगवद्गीता अध्यात्मदर्शनको उपज हो । यस ग्रन्थमा ज्ञान, भक्ति र कर्म तीन कुराको व्याख्या गरिएको छ । यसमा मानिसको लक्ष्यका रूपमा मुक्तिलाई स्वीकार गरिएको पाइन्छ ।

पूर्वीय दर्शनभित्र पर्ने वेदको सिद्धान्तलाई स्वीकार नगर्ने तीनवटा दर्शनहरू रहेका छन् । चार्वाक दर्शन, जैन दर्शन र बौद्ध दर्शन (शर्मा, २०६२ : ८) । चार्वाक दर्शन भौतिकवादी दर्शन हो । यस दर्शनका अनुसार जगत् सत्य छ र जगत् वायु, अग्नि, जल तथा पृथ्वी चार तत्त्वबाट बनेको छ । चेतनाको उत्पत्ति भौतिक तत्त्वबाट नै हुन्छ । आत्मा शरीरलाई नै भनिन्छ । शरीर नष्ट भएपछि चेतना पनि नष्ट हुन्छ । मृत्युपछि केही पनि रहदैन तर्सथ जबसम्म बाँचिन्छ सुखसँग बाँच भन्ने सिद्धान्तलाई अवलम्बन गरी प्रत्यक्षलाई मात्र स्वीकार गरी अनुमान आदि प्रमाण, परलोक, वेद र ईश्वरलाई मान्दैन (शर्मा, २०६२ : ९) ।

जैन दर्शनले प्रत्यक्षका अतिरिक्त अनुमानलाई समेत मानेको पाइन्छ । यस दर्शनले पनि भौतिक जगत्लाई वायु, अग्नि, जल तथा पृथ्वी चार तत्त्वको मिश्रण मान्दछ तापनि ज्ञातव्य आकाश, काल, धर्म र अधर्मलाई समेत मानेको पाइन्छ । संसारमा जति शरीर छन् त्यति नै चेतना छन् । प्रत्येक जीवमा अनन्त सुख प्राप्त गर्ने इच्छा हुन्छ । मोक्षप्राप्ति सर्वथा सम्भव छ । सांसारिक बन्धनबाट छुट्कारा पाउनका लागि सम्यक् दर्शन, सम्यक् ज्ञान र सम्यक् चरित्रको सहारा लिनुपर्दछ । सबै प्राणीमा दया भाव राख्नु पर्दछ भन्ने सिद्धान्त यस

दर्शनले प्रतिपादन गरेको पाइन्छ । जैन दर्शनले बाह्य जगत्को अस्तित्वलाई स्वीकार गर्दछ तर ईश्वरलाई भने स्वीकार गर्दैन (शर्मा, २०६२ : ९) ।

बौद्ध दर्शनका अनुसार संसारका सबै प्राणीमा दुःख छ र दुःखको कारण पनि छ । संसारका भौतिक तथा आध्यात्मिक वस्तुहरू परिवर्तनशील छन् । मृत्युको कारण जन्म हो, जन्मको कारण तृष्णा हो । तृष्णाको कारण अज्ञान हो । यदि दुःखका कारणहरू नष्ट हुने हो भने दुःखको पनि नाश हुन्छ । दुःख निवारणका लागि आठवटा साधनहरूको आवश्यकता पर्दछ, जसलाई *अष्ट मार्ग* भनिन्छ । सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वाक्, सम्यक् कर्मान्त, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि । यी आठवटैको साधना गर्नाले अज्ञान नाश हुन्छ र पूर्ण शान्तिप्राप्ति हुन्छ भन्ने बौद्ध दर्शनका अनुसार पूर्ण शान्तिको अवस्थालाई निर्वाण भनिएको छ । यस प्रकार दर्शनको पूर्वीय चिन्तन तर्फको झुकावलाई पाश्चात्य दर्शनका विद्वान्हरूबाट पनि पुष्टि गरिएको पाइन्छ । पाश्चात्य दर्शनका प्रसिद्ध विद्वान् प्लेटो र अरस्तुलाई देवताका बारेमा सुरक्षित गरिएको विषय भनिएको थियो (निगम, २००० : २) ।

अतः सर्वव्यापक प्राकृतिक वस्तुहरूको ज्ञान नै सहज्ञान हो र पारलौकिक वस्तुहरूको वास्तविक प्रकृति पत्ता लगाउने माध्याम नै दर्शन हो भनेको हुनाले प्लेटो र अरस्तुलाई पाश्चात्य दार्शनिक भनिए तापनि पूर्वीय दर्शनका पक्षधर थिए भन्न सकिन्छ ।

पश्चिमेली दर्शन र पूर्वेली दर्शनको उत्पत्ति, दर्शनको परिचय आदिलाई स्पष्ट पार्न दर्शनका वास्तविक परिभाषा नभए तापनि केही विद्वान्हरूका भनाइहरूलाई उल्लेख गरी दर्शनलाई स्पष्ट पार्न खोजिएको छ । हरेक विचार वा विषयको व्यवस्थित दृष्टिकोण वा सोचाइ, शाश्वत सत्य र वास्तविकताको सिद्धान्त, सामाजिक प्रचलनमा रहेका संस्कृति परम्परा, रीतिरिवाज, धर्म तथा मूल्यमान्यताको पद्धति अध्ययन गर्ने प्रणाली आदिलाई दर्शन भनिएको छ । प्रसिद्ध दार्शनिक प्लेटोले दर्शनशास्त्रको उद्देश्य अनन्तका वस्तुहरूका वास्तविक स्वरूपको ज्ञान प्राप्त गर्नु हो भनेका छन् (निगम, १९७७ ई : ७) । दार्शनिक अरस्तुका अनुसार दर्शनलाई ज्ञानको खोजी गर्ने शास्त्रको रूपमा चिनाएको पाइन्छ । हिगलका अनुसार दर्शनशास्त्र त्यो तत्त्वको नाम हो, जो नित्य छ (निगम, १९७७ ईः ८) भनिएको पाइन्छ । उपनिषद् ग्रन्थकार याज्ञवल्क्यका अनुसार, *आत्मा नै दर्शनको विषय हो ।*

*आत्मदर्शन श्रवण, मनन, निदिध्याशन गर्न जान्न योग्य छ । जसको विशेष ज्ञानबाट सबै कुरा जान्न सकिन्छ* (सिहं, २०३१ : ४/५/६) ।

वैदिक युगपछि मनुस्मृति ग्रन्थमा आचार्य मनुले दर्शनलाई सम्यक् दर्शन (आत्म-दर्शन) ले युक्त मनुष्यलाई कर्मले बन्धनमा पार्दैन, सम्यक् दृष्टि (आत्मज्ञान) नभएका मानिसहरू संसारमा फस्दछन् (लुइटेल, २०६१ : ६/७४) भनेर दर्शनलाई आत्मज्ञानसँग जोडेका छन् । त्यस्तै प्रसिद्ध दर्शनशास्त्री कौटिल्यले दर्शनलाई बत्ती (प्रकाश) सँग तुलना गरेका छन् । बत्ती वा दीपकले अन्य वस्तुहरू प्रकाशित गरे झैँ दर्शन वा तत्त्वज्ञानले अरु सबै ज्ञानहरूलाई प्रदीप्त गराइदिन्छ (शर्मा, २०६२ : १३) । भारतीय दार्शनिक राधाकृष्णन्का अनुसार दर्शनको उद्देश्य जीवनको व्याख्या गर्नु होइन, जीवनलाई बदल्नु हो भनिएको पाइन्छ । अर्थात् दर्शनको कार्य जीवनलाई व्यवस्थित गर्न र कर्म गर्नका लागि उचित मार्ग प्रदर्शन गर्नु हो (राधाकृष्णन्, १९९८ ई : ६७५) । दर्शन मानवीय जीवन हो । नेपाली साहित्यकार बालकृष्ण समका अनुसार देखेको अर्थात् एउटाले देखेको कुरा वा विषयलाई अर्कोलाई देखाउनु नै दर्शन हो (बालकृष्ण, २०३२ : २०९) ।

दर्शन सम्बन्धी यी विविध परिभाषाहरूको उल्लेख गर्दा पनि वास्तवमा दर्शनको परिभाषा पूर्ण देखिंदैन । दर्शन विभिन्न समय र विभिन्न वातावरणमा विभिन्न रूपबाट व्याख्या हुँदै आजको अवस्थामा आइपुगेको छ । दर्शनले जीवन र जगत्लाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने काम गरेको पाइन्छ । दर्शनले सत्य र असत्य छुट्याउने तथा मानव लक्ष्यको अनुमान गर्ने काम गर्दछ । दर्शनलाई प्राचीन कालदेखि आजसम्मका विचारकहरूले आ-आफ्नो दृष्टिकोण अनुसार प्रमाणित गर्दै आएको पाइन्छ । प्राचीन कालमा ज्ञानको खोजी, ईश्वरको खोजी, ब्रह्माण्डको खोजी, सत्यको खोजी या दर्शनको संयोग गराइएको पाइन्छ भने मध्यकालमा दर्शनलाई पूर्ण रूपमा धार्मिक आधारमा मात्र सीमित गरिएको पाइन्छ । आधुनिक कालमा दर्शनलाई तथ्य र तार्किक आधारमा व्याख्या र विश्लेषण गरिएको छ । दर्शनले जगत्को विविध पक्षहरूको अध्ययन गर्दछ । दर्शनले मानवीय विश्वासको प्रतिपादन गर्ने, ज्ञानको खोजी गर्ने, ब्रह्माण्डको व्याख्या गर्ने, मानवीय आचरणको निर्देशन गर्ने, पूर्वस्थापित सिद्धान्तका आधारमा काम गर्ने, वास्तविकताको अनुमान लगाउने समाज, मानिस, ईश्वर, ब्रह्माण्ड लगायतका विभिन्न पक्षका समस्याहरूलाई औँल्याउने काम गरेको पाइएको छ ।

पूर्वमा दर्शन आध्यात्मिक जगत्सँग नजिक रहेको पाइन्छ भने पश्चिममा दर्शन तर्क, बुद्धि र विज्ञानसँग नजिक रहेको पाइन्छ । पूर्वमा दर्शनको क्षेत्रलाई वैदिक र अवैदिक भनी दुई क्षेत्रमा वर्गीकरण गरिएको पाइन्छ भने पश्चिममा दर्शनको विषय र क्षेत्र भौतिक पदार्थ, चेतना, परमाणु, अस्तित्व, विकास जस्ता वादमा बदलिंदै गएको पाइन्छ । पूर्वमा अध्यात्मवाद र भौतिकवादबाटै आस्तिक र नास्तिक बनेको दर्शन पश्चिममा भौतिकवादी दर्शनबाट, मानवतावाद, विकासवादको रूपमा रहेको छ । पूर्वमा दर्शनहरू प्रायः दुवै लोकमा (जन्म, मृत्यु, कर्म, पुनर्जन्म, इहलोक र परलोक आदि) विश्वास गर्ने आध्यात्मिक र संश्लेषणात्मक (कर्मानुसार जन्म र मृत्यु) तथा पाश्चात्य दर्शनहरू प्रायः यस लोकमा मात्र विश्वास गर्ने तथा भौतिक, वैज्ञानिक र विश्लेषणात्मक भएको पाइन्छ ।

दर्शनशास्त्रका केही मत मतान्तर भए तापनि सबै पूर्वीय दर्शनमा परस्पर सामञ्जस्य रहेको पाइन्छ । सबै दर्शनहरूको एउटै उद्देश्य दुःखको चरम निवृत्ति या परमानन्दको प्राप्ति गर्नु हो (चालिसे, २०६६ : ३४) । अतः दर्शनले मानिसलाई सकारात्मक सोच र सत्यमार्गको शिक्षा प्रदान गर्दछ र मानिसले शान्तिको अनुभव गर्न थाल्दछ ।

पूर्वीय दर्शनहरू एउटै बाटाका सहयात्री हुन् (मिश्र, १९९२ : ८-९) भनेर मिश्रद्वारा दार्शनिक उद्देश्यमा समन्वय गर्न खोजिएको पाइन्छ । वेदको प्रामाणिकता मान्ने विचारले छ वटा आस्तिक दर्शन केही भौतिक सिद्धान्तमा परस्पर सहमत रहेको धारणा व्यक्त दर्शनलाई सर्वमान्य दर्शन मान्न सकिने हुनाले षड्दर्शन बीच असहमति पनि रोचक ज्ञान र भिन्नै दर्शन बन्न पुगेको छ (राधाकृष्णन्, १९७२ : २२) भन्ने धारणाले पनि षड्दर्शनमा दार्शनिक समन्वय पाउन सकिएको छ ।

निष्कर्षमा दर्शन भनेको मानवीय जीवन र विश्व ब्रह्माण्डको स्थिति, ईश्वर, सत्य र आत्माको खोजी र व्याख्या गर्ने, ज्ञानको विश्लेषण विभिन्न दृष्टिकोणले गर्ने दार्शनिक चिन्तनको पुष्टि गर्ने आदि हो । वस्तु, प्रकृति, जीवन, जगत् र मानिसलाई हेर्ने दृष्टिकोण मात्र नभई प्रकृति र मानवका सम्बन्धमा अनुमानित विधिमा मात्र नभई प्रयोगात्मक विधिको समेत प्रयोग गरेर हेर्ने प्रक्रिया नै दर्शन हो भनिएको पाइन्छ ।

## २.३ आध्यात्मिक दर्शन (षड्दर्शन) को परिचय

वेदद्वारा प्रतिपादित ग्रन्थहरूलाई वैदिक दर्शन भनिन्छ । वैदिक दर्शनलाई नै आध्यात्मिक दर्शन भनिएको पाइन्छ । आध्यात्मिक शब्दको व्युत्पत्तिका सम्बन्धमा अध्ययन गर्दा आत्मा शब्दमा अधि उपसर्ग लागेर (अधि+आत्म) अध्यात्म शब्द बनेको हो भने अध्यात्म शब्दमा इक (अध्यात्म+इक) प्रत्यय लागेर आध्यात्मिक शब्दको व्युत्पत्ति भएको पाइन्छ । अध्यात्म शब्दको शाब्दिक अर्थ आत्मज्ञान वा आत्मबोध भन्ने हुन्छ । यसलाई कृष्णप्रसाद पराजुलीद्वारा बृहत् नेपाली शब्दकोशमा र वसन्त कुमार शर्माद्वारा नेपाली संक्षिप्त शब्दसागरमा आत्मा वा अध्यात्म सम्बन्धी ब्रह्म वा जीव सम्बन्धी (शर्मा, २०६२ : ७३) भनेर आध्यात्मिकताको परिचय गराएको पाइन्छ ।

राधाकृष्ण अधिकारीद्वारा धार्मिक विज्ञान भन्ने पुस्तकमा अध्यात्म विज्ञानले पारलौकिक र अमृतत्त्वको ज्ञान गराउँछ भनिएको छ । आध्यात्मिक भावना विना सुख, शान्ति र समृबृद्धि हुन सक्दैन (अधिकारी, २०६१ : १२२/१२३) । अध्यात्म तत्त्वको उपलब्धिबाट भौतिक पदार्थको उपलब्धि र उत्कृष्ट जीवन प्राप्त हुन्छ । भौतिक र आध्यात्मिक तत्त्व परस्पर संयुक्त भए तापनि आध्यात्मिक दर्शनका प्रतिपादक तत्त्वहरूले काम, क्रोध, लोभ, मोह, मद् र मात्सर्य आदि खराब तत्त्वहरूलाई परिहार गर्न सक्नुपर्दछ । मानिसमा वास्तविक सुख, शान्ति र समृद्धि हासिल गर्नको लागि आध्यात्मिक भावनाको विकास हुनुपर्दछ । आत्मा, परमात्मामा आश्रित तत्त्वहरूका बारेमा श्रवण, मनन र चिन्तन गरी परस्परमा रहेको साध्य र साधना भावको बोध गरी साध्यको उपलब्धि हासिल गर्नु नै आध्यात्मिक भावना हो । यस भावनाबाट मोक्ष रूप पुरुषार्थको साधना सिद्ध गर्न सकिन्छ (अधिकारी, २०६१ : ३७) आध्यात्मिक (वैदिक) दर्शन विस्तृत र फराकिलो दर्शन हो भन्ने बुझ्न सकिन्छ ।

वैदिक दर्शन मुख्य रूपमा छ वटा दर्शनमा आधारित रहेको पाइन्छ जसलाई षड्दर्शन भनिन्छ । वेदमा आधारित अर्थात् वेदलाई पूर्णरूपमा स्वीकार गर्ने षड्दर्शनहरू, न्याय, वैशेषिक, साङ्ख्य योग, मीमांसा र वेदान्त हुन् । यी दर्शनहरू पूर्ण रूपमा आध्यात्मिक दर्शन हुन् । वैदिक दर्शनलाई हिन्दू दर्शन पनि भनिन्छ । यी दर्शनहरूले परलोक र पुनर्जन्ममा विश्वास गर्दछन् । वैदिक दर्शनलाई आस्तिक र नास्तिक गरी दुई भागमा विभाजन गरिएको पाइन्छ । आस्तिक दर्शन भनेको वेद र यसको अपौरुषेयलाई स्वीकार गर्ने

जगत्स्रष्टा ईश्वरको कर्तृत्वलाई मान्ने पुनर्जन्ममा विश्वास राख्ने सम्प्रदायका अनुयायी न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्त दर्शनलाई आस्तिक दर्शन भनिन्छ । वेद र ईश्वरको कर्तृत्वमा विश्वास नगर्ने बौद्ध, जैन र चार्वाक दर्शनलाई नास्तिक दर्शन पनि भनिएको छ (शर्मा, १९९८ : १) । अतः वेदानुकूल आस्तिक दर्शनहरूमा वेदान्त र मीमांसा वेदकै जगबाट उठेका हुन् भने न्याय, वैशेषिक र योग वेदको उपयोगितालाई सिद्ध गर्ने लौकिक विचारधाराबाट उत्पन्न भएका वैदिक दर्शनहरू हुन् । बौद्ध र जैन दर्शनलाई नास्तिक दर्शनको रूपमा वर्गीकरण गरिए तापनि बौद्ध र जैन दर्शनले पूर्वजन्म र परलोकलाई स्वीकार गरेका हुनाले यिनीहरू आंशिक नास्तिक दर्शनको रूपमा रहेका छन् भने चार्वाक् दर्शनले वेदलाई पनि नमान्ने र परलोकमा विश्वास नगर्ने हुनाले चार्वाक् दर्शनलाई पूर्ण नास्तिक दर्शनको रूपमा उल्लेख गरिएको पाइन्छ (पाठक, १९६५ ई. : ६) ।

अतः वैदिक दर्शनले आत्माको चिन्तन मननको विषयमा अध्ययन गर्दछ । यस दर्शनमा ईश्वर र वेदको सर्वोपरि स्थान रहेको पाइन्छ । यस दर्शनमा आत्मज्ञान, ब्रह्मज्ञान, इहलोक, परलोक, सांसारिक दुःख निवारण र ईश्वरप्राप्ति सम्बन्धी अध्ययन विश्लेषण गरिएको छ । त्यस्तै भारतीय परम्परा वैदिक र आध्यात्मिक रहेको छ । परम तत्त्वको खोजी सबै दर्शनको लक्ष्य भएको र परम तत्त्वको साक्षात्कारद्वारा चरम दुःखको आत्यन्तिक निवृत्तिका निम्ति बाटा फरक फरक भए पनि सबै दर्शन क्रियाशील रहेका छन् (शर्मा, १९६४ : ७-९) भन्ने विश्लेषकको धारणा पाइन्छ । वैदिक दर्शनभित्र षड्दर्शनहरू पर्दछन् भने अवैदिक दर्शन अर्थात् वेदलाई सर्वोपरि नमान्ने दर्शनहरूमा चार्वाक, जैन र बौद्ध दर्शन पर्दछन् । बौद्ध दर्शनको उत्पत्ति महात्मा गौतम बुद्वका उपदेशहरूबाट भएको हो । संसारका सम्पूर्ण प्राणीहरूमा दुःख छ । यी सबै दुःखको कारण पनि छ । दुःख शान्त छ र दुःख निवारणको उपाय पनि छ । भौतिक र आध्यात्मिक वस्तु विनाकारण बनेका छैनन् । संसारका सबै वस्तुहरू परिवर्तनशील छन् । मृत्युको कारण जन्म हो । जन्मको कारण तृष्णा हो । तृष्णाको कारण अज्ञान हो । दुःखको कारण नष्ट हुने हो भने दुःखको पनि नाश हुन्छ भनेर वेदलाई अङ्गीकार नगर्ने तर पूर्व जन्मलाई स्वीकार गर्ने दर्शन बौद्ध दर्शन हो । बौद्ध दर्शनमा दुःख हटाउने आठ साधनलाई अष्टाङ्गमार्ग भनिएको छ । सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वाक्, सम्यक्कर्मान्त, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि यिनै आठ साधनले अज्ञान नाश हुन्छ र पूर्ण शान्ति हुन्छ भन्ने कुरा बौद्ध दर्शनमा उल्लेख गरिएको छ । बौद्ध दर्शनमा पूर्ण शान्तिको अवस्थालाई निर्वाण भनिन्छ ।

अतः यस ब्रह्माण्डमा आध्यात्मिक अन्तर्दृष्टि भएका भारतीय वैदिक दर्शनहरूले ईश्वरीय सत्तालाई महत्त्वपूर्ण मानेको पाइन्छ ।

षड्दर्शनहरूको उत्पत्तिको स्रोत वेद नै हो । आध्यात्मिक सन्तुष्टिप्राप्तिका लागि सबै दर्शनहरू क्रियाशील रहेका छन् । भौतिक दुःख सागरबाट पार गरी आध्यात्मिक विन्दुको प्राप्ति नै मोक्ष मानिएकाले वैदिक दर्शनको स्थान आध्यात्मिक दर्शनमा सर्वोपरि रहेको पाइन्छ । सबै वैदिक (षड्दर्शन) दर्शनहरू कर्मवादमा अधारित छन् । आदर्श कर्मद्वारा नै मोक्षप्राप्ति अर्थात् ईश्वरप्राप्ति हुन्छ । षड्दर्शनहरूमा कारण र कार्य एक आपसमा सम्बन्धित रहेका हुन्छन् । यिनै कारणबाट सुख-दुःख, पाप-पुण्य, धर्म-अधर्म, दण्ड-पुरस्कार, नीति-नियम आदिको व्यवस्था भएको हुन्छ । यो नै वास्तवमा वैदिक आध्यात्मिक व्यवस्था हो । यसै आधारमा वैदिक षड्दर्शनको क्रमश निम्नानुसार परिचय दिइएको छ ।

## २.३.१ न्याय दर्शन

अध्यात्मिक दर्शन अन्तर्गतको महत्त्वपूर्ण दर्शन न्याय दर्शन हो । यस दर्शनमा प्रमाणको अर्थ परीक्षण गरेर निर्णयमा पुग्नु पर्ने उल्लेख गरिएको छ (आचार्य, २०१० : ३२) । अर्थात् न्याय दर्शन पूर्ण प्रमाणमा आधारित दर्शन हो । यस दर्शनका जन्मदाता गौतम ऋषि हुन् । यिनको समय ई.पू. ६०० अनुमान गरिएको छ (शर्मा, २०६१ : ३१) । प्रमाण, प्रमेय, प्रणीत, प्रमिति, संशय, प्रयोजन आदि सोह्र पदार्थको विवेचना भएको शास्त्रलाई न्याय भनिन्छ । त्यसैले तर्क शास्त्रमा भनिएको छ, 'सर्वव्यवहारहेतुज्ञानम्' अर्थात् ज्ञानबाट नै सम्पूर्ण व्यवहारको सम्पादन हुन्छ । बुद्धि (ज्ञान) नै व्यवहारको साधन हो यसको स्वरूप बुझ्न मानवका लागि अति नै आवश्यक रहेको छ । यस दर्शनमा बुद्धि, ज्ञान र उपलब्धिलाई समानार्थ मानिएको छ । ज्ञानसँग अनुभव जोडिएको छ । यस दर्शनले ज्ञानलाई आत्माको विशेष गुण मान्दछ । ज्ञान, इच्छा, द्वेष, प्रयत्न, सुख र दुःख सबै आत्माका विशेष गुणहरू हुन् र यिनीहरूमा सर्वश्रेष्ठ गुण ज्ञान हो । सांसारिक जीवनमा आत्माको अस्तित्व रहुञ्जेल ज्ञानको सम्बन्ध रहिरहन्छ । अतः न्याय दर्शनको मुख्य उद्देश्य ज्ञान, बुद्धि वा अनुभवप्राप्ति हो ।

पूर्वीय दर्शनहरूमा हिन्दू अर्थात् वैदिक दर्शनको प्राण स्वरूप न्याय दर्शनलाई मानिन्छ । अर्थात् सम्पूर्ण वैदिक दर्शनको शानमा न्यायको अपेक्षा गरिन्छ । याज्ञवल्क्यले पनि

वेदका चार अङ्ग मध्ये एउटा न्याय दर्शनलाई मानेको छ । हिन्दूहरूका पाँच पाठ्यविषय (काव्य, नाटक, अलङ्कार, तर्क, व्याकरण) अन्तर्गत यसलाई राखिएको छ (शर्मा, २०६१ : ३०) । न्यायविद्या, तर्कशास्त्र, आन्विक्षिकी आदि नामले चिन्न सकिने यो दर्शनमा तार्किक जाँच र आलोचनात्मक विधि प्रयोग गरेर पदार्थको यथार्थ ज्ञान गराउने काम गरिन्छ ( राधाकृष्णन्, १९७२ : २६) । तत्त्वज्ञान प्राप्त गर्ने उपायहरूको वर्णन गरिने यो शास्त्रमा मोक्षप्राप्तिलाई चरम लक्ष्य मानिएको छ । मोक्षप्राप्तिको साधन ज्ञानप्राप्ति हो । प्रमाण विज्ञानका सहायताले ज्ञानप्राप्तिको मार्ग खुल्दछ भन्ने न्याय दर्शनको मान्यता रहेको छ ( सिन्हा, १९८३ :१८९) । त्यस्तै न्याय दर्शनलाई यथार्थवादी दर्शन पनि भनिन्छ । यस दर्शनले प्रत्यक्ष, अनुमान, उपमान र शब्दलाई यथार्थका चार प्रमाण मानेको छ । मनलाई यस दर्शनले अणुका रूपमा मान्दछ । चेतना आगन्तुक गुण हो । मृत्यु पछि आत्मा चेतना विहीन बन्दछ । आत्मा नित्य छ तर चेतना नित्य छैन । ईश्वर सृष्टिको स्रष्टा, पालक र संहारक हो । ईश्वरप्राप्तिका थुप्रै उपायहरू छन् । संसारमा सुखमय जीवनको अपेक्षार्थ ईश्वरप्राप्ति गर्नुपर्दछ ।

न्याय दर्शनको मूल ग्रन्थलाई 'न्यायसूत्र' भनिन्छ । न्याय दर्शनले आत्मालाई प्रमाणका आधारमा पुष्टि गर्दछ । यस दर्शनका अनुसार आत्मामा बुद्धि, सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न छ वटा विशेष गुण प्रत्यक्ष प्रमाणका आधारमा रहेका छन् भने संस्कार धर्मका आधारमा मानिने गर्दछन् । सङ्ख्या परिमाण पृथकत्व, संयोग र विभाग पाँच वटा सामान्य गरी जीवात्मा रहने चौबिस वटा गुणहरूलाई प्रमाणका आधारमा सिद्ध गर्नु न्यायदर्शनको लक्ष्य हो । यस दर्शनले आत्मलाई जीवात्मा र परमात्मा गरी दुई भागमा विभाजन गरी जीव र ईश्वर दुवैलाई आत्मा मानेको छ । जीवात्मालाई अनित्य र परमात्मालाई नित्य मानेको छ । जीवात्मा अल्पज्ञ, ससीम र अपूर्ण छ तर परमात्मा सर्वज्ञ, असीम र पूर्ण छ । जीव कर्मको भोक्ता हो र ईश्वर दाता हो । जीव संसारको बन्धनमा छ र मोक्षको अधिकारी छ तर ईश्वर नित्य, मुक्त, स्वतन्त्र, सर्वशक्ति सम्पन्न रहेको हुन्छ । यसले जीव र ईश्वर दुवै आत्मा भएर पनि ज्ञान, शक्ति र ऐश्वर्यका कारण ईश्वरलाई परमात्मा मानेको छ ।

आत्मालाई प्रमुख प्रमेय तत्त्व मान्ने यो दर्शनले आत्मालाई नित्य, अविनाशी, सर्वव्यापी, असीम र विभुत्वको रूपमा मान्दछ । त्यस्तै यस दर्शनमा ईश्वरलाई जगत्कर्ता

मानी जगत्स्रष्टाको रूपमा प्रमाणित गरिएकोछ । परमाणुवादमा आधारित यस दर्शनले सृष्टि, स्थिति र प्रलयको कारण ईश्वरलाई मान्दछ ।

अन्तमा सांसारिक दुःखबाट मुक्ति प्राप्त गरी परमात्माप्राप्ति गर्नु न्याय दर्शनको उद्देश्य हो । जीवलाई शरीर र छ इन्द्रियहरू (षड्इन्द्रिय) इन्द्रियका विषयहरू (षड्विषय) इन्द्रियका छ बुद्धिहरू (षड्बुद्धि) र सुख र दुःख गरी २१ प्रकारका दुःखहरू हुन्छन् यी सम्पूर्ण दुःखलाई पार गर्नु मुक्ति प्राप्त गर्नु हो भन्ने न्याय दर्शनको मान्यता रहेको छ ।

## २.३.२ वैशेषिक दर्शन

वैदिक दर्शनको प्राचीन दर्शन वैशेषिक दर्शन हो । यस दर्शनको प्रतिपादन आचार्य महर्षि कणादले गरेका हुन् । यिनलाई उलूक पनि भनिन्छ । तसर्थ यिनको यो दर्शनलाई औलुक्य दर्शन पनि भनिन्छ (शर्मा, १९९८ ई. : १६५) । ई.पू. ६०० शताब्दीतिरका कणादको 'वैशेषिक सूत्र' यो दर्शनको मूल ग्रन्थ हो । यसका विभिन्न भाष्यहरू रहेका छन् । विभिन्न विद्वान्हरूले यसलाई वैशेषिक सूत्रसँग सम्बन्धित भएकाले यसलाई वैशेषिक दर्शन भनेका हुन् । उनीहरूले यस दर्शनको सम्बन्धमा विभिन्न मतहरू पनि प्रस्तुत गरेका छन् । न्याय दर्शन भन्दा वैशेषिक दर्शन प्राचीन हो र यसको रचना ई.पू.३०० हुनसक्ने तर्क पनि गरेका छन् (सिन्हा, १९८३ ई. : १९१) ।

वैशेषिक दर्शन विशेष पदार्थसँग सम्बन्धित शास्त्र हो अर्थात् 'पदार्थभेदमधिकृतो ग्रन्थः' भन्ने अभिप्रायबाट विशेषता युक्त पदार्थ विशेषको सङ्केत गरिएको शास्त्र भन्ने अर्थ गरिएको छ (अर्याल, २०६९ : २१) । आचार्य महर्षि कणादका अनुसार छ प्रकारका पर्दाथः द्रव्य, गुण, कर्म, समान्य, विशेष र समवाय छ प्रकारका पदार्थमा उनका अनुयायीहरूले अभावलाई थपेर सात बनाएका हुन् भनेर वैशेषिक दर्शनमा उल्लेख गरिएको छ । द्रव्य अन्तर्गत पृथ्वी, जल, तेज, वायु, आकाश, काल, दिक् (दिशा), आत्मा र मन गरी जम्मा नौ वटा द्रव्य रहेका छन् (शर्मा, २०६१ : १२९) । जसमा पृथ्वी, जल, तेज र वायु अनित्य द्रव्य हुन् र आकाश, काल, दिक्, आत्मा र मन यी पाँच नित्य द्रव्य हुन् । पृथ्वी, जल, तेज, वायु र आकाशलाई पञ्च महाभूत भनी वैशेषिक दर्शनले उल्लेख गरेको छ ।

वैशेषिक दर्शनका अनुसार प्राणीहरूमा हुने नित्य र सर्वव्यापी द्रव्य आत्मा हो । ज्ञान, इच्छा, प्रयत्न आत्माका गुणहरू हुन् । प्राणीलाई हुने दुःख, सुख, आनन्द आदिको आभासबाट

आत्मा सन्तुष्टिको कल्पना गरिन्छ । जीवात्माका गुणहरूलाई प्रत्यक्ष गर्ने अर्न्तनिहित इन्द्रिय मन हो । मनलाई प्रत्यक्ष नभई अनुमान मात्र गर्न सकिन्छ । आत्मा इन्द्रिय र विषयको संयोगबाट अर्थलाई ज्ञानमा बदल्ने द्रव्यका रूपमा मनलाई लिइएको छ । त्यस्तै श्रवण, मनन र निदिध्याशन ज्ञानप्राप्तिको निमित्त आवश्यक छ । आत्माको साक्षात्कार तत्त्वज्ञानबाट हुन्छ । तत्त्वज्ञानले आत्मालाई जन्ममरण चक्रबाट मुक्त गराउँछ । दुःख निवारण नै मोक्ष हो भन्ने यस दर्शनको मान्यता रहेको छ (शर्मा, २०६१ : ५५-६०) । यस दर्शनले गुणलाई एक स्वतन्त्र पदार्थको रूपमा उल्लेख गरी २४ वटा गुणहरू रूप, रस, गन्ध, स्पर्श, सङ्ख्या, परिमाण, पृथकत्व, संयोग, विभाग, परत्व, अपरत्व, गुरुत्व, द्रव्यत्व, स्नेह, शब्द, बुद्धि, सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न, धर्म, अधर्म र संस्कार आदि अलग अलग रूपमा बताइएको छ ।

त्यस्तै गतिलाई कर्म र कर्मका प्रकार (भेदहरू) बताइएको छ । उत्क्षेपण (माथितिर फ्याँक्ने), अपक्षेपण (तलतिर तान्ने), आकुञ्चन (सङ्कुचित गर्ने), प्रसारण (फैलाउने), गमन (अर्कोमा गएर मिल्ने) भनी उल्लेख गरिएको पाइन्छ । त्यस्तै यस दर्शनले सामान्यलाई पदार्थमा रहेका मिल्दाजुल्दा गुणहरूभित्र राखेको पाइन्छ भने विशेषमा परमाणुहरू एक आपसमा अलग भएको प्रमाणित हुन्छ भनी व्याख्या गरिएको छ ।

समवाय भनेको विभिन्न पदार्थहरूको एक आपसको सम्बन्ध हो । पदार्थहरू एक आपसमा अलग भए तापनि नयाँ पदार्थ निर्माणको लागि सम्बन्ध स्थापना गर्दछन् अर्थात् पृथ्वीको सृष्टि र विनाश दुवैको लागि समवायको आवश्यकता पर्दछ भन्ने कुरा यस दर्शनमा उल्लेख गरिएको पाइन्छ ।

वैशेषिक दर्शन अनुभववादी दर्शन हो । यस दर्शनका पदार्थहरू भित्रको अभाव पनि महत्त्वपूर्ण पदार्थ हो । अभावका अनुसार कुनै एक पदार्थको नाश भएमा अर्को पदार्थसँग मिलेर नयाँ पदार्थको निमार्ण हुन्छ र त्यो पदार्थ अभाव सिद्ध हुन जान्छ भन्ने रहेको छ ।

वैशेषिक दर्शन पदार्थको विश्लेषण गर्दै सत्यताको खोजीमा अघि बढेका वैज्ञानिक परीक्षण र अनुभवमा आधारित दर्शन हो । सृष्टिको मूलतत्त्व परमाणु हो र यो नित्य छ । अतीन्द्रिय, निरवयव, अविभाज्य र नित्य भौतिक द्रव्य परमाणु हो । पार्थिव, जलीय, तैजस र वायवीय गरी चार प्रकारका परमाणुहरू हुन्छन् (चट्टोपाध्याय र दत्त, १९८३ ई. : २८) । वैशेषिक दर्शनको यथार्थ नै पदार्थ हो । पदार्थ अस्तित्वमा जान्न योग्य र नाम योग्य हुन्छ ।

प्रत्येक पदार्थमा परमाणुको विशेष गुण हुने भएको हुनाले ब्रह्माण्डको सृष्टि र विनाशको कर्ता ब्रह्मालाई मानिन्छ । यस्तो कार्यमा प्रत्येक जीवले आ-आफ्नो कर्म अनुसारको भोग गर्नुपर्छ ।

यो दर्शन प्राचीन भइकन पनि परमाणु नित्य अविनाशी तत्त्व मान्ने वैज्ञानिकवादमा आधारित रहेकोले यसलाई आध्यात्मिक दर्शन अर्थात् ईश्वरवादी दर्शन भनिन्छ । यस दर्शनका अनुसार दुःखको मूल कारण अज्ञान हो । अज्ञानले मानिसमा मोह जगाँउछ वस्तु प्रतिको रागभाव अज्ञानताको परिणाम हो (शर्मा, १९९८ ई. : १७१) भन्ने रहेको छ । यसलाई भौतिक तथा आध्यात्मिक विज्ञानको दर्शन भनिन्छ । यस दर्शनको प्रवृत्ति अनीश्वरवादितर्फ लक्षित देखिन्छ (राधाकृष्णन्, १९७२ ई. : १६७) भन्ने धारणाले यो दर्शन आध्यात्मिक भइकन पनि तथ्यपरकमा विश्वास राख्ने दर्शन हो भनिएको छ । त्यस्तै सांसारिक वस्तुको निर्माण गर्ने ईश्वर नै आत्मा हो । आत्माले जन्ममरण चक्रबाट छुट्कारा पाउनु नै मोक्ष हो । वस्तुको यथार्थ ज्ञानलाई मोक्षको आधार मान्ने तत्त्वज्ञानबाट अज्ञान नष्ट भई दुःख निवारण र मोक्ष प्राप्त हुन्छ भन्ने कुरा यस दर्शनले उल्लेख गरेको पाइन्छ । अर्थात् ब्रह्माण्ड लगायत संसारका सम्पूर्ण वस्तुको सृष्टि र संहार गर्नु ब्रह्माको कार्य भएको हुनाले प्रत्येक एकसय वर्षपछि ब्रह्माले पुनः सृष्टि गर्दछन् र यस अवधिमा सबै जीवले आ-आफ्नो कर्म अनुसारको भोग गर्ने गर्दछन् भन्ने कुरा आध्यात्मिक दर्शनले व्यक्त गर्दछ ।

### २.३.३ साङ्ख्य दर्शन

आचार्य महामुनि महर्षि कपिलद्वारा रचित दर्शनलाई साङ्ख्य दर्शन भनिन्छ । यस दर्शनको मूल ग्रन्थ 'तत्त्वसमाज' हो तापनि साङ्ख्य दर्शनका बारेमा चर्चा गरिएको ग्रन्थ साङ्ख्यसूत्रलाई नै मूल ग्रन्थ मानिन्छ । यस दर्शनको सम्बन्ध सङ्ख्यासँग रहेको र प्रकृति, पुरुष आदि चौबीस तत्त्वलाई प्राथमिकता दिएर विवेचना गरिने दर्शनशास्त्र भएकोले यसको नाम साङ्ख्य रहेको भन्ने मत विद्वान्हरूको पाइन्छ ।

*सङ्ख्यां प्रकुर्वते चैव, प्रकृतिञ्च प्रचक्षते ।*
*तत्त्वानि च चर्तुविर्शत्, तेन साङ्ख्यं प्रकिर्तितम् ॥*

अर्थात् सङ्ख्याको अर्थ तत्त्वज्ञान हो । प्रकृति र पुरुष दुई तत्त्वहरू छन्; जसबाट समस्त ब्रह्माण्ड सञ्चालित छ । पुरुष भन्नाले बुद्धि वा स्व भन्ने बुझिन्छ र प्रकृति भन्नाले

अचैतन्य मानिन्छ । त्यस्तै श्रीमद्भगवद्गीतामा यसलाई "तत्त्वसङ्ख्यान" भनिएको पाइन्छ भने श्रीमद्भागवतको श्रीधरी टीकामा 'तत्त्वगणका' भनिएको छ । यस दर्शनका अनुसार कुनै पनि कार्यको उत्पत्ति कारणबाट हुन्छ, विनाकारण कुनै पनि कार्य हुँदैन । कार्य र कारण बीच अभिन्न सम्बन्ध रहेको हुन्छ । कार्य सही वा गलत अर्थात् सत्य असत्य जे पनि हुनसक्छ । त्यसैले साङ्ख्य दर्शन सत्कार्यवादी आध्यात्मिक दर्शन हो ।

साङ्ख्य दर्शनका अनुसार प्रकृति कारण हो, प्रकृतिलाई शक्ति पनि भनिन्छ । प्रकृति परिर्वतनशील अर्थात् गतिशील छ । प्रकृतिमा सत्त्व, रज र तम तीनै गुणहरू रहेका छन् । संसारका सम्पूर्ण पदार्थ शरीर, इन्द्रिय, मन, बुद्धि आदि सबै कार्य प्रकृतिका परिणाम हुन् । त्यसैले साङ्ख्य दर्शनलाई परिणामवादी दर्शन पनि भनिन्छ । त्यस्तै यस दर्शनमा पुरुषलाई चेतन तत्त्वका रूपमा मानिएको छ भने प्रकृतिलाई सक्रिय अचेतन या जड तत्त्वका रूपमा मानिएको छ । पुरुष चेतन तत्त्व भएकोले यसलाई द्रष्टा भनिन्छ । पुरुष भनेको आत्मा हो, आत्मालाई मोक्ष प्राप्त हुने हुनाले पुरुष सुखमा खुशी र दुःखमा दुःखी हुँदैन । त्यसैले यसलाई मध्यस्थ मानिन्छ । प्रारम्भमा ईश्वरवादी र कालान्तरमा अनीश्वरवादी, वस्तुवादी विचारबाट प्रभावित यो दर्शनलाई द्वैतवादी दर्शन मानिन्छ (चट्टोपाध्याय र दत्त, १९८३ ई. : १६४) ।

सत्कार्यवाद साङ्ख्य दर्शनको प्रमुख आधार हो । कार्यकारण सिद्धान्त नै सत्कार्यवाद हो । कार्य आफू उत्पत्ति हुनु भन्दा पहिले कारणमा रहेको हुन्छ । संसारको सृष्टिमा ईश्वर कारण रहँदैन भन्ने मान्यता राख्ने यो दर्शनले आत्मालाई पुरुषको रूपमा मानेको छ । सबै ज्ञानको अधिष्ठाता हुँदैन । दुःखको सार्वभौमिकतालाई स्वीकार गरेर आध्यात्मिक, आधिदैविक र आधिभौतिक त्रितापबाट छुट्कारा पाउनु मानवजीवनको लक्ष्य हो, यही नै मोक्ष हो या अपवर्ग हो भन्ने मान्यता राख्ने यो दर्शनले तत्त्व ज्ञानबाट मोक्ष सम्भव छ भन्ने (सिन्हा, १९८३ ई. : २५०) मान्यता राख्दछ । यो दर्शनले प्रत्यक्ष, अनुमान र शब्द गरी तीनवटा प्रमाण मान्दछ तर सृष्टिवादलाई मान्दैन । प्रकृति र पुरुषको संयोगले सृष्टि हुने भए पनि जगत्मा कर्तृत्व भन्ने कुनै शक्ति मान्नु आवश्यक छैन (चालिसे, २०६६ : ६१) भन्ने कुराको उल्लेख गरिएको छ । यस दर्शनका अनुसार सांसारिक जगत्मा प्रकृति र पुरुषभित्र विभिन्न गुणहरू रहेका हुन्छन् । ती प्रत्येक गुणले आफूभन्दा भिन्न गुण भएका वस्तु (पदार्थ तत्त्व) लाई दबाउन प्रयत्न गर्न क्रमसँगै एक प्रकारको प्रतिक्रिया (हलचल) शुरु गर्दछ र त्यहीबाट सृष्टिको पनि प्रादुर्भाव हुन जान्छ । यो एक प्रकारको नियमित आकस्मिता हो भन्ने मान्यता

साङ्ख्य दर्शनको रहेको छ (चट्टोपाध्याय र दत्त, १९८३ ई. : १७१) । सृष्टिकर्ता ईश्वरको अस्तित्व प्रमाणित गर्ने प्रयत्न पनि साङ्ख्य दर्शनमा गरिएको छ (शर्मा, २०६१ : १०१-१०२) तर साङख्य दर्शनको मूल सूत्रमा ईश्वरको चर्चा पाइँदैन भन्ने विद्वान्हरूको मत पाइन्छ ( चट्टोपाध्याय र दत्त १९८३ ई. : १८३) ।

निष्कर्षमा साङ्ख्य दर्शनले ब्रह्माण्ड सञ्चालनको वास्तविक तत्त्व पुरुष र प्रकृतिलाई मानेको छ । पुरुष वैदिक तत्त्व वा ईश्वरीय तत्त्व हो र प्रकृति भौतिक तत्त्व हो । पुरुष चेतन तत्त्व आत्मा हो भने प्रकृति अचेतन तत्त्व हो । यी दुवै तत्त्वको संयोगबाट ब्रह्माण्ड सञ्चालन हुन्छ । यस दर्शनका अनुसार ब्रह्माण्डमा सृष्टिको खेल प्रकृतिबाट शुरु भई पञ्च महाभूतमा अन्त्य हुन्छ । यस अवस्थामा पुरुष न कार्य हो न कारण हो । ऊ त केवल द्रष्टा मात्र हो । प्रकृति केवल कारण मात्र हुन्छ; कार्य हुँदैन । बुद्धि, अहंकार र पञ्चतन्त्रका कार्य र कारण दुवै हो । पञ्चमहाभूत मात्र कार्य हो, कारण होइन । साङ्ख्य दर्शनको लक्ष्य मोक्ष्यप्राप्ति हो । यस दर्शनका अनुसार मानवीय सांसारिक जीवन दुःखै दुःखले भरिएको छ । दुःख कुनै पनि प्रकारको (आध्यात्मिक, आधिभौतिक, आधिदैविक) हुन सक्छ । यी सम्पूर्ण दुःखहरूबाट मुक्ति पाउनु मोक्षप्राप्ति हो । जब मानिसलाई विशुद्ध ज्ञानको प्राप्ति हुन्छ; त्यसबाट उसलाई आत्मा र शरीरको भेदको ज्ञान हुन्छ । त्यो नै मुक्तिप्राप्ति हो । पुरुष र प्रकृतिको ज्ञानबाट अविवेकीपनको नाश गर्नु नै मोक्षप्राप्ति हो (आचार्य र अन्य, १९२५-२०१०) । मोक्षप्राप्ति नै मानववीय जीवनको अन्तिम लक्ष्य भएको हुनाले यसलाई साङ्ख्य दर्शनले आफ्नो लक्ष्यप्राप्तिमा राखेको छ ।

## २.३.४ योग दर्शन

महर्षि पतञ्जलिद्वारा रचित दर्शनलाई योग दर्शन भनिन्छ । योग दर्शनलाई अत्यन्त वैज्ञानिक दर्शन मानिन्छ । योग शास्त्रमा योगको अर्थ “समाधि” भन्ने हुन्छ । महर्षि पतञ्जलिको विचारमा योग चित्तवृत्तिको निरोध हो । योगको उद्देश्य आत्माको प्राप्ति हो, चित्तवृत्तिको अन्त्य भनेको परमात्मा (आत्मा) को प्राप्ति हो ।

योग दर्शनमा ईश्वर जीवात्मा र प्रकृतिको बारेमा स्पष्टरूपले उल्लेख गरिएको पाइन्छन् । साङ्ख्य दर्शन र योग दर्शनका सिद्धान्तहरूमा केही समानताहरू पाइन्छ । जस्तो कि ईश्वरका सत्य स्वरूप, मोक्षप्राप्तिको उपाय, वैदिक उपासना आदि हुन् । योग दर्शनका

अनुसार जीवको बन्धनको कारण के हो ? योग साधकको स्थिति अर्थात् साधना कस्तो कस्तो हुन्छ ? मनको चित्तवृत्ति कसरी हुन्छ ? मनको सम्बन्ध कहिलेसम्म पुरुष (आत्मा) सँग हुन्छ ? आदि प्रश्नको जवाफमा योगदर्शनले भगवान् परमेश्वरको मुख्य नाम ॐ (प्रणव) को जप नगरी अन्य परमेश्वरको भक्ति जति गरे पनि अपूर्ण हुन्छ (आचार्य २०१० ई. : ६८) । योग दर्शनका अनुसार भगवान् परमेश्वरको ध्यान बाहिरी मनले होइन भित्री मनबाट गर्नुपर्छ । जबसम्म इन्द्रियलाई वशमा राख्न सकिदैन तबसम्म परमेश्वरको ध्यान सम्भव छैन । अर्थात् 'युज समाधौ' समाधि लिनु, आत्मा परमात्मामा लीन हुनु, काम वासना आदि आशक्तिलाई छोड्नु भन्ने अर्थ योग दर्शनमा गरिएको छ (शर्मा, २०६१ : १०९) । चित्तवृत्ति 'निरोध' भनेर चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने अर्थमा योग दर्शन र यसको प्रयोग गरिएको पाइन्छ । यसका अतिरिक्त योग शब्दले मिलन, सङ्गम, योग नियम विधि मनको विशेष केन्द्रीकरण आदि अर्थ दिन्छ ।

इन्द्रिय तथा मनको निग्रह वा योगाभ्यास, यथार्थ सत्ताको सत्य ज्ञानको चेतनापूर्ण आन्तरिक खोज, ध्यान एकाग्रता आदि अर्थ पनि गरिएको छ भने बुद्ध र उनका अनुयायीहरूले उच्च श्रेणीको चिन्तन वा तपस्या पनि भनेका छन् (राधाकृष्णन्, १९७२ : ई ३३२-३३५) । योगमा सम्प्रज्ञात र असम्प्रज्ञात दुई अवस्था रहेका हुन्छन् । सम्प्रज्ञात - यस अवस्थामा संसारका प्राणीहरूका विभिन्न कार्य (वृत्तिहरू) हुन्छन् जस्तै क्लेश, कर्म वासना नष्ट आदि । सम्प्रज्ञात योगमा यस्ता सम्पूर्ण कार्यहरू समाप्त नभई केही बाँकी रहेको हुन्छ भने असम्प्रज्ञात योगमा मानिसलाई कुनै पनि कार्यका बारेमा ज्ञान हुँदैन । योगमा परमात्माको ज्ञान र आनन्दको अनुभव मात्र हुन्छ । यस्तो योगाभ्यास प्राप्त गरेका व्यक्तिमा जन्म र मरणको चिन्ता हुँदैन भन्ने रहेको पाइन्छ ।

योगद्वारा व्यक्तिको आत्मा साक्षात्कार हुन्छ, जो व्यक्ति आत्मा साक्षात्कारको जिज्ञासु छ उसको लागि योग दर्शन अमूल्य निधि हो । जसले शरीर, इन्द्रिय र मनका समस्त बन्धन रहित शुद्ध आत्माको साक्षात्कार गर्न चाहन्छ उसको निम्ति योग महान् साधन हो (चट्टोपाध्याय र दत्त, १९८३ ई : १८६) । यस दर्शनले क्षिप्त, मूढ, विक्षिप्त, एकाग्र र निरूढ पाँच प्रकारमा मानसिक अवस्थाहरू बताएको छ । चित्त क्षिप्त अवस्थामा रजोगुणमा रहेको हुन्छ र यस वेला चित्त पातञ्जल अस्थिर/भ्रामक हुन्छ । मूढ अवस्थामा तमोगुणीको प्रधानता पाइन्छ । यस अवस्थामा क्रोध अग्रणी भएर कर्तव्यले काम गर्दैन । चित्त शास्त्र

विरुद्ध कार्यमा लागेको हुन्छ । विक्षिप्त अवस्थामा सत्त्वगुणको प्रादुर्भाव हुन्छ । चित्त थोरै समय भए पनि केही काममा लाग्न कोशिस गर्दछ तर स्थिर भने हुँदैन । यस्तो चित्त योग जिज्ञासुको हुने गर्दछ । मानसिक अवस्था पूर्ण सन्तुलनको अवस्था एकाग्र चित्त हो । यस अवस्थामा चित्त एउटै अवस्थामा केन्द्रित हुन्छ । यो योगानुकूल अवस्था हो । एकाग्रलाई सम्प्रज्ञात चित्तको अवस्था भनिन्छ । सबै प्रकारका कार्यहरूको निरोध गर्ने अवस्था एकाग्र चित्तको हुन्छ । यस अवस्थामा चित्त शान्त अवस्थाको हन्छ । यो योगको अन्तिम अवस्था हो । यस्तो चित्त प्रथम श्रेणीका योगीहरूमा हुन्छ । योगलाई व्यवस्थित रूप दिने व्यक्ति महर्षि पतञ्जलि भएकाले यसलाई पातञ्जल दर्शन पनि भनिन्छ । यस दर्शनको मूलग्रन्थ योगसूत्र हो । यसका विभिन्न भाष्यहरू रहेका छन् (चालिसे, २०६६ : ६२) । आध्यात्मिक दर्शनका आधारग्रन्थ वेद, उपनिषद् र ब्रह्मसूत्रमा योग दर्शनको विशेषता वर्णन गरिएको पाइन्छ । कठोपनिषद्मा स्थिर इन्द्रियाधार नै योग हो भनिएको छ भने श्वेताश्वतरोपनिषद् २.७.१४ मा क्रियात्मक योगको वर्णन पाइन्छ । यस्तै छान्दोग्योपनिषद् ८.६ वृहदारण्यकोपनिषद् ४.३.२० र कौशीतकी उपनिषद् ४.१९ एवं विभिन्न पुराणहरूमा पनि योग दर्शनको चर्चा पाइएको हुनाले योग दर्शनको महत्त्व र प्राचीनतालाई पनि स्पष्टता प्रदान गर्दछन् (शर्मा, २०६१ : ११०) । योग जम्मा आठ प्रकारका मानिएका छन्- यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि । यी अष्ट अनुष्ठानका कार्यबाट अविद्या नाश भई यथार्थ ज्ञानको प्राप्ति हुनु नै योग दर्शनको लक्ष्य हो (शर्मा, २०६२ : १२५-१२६) ।

अन्तमा, ज्ञान वा मुक्तिप्राप्तिको घोषणा गर्ने योगदर्शन एक ईश्वरवादी आध्यात्मिक दर्शन हो । कर्मको फल र वासनारहित पुरुष नै ईश्वर हो । यो दर्शनका अनुसार ईश्वर नै उपास्य देव हो । योगीलाई ईश्वरको अनुकम्पाले चाँडै समाधि प्राप्त हुन्छ । ईश्वरको वाचक ओमकार हो अर्थात् ईश्वरको नाम ॐ हो । योगको लक्ष्य आत्मप्राप्ति हो, आत्म- स्वरूप बनी परमात्माको प्राप्ति गर्नु हो, ॐ प्राप्त गर्नु हो, ईश्वरमा लीन हुनु हो । अर्थात् सांसारिक दुःख सागरबाट मुक्तिप्राप्ति गरी, ईश्वरमा लीन हुनु ब्रह्मत्व प्राप्त गर्नु नै वास्तविक योग दर्शनको रहेको हो भन्ने रहेको छ ।

### २.३.५ मीमांसा दर्शन

वैदिक कर्मकाण्डको वर्णन गरिएको शास्त्रलाई मीमांसा दर्शन भनिन्छ । आचार्य जैमिनीले ई.पू.३०० मीमांसा दर्शनको प्रतिपादन गरेका हुन् । वेदका विषयमा प्रकट गरिने

पारस्परिक विरोधलाई परिहार गरेर ऐक्यबद्धता स्थापित गरी विचार विमर्श गर्ने प्रक्रियालाई प्रारम्भमा मीमांसा भनिएको पाइन्छ (शर्मा, १९९८ : १९१) । आध्यात्मिक परम्पराको सर्वोत्कृष्ट वैदिक ग्रन्थका रूपमा मीमांसा दर्शनलाई लिइन्छ । मीमांसा दर्शनमा वेदलाई प्रमाणका रूपमा स्वीकार गरी वैदिक विषय तथा मन्त्रहरूको विस्तृत व्याख्या गरिएको छ ।

मीमांसा दर्शनको मुख्य विषय धर्मलाई पूर्ण रूपमा सत्य प्रमाणित गर्ने प्रयास रहेको छ । यो वेदले प्रतिपादन गरेको कुराहरूलाई प्रमाणित गर्ने दर्शन हो । वैदिक धर्मका ज्ञानलाई सुव्यवस्थित रूप दिनको लागि मीमांसा दर्शनको प्रारम्भ भएको पाइन्छ । वेदका कर्मकाण्ड र ज्ञानकाण्डमध्ये कर्मकाण्डसँग सम्बन्धित मन्त्र ब्राह्मणरूपी पूर्ण भागहरूलाई आधार मानेर मन्त्रहरूको व्याख्या गर्ने र वेद विहीन नियम र कर्मको स्थापना गर्नु, कर्मकाण्डका मूल सिद्धान्तलाई युक्तिद्वारा प्रतिपादन गर्नु, वैदिक कर्मकाण्डको पुष्टि गर्नु मीमांसा दर्शनको उद्देश्य रहेको पाइन्छ (चालिसे, २०६६ : ६३) । यस दर्शनले विषयलाई प्रकाशमा ल्याउनु ज्ञान हो र प्रकाशमा नआएको कुरा अज्ञान हो भनेको पाइन्छ । मानिसमा हुने यथार्थ ज्ञान नै प्रमाण हो । यथार्थ ज्ञान अज्ञात हुन्छ यस अज्ञात ज्ञानले नयाँ ज्ञान उपलब्ध हुन्छ ।

यस दर्शनका अनुसार प्रत्यक्ष, अनुमान, प्रमाण, शब्द, अर्थापत्ति र अभाव (अनुपलब्धि) गरी जम्मा छ प्रकारका प्रमाणहरू प्रतिपादन गरेको पाइन्छ । यस दर्शनले प्रत्यक्ष प्रमाणलाई सर्वश्रेष्ठ प्रमाण मान्दछ । वेदमा लेखिएका शब्दहरूलाई अकाट्य मान्दछ अर्थात् वैदिक मन्त्रहरूका क्रममा द्रष्टा वेदलाई मानी ईश्वर नै सर्वज्ञ हो भन्दछ । आत्मा मृत्युपश्चात् पनि विद्यमान् रहन्छ । संसारमा कुनै यस्तो शक्ति छ जसले कर्मको फल सुरक्षित राख्दछ । वेद अभ्रान्त हो । जगत् सत्य हो (चालिसे, २०६६ : ६३) । हाम्रो जीवन र कर्म स्वप्न मात्र होइन भन्ने युक्तिहरू स्थापित गर्न मीमांसा दर्शन क्रियाशील रहेको पाइन्छ (चट्टोपाध्याय र दत्त, १९८३ ई : १९८) । यस दर्शनले वेदवाणीलाई पूर्ण रूपमा स्वीकार गरेको छ । यस दर्शनले वेदका विषयमा भएका पारस्परिक विरोधाभासलाई निर्मूल पार्न वेदका प्रमाणहरूलाई स्थापित गरेको पाइन्छ ।

'मीमांसा सूत्र' यो दर्शनको प्रारम्भिक मूल ग्रन्थ हो । यस ग्रन्थका विभिन्न भाष्यहरू लेखिएका छन् । यो पूर्णतः दर्शन हो । मीमांसाका दुई भाग छन् । पूर्व मीमांसा र उत्तर मीमांसा । कर्मकाण्डलाई पूर्व मीमांसा र ज्ञानकाण्डलाई उत्तर मीमांसा भनिएको छ। यो धर्म

र कर्ममा आधारित दर्शन हो । यस दर्शनका अनुसार आत्मज्ञानका साथै नित्य नैमित्तिक कर्मानुष्ठानबाट मोक्ष प्राप्त हुन्छ तसर्थ यज्ञ यज्ञादिमा विशेष चासो राख्नुपर्दछ भन्ने मान्यता रहेको पाइन्छ (अर्याल, २०५६ : २३) । आत्मालाई मीमांसा दर्शनले एक द्रव्य मानेको छ जुन चैतन्य गुणको आधार हो । चेतना आत्माको स्वभाव होइन यो आगुन्तक गुण हो । यो स्वभावतः अचेतन हुन्छ । शरीर, इन्द्रिय, मन आदिसँग आत्माको सम्पर्क भएपछि आत्मामा चैतन्यको उदय हुन्छ । आत्मा अमर द्रव्य हो, यो नित्य, अविनाशी र स्वयम् प्रकाशमान् भएकाले यसलाई आत्मज्योति भनिन्छ (सिन्हा, १९८३ ई : २८२-२८३) भन्ने मीमांसा दर्शनको मत पाइन्छ ।

मीमांसा दर्शनका अनुसार वेद अपौरुषेय र पौरुषेय दुवै हो । सर्वज्ञानका आधारमा ईश्वरद्वारा वेद रचिएकाले यो अपौरुषेय हो र स्मृति, धर्मशास्त्र, इतिहास, पुराण आदि जस्ता ग्रन्थहरू वेदलाई प्रमाणित गर्ने व्यक्तिद्वारा रचिएका हुनाले यी पौरुषेय हुन् । यथार्थज्ञान 'सत्योपलब्धि' हुन्छ र भ्रम 'मिथ्योपलब्धि' हुन्छ भन्ने यस दर्शनको मान्यता पाइन्छ (शर्मा, १९९८ ई : १९३) ।

मीमांसा दर्शनको प्रमुख विषय धर्म भएको हुनाले धर्मको व्याख्या, धर्मका लक्षण, मानिसलाई ज्ञान दिनु, प्रेरणा दिनु, उपदेश दिनु, यज्ञ नै धर्म हो र यज्ञद्वारा स्वर्गप्राप्ति हुन्छ भन्नु यस दर्शको मूख्य कार्य रहेको पाइन्छ । यस दर्शनका अनुसार वेदका पाँच चरणहरू कर्मकाण्डका त्यस्ता पक्षहरू हुन्; जसको पालनाबाट मानिसलाई स्वर्गप्राप्ति हुन्छ भन्ने रहेको छ । वेदका पाँच चरणहरू विधि, कर्म, यज्ञ, ईश्वर र मोक्ष हुन् । वेदमा बताइएका विधिहरू ज्ञान प्राप्त गराउने विधिहरू हुन् । वैदिक यज्ञसम्बन्धी कर्मकाण्डको अनुष्ठान नै कर्म हो । कर्म सिद्धान्तको पालना कर्तव्य हो । कर्मको नियमबाट संसारको सृष्टि हुन्छ । शरीर ज्ञानेन्द्रियहरू, कमेन्द्रियहरू र भोगका विषय यिनै तत्त्वहरूले सृष्टिमा कार्य गर्दछन् । सृष्टिको क्रममा ईश्वरको कुनै स्थान छैन; जति कर्मको स्थान छ भन्ने मीमांसा दर्शनको मान्यता रहेको पाइन्छ (शर्मा, २०६१ ई. : १५१, १५३) । नित्य (सन्ध्या, वन्दना), नैमित्तिककर्म (कुनै विशेष अवसरमा गरिने काम, श्राद्ध आदि) मानिसले अवश्य गर्नुपर्छ । प्रतिषिद्ध कर्म (वेदद्वारा वर्जित कर्म) मानिसले गर्नुहुँदैन । काम्य कर्म (कुनै इच्छा विशेषमा गरिने कर्म) गर्नाले पुण्य प्राप्त हुन्छ । त्यस्तै यज्ञबाट नै धर्म प्राप्त हुन्छ । लौकिक तथा पारलौकिक उपलब्धिका लागि शक्तिको आवश्यकता पर्दछ । शक्तिलाई आफ्नो वशमा राख्न

यज्ञको आवश्यकता पर्दछ । यज्ञ स्वधर्म हो । यज्ञ नगर्नु पाप हो । यज्ञद्वारा नै पारलौकिक सुख प्राप्त हुन्छ भन्ने मान्यता मीमांसा दर्शनको रहेको छ । वैदिक मन्त्रहरूद्वारा यज्ञादि कर्म गर्नु नै फलप्राप्ति हो, स्वर्गप्राप्ति हो (शर्मा, २०६२ : १३२) । ईश्वरको अस्तित्व विवादास्पद रहेको यस दर्शनमा कर्मले आफ्नो फल स्वयम् दिन्छ । निष्काम कर्मबाट अपूर्व स्वर्गको फलप्राप्ति हुन्छ । यस दर्शनले वेदलाई असाधारण ग्रन्थ मानेको छ । वैदिक मन्त्रद्वारा यज्ञादि गर्नु नै फलप्राप्ति हो, ईश्वरप्राप्ति हो, स्वर्गप्राप्ति हो भन्ने सिद्धान्त मीमांसा दर्शनको रहेको छ । जगत् सत्य छ । मानिसले सधैं सुख प्राप्त गर्न सक्दैन । प्रत्येक सुखमा दुःख रहेको हुन्छ । असत् कर्मको फलले दुःख प्रकट हुन्छ । दुःखबाट मुक्ति पाउन यज्ञ गर्नुपर्दछ । निष्काम कर्मले पूर्व कर्मको सञ्चित संस्कार नष्ट हुन्छ भन्ने धारणा मीमांसा दर्शनको रहेको छ । आत्मा जीवात्माको सुख दुःखभन्दा पर यथार्थ रूपमा रहन्छ । आत्म चैतन्यलाई आत्माको स्वभाविक गुण मान्न सकिँदैन । मुक्त आत्मा सबभन्दा छुट्टै रहेको हुन्छ । उसलाई सुख दुःखको ज्ञान हुँदैन; न त आनन्दको अनुभूति हुन्छ भन्ने मीमांसा दर्शनको मोक्षसम्बन्धी मान्यता रहेको पाइन्छ ।

अतः मीमांसा दर्शनका अनुसार विश्वब्रह्माण्ड जगत्मा आत्माको सम्बन्ध विच्छेद गर्नु नै मोक्षप्राप्ति हो । आत्मा र जगत्को सम्बन्ध भोगवान् शरीर, भोगसाधन इन्द्रिय, भोग्य पदार्थ विषयको कारणले हुने गर्दछ । यी विषयहरू आत्माका बन्धन हुन् । जब आत्माको शरीरसँग सम्बन्ध समाप्त हुन्छ तब सुख-दुःख समाप्त भई मोक्ष प्राप्त हुन्छ भन्ने यस दर्शनको मत रहेको पाइन्छ ।

## २.३.६ वेदान्त दर्शन

वेदान्त दर्शनका प्रणेता वादरायण हुन् । यस दर्शनको मुख्य ग्रन्थ 'ब्रह्मसूत्र' हो । यो दर्शन वेदको स्वरूप हो । परब्रह्म नै ब्रह्मसूत्र हो भन्ने वेदान्त दर्शनलाई शारीरिक मीमांसा वा उत्तर मीमांसा पनि भनिन्छ । वेदको अन्तिम भागलाई वेदान्त भनिन्छ । वेदका दुई भाग मन्त्र र ब्राह्मण हुन् । देवताको स्तुतिमा प्रयोग गरिने वाक्यलाई मन्त्र भनिन्छ भने यज्ञ अनुष्ठान आदिको वर्णन गरिएको ग्रन्थलाई ब्राह्मण भनिन्छ । वेदका ऋक्, यजु, साम र अथर्व चार संहिताहरू रहेका छन् । यी संहिताहरूको समूहलाई मन्त्र भनिन्छ । वेदको अन्तिम भागलाई उपनिषद् भनिन्छ ।

यस दर्शनको समय निश्चित गर्न सकिएको छैन तापनि उपनिषद् पछि 'ब्रह्मसूत्र' लेखिएको र उपनिषद् ई.पू.२०० भन्दा पछिको नभएको भन्ने मत पाइएकाले यसैको वरपर वादरायणको समय अनुमान गरिन्छ (मिश्र, १९७० : ई. ३४८-३५०) । वेदान्त दर्शन अन्य षड्दर्शन भन्दा पछि विकसित भएको हुनाले पनि यसको लोकप्रियता बढेको र यसको प्रचारप्रसार पनि बढी भएको पाइन्छ । वेदान्त दर्शनमा उपनिषद्, ब्रह्मसूत्र र श्रीमद्भगवद्गीतालाई प्रस्थानत्रयी भनिन्छ (शर्मा, २०६१ : १५५) । वेदान्त दर्शनलाई सनातन र विशिष्ट ग्रन्थ भनिएको छ । त्यस्तै ब्रह्मसूत्रका चार अध्यायहरू छन् । सबै अध्यायहरूमा मुख्य रूपमा ब्रह्माको स्वरूपको वर्णन गरिएको छ । ब्रह्मसूत्रका अनुसार जगत्को उत्पत्ति, स्थिति र प्रलयकर्ताका रूपमा ब्रह्मालाई मानिएको छ । सम्पूर्ण जगत्को सर्वशक्तिमान् कारक र कारण नै ब्रह्म हो । ब्रह्माका परा र अपरा दुई प्रकृति छन् । यी दुवै प्रकृतिका आ-आफ्ना शक्तिहरू हुन्छन् । परब्रह्म परमेश्वरले यी दुवै शक्तिका कारण जगत्को रचना, स्थिति र प्रलयको निर्णय गर्ने गर्दछन् अर्थात् सम्पूर्ण जगत्को सत् चित् आनन्दको स्वरूप नै ब्रह्म हो । परब्रह्म निर्विशेष, निर्गुण, निराकार, सबै गुणहरूले युक्त सगुण साकार हुन्छ । परब्रह्म परमात्माको निर्गुण र सगुण दुवै स्वरूप मन, बुद्धि र इन्द्रियसँग संलग्न हुन्छ । जीव र जीवात्मा ब्रह्मको अंश हो । जीवात्मा नित्य निरन्तर छ । शरीर जन्मन र मर्न सक्छ तर आत्मा कहिल्यै मर्दैन, नित्य छ भन्ने कुराको सैद्धान्तिक आधार वेदान्त दर्शनमा उल्लेख गरेको पाइन्छ ।

त्यस्तै वेदान्त दर्शनका विषयमा विभिन्न विद्वान्हरूले विभिन्न मतहरू उल्लेख गरेका छन् । आत्मा, परमात्मा, सृष्टि, परब्रह्म, मोक्ष जस्ता विषयमा विशेष अभिरूचिपूर्वक व्याख्या गरिएको यस दर्शनमा यो संसार ब्रह्ममय छ (सर्वब्रह्ममयं जगत्) तर व्यवहार भेद भ्रान्तिका कारण मिथ्याज्ञानले गर्दा अनेक रूपको ज्ञान भएको मात्र हो भन्ने धारणा पाइन्छ (आचार्य, १९९७ ई. : ६४२) । परब्रह्म परमात्मालाई यस ब्रह्माण्डको स्रष्टा, स्थाता र नियन्ता मानिन्छ । मिथ्या ज्ञानका कारणले सिर्जना भएको कल्पित जीवनजगत् पृथक् होइन, यो ब्रह्म नै हो । ब्रह्मज्ञान प्राप्त भइसकेपछि सम्पूर्ण भ्रामक ज्ञानको निवारण हुन्छ भन्ने वेदान्त दर्शनको सार रहेको छ । अज्ञान र मायाको कारणले चेतन र जड् तत्त्वमा, ब्रह्म र जीवतत्त्वमा भेद भएको मात्र हो । वास्तवमा यिनमा भेद छैन । दृश्यजगत्का वस्तुगत दृष्टान्तबाट अदृश्य सर्वशक्तिमान् परब्रह्मको अद्वितीयताका साथ प्रतिपादन गर्ने वेदान्त

दर्शन अत्यन्त जटिल, कठिन, वृहत्तम, दर्शन भएर पनि अतिशय प्रामाणिक र निर्दोष दर्शन बन्न पुगेको छ (अर्याल, २०६९ : २४) ।

वेदान्त दर्शनमा अनेक सम्प्रदायहरू छन् । त्यस्तै 'ब्रह्मसूत्रका' पनि विभिन्न भाष्यहरू विभिन्न विद्वान्हरूले लेखेका छन् । त्यसमध्ये शङ्कराचार्य र रामानुजाचार्यका भाष्यलाई महत्त्वपूर्ण मानिन्छ । वेदान्त दर्शनको विकास मुख्य तिन युगमा भएको मानिएको छ । प्राचीन युगमा वेद र उपनिषद्, मध्य युगमा 'ब्रह्मसूत्र' र अन्तिम युगमा सबै भाष्यहरू रचिएका थिए भन्ने मत पाइन्छ (चालिसे, २०६६ : ६६) । वेदान्त दर्शन भाष्यका आधारमा निम्नानुसार सम्प्रदाय तथा व्यक्तित्वहरू देखापरेका छन् ।

| | |
|---|---|
| १. अद्वैत वेदान्त | - शङ्कराचार्य |
| २. भेदाभेद वेदान्त | - भाष्यकार |
| ३. विशिष्टाद्वैत | - रामानुजाचार्य |
| ४. द्वैताद्वैत | - निम्वार्काचार्य |
| ५. वीरशैवविशिष्टाद्वैत | - श्रीपति आचार्य |
| ६. शुद्धद्वैतवाद | - बल्लभाचार्य |
| ७. अभिभागद्वैत | - विज्ञान भिक्षु |
| ८. अनित्यभेदाभेद | - वलदेव स्वामी |

वेदान्त दर्शनका विभिन्न सम्प्रदायहरूमध्ये शङ्कराचार्यको भाष्य र रामानुजाचार्य भाष्य सम्प्रदाय विशेष प्रभावशाली देखिन्छन् (शर्मा, २०६१ : १५८) ।

वेदान्त दर्शन अनेक सम्प्रदायमध्ये अद्वैत सम्प्रदायलाई बढी तार्किक र प्रमाणिक मानिन्छ (चालिसे, २०६६ : ६७) । आध्यात्मिक गहिराइ तथा धार्मिक शक्तिमा शङ्करको दर्शन अद्वितीय छ । स्वभावैले विचारका पछि विचारले स्थान लिँदै आएको छ तर अद्वैतवाद सबैको शिरोमणि हो (राधाकृष्णन्, १९६९ ई. : ४६९-४७९) भनेर वेदान्त दर्शनले एक प्रकारले अद्वैत वेदान्तलाई बुझाएको छ । कतिपय विद्वान्हरूले वेदान्त दर्शन भनेकै अद्वैत वेदान्त दर्शन हो भन्ने कुराको सङ्केत पनि गरेका छन् (चालिसे, २०६६ : ६७) ।

अतः वेदान्त दर्शनलाई सत्कार्यवादी दर्शन पनि भनिन्छ । यस दर्शनका अनुसार ईश्वर 'बीजशक्ति' को नाम माया भएको कारणले ईश्वरले जगत्को सृष्टि संहार आदि

गरेको हुन्छ । माया ईश्वरको लीला, शक्ति, उपाधि र तत्त्वगुण सम्पन्न हुन्छ । उपनिषद्का अनुसार ब्रह्मा, आत्मा, परमात्मालगायत सृष्टिका सम्पूर्ण कुराहरू नै ब्रह्म हो भनिएको छ । ईश्वर विश्वमय र विश्वरहित उपास्य देव हो । यस्तो अन्तर्यामी, सर्वव्यापी परमात्माको ( ईश्वरको) उपासना गर्नु मनुष्यको कर्तव्य भएको हुनाले उपासनाबाट ईश्वर प्रसन्न भई मुक्ति प्रदान गर्दछन् । जीव अपूर्ण, अल्पज्ञ र ससीम हुन्छ तर परमात्मा पूर्ण, सर्वज्ञ र असीम हुन्छ भन्ने सिद्धान्तको प्रतिपादन वेदान्त दर्शनले गरेको छ । अज्ञानको निवृत्ति मोक्षप्राप्ति हो । ज्ञान र कर्म दुवै मोक्षप्राप्तिका साधन भएका हुनाले आत्मज्ञानका लागि मनुष्यले उपयुक्त कर्म गर्नुपर्छ । ईश्वर अन्तर्यामी, सर्वव्यापी, अतीन्द्रिय र प्रकृतिको आत्मा भएको हुनाले उसमा सम्पूर्ण जीव र जगत्को सत्ता निहित छ तसर्थ ईश्वरप्राप्ति नै मोक्षप्राप्ति हो भन्ने कुरा वेदान्त दर्शनमा उल्लेख गरिएको पाइन्छ ।

षड्दर्शनमा उल्लिखित सैद्धान्तिक विचारहरूका आधारमा विश्लेषण गरी सारांशमा उल्लेख गर्दा सबै दर्शनहरूले धर्म, अर्थ, काम र मोक्षलाई पुरुषार्थ मानेका छन् । त्यस्तै सबै षड्दर्शनहरू आध्यात्मिक दर्शन हुन् । यी सबै दर्शनका स्रोत वेद नै हो । आध्यात्मिक सन्तुष्टिप्राप्तिका लागि सबै दर्शनहरू क्रियाशील रहेका छन् । भौतिक दुःख, कष्ट पार गरी आध्यात्मिक भावनाको प्राप्ति नै मोक्षप्राप्ति हो भन्ने कुरा यी दर्शनहरूमा उल्लिखित भएका छन् । त्यस्तै ब्रह्माण्डमा घट्ने सबै घटना सबै आफैं घटेका हुँदैन । ती घटना घट्नुको पछाडि केही न केही कारण अवश्य हुन्छ । प्रकृतिमा अवस्थित सूर्य, चन्द्रमालगायतका विभिन्न ग्रह-उपग्रह नक्षत्रहरूको पनि आफ्नै गति, नीति, नियम हुन्छ । त्यस्तै जीवात्मामा व्याप्त सुख-दुःख, पाप-पुण्य, धर्म-अधर्म दण्ड पुरस्कार आदि पनि निश्चित नियममा आधारित हुन्छन् । यी कुराहरू आध्यात्मिक दर्शनका नैतिक व्यवस्थाहरू हुन् । षड्दर्शनहरू कर्मवादमा आधारित छन् । मानिसले जस्तो कर्म गर्‍यो त्यस्तै फल प्राप्त गर्दछन् । सबै षड्दर्शनमा 'निष्काम कर्म' अर्थात् कर्म गर, फलको आशा नगर । तत्त्वज्ञान नै सर्वश्रेष्ठ ज्ञान हो भनिएको छ । तत्त्व ज्ञानबाट अज्ञानको विनाश भई मुक्ति प्राप्त हुन्छ । मोक्षप्राप्ति भनेको आत्मा परमात्मा र परम आनन्दप्राप्तिको स्थिति हो । आत्मज्ञान नै जीवनको मोक्षप्राप्तिको परम लक्ष्य हो भन्ने वैदिक दर्शनमा उल्लेख गरिएको पाइन्छ ।

## २.४ आध्यात्मिक दर्शनका आधारमा बदरीनाथ भट्टराईका कथा विश्लेषणका सैद्धान्तिक मान्यताहरू

आध्यात्मिक दर्शनको अनमोल रत्न वेद परमात्माको निश्चय स्वरूप हो । इष्टको प्राप्ति र अनिष्टको परिहार गर्ने अलौकिक उपाय यसले बताउँछ । यो अपौरुषय ग्रन्थ भएकाले यसमा भ्रम, प्रमाद आदि पुरुषगत दोषहरूको सम्भावना हुँदैन । धर्म र ब्रह्मलाई जान्ने एक मात्र उपाय वेद नै हो । जीवलाई अद्वितीय बह्म भावमा पुऱ्याइदिई अज्ञान एवम् त्यसको कार्यलाई नष्ट गर्ने काम उपनिषद्ले गर्दछ । उपनिषद् बह्मज्ञान हो । यसले अज्ञानलाई नष्ट गरिदिन्छ र मानवलाई ब्रह्ममा लीन गराइदिने कार्य गर्दछ । उपनिषद्मा ब्रह्म, जीव, अविद्या, मोक्ष आदि शास्त्रीय विषयहरूको अध्ययन गर्न पाइन्छ । यसभित्र कर्म, भक्ति र ज्ञानको राम्रो परिचय गराइएको छ । यसमा अध्यात्मवाद र मुक्तिको सोपानहरूको विवेचना पाइन्छ । पूर्वीय आध्यात्मिक षड्दर्शन (साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त)को विस्तृत परिचय गराइएको छ । पूर्वीय जगत्मा दर्शनको प्रारम्भ दुःखको आत्यन्तिक नाश र निरवधि सुखप्राप्तिको कामनाको भावनाबाट प्रेरित भएको हुँदा आत्यन्तिक सुखको लीप्सा दुःखको नै दर्शनप्रति प्रवृत्तिको मूल कारण देखिन आउँछ (उपाध्याय, १९६८ ई. : १२) । दर्शनको मूल वेदोनिपनिषद्मा पाइन्छ । ऋग्वेद विश्वमा सबैभन्दा पुरानो ग्रन्थ हो भन्ने कुरा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले स्वीकार गरेका छन् । उपनिषद्मा आत्मा वा अरे द्रष्टव्यः भन्ने उक्तिले दर्शनमा हुनुपर्ने विषय आत्मा हो र मनुष्यको कर्तव्य आत्मज्ञान प्राप्त गर्नु नै धर्म हो ।

जगत्को कारण के हो ? हामी कताबाट आयौं ? कसमा आश्रित भएर बाँचिरहेका छौं ? दृश्यमान् जगत्को यथार्थ स्वरूप के हो ? इत्यादि अध्यात्मपरक प्रश्नहरू (श्वेताश्वतर उपनिषद् १/१) । प्रत्येक पदार्थ मानवका लागि के कति उपयोगी छन् ? तीबाट मान्छे कसरी लाभान्वित हुन सक्छन् ? भन्ने जस्ता भौतिकपरक प्रश्नहरूलाई हेर्दा यी दुबै पक्षलाई बहिर्मुखी भौतिकवादी जिज्ञासाको सन्तुष्टि केवल दर्शनशास्त्रको माध्यमद्वारा मात्र सम्भव छ ।

सबै प्राणीहरू दुःखबाट निवृत्त हुन चाहन्छन् । दुःखको आत्यन्तिक निवृत्रिको लागि यस्तो साधन छ जसले प्रारब्ध अर्थात् वर्तमान कर्मको ज्ञान बताइदिन्छ (गीता, ४।३७) । अतः कर्मबन्धनलाई चुँडाल्न समर्थ भएको मुक्ति प्रयोजन परक दर्शनशास्त्रको लक्ष्यको विषय

आत्मानै हो; जसलाई प्राप्त गर्नको लागि दर्शनले मार्ग प्रदर्शन गर्दछ (मिश्र, १९७० ई. : ८ (आमुख)) ।

आध्यात्मिक दर्शनमा विकसित भएका षड्दर्शनहरू उपनिषद्, श्रीमद्भगवद्गीतामा ईश्वर, आत्मा, शरीर, धर्म मोक्ष कर्मयोग, सुख र दुःखहरू जीवात्मामा जीवन जिउने क्रममा आउने कुराहरू हुन् । यी सबै एक आपसमा सम्बन्धित रहेका छन् । साधनाद्वारा मनुष्यमा ज्ञान प्राप्त हुन्छ । ज्ञानद्वारा परमात्मासँग साक्षात्कार भएपछि बन्धनहरू खुल्छन् (मुण्डकोपनिषद्, २/२/८) । ईश्वरको साक्षात्कार हुन्छ भन्ने मान्यता आध्यात्मिक दर्शनको रहेको छ । दर्शनका आ-आफ्नै सिद्धान्तहरू रहेका छन् । कर्मवादी दर्शनले कर्मलाई महत्त्वपूर्ण मानेको छ भने मानवतावादी दर्शनले मानवलाई नै सर्वोपरि ठानेको छ । ईश्वर, आत्मा, धर्म मोक्ष, शरीर, मन, सुख, दुःख कर्मयोग आदि आध्यात्मिक दर्शनका चिन्तनका विषय हुन् । यिनीहरूलाई आध्यात्मिक दर्शनका आधारभूत तत्त्व पनि मानिन्छ । वास्तवमा पूर्वीय आध्यात्मिक दर्शनका यिनै तत्त्वहरूले जीवात्माको जीवनचक्र अडेको छ । अतः दर्शनभित्रका षड्दर्शनका मान्यताहरू अध्यात्ममुखी बढी भएका कारणले आध्यत्मवादी दर्शका मान्यताहरूलाई कथा विश्लेषण आधार बनाइएको हो । दर्शनभित्र पनि आध्यात्मिक दर्शनको बारेमा विशेष कुराहरू रहेको हुनाले अध्यात्मवादी दर्शन प्रभावशाली भएर आएको छ । दर्शन र अध्यात्म फरक कुरा हुन् अध्यात्म भनेको विश्वास, नैतिकता, नियम, सिद्धान्त अभ्यास हो भने दर्शन भनेको तार्किक आधारमा गरिने बौद्धिक खोज, दैवी शक्तिको खोजीको सिद्धान्त, आत्मा अनुशासन हो । त्यही आधारमा अध्यात्मको स्वरूप अभ्यासमूलक हुन्छ भने दर्शनको स्वरूप आधिभौतिक हुन्छ ।  जुन कुराहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### २.४.१ धर्म

धर्म भक्तिको मूल अर्थ हो । 'धृ' धातुबाट धर्म शब्दको निर्माण भएको हो । यसको तात्पर्य धारण गर्नु, अलम्बन अर्थात् पालन गर्नु हुन्छ । धर्म शब्दको निर्माण धार्मिक विधि (संस्कार) अनुसार भएको हो (अथर्ववेद, ९.९.१७) । धर्म शब्दको प्रयोग धार्मिक क्रियासंस्कार गरेर आर्जित गुणको अर्थमा प्रयोग गरिएको छ । त्यस्तै नेपाली शब्दसागरका अनुसार धर्म भनेको व्यक्ति वा वस्तुको मूल वृत्ति, प्रवृत्ति, प्रकृति, स्वभाव, नियत, नीति, स्वाभाविक गुण, सहज वृत्ति, श्रेय, सुकृत, नियमित र निर्धारित काम वा व्यवहार सुख र स्वर्ग प्राप्त हुने भन्ने लोक विश्वासको सुकर्म, पुण्यकर्म, लोकहितका लागि स्वीकार गरिने  कर्तव्य कर्म, सदाचार

सत्कर्म, ईश्वरप्राप्ति वा सद्गतिका लागिको शास्त्रनिहित कर्म, स्वधर्म, सामूहिक कर्तव्य, कुनै मान्यजन वा महापुरुष वा आचार्य वा ऋषि वा ग्रन्थनिर्दिष्ट परलोक सुख प्राप्त हुने उत्तम कार्य, गुण परिणाम, स्थिति, आवश्यकता अनुसार सर्वथा उचित ठहरिने काम, उचित अनुचितको विवेक गर्न सक्ने चित्तवृत्ति, चरित्र रक्षा, परोपकार, कुनै महात्मा वा महापुरुषद्वारा प्रतिपादित सिद्धान्तलाई नै धर्म भनिएको छ (शर्मा, २०५८ : ६९९) । ऐतरेय ब्राह्मणमा 'धर्म' शब्द धार्मिक कर्तव्यको अर्थमा प्रयोग भएको पाइएको छ । धर्मको उत्पत्ति मानिसभित्रको आध्यात्मिक चाहनाबाट भएको पाइन्छ । चिन्तनशील स्वभाव भएको मानिसबाट आध्यात्मिक मूल्यको खोजी गर्ने काम नै धर्म हो । नीति, आचरण, सेवा, सहयोग, दया, माया, स्नेह, करुणा आदि धर्मका आन्तरिक पक्ष हुन् । मानिसको आचरण र चरित्रबाट धर्मको रूप पहिचान गर्न सकिन्छ । प्राणी जातिको हितका निम्ति अग्रसर हुने प्रेरणा धर्मले प्रदान गर्दछ । हजारौं वर्षदेखि मानव मस्तिष्कमा धर्मले आफ्नो स्थान दृढतापूर्वक सुरक्षित बनाएको पाइन्छ । अनेक किसिमको भौतिक सुखबाट प्राप्त गर्न नसकेको सन्तुष्टि धर्मबाट प्राप्त गर्न सकिन्छ । मानवबाट गरिनु पर्ने असल कर्महरूमा देख्न सकिने धर्मको रूपलाई चिन्नको निम्ति आध्यात्मिक भावनाको विकास मानिसमा हुनुपर्छ । आध्यात्मिक मूल्यहरूको प्राप्ति धर्मको उद्देश्य हो भने त्यो उद्देश्य पूरा गर्न उचित ठानी गरिने प्रयत्नलाई धर्माचरण भनिन्छ ।

धर्माचरण शारीरिक र मानसिक दुवै प्रकारका क्रियाबाट सम्पन्न गरिन्छ । धर्म सधैं सत्य र विश्वासमा आधारित हुन्छ । धार्मिक मूल्य धर्म अनुसार फरक फरक रहेका छन् । सबै धर्मको वास्तविक सत्य एउटै हुन्छ । अधिकांश धर्मले ईश्वरको सर्वश्रेष्ठतालाई आध्यात्मिक मूल्य मानेको पाइन्छ । प्राय सबै हिन्दूहरूले मान्ने सनातन धर्ममा देवी देवताको पूजादेखि लिएर मानवले गर्ने सम्पूर्ण आध्यात्मिक चिन्तन रहेको पाइन्छ । धर्मको उद्देश्य मोक्षप्राप्ति रहेको छ भने मोक्षानुभूति धर्मको पूर्णता हो । धर्मका उद्देश्य संसारको अन्तिम रहस्यसँग सम्बन्धित रहेको छ । धर्मले जीवलाई अन्तिम सत्यमा पुग्न मद्दत गर्दछ । धर्मको विषयमा अध्ययन गर्दा मानवले अन्तिम सत्यलाई आत्मसात् गर्न सके त्यो सत्चित् आनन्दसँग मिलन र परमानन्दमा पुग्न सक्छ भन्ने सैद्धान्तिक आधार पाउन सकिन्छ । धर्मको उद्देश्य पूरा गर्न ईश्वरीय सत्ता स्वीकार्नु पर्ने अनिवार्यता नरहेको र जैन र बौद्ध जस्ता निरीश्वरवादीहरूले पनि धर्म मान्ने भएकोले ईश्वर मान्ने वा नमान्ने सबैले धर्म चाहिँ मानेको पुष्टि हुन आउँछ । आध्यात्मिक मूल्यहरूको उपलब्धिबाट जीवनको पूर्णता प्राप्त

गर्नलाई सबै धर्मले व्यावहारिक उद्देश्य मानेको पाइन्छ । धर्मका विभिन्न सम्प्रदायहरू छन् । धर्मका विभिन्न बाटाहरू रहेका छन् तर वास्तवमा सबैको लक्ष्य ईश्वरप्राप्ति नै हुन्छ । धर्म ज्ञानमाभन्दा विश्वासमा आधारित छ । जसमा ईश्वरप्रति विश्वास छ उसमा धर्म छ । जसमा ईश्वरप्रति विश्वास छैन उसमा धर्म पनि नरहेको पाइएको छ । कतिपय विद्वान्हरूले धर्म र दर्शनलाई एक अर्काका परिपूरक मानेको पाइन्छ । प्रसिद्ध विद्वान् मैक्समुलरले धर्मको सम्बन्ध जुन विषयसँग हुन्छ दर्शनको सम्बन्ध पनि त्यही विषयसँग हुन्छ भनेका छन् । आध्यात्मिक दृष्टिमा धर्म विना दर्शन निष्फल हुन्छ भने दर्शन विना धर्म असमर्थ हुन्छ भन्ने रहेको पाइन्छ ।

ईश्वरको स्तुति गर्नु, प्रार्थना गर्नु, जप, तप तथा समाधिलाई धर्म मान्न सकिन्छ भने यी धार्मिक अनुष्ठानमा अन्तर्निहित विश्वास तथा तात्त्विक सिद्धान्तलाई दर्शन मानिने हुँदा धर्ममा दर्शन गर्मीत रूपमा रहन्छ (मसीह, १९७३ : ४-५) ।

धर्मको चर्चा आध्यात्मिक षड्दर्शनहरू न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्त दर्शनहरूमा गरिएको पाइन्छ । ती दर्शनहरूमध्ये पनि मीमांसा र वेदान्त दर्शनहरूमा धर्म सम्बन्धी व्यापक चर्चा भएको पाइन्छ । विशुद्ध भावले भगवान् ईश्वरको आराधना गर्दा धर्म, अर्थ, काम र मोक्ष प्राप्त हुन्छ । धर्मबाट मानिसमा भक्ति प्राप्त हुन्छ ।

धर्म उन्नतिको सर्वश्रेष्ठ साधन हो । भक्ति भावले धर्मको आस्था प्रकट हुन्छ । सच्चा धर्मबाट व्यावहारिक ज्ञान प्राप्त हुन्छ । धर्म वासनाभन्दा पर हुन्छ । सच्चा धर्मबाट नै आत्मानुभूति हुन्छ । ईश्वरको भक्ति, ईश्वरको दर्शन, ईश्वरको सच्चा धर्म हो । आध्यात्मिक दर्शनमा धर्म वा आध्यात्मिक साधना वीतरांग सन्तहरू हुन्छन् । धर्म र दर्शन एकै साथ चल्ने साधनहरू हुन् । एकको अभावमा अर्को अपूरो रहन्छ । धर्मबाट आध्यात्मिक भावना पैदा हुन्छ भने आध्यात्मिक भावनाबाट धर्म प्राप्त हुन्छ । मोक्षप्राप्ति आध्यात्मिक धर्मको मुख्य लक्ष्य रहेको पाइन्छ ।

धर्म आध्यात्मिक शक्ति माथिको विश्वास हो । जसमा पवित्र र अपवित्रप्रतिको धारणा विकास गरिएको हुन्छ । धर्म एउटा सामाजिक संस्कार पनि हो । मानिस विभिन्न समाजमा जन्मिए पछि त्यस समाजले अवलम्बन गरेको र आफ्नै परिवार वा वंशजले धारण गरेको धार्मिक विश्वासलाई पछिल्ला पिंढीहरूले ग्रहण गर्दछन् । यसै अनुरूप समाजमा

सामाजिकीकरणको प्रक्रिया विकास भएको हुन्छ । खास धर्ममा आबद्ध मानिसहरूले आफ्नो धार्मिक दर्शन अनुसार के गर्नु हुन्छ र के गर्नु हुँदैन भन्ने सामाजिक व्यवहार निर्धारण गरेका हुन्छन् । यसैगरी धर्ममा स्वर्ग नर्कको भावना, प्राकृतिक पूजा, पितृपूजा, मूर्ति पूजाप्रति विश्वास रहन्छ । कुनै धर्ममा खानै नहुने कुरा र गर्नै नहुने भनिएका व्यवहार पनि अर्को धर्मका लागि छुट हुन्छन् । यस अर्थमा धर्मको सर्वमान्य परिभाषा प्राप्त गर्न कठिन हुन्छ । यो धर्म विशेष र समाज विशेषमा फरक-फरक हुने गर्दछ । धार्मिक संस्था समाजमा धार्मिक क्रियाकलाप, व्यवहार, सम्बन्ध र विश्वासको एउटा कार्यप्रणालीको तरिका हो; जसलाई प्राचीन समाजदेखि वर्तमान समाजसम्म पाउन सकिन्छ । वास्तवमा धार्मिक संस्था प्राचीन भइकन पनि सर्वव्यापक छ । प्रत्येक कालखण्डको समाजमा रहेका मानिसहरूले धर्मलाई जीवनको एउटा महत्त्वपूर्ण अङ्ग मान्दै आएका छन् । धार्मिक, व्यवहार, विश्वास र क्रियाकलापहरू भने विभिन्न धार्मिक समूह तथा उपसमूहमा फरक फरक हुन्छन् । यसको तात्पर्य के हो भने धर्मका विभिन्न रूपहरू हुन्छन् । विभिन्न मान्यताहरू हुन्छन् । वास्तवमा प्रत्येक धर्मले ईश्वरीय शक्तिमाथि आध्यात्मिक विश्वास राखेका हुन्छन् । अलौकिक शक्तिमाथिको विश्वास र सामाजिक सद्भाव, सहिष्णुता, आपसी विश्वास, नैतिक चरित्र र परोपकार जस्ता विषयवस्तु प्रायःसबै धर्मका मार्गनिर्देशक सिद्धान्त भए पनि विश्वमा विभिन्न समयमा धार्मिक कलह, विग्रह, द्वन्द्व तथा धर्मका नाममा हुने गरेका शोषण पनि देखिन्छन् ।

### २.४.२ मन

प्राणीहरूको अनुभव, इच्छा, बोध, विचार, सङ्कल्प-विकल्प आदिलाई नियन्त्रित तथा परिचालित गर्ने अन्तः करणको अंश वा वृत्ति, नाक, कान, आँखा आदिबाट थाहा पाइने कुराबाट आफूलाई प्रभावित पार्ने आन्तरिक इन्द्रिय अन्तः करण, चित्त, दिल, हृदय वा इच्छा, कामना, अभिलाषा, रूचि आदिलाई मन भनिन्छ । अर्थात् स्वभाव, प्रकृति वा आशय, इरादा, विचार आदिलाई मन भनिन्छ (बन्धु र अन्य, २०६९ : ९८६) । मन सङ्कल्प र विकल्प हो । मानवीय जीवनमा सफलता पाउन सङ्कल्प शक्ति हुनु पर्दछ । यस्तो शक्ति न्याय, धर्म, सत्यमा आधारित हुनु पर्दछ । दोषको उत्पत्ति मनको अस्थिरताबाट हुन्छ भने चित्तको सबलताबाट गुण पैदा हुन्छ । भगवद्गीताका अनुसार आत्मा अजर, अजन्मा, शाश्वत, सनातन र अनन्त छ भने शरीर निरन्तर परिवर्तनशील र नाशवान् छ । यस्तो शरीर र

आत्माको मध्यमा मन छ, जसको प्रकृति थाहा पाउनु साधकका निमित्त अत्यन्त आवश्यक रहेको हुन्छ (पोखरेल, २०६८ भूमिका) ।

मानवीय मनको गति नै जान्नु पर्ने विषय हो । गीताको मुख्य प्रयास नै व्यक्तिको मानसिक स्थितिमा सुधार एवम् नियन्त्रण गर्नु हो । व्यक्तिको मन स्वच्छ भए जीवन शान्त एवम् सुखमय हुन्छ । मानिसका सबै क्रियाकर्म मनबाट निर्देशित हुन्छन् । मनको साधना नै सर्वोपरि सुखपूर्वक जीउने एक मात्र उपाय हो । मनले सबै पक्षलाई निर्देशित एवम् नियन्त्रण गरेको हुनाले मनको साधनाले सबै पक्षलाई समेटेको हुन्छ । मन, बुद्धि र इन्द्रियहरूले प्राणलाई वशमा राख्ने हुनाले मनको महत्त्व जीवात्मामा अत्यधिक रहेको छ । मन अथवा प्राणवायु देवताको अध्यात्म रूप हो । मानवले आफ्ना दैनिक व्यवहारहरू गर्दै वास्तविक सत्य बुझ्न मन लगाँउछ भने आत्माले सुख शान्तिको अनुभव गर्न सक्छ । मनलाई इन्द्रियको राजा (मालिक) भनिन्छ । मन सबै इन्द्रियसँग मिल्छ । मन आत्मज्ञान पाएर मात्र शान्त हुन्छ । आत्मज्ञानका लागि बुद्धि र मनको भूमिका सर्वोपरि रहन्छ । जीवात्माको आत्मा, मन, बुद्धि, चित्त र अहङ्कार मिश्रित रहेको हुन्छ । चित्त वासनाको लहर हो । मनले सङ्कल्प, विकल्प, चित्तले चिताउने, बुद्धिले निश्चय गर्ने र अहङ्कारले कर्ता बोध गर्छ । सबै भन्दा बढी चञ्चल मन हुन्छ । आत्मालाई मनले फसाइ दिन्छ । मन चित्तमा र बुद्धि अहङ्कारमा मिल्दछ र आत्माको स्वरूपलाई बिर्सिदिन्छन् ।

चञ्चलं छि मनः कृष्ण प्रमार्थ बलवद्दृढय (गीता ६.३३) मन चञ्चल छ । यसको वेगलाई रोक्न कठिन अध्यात्म साधनाको आवश्यकता पर्दछ । मनले चिताउँदैमा सबै क्रियाकर्महरू पूरा हुन सक्दैन तापनि सकारात्मक र आध्यात्मिक ज्ञान प्राप्त गर्न मानिसले मनलाई निर्मल बनाउनु पर्दछ । विलक्षण क्रियाहरूको कर्ता भोक्ता मन नै हो । यसलाई विवेकले शुद्ध गरायो भने मनुष्यको परमकल्याण हुनेछ । एउटा वस्तु छोडेर अर्को वस्तु नसमात्दै बिचमा मनले रहित हुनु नै स्वरूप स्थिति हो । अतः पूर्वीय दर्शनमा मनको व्याख्या आध्यात्मिक साधनका साथ गरिएको छ । वास्तवमा मन इन्द्रिय हो । अन्य ज्ञानेन्द्रिय भन्दा मन बढी सक्रिय रहेने हुनाले मनले मानवीय सुख दुःखमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । मनलाई तत्त्व चिन्तनद्वारा एकाग्र गर्नुपर्ने सन्देश आध्यात्मिक दर्शनले गरेको छ ।

### २.४.३ कर्म

चित्त शुद्धि गर्ने शास्त्रविहित कर्म, सफलता र विफलताको वास्ता नराखी समान भावले गरिने शुभकार्य, कुल परम्परा र शास्त्रीय विधिविधान अनुसार कर्तव्य सम्झी गरिने आचरणलाई कर्मयोग भनिन्छ (बन्धु र अन्य, २०६९ : १९६) । कर्मयोगमा विश्वास राख्ने परिणाम निरपेक्ष भएर कर्तव्यमा सरिक हुने अर्थात् निष्ठापूर्ण काममा लाग्ने व्यक्तिलाई कर्मयोगी भनिन्छ । कर्मवाद सम्बन्धी दर्शन शास्त्रकाअनुसार शुभ वा अशुभ कर्मको फल कर्मयोगीहरूले भोग्नु पर्दछ भन्ने रहेको छ । कर्ममा विश्वास गरेर साहसिलो उल्लेखनीय वीर कहलाइने किसिमको काम गर्ने व्यक्तिलाई कर्मवीर भनिन्छ । कर्मयोगी व्यक्ति कुनै विध्नवाधाको पर्वाह नगरी कर्तव्य पालनामा अटल रहन्छ । उसको भावना निःस्वार्थ परोपकारले युक्त रहेको हुन्छ भने कर्महीन व्यक्ति लोकव्यवहार र परम्परा अनुसार गर्नुपर्ने नित्य नैमित्तिक कर्मबाट च्युत भएको, काम नगर्ने, अकर्मण्य, भाग्य नभएको, अभागी, कर्तव्य तथा कर्मबाट पछि हट्ने बानी भएको हुन्छ (बन्धु र अन्य, २०६९ : १९६) भनेर गृहस्थ जीवनको पूर्णता कर्मयोगसँग जोडिएको छ ।

श्रीमद्भगवद्गीतामा कर्मयोग सम्बन्धी विषयमा भनिएको छ- यस भौतिक संसारमा मानिसले कुनै न कुनै कर्ममा संलग्न हुनै पर्दछ तर तिनै कर्मले मानिसलाई संसारबाट मुक्त पनि बनाउँछ र बन्धनमा पनि पार्दछन् । परमेश्वरकै प्रसन्नताका लागि निष्काम भाव राखेर कर्म गर्नाले मानिस कर्मका नियमबाट मुक्त हुनसक्छ र आत्मा र परमात्मा सम्बन्धी दिव्य ज्ञान प्राप्त गर्न सक्दछ । त्यस्तै फलको चाहना नराखी कर्म गर्ने सन्देश गरेको श्रीमद्भगवद्गीतामा आत्मा, ईश्वर तथा यी दुईको सम्बन्धले मनुष्यलाई मुक्ति प्रदान गर्दछ । कर्मयोग सँगसँगै भक्ति योगबाट ज्ञान प्राप्त हुन्छ । बुद्धिमान् मानिस दिव्य ज्ञानरूपी अग्निले शुद्ध भएर बाह्यरूपमा सबै काम गरेजस्तो देखिए पनि आन्तरिक रूपमा ती कर्मका फलहरूको परित्याग गर्दै शान्ति, अनाशक्ति, सहिष्णुता, आध्यात्मिक दृष्टि र आनन्द प्राप्त गर्दछ भनिएको छ ।

मानिसले निरन्तर आफ्नो कर्म गर्दै जानुपर्दछ । आशक्ति नराखीकन कर्म गर्ने मानिसले परम पुरुष-भगवान्को साक्षात्कार गर्न सक्दछ । जनक आदि राजाहरूले केवल निर्धारित कर्म गर्नाले मात्रै पनि सिद्धि प्राप्त गरे । त्यसैले साधारण मानिसलाई शिक्षा दिने उद्देश्यले पनि तिमीले कर्म गर्नै पर्दछ (श्रीमद्भगवद्गीता, ३।२०) । ठूला मानिसले जे-जस्तो

काम गर्दछन्; सामान्य मानिसले त्यसैको अनुसरण गर्दछन् । ठूला मानिसले अनुकरणीय कार्य गरेर जस्तो आदर्श स्थापित गर्दछन्, सारा संसारले तिनै कुराको अनुसरण गर्दछन् । त्यसैले जान्ने बुझ्ने मानिसले निःस्वार्थ भावना लिएर कर्मपथमा अगाडि बढ्नु पर्दछ । ज्ञानी व्यक्तिले कर्मको शुभाशुभ फललाई बुझेर अशुभ फल दिने कर्मको त्याग र शुभ फलमध्ये पनि व्यक्तिगत लाभको स्वार्थलाई त्यागेर निष्काम कर्म गर्न सक्दछ । यो कार्य कर्मयोगको ज्ञानबाट मात्र सम्भव छैन, त्यसको निमित्त ज्ञान प्राप्तिको निष्ठा अभिरूचि र ज्ञानार्जन आवश्यक छ । प्राणीको जन्म र मृत्यु उसको इच्छाले भएको होइन । सृष्टिको क्रममा स्वतः नै भएको हो । मानिसको कर्म पनि उसको इच्छामा नभई प्रारब्ध कर्मको अधीनमा रहेकाले कर्मप्रति मानिसको प्रवृत्ति पनि अनिवार्य नै हुन्छ तर कर्ममा अधिकार राख्ने मानिसले फलमा पनि अधिकार राख्छ भन्ने छैन, किनभने प्रारब्ध कर्ममात्र होइन सञ्चीयमान कर्म पनि मानिसले भोग्नै पर्दछ भन्ने आध्यात्मिक मान्यता रहेको छ ।

ज्ञानी व्यक्तिले सकाम कर्ममा आशक्त भएका अज्ञानीहरूको बुद्धिलाई विचलित पारिदिनु हुन्न र तिनलाई कर्म गर्नबाट रोकिदिनुहुन्न बरु भक्ति भावले काम गर्दै तिनीहरूलाई सबै प्रकारका क्रियाकलापमा संलग्न गराउनु पर्दछ । ज्ञानी सत्पुरुषहरू कुनै किसिमको इच्छा, चाहना नभए पनि कर्मयोगमा जुटिरहन्छन् भने अहंकारका प्रभावले अभिभूत भएको जीवात्माले त्रिगुणात्मिका प्रकृतिद्वारा सम्पन्न गरिएका कर्मलाई पनि अर्कै ठानेर आफूलाई नै कर्ता मान्दछ र घमण्ड गर्दछ । अतः भक्तिमय कर्म र सकाम कर्मको अन्तर जानेर परमसत्यलाई बुझेको व्यक्तिले कहिल्यै पनि आफूलाई इन्द्रिय र इन्द्रिय तृप्तिको कार्यमा लगाउँदैन भन्ने आध्यात्मिक मान्यता रहेको छ ।

## २.४.४ मानव धर्म

मानवको उत्पत्ति जगत्को सृष्टि पछि नै भएको हुनाले यस सम्बन्धमा एउटै तर्क निर्णय हुन सम्भव छैन । त्यो घटना मानवको प्रत्यक्षको विषय पनि होइन । केवल बौद्धिक संहिता र उपनिषद्का वाक्यहरूमा भर पर्नु पनि पूर्वीय दर्शनको एकमात्र उपाय हो । धर्मको उत्पत्ति मानवको उत्पत्तिसँगसगै भयो । मानवले गर्ने कर्मयोग र धर्म नै वास्तवमा मानव धर्म हो । मानव धर्म नै यस्तो जीवन्त तत्त्व हो जसले मनुष्यत्व र पशुत्वको पहिचान गराउँछ । धर्मको कारण नै कल्याण हुने भएको हुनाले श्रीमद्भगवद्गीतामा स्वधर्मका रूपमा व्याख्या गरिएको धर्मलाई नै मानव धर्म भनिएको छ । गीताका भाष्यकारहरूले स्वधर्मलाई

मानव धर्म मानेका छन् (सिन्हा, १९८३ ई. : ६२/६३) । त्यसैले मनुस्मृतिमा संसारमा धर्मलाई मानिसको भित्री तत्त्व मानेर मानवीय शारीरिक मृत्युसँग सबै कुरा नष्ट हुन्छ तर धर्म आत्मासँग जान्छ । धर्मले मानवलाई मोक्ष प्राप्त गराउँछ भनिएको छ ।

प्राचीन वैदिक समाजको आफ्नो सामाजिक संरचनासँगै ब्राह्मणहरूको प्राचीन ज्ञान र शिक्षा हासिल गर्ने उच्च आदर्शपूर्ण स्थान, अतिविशिष्ट आरक्षित समूहहरू थिए । वैदिक विचारधाराका शिक्षकहरूले आ-आफ्नो विचार अनुसार आफ्ना अनुयायी शिष्यहरूलाई शिक्षित गर्नका लागि संस्कृतमा निर्देशिका बनाएका थिए जसलाई सूत्र भनिन्छ । जहाँ स्मृतिहरू पनि रहेका थिए । स्मृतिहरू दुई भागमा विभाजित छन्: धर्मसूत्र र धर्मशास्त्र । धर्मसूत्रहरूमा धार्मिक रीतिरिवाज, नियम, कानुनहरू रहेका हुन्छन्, जसले गर्दा मानवको कल्याण हुन्छ । मानवको शारीरिक र मानसिक विकास नै मानव धर्म हो । धर्मशास्त्रहरूमा सबैभन्दा पुरानो र विख्यात मानव धर्मशास्त्र हो । धर्म शास्त्रलाई स्मृति भनिन्छ । धर्म शास्त्रकारहरूमा मनु, याज्ञवलक्य, नारद, बृहस्पति र कात्यायन प्रसिद्ध रहेका छन् । यिनीहरूले मानवधर्मलाई समाजमा स्थापित गरी मानव धर्मको विकासमा महत्त्वपूर्ण योगदान गरेका छन् । वेदहरूको सारलाई सन्निविष्ट गरेका हुनाले स्मृतिकारहरूमा मनुस्मृतिको स्थान सर्वोपरि रहेको छ । मनुस्मृतिलाई मानव धर्म शास्त्रको रूपमा लिइन्छ । मानव धर्मशास्त्र अथवा मनुस्मृति पौराणिक समयको मूलभूत रचना भएको हुनाले सबै धर्म गुरुहरूले त्यसलाई आत्मसात् गरी अरुलाई पनि ज्ञान बोध गराएका छन् । धर्मशास्त्र वा काल्पनिक नियम प्राचीनकालीन नियम हो र यस बेला मानिसहरू समाजमा घट्ने वा घटेका कुनैपनि कारणहरूलाई दैवी कारण मान्दथे । कुनै पनि घटना वा कारणमा पनि ईश्वर खुशी हुने वा रिसाउने कारण हुन्छ भनी विश्वास गर्दथे । त्यस बेलाको समाज शास्त्रको स्वरूप र संरचना पूर्ण रूपमा आध्यात्मिक विश्वासमा आधारित थियो । जस्तै ब्रह्माण्डको सृष्टि, उत्पत्ति वा मानवीय क्रियाकलाप र सामाजिक प्रकोपलगायत अनिकाल, सङ्कट, भूकम्प सबै ईश्वरका अनुकम्पामा भर पर्दछन् भन्ने विश्वास थियो । दुःखको कुनै पनि कारणहरूको निराकरण ईश्वरको पूजाबाट, आराधानाबाट मात्र सम्भव छ भन्ने विश्वास समाज संरचनाको प्रथम चरण अर्थात् प्राचीन चरण थियो । दुःखको कुनै पनि कारणहरूको निराकरण ईश्वरको पूजाबाट आरधानाबाट मात्र सम्भव छ । यहाँदेखि मानव जातिको उत्थान हुँदै उनीहरूको पनि विभिन्न तर्कशक्तिको विकास मध्ये वास्तवमा समाज विकास नै मानव धर्मको उपज हो ।

### २.४.५ शरीर

जीवात्माको शरीर भौतिक प्रकृतिको उपहार हो । जो व्यक्ति शारीरिक चेतनामा नै अति आशक्त हुन्छ, त्यसलाई मन्द भनिन्छ । अर्थात् त्यस्तो व्यक्तिलाई आत्मज्ञान नभएको अल्छी भन्न सकिन्छ । अज्ञानी मानिसहरू शरीरलाई आत्मा सम्झन पुग्दछन् । यस्ता व्यक्तिहरू शारीरिक सम्बन्धलाई नै बन्धुत्व ठान्दछन् । जुन धर्तीमा उनीहरूले शरीर पाए त्यस धर्तीलाई पूजनीय विषय मान्दछन् । नेपाली शब्द सागरका अनुसार शरीर भन्नाले जीवको सम्पूर्ण अङ्गको एकाइ देह, तन, जीउ, पार्थिव आकार प्रकार सम्पूर्ण अङ्ग, सर्वाङ्ग (शर्मा, २०५८ : १२३९) हो । मानिसको जीवनका क्रियाकलाप अनुसार उसले जन्म ग्रहण गर्नु पर्दछ र एउटा जीवनको कर्म अवधि पूरा गरेपछि उसको भौतिक शरीर मर्छ र उसले फेरि अर्को जन्म लिनु पर्दछ । यसैगरी मानिसको भौतिक शरीर जन्म मृत्युको चक्करमा घुमिरहन्छ भन्ने आध्यात्मिक दर्शनको मान्यता रहेको छ । श्रीमद्भगवद्गीताकाअनुसार वैदिक ज्ञानको निष्कर्षलाई मान्य हो भने पनि भौतिक शरीर समयका क्रममा 'अन्तवन्त इमे देहः' अर्थात् शरीर नाश हुने खालको छ र आत्मा नित्य वा शाश्वत् छ । जीवात्माको शरीर आत्माको परिधान वा लुगा कपडा जस्तै हो । त्यसैले मानिसको शरीरको मृत्युमा शोक गर्नु व्यर्थ छ । शाश्वत आत्माका तुलनामा भौतिक शरीरको अस्तित्व क्षणिक छ ।

शरीरको अस्तित्व सपना जस्तै हो । वैदिक ज्ञानले भौतिक शरीरको अस्तित्व विहीनताका आधारमा मानिसलाई आत्मसाक्षात्कार गर्न उत्साहित गरेको छ । तसर्थ हामीले आत्माको अस्तित्वलाई मानौ या नमानौ दुबै स्थितिमा शरीरको विनाश भयो भनेर शोक गर्नुपर्ने कुनै कारण छैन । आत्मा अविनाशी छ र शरीर नाशवान् छ भन्ने सिद्धान्तका प्रतिपादक भगवान् श्रीकृष्ण अर्जुनलाई आत्मा भौतिक शरीर भन्दा भिन्न वस्तु हो । शरीरको नाश भए पनि आत्मा सधैँ रहिरहन्छ भनेर सम्झाउनु हुन्छ । भगवान् ईश्वरको दिव्य प्रेम भक्तिमा लाग्ने व्यक्ति स्वकर्ममा सम्पूर्ण प्रतिक्रियाबाट सुरक्षित रहन्छन् । उसलाई आफ्नै शरीरको स्वामीत्वको बोध पनि रहदैन । सँधै आत्मसाक्षत्कारमा नै लागिरहेको हुन्छ । उसले कुनै भौतिक पदार्थमा यी मिथ्या अधिकार जगाउने समय नै पाउँदैन । आफ्नो शरीर र आत्माको रक्षाको लागि उसलाई कुनै उपायको आवश्यकता पनि रहँदैन । ऊ त्यस किसिमको भौतिक पापद्वारा पनि दूषित हुदैन् । यसरी आफ्ना सम्पूर्ण कर्मका प्रतिक्रियाबाट मुक्त हुन्छ । शरीरलाई यथास्थानमा राखेर मन र इन्द्रियलाई वशमा राखी आत्मसाक्षात्कार

गर्न चाहनेहरूले सबै इन्द्रियहरू र प्राणवायुका कार्यहरूलाई पनि संयमित मनरूपी अग्निमा आहुति दिन्छन् (श्रीमद्भगवद्गीता, ३/२७/१) । जीवका शरीरमा दश प्रकारका वायुहरू क्रियाशील रहन्छन् । तिनीहरूलाई श्वासप्रश्वास प्रक्रिया वा प्राणायामद्वारा जान्न सकिन्छ । पतञ्जलिको योगविधिले शरीरमा विद्यमान वायुहरूको क्रियाशीलतालाई प्राविधिक उपायले कसरी नियन्त्रण गर्ने भन्ने सिकाउँछ ।

सृष्टिको क्रमलाई चालु राख्न भगवान् विष्णुले पनि विभिन्न अवतारहरू लिनुभएको छ । शरीर धारणको प्रक्रिया सृष्टिको आदिकालदेखि नै हुँदै आएको पाइन्छ । देवताको शरीरलाई ईश्वरको सगुण रूप मानिन्छ र शरीर धारण ईश्वरका निम्ति ऐच्छिक तत्त्व हो भने मानिस र अन्य प्राणीका निम्ति शरीर आफ्नो अधीनको विषय नभएकाले जीवात्माको शरीरको जन्म उसको लागि महत्त्वपूर्ण रहेको हुन्छ । शरीरमा रहने विभिन्न इन्द्रियहरूले शरीरको माध्यमबाट नै विभिन्न सुख-दुःख आदिको अनुभूति गर्ने हुनाले शरीरको अपरिहार्यता र यसप्रतिको मोह पनि बढी भएको पाइन्छ ।

अन्तमा यो शरीरधारी आत्मा निरन्तर बाल्यावस्थाबाट युवावस्थातिर र युवावस्थाबाट वृद्धावस्थातिर सरिरहेको छ । त्यसै गरी यो आत्मा एउटा शरीरको मृत्युपछि अर्को शरीरमा सर्छ । यो परिवर्तन प्रकृतिको नियम हो । यस्तो परिवर्तनलाई देखेर धीर व्यक्तिहरू आत्तिदैनन् मोहित हुँदैनन् (श्रीमद्भगवद्गीता, २/१३११) भन्ने सार आध्यात्मिक दर्शनको रहेको छ ।

## २.४.६ आत्मा

मन वा अन्तः करणमा व्यापारको ज्ञान गराउने सत्ता जीवात्मा (पराजुली, २०५८, १००) लाई आत्मा भनिन्छ । आत्माको अर्थ मन, चित्त, हृदय हुन्छ ? अर्को अर्थमा, आत्मा शरीरमा रहेमा शरीर जीवित रहन्छ, क्रियाशील रहन्छ भने शरीरमा आत्मा नरहेमा निष्क्रिय र मुर्दा बनाउने अविनाशी तत्त्व, अतीन्द्रिय र अभौतिक शक्ति मानिन्छ । अतः आत्मा भनेको कुनै वस्तुको गूढ वा सार तत्त्व हो । आत्मन् आफू भन्ने अर्थको बोध गराउने आत्मा अमूर्त भाववाचक नाम हो । आत्मा जगत्का सबै पदार्थमा व्याप्त रहन्छ (आप्नोति) । सबै पदार्थ आफूमा ग्रहण गर्छ (आदत्ते) र सबै पदार्थको अनुभव गर्छ (अत्ति) । तसर्थ यसको सत्ता सधैँ रहिरहने हुनाले आत्मा भनिएको हो (शर्मा, १९९८ ई. : ७) । पञ्च महाभूतको संमिश्रणबाट

ब्रह्माको उत्पत्ति हुनजान्छ । पूर्वीय आध्यात्मिक मान्यताअनुसार ब्रह्मामा ८४ लाख उत्पादनशील योनीहरू रहेका छन् । यिनै ब्रह्मयोनीबाट प्राणी तथा वनस्पतिको ब्रह्मशक्ति ( आत्मा) का साथ उत्पत्ति हुन्छ, जुन ब्रह्मशक्तिले जीवहरूलाई जीवात्मा दिन्छ । यही जीवात्मा दिने ब्रह्मशक्ति नै आत्मा हो । पञ्च महाभूत-पृथ्वी, जल, वायु, तेज, आकाशको योगबाट बनेको तत्त्व ब्रह्मा हो भने त्यो ब्रह्मशक्ति नै आत्मा हो । ब्रह्माबाट उत्पादित आत्मा सबै जीवात्माहरूमा पाइन्छ । ब्रह्माका सबै गुण तथा अङ्गले जीवात्माका रही आफ्नो-आफ्नो कार्य सञ्चालन गर्दछन् । मानवका वाह्य दश इन्द्रियहरूका साथै वचन, बुद्धि, विवेक र कर्मले मानिस सक्रिय भई आत्मसाधनाद्वारा आत्मज्ञान प्राप्त गर्दछन् । पूर्वीय तथा पाश्चात्य दर्शनहरूमा विशेष चिन्तनको रूपमा उल्लिखित आत्माको विषयमा वैदिक साहित्यमा प्रशस्त चर्चा पाइन्छ । विश्वको सर्वश्रेष्ठ ग्रन्थ वेदमा मानिसको निम्ति परम ध्येयको रूपमा रहेको ज्ञान र सुखको प्राप्ति जीवात्मा र परमात्माको एकात्मकताबाट सम्भव छ । जीवात्मा र परमात्माको एकता नै परम लक्ष्य पाउने एक मात्र साधन आत्मा हो भन्ने आत्मा सम्बन्धी धारणा पाइन्छ (सिन्हा, १९८३ ई. : ३७) । जीवसँग जोडिएको जीवात्मा र परमतत्त्वसँग जोडिएको परमात्मा भनेर आत्माका दुई रूपको चर्चा पूर्वीय आध्यात्मिक दर्शनमा उल्लेख गरिएको छ । उपनिषद्ग्रन्थहरूमा आत्मालाई चरम एवम् परमतत्त्व मानिएको छ । आत्मा र ब्रह्म पर्यायवाची शब्द हुन् । तत्त्वमसि (त्यो तिमी नै हौ) अहं ब्रह्मास्मि (म ब्रह्म हुँ) को बोध द्योतक तत्त्व आत्मा हो । स्वत सिद्ध र स्वप्रकाशमय चेतनाको आधार नै आत्मा हो । प्रत्येक व्यक्तिलाई आफ्नो आत्माको साक्षात् अनुभव हुन्छ । म हुँ भन्ने ज्ञान नै आत्मबोध हो । जीवात्मा र परमात्मामध्ये शुद्ध चैतन्य नै ब्रह्म वा आत्मा हो भन्ने रहेको छ (शर्मा, १९९८ ई. : ७) प्रजापति र इन्द्रको संवादमा प्रजापतिले आत्माको स्वरूपको चर्चा गरेर त्यो शरीर भन्दा भिन्न जाग्रत, सुषुप्ति, स्वप्न र शुद्ध चैतन्यभन्दा पर जुन तत्त्व छ त्यही आत्मा हो (सिन्हा, १९८३ ई. : ४७) भनेर आत्मालाई अत्यन्त महत्त्वपूर्ण तत्त्वका रूपमा परिचय गराएका थिए भन्ने पाइन्छ । पूर्वीय आध्यात्मिक दर्शनको मुख्य तत्त्व आत्मा को चर्चा विभिन्न दर्शनहरूमा विभिन्न आध्यात्मिक ग्रन्थहरूमा भएको पाइन्छ ।

पञ्चमहाभूतको रासायनिक क्रियाले बनेको ब्रह्म र ब्रह्मशक्तिले प्राणीहरूलाई सजीवता दिइएको छ । यो सजीवता नै आत्मा हो र यो आत्माले जीवात्माका सम्पूर्ण अङ्गहरूलाई सक्रिय बनाइरहेको छ । जब यी अङ्गहरू सक्रिय, क्रियाशील हुन छोडछन्

तब आत्माले त्यो ठाँउ छोड्छ र अर्को ठाँउमा अवतरण गर्छ । त्यसकारण एकको मृत्यु र अर्कोको जन्म हुन पुग्छ । यसरी नै सृष्टिको क्रम चलिरहन्छ ।

आध्यात्मिक दर्शनमा आत्मतत्त्वलाई प्रमुख मानी कसैले आत्मा, कसैले ईश्वर, कसैले पुरुष, कसैले ब्रह्म, कसैले निर्वाण, कसैले जीव वा कसैले शरीरको रूपमा आत्माको अस्तित्वलाई स्वीकार गरेको पाइन्छ ।

## २.४.७ मोक्ष

साधारण अर्थमा मोक्ष शब्दको अर्थ छुट्कारा पाउनु हो । जीवले जन्म र मरणको दुःखबाट छुटकारा पाउने दार्शनिक अर्थमा मोक्ष शब्दको प्रयोग भएको छ । यस शब्दले सर्वत्र आत्यन्तिक दुःखको नाश र कतै आत्यन्तिक सुखको प्राप्ति दुबैलाई सम्मिलित रूपमा बुझाउन सक्दछ । मोक्षलाई मुक्ति, निर्वाण, कैवल्य, श्रेय, निःश्रेयस्, अमृत, अपवर्ग र अनमपद आदि पर्यावाची नामले पनि परिचित गराइएको छ । यस शब्दका शाश्वत शान्ति र परमगति भन्ने नामान्तर पनि छन् । मोक्ष निर्माण मुच्, धातुमा यत् प्रत्यय लागेर अर्थात् मुच+यत् = मोक्ष भएको छ । साधकहरू आत्मसाक्षात्कार अर्थात् जीव र ब्रह्मको एक रूपात्मक अनुभव पछि मोक्ष प्राप्त गर्दछ भन्ने कुरा पूर्वाध्ययनमा सङ्केत गरिएको छ ।

पूर्वीय दर्शनले धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थहरू प्राप्त गर्नुलाई स्वयम्को कर्तव्य सम्झाएको छ । यस दर्शनका अनुसार मोक्ष सर्वोत्तम पुरुषार्थ छ । जुन पुरुषार्थ सामान्यतः धर्म, अर्थ र काम सम्बन्धी पुरुषार्थहरूको प्राप्तिपछि अपेक्षा गरिन्छ । मनुष्य शरीर पाएर मोक्षको लागि प्रयत्न गरेन भने वस्तुतः त्यो कृतार्थ भएको ठानिंदैन र उसको जीवनको अर्थ रहंदैन ।

मोक्षका सम्बन्धमा पाश्चात्य दर्शनले बोलेको छैन । यी दर्शनहरूले जीवात्मालाई स्वर्ग र नरकमा निवास गर्ने विषयको मात्र चर्चा गरिएको पाइन्छ । त्यसैले मोक्ष पूर्वीय दर्शनहरूको नीजि धारणा हो (भट्ट, २०७२ : १७५) । अतः यस दर्शनले आत्मा र परमात्माको एकता नै मोक्षको स्वरूप हो भन्दछ । मोक्षको अवस्था आत्यन्तिक दुःखको अभाव मात्र नभएर शान्तिपूर्ण परम आनन्दको स्थिति पनि हो । मोक्ष मूलतत्त्वको रूपमा यथास्थितिमा रहिरहन्छ । यो त्यो शान्ति हो, जो संसारमा पाइन्न, हरण पनि हुन सक्दैन, वस्तुतः यही नै सर्वश्रेष्ठ एवम् परम सुख हो (राधाकृष्ण, १९७३, पृष्ठभूमि) । दर्शनका विभिन्न सम्प्रदायले

मोक्षका अनेक स्वरूपहरू निर्धारण गरेका छन् । भक्तिवादी दर्शनका अनुसार ईश्वरको सारूप्य, सायुज्य, सार्ष्टि र सालोक्यको रूपमा अवस्थित हुने जीवनको अवस्थालाई मोक्ष भनिन्छ । (श्रीमद्भगवद्गीता, ३/२/१३) यसर्थ मोक्षले परमात्माको सामीप्य तथा सामीप्यताको स्थितिलाई पनि दर्शाउँछ ।

उपनिषद्का अनुसार जसरी प्रवाहशील नदीहरू समुन्द्रमा पुगी अलप हुन्छन् उनीहरू आफ्नो पृथक नाम र रूपलाई बिर्सन्छन्, त्यसरी नै ज्ञानी पुरुष पनि नाम र रूपबाट मुक्त भएर परमशक्तिको साथ तादात्म्य ग्रहण गर्दछन् (मुण्डकोपनिष्नद, ३/२/८) आध्यात्मिक साधक अर्थात् भगवान्को उपासनामा तल्लीन ज्ञानी मनुष्य भौतिक संसारबाट मुक्त हुन्छ । निजले मोक्षको अवस्थामा जीवनलाई र मृत्युलाई स्पर्श गर्न सक्दैन किनकि मृत्युबाट छुटकारा पाउनु नै मोक्ष हो भनिएको छ । मोक्ष एक यस्तो विषय हो, जो अनन्तकालदेखि विद्यमान छ । मोक्ष मनुष्यका दृष्टिदेखि पर रहेको छ तापनि वर्तमान, भूत र भविष्यत तीन अवस्थामा त्यसको सत्ता स्थान र स्थितिमा केही परिवर्तन हुँदैन ।

सबै दर्शनहरूले अज्ञान नै संसारको बन्धन हो भनेर स्वीकारेका छन् भने ज्ञानबाट मात्र यस बन्धनको विनाश सम्भव छ । अज्ञानका कारण नै मानिसले अपवित्रलाई पवित्र, दुःखलाई सुख, अनात्मालाई आत्मा मान्दछ र सांसारिक बन्धनबाट मोक्ष प्राप्त गर्न सक्दैन । हृदयमा रहेका सम्पूर्ण कामनाका ग्रन्थीहरू मुक्तावस्थामा डुल्दछन् (कठोपनिषनद, २।३।१४) । यस्तो अवस्थामा मनुष्यलाई तत्त्व ज्ञानको आवश्यकता पर्दछ । तत्त्व ज्ञान नै सर्वश्रेष्ठ ज्ञान हो । आत्मज्ञान नै ब्रह्मज्ञान हो । तत्त्वज्ञानबाट मात्र अज्ञानको विनाश र मोक्षको प्राप्ति हुन्छ । मुक्त भएका प्राणीहरूले फेरि यस लोकमा जन्मनु, मर्नु पर्दैन (छान्दोग्य उपनिषद, ८।३५) मोक्षप्राप्ति नै दुःख विनाशको स्थिति हो । मोक्षप्राप्तिले आत्मा, परमात्मा र परम आनन्दप्राप्ति हो ।

अतः पूर्वीय दार्शनिक र पाश्चात्य विद्वान्हरूले मोक्षको स्वरूपलाई सत्यको प्रकाशको रूपमा मानेका छन् । मोक्षको प्राप्ति नहुँदासम्म जन्म र मृत्युको क्रम चलिरहन्छ र यसै क्रमलाई संसार र बन्धनको स्वरूप भनिन्छ । विभिन्न दर्शनहरूमा मोक्षको स्वरूपमा र आत्मतत्त्वको ज्ञानको स्वरूपका बारेमा विवादहरू पनि देखा परेका छन् (भारद्वाज, २०१६:३३) । वस्तुतः सबैको दृष्टिमा मोक्ष वा मुक्तिले जन्म र मृत्युको बन्धनबाट छुटकारा पाइने स्थितिलाई नै बताइरहेको हुन्छ । उपनिषद्, श्रीमद्भगवद्गीतामा क्रमशः सम्पूर्ण

आशाहरूको निवृत्तिलाई मोक्षको स्वरूप बताइएको छ भने मुक्तिप्राप्त भएपछि जीवात्माले पुनः आवागमन गर्नु पर्दैन र अज्ञानको उपज बन्धन हो । बन्धन नाश नै मोक्ष हो भनिएको छ ।

## २.४.८ सुख-दुःख

आराम सुविस्ताको अनुभव अनुकूल स्थितिबाट हुने शान्तिको अनुभूति हर्ष, आनन्द, खुसी, अर्काको भलाइ गर्न पाउँदाको रमाइलो बोध, प्यारो काम कुरो मिल्दा वा इच्छापूर्ण हुँदाको मज्जा, सुविस्ता, आराम, उन्नति, प्रगति, शुभकल्याण, मङ्गल, आरोग्य निरोगिता तृप्ति सन्तुष्टिलाई सुख भनिन्छ (शर्मा, २०५८ : १३२७) । दुःख, कष्ट अशुभलाई दुःख भनिन्छ । सुख र दुःख शब्द मिलेर सुखदुःख भएको हो । आध्यात्मिक मान्यता अनुसार जुन व्यक्ति सुख र दुःखबाट विचलित हुँदैन र समान रहन्छ त्यो व्यक्ति मुक्ति पाउन लायक हुन्छ भनिएको छ । त्यसैले सुख-दुःख मानवीय जीवनका अभिन्न अङ्ग हुन् । यिनीहरूले गृहस्थ धर्ममा मानवलाई कहिले खुशीको चरम अवस्थामा पुऱ्याउछन् भने कहिले दुःखको सागरमा डुबाइ दिन्छन् । जीवात्माले आफ्नो स्वत्रन्त्र इच्छाद्वारा कुनै कुराको चाहना गर्ने सामर्थ्य मात्र पाएको छ तर सबै प्रकारका दुःख नराम्रा भावनाहरूबाट उत्पन्न हुन्छन् । जहाँ मनको शुद्ध भावना रहन्छ उहाँ सुख रहन्छ । मानसिक शान्तिको नाम नै सुःख हो र मानसिक अशान्तिको नाम नै दुःख हो । सुख-दुःख र मनको सम्बन्ध अत्यन्त नजिक रहेको हुन्छ । अत्यन्त ढृढ, सत्चरित्र र सदाचारी मानिसको मनमा आफ्नो हानि नोक्शानीको विषयमा कहिल्यै चिन्ता र दुःख उत्पन्न हुँदैन । उसको मनमा बदला लिने, अरूलाई दुःख दिने भावनाहरू हराइसकेको हुन्छ । यस्ता व्यक्ति सत्यका उपासक हुन्छन् । उनीहरू सत्यलाई प्राप्त गर्न जतिसुकै परिश्रम, दुःख कष्ट भए पनि दुःखको अनुभव गर्दैनन् ।

मानवीय जीवनमा हरेक कुराको कारण हुन्छ । त्यो कारणको अधिकारी मानिस स्वयम् नै हुन्छ अर्थात् म नै हुन्छु । मानिसको निश्चय गर्ने शक्ति, यथार्थ ज्ञान, असंमूढता, क्षमा, सत्य र इन्द्रियहरूलाई वशमा राख्नु मनको निग्रह तथा सुख-दुःख, उत्पत्ति, प्रलय र भय, अभय तथा अहिंसा, समता, सन्तोष, तत्त्वज्ञान, कीर्ति र अपकीर्ति आदि प्राणीहरूको नाना प्रकारका भाव मबाटै आउँछन् । सुख र दुःखको कारण पनि म नै हुन्छु । संसारका हरेक प्राणीले सुःख र शान्ति चाहन्छन् । सुख, शान्ति र आनन्दको प्राप्ति सबैको अभीष्ट हो । तर सुखप्राप्ति सबैको लागि सम्भव हुँदैन । पूर्वीय दर्शनहरूले जीवलाई दुःखको समुद्र

मानेका छन् । रोग, शोक, वृद्धावस्था, मृत्यु आदिका कारण मानिस सदा अशान्ति र चिन्ता अवस्थामा रहेको हुन्छ । महात्मा बुद्धले यो संसारमा दुःख छ भन्दै आफ्ना चार आर्य सत्य मध्ये पहिलो आर्य सत्यलाई दुःख मानेका छन् । बुद्धले रोग, मृत्यु, बूढोपन, मिलन, वियोग आदिलाई दुःखात्मक मानेका छन् (चालिसे, २०६६ : ९९) । सुख शान्ति र आनन्दको स्रोत मानव आफैं हो भन्ने कुरालाई अधिकांश मानिसले बुझेका छैनन् र दुःखको सिर्जना आफैं गर्दछन् र अशान्ति र पीडामा पनि आफैं रुमल्लिन्छन् ।

आध्यात्मिक षड्दर्शनहरू न्याय, वैशेषिक, साङ्ख्य योग मीमांसा वेदान्त दर्शनहरूले पनि मानवीय जीवन दुःखको कारण हो भनेका छन् । झन् साङ्ख्य दर्शनले त संसार दुःखको सागर नै हो भनेको छ । यस दर्शनमा आध्यात्मिक, आधिभौतिक र आधिदैविक गरी तिन प्रकारका दुःखबाट मनुष्यले छुटकारा पाउन सकेको छैन भनिएको छ । जैन दर्शनले पनि मानवीय जीवन दुःखको अनुभूति हो भनेको छ ।

पूर्वीय दर्शनमा दुःखलाई बुझेर त्यसबाट छुट्कारा पाउने अवस्थालाई मात्र सुख मानिएको छ । सुख क्षणिक हुन्छ । सुखात्मक स्थिति पनि केही समय पछि पुनः दुःखमा परिणत हुन्छ । मानिसलाई यस जन्मको दुःखरूपी खोला बनेर स्वर्गमा पुग्न पनि साह्रै द्विविधा रहेको छ । भौतिकवादी व्यक्तिले सकाम कर्महरूलाई नै कल्याणदायक सम्झेर यिनैको फललाई अत्यन्त सुख मानेर यसको प्रशंसा गर्दछ । उसले निःसन्देह पटक पटक जन्म मृत्युरूपी दुःख भोग गर्नुपर्दछ । उपनिषद् गीता आदि पूर्वीय दर्शनहरूले संसारको अपूर्णता तर्फ सङ्केत गरेर संसारलाई क्लेशमय भनेका छन् । संसारमा प्राप्त भएको सुख वास्तविक सुख होइन । त्यो त केवल दुःखको एउटा परिणाम मात्र हो । जहाँ सुख छ, त्यहाँ अनिवार्य रूपमा दुःख पनि लुकेको हुनाले सुखको क्षणिक अनुभूतिलाई सुख मान्नु हुँदैन भन्ने दार्शनिकहरूको मत रहेको छ । दुःख निरोधलाई नै मोक्ष वा सुख मान्ने चार्वाक बाहेकका अरु सबै वैदिक दर्शनहरू हुन् । त्यसैले दुःख निरोधका लागि आध्यात्मिकताको प्राप्ति महत्त्वपूर्ण आधारशिला हो ।

## २.४.९ ईश्वर

नेपाली शब्दसागरका अनुसार, ईश्वर भन्नाले शिव, शङ्कर, काम, मन्मथ, सर्वेश्वरत्व शक्ति भएका जगदीश्वर, विचित्र शक्तिले सम्पन्न भएका भगवान् परमात्मा,

शरीरका इन्द्रिय, समूहका स्वामी, जीवेश्वर, प्रभु आदि एघारौँ सम्वत्सर साठी मध्येको एक वर्ष ऐश्वर्यशाली प्रभु (शर्मा, २०५८ : १५४) हो भनेर भनिएको छ । त्यस्तै ईश्वरत्व भन्नाले ऐश्वर्य, सम्पन्नता, सर्वसमर्थता, सर्वोच्चता आदि नै ईश्वर हुनाको भाव भन्ने बुझिन्छ । ईश्वरको अस्तित्वप्रति अगाध विश्वास र श्रद्धा राख्ने, आस्तिक व्यक्तिहरू ईश्वरनिष्ठ व्यक्ति हुन् । उनीहरूले ईश्वरप्रति अगाध श्रद्धाभाव राखेर पूजा अर्चना गर्दछन् । उनीहरू ईश्वरका समर्थकहरू हुन् । ईश्वरवादमा विश्वास राख्ने व्यक्ति हुन् । उनीहरू संसारचक्र चलाई राख्ने सर्वशक्तिमान् तत्त्व नै ईश्वर तत्त्व हो भन्ने सिद्धान्त वा वाद, आस्तिकतावादमा आधारित भएर ईश्वरको साधना गर्दछन् ।

पूर्वीय दर्शनमा महत्त्वपूर्ण तत्त्वको रूपमा ईश्वरलाई मानेको पाइन्छ । वैदिक दर्शनहरू मध्येका न्याय, वैशेषिक, योग र वेदान्त दर्शनहरूले ईश्वरीय सत्तालाई अत्यधिक महत्त्व दिएको पाइन्छ भने साङ्ख्य दर्शनले ईश्वर नमानेर पुरुष तत्त्वलाई ईश्वरीय पद दिएको छ । मीमांसा दर्शनले ईश्वरको चर्चा गरेको छैन तर वेदलाई नै आदि-अन्त्य तत्त्व मानेको हुनाले यसलाई पनि ईश्वरवादी दर्शन नै मानेको पाइन्छ । त्यसैले दर्शन शास्त्र ईश्वर सम्बन्धी विषय एउटा महत्वपूर्ण विषयको बनेको पाइन्छ । वास्तवमा ईश्वर अमूर्त तत्त्वलाई बुझाउँने भावपरक नाम हो । ईश्वरका बारेमा पूर्वीय र पाश्चात्य सबै दर्शनहरूमा विशेष चर्चा भएको पाइन्छ । ईश्वरलाई सर्वाधिक रूपमा मान्नेहरू एकातर्फ चर्चामा छन् भने ईश्वरका बारेमा आलोचना गर्नेहरू पनि अर्कोतर्फ चर्चामा रहेका छन् । ईश्वरवादीहरू ईश्वरलाई वास्तविक मान्दछन् । ईश्वरको सत्ता निरपेक्ष र स्वतन्त्र छ । विश्वको आधार नै ईश्वर हो । ईश्वरको अभावमा संसारको अस्तित्व मेटिनेछ । ईश्वर आध्यात्मिक चेतना हो । सृष्टि, स्थिति र लयको आधार हो ईश्वर । ईश्वर व्यापक र सर्वशक्तिमान् हुनुहुन्छ भन्ने विषयलाई श्रीमद्भगवद्गीतामा भगवान् कृष्णले अर्जुनलाई भन्नुभएको छ । मेरो सर्वाकर्षण मानवीय रूप नै ईश्वरको मौलिक रूप हो । शुद्ध भक्तिद्वारा मात्र मानिसले मेरो यो रूपलाई देख्न सक्छन् (श्रीमद्भगवद्गीता, ११/३९९) । तसर्थ भगवान् कृष्ण नै ईश्वरको रूप हो भन्ने सम्प्रदायहरू पनि समाजमा धेरै रहेका छन् ।

न्याय दर्शनले ईश्वरलाई जगत्कर्ता मानेर जगत्स्रस्टा ईश्वरलाई विभिन्न युक्तिहरूले सिद्ध गर्दछ । न्याय दर्शन परमाणुवादमा आधारित रहेको छ । यस दर्शनले सृष्टि, स्थिति र लयको कारण ईश्वरलाई मान्दछ । त्यस्तै योग साधनामा ईश्वरलाई महत्वपूर्ण

तत्त्व मानिन्छ । पतञ्जलिले ईश्वरलाई योगको सहायक मानेका छन् । ईश्वर वाचक हो, परम पुरुष हो, जुन सबैभन्दामाथि, सबै दोषबाट मुक्त छ । त्यो नित्य, सर्वव्यापी, सर्वज्ञ, सर्वशक्ति मान् पूर्ण परमात्मा हो (शर्मा, २०६१ : ११३) भनिएको छ । त्यसैले ईश्वरलाई आत्मसाक्षात्कार गरेर योग साधनामा तल्लीन भयो भने परमात्माप्राप्ति निश्चित रहेको छ । नास्तिकवादी दर्शन अर्थात् चार्वाक् दर्शनले ईश्वर, धर्म, आत्मा आदि पूर्वीय दर्शनका आधारभूत तत्त्वहरूप्रति नकारात्मक दृष्टि राख्ने र यिनलाई जडतत्त्वमा परिणत गर्ने प्रयत्न गरेको, नियम एवम् कानुनहरू मानवीय आचार भएको र मृत्यु नै मोक्ष भएको मान्यतालाई आफ्नो मत बनाएको पाइन्छ । भौतिक देहवादमा विश्वास गर्ने चार्वाक दर्शनमा ईश्वरको विचार अनावश्यक कल्पना मात्र हो । ईश्वरको न कुनै रूप छ, न कुनै आकार छ । रूपाकार नभएकाले ईश्वरको प्रत्यक्ष असम्भव छ, तसर्थ ईश्वर छैन भनेका छन् ।

पूर्वीय आध्यात्मिक दर्शनमा नियतिवादलाई पनि स्वीकार गरिएको छ । यस दर्शनमा ईश्वर अदृष्ट भाग्य जस्ता कुराका अतिरिक्त सृष्टिवादी मान्यता र प्रत्येक कर्म ईश्वरद्वारा निर्देशित हुन्छ । मानिस निमित्त मात्र हो । उसको हातमा केही छैन । सबै अदृश्य तत्त्वको खटन हो । ईश्वर आत्मा, धर्म, मोक्ष आदि पूर्वीय दर्शनका आधारभूत तत्त्वहरूले नै मानवलाई मुक्तिको मार्गदर्शन गरेका छन् भनेर ईश्वरको महिमा अद्बितीय बनाएको छ । अतः जसमा अहंता नाश भइसकेको छ र जसको बुद्धि मैला रहित छ त्यस्तो जीवको शरीर छैन भन्ने जाने हुन्छ र जसको बुद्धि विशुद्ध छ त्यो त्रिकालदर्शी हो । यस्तो पुरुष अरू कोही पनि हुन सक्दैन स्वयम् परमेश्वर हुन् । ऊ कर्ता भएर पनि अकर्ता अहिंसक छ । अर्थात् ईश्वरलाई मात्र त्यो प्रतिमा प्राप्त छ, सांसारिक मानिसलाई छैन । मानिस कोही छ भने त्यो ईश्वर नै हो भन्ने श्रीमद्भगवद्गीतामा उल्लेख गरिएको छ ।

## २.४.१० पुनर्जन्म

पुनर्जन्मको शाब्दिक अर्थ हुन्छ - पुनःजन्म लिनु । नेपाली शब्दसागरका अनुसार पुनर्जन्म भनेको एकपटक मरिसकेको प्राणीको अर्को पटकको जन्म अथार्त् एक पटकको जन्म नासिएर फेरि भएको उत्पत्ति, पुनरुत्पत्ति हो (शर्मा, २०५८ : ८४९) । पुनर्जन्म सम्बन्धी विषयमा अध्ययन गर्दा पुनर्जन्मवादको पनि सिर्जना भएको पाइएको छ । वैदिक सनातनवादीहरू पूर्वजन्म र पुनर्जन्मलाई आत्मसात गर्दै आएका हुनाले हिन्दू सम्प्रदायकाहरू सबै पुनर्जन्मवादीहरू हुन् भन्न सकिन्छ । पूर्वीय दर्शनमा अघिल्लो जन्म अर्थात् अघिल्लो

जुनीलाई पूर्वजन्म भनिन्छ । बौद्ध दर्शनमा एउटा शरीरबाट अर्को शरीरमा जाने तत्त्वको तुलना एउटा दीपबाट अर्को दीपमा प्रज्वलित हुने प्रकाशसँग गर्न सकिन्छ । यो प्रकाश त्यो हो र त्यो होइन पनि जुन पुरानो प्रकाश थियो भनिएको छ । श्रीमद्भगवद्गीताका अनुसार सम्पूर्ण प्राणी जन्मनुभन्दा पहिला विना शरीरका थिए भने मरेपछि पनि विना शरीरकै रहेका हुन्छन् । केवल जीवन जिउने क्रममा मात्र शारिरीक रूप रङ्को सृजना भएको हो । कतिपय जीवात्माले भौतिक शरीर प्राप्त नगर्न पनि सक्छ, जो उच्च छ, जसले आत्मज्ञान प्राप्त गरेको छ उसले पटक पटक जन्मनु मर्नु पर्दैन । जबसम्म मनुष्यले आध्यात्मिक चिन्तनबाट मोक्ष प्राप्तगर्न सक्दैन तबसम्म उसले यो दुःखमय सागरमा पुनर्जन्म प्राप्त गरिरहनु पर्दछ । जो मानुष्य निस्काम भावले कर्म गर्दै जान्छ, उसले मोक्ष प्राप्त गर्न सक्दछ । जो मनुष्य शुभफलको इच्छा राखेर कर्म गर्छ उसको पुनर्जन्म भईरहने गर्दछ । उसले मुक्ति प्राप्त गर्न सक्दैन ।

आध्यात्मिक दर्शले मानिसलाई जन्म-मृत्युको भयलाई नाश गर्ने भगवान्मा भक्ति बढाउने ज्ञान प्रदान गर्दछ । हरेक मनुष्यको जन्म उसले गरेको कर्मका आधारमा हुने गर्दछ । पूर्वीय दर्शनमा परलोक अर्थात पुनर्जन्म अत्यन्त महत्त्वपूर्ण विषय हो । वेददेखि पूर्वीय दर्शनका विभिन्न ग्रन्थहरूले पुनर्जन्म र पूर्वजन्मका विषयमा आ-आफ्नै किसिमले पुष्टि गरेका छन् । कठोपनिषद्मा पनि नचिकेतोपाख्यानमा पुनर्जन्मका विषयमा महत्त्वपूर्ण प्रश्नोत्तरका रूपमा प्रस्तुत गरिएको छ । यमराजले नचिकेताको प्रश्नको उत्तर दिंदा, जो मूर्ख धनको मोहमा अन्धो भएर प्रमादमा लागिरहन्छ, उसले परलोकको साधन बुझ्न सक्दैन ऊ यही लोक सत्य हो, परलोक र पुनर्जन्म जस्तो कुनै वस्तु नै छैन भन्ने मानेर नैतिक, अनैतिक मार्गबाट भोगेका साधन एकत्र गर्छ । भोग नै सबै कुरा हो भनेर मान्छ । त्यस्तो व्यक्तिले बारम्बार जन्म मृत्युको चक्करमा परी नानातरहका कष्ट भोग गर्नु पर्दछ (कल्याण, १९६९ ई. : प्रकाशक)

भग्वद्गीताका अनुसार शुभकर्म गर्ने मनुष्यको कहिल्यै पनि अधोगति हुँदैन । आत्मज्ञानको लागि अथवा भग्वत्त्वप्राप्तिका लागि साधनारत व्यक्ति सधैं भगवान्को अनुग्रह प्राप्त गर्दछन् । मोक्ष र पुनर्जन्म सम्बन्धि जिज्ञासाको समाधानका लागि पूर्वीय दर्शनको अध्ययन गर्नु पर्दछ । पूर्वीय दर्शनमा वेद, उपनिषद्, श्रीमद्भगवद्गीता एवम् षड्दर्शनको अध्ययनबाट पूर्वजन्म र पुनर्जन्मको बारेमा यथार्थ ज्ञान हासिल गर्न सकिन्छ । ऋग्वेदमा

देवयान र पितृयान दुई मार्गको वर्णन गरिएको छ । पूर्वजन्मको कुकर्मको चक्करमा पर्नेहरूको आत्मा पितृयानबाट जान्छ र सुकर्म गर्ने आत्मज्ञान प्राप्त गरेको व्यक्ति देवयान मार्गबाट मोक्ष प्राप्त गर्दछ ।

परलोक एवम् पुनर्जन्ममा विश्वास गर्ने मनुष्यले वर्तमान जीवनका सुख-दुःख, दरिद्रता, वैभव आदि उसकै पूर्वजन्ममा गरेका सत्-असत् कर्मका परिणाम हुन् । तथा वर्तमान जीवनमा गरेका दुष्कर्मको परिणाम उसले अनेक योनि जन्म लिएर भोग्नु पर्दछ । परलोक एवम् पुनर्जन्ममा विश्वास गर्नेहरू भगवद्भक्ति एवम् ज्ञानका आश्रयको ग्रहण गरी कालान्तरमा जन्म र मृत्युको कष्टकर बन्धनबाट छुट्कारा पाउछन् । आफ्नो कर्मलाई सुधार गर्न प्रयास गर्ने मनुष्यहरू भगवद्भक्ति एवम् ज्ञानका आश्रयको ग्रहण गरी कालान्तरमा जन्म र मृत्युको कष्टकर बन्धनबाट छुट्कारा पाउछन् । मनुष्य मात्राको परलोक, पुनर्जन्म एवम् जन्म मृत्युको रहस्यका बारेमा परिचित गराएर सत्कर्म एवम् भगवद्भक्तिमा लाग्न प्रेरणा प्रदान गर्न सक्नु नै अध्यात्म दर्शनको ध्येय हो ।

## २.५ दर्शन र साहित्यको सम्बन्ध

दर्शनले जीवन र मृत्युका सम्बन्धमा बताउँदछ भने साहित्य भनेको सहित हुनाको भाव, गुण वा अवस्था साथ रहेको स्थिति, कुनै देश वा जातिको व्यावहारिक वा भावनात्मक विषय सम्बन्धी ग्रन्थ, लेख आदि वाङ्मय, जीवनजगत्सँग सम्बद्ध विविध विषयमा सौन्दर्य, रूप, गुण, भावुकता आदिका दृष्टिले अभिव्यक्त हुने वा रचिने हृदयस्पर्शी लेख ग्रन्थ आदि, इतिहास, पुराण, पुराना कथा वा समाज आदिबाट उपजीव्य वस्तु लिएर रस, छन्द, अलङ्कार आदिले यथासम्भव सजाई रचिएको गद्य वा पद्यमय रचना (कविता खण्डकाव्य, महाकाव्य, नाटक, कथा, उपन्यास आदि) लाई साहित्य भनिन्छ (बन्धु र अन्य, २०६९ : १२७०) ।

दर्शन र साहित्य एक आपसमा सम्बन्धित भएर पनि अलग अलग स्थान कायम गर्न सफल छन् । दर्शन एक सर्वमान्य शास्त्र हो यसले मानव स्वभाव तथा ब्रह्माण्डका बारेमा अन्वेषण गरी तथ्यको खोजी गरी तर्क प्रस्तुत गर्दछ । संसारका सम्पूर्ण वस्तुका बारेमा, उत्पत्ति र विनाशका बारेमा निश्चित दृष्टिकोण दर्शनले बनाएको हुन्छ भने भाषाका माध्यमबाट साहित्यको अभिव्यक्ति हुन्छ । साहित्यले कथा, कविता, उपन्यास, निबन्ध, नाटक

आदि सबैलाई समेटेको हुन्छ । यसले शब्द र अर्थको सहभाव, सुन्दर र अर्थयुक्त भाव रमणीयता आदि प्रदान गर्दछ । साहित्य मानवीय जीवनको अभिन्न अङ्ग हो । यसले मानिसको प्रबल मनोवेगले उत्पन्न सर्वसुखपूर्ण भावलाई प्रस्तुत गरेको हुन्छ । त्यसैले साहित्य समाजको दर्पण हो भनिन्छ । त्यस्तै दर्शन पनि मानव निर्मित हो र मानव स्वभाव, मानव जीवन प्रणाली, आर्दश मानव जीवन, ब्रह्माण्डमा मानवको स्थान, मानवका धार्मिक र अधार्मिक अर्थात् धर्म र पाप कार्यका विषयमा अध्ययन अन्वेषण गर्ने तार्किक शास्त्र हो । यसले हरेक मानवीय विचार वा विषयको व्यवस्थित दृष्टिकोण राख्ने गर्दछ । वास्तवमा दर्शन भनेको शाश्वत सत्य र वास्तविकताको सिद्धान्त हो । यसले समाजमा प्रचलित धर्म, संस्कृति, परम्परा, रीतिरिवाज तथा मूल्य र मान्यताको पद्धतिबद्ध अध्ययन गर्दछ भने साहित्यले सुन्दर, रमणीय, मानसिक सुख, सौन्दर्यको प्राप्ति र सत्यको बोध गराउँछ । साहित्यको महान् उद्देश्य भनेको मानवीय चिन्ता शान्त गरेर उसको विचारलाई माथि उठाउनु हो । साहित्यले मानिसलाई चेतनावस्थामा पुऱ्याउदै सौन्दर्यको प्रत्यक्षीकरण गराइ सत्यको बोध गराउँछ । त्यसैले साहित्य मानव जीवन हो । यसले मानवलाई सत्मार्ग प्रदान गर्दछ ।

दर्शनले सत्यलाई माया गर्दछ । प्रत्येक क्षेत्रको ज्ञान लिने, सधैँ सिक्न इच्छुक भइरहने, जति सिके पनि सन्तुष्ट नहुने व्यक्ति दार्शनिक हुन्छ भने प्रतिभा, व्युत्पत्ति र अभ्यासमा तल्लीन व्यक्ति साहित्यकार बन्दछ भन्ने पूर्वीय विद्वान्हरूको मान्यता रहेको छ । प्रकृतिमा रमाएर प्रतिभा प्रस्फुटन गराउने व्यक्ति साहित्य प्रेमी हो भने सर्वव्यापी प्राकृतिक वस्तुहरूको ज्ञान, वस्तुतः प्रकृतिमा भएका विभिन्न वस्तुहरूको सत्य ज्ञान भएको व्यक्ति दर्शन प्रेमी हुन्छ । दर्शनले पारलौकिक वस्तुहरूको वास्तविक प्रकृति पत्ता लगाउने कार्य गर्दछ । दर्शन सम्पूर्ण कलाहरूको जननी र दिमागको सच्चा औषधि हो भने साहित्य धर्म, अर्थ, काम र मोक्षप्राप्तिको माध्यम हो । साहित्यको रचना कीर्ति फैलाउनका लागि गरिन्छ । दर्शन ज्ञानात्मकताको भण्डार र सही आलोचना प्राप्त गर्ने माध्याम हो । यसले प्राज्ञहरूको ज्ञानलाई सही चित्रण गर्दछ । साहित्यको प्रयोजन पुरुषार्थको उपदेश दिनु, सफल व्यावहारिक ज्ञान प्राप्त गर्नु आनन्दानुभूति प्राप्त गर्नु रहेको छ ।

अतः दर्शन र साहित्य समाजका उपज हुन् र यिनीहरू दुबैले पौराणिक वैदिक समाजदेखि आधुनिक समाजलाई सत्मार्गको सन्देश दिदै आएका छन् । दर्शन र साहित्य दुबै

मानवीय जीवनयापनका लागि हो । मानिस प्रकृतिको सौन्दर्यमा रमाएको हुन्छ र उसलाई सत्य र असत्य के हो भनेर छुट्याउने काम दर्शन र साहित्य दुबैले गर्दछन् । दर्शनले मानव लक्ष्यको अनुमान गर्ने काम गर्दछ । साहित्यले मानवको रमणीय अर्थ प्रदान गर्ने काम गर्दछ ।

प्रसिद्ध साहित्यकार भामहले धर्म, अर्थ, काम र मोक्षको लागि साहित्यको रचना हुन्छ भनेका छन् (अधिकारी, २०५३ : १४-१६) । वामनले आनन्द र कीर्तिको लागि साहित्यको सिर्जना हुन्छ भनेका छन् (अधिकारी, २०५३ : १४-१६) । कुन्तकले साहित्यको प्रयोजन पुरुषार्थको उपदेश दिन, सफल र व्यावहारिक ज्ञान प्राप्त गर्नु र आनन्दानुभूति प्राप्त गर्नुलाई भनेका छन् (अधिकारी, २०५३ : १४-१६) । त्यसै गरी मम्मटले कीर्तिको प्रयोजन सम्बन्धमा आफ्नो विचार राख्दै यश, धनलाभ, व्यावहारिक निपुणता, अनर्थको निवारण, आनन्दानुभूति र कान्तासम्मित उपदेश हुनुपर्दछ (अधिकारी, २०५३ : १४-१६) ।

दर्शनशास्त्रको अध्ययनमा अनुमान, अर्न्तदृष्टि र कल्पनाको प्रमुख भूमिका रहेको पाइन्छ । प्राचीनकालीन दार्शनिकहरूमा सबैभन्दा पहिले आफूलाई दार्शनिक भन्ने गणितज्ञ पाइथागोरसले ब्रह्माण्डका सम्पूर्ण वस्तुहरूलाई सङ्ख्याको अनुमान गरी ईश्वर र गणितमा समन्वय स्थापना गर्ने अन्तर्दृष्टिको कल्पना गरे । त्यस्तै पोटागोरसले सत्यलाई मानव निर्मित अनुमान गरे भने सोक्रेटसले दर्शनलाई बुद्धिमान्हरूको चिन्तन क्षेत्र माने । प्लेटोले आर्दश राज्यको परिकल्पनाको आधारमा दर्शनको व्याख्या गरे भने एरिस्टोटलले आगमन ( Inductive) र निगमन (Deductive) तर्कका आधारमा दर्शनको विश्लेषण वैज्ञानिक तत्थ्यका आधारमा विकसित गराएका छन् (शर्मा, २०६२ : १६) ।

पाश्चात्य विद्वान्हरूमा एड्गर एलेनपोलले साहित्यको मुख्य हेतु शासन शक्तिलाई स्वीकारेका छन् । त्यस्तै मनोवैज्ञानिक सिगमण्ड फ्रायडले दमित कामवासनाको सन्तुष्टि नै साहित्य हेतु हो भनेका छन् । साहित्य प्रयोजनका दृष्टिले फ्रायडले अहम्को सन्तुष्टिलाई साहित्य प्रयोजन मानेका छन् भने हड्सनले आनन्द प्रदान नै साहित्य हो भनेका छन् । त्यसैले क्रोचले अभिव्यञ्जक नै साहित्यको मूल प्रयोजन हो भनेका छन् । दुवै पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले साहित्य प्रयोजनका सम्बन्धमा आफ्ना विचार व्यक्त गरी साहित्यको महत्त्वलाई उजागर गरेका छन् ।

दर्शनको अध्ययन गर्ने एवम् प्रणेताको रूपमा पाउलो फ्रेरेलाई मानिन्छ । दर्शन अध्ययनमा विभिन्न दृष्टिकोणहरू रहेका छन् । आत्मविश्लेषणात्मक, अनुमानात्मक, धार्मिक, वैज्ञानिक, विवेकात्मक, व्यवहारवादी, वास्तविक विश्लेषणात्मक, व्यवस्थित, प्राकृतिक सौन्दर्यात्मक, बौद्धिक सर्वेश्वरवादी, द्वन्द्वात्मक, प्रतिविम्बात्मक, अनुमान अन्तदृष्टि र कल्पना युक्त, पूर्वस्थापित आदि दृष्टिकोणको आधारमा दर्शन स्थापित रहेको छ ।

अतः दर्शन र साहित्यसँगै विकसित भए पनि यिनीहरू फरक फरक विषय हुन् र एक अर्काबाट टाढा रहने विषय होइनन् । दर्शनले साहित्यको दृष्टिकोणलाई विशेष दिशामा प्रेरित गर्न मदत गर्ने र साहित्यले दार्शनिक विचारहरूलाई सरल ढङ्गले व्यक्त गरेर निश्चिततामा ल्याउने काम गर्दछ । दर्शन र साहित्य दुबैले जीवनको नश्वरता, दुःखमयता विवशता र बाध्यता जस्ता कुरालाई विषय बनाई आ-आफ्नो शैलीले वास्तविक कुरालाई सबैका साम् ल्याइदिने काम गरेको हुन्छ । दर्शन र साहित्य दुवैले परम पुरुषार्थ (मोक्ष) को प्राप्तिलाई जीवनको लक्ष्य बनाएको हुन्छ । त्यसैले दर्शन र साहित्य एक रथका दुई पाङ्ग्रा अर्थात् समाजका अभिप्रेरक हुन् ।

## २.६ अध्यायगत निष्कर्ष

दर्शन मानवनिर्मित हो र मानव स्वभाव, मानव जीवन प्रणाली, आदर्श मानव जीवन, ब्रह्माण्डमा मानवको स्थान, मानवका धार्मिक र अधार्मिक (धर्म र पाप) कार्य, मानव ज्ञान आदिका बारेमा दर्शनशास्त्र बढी केन्द्रित हुनु स्वाभाविक हो । हरेक विषय वा विचारको व्यवस्थित दृष्टिकोण वा सोचाइ नै दर्शन हो अर्थात् शाश्वत सत्य र वास्तविकताको सिद्धान्त नै दर्शन हो । दर्शन सिद्धान्त खण्डमा विशेष गरेर पूर्वीय दर्शनको सैद्धान्तिक परिचय अन्तर्गत दर्शनको उत्पत्ति र अर्थ, परिचय र परिभाषा, आध्यात्मिक दर्शन (षड्दर्शन) को परिचय (न्याय, वैशेषिक, साङ्ख्य योग, मीमांसा र वेदान्त), आध्यात्मिक दर्शनका आधारमा बदरीनाथ भट्टराईका कथा विश्लेषणका सैद्धान्तिक मान्यताहरू (ईश्वर, आत्मा, धर्म, मोक्ष, शरीर, मन, सुख, दुःख, कर्मयोग र मानवधर्म) साथै दर्शन र साहित्यबीचको सम्बन्धलाई समेत प्रस्तुत गरिएको छ । अतः आध्यात्मिक दर्शनको अर्थः- आत्मज्ञान अर्थात् ब्रह्मज्ञान प्राप्त गर्नु तथा विभिन्न आध्यात्मिक साधनाबाट भगवान् ईश्वरका समीपमा पुग्नु हो भन्दै बदरीनाथ भट्टराईका कथाहरूलाई सैद्धान्तिक रूपमा विश्लेषणको आधार तयार पारी आध्यात्मिकतासँग समन्वय गराइएको छ ।

●●●

# अध्यायः तीन

# बदरीनाथ भट्टराईको साहित्यिक यात्रा तथा आध्यात्मिक दर्शनका आधारमा कथाहरूको वर्गीकरण

यस खण्डमा कथाकारको परिचय, उनका कृतिहरूको पहिचान, कथा यात्राको चरण विभाजन र आध्यात्मिक षड्दर्शनको आधारमा कथाहरूको वर्गीकरण गरिएको छ । आध्यात्मिक दर्शनको प्रभाव परेका कथाहरूलाई विभिन्न समूहमा विभाजन गरी देवकुल तथा ऋषिकुल सम्बन्धी समूह, पौराणिक समयका राजकुल तथा सामान्य मानव जीवन सम्बन्धी समूह र ऐतिहासिक राजारानी र वीरवीराङगनाका चरित्रमा आधारित समूहलाई पूर्वीय दर्शनका आधारभूत तत्त्वहरू (धर्म, मन, कर्म, मानवधर्म, शरीर, आत्मा, मोक्ष, सुख-दुःख, ईश्वर) तथा आध्यात्मिक षड्दर्शन (न्याय, वैशेषिक, योग, साङ्ख्य, मीमांस र वेदान्त) श्रीमद्भागवद्गीता, विभिन्न पुराणहरू (श्रीमद्भागवत, श्रीविष्णुपुराण, रामायण, महाभारत, देवीभागवत) को आधारमा विश्लेषण गरिएको छ ।

## ३.१ बदरीनाथ भट्टराईको परिचय

बदरीनाथ भट्टराईको जन्म वि.सं. १९६५ साल कार्तिक कृष्ण अष्टमीका दिन काठमाडौंको इन्द्रचोकमा भएको थियो । उनका पिताको नाम पण्डित दामोदर भट्टराई र माताको नाम भूमिकुमारी भट्टराई हो । पण्डित दामोदर भट्टराई र उनकी धर्मपत्नी भूमिकुमारी भट्टराईका चारजना छोराहरू (चन्द्रकान्त, लोकनाथ, केशवनाथ र बदरीनाथ) मध्ये कान्छा छोराको रूपमा जन्म भएका बदरीनाथको न्वारनको नाम हिमनाथ भट्टराई हो तापनि सबैले बोलाउने नाम बदरीनाथ नै रहेकाले साहित्यिक क्षेत्रमा पनि यसै नामले प्रसिद्धि पायो (गड्तौला, २०५२ : ९) ।

बदरीनाथ भट्टराईका पिता राणा परिवारका पुरोहित थिए । उनको काठमाडौंमा कपडा व्यापार पनि थियो ; जसको कारण उनको परिवारको आर्थिक अवस्था मध्यम खालको भएको मान्न सकिन्छ । बदरीनाथको बाल्यावस्था सुख सयलसँग बित्यो । उनका एक दिदी र एक बहिनी भएकाले उनको बाल्यकालको स्याहार सुसारमा कुनै कमी आउन पाएन । पिता-माता शिक्षित भएकाले उनको जीवनको प्रारम्भिक अवस्था घरमा नै शान्त, सुखमय र

मनोरम वातावरणमा बित्यो । उनले पण्डित गोविन्दसँग संस्कृत व्याकरणको अध्ययन सुरु गरी संस्कृतको अनौपचारिक अध्ययन पछि रानीपोखरी संस्कृत पाठशालाबाट व्याकरण विषयमा मध्यमासम्मको अध्ययन गरी द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए । पण्डित सोमनाथ सिग्देलसँग साहित्यको अध्ययन सुरु गरी वि.सं.१९८० सालमा तत्कालीन वाराणसी विश्वविद्यालयबाटै सम्पूर्ण मध्यमा तहको अध्ययन पूरा गरेका बदरीनाथ भट्टराई वि.सं. १९८४ सालमा उक्त वाराणसी विश्वविद्यालयबाटै साहित्यको अध्ययन पनि पूरा गरी साहित्य शास्त्री पनि भएका थिए । सोही क्रममा उनमा अध्यात्म दर्शनप्रति विशेष झुकाव भएको हुनाले धर्म शास्त्रको अध्ययनतर्फ पनि उनी प्रबल भएका थिए । उनी पण्डित सोमनाथ सिग्देलबाट नै धर्म शास्त्रको अध्ययन गरी वि.सं. १९८७ सालमा धर्मशास्त्र विषयमा शास्त्री पनि भएका थिए । आफ्नो अध्ययनमा निरन्तर लागिरहने बदरीनाथ भट्टराईले वि. सं. १९९५ सालमा धर्मशास्त्र विषयमा आचार्यको उपाधि पनि हासिल गर्न सफल भएका थिए । भट्टराईले औपचारिक शिक्षाका विशेष गुरुको रूपमा पडिण्त सोमनाथ सिग्देललाई नै स्वीकार गरेका थिए भने उनले अनौपचारिक रूपमा धेरै विषयका पुस्तकहरूको पनि अध्ययन गरी स्वाध्ययनको रूपमा अङ्ग्रेजी साहित्यको समेत अध्ययन गरेको कुरा पाइएको छ । विशेष गरेर पूर्वीय दर्शनका निधि मानिने वेद, पुराण, उपनिषद् र स्मृति आदिको गहन चिन्तन गरेका बदरीनाथ भट्टराईको शिक्षा र साहित्यको क्षेत्रमा विशेष स्थान रहेको पाइन्छ ।

नैतिक आदर्शयुक्त ब्राह्मण परिवारमा जन्म भएका बदरीनाथ भट्टराईको आमाको धार्मिक श्रद्धा र शान्तिपूर्ण भावनाले उनमा कर्म गर्ने भावनाको विकास विशेष रूपमा भएको पाइन्छ । नैतिक आचरणको पालना गर्ने भट्टराईमा साहित्यप्रतिको भावना अलग किसिमको रहेको पाइएको छ । उनको विचार आध्यात्मिक मसलाले युक्त साहित्यको सिर्जना हुनुपर्छ भन्ने रहेको थियो । त्यसैले उनी टल्सटाय, रवीन्द्रनाथ टैगोर, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम आदिका कृतिहरूलाई विशेष मन पराउँथे, कारण उक्त व्यक्तित्वहरूका साहित्यमा अध्यात्म र साहित्यको सङ्गम भएको कुरा भट्टराईले स्वीकार गरेको पाइन्छ । आध्यत्मिकताले युक्त शान्त, सरल साहित्यले समाजलाई स्वस्थ्य बनाउनुका साथै मानिसका लागि यस्तो साहित्य सुपाच्य समेत हुन्छ भन्ने उनको धारणा देखिन्छ ।

बदरीनाथ भट्टराईको विवाह उमानाथ पौडेलकी सुपुत्री चित्रकलादेवी पौडेलसँग १३ वर्षको उमेरमा वि.सं. १९७८ सालमा वैदिक विधि पूर्वक भएको थियो । भट्टराईका आदित्यनाथ र अच्चुतनाथ दुई छोरा र सावित्री र अम्बिका गरी दुई छोरीहरू रहेका छन् । वि.सं. २००१ सालमा आमाको र वि.सं. २०१० सालमा बुबाको वनारसमा मृत्यु भएको थियो भने वि.सं.२०३० सालमा आफ्नी जीवन सङ्गिनी चित्रकलादेवी भट्टराईको पनि अकस्मात निधन भएर उनी शोकाकुल बनेका थिए । यसरी आफ्ना मातापिता र धर्मपत्नी समेतको मृत्युको प्रकोपलाई सामना गर्न बाध्य भएका भट्टराईले २०४७ सालमा जेठा छोरा आदित्यनाथको असामयिक मृत्युको पीडालाई पनि सहन गर्न बाध्य हुनु परेको थियो । हाल उनका दुई छोरीहरू सावित्री, अम्बिका, कान्छा छोराबुहारी अच्युतनाथ भट्टराई र गीता भट्टराई तथा नातिनातिनीहरू रहेका छन् ।

## ३.२ बदरीनाथ भट्टराईको कथायात्रा

बदरीनाथ भट्टराईको कथा लेखनको प्रारम्भ वि.सं. २००१ सालबाट भएको पाइन्छ । सुरुमा नेपाली गद्य र पद्य कविताको सम्पादनबाट कथा साहित्यको क्षेत्रमा प्रवेश गरेका भट्टराईको पहिलो कथा मूलबाटो (२००१) सँगै उनको कथा यात्राको प्रारम्भ हुन्छ । यसपछि उनी वि.सं. २०३३ सालसम्म निरन्तर रूपमा कथा लेखनको क्षेत्रमा लागिरहेको पाइएको छ । करिब साढे तीन दशकको भट्टराईको कथायात्रामा चारवटा कथा सङ्ग्रहहरू प्रकाशित भएका छन् भने विभिन्न पत्र पत्रिकाहरूमा १५ वटा फुटकर कथाहरू प्रकाशित भएका छन् । वैदिक कालीन वातावरण परिवेश उक्त समयको रीतिस्थिति, संस्कृति, रहनसहन, विशेष गरी गुरु शिष्य परम्परागत अवस्था, नीति, नियम, पाप, धर्म, ज्ञान प्राप्ति र मोक्षको विषयहरूलाई लिएर कलियुगका मानिसहरूलाई स्वज्ञान र स्वधर्मका विषयमा सचेत गर्ने उद्देश्यले वैदिक कथा सङ्ग्रहको निर्माण गरिएको पाइन्छ । पौराणिक समयका सामान्य मानिसहरू तथा देवी देवताहरूले पनि धर्म, अर्थ, काम, मोक्ष, सम्बन्धी वास्तविक ज्ञान नहुँदा भोग्नु परेको दुःख कष्टहरू, गरिबीका कारणले जीवन भोगाइमा देखापरेका पीडाहरू, उक्त समयका नीति नियम, वातावरण परिवेश परम्परागत संस्कारबाट निम्तिएका कुसंस्कारहरू लगायत शिक्षा, दीक्षा, आदर, सत्कार आदि बिषयवस्तुलाई उल्लेख गरेर पौराणिक जगत्सँग आधुनिक जगत्का व्यक्तिहरू बिच तुलना गरेर पौराणिक कथासङ्ग्रहको रचना गरिएको छ भने पौराणिक जगत्का राजा महाराजा, असल चरित्र भएका महापुरुषहरू, असल चरित्र भएका

महिलाहरूलाई कथाको रूपमा उभ्याएर बालबालिकाहरूमा असल नैतिक चरित्रको विकास गराउन खोजिएको छ । भट्टराईले आफ्नो कथायात्राको अन्त्यतिर दर्शनलाई नै आफ्नो कथामा मूल कथ्य बनाएको पाइन्छ । यिनका कथाहरूमा निजी मौलिक दर्शन व्यक्त नभए तापनि अद्वैत दर्शनलाई भने पूर्ण रूपमा प्रस्तुत गरेको पाइन्छ । जीवन र जगतलाई हेर्ने दृष्टिकोण एकपक्षीय रूपमा यिनका कथाहरूमा व्यक्त भएको छ । यो संसार चाहिँ भ्रान्तिमात्र हो, डोरीमा देखिने सर्प हो वा सिपीमा चाँदीको प्रतीत मात्र हो । यसभन्दा भिन्न चैतन्य सत्ता छ, त्यो ज्ञानानन्दमय, अखण्ड छ । जबसम्म ज्ञानको दिव्य ज्योति मानिसले प्राप्त गर्दैन तवसम्म त्यो दिव्य शुद्धात्मा चैतन्यमय ब्रह्मसँग साक्षात्कार हुँदैन । कर्मकाण्ड र उपासना नै साध्य होइन । ती त साधन मात्र हुन् । तिनका माध्यमले विस्तारै ब्रह्माको सामीप्य जिवात्माले प्राप्त गर्दछ भन्ने दाशर्निक विचार बदरीनाथ भट्टराईको रहेको छ । उनका दाशर्निक कथाहरूमा ज्ञानलाई बढी महत्त्व दिइएको छ । आध्यात्मिक साधक भट्टराईद्वारा संसारलाई अन्धकारको रूपमा र त्यसबाट मुक्ति हुने ज्योतिको रूपमा ज्ञानलाई स्वीकारिएको छ । यस्ता ज्ञान मीमांसामा आधारित केही प्रमुख दार्शनिक कथाहरूमा हैमवती, तीन वरदान, शान्तिको मार्ग, आमाको शिक्षा, शुकजीको प्रश्नको उत्तर, शक्तिपरीक्षा, अधुरो ज्ञानको खण्डन, के रैक्वको बिहे, आथर्वण, अंशवण्डा, भूमा, सत्यकाम, सारा इच्छा पूरा हुने उपाय, पाँच प्रश्नको उत्तर आदि रहेका छन् । यो संसारको सृष्टि चैतन्य सत्ताबाट भएको र यसको नियामक पनि उही चैतन्यसत्ता नै हो भन्ने आध्यात्मिक चिन्तन यी कथाहरूबाट पाउन सकिन्छ । चेतन सत्ता विना यो प्रकृति जड हो भन्ने विचार बदरीनाथको रहेको छ । यो पुरा विश्व ब्रह्माण्डको कारण स्वरूप ईश्वरीय सर्वसत्तालाई स्वीकार्नु र कथाका माध्यमले व्यक्त गर्नु कथाकारको मुख्य उद्देश्य हो ।

नेपालको प्राचीनकालीन इतिहासदेखि राणाशासन कालका राजा महाराजाहरूबिच आपसमा भएको द्वन्द्व, झगडा, षड्यन्त्र, खिचातानीमा संलग्न व्यक्तिहरूले एकले सत्ता हडप्न अर्कोलाई दिएको दुःख पीडालाई एकातिर देखाइएको छ भने अर्कातिर उक्त समयमा राजा महाराजाका रानीहरूले भोग्नु परेको सौतेनी व्यवहार तथा आफ्नो पतिको देहावासान पश्चात् राज्य सञ्चालन गर्दा भोग्नुपरेका तीतामीठा जीवन भोगाइहरूका साथै नारी भएर हाँसिल गर्न सकेको बहादुरीपन आदिलाई लिएर उक्त समयको वातावरण, परिवेश, धार्मिक आध्यात्मिक विश्वास, धर्म र ज्ञानको कारणले प्राप्त भएको असल परिणाम आदिलाई उल्लेख गरिएको छ ।

अतः बदरीनाथ भट्टराई धर्मशास्त्रका ज्ञाता आध्यात्मिक व्यक्ति भएका हुनाले उनका हरेक कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव रहेको पाइन्छ । विषय, विचार तथा चिन्तनका दृष्टिले यिनका कथाहरूमा विशेष गरेर योग र वेदान्त दर्शनको प्रयोग रहेको पाइन्छ । कथा रचनामा मात्र सीमित नभएका बदरीनाथ भट्टराईले विभिन्न संस्कृत साहित्यका भक्ति गाथाहरूको पनि रचना गरेका छन् । यिनी वेदान्त दर्शनबाट बढी प्रेरित देखिन्छन् । ज्ञान, सदाचार, नीति उपदेश आदिले पूर्ण बदरीनाथ भट्टराईका कथाहरू दार्शनिक दृष्टिले शैलीमा सहज एवम् विषयमा गहनतम महत्त्वका रहेका छन् ।

### ३.२.१ चरण विभाजन

चरण विभाजन गर्नु आफैमा जटिल विषय हो । वास्तवमा कुनै पनि साहित्यकारको साहित्यिक यात्रालाई चरण विभाजन गर्दा रचनागत प्रवृत्ति, प्रकाशित कालक्रम, विषयवस्तु, शिल्प र संरचना, रचनागत उद्देश्य आदिलाई आधार मान्नु उपयुक्त हुन्छ । बदरीनाथ भट्टराईका प्रकाशित कृतिहरूको भूमिका समीक्षा गर्दा उल्लिखित जीवनीलाई कृष्णप्रसाद पौडेलको स्नातकोत्तर तहको शोधपत्र २०३८ सालमा *बदरीनाथ भट्टराईको जीवनी व्यक्तित्व र कृतिहरूको अध्ययन* शीर्षकमा शोधकार्य भएको थियो भने २०५२ सालमा *बदरीनाथ भट्टराईको कथाकारिताको अध्ययन* विषयमा नारायणप्रसाद गड्तौलाद्वारा गरिएको शोधपत्रलाई आधार मानी बदरीनाथ भट्टराईको कथायात्रालाई निम्नानुसार चरण विभाजन गरिएको छ :

प्रथम चरण २००१ देखि २००९ सम्म

दोस्रो चरण २०१० देखि २०२० सम्म

तेस्रो चरण २०२१ देखि २०३३ सम्म, (गड्तौला २०५२ : ६५)

यिनी आध्यात्मिक साधनामा लागेका हुनाले यिनको प्रमुख लक्ष्य ज्ञानको खोजी रहेको देखिन्छ । जीवन र जगत्को ज्ञानविना मुक्ति सम्भव छैन । तसर्थ मुक्ति मार्ग नै ज्ञान हो भन्ने कुरालाई प्रस्तुत गरेका भट्टराईले कथा लेखनको अन्तिम चरणमा आफूलाई आध्यात्मिक साधकको रूपमा प्रतिस्थापित गराइएको पाइन्छ । बदरीनाथ भट्टराईका विषयमा खोज अनुसन्धान गर्दै जाँदा हालसम्म पनि उनका कथाकृतिहरूको खासै विश्लेषण र मूल्याङ्कन गरिएको नपाइएको अवस्थामा विद्वान्हरूको उपयुक्त दृष्टिकोण विभिन्न वैचारिक

एवम् शिल्पगत आधार र उनका समग्र कथागत साहित्यिक कृतिहरूको प्रकाशन, समय कालक्रमलाई अध्ययन गर्दै कृष्ण प्रसाद पौडेल र नारायणप्रसाद गड्तौलाकै चरण विभाजनलाई आधार मानेर गरिएको चरण विभाजनमा प्रथम चरण अध्ययन र अभ्यासिक काल हो र द्वितीय चरण साहित्यिक यात्राको समय हो भने तृतीय चरण अनुवाद पाण्डित्य, वैराग्य, योगाभ्यास, अद्वैत वेदान्तको चिन्तन तथा अध्यात्म साधनाको काल हो । बदरीनाथ भट्टराईको साहित्यिक कथायात्राको सङ्क्षिप्त विकासक्रमलाई देहायनुसार विश्लेषण गरिएको छ ।

### ३.२.१.१ पहिलो चरण (सामाजिक कथाकारका रूपमा) वि.सं. २००१ देखि २००९

२००१ सालमा साहित्यिक सिर्जनाको सुरुवात कथा क्षेत्रबाट गरेका बदरीनाथ भट्टराईद्वारा विभिन्न पत्रपत्रिकाहरूमा कथाहरू प्रकाशित गराएको पाइएको छ । यस चरणमा भट्टराईले समकालीन सामाजिक कथाकारका रूपमा समाजमा घटेका विभिन्न समसमायिक घटना तथा समाजमा विद्यमान विविध पक्षलाई लिएर कथाको सिर्जना गरेका छन् । उनका यस चरणमा कुनै सङ्ग्रहको रूपमा कथा प्रकाशित भएका छैनन् तापनि विभिन्न पत्रपत्रिकामा फुटकर कथाहरू भने प्रकाशित भएको पाइएको छ । उनी यस समयको साहित्यिक यात्रामा कथा, निबन्ध, नाटक, खण्डकाव्य लेखन र संस्कृत साहित्यको अध्ययन तथा विविध साहित्यको अनुवाद तर्फ अगाडि बढेको देखिन्छ । बदरीनाथका यस चरणमा प्रकाशित फुटकर कथाहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ: मूलबाटो (शारदा, २००१: १२२–१२३), परिवर्तन (पुरुषार्थ,२००६: ८५– ८८), आनेश्यको चिठ्ठी ( शारदा, २००६), सत्यको खोज ( शारदा, २००७–२००८), चौसल्ला (शारदा, २००७), कवि सम्मेलन (भारती, २००८: ६२–६३), कालको साथी इनार ( भारती, २००९: ६०–६२), पुस्तकको आगो ( भारती, २००९:१४८–१४९) ।

यस चरणका उनका कथाहरूलाई अध्ययन, विश्लेषण गर्दा उक्त कथाहरू अध्यात्म उन्मुख सामाजिक सचेतनामूलक कथा भएको पाइएको छ । उनको पहिलो कथा *मूलबाटो* मा संसार एउटा जङ्गलको रूपमा विकसित छ । यस भयङ्कर जङ्गलबाट मुक्त हुने बाटोको खोजी गरिएको यस कथाको चरित्रमा अध्यात्ममार्ग नै मुक्तिको मार्ग हो भन्ने भाव स्पष्ट देखिन्छ । अत: भविष्यमा हुने आध्यात्मिक चिन्तनको बीज भट्टराईको यसै कथाबाट रोपिएको जस्तो आभास कथा अध्ययनबाट प्राप्त हुन्छ । समग्रमा भन्दा प्रथम चरणमा

भट्टराई समाजका विविध पाटाहरूलाई स्पष्ट रूपमा चित्रण गर्ने र स्वस्थ्य समाजको निर्माण गर्ने सामाजिक द्रष्टाका रूपमा चिनिएका छन् ।

सामाजिक प्रयोगवादी साहित्यकार भट्टराईको प्रथम चरण आभ्यासिक चरणको रूपमा पाइएको भए तापनि आधुनिक शिक्षाले जन्माएको नयाँ विचार र पुरानो शिक्षा प्रणालीजन्य विचारको भिन्नता स्पष्ट रूपमा उजागर गरिएको पाइन्छ । यिनका कथा साहित्यमा प्राचीन सामाजिक दर्पणमा आधुनिक युगलाई प्रतिविम्बित गर्ने काम भएको पाइन्छ । उक्त कथाहरूमा प्राचीन र वर्तमान समाज स्पष्ट रूपमा झल्किएको देखिन्छ । आधुनिक कथाको दोस्रो दशकदेखि कथा क्षेत्रमा देखापरेका भट्टराई प्रारम्भमा सामाजिक यथार्थवादी कथाकारका रूपमा चिनिएका छन् । भट्टराईको पहिलो कथा काल्पनिक विषयवस्तुमा आधारित भए तापनि अध्यात्मतर्फ उन्मुख रहेको पाइन्छ । सामाजिक यथार्थ घटनालाई विषयवस्तु बनाएर कथाकृतिहरूको रचना गर्ने भट्टराईद्वारा २००१ सालदेखि २००९ सालसम्म यसै प्रवृत्तिका कथा तथा निबन्धको रचना गरेको पाइन्छ । कादम्बरी नाटकको अनुवाद पनि उनले यसै समयमा गरे । यस चरणमा भट्टराईको कथा कृतिको भाषा सरल, सरस तथा सहज भए तापनि संस्कृत भाषाको प्रभाव भने परेको देखिन्छ ।

भट्टराई यस चरणमा सामाजिक कथाकारको रूपमा जन्मिएका हुन् । उनले तत्कालीन समाजका आर्थिक पक्ष, पारिवारिक स्थिति, काव्यसाहित्यको अवस्था, साहित्य लेखनको समस्या, समाजमा नारीको स्थान, सामाजिक मूल्य मान्यता जस्ता विविध सामाजिक आर्थिक परिवेशलाई चित्रण गरेर आफ्ना कथा सिर्जना गरेका छन् । यस चरणमा भट्टराइले *सत्यको खोज* पौराणिक कथा एउटै मात्र लेखेका छन् । बाँकी सबै कथाहरू सामाजिक कथाका रूपमा रहेको पाइएको छ । समाजमा रहेका सांस्कृतिक मूल्यमान्यता, धार्मिक आस्था र धर्मप्रतिको आत्मविश्वास, नैतिक आर्दश, मानवीय मूल्यमान्यताका साथै सामाजिक विकृति र विसङ्गतिको पर्दाफास गर्दै जीवनका आरोह अवरोधहरूसित सङ्घर्ष गरेर अगाडि बढेका पात्रहरूको चरित्र चित्रणलाई स्पष्ट रूपमा उल्लेख गरिएका यी कथाहरूले स्वच्छ समाजको मार्गदर्शन गरेका छन् ।

### ३.२.१.२. दोस्रो चरण (पौराणिक बालकथा, पौराणिक कहानी तथा ऐतिहासिक कहानीहरू) २०१० देखि २०२०

यस चरणमा साहित्यकार बदरीनाथ भट्टराई विशेष गरेर पौराणिक र ऐतिहासिक कथाकारको रूपमा देखा परेका छन् । यस चरणमा उनले साहित्यका क्षेत्रमा काम गर्दा गर्दै आफ्नो अध्ययनतर्फ लागी संस्कृत साहित्य, भाषा साहित्य र धर्म शास्त्रमा डिग्री हासिल गरेका थिए । बदरीनाथले लेखनको क्रममा साहित्य लेखनको क्षेत्रलाई रोज्दा कथा साहित्यमा कलम अगाडि बढाई समाजमा आध्यात्मिक चेतनातर्फ पाठकलाई उन्मुख गराएको पाइन्छ । बालबालिकाहरूलाई आध्यात्मिक नैतिक सन्देश प्रदान गर्ने हेतुले कथाकारले रामायण, महाभारत र पुराणका विविध घटनाहरूलाई लिएर पौराणिक कथा नामक बालकथा सङ्ग्रह प्रकाशित गर्न सफल भएका छन् । भट्टराईद्वारा यसै समयमा *पौराणिक कहानी* नामक कथासङ्ग्रह प्रकाशित गरी पौराणिक समयका राजा, महाराजाहरू, ऋषि महर्षिहरू उक्त समयमा सामान्य मानिसहरूका यथार्थ जीवन चरित्रका विषयमा विभिन्न शीर्षकका कथाहरू रचना गरी सच्चरित्रको विकास गराउन खोजिएको जस्तो देखिन्छ ।

राष्ट्रप्रेमी विद्वान् भट्टराईले आठौं शताबदीको अरमुन्डीकालीन ईतिहासदेखि राणाशासनको अन्त्यावस्थासम्मको ऐतिहासिक विषयवस्तुलाई आफ्ना कथाका आधारभूमि बनाएका छन् (शर्मा, २०३३ : १०७) । नेपालको इतिहासमा घटेका घटनाहरूलाई आधार मानेर २०१५ सालमा *ऐतिहासिक कहानी* जस्तो महत्त्वपूर्ण कृतिको प्रकाशन गरी नेपालका राजनीति कर्मी व्यक्तिहरूलाई सङ्घर्ष, त्याग र बलिदानको शिक्षा प्रदान गर्न सफल भएको पाइन्छ । यस चरणका कथाहरूमा सङ्ग्रहित कथा र फुटकर कथाहरूमध्ये पौराणिक बालकथा सङ्ग्रह र पैाराणिक कहानी अन्तर्गत क्रमशः निम्नलिखित एकाइस- एकाइस वटा कथाहरू रहेका छन् : भगीरथ, सुन्द र उपसुन्द, तेस्रो चरित्र, प्रल्हाद, पुरूरवा, पृथु, रजि, चूडाला, कार्तवीर्य, जनक, सुलभा, रावण, विश्वामित्र, कान्तिमती, भृगु र हैहय, दमयन्ती, ययाति, वाल्मीकि, मदालसा, दुर्योधनको सन्देश र प्रमीला (भट्टराई, २०१०) । साथै पौराणिक कहानी कथासङ्ग्रह अन्तर्गत - साक्षात् देवता, क्षमाको भीक, जवानीको जोश, मातृहत्या, धनको मोह, माहिलो छोरो आनामानी, व्यभिचार, घुस्माको क्षमा, माझीकी छोरी रानी, न्यायको पक्ष, सैरन्ध्री, पछुतो, सीमन्तिनीको दैनन्दिनी, जङ्गी उर्दी, क्षत्रियाणी ज्वाला, सौताको डाह, तरुना जोगी, साधु चोर, पतन, इनारको शरण र चितामा आहुति पर्दछन्

(भट्टराई, २०१०) । यी कथा सङ्ग्रहका साथै यस चरणमा ऐतिहासिक कहानी अन्तर्गत : बहादुरीको हत्या, शुक्रास्त, खड्गबहादुर, प्रतिफल, षड्यन्त्र, विश्वासघात, भीमसेन थापाको दैनन्दिनीबाट, विन्तिपत्र, असंभव, घरझगडा, वेदना, मनस्ताप, वीरताको वत्ती, संघर्ष, आइमाईको हालीमाली, सन्धिभङ्ग, वैराग्यको उदय र तीन पर्व गरी अठार वटा कथा र फुटकर कथाको रूपमा *कुन्ति* प्रकाशित भएको पाइन्छ (भट्टराई, २०१५) ।

## ३.२.१.३. तेस्रो चरण (वैदिक कहानी संग्रहका रूपमा) २०२१ देखि २०३३ सम्म

यस चरणमा आएर कथाकार भट्टराई दार्शनिक कथाकारका रूपमा प्रस्तुत भएका छन् । (२०२१-२०३३) पहिलो चरणमा सामाजिक कथावस्तुबाट कथा लेखन सुरु गरेका भट्टराईले दोस्रो चरणमा इतिहास पुराणका विषयवस्तुलाई आधार बनाएर कथा रचना गरेका छन् भने तेस्रो चरणमा आएर नैतिक आदर्श मूल्य मान्यता, आध्यात्मिक दर्शन, आत्मज्ञान, ब्रह्मज्ञान आदि विषयवस्तुलाई लिएर कथाहरूको रचना गरेको पाइएको छ । बदरीनाथ भट्टराईले आध्यात्मिकताको सन्दर्भमा पहिलो कथा मूलबाटोमा मुक्तिमार्गको खोजी, ज्ञान प्राप्तिको मूल ध्येय नै आध्यात्मिक चिन्तन हो भन्ने बुझी उपनिषद्को गहन अध्ययन गर्न पुग्दछन् । जीवन र जगत्लाई पार लगाउन ज्ञानविना मुक्ति सम्भव छैन तसर्थ मुक्तिको मार्ग ज्ञान हो र मानिसले प्राप्त गर्नुपर्ने सर्वोत्तम उपलब्धि पनि ज्ञान नै हो भन्ने कुराको चिन्तन यस चरणका कथाहरूको मुख्य प्राप्ति हो भन्ने कुरालाई आत्मसात् गर्दै वैदिक कहानी कथासङ्ग्रह र केही फुटकर कथाहरू प्रकाशित गरेका छन् । उनले विभिन्न फुटकर कथाहरूका साथै संस्कृतमा पुराणभित्र रहेका विभिन्न पौराणिक र वेदभित्रका वैदिक विषयवस्तुहरूलाई लिएर नेपाली भाषामा अनुवाद पनि गरेको पाइएको छ । जसले नेपाली आध्यात्मिक व्यक्तिहरूलाई भगवान् भक्तिमा लाग्न र आत्मज्ञान प्राप्त गर्न सहज र सरल बनाएको छ । यस चरणका वैदिक कहानी सङ्ग्रहभित्रका कथाहरू : हैमवती, शक्तिपरीक्षा, अधुरो ज्ञानको खण्डन, के रैक्वको विहे, तीन वरदान, शान्तिको मार्ग, आथर्वण दध्यङ्, अंशवण्डा, तिनौटा द, भूमा, सत्यकाम, सारा इच्छा पूरा हुने उपाय र पाँच प्रश्नको उत्तर रहेका छन् (भट्टराई, २०२९) भने फुटकर कथाहरूमा : सफल अश्वमेघ (गोरखापत्र, २०२१: श्रावण २४गते), आमाको शिक्षा (मर्यादा वर्ष ३, अङ्क १ (२०२७) फागुन पृ.३९–४५), शुकजीको प्रश्नको उत्तर (साक्षात्कार वर्ष ७, अङ्क ३, २०२९.पृ.३५), शिखिध्वजको बोध ( साक्षात्कार वर्ष ७, अङ्क ४, २०२९: पृ. ३१–३५), सप्तशतीको सारांश (गोरखापत्र, २०३२,

असोज २६ गते पृ.३-४), र देवीगीता (धर्मसन्देश वर्ष ५, नववर्षाङ्क १, २०३३ पृ.५–८) गरी १९ वटा कथाहरू प्रकाशित भएको पाइएको छ ।

यी उल्लिखित वैदिक (आध्यात्मिक) कथा अनुवाद बाहेक पनि भट्टराईका तत्कालीन पाठ्यक्रममा समावेश गर्नका लागि केही कृतिहरू पनि प्रकाशित भएका थिए तर उक्त कृतिहरू के मा र कहिले प्रकाशित भएका थिए भन्ने कुरा पत्ता लगाउन सकिएको छैन । *धर्मबोध भाग (१–५), अनुवाद बोधिनी, प्रबोध सुधाकर (२०४१), अनुवाद प्रकाशिका* यी कृतिहरू भाषा व्याकरण सम्बन्धी भएको पाइएको छ । यसका अतिरिक्त भट्टराईले संस्कृत भाषामा पनि कलम चलाएका थिए । संस्कृतमा लेखिएका उनका कृतिहरूमा *आत्म चिन्तनस्य* संस्कृत व्याख्या र *श्रीगीतागुह्यम्को* संस्कृत टीका रहेको पाइएको छ । दुवै कृतिलाई भट्टराईले संस्कृत भाषा टीकाको रूपमा रचना गरेका छन् ।

यस चरणमा उनीद्वारा आध्यात्मिक दर्शनमा आधारित अनगिन्ती कथाहरूको रचना गर्नुको साथै संस्कृत भाषामा लेखिएका कृतिहरूलाई नेपाली भाषामा अनुवाद गरेको पाइएको छ । वैदिक कहानी यस चरणको प्रतिनिधि कथा सङ्ग्रहको रूपमा प्रकाशित कृति हो । वैदिक कथाहरूमा ज्ञानविनाको मानिस अन्धो हुन्छ भन्ने कुरालाई स्पष्ट रूपमा उल्लेख गरिएको छ । मानिसमात्र होइन देवताहरू पनि ज्ञानको अभावमा सुख शान्तिबाट वञ्चित हुँदा रहेछन् भन्ने सन्देश यी कथाहरूमा पाइन्छ ।

भट्टराई अध्यात्मवादी व्यक्ति हुन् । आध्यात्मिक साधनाबाट मानिसले कुनै पनि समयमा ज्ञान प्राप्त गर्न सक्छ भन्ने कुरा यिनका कथाहरूमा दर्शाइएको छ । मानिसमा आध्यात्मिक ज्ञान हुनुपर्छ । उसमा आत्मज्ञान प्राप्त गर्न, भगवान्प्रतिको भक्ति र आत्म विश्वास हुनुपर्छ । वैदिक कालमा होस् वा आधुनिक कालमा होस् भगवत्वप्राप्तिका लागि भगवान्प्रति निरन्तर रूपमा भक्ति न्यास, ध्यान, पूजा, पाठ गर्नु अति तका नै जरूरी रहेको हुन्छ । मानवले ज्ञानप्राप्तिका लागि आध्यात्मिक चिन्तनमा लागि काम, क्रोध, लोभ, मोह त्याग गर्नुपर्ने कुरा यी कथाहरूबाट बुझ्न सकिन्छ । बदरीनाथ भट्टराई पूर्वीय अध्यात्मदर्शनका पारखी हुन् । यिनले वेद, उपनिषद् र विभिन्न पुराणहरूको अध्ययन विश्लेषण गरेका छन् ।

बदरीनाथ भट्टराई वेदान्त दर्शनबाट विशेष प्रभावित भएको कुरा यिनका प्रकाशित अध्यात्मिक कृतिहरूबाट बुझ्न सकिन्छ । यिनी गुरु शङ्कराचार्यबाट बढी प्रभावित भएको देखिन्छ (गड्तौला, २०५२ : १३) । उनको विचारमा यो ब्रह्माण्ड नश्वर हो, हाम्रो जीवन पानीको बुलबुल जस्तो हो, यो संसारको सृष्टि नै मानवीय भ्रम हो भन्ने रहेको छ । आध्यात्मिकता जस्तो अदृश्य आत्मभावलाई बोध गरेका भट्टराईले मानिसलाई ब्रह्मको उपासना गर्नु पर्ने उपदेश दिएको प्रसङ्ग उनका कथाहरूबाट मनन् गर्न सकिन्छ । ब्रह्म निराकार छ र यिनले कार्यको निम्ति विभिन्न आकार धारणा गर्दछन्, त्यसैले साकार ब्रह्म र निराकार ब्रह्ममा केही भेद छैन भन्ने मतमा विश्वास गर्ने बदरीनाथ जीवन र जगत्को चिन्ताबाट एक अद्वितीय चित्तात्मा नै शाश्वत छ, अन्य सबै नाशवान् छन् भन्ने ठान्दछन् । भट्टराईको विचारमा मानिसको जीवनमा गर्भावस्थादेखि नै दुःखको सुरुवात हुन्छ, जन्मेपछि अझ दुःख हुन्छ र मानवीय जीवन नै दुःखै दुःखको सागर हो भन्ने रहेको छ । भट्टराईले मानिसलाई पुनः मर्नु, जन्मनु नपरोस् भनी अध्यात्मिकताको खोजीमा अगाडि बढ्न प्रेरणा प्रदान गरेको कुरा उनका कृतिहरूबाट पाउन सकिन्छ ।

आध्यात्मिक चिन्तनका पक्षधर ज्ञानका खानी परिपक्व व्यक्तित्व बदरीनाथ भट्टराई यस चरणमा आइपुग्दासम्म भगवद् भक्तिमा तल्लीन रही ज्ञान र उपासनामा एकत्त्व भएको पाइएको छ । वैदिक युगमा भएका ज्ञानविज्ञानका विषयवस्तुहरूलाई आफ्नो कथाका विशेष खुराक बनाएर आजको ज्ञान पिपासारहित समाजलाई ज्ञानमार्गको खोजी गर्न प्रेरित गर्नु भट्टराईका लेख रचनाहरूका महत्त्वपूर्ण पक्षहरू हुन् । मानिसहरूमा पूर्ण ज्ञानको अभावमा अल्पज्ञानका कारण काम, क्रोध, लोभ र मोह जस्ता विषयहरू जागृत भई मानव समाजमा विकृतिहरू पैदा हुन थालेको छ । मानिसभित्र रहेका सुख शान्तिहरू हराउँदै गएर अशान्तिको जालोभित्र रुमलिन थालेका छन् । त्यस्ता मानव समाजलाई ब्रह्मज्ञान प्रदान गर्नुपर्ने ध्वन्यात्मक सङ्केत भट्टराईका यस चरणका कथाकृतिहरूमा पाउन सकिन्छ ।

अतः वि.सं. २००१ सालदेखि आफ्नो साहित्य यात्रा सुरु गरी वि.सं. २०४६ सालसम्म पनि फुटकर कथाहरू, कथा सङ्ग्रहहरू, कविता, खण्डकाव्य, निबन्ध, प्रबन्ध अनुवाद तथा संस्कृत साहित्य आदिको रचना गरी साहित्यिक यात्रा गरेका बदरीनाथ भट्टराईका स्पष्टतः चरणगत भिन्नताहरू देखिन्छन् । सुरुमा भट्टराईले नितान्त काल्पनिक अध्यात्ममूलक कथा *मूलबाटो* बाट कथा यात्रा आरम्भ गरेका छन् । त्यसपछि *परिवर्तन,*

*आनेस्योको चिठ्ठी* जस्ता सामाजिक यथार्थवादी कथाहरूबाट साहित्यको यात्रालाई अगाडि बढाएको पाइएको छ । २००९ सालमा प्रकाशित *पुस्तकको आगो* मा नेपालमा लेखक तथा साहित्यकारहरूको मार्मिक र कारुणिक व्यवस्थाको उल्लेख गरेर वर्तमान समाजका विकृतिहरूबाट पलायन हुँदै दोस्रो चरणमा (वि.सं. २०१० साल) पौराणिक युगको साहित्यिक यात्रालाई सुरु गर्न पुग्दछन् । पौराणिक समाजमा रहेका विभिन्न समस्याहरू, समस्याका कारणले उत्पन्न भएको निराशा, भोक र रोगको स्थिति, कलह, द्वेष, वैमनष्यताको स्थिति आदिलाई आफ्नो कथाको मुख्य विषयवस्तु बनाएका छन् । पौराणिक समय होस् वा आधुनिक मानवसमाज, मानवीय समस्याबाट कोही पनि मुक्त हुन सक्दैन । धैर्यधारण गरी आध्यात्मिक चिन्तन र ज्ञानमा गहिरिएर लाग्ने व्यक्तिले ज्ञान प्राप्त गर्न सकेमात्र शान्ति प्राप्त हुन्छ भन्ने धारणा बोकेका बदरीनाथ कथालेखनको क्रममा नेपालको इतिहास तर्फ फर्किन्छन् । ऐतिहासिक कथामार्फत समाजमा रहेका सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक मूल्य र मान्यताका अतिरिक्त आर्थिक शोषण, लैगिङ्क विभेद जस्ता विकृतिहरू समाजमा विद्यमान रहेका कुरा उल्लेख गरेका कथाकार २०१६ सालमा देवकोटाको मृत्यु पश्चात् अत्यन्त दुःखी भएर अध्यात्मचिन्तनमा एकाकार हुन पुगेको पाइएको छ ।

तेस्रो चरण अर्थात् २०२१ साल पछि साहित्यकार बदरीनाथ भट्टराई पूरै आध्यात्मिकतातर्फ उन्मुख भई कथा साहित्य तथा संस्कृत साहित्यका आध्यात्मिक ज्ञानमूलक कथा आदिलाई नेपालीमा अनुवाद गर्न तर्फ लागेको पाइएको छ । अतः भट्टराईका कथा तथा साहित्यका यी तीन चरणलाई विश्लेषण मूल्याङ्कन गर्दा वर्तमान समाजलाई स्वच्छ र शान्त बनाउन पौराणिक, ऐतिहासिक, वैदिक तथा सामाजिक चेतनामूलक शिक्षा आवश्यक छ । विगतमा भएका अनेक किसिमका प्राप्ति अप्राप्तिबाट वर्तमानले शिक्षा प्राप्त गर्नु पर्दछ । वर्तमान समाजलाई स्वच्छ, शान्त र नैतिक आदर्शतिर डोऱ्याउन मानिसमा आध्यात्मिक चेतना र ज्ञान आवश्यक रहेको हुन्छ भन्ने सन्देश भट्टराईका कथा साहित्यबाट प्राप्त गर्न सकिन्छ ।

## ३.२.२. आध्यात्मिक दर्शनका आधारमा बदरीनाथ भट्टराईका कथाहरूको वर्गीकरण

नेपाली कथा लेखनको फाँटमा आफ्नो छुट्टै पहिचान बनाएका सामाजिक पौराणिक, वैदिक तथा ऐतिहासिक कथाकार बदरीनाथ भट्टराई आध्यात्मिक दर्शनका प्रयोक्ता हुन् ।

भट्टराईलाई विचार र चिन्तनका दृष्टिले आध्यात्मिक दर्शनका प्रयोक्ता मानिन्छ । आध्यात्मिक विचारलाई प्रस्तुत गर्ने विषयवस्तुको छनोटलाई हेर्दा कथाकार भट्टराईले आध्यात्मवादी दर्शनको केन्द्रविन्दुमा रहेर त्यसभित्रका सबल र दुर्बल पक्षमाथि कलम चलाएको पाइन्छ । आध्यात्मिक दर्शन सम्बन्धी आफूभित्रका अस्पष्टताहरूलाई किनारा लगाउन *उपनिषद्, श्रीमद्भगवद्गीता, विभिन्न पुराणहरू, महाभारत, रामायण* आदिका अध्ययन विश्लेषण गरेर प्रस्तुत गरेको उनका कृतिहरू गम्भीर प्रकृतिका पाइन्छन् । भट्टराईले आत्मज्ञान, ब्रह्मतत्त्व, मानवधर्म, स्वतन्त्रता, समानता, मानवतावाद, अहिंसा, मानव अधिकार, नारी स्वतन्त्रता आदिलाई उल्लेख गरेर नैतिक सामाजिक, नीति नियम, मूल्य र मान्यता आदिको सन्देश दिन खोजेका छन् । भट्टराईका कृतिहरूभित्र लुकेर रहेका आध्यात्मिक जीवनदर्शन, सांस्कृतिक मूल्यमान्यता, धार्मिक र आध्यात्मिक पक्षको प्रबलता अति नै महत्त्वपूर्ण रहेको पाइन्छ । पूर्वीय षड्दर्शन, न्याय, योग, साङ्ख्य, वैशेषिक, मीमांसा, वेदान्त लगायत उपनिषद् र श्रीमद्भगवदगीता, श्रीमद्भागवत, रामायण, महाभारत, शिवपुराण, देवीभागवत लगायत विभिन्न पुराणहरू कथाकार भट्टराईका कथावस्तुभित्रका प्रस्तुतिहरू रहेका छन् ।

कथाकार भट्टराईद्वारा आफ्ना पौराणिक बालकथा, पौराणिक कहानी, वैदिक कहानी लगायत कथासङ्ग्रहहरूभित्रका कथाहरूमा आध्यात्मिक दर्शनको विशेष प्रयोग गरेको पाइन्छ । भट्टराईले हिन्दूधर्म, पूर्वीय सांस्कृतिक परम्परा लगायत पौराणिक वैदिक र ऐतिहासिक विषयवस्तुलाई समय सान्दर्भिक रूपमा रचना गरी प्राचीन संस्कृतिका विषयलाई समेत तटस्थ राख्ने काम गरेका छन् । धर्मशाास्त्र, साहित्य, संस्कृत शिक्षा, धर्मदर्शन र संस्कृतिको समन्वय गरी सबैप्रति आस्थाभाव प्रकट गर्ने काम भट्टराईले आफ्ना कथाहरूमा गरेको पाइन्छ । मानवीय जीवनको सार्थकता वास्तविकताप्रति सचेत कथाकार भट्टराईले जीवनको नश्वरता, अवास्तविकता, क्षणिकता, दुःखमयतालाई देखाएर पाठकलाई सामाजिक नैतिक तथा आध्यात्मिक मार्गदर्शन गरेका छन् । आध्यात्मिक दर्शनभित्रका धार्मिक सांस्कृतिक, सामाजिक, ऐतिहासिक, नैतिक आदि विषयवस्तुलाई केन्द्रविन्दु बनाएर ईश्वर, ब्रह्म, सत्य, आदर्श, ब्रह्मतत्त्व प्राप्ति, मोक्ष, ज्ञानविज्ञान, अज्ञानता हटाउने उपाय, न्यास, ध्यान, योग, पाप, पुण्य सांसारिक सुखदुःख, कर्म, कर्तव्य पालना, ऋषिमहर्षिहरूको त्याग तपस्या, स्वर्गीय आनन्द प्राप्ति पौराणिक युगका राजा महाराजहरूले पालना गर्नुपर्ने धर्मनीति, तत्कालीन अवस्थाका साधारण मानिसहरूले भोग्नु परेको दुःखकष्ट, दुःख निवारणका उपाय, वैदिक युगमा वेद वेदाङ्गमा पारङ्गत देवर्षि राजा प्रजाहरूले गरेका तपस्या र उनीले गरेका भोग विलासको प्रसङ्ग लगायत उक्त भोगविलासको कारण मानिसले भोग्नु परेका परिणामका साथै उक्त पाप कर्मबाट उठ्न मनुष्यले गर्नुपर्ने आध्यात्मिक धर्म, कर्म, यज्ञ, दान, होम आदि

कुराको वर्णन यी कथाहरूमा गरिएको पाइन्छ । भट्टराईका आध्यात्मिक कथाहरूमा पूर्वीय आध्यात्मिक दर्शनको कम प्रभाव रहेका ऐतिहासिक विषयवस्तुमा आधारित कथाहरूको रचना पनि कथाकार भट्टराईले गरेका छन् । ऐतिहासिक कथा सङ्ग्रहभित्रका कथाहरूको अध्ययन विश्लेषण गर्दा बदरीनाथ भट्टराईले नेपालको इतिहासमा राणाशासनको ऐतिहासिक विषयवस्तु, शाही शासनको ऐतिहासिक विषयवस्तु लगायत विभिन्न समयमा राजा, महाराजा ऐतिहासिक विभूति लगायतका व्यक्तित्वहरूले देशलाई एकीकरण गर्ने क्रममा र आफूले आफ्नो शासनसत्ता सञ्चालन गर्ने क्रममा एकले अर्कोलाई गरेको असहयोग तथा अर्कोलाई हुत्याएर आफू अगाडि बढ्नु परेको अवस्थामा, हत्या, हिंसा, कलह, षड्यन्त्र, दाउपेच जस्ता सामाजिक विकृतिहरूलाई नजिकैबाट निहालेर कथा निर्माण गरेको पाइन्छ । भट्टराईका ऐतिहासिक कथा समूहहरूमा आध्यात्मिक दर्शनको प्रभाव केलाउने क्रममा व्यक्तिको उच्च आदर्श, अनुशासन, धार्मिक आस्थाविश्वास आदि पाइएको छ । सत्ता प्राप्तिका लागि गरेको षड्यन्त्रपूर्ण कार्यबाट भट्टराई दुःखी हुन पुगेर यस समूहका कथाहरूको रचना गरेको पाइन्छ । त्यस्तै उनले समाजसुधार गर्ने उद्देश्यले सामाजिक विषयवस्तुमा आधारित कथा रचना गरेर समाजका विकृति र विसङ्गतिलाई चिरफार गरेका छन् ।

अतः आध्यात्मिक दर्शनका मार्गदर्शक बदरीनाथ भट्टराईको कथाकृतिका आधारमा संस्कृत तथा नेपाली दुवै वाङ्मयमा भट्टराईको व्यक्तित्व प्रतिष्ठित एवम् अमर देखिन्छ । भट्टराई उपदेशमूलक, सुधारमूलक, धार्मिक, वैदिक, पौराणिक र ऐतिहासिक कथाकार मानिन्छन् । भट्टराईका आध्यात्मिक आस्था र नैतिक विचारका पौराणिक, वैदिक र ऐतिहासिक कथाहरू नेपाली साहित्यमा प्रसिद्ध रहेका छन् ।

पूर्वीय षड्दर्शनको आधारमा बदरीनाथ भट्टराईका कथाहरूलाई अध्ययन विश्लेषण गर्दा उनका कथाहरूमा आस्तिक हुनुका साथै कतैकतै भौतिकताको मिश्रण पनि पाइएको छ । भट्टराईमा पूर्वीय धर्म र संस्कृतिको विशेष ज्ञान भएकाले उनले आध्यात्मिक आस्था र नैतिक विचारका कथाहरूको रचना गरेका छन् । भट्टराईले आफ्ना कथाहरूमा समाजमा नीति चेतना ल्याउने र आध्यात्मिक जागरण फैलाउने उद्देश्य राखेका छन् । भट्टराईका यस समूहका कथाहरू हेर्दा सामान्य जस्तो लागे पनि यी कथाहरूको गहनतालाई बुझ्दा आध्यात्मिक मार्गको खोजी गर्न सकिने देखिन्छ । भट्टराईले मानवीय जीवनको सामाजिक आर्थिक, भौगोलिक सांस्कृतिक, धार्मिक राजनैतिक लगायतका विभिन्न विषयवस्तुलाई समेटेर कथात्मक साहित्यको रचना गरेका छन् । तिनै विषयवस्तुभित्र मानवीय जीवनको

रहस्यलाई उजागर गर्नलाई कथाकार पूर्वीय आध्यात्मिक दर्शनतिर फर्केर कथाहरूको रचना गर्न पुगेका जस्तो देखिन्छ ।

भौतिक सुखमा रमाएर वास्तविक सुखलाई विर्सन पुगेका मानव समुदायलाई आध्यात्मिक कथात्मक बुटी प्रदान गरेर वास्तविक आध्यात्मिक सुखको रहस्य बताउन कथाकार सफल देखिन्छन् । उनले वेद, उपनिषद्, महाभारत, श्रीमद्भागवत, देवीभागवत तथा विभिन्न पुराणहरूमा उल्लिखित महत्त्वपूर्ण आध्यामिक तत्त्वलाई ल्याएर कथात्मक रूप दिएका छन् । मानिसले जीवन जिउने क्रममा विभिन्न किसिमका आरोह अवरोहहरू पार गर्नु पर्ने हुन्छ । ती कष्ट निवारणको एउटै मात्र उपाय भगवत्त्व प्राप्ति हो । त्यसका लागि मानिसमा आत्मादेखि नै भगवान् भक्ति, त्याग र तपस्याको भावना हुनु पर्दछ भन्ने कुरा यी कथाहरूमा उल्लेख गरिएको पाइन्छ । भट्टराईका वैदिक कहानी कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरू वेद, उपनिष्दबाट लिएर प्राञ्जल भाषाशैलीमा प्रस्तुत गरिएको छ ।

आध्यात्मिक दर्शन भनेको आत्माको दर्शन हो । आफ्नै शरीरभित्र रहेको ब्रह्मतत्त्वको दर्शन गर्नु हो । भगवान्का पालादेखि चल्दै आएको पूर्वीय (हिन्दू) दर्शनभित्र रहेका सम्पूर्ण अमृतमय आध्यात्मिक घुटी नै आध्यत्मिक दर्शन हुन् । वास्तवमा पूर्वीय जीवनको उद्देश्य विराटलाई स्पर्श गर्नु हो । जो मानिस भगवान्को भक्त हुन्छ, ऊ अनन्त हुन्छ, आनन्दमय हुन्छ । जुन व्यक्ति आनन्दमय हुन्छ, ऊ अनन्त पनि हुन्छ भन्ने कुरालाई उपनिषद्ले प्रतिपादन गरेको पाइन्छ । जुन रहस्यलाई लिएर इन्द्र, यमराजलगायतका विभिन्न देवी देवता तथा ऋषिमुनिहरूको त्याग, तपस्या र गुरुकुल शिक्षा प्रणालीमा गुरुसँग शिक्षा लिदा शिष्यले पालना गर्नु पर्ने नीति, नियम, आचार, सदाचार आदिलाई उल्लेख गरेर पूर्वीय धर्म र संस्कृतिलाई उजागर गरी आधुनिक मानिसलाई आध्यात्मिक मार्गदर्शन यी कथाहरूमा गरिएको छ । आध्यात्मिक आचार संहिताको पालना गरेर शिक्षा लिन चाहने शिष्यले अवश्य पनि आत्मतत्त्व (ब्रह्मज्ञान) प्राप्त गर्न सक्दोरहेछ भन्ने कुरालाई भट्टराई आफ्ना आध्यात्मिक दर्शनको प्रभाव परेका कथाहरूमा देखाउन सफल देखिन्छन् ।

आध्यात्मिक दर्शनका आधारमा बदरीनाथ भट्टराईका कथा विश्लेषणका सैद्धान्तिक मान्यताहरूलाई नै कथा वर्गीकरणका आधार मान्दै भट्टराईका कथाहरूमा भएका प्राचीन पूर्वीय संस्कृति, धर्म, ईश्वर, वेदमा उल्लेखित विषयवस्तु, पुराणमा उल्लिखित विषयवस्तु, परजन्म र पुनर्जन्म, दर्शन, कर्म, मानवधर्म, शरीर, आत्मा, मोक्ष, सुख-दुःखका बारेमा लेखिएका कथालाई अध्ययन गरी देवकुल र ऋषिकुल सम्बन्धी, पौराणिक समयको राजकुल र पौराणिक समयका सामान्य मानव जीवन सम्बन्धी, नेपालको ऐतिहासिक राजारानी र

वीरवीराङ्गनाका चरित्र सम्बन्धी विषयलाई आधार बनाएर सोही अनुसार कथा समूह नामाकरण गरी निम्नानुसार तीन किसिमका समूहमा विभाजन गरेर विश्लेषण गरिएको छ ।

- देवकुल तथा ऋषिकुल सम्बन्धी कथा समूह ।
- पौराणिक समयको राजकुल तथा सामान्य मानव जीवन सम्बन्धी कथा समूह ।
- नेपालका ऐतिहासिक राजारानी र वीरवीराङ्गनाको चरित्रमा आधारित कथा समूह ।

## ३.३. अध्यायगत निष्कर्ष

यस अध्यायमा बदरीनाथ भट्टराइको परिचय, बदरीनाथ भट्टराईको कथा यात्रा अन्तर्गत चरण विभाजन र आध्यात्मिक दर्शनका आधारमा बदरीनाथ भट्टराईका कथाहरूको वर्गीकरणलाई उल्लेख गरिएको छ । बदरीनाथ भट्टराईको साहित्यिक यात्राको आरम्भ २००१ सालदेखि भएको देखिन्छ । उनले कथा, कविता, निबन्ध, नाटक/एकाङ्की लेखेका छन् साथै संस्कृत साहित्यका विभिन्न आध्यात्मिक, घटनाहरूलाई नेपालीमा अनुवाद पनि गरेका छन् । सामाजिक, ऐतिहासिक, पौराणिक, वैदिक विषयसँग सम्बन्धित रहेका उनका आध्यात्मिक विषयमा आधारित कथालाई तीन चरणमा विभाजन गरिएको छ ।

प्रथम चरणमा उनका कथात्मक उद्देश्य सामाजिक आदर्शतर्फ लक्षित देखिन्छन् । दोस्रो चरणमा उनका कथाहरूमा धर्म, संस्कृति झल्काउने सदाचारमा जोड दिएका प्रेममूलक, राष्ट्रभक्तिमूलक, नीति उपदेशमूल रहेका छन् भने तेस्रो चरणका कथाहरूमा दार्शनिक, आध्यात्मिक, भौतिक चिन्तनमूलक प्रवृत्ति वा विशेषता रहेको पाइन्छ । समग्रमा उनका कथा शिल्पगत दृष्टिले संवादात्मक, एकालापात्मक, वर्णनात्मक, डायरीगत, पत्रात्मक र मिश्रित रहेका छन् भने विषयगत दृष्टिले वैदिक, पौराणिक, ऐतिहासिक, सामाजिक, राजनैतिक, जासुसि, तिलस्मी, मनोवैज्ञानिक, धार्मिक तथा सांस्कृतिक, काल्पनिक र वैज्ञानिक रहेका छन् । त्यस्तै उद्देश्यका दृष्टिले आदर्शवादी, यथार्थवादी, प्रगतिवादी, वैदिक, पौराणिक, ऐतिहासिक, मनोवैज्ञानिक, दार्शनिकतामा आधारित कथाहरूलाई देवकुल तथा ऋषिकुल सम्बन्धी कथा समूह, पौराणिक समयका राजकुल तथा सामान्य मानव जीवन सम्बन्धि कथा समूह र नेपालका ऐतिहासिक वीरवीरङ्गनाका चरित्रमा आधारित कथा समूहमा विभाजन गरी कथामा आध्यात्मिक दर्शनलाई केलाई विश्लेषणको आधार तयार गरिएको छ ।

•••

# अध्यायः चार

## देवकुल तथा ऋषिकुल सम्बन्धी कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव

जीवन, जगत्, जीवात्मा, परमात्मा, ब्रह्मतत्त्व, ब्रह्मज्ञान मोक्षप्राप्तिमा भौतिक तथा आध्यात्मिक चिन्तन, नित्य आत्मतत्त्वको ज्ञान, संसार अनित्य हो भने जीव वा चैतन्य शाश्वत हो । जीवको उत्पत्ति उसको कर्म अनुसार हुन्छ । संसार ब्रह्ममय छ । तर व्यवहार भेदले भ्रान्तिका कारण मिथ्या ज्ञानले गर्दा अनेक रूपको ज्ञान भएको मात्र हो भन्ने वेदान्त दर्शनको सिद्धान्तका साथै देवताहरूको समाज, चरित्र, मानसिक स्थिति, देवता र दानवबिचको झगडा, तिनीहरूका बिचमा भएको अहंपन, विलासी प्रवृत्ति आदि कुरालाई उल्लेख गरेर रचना गरिएका कथाहरू यहाँ पर्दछन् । यस समूहका कथामा इन्द्र, प्रजापति, वायु, अग्नि, शुम्भ-निशुम्भ जस्ता अति-मानवीय पात्रहरू रहेका छन् । यस समूहका कथामा पात्रहरूको चरित्र र सामाजिक परिवेशले वर्णित विषयवस्तुहरू मात्र रहेको पाइन्छ । आध्यात्मिक दर्शन अर्थात् आत्माको दर्शन आत्मज्ञान प्राप्तिको मूल लक्ष्य लिएको चित्तवृत्ति निरोध भनेर चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने शाब्दिक अर्थ बोकेको योग दर्शनसँग अत्यन्त नजिक रहेका ऋषिकुल सम्बन्धी कथा समूहभित्रका कथानकहरूमा ऋषि, महर्षिहरूको चरित्र उनीहरूको कठोर तपस्या, आत्मज्ञान, ब्रह्मज्ञान प्राप्ति सम्बन्धी चिन्तन मनन, उनीहरूको दैनिक आचार, सन्ध्यावन्दन अर्थात् श्रवण, मनन, निदिध्याशन, आत्मज्ञान प्राप्तिका साधनहरूलाई लिएर नित्यकर्मको बोध गराउने प्राचीन ऋषिमुनिहरूको स्वरूपलाई साक्षात्कार गर्न सकिने जस्तो लाग्दछ । ऋषिमुनिहरूको त्याग, तपस्या उनीहरूको पहिरन (निधारमा विभूति, गलामा रुद्राक्ष, कम्मरमा पटुकी) शान्त र विराट स्वरूपको परिचय सँगसँगै उनीहरूको तपस्याभङ्ग भएर निस्केको उग्र रूपको प्रस्तुतिबाट काम, क्रोध, लोभ, मोह जस्ता अस्वाभाविक प्रवृत्तिलाई साधारणीकरण गरेको अवस्थालाई समेत कथामा झल्काइएको छ । पौराणिक कालीन गुरुकुल व्यवस्था, गुरु शिष्य परम्परा, शास्त्रको चर्चा–परिचर्चा, अज्ञान तथा अल्पज्ञानले जन्माएका प्रमाद जस्ता विषयवस्तुहरू पनि यस समूहका कथाहरूमा पाइन्छन् । भट्टराईका देवकुल तथा ऋषिकुल सम्बन्धी कथाको समूहमा वर्णित कथाहरूमा देवकुल तथा ऋषिकुल सम्बन्धी पौराणिक (बालकथा) कथा, पौराणिक कहानी र वैदिक कहानी कथा सङ्ग्रहभित्रका कथाहरूका साथै भूलसुधार र तेस्रो चरित्र फुटकर कथाहरूलाई पनि गोलबद्ध गरेर विश्लेषण गरिएको छ । यस समूह अन्तर्गत पर्ने पच्चीस

वटा कथाहरूलाई विश्लेषण गर्ने क्रममा निम्नानुसार प्रत्येक कथाको कथा विष्लेषण, कथासार, कथामा आध्यात्मिक दर्शनको प्रभाव र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ४.१ तेस्रो चरित्र कथा विष्लेषण

बदरीनाथ भट्टराईको तेस्रो चरित्र कथालाई आध्यात्मिक दर्शनको आधारमा विष्लेषण गरिएको छ । यस कथालाई बदरीनाथ भट्टराईले मार्कण्डेय पुराणमा संक्षिप्त वर्णन गरिएको विषयलाई लिएका हुन् । पौराणिक बालकथा सङ्ग्रहबाट साभार गरिएको यस कथामा मार्कण्डेय पुराणको कथावस्तुमा आधारित दुर्गा सप्तशती (चण्डी) को कथावस्तुलाई सारांशको रूपमा प्रस्तुत गरिएको छ ।

### ४.१.१ कथासार

देवीदेवताको पालामा पनि अन्याय, अत्याचार, दमन, महिलाप्रति कुदृष्टिको व्यवहार आदि हुँदो रहेछ भन्ने सन्देश बोकेको यस कथामा धन, दौलत र बलशक्तिको कारणले दानवहरूमा पलाएको घमण्ड अनि जसले सृष्टि गऱ्यो उसैलाई दुःख कष्ट दिएर खेदिएको अवस्था अर्थात् देवताहरूद्वारा सिर्जित दैत्यहरूले देवताहरूलाई नै लखेटी स्वर्गमा बस्न नदिई आफै राज्य गर्न सुरु गरेका कुराहरू उल्लिखित छन् । देवताहरू दानवहरूले दिएको पीडा सहन गर्न नसकी भगवतीको शरणमा गई अनेक तरहले स्तुति ध्यान गर्छन् । त्रैलोक्य सुन्दरी माता भगवती दुर्गाले आफ्नो अपार शक्ति स्वरूप शुम्भ-निशुम्भनाम गरेका दानवहरूलाई पराजित गराइ देवताहरूलाई न्याय दिलाएर आ-आफ्नो आश्रममा पठाएको वृत्तान्तको वर्णन यस कथाको मुख्य सार रहेको छ ।

### ४.१.२ तेस्रो चरित्र कथामा आध्यात्मिक दर्शनको प्रभाव

ईश्वरको सत्ता व्यापक छ । ऊ कर्म नियमको अध्यक्ष हो । ईश्वरले जीवात्मालाई कर्म अनुसार पुरस्कार र दण्डको व्यवस्था गर्छ । ईश्वरलाई जगतकर्ता मानेर जगत स्रष्टा ईश्वरलाई विभिन्न युक्तिहरूले सिद्ध गर्दछ (चालिसे, २०६६ : ५८) भन्ने न्याय दर्शनको सिद्धान्त बमोजिम, पौराणिक कालीन सामाजिक रीतिरिवाज, राजनीति, दण्डनीति व्यवस्था आदि उल्लेख गरिएको यस कथामा शक्ति प्रदायिनी माता दुर्गा सप्तसतीको अखण्ड शक्तिको व्याख्या गर्दै आध्यात्मिक दर्शनलाई उजागर गरिएको छ ।

सनातन हिन्दू धर्म र दर्शनका अनुयायी बदरीनाथ भट्टराई नारी शक्तिमा विश्वास गर्ने व्यक्ति भएका हुनाले उनीद्वारा कथामा भनिएको छ, *जुनदिन चण्ड मुण्डलाई देवीले छ्यान्न, व्यान्न पारिदिइन् उसै दिनदेखि उनको नाम चामुण्डा रहन गयो* (पृष्ठ : ८) ।

सज्जनको रक्षा गर्न र दुष्टको संहार गर्न बेला बेलामा देवी देवताले अवतार लिनु हुन्छ भन्ने कुरालाई यस कथाले चरितार्थ पारेको छ । कामवासनाले युक्त धन, दौलत र बल शक्तिले मात्तिएका चण्ड मुण्ड दैत्यलाई विनाश गरी यो संसारमा चामुण्डा देवी भगवतीको नामले प्रसिद्धि कमाएकी साक्षात् माता दुर्गा हुन्, जसको शक्ति अपरम्पार छ । असत्यलाई नष्ट गरी सत्यको विजय गर्न सबै सत्यका पक्षधरहरू लागिरहेका हुन्छन् भन्ने प्रसङ्गमा *शुम्भको फौज देखेर यता पनि ब्रह्मायणी, माहेश्वरी, कौमारी, वैष्णवी, इन्द्रायणीहरू भगवतीलाई मद्दत दिन आए* (पृष्ठ : ८) ।

दैवी शक्ति-भक्ति धर्म कर्म आदि कुराले परिपूर्ण मीमांसा र वेदान्त दर्शन मानव कल्याणका लागि सिर्जित आध्यात्मिक उपायहरूको उपज हो । यस कथामा भक्ति साहित्य, साङ्ख्य, योग र वेदान्त दर्शनलाई प्रतिपादन गरी माता भगवतीको चरित्रको स्मरण तथा वन्दना गरिएको छ । यस कथामा देवताहरूलाई दैत्यहरूले दिएको दुःखबाट आत्तिएर देवीमातालाई आफ्नो रक्षाको लागि आह्वान गरिएको छ । धर्म र यज्ञादी कर्ममा आधारित मीमांसा दर्शनको प्रभाव रहेको यस कथामा भनिएको छ- *यताबाट दूत भएर गएका शिवजीले भने यदि तिमीहरू बाँच्ने इच्छा गर्छौ भने पाताल जाओ र साक्षात् भगवान् 'शिव' को उपस्थितिमा देवताहरूलाई यज्ञको भाग खान देओ* (पृष्ठ : ८) ।

भक्ति, पूजा, धर्म, कर्म तथा यज्ञको रहस्य बताएको सनातन हिन्दू धर्मको प्रभाव यस कथामा परेको पाइन्छ । भगवान् शिव, देवताको रक्षाको निमित्त माता भगवतीको दूत भएका छन् । शिवको शक्तिभन्दा पनि भगवती माताको शक्तिलााई उच्च मानिएको यस कथामा नारी शक्तिको सम्मान गर्न कथाकार सफल छन् ।

यस कथामा करुणामूर्ति भगवान् शिवले दैत्यको संहारको लागि भगवतीलाई साथ दिएको प्रसङ्ग देखाइएको छ । भौतिक जगत्‌की प्रमुख प्रशासक वा जगत् जननी महामाया नामले चिनिने भगवान् शिवकी शक्ति, देवताहरू तथा भगवान्‌का बहिरङ्ग शक्तिबाट उत्पन्न वस्तुहरू सबै भगवान्‌कै ऐश्वर्यका प्रतिबिम्ब हुन् । देवताहरू भगवान्‌का आज्ञापालक

सहयोगी हुन् । तिनको रक्षाका लागि स्वयम् भगवान् शिवले भगवतीलाई सहयोग गर्नुभएको प्रसङ्गमा भनिएको छ-*अनेक शस्त्र अस्त्र चलिसके पछि अन्त्यमा तरबार छप्काएर निशुम्भलाई दुईटुक्रा पारिदिइन्* (पृष्ठ : १०) ।

पापी, दुराचारी र भ्रष्ट व्यक्तिहरूलाई संहार गर्नु भनेको समाजको कल्याण गर्नु हो भन्ने मान्यता आध्यात्मिक दर्शनको रहेको छ । भगवती दुर्गाले देवताहरूको कल्याणका लागि धनदौलतले मातिएका शुम्भ निशुम्भलाई संहार गरी धर्मको रक्षा गरिएको विषयलाई भनिएको छ -*त्रिशूलले हानेर भगवतीले शुम्भलाई मारिदिइन् । त्यसपछि तीनै लोकमा शान्त हावा बह्यो* (पृष्ठ : ८) ।

समय समयमा हरेक युगमा अशान्तिको सिर्जना हुन्छ, देवता, मानव तथा दानवहरूमा आ-आफ्नो शक्तिको उन्मादले समस्या खडा हुन्छ, जसलाई निर्मूल पार्न भगवान् शिव, विष्णु तथा देवी पार्वती र लक्ष्मीले विभिन्न रूप धारण गरी असत्यमाथि सत्यको विजय गर्नुहुन्छ भन्ने आध्यात्मिक सन्देश बोकेको यस कथामा पनि पापी दुराचारी दुष्ट दानवको विनाश गरेर देवताहरूको रक्षा गर्न माता दुर्गा सफल भएको विषय प्रस्तुत गरिएको छ । स्तुति र उपासना सनातन धर्मको मूल तत्त्व भएको कुरालाई आत्मसात् गर्ने बदरीनाथ भट्टराईद्वारा भनिएको छ- *देवताहरूले सकेसम्म भगवतीको स्तुति गरे अनि प्रसन्न भएकी भगवतीले वर माग भनिन् । यसै गरी दुष्टहरूको संहार गर्नुहोस् भनी देवताहरूले प्रार्थना गरे* (पृष्ठ : ८) ।

आध्यात्मिक मनुष्यले हृदयदेखि भगवान्को स्तुति उपासना र ध्यान गर्नाले भगवान्ले भक्तको रक्षाको निमित्त इच्छित वर प्रदान गर्नु हुन्छ भन्ने योग दर्शनको मान्यता बमोजिम आद्यशक्ति माता भगवतीले धर्मात्मा ज्ञानी व्यक्तिको रक्षा गरी सज्जनको कल्याण र दुष्टको नाश गरेर देवता र दानवबिच सामाजिक सन्तुलन कायम गर्न सहयोग गरिएको प्रसङ्ग नै योग दर्शनको मुख्य आध्यात्मिकता रहेको छ ।

यस कथामा विशेष गरी वेदान्त, मीमांसा र योग दर्शनको प्रभाव परेको छ भने भाषाशैली सरल रहेको देखिन्छ । कथाको विषयवस्तुलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । देवकुलमा भएका नामहरू अर्थात् देवीभागवत शप्तशती (चण्डी)मा जुन नामका

पात्रहरूको उल्लेख गरिएको छ । तिनै पात्रहरूलाई नै मुख्य पात्र बनाइएको यस कथामा भगवती दुर्गा माताको शक्तिको वर्णन गरी आध्यात्मिकताको परिचय गराइएको छ ।

### ४.१.३ निष्कर्ष

यहाँ वर्तमान समयको धर्म र पुरुषार्थलाई देखाएर घमण्डले मातिएका स्त्री आशक्त पुरुषहरूलाई यस्ता किसिमका आफ्नै विनाश हुने कार्यमा नलाग्न र शक्ति स्वरूपादेवी भगवतीमाताको भक्ति उपासना गरी शरणमा परे सुख शान्ति प्राप्त हुने सन्देश प्रदान गरिएको छ । संसार सृष्टिको क्रममा एउटै भगवती महाशक्ति माताले विभिन्न रूप धारण गरेर दुष्ट कामुक पुरुषहरूको विनाश गर्न स्वयम् भगवान्हरू सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता महेश्वरले पनि साथ दिनुहुन्छ भन्ने कुरालाई उल्लेख गरिएको यो कथा आध्यात्मिकताले परिपूर्ण रहेको छ ।

## ४.२ भूल सुधार कथा विष्लेषण

गद्य महाभारतको आदिपर्व अन्तर्गत संभव पर्वको सतहत्तरौं अध्यायमा उल्लिखित बृहस्पतिका छोरा कच र शुक्राचार्यकी छोरी देवयानीबिचको प्रेम सम्बन्धको कथावस्तु रहेको यस कथामा प्रेमालापको संवादभित्र आध्यात्मिकता रहेको देखिन्छ । कथाकार बदरीनाथ भट्टराईले यस कथालाई फुटकर कथाको रूपमा प्रकाशित गरेका छन् ।

### ४.२.१ कथासार

यस कथामा बृहस्पतिका छोरा कच र शुक्राचार्यकी छोरी देवयानीको प्रेम सम्बन्धलाई देखाइएको छ । गुरु शुक्राचार्यसँग सञ्जीवनी विद्याप्राप्त गर्न आएका कचसँग आकर्षित देवयानीले एकोहोरो प्रेम गर्छिन् । कच देवयानीसँग केही आकर्षित भए पनि गुरुपुत्री बहिनी बराबर हुन्छन् भनेर देवयानीको प्रेम प्रस्तावलाई स्वीकार गर्दैनन् । देवयानीले पटक पटक आफूमा कचप्रति अगाध प्रेम भएको कुरा अनुनय विनय गर्छिन् । तर धार्मिक नीति नियममा रहेका कर्तव्यनिष्ट कच देवयानीको प्रेमलाई स्वीकार गर्दैनन् । देवयानी प्रेममा विक्षिप्त भएर कचलाई सराप दिन खोज्छिन् तर पछि कचले सम्झाउँदै जाँदा देवयानीले सम्झेर भूल सुधार गरेको प्रसङ्ग नै यस कथाको मुख्य कथावस्तु रहेको छ ।

## ४.२.२ भूल सुधार कथामा आध्यात्मिक दर्शनको प्रभाव

मनुष्य जीवन अज्ञानले भरिएको छ । जन्मको सार त अज्ञानको नाश गर्नु हो । भित्र पनि बाहिर पनि अविवेकले ढाकेको शरीर नै म हुँ । शरीर सम्बन्धी सबै वस्तु मेरा हुन् भन्ने कल्पनाले जीव रुमल्लिरहेको हुन्छ । म र मेरो भन्नु नै बन्धन हो, अज्ञान हो । अज्ञान नाश गर्न भगवत् साधना गर्नुपर्दछ । अन्तरात्मादेखिको भगवान् साधनाबाट अज्ञान नाश भएपछि अमृतत्व प्राप्त हुन्छ र जीव फेरि फर्कदैन (बृहदारयण्क श्रुति : ६।२।१५)।

शुक्राचार्य पुत्री देवयानीको शुक्राचार्यकै शिष्य कचसँग आत्मिक प्रेम परेको हुन्छ । कच पनि जवानीका कारण केही समय देवयानीसँग आकर्षित हुन्छन् तर अध्यात्मनिष्ठ धर्म, अर्थ, काम र मोक्षको बारेमा पूर्ण ज्ञान भएका कचले आफ्नो गुरुप्रतिको श्रद्धा भक्ति र आदर्श भावनालाई मनन् गरी देवयानीको प्रेमलाई स्वीकार गर्दैनन् तर देवयानीले भने कचलाई हृदयदेखि नै प्रेम गर्दछिन् । अतः उनीहरू दुईबिच भएको सम्वादलाई महाभारतमा भनिएको छ, *देवयानी :- अब तपाईंले व्रत पूर्ण गरी आफ्नो अभीष्ट विद्यामा पनि पारंगत भइसक्नु भएको छ, म तपाईंसँग बिहे गर्छु मलाई स्वीकार गर्नुहोस्* (महाभारत, २०६२:१६१) ।

> *कच :-*
>
> *शुद्ध शरीरकी हे देवयानी तिम्रा पिता भगवान् शुक्राचार्य मेरा निम्ति पूजनीय, माननीय हुनुहुन्छ । तिमी पनि मेरा निम्ति त्यति नै पूज्यवरा र सम्माननीया छ्यौ, किनकि तिमी मेरी गुरुपुत्री हौ, धर्मका दृष्टिले त तिमी मेरी सदा सदा पूजनीया छ्यौ । मेरा गुरु शुक्राचार्य जस्तै तिमी पनि मेरा लागि आदरणीया भएकी हुनाले तिम्रो प्रस्ताव मेरा लागि मनन योग्य छैन अर्थात् स्वीकार योग्य छैन (महाभारत, २०६२:१६१)*

सत्य र कर्तव्यनिष्ठ कचमा पूर्ण आध्यात्मिक भावना रहेको कुरा कथाकारले यहाँ उल्लेखगरी कामुक प्रेम भन्दा कर्तव्य ठूलो हो भन्ने सन्देश प्रदान गरेका छन् । पौराणिक समयमा धर्म नै नियम थियो । आध्यात्मिक भावना भएका व्यक्तिमा धर्म विपरीत कार्य गर्नु हुँदैन भन्ने पूर्ण आत्मिक विश्वास रहने हुनाले कचले देवयानीको प्रेमलाई स्वीकार गर्न सकेनन् । देवयानीको बढ्दो जवानी र अपूर्ण आध्यात्मिक ज्ञानले गर्दा उनमा सुख भोगको

तृष्णा र काम वासना पसेको थियो । उनी अनेक तरहले कचलाई प्रेम प्रस्ताव राख्थिन् तर धर्मनिष्ठ कर्तव्य बोध र ज्ञानका धनी कचले देवयानीसँग सम्बन्ध गाँस्न राजी भएनन् तापनि पुनः देवयानीद्वारा कचदेवको प्रशंसा गरी भनिएको छ -

> *मेरा लागि तपाईं सदा पूजनीय र माननीय हुनुहुन्छ, जब तपाईंलाई असुरहरूले पटक पटक मार्न कोसिस गर्थे त्यसै बेलादेखि आजसम्म तपाईंमाथि जुन प्रीति बसेको थियो त्यतिलाई मात्र सम्भि दिनुहोस्, सहृदयता र अनुरागका मौकामा मेरो उत्तम भक्तिको परिचय त भएकै छ नि । तपाईं धर्मका ज्ञाता नै हुनुहुन्छ । म तपाईंमाथि भक्ति गर्ने निरपराधिनी अबला हुँ (महाभारत, २०६२ : १६२)।*

बदरीनाथद्वारा देवयानीको माध्यमबाट अत्यन्त भक्तिमय प्रेमपूर्ण वचनले आफ्ना प्रेमी कचलाई अनुरोध गरेको देखाउनु नै आर्दश प्रेम र आध्यात्मिकताको समीपमा कथालाई सफल बनाउनु हो । आदर्श संवादका प्रसङ्गमा कचद्वारा भनिएको छ -

> *उत्तमव्रता चरणावली सुन्दरी, हे शुभ कल्याणी, हे विशालाक्षी चन्द्रवदना भगिनी, गुरु शुक्राचार्यको जुन पेटमा तिमी बसेकी छौ, त्यसैमा म पनि जीवित रहेको हुँ, तसर्थ धर्मका आँखामा तिमी मेरी बहिनी हौ, मेरो जाने बेला भयो । धर्मसँग चल्दो मिल्दो गर्दै कहिले कही मलाई सम्भने गर । सधै सावधान र सतर्क भई मेरा गुरुदेवको सेवामा लागिरहे (शर्मा, २०६२ : १६२) ।*

धार्मिक नीति नियम र आचारमा रहेका कचले देवयानीलाई अनेक तरहले सम्भाउनु धर्मको पक्षमा प्रचार प्रसार गर्नु हो । धर्म र अधर्मको विषयमा सचेत गराइ कामवासना भन्दामाथि उठेर कथात्मक सन्देश दिनु कथाकारको उद्देश्य रहेको कुरा यस कथाको अध्ययनबाट बुझ्न सकिन्छ ।

कथामा देवयानीको अनेक तरहको कचसँगको प्रेमपूर्ण अनुरोध मिथ्या ज्ञान थियो । जवानीको जोश र कामवासना थियो । धर्मको विपरीत भएर उनले कचसँग प्रेमालाप

सम्झाएर सम्बन्ध गास्न तथा विवाहको लागि प्रस्ताव राख्न गरिएको अनुरोध थियो भने धर्मको अथाह ज्ञान भएका कचलाई देवयानीको रूप, बानीव्यवहार लगायत सम्पूर्ण कुरा मन परेपनि धर्म र कर्ममा विश्वास गर्ने कर्मानुष्ठानबाट मोक्ष प्राप्ति हुन्छ भन्ने मीमांसा दर्शनमा आधारित आत्मज्ञान प्राप्त गरेका कचले गुरुपुत्री देवयानीलाई विवाहको निम्ति स्वीकार गरेको नदेखाएर कथाकारले समस्त लोकलाई कर्तव्य र अध्यात्मनिष्ठ बनाएका छन् ।

देवयानीद्वारा कचको प्रेममा विक्षिप्त भएर कचलाई सराप दिएको प्रसङ्ग उल्लेख गरेर कथाकारले एकातिर महिला अधिकारको सम्मान गरेका छन् भने अर्कोतिर नारीलाई अति कमजोर बनाउँदै कथामा भनिएको छ- *कुनै पनि ऋषि पुत्र (बाहुनको छोरा) सँग तिम्रो विवाह हुनेछैन* (शर्मा, २०६२ : १६२) ।

भट्टराईद्वारा कर्तव्यबोधलाई विशेष महत्त्व दिइएको यस कथामा आत्मा र शरीररूपी यथार्थभन्दा माथि ईश्वररूपी यथार्थ रहेको हुन्छ भन्ने सन्देश प्रदान गरिएको छ । *बाहुन बाजे, तपाईंले हाम्रो कल्याणको निमित्त ज्यादै अनौठो काम गरिदिनु भएको छ । तपाईंको कीर्ति लोप कहिल्यै हुनेछैन । तपाईं यज्ञमा भाग पाउने हकदार हुनुहुनेछ (शर्मा, २०६२ : १६२)*

कचको कर्तव्यपरायणताको र आध्यात्मिक नैतिकताको प्रशंसा गरी वरदान दिएको प्रसङ्ग गद्य महाभारत पुराणमा उल्लेख गरिएको छ भने यस कथालाई केही परिमार्जन गरी मिथ्या ज्ञानका कारण देवयानीको धर्म विपरीत प्रेमलाई अस्वीकार गरी कचसँग क्षमा याचन गराइएको छ । पौराणिक समयको भाषाशैलीलाई तत्कालीन भाषाशैलीमा ढालिएको यस कथामा उक्त समयको मानव व्यवहार, बोलिचाली, संस्कृति, परम्परा, कर्तव्यबोध, गुरुभक्ति, आदर्श प्रेम, महिलाको प्रेमाधिकार तथा विक्षिप्त र कमजोर मानसिकता, धर्म र अधर्मको व्याख्या तत्कालीन वातावरण परिवेश आदिलाई स्पष्टरूपमा झल्काइएको छ ।

### ४.२.३ निष्कर्ष

ज्ञान अनन्त छ, त्यस अनन्त रूपमा प्राप्त भएको ज्ञानको सत्स्वरूप र असत् स्वरूपको बोध गरी असत् ज्ञानलाई सत् ज्ञानमा समुचित रूपले व्यवहारमा उतार्न सक्नु नै मानवीय भाव हो अर्थात् मानुष गुण हो भन्ने वेदान्त दर्शनको भाव भएका भट्टराईले यस कथामा आध्यात्मिक नीति नियम, धर्म, अधर्मसँग, सामाजिक आदर्शको सन्देश दिएका छन् ।

धर्म विपरीत कार्यलाई सम्बोधन नगरी छोड्नुभन्दा यो गलत काम हो भन्ने सन्देश पाठकहरूमा पुऱ्याउने हेतुले पुराणमा उल्लिखित उपाख्यानलाई केही परिमार्जन गरी लेखिएको यो कथा अत्यन्त धर्मको पक्षमा रहेको छ । दुःखको आत्यन्तिक निवृत्ति, दुःखनाश नै मोक्ष हो । आत्माको साक्षात्कार तत्त्वज्ञानबाट हुन्छ भन्ने वैशेषिक दर्शनको सिद्धान्त अनुरूप देवयानीको दुःख सिद्धिएको छैन, उनी काम वासनाका कारण दुःख निम्त्याउदै छिन् भने कच ज्ञानी भएकाले उनको दुःख सकिएको देखाएर बदरीनाथद्वारा सत्मार्गको सन्देश प्रदान गरिएको छ र यसरी यस कथामा षड्दर्शन मध्ये योग, वेदान्त र वैशेषिक दर्शनको प्रभाव परेको व्यहोरा उल्लेख गर्न सकिन्छ ।

## ४.३ सत्यको खोजी कथा विष्लेषण

२००७-२००८ सालको चैत महिनामा पुरुषार्थ पत्रिकामा प्रकाशित भएको *सत्यको खोजी* कथा बदरीनाथ भट्टराईको सर्वत्र, सम, स्वरूप, सत्यस्वरूप, परमात्माको दर्शन नै सत्य हो भन्ने विषयमा लेखिएको महत्त्वपूर्ण आध्यात्मिक कथा हो । पौराणिक विषयवस्तुमा आधारित यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विष्लेषण गर्दा वेदान्त, मीमांसा र योग दर्शनलाई प्रस्तुत गरिएको छ । यहाँ वैदिक धर्म, ब्रह्मचर्य आश्रम, गृहस्थ आश्रम, स्वर्गीय समाज, सभ्यता र संस्कृति अनुरूपको नीतिनियमलाई प्रस्तुत गरी योग दर्शनमा लागेर ब्रह्म ज्ञान, आत्मज्ञान प्राप्त गर्न सके सत्यलाई प्राप्त गर्न सकिन्छ भन्ने आध्यात्मिक आस्था रहेको छ ।

### ४.३.१ कथासार

स्वर्गीय आनन्दमा रमाएका राजा इन्द्र हिरण्यकशिपुले गरेको आक्रमणबाट दिक्क भएका हुन्छन् । उनी यो संसार साँचो होइन, यो त एक भ्रम मात्र हो, सृष्टिको क्रममा चलेको रङ्गमञ्च हो । यो सारा कुरालाई बिर्सेर सत्यलाई प्राप्त गर्न पाए संसार सागरबाट मुक्त हुन सकिन्थ्यो भन्ने लागेर सत्यको खोजीमा ब्रह्माजीको शरणमा जान्छन् । ब्रह्माजीको शरणमा जान लाग्दा उनले बाटामा आफ्ना साथी वरुण र विरोचनलाई भेटेर आफूमा भएको दुःख व्यक्त गर्दा विरोचन पनि सत्यको खोजीमा लागेका हुनाले उनी पनि इन्द्रकासाथ ब्रह्माजीसँग ज्ञान माग्न गएका हुन्छन् । ब्रह्माजीले पहिलो पटकमा आफ्नै अन्त चक्षुमा नै सत्य छ भन्ने जवाफ दिएपछि कुरा नबुझेर आत्मज्ञान अर्थात् सत्यलाई ठम्याउन नसकी

चित्त बुझाएर विरोचन बिचैबाट हराउँछन् भने इन्द्र पटक पटक ब्रह्माजीसँग ज्ञान प्राप्तिका लागि सत्यको खोजी गर्न अगाडि बढ्छन् । फलस्वरूप आफ्नो अनन्य आध्यात्मिक योग साधना र ब्रह्माजीको कृपाबाट इन्द्रले अनन्त प्रकाशमय दिव्य ज्ञान प्राप्त गरेर वरुणलाई बताउँदा सबै देवताहरू सत्यको बाटो लागेको मुख्य कथावस्तु यस कथाको रहेको छ ।

## ४.३.२ सत्यको खोजी कथामा आध्यात्मिक दर्शनको प्रभाव

सत्यको खोज जस्तो ठूलो खोज संसारमा केही छैन । सत्यको अंश सानो ठूलो जे भए पनि सत्य आखिर सत्य नै हो । सत्य जुन रूप र आकारको भए पनि त्यसको रहस्योद्घाटनले हामीलाई सुखी तुल्याउँछ, समृद्ध एवम् शान्तिकामी बनाउँछ । सत्यको फाँट यति विशाल र व्यापक छ, यसलाई उजागर गर्न मानिसले अनेकौँ मार्ग अपनाएका छन्, दिन रात परिश्रम गरेका छन् तापनि वास्तविक सत्य अझै अज्ञात तत्त्वको रूपमा रहेको छ । आध्यात्मिक जगत्मा सत्यलाई ब्रह्मकै स्वरूप मानिएको छ । ब्रह्मको साकार निराकार दुवै रूप सत्य हो । यही कुरालाई जान्न इन्द्रले ब्रह्माको तपस्या गरेपछि ब्रह्माद्वारा इन्द्रलाई सत्य प्राप्त गर्ने उपाय बताउदै कथामा भनिएको छ- *सत्यको खोजमा हिँडेका इन्द्र र विरोचनलाई देखेर ब्रह्माले मुसुक्क हाँसेर भन्नुभयो, वास्तवमा सत्य कही छैन, परस्पर आँखाको नानीमा हेर, ऐनामा हेर, अझ पानी भरिएको कहतारोमा हेर* (भट्टराई, २००८:७) ।

सत्य भन्ने कुरा अन्त खोजी हिँड्ने वस्तु होइन । सत्य वातावरणबाट, प्रकृतिबाट लिन सकिने कुरा पनि होइन । सत्य (ब्रह्मज्ञान) त आफैभित्र हुन्छ । यसलाई आफ्नै आँखाबाट हेरेर मनबाट पैदा गर्न सकिन्छ भन्ने आध्यात्मिक मान्यता रहेको छ । स्वर्गीय परिवेश रहेको यस कथामा देवकुलका पात्रहरूको चयन गरिएको छ । ब्रह्माण्ड संसारलाई सृष्टि गर्ने ब्रह्माजीबाट स्वर्गका राजाले आफ्नो विलासी भावनाबाट मुक्त भएर सत्यको खोजमा लाग्ने प्रयत्न गर्नु भनेको कथाकारले तत्कालीन राजालाई पनि सत्यको मार्गमा लाग्ने सन्देश व्यक्त गर्नु हो । इन्द्रलाई आफ्नो मनमा उठेको सत्यको खोजीको तीव्र भावनाले पोलेको छ । इन्द्र पटक पटक सत्य प्राप्त गर्न ब्रह्माजीसँग अनुरोध गर्दछन् । ब्रह्माको पहिलो भनाइ आँखाको नानी, कतारो र ऐनामा आफ्नो प्रतिविम्ब हेर्दा उनले आफूभित्र सत्यको ज्ञान नभएको पाउँछन् । सत्यले मनलाई परिवर्तन गरी आत्मज्ञान प्राप्त गर्न मद्दत गर्दछ भन्ने भावना बोकेका इन्द्रद्वारा कथामा भनाइएको छ- *हावाको भरमा बहकिएको म*

*स्वर्गमा आइपुगेँ । स्वर्गमा सजिसजावट झन्झन् बढ्दै गयो, विलासको शिखरमा पुग्दा पनि मलाई चिन्ताले छोडेन* (भट्टराई, २००८ : ७) ।

ईश्वरीय यथार्थमा पुग्न प्रत्येक मानिसले सुकार्य गर्नुपर्दछ । मानिसमा त्याग, तपस्या, वैराग्य र योग साधनाबाट मात्र आफूभित्र रहेको अज्ञानता हट्छ अनि मात्र सत्य प्राप्त हुन्छ, आत्मज्ञान/ब्रह्मज्ञान प्राप्त हुन्छ भन्ने कुरा आध्यात्मिक विद्वान् मुनिहरूले पत्ता लगाएका कुरालाई बदरीनाथद्वारा यहाँ प्रस्तुत गरिएको छ । आध्यात्मिक साधनामा तल्लीन रहेर सत्यको नजिक पुगे भन्ने भान सुरुमा भए पनि वास्तविक सत्यको अनुभूति नभएर पुनः ब्रह्माजीलाई सत्य राम्रोसँग ठम्याउन दिनुहोस् भन्न आएका इन्द्रलाई ब्रह्माजीद्वारा भनिएकोछ -

> *बाहिरी आँखाले सत्यलाई पत्ता लगाउन सकिंदैन । सत्यलाई यदि तिमीले ठम्याउने हो भने, मानवतालाई अँगाल; नभए देवतामा हृदयको कालो पर्दा च्यात्ने शक्ति हुँदैन । खै मनलाई मसिनो पार्ने यम, नियम । भैगो अब बत्तीस वर्षसम्म ब्रह्मचर्यमा रहेर यही आसन स्थिर गर* (भट्टराई, २००८ : ७ ) ।

मिलन, सङ्गम, योग, नियम, विधि, मनको विषेश केन्द्रीकरण आदि अर्थ दिने योग दर्शनमा जुट्नुमात्र योग नभएर प्रयत्न पनि योग हो भनिएको छ । इन्द्रिय तथा मनको निग्रह वा योगाभ्यास यथार्थ सत्ताकोसाथ ज्ञानको चेतनापूर्ण आन्तरिक खोज ध्यान एकाग्रता आदिलाई नै यहाँ ब्रह्मचर्य भनेर अर्थ गर्न खोजिएको छ । वैदिक धर्मलाई आत्मसात् गरेका बदरीनाथ भट्टराईले आत्मज्ञानको नजिक पुगेका इन्द्रद्वारा कथामा भनिएको छ -

> *ब्रह्माजीको आज्ञा मुताविक ब्रह्मचर्यमा बसेपछि ममा केही परिवर्तन हुँदै आयो । विस्तार विस्तार अवधि पुगेपछि ब्रह्माजी नेर गएँ अनि आँखा चिम्लनु भन्नुभो र उहाँले सत्यको मन्दिरतिर लगेर बाहिरी ढोका खोलिदिनु भो । मैलेभित्र अति उज्यालो देखेँ । घननन घण्ट बजेको सुनियो । केही आनन्दको आभास भयो* ( भट्टराई, २००८ : ७) ।

योग साधनाबाट मान्छेको चित्तवृत्ति निरोध हुन्छ र ऊ आत्मज्ञानको समीपमा पुग्न सक्दछ भन्ने कुरालाई हृदयङ्गम गरेका भट्टराईद्वारा इन्द्र भक्तिभावले अनुप्राणित भएर परमात्मालाई बारम्बार नमस्कार गर्दछन् । विनय, भक्ति र श्रद्धा साधनाका प्रमुख अङ्ग हुन् । भक्ति र श्रद्धा विनाको हृदय शुष्क हुन्छ । विनम्रता विना ज्ञान प्राप्त हुँदैन भन्ने कुरालाई यहाँ आत्मसात् गरिएको छ ।

इन्द्रले आफूले केही ज्ञान पाएको महसुस गरेर गए तापनि वास्तविक ज्ञानको अनुभव गर्न नसके पछि फेरि ब्रह्माजीकहाँ गएर विन्ती गर्दै भनिएको छ -

> *हे विधाता तपाईं ज्ञानको समुद्र हुनुहुन्छ, म चाहिँ अलिकति पानी भएको छचल्किने गाग्रो, तपाईं सुनौला सूर्य हुनुहुन्छ, म चाँहि जूनकिरी, तपाईं चैतन्यको पर्वत हुनुहुन्छ, म चाहिँ कनिका, तपाईंले खोलातरी सक्नुभएको छ, म चाहिँ पारी बसेर चिच्याई रहेको छु, अनन्त प्रकाशको आधारमा तपाईं पुतली खेलिरहनु भएको छ । पुतली बनेको म त्यही अँध्यारोमा छामछाम छुमछुम गरिरहेछु (भट्टराई, २००८ : ९) ।*

योग साधनाबाट एकाग्र चित्तको अवस्थामा पुग्नु ज्ञान प्राप्त गर्नु हो । ज्ञानको यो अवस्था योगबाट मात्र सम्भव छ । योग नै ज्ञान प्राप्तिको एक मात्र माध्यम हो । योगको माध्यमबाट ईश्वरको उपासना गर्नुपर्दछ । ईश्वरलाई प्राप्त गर्न मानिसले वैराग्य, विवेक र आत्मज्ञान प्राप्त गर्नुपर्दछ अनि मात्र मानिसमा सत्यको ज्ञान हुन्छ भन्ने आध्यात्मिक मान्यतालाई कथाकारले यहाँ आत्मसात् गरेका छन् । योग युक्त जीवन नै आध्यात्मिक साधनाको मार्ग हो भन्ने विचारका धनी बदरीनाथद्वारा योग साधना गर्न प्रेरित गर्दै भनिएको छ -

> *हेर सत्यलाई चोरीऔंलाले औंल्याउन सकिन्न बरु आँखा चिम्लिन सक्यो भने सम्भव छ । देख्नेका लागि ऊ जति ठूलो छ, नदेख्नेका लागि उत्तिकै सानो छ । सत्य सानो कुरा होइन । स्वार्थी बनेर सत्यको दर्शन पाउँला भन्ने सपना पनि देख्नु पर्दैन । आजसम्म जतिले सत्यसँग भेट गरे तिनमा स्वार्थको लेस पनि*

*थिएन । जाऊ फेरि बत्तीस वर्षसम्म ब्रह्मचर्य धारणा गरेर बस* (भट्टराई, २००८ : ८) ।

ब्रह्मज्ञान प्राप्त गर्न अर्थात् भगवान्लाई प्राप्त गर्न, सत्य ग्रहण गर्न चित्तवृत्ति निरोध नगरी हुँदैन, बाहिर संसारलाई बिर्सेर भित्री आँखाले आत्मालाई नियाल्न सक्नु नै सत्यलाई प्राप्त गर्नु हो । मानिसले आत्मज्ञान प्राप्त नगरेसम्म योग साधनामा लागिरहनु पर्छ भन्ने आध्यात्मिक मान्यता रहेको छ । इन्द्रले ब्रह्माजीबाट पुनः योग साधनामा तल्लीन रहनु भन्ने निर्देशन पाएपछि उनीद्वारा कठोर योग साधनामा लागेर स्वार्थलाई तुच्छ मानेपछि उनमा दिव्य प्रकाश बढ्दै गयो ।

> *बत्तीसौँ शिवरात्रिमा ब्रह्माजीको औँला समातेर म सत्यको मन्दिरमा पुगेँ, अनि ब्रह्माजीले भन्नुभो आफ्नो सर्वश्व नचढाई सत्यको दर्शन पाइदैन, अब तिमी के गर्छौ ? खुशीसाथ चढाउँछु भन्ने मेरो वाक्य नटुङ्गीदै दोस्रो ढोका खुल्यो । शङ्ख ध्वनि सुन्न पाउँदा साह्रै आनन्द आयो* (भट्टराई, २००८ : ८) ।

जब मानिस पूर्णरूपमा आस्तिक हुन्छ तब ऊ आफ्नो धर्म र कर्ममा लीन हुन्छ । उसमा आत्मज्ञानका साथै कर्मानुष्ठानबाट मोक्ष प्राप्त हुन्छ अर्थात् मानिसमा आत्मज्योति प्राप्त हुन्छ । यस कथामा पनि आत्मज्योति प्राप्त गरेका इन्द्रलाई स्वर्गीय आनन्दप्रति कुनै चाख भएन । अप्सराहरूको नाचगान पनि उनलाई मन परेन, उनी सात्विक महात्मा बने । उनमा वैराग्य आएर भगवान्मा तल्लीन हुन लागेको देखेर फेरि बत्तिस वर्ष ध्यान र समाधिका साथ बस भनेर ब्रह्माद्वारा भनिएको छ -*बुझ्यौ इन्द्र हावा सम्म नपस्ने गरी सबै झ्याल ढोका बन्द गर । संसारलाई बिर्स, परमाणु पनि नराख । के बुझ्यौ ? सत्य निराकार छ । उसलाई कुनै इन्द्रियले ठम्याउन सकिन्न* (भट्टराई, २००८ : ८) ।

योग दर्शन अनुसार समाधिद्वारा मनका सम्पूर्ण विकारहरू हटाउनु चित्तवृत्तिको निरोध हो । यम, नियम, आशन, प्राणायम, प्रत्याहार, धारण, ध्यान र समाधि आठ प्रकारका समाधिबाट अविद्या नष्ट भई यथार्थ ज्ञानको प्राप्ति हुन्छ भन्ने आत्मिक ज्ञानलाई यहाँ प्रस्तुत गरिएको छ- *दर्शन पाएँ, असीम प्रकाश आयो, अपारको आनन्द आयो तर अब सत्यलाई छोड्दै छोड्दिन भनेर इन्द्रले भन्नासाथ ब्रह्मा अलप भए* ( भट्टराई, २००८ : ८) ।

कर्मको फल र वासनारहित पुरुष ईश्वर हो, ईश्वर उपास्य देव हो । ईश्वरको वाचक ॐकार हो । ॐ कार प्राप्त गर्नु ईश्वरमा लीन हुनु हो भन्ने आध्यात्मिक प्रसङ्गलाई बदरीनाथ भट्टराईद्वारा यस कथामा उजागर गरिएको छ ।

### ४.३.३ निष्कर्ष

जगत्‌को सृष्टि अचम्मको र रहस्यमय छ भने सत्य त्यो भन्दा अनौठो छ जसलाई प्राप्त गर्न मानिसले सदाचारमा रहनुपर्छ भन्ने वैदिक व्यक्तित्त्व बदरीनाथ भट्टराईको पहिलो चरणमा रचना भएको *सत्यको खोज* कथामा राष्ट्रियभाव र आध्यात्मिक चिन्तन रहेको पाइन्छ तापनि कथाका केही पात्रहरूमा बाह्य आडम्बर र घमण्डीपन समेत देखिएको हुनाले सत्यलाई प्राप्त गर्न नसकी फर्किएका छन् । तर स्वर्गका राजा इन्द्रले भने स्वर्गीय आनन्दलाई बिर्सेर पटक पटक ब्रह्माजीको आराधना गरी योग साधनाद्वारा सत्यलाई प्राप्त गर्ने बाटो पहिल्याएको देखिन्छ । कथामा वैदिक युगमा रहेको गुरुकुल शिक्षा प्रणाली र त्यस प्रणालीभित्र रहेका धर्म, संस्कृति, परम्परा र दर्शनलाई उल्लेख गरेका छन् । विशेषगरी वेदान्त दर्शनको अध्ययन गरेका बदरीनाथ सत्यप्रेमी, धर्म र संस्कृतिका अनुयायी, आस्तिक दर्शनका पक्षधर, कर्मवादमा विश्वास गर्ने व्यक्ति भएका हुनाले उनीद्वारा यस कथामा इन्द्रको माध्यमबाट योग दर्शनलाई देखाइएको छ भने संसारको सृष्टि डोरीलाई सर्प भनेर देखिए जस्तै भ्रम हो, संसार ब्रह्म हो, ब्रह्म प्राप्तिका लागि मानिसले भगवत् साधना गर्नु पर्दछ भन्ने वेदान्त र मानिसले यज्ञ, पूजा, दान, धर्म गर्न पर्दछ भन्ने मीमांसा दर्शनलाई उल्लेख गरी सत्यको खोज र आत्मज्ञान प्राप्तिको मार्गदर्शन गरेका छन् ।

## ४.४ सप्तशतीको सारांश कथा विष्लेषण

यस *सप्तशतीको सारांश* कथालाई बदरीनाथ भट्टराईले २०३२ साल असोज २६ गते वडा दशैंको अवसर पारेर महाअष्टमीको दिन फुटकर कथाको रूपमा गोरखापत्रमा प्रकाशित गरेका हुन् । विभिन्न पुराणहरूमा पनि देवी माताको शक्तिलाई उल्लेख गरेर दैत्यहरूको नाश गरेको कुरालाई उल्लेख गरिएको यस कथामा आध्यात्मिक दर्शन पहिल्याउनु मुख्य उद्देश्य रहेको छ ।

### ४.४.१ कथासार

कथाको सुरुवात मार्कण्डेय मुनिले सुरथ राजाको जीवन चरित्रबाट गरेका छन् । सुरथ राजालाई शत्रुहरूले जितेर ढुकुटी र फौज सबै लिइसकेपछि राजा एक्लै घोडा चढेर जङ्गलतिर लागेका हुन्छन् । त्यहाँ उनले मुनिको आश्रम देख्छन् । त्यही बसेको बेला उनको मन राज्यतिर गएको हुन्छ । ती शत्रुहरूले राज्यको पालना राम्रोसँग गरे कि गरेनन् । मैले ज्यादै दु:ख गरेर जम्मा गरेको राष्ट्रिय धनको क्षति गरे कि भन्ने चिन्ता गरिरहेको बेला उनले एकजना वैश्यलाई देख्छन् र तिमी को हौ भनी सोद्धा ती समाधि नाम भएका वैश्यले, म धनीको कुलमा जन्मेको हुँ । तर धनको लोभले छोरा र स्वास्नीहरूले धन खोसे अनि म यहाँ आएको हुँ तर तिनीहरू कुशल छन् कि छैनन् ? मलाई थाहा छैन भनेर उनीहरू कै सम्झना गरेको प्रसङ्ग कथामा देखाइएको छ ।

कथामा देवता र दानवहरूको झगडाका कारण देवताहरू दैत्यहरूसँग पराजित भएर आफ्नो राज्य गुमाउन पुगेका हुन्छन् र देवीको शरणमा जान्छन् । यस कथामा देवीमातालाई परमात्मा ठानी उनैको भक्ति र शक्तिलाई महत्त्वपूर्ण ठानिएको छ । कथामा देवी दुर्गाको सौन्दर्यको रोचक वर्णन गरिएको छ । यो भक्ति विलासमा आधारित कथा हो । यहाँ कथाकारले देवी माताको भक्ति, शक्तिको महिमा वर्णन गर्नलाई नै कथा रचना गरिएको जस्तो देखिन्छ । यो कथा बालकथा भएको हुनाले यसले नैतिक मूल्यमान्यता, नैतिक शिक्षाको ज्ञान, धार्मिक आस्था विश्वास भक्ति आदिको सन्देश बोकेको छ । अध्यात्मवादलाई पनि समेटेको यस कथाले सामाजिक मूल्यमान्यताभन्दा पर रहेर असत्यको बाटो अगाल्ने मूर्खहरूको विनाशको विकल्प नभएको कुरा उल्लेख गरेको छ । काम, क्रोध, लोभ, मोह, मानवीय जीवनका शत्रु हुन् । यी कुराबाट मानिस टाढा रहन सकेन भने उसले जीवनमा कहिल्यै पनि सुखको अनुभव गर्न सक्दैन भन्ने आध्यत्मिक दर्शनको मान्यता बमोजिम ईश्वर, धन, दौलत र शक्तिको कारणले उन्मत्त भएका दैत्यहरूले देवी दुर्गाप्रति देखाएको कुदृष्टिको परिणाम मानव धर्मभन्दा विपरीत भएको हुनाले उनीहरू आफैले विनाश निम्त्याएका छन् । आफ्नो मनलाई वशमा राख्न नसकेको कारण दु:खमय सागरमा होमिन पुगेका दैत्यहरूले युद्ध, झगडा र लडाइँको बाटो पहिल्याएको कारण मृत्युको मुखमा पर्नु परेको कुराहरू यहाँ देखाएको छ । त्यस्तै भगवतीको भक्ति स्तुतिबाट स्वयम् देवी प्रकट भएर दैत्यहरूलाई नाश गरी पुन: देवताहरूलाई राज्य दिलाएको मूल विषयवस्तु यस कथामा वर्णन गरिएको छ ।

### ४.४.२ सप्तशतीको सारांश कथामा आध्यात्मिक दर्शनको प्रभाव

मानिसमा दुई स्वभावहरू सकारात्मक र नकारात्मक विद्यमान रहेका हुन्छन् । सकारात्मक स्वभावले उदारता, विशालता र महान्तातिरको मार्गमा लाग्न अभिप्रेरणा दिएको हुन्छ भने नकारात्मक स्वभावले सङ्कीर्णता, लघुता, सीमितता र विनाशतातिर लाग्न अभिप्रेरित गरिरहेको हुन्छ । आध्यात्मिक क्षेत्रको बुझाइमा यावत् सृष्टि ईश्वरीय कार्य हो । ईश्वरीय विधि अनुसार सृष्टि हुन्छ । सृष्टिको क्रम सूक्ष्म छ, यसलाई बुझ्न मुस्किल छ । सोही क्रममा भनिएको छ- *विषयमा दोष देख्दा पनि किन ममता आएको होला ?* भन्ने जवाफमा मुनिद्वारा भनिएको छ -

> *मायाको प्रभाव हो । उहाँ नित्य हुनुहुन्छ, देवताहरूको दुःख हटाउन प्रादुर्भाव हुनुहुन्छ । महाकाली, महालक्ष्मी र महासरस्वती उहाँकै रूप हो । मधु कैटभले दुःख दिदा ब्रह्माजीले महाकालीको स्तुति गर्नु भयो, स्वाहा र स्वधा हजुरै हुनुहुन्छ । सृष्टि, स्थिति र प्रलय यहाँबाटै भइराखेको छ । साराको शक्ति यहाँ नै हुनुहुन्छ* (भट्टराई, २०३२ : ३) ।

दुःखको कारण मानिसको शरीर, ग्रह, कर्म, काल आदि होइन, किन्तु मननै दुःखको कारण हो, मनले नै जीवनको बन्धन र मोक्ष गराउँछ । वैश्यका स्वास्नी र छोराहरूले पनि आध्यात्मिक ज्ञान प्राप्त गर्न नसकेका हुनाले उनीहरूलाई भौतिक सुखमय जीवन यापनको लालचा भएको कारण उनीहरूको मन मोक्ष प्राप्तिमा भन्दा धन प्राप्तितिर गएको हो भन्ने कुरालाई अध्यात्म चिन्तक बदरीनाथ भट्टराई समाजमा आध्यात्मिकताबाट सत्मार्गको सन्देश दिन चाहन्छन् । जसले दृढता पूर्वक आफ्नो अभीष्ट वस्तुको चिन्तन गरेर तत्परायण हुन्छ, उसले निश्चयनै त्यो वस्तु प्राप्त गर्दछ अर्थात् आत्म चिन्तन गरे आत्माको प्राप्ति, आत्मदर्शन हुन्छ भन्ने आध्यात्मिक मान्यता वमोजिम भनिएको छ -*हजुरको यथार्थ स्तुति गर्न सक्ने को होला र भगवान् विष्णुलाई व्युझाँइ दिनुहोला र मधु र कैटभलाई मोहमा पारिदिनु होला* (भट्टराई, २०३२ : ३) ।

काम, क्रोध, लोभ, मोह, मद् र मत्सर यी छ तत्त्वले मानिसको बुद्धि भ्रष्ट गरिदिन्छन्; जसका कारण उनीहरूको अधोगति हुन जान्छ भन्ने आध्यात्मिक मान्यता रहेको

छ । भगवान् विष्णुले माता भगवतीको अनुरोधमा मधुकैटभ दैत्यलाई मायाजालमा फसाएर मारिदिनु भयो । त्यस्तै महिषासुरले देवताहरूलाई दुःख दिएपछि भगवतीले महालक्ष्मीको रूप लिनुभयो र सारा फौजलाई नष्ट गरिदिएर महिषासुरको शिर पनि तरबारले काटिदिनु भयो अर्थात् समाजमा दुःख दिने दुष्टको नाश गरिदिनु नै मानव कल्याण हो । जसले नित्य-निरन्तर आत्मा परमात्मा चित्तवृति लगाएर ममा (आत्मामा) केन्द्रित भएर समर्पित भएका छन् तिनलाई बुद्वियोग प्राप्तहुन्छ र त्यही योगस्थ बुद्धिद्वारा मलाई प्राप्त गर्दछन् भनी भगवान् श्री कृष्णद्वारा श्रीमद्‌भगवद्‌गीतामा अर्जुनलाई बताइएको छ -*हे पार्थ जसले यो आत्मा अविनाशी छ, अजन्मा छ र अव्यय छ भन्ने जान्दछ त्यसले कसैलाई मार्ला वा मार्न लगाउन सक्ला ? (कृपामय, २०५४ : ११२)*

आत्माको दर्शन भए पछि अखण्ड आनन्द हुन्छ र दुःख निवृत्त हुन्छ भन्ने कुरालाई हृदयङ्गम गरेका बदरीनाथले यस कथामा दुष्ट मधु कैटभ दैत्यको विनाश गर्न देवताहरूले भगवान् विष्णुको आराधना गरेको प्रसङ्गलाई जोडेका छन् । साथै भगवती दुर्गाको शक्तिको वर्णन गर्दै देवताहरूद्वारा भगवतीको स्तुति गर्दै भनिएको छ -

> *जुन तपाईंको आत्मशक्तिले यो जगत् चलायमान छ, त्यस्ती यहाँलाई हामी भक्तिका साथ नमस्कार गर्दछौँ । आपत्मा सम्झनाले मात्र पनि दुःखको नाश गरिदिनुहुन्छ अनि सुखको समयमा पनि ज्यादै शुभबुद्धि दिनुहुन्छ । गरीबी, दुःख र डर हरिदिने हजुर बाहेक अरू को छ र ? हे मायादेवी जगत्‌को प्रतिष्ठा रूप भएकी सारा प्राणीमा चेतना स्वरूप भएकी सारा प्राणीमा बुद्धि, निद्रा, भोक, तृष्णा, क्षमा आदि रूपले रहेकी लज्जा शान्ति, श्रदा, कान्ति र लक्ष्मी रूपले सारा प्राणीमा रहने, आत्मा र चैतन्य रूपले सारामा रहेकी यहाँलाई नमस्कार छ* (भट्टराई, २०३२ : ३-४) ।

देवताहरूले भगवतीको भक्ति साधना गरिएको कुरा उल्लेख गरेर कथाकारले शक्तिको महिमालाई उत्कृष्टता प्रदान गरेका छन् । पार्वतीको शरीर कोषबाट महासरस्वतीको प्रादुर्भाव भएपछि चण्ड, मुण्ड भन्ने दैत्यले उहाँको दर्शन पाएर देवीको रूपको वर्णन गर्दै कामवासनाले आशक्त हुँदा चण्ड, मुण्ड र शुम्भ निशुम्भ लगायतका सबै

दैत्यको विनाश भगवती सरस्वतीबाट भएपछि देवताहरूले स्तुति गरेको प्रसङ्गलाई कथात्मक रूप दिएर भक्ति योगको महिमालाई सफल बनाएका छन् ।

> *शरण परेकाको पीडा नाश गरिदिने भएकी हे माता, प्रसन्न हुनुहोस् । विश्वको रक्षा गर्नुहोस् । सारा रोग नाशगरी दिनुहोस् । सारा ऐश्वर्य, धर्म, कीर्ति, श्री र मुक्ति आदिले सम्पन्न हुँदा र जगत्को सृष्टि स्थिति र प्रलय गर्न सामर्थ्य हुँदा तपाईंलाई भगवती भनिन्छ । तपाईंले नै ब्रह्मा, विष्णु र शिवलाई खडा गर्नुभएको हो । सूर्य, चन्द्रमा, आकाश, पाताल, इत्यादि सारा वस्तुको सिद्धि अर्थात् चैतन्य शक्ति रूप तपाईंबाट नै हुन्छ* (भट्टराई, २०३२ : ४) ।

मानवीय जीवनमा दुःख निवारणको साधन भगवान् नाम संकीर्तन हो । भगवान् भक्ति र स्तुति हो । गृहस्थ जीवन व्यतीत गर्ने क्रममा मानिसमा हरेकपल दुःख, पीडा, कष्ट आउने गर्दछन् भने कहिलेकाहीँ सुखको अनुभूति पनि हुने गर्दछ । त्यो सुखको अनुभूतिलाई जीवन्त बनाउन, चीर स्थायी बनाउन मानिसले उनै आद्यशक्ति माता लक्ष्मी, सरस्वती, भगवतीको योग साधना निरन्तर गरिरहनु पर्दछ भन्ने सन्देश यस कथाले दिएको छ ।

राजा र वैश्यले ऋषिलाई नमस्कार गरेर तीन वर्षसम्म भक्तिपूर्वक आराधना गरेपछि भगवती चण्डिका प्रत्यक्ष प्रकट भएर वर माग भन्दा राजाले राज्य पाउँ भने । वैश्यले ज्ञान मागे भन्ने आधारमा भगवतीबाट भनिएको छ -*यो जन्ममा तपाईंले राज्य पाउनुहुनेछ अनि अर्को जन्ममा आठौं सार्वर्णि मनु भएर जन्मनु होला र संसारको कल्याण हुनेछ* अनि वैश्यलाई सम्बोधन गर्दै : *हे वैश्य तिमीलाई ज्ञान हुनेछ* (भट्टराई, २०३२ : ४) ।

भगवती आफ्ना भक्तको आराधनाबाट छिट्टै प्रसन्न हुनुहुन्छ र मागेको वर प्रदान गर्नुहुन्छ । हामी मानवले पनि गृहस्थ धर्ममा रहँदा भगवतीको शरण परेर संसारको दुःखको नाश गरौँ । जन्म र मृत्युको चक्रमा फस्दा हामीले धेरै नै दुःख पाइसकेका छौँ । त्यसैले यो, त्यो, म, मेरो इत्यादि कुभावना फालेर चित्त स्वरूप माता भगवती कै शरण परौ; जसले गर्दा जन्म मृत्युको चक्करबाट छुट्कारा पाइन्छ भन्दै भगवतीको शक्तिमा विश्वास गर्ने

सनातन धर्मका रक्षक बदरीनाथ भट्टराईले कथामा भगवती माताद्वारा भक्तहरूलाई कल्याण गर्ने उद्देश्यले भनिएको छ -

> *जसले यी स्तोत्रहरूले मेरो स्तुति गर्ने छ, तिनको सारा बाधा हटाइदिनेछु । अष्टमी, नवमी र चतुदर्शीमा जसले भक्तिसाथ यी स्तोत्र सुन्नेछन्, पाठ गर्नेछन् तिनीहरूको पनि सारा पाप नष्ट हुनेछ । कुनै मानवले मेरो यो चरित्र संझियो भने मात्र पनि सङ्कटबाट छुट्दछ (भट्टराई, २०३२ : ४)।*

बदरीनाथद्वारा सप्तशती चण्डीको छोटकरी सारांश कथामा काम, क्रोध, लोभ, मोहबाट मुक्त हुने सन्देश राजा सुरथ र वैश्यलाई मार्कण्डेय मुनिको माध्यमबाट प्रस्तुत गर्दै मनुष्यले हृदयदेखि नै देवीमाताको आराधना गऱ्यो भने शक्तिदाहिनी माता दुर्गाले यस जन्ममा सुख र अर्को जुनीको भोग स्वर्ग प्राप्त हुन्छ भन्ने कुरालाई उल्लेख गरी आध्यात्मिक साधनाले मोक्ष प्राप्त हुन्छ भन्ने सन्देश प्रदान गरिएको छ ।

### ४.४.३ निष्कर्ष

भगवान्को आत्मा स्वरूप साक्षात् परब्रह्म हो । त्यो सूक्ष्मभन्दा पनि सूक्ष्म शून्य समान छ । सारा ब्रह्माण्ड प्रभुको एक अंश भागमा समाहित छ । यो प्रकृति जड र आनन्द रहित छ, परन्तु प्रभु चेतन र आनन्दसागर हुनु हुन्छ । प्रभुको तुलनामा प्रकृतिको कुनै मूल्य छैन । यो तथ्य रहस्यलाई बुझेर मनुष्यले भौतिक तथा आध्यात्मिक उत्थानका लागि आफ्नो भक्ति साधना मार्गलाई लिएर अगाडि बढेमा मार्ग निष्कण्टक बन्नेछ । उसलाई जीवनको अन्तिम लक्ष्य आध्यात्मिकता प्राप्त हुनेछ भन्ने साङ्ख्य दर्शनको प्रभावलाई कथाकारद्वारा यहाँ उल्लेख गरिएको छ । सप्तशतीको सारांश कथामा मधुकैटभ दैत्यदेखि महिषासुर चण्ड, मुण्ड, शुम्भ, निशुम्भ सबै खालका दैत्यहरूलाई धन, सम्पत्ति र बलशक्तिको उन्माद बढेर आफूमा भएको सम्पूर्ण ज्ञान नष्ट हुन्छ । उनीहरू देवताहरूलाई नै आक्रमण गरेर स्वर्ग आफ्नो हातमा लिई राज्य गर्न चाहान्छन् र देवताहरूलाई दुःख दिन थाल्छन् । देवताहरू असह्य भएर माता भगवतीको स्तुति गर्न पुग्दछन् । दुर्गा माता प्रसन्न भएर दैत्यहरूको नाश गरी देवताहरूको रक्षा गरेको विविध समयको घटनालाई एकत्रित गरेर कथाको रूप दिई पाठकमा भगवतीको शक्तिको महिमा वर्णन गरेर गृहस्थ जीवन निर्वाह गरिरहेका

मानिसहरूलाई आई परेका सङ्कट दुर गर्ने पवित्र उपाय भगवतीको स्तोत्र पाठ हो । काम, क्रोध, लोभ, मोह लगायतका सङ्कटबाट टाढा रही भगवतीको आराधना गर्न सकेमा बल, शक्ति, सफलता र मोक्ष प्राप्त गर्न सकिने योग दर्शन तथा भौतिक जीवनको सुख-दुःख र आध्यात्मिकता प्राप्तिको उपाय उल्लेख गरिएको वैशेषिक दर्शन तथा भगवतीको पूजा, आरधना, यज्ञबाट प्राप्त ज्ञानलाई मीमांसा दर्शनको समेत सन्देश यस कथामा रहेको छ ।

## ४.५ जवानीको जोश कथा विष्लेषण

देवकुल तथा ऋषिकुल सम्बन्धी कथा समूहमा राखिएको जवानीको जोश कथा बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहभित्रको महत्त्वपूर्ण कथा हो । यस कथालाई कथाकारले पौराणिक जगत्का कथावस्तु अन्तर्गत श्री विष्णु महापुराणको अध्याय छलाई स्रोतको रूपमा लिएर आध्यात्मिक दर्शनको विजारोपण गरेका छन् ।

### ४.५.१ कथासार

गुरु बृहस्पतिकी पत्नी ताराको चरित्रको वर्णन गरिएको यस कथामा देवताहरूको जीवन पद्धति, गुरुकुल शिक्षा प्रणाली, तत्कालीन समयको वातावरण परिवेश, भेषभूषा, रहनसहन लगायत उक्त समयको भाषा र संस्कृतिलाई समेत विशेष औल्याएर कथावस्तुको रचना गरिएको छ । कथाकारले यस कथाको शीर्षक नै जवानीको जोश राखी मानवीय जीवन प्राकृतिक कुरा हो । प्रकृतिमा पदार्पण भएका सम्पूर्ण जीव जीवात्माहरूले सृष्टिको क्रममा आफ्ना-आफ्ना काम/कर्तव्य जिम्मेवारीलाई सहज रूपमा स्वीकार गर्नै पर्छ । जुन कुरा साङ्ख्य दर्शनसँग सम्बन्धित रहेको पाइन्छ । प्रकृति र पुरुष दुई तत्त्वबाट संसारको सृष्टिको क्रम सञ्चालित भए अनुरूपयस कथामा पनि जवानीको जोशका कारण गुरु बृहस्पतिकी पत्नी (गुरुमा) ताराको रूपरङ्गमा शिष्य चन्द्रमा मोहित भई फस्न पुग्छन् । चन्द्रमाको बाटुलो/गोलो चन्द्रमुखी अनुहार हृष्टपुष्ट सुन्दर शरीरसँग आकर्षित भएकी ताराले आफ्नो यौन तृष्णा मेट्नको लागि पति बृहस्पतिका शिष्य चन्द्रमाको आलिङ्गनमा बाँधिन पुग्छिन्, जसको फलस्वरूप उनको पेटमा शिशु बुधको बीजारोपण हुन्छ । आवेशमा भएको प्रेम तृष्णाको परिणाम धर्म परम्परा र संस्कृतिको विपरीत भएको हुनाले उनीहरूमा सामाजिक रूपले अप्ठ्यारो पर्न जान्छ । गुरुपत्नी भनेको आमा समान र शिष्य भनेको छोरा

समान हुने हुनाले उनीहरूको प्रेम सामाजिक मूल्यमान्यता विपरीत भएका कारण उनीहरू समाजबाट भागेर बस्न खोज्छन् । तर समाजले उनीहरूलाई भाग्न दिंदैन । गुरु बृहस्पतिका अर्का चेला अष्टि तारा र चन्द्रमालाई खोज्दै आइपुग्छन् । फेरि वायुदेवता आई चन्द्रमा र तारा भएको ठाउँमा गएर सम्झाउँछन् । उनीहरू बिच वादविवाद हुन्छ । अन्तमा चन्द्रमा र ताराले गल्ती गरेको तत्कालीन पञ्चले ठहर गर्दछ । महिलाको एकचोटीको गल्तीलाई क्षमा दिनुपर्दछ भन्ने कुराको अनुरोध गर्दै पञ्चभेलाबाट गुरु बृहस्पतिलाई आफ्नी पत्नी तारालाई स्वीकार गर्न लगाइन्छ भने चन्द्रमालाई बाह्र वर्षसम्म तपस्या गर्न जङ्गलमा पठाइन्छ । चन्द्रमालाई तपस्याको नियममा बस्न निर्देशन दिई धर्मको पक्षमा फैसला भएको यस कथाको मुख्य विषयवस्तु रहेको छ ।

## ४.५.२ जवानीको जोश कथामा आध्यात्मिक दर्शनको प्रभाव

श्रीमद्भागवत, विष्णुपुराण लगायतका आध्यात्मिक ग्रन्थहरूमा प्रकाशित चन्द्रमा र गुरु बृहस्पतिकी पत्नी ताराको शारीरिक सम्बन्धबाट बुध नामको पुत्रको जन्म भएको प्रसङ्गहरू उक्त पौराणिक कहानीहरूमा उल्लिखित भएको कुरालाई आफ्नो कथाको स्रोत बनाएका बदरीनाथले यस कथामा आध्यात्मिक सन्देशभन्दा पनि बढी उक्त समयमा प्रचलित सांस्कृतिक मूल्यमान्यता, नैतिक आदर्श र धार्मिक संस्कारलाई उजागर गर्न खोजेका छन् । ऋषि कश्यपले आफ्ना पुत्र चन्द्रमालाई कुलपति बृहस्पति कहाँ गुरुकुलको नियम अनुसार शिक्षा आर्जन गर्न पठाएका थिए । सोही अनुरूप शिक्षा लिन गुरु आश्रममा बसेका चन्द्रमा गुरुको आज्ञा मुताबिक रहेका पनि थिए । कथामा आध्यात्मिक संस्कारलाई उजागर गर्दै चन्द्रमाद्वारा भनिएको छ -*गुरुभन्दा अगाडि नै उठी स्नान सन्ध्या सिध्याएर समिधा होमिसकेपछि भीक माग्न जानु पर्थ्यो* (पृष्ठ :१२) ।

तत्कालीन समयमा आध्यात्मिक ज्ञान प्राप्त गर्न गुरुको आज्ञा अनुसार धार्मिक तालिम प्राप्त गर्नु पर्ने संस्कार शिष्यहरूमा रहेको बुझ्न सकिन्छ । उक्त समयमा गुरु सेवा नै मुख्य धर्म रहेको थियो । चन्द्रमाले गुरुको पाउ मिच्दै गरेको बेलामा ब्रह्मचर्यको बारेमा गुरु बृहस्पतिद्वारा भनिएको छ -*बाबु चन्द्र, ब्रह्मचर्य जस्तो ठूलो कुरा केही छैन, ब्रह्मचर्यको खूब ख्याल राख्नु है* (पृष्ठ :१२) ।

गुरुको आज्ञा बमोजिम ब्रह्मचर्यमा रहने प्रतिज्ञा चन्द्रमाले मनमनै गरेका थिए भन्ने कुरालाई प्रस्तुत गरेर भट्टराईले मनुष्यमा आध्यत्मिक ज्ञान आर्जन गर्न र शिक्षा-दीक्षा प्राप्त गर्न भक्ति साधना चाहिन्छ भनेका छन् । आध्यात्मिक साधना प्राप्त गर्न मानिसले काम, क्रोध, लोभ, मोह त्यागी ब्रह्मचर्यमा लाग्नु पर्दछ भन्ने पूर्वीय आध्यात्मिक दर्शनको मान्यतालाई यहाँ उजागर गरिएको छ । चित्त वृत्ति निरोध गर्नु भन्ने योग दर्शनको मुख्य मान्यता भएको हुनाले बदरीनाथ भट्टराईद्वारा कथाका मुख्य पात्र चन्द्रमाको माध्यमबाट हरेक अध्यात्म प्रेमी मानिसहरूलाई योगसाधनामा तल्लीन हुनु पर्दछ भन्ने सन्देश उल्लेख गरी योग दर्शनको प्रभावलाई प्रस्तुत गरिएको छ ।

गुरु भगवान्का रूप हुन् । हिन्दू धर्म र दर्शनले गुरुलाई ब्रह्मा, विष्णु र महेश्वरको संज्ञा दिएको छ । त्यसैले गुरु र गुरु पत्नीलाई पिता, माता र भगवान् मान्नु पर्दछ भन्ने प्रसङ्गमा भनिएको छ -*गुरु पत्नीमाथि यस्तो किसिमको बलजफती गर्नु के देवतालाई सुहाउने कुरा हो र ?* (पृष्ठ : १५)

कथामा धार्मिक आध्यात्मिक मूल्यमान्यता र सामाजिक नीति चेतना झल्केको देखिन्छ । बद्ध जीवले यस मायामय संसारमा सुख र दु:खका रूपमा अनेक पुरस्कार तथा दण्ड पाउँछ । जब ऊ शुभ कर्म गर्छ, त्यसको पुरस्कार स्वरूप स्वर्गीय लोकहरूमा देवताको जस्तो दिव्य स्वरूप प्राप्त गर्न सक्छ । जब ऊ निन्दनीय अशुभ कर्म गर्छ, त्यसको फलस्वरूप उसलाई नरकीय लोकमा पठाइन्छ भन्ने पूर्वीय मान्यता बमोजिम चन्द्रमाको गल्तीलाई यहाँ औल्याई सत्कार्यको सन्देश दिन खोजिएको छ । स्वयम् परमात्माले इन्द्रियहरूलाई असत् अर्थात् विषय भोगी बनाइदिए कै कारण जीव बाहिरी विषयलाई मात्र हेर्दछ भोग्ने इच्छाले तर अन्तरमुखी भएर भने आत्मदर्शन गर्दछ । (कठोपनिषद्,२/१/१) भनिएको कुरालाई कथाकी पात्र ताराको चरित्रसँग जोड्न सकिन्छ । कथामा तारा र चन्द्रमाको चरित्रलाई कामवासनाको रूपमा प्रस्तुत गरिएको छ । इन्द्रायणीहरू जस्ताकी गुरुमा भएर पनि तपाईंले यस्तो काम गर्नुहुन्छ ? भन्दा ताराद्वारा भनिएको छ -*बृहस्पति एकवर्षसम्म पनि मलाई एक्लै छाडेर यज्ञ गराउन तीर्थ गर्न जानुहुन्थ्यो, मैले सहेरै बसेकी थिएँ । अहिले उहाँले दश, पन्ध्र दिन एक्लै बस्न नहुने किन ?* (पृष्ठ :१५)

यहाँ कथाकारद्वारा आध्यात्मिकतासँगै नारीको अधिकारलाई सुनिश्चित गराइएको छ । नारी र पुरुषलाई समान रूपले हेर्नुपर्ने सन्देश पनि दिन खोजिएको छ । मानिसको मन

अस्थिर छ, दुःखको कारण नै मनको चञ्चलता हो, जति नै आध्यात्मिक साधना गरे पनि मनलाई वशमा राख्न नसक्दा मानिस काम वासनामा प्रवृत्त हुन पुग्दछ भन्ने भाव बोकेका बदरीनाथ भट्टराईले चन्द्रमालाई आफूले गरेको गल्तीको देवताका अगाडि पश्चाताप गराएका छन् । पञ्चसभा सकिएपछि ब्रह्माको आज्ञाबाट अरून्धती आएर तारालाई सम्झाउँदै भनिएको छ -*बह्मचर्यमा रहने प्रतिज्ञा मनमनै गर्नुहोस् । के यो धर्म हो ? पतिव्रता धर्मलाई लत्याएर यसरी व्यभिचारमा भुल्नु हुन्छ भने हाम्रो समाजबाट तपाईं बाहिरीतिर लाग्नुहुन्छ* (पष्ठ :१६) ।

मानवीय जीवनको सबभन्दा ठूलो शत्रु कामवासना हो । आध्यात्मिक साधनमा तल्लीन व्यक्तिले सामाजिक नीति नियममा रहेर कामवासनालाई त्यागी जीवन सार्थक बनाउनु पर्दछ । सामाजिक नैतिक मूल्यमान्यता विपरीत कार्य गरेमा जीवन दुःखी र निरर्थक रहन्छ भन्ने पूर्वीय मान्यतालाई यहाँ चरितार्थ पारिएको छ । कथा आध्यात्मिकताले भरिपूर्ण व्यावहारिक धार्मिक संस्कृतिक मूल्य मान्यतामा आधारित रहेको छ । जसअनुसार कथामा उल्लेख भएका सम्पूर्ण पात्रहरूको नाम पनि पौराणिक नाम नै रहेको पाइन्छ जस्तै बृहस्पति, चन्द्रमा, तारा, वायुदेव, अंगिरा, अरून्धती, वशिष्ठ, मनु, काश्यप, बुध आदि संसार विषय वासनाले ग्रसित भएर जगत्को सुन्दरतातिर, इन्द्रियजन्य सुखतिर फर्क्यो भने आत्माको दर्शन हुँदैन् , आत्मज्ञान प्राप्त हुँदैन् । जसको फलस्वरूप मानिस सांसारिक दुःख पीडामा रुमलिन पुग्दछ । त्यसैले आत्माको दर्शन पाउन आध्यात्मिक साधना चाहिन्छ भन्ने सन्देश बोकेका भट्टराईद्वारा भनिएको छ -*स्वप्नदोष भयो भने त ब्रह्मचारीले अवकीर्णिव्रत गर्नुपर्छ भने यत्रो अपराधको प्रायश्चित के होला ?* (पृष्ठ :१७) ।

यस कथाका पात्र चन्द्रमा आफ्नै मनले पैदा गराएको आध्यात्मिक तापबाट दुःखी छन् । उनको मनमा पैदा भएको कामवासनाका कारण उनलाई दुःख पीडा महसुस भएको विषयलाई प्रस्तुत गर्दै कथाकारले विषय वासनाबाट हरेक स्त्री, पुरुषले टाढा रहनुपर्ने सङ्केत गरेका छन् । पापको प्रायश्चित गर्न र आत्मज्ञान प्राप्त गर्ने महत्त्वपूर्ण माध्यम योग साधना हो भन्ने आध्यात्मिक साधक भट्टराईले गुरु बृहस्पतिको माध्यमबाट भनिएको छ -*जा बाह्र वर्षसम्म तपस्या गरेर बस्, फलफूल र कन्दमूल मात्र खानु, ब्रह्मचर्यमा रहनु, भुइँमा सुत्नु, रूखमुनि बस्नु भन्ने आज्ञा पाएपछि म तुरन्त गएर तपस्या गर्न थाले* (पृष्ठ :१८) ।

कथामा चित्तवृत्ति निरोध भनेर चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने योग मार्गमा कथाका प्रमुखपात्र चन्द्रमा आफ्नो गल्तीको महसुस गरी लागेको प्रसङ्ग प्रस्तुत गरेर आध्यात्मिक सन्देश प्रदान गरिएको छ ।

यस कथामा आध्यात्मिक दर्शनको प्रभाव भइकन पनि आध्यात्मिक चेतना भएको देवकुलमा पनि सामान्य मानिसहरूमा जस्तो कामवासना हुँदो रहेछ अर्थात् वर्षाको बाढीभन्दा पनि दश गुना उर्लेर आएको कामदेवलाई टप्प रोक्न सक्ने को ? कामदेवका पाँच वाण त के, एउटैले पनि पुरुषलाई अन्धो तुल्याइदिदो रहेछ भन्दै जवानीको रूपरङ्ग, आकर्षक चेहरा, शरीर देखेर एक अर्कामा जवान स्त्री-पुरुष आकर्षित हुनु स्वभाविकै हो, तापनि मानिसले त्यस्तो अवस्थामा पनि आफू र आफ्नो कर्तव्य र धर्मलाई बिसर्नु हुँदैन । हरेक पतिले पत्नीको इच्छा चाहाना बुझ्नु पर्छ भने पत्नीले पनि कर्तव्यका लागि भए पनि आफ्ना पतिदेवलाई मान्नु पर्दछ । आध्यात्मिक चिन्तन ब्रह्मचर्य, यज्ञ, दान, धर्म, तपस्या मात्रले पनि सृष्टिको क्रमलाई चालु राख्न समस्या पर्ने भएको हुनाले मानवीय जीवन सामाजिक नीतिनियम, मूल्यमान्यता, मर्यादाभित्र सबैले रहनु पर्दछ । हरेक व्यक्ति चाहे गुरुगुरुमा होस् वा चेलाचेली हुन् सबैले यथास्थानमा रहेर आफ्नो कर्तव्य गरेमा आइपर्ने समस्यासँग जुध्न सजिलो पर्दछ नत्र भने जीवन आफैमा पनि दुःखले भरिएको छ । त्यसमाथि पनि जीवन झन् दुःखी र निरस हुन पुग्दछ । मानिस अनावश्यक समस्यामा फस्न सक्छ भन्ने सन्देश बोकेको यस कथामा योग दर्शनको सन्देशलाई बढी जोड दिन खोजिएको छ । पुरुष महान्, विद्वान्, ज्ञानी भएर पनि आफ्नी पत्नीका लागि समय दिन नसक्नु पतिको कमजोरी भएको कुराको व्यङ्ग्यात्मक ध्वनि प्रकट गर्दै अप्रत्यक्ष रूपमा एकातिर स्त्रीलाई कमजोर बनाइएको छ भने अर्कोतर्फ सम्मान पनि प्रकट गर्न खोजिएको छ , जस्तै :-*स्त्री जातिको एकपटकको अपराध क्षम्य छ, बरु शुद्धिको निम्ति प्रायश्चित नगराइ हुँदैन (पृष्ठ.:१५) ।*

अंगिरा, वशिष्ठ, मनु, ब्रह्मा लगायत पञ्च बसेर गरेको निर्णयलाई बृहस्पतिले स्वीकार गरी चन्द्रमालाई ब्रह्मचर्यमा रही तपस्यामा जान निर्देशन दिएको र आफ्नी पत्नी तारालाई एकपटकलाई माफी दिएको प्रसङ्गलाई उल्लेख गरेर भट्टराईद्वारा नारी अस्तित्वलाई उत्कृष्टता प्रदान गर्न खोजिएको छ । कथा युद्ध, झगडाभन्दा पर शान्ति, अहिंसा, सहिष्णुतातर्फ अगाडि बढेको देखिन्छ । कथाकारद्वारा महिलाप्रति सहानुभूति दर्शाउनुको साथै जवानीको आवेशमा भएको एकपटकको गल्तीलाई सम्झाई बुझाई क्षमा गरिएको पौराणिक

जनजीवनमा आधारित यस कथाले वर्तमानका मान्छेहरूलाई आध्यात्मिक मलम प्रदान गर्दै भनिएको छ -*वर्तमानका मान्छेहरूलाई सारा दुनियाँका अगाडि पाप प्रकट गर्नु प्रायश्चित हो* (पृष्ठ : १८) ।

सारा पापहरूको मूल कारण लोभ हो । सारा रोगहरूको मूल कारण इन्द्रिय हो भन्ने कुरालाई आत्मसात गरेका भट्टराईले मानिसले सकेसम्म यस्ता किसिमका गल्ती नै नगर्नु यदि गल्ती भईहाल्यो भने पनि प्रायश्चित गर्नुपर्दछ भन्ने मानवीय मूल्यमान्यतालाई चरितार्थ पार्दै चन्द्रमा र तारालाई पञ्चका सामु आफ्नो पापको प्रायश्चित गराइ गुरुको आज्ञा पालना गराएर उनीहरूप्रति पनि आदरको भाव प्रकट गरेका छन् ।

### ४.५.३ निष्कर्ष

बदरीनाथ भट्टराईले पौराणिक समयका विविध सामाजिक, सांस्कृतिक, नैतिक, धार्मिक र आध्यात्मिक मूल्यमान्यतालाई उजागर गरेर आजका मानिसलाई सत्यनिष्ट बन्नुपर्ने सङ्केत गर्दै सारा पापहरूको मूल कारण लोभ हो, सारा रोगहरूको मूल कारण इन्द्रिय रसहरूको भोग हो । सारा शोकहरूको मूलकारण इष्ट व्यक्ति र इष्ट वस्तुहरूको लगाव हो । त्यसैले सुख चाहने व्यक्तिले लोभ इन्द्रियरस र इष्टवस्तुको मोहलाई परित्याग गर्नु पर्दछ । वास्तवमा लोभ इन्द्रिय सुखको आकांक्षा र ममत्त्व भावलाई छोडेपछि मात्र व्यक्ति दुःख मुक्त हुन्छ । सर्वत्र तटस्थ भाव नै सुखको स्रोत हो । वास्ना र लिप्सा नै पाप, रोग र शोकको कारण हो भन्ने धर्मनीति र संस्कारसँगै वैशेषिक दर्शनलाई उजागर गरिएको यस कथामा कथाकारद्वारा विशेष गरी गुरु आश्रममा दैनिक पूजापाठ गर्नु मीमांसा दर्शन, ध्यान गर्नु, उपासना गर्नु योग दर्शन, प्रकृति र पुरुष दुई तत्वको संगमबाट प्राप्त भएको सृष्टि साङ्ख्य दर्शन र ब्रह्मचार्यमा रही ब्रह्मज्ञान प्राप्तिको उपाय वर्णन गरिएको वेदान्त दर्शनको प्रभावलाई प्रस्तुत गरिएको छ ।

## ४.६ हैमवती कथा विष्लेषण

यो कथा बदरीनाथ भट्टराईको २०२९ सालमा प्रकाशित वैदिक कहानी कथा सङ्ग्रहभित्रको महत्त्वपूर्ण कथा हो । यस कथाको मुहान विश्वको सर्व प्राचीन ग्रन्थ वेद हो । वेदको अन्तिम व्याख्या वा सार उपनिषद् ग्रन्थहरू मानिन्छन् । उपनिषद्हरू वेदको

ज्ञानकाण्ड अन्तर्गत पर्दछन् । कथाकार भट्टराईले सामवेद अन्तर्गत केनोपनिषद्को तृतीय र चतुर्थ खण्डलाई उपजीव्य बनाएर यो *हैमवती* कथाको रचना गरेका छन् ।

### ४.६.१ कथासार

यस कथामा मानवीय मन, इन्द्रिय र प्राण कसबाट प्रेरित भएका छन् भनी प्रश्न गर्दा आत्मालाई औँल्याएको प्रसङ्ग उल्लेख गरिएको पाइन्छ । कथामा कुवेर, वायु वरुण, अग्नि, इन्द्र लगायतका देवताहरू हैमवती उमा, ब्रह्मा, कालाञ्जन दैत्य आदि पात्रहरूलाई खडा गरिएको छ । वैदिक युगको कला संस्कृति, चालचलन, रीतिरिवाज परिवेश आदिलाई कथाको प्रारम्भमा नै झलक दिन खोजिएको यस कथामा अल्प ज्ञानका कारण देवता र दानवमा उठेको घमण्ड र दैत्यले देवताहरू बिच गरेको दुर्व्यवहार, आक्रमण, देवताहरूले ईश्वरीय शक्तिको आधारमा दैत्यहरूलाई पराजित गराइ, विजय प्राप्त गरेको हुनाले हर्षको कारण देवताहरूमा बढेको शक्तिको उन्माद र यसलाई समाप्त गर्न पारशक्तिमाताले यक्षको रूप लिएर अग्नि, वायु आदि देवताहरूको गर्व विनाश गरेको अवस्था र अन्तमा उनै पारशक्तिमाता शिवा (उमा) भवानीले हैमवतीको रूपलिई स्वर्गका राजा इन्द्रलाई ब्रह्मतत्त्वको ज्ञान दिएको प्रसङ्गलाई उल्लेख गरिएको छ । यस कथामा भट्टराईले कथाका माध्यामबाट शिक्षा प्रदान गरी विभिन्न पदमा आसिन मानिसहरूमा पनि आफ्नो शक्तिको घमण्ड रहेको र घमण्डको कारणले कुनै पनि काम राम्रोसँग सम्पन्न हुन नसकेको समस्या दर्शाएर उक्त पदमा आसीन मानिसहरूलाई नैतिक मूल्य, मान्यता, सामाजिक आदर्श, आध्यात्मिक ज्ञान (ब्रह्मज्ञान) आदिको कारणबाट मानवीय घमण्ड हट्छ र आत्माज्ञान (ब्रह्मज्ञान) प्राप्त गर्न सकिन्छ भन्ने मुख्य कथावस्तुलाई उल्लेख गरेका छन् ।

### ४.६.२ हैमवती कथामा आध्यात्मिक दर्शनको प्रभाव

आत्माको दर्शन नै अध्यात्म दर्शन भएको हुनाले पहिले आत्मा के हो ? त्यस विषयका बारेमा राम्रो परिचय पाउनु आवश्यक हुन्छ । अतः यस शब्दको अर्थ व्यापक छ । प्रसङ्ग अनुसार शरीरलाई, मनलाई, इन्द्रियलाई, बुद्धिलाई र अन्त्यमा बुद्धिको प्रकाश साक्षीलाई आत्मा मानिन्छ । आत्मज्ञान प्राप्त गर्नु नै ब्रह्मतत्त्व प्राप्त गर्नु हो भन्ने सन्दर्भमा सौन्दर्यकी प्रतिमूर्तिमाता हैमवतीद्वारा यक्षरूपको मानव नै ब्रह्म हो भन्दै भनिएको छ -

*ब्रह्म जानिने कुरा होइन; जसले ब्रह्मलाई जाने भन्छ उसले जानेकै छैन अर्थात् जाने भनेर अहंकार गर्नेले कसरी जान्नु ? बरु जसले अहंकारलाई डढाएका छन्, अज्ञान जस्ता देखिन्छन्, तिनले ब्रह्मलाई जान्दछन् । मैले दैत्यलाई मारें भन्ने अहंकारले गर्दा तपाईं ब्रह्मलाई देख्न सक्नु हुन्न । ब्रह्मको सत्ता नपाएको भए के दैत्यलाई मार्न सक्नु हुन्थ्यो ? ब्रह्मको आदेश बिजुली जस्तै चम्किलो छ । पहिले त तद्वनको उपासना गर्नुहोस् । साराको अधिष्ठान वस्तु त्यही हो । ऊ खण्डित होइन व्यापक हो । जड होइन किन्तु चैतन्य हो, दुःखको लेश पनि उसमा छैन, किन्तु ऊ आनन्द रूप हो । उसलाई देख्ने चश्मा अखण्डित बुद्धि हो । ब्रह्मविद्याको तपस्या दम, कर्म र वेद अङ्ग हुन्, साराको लक्ष्य हो, ती सत्य ब्रह्मलाई पाउनु (पृष्ठ : ५)*।

ब्रह्मविद्याको ज्ञान हासिल गरेका बदरीनाथ वेदान्त दर्शनका अनुयायी हुन् । उनले वेद, उपनिषद् र विभिन्न पुराणहरूको अध्ययन गरेर आत्मज्ञान प्राप्त गरी बह्मज्ञानको चर्चा गर्न सफल भएका छन् । आध्यात्मिक ज्ञान अर्थात् ब्रह्मज्ञान मार्गको पहिचान गर्न सकेमा समाजमा अहिंसा र शान्ति प्राप्त हुन्छ भन्ने विचार भट्टराईको रहेको छ । 'हैमवती' कथामा कथाकार भट्टराईले वेदान्त दर्शनमा आधारित ब्रह्म एक मात्र नित्य वस्तु हो । अरू जति पनि दृश्य पर्दाथहरू छन् ती सबै मायाका खेलहरू मात्र हुन् । अनित्य र ब्रह्मको बोध हुँदा जीव ब्रह्मरूप नै हुन्छ, जीव कुनै माया जालमा फस्दैन । उसको अन्तिम लक्ष्य सत्य ब्रह्मलाई पाउनु हो भनेका छन् । यसमा ब्रह्मको स्वरूप प्रतिपाद्य विषय रहेको छ । ब्रह्मविद्या रूप प्रसादको जग हो । तप, दम, कर्म आदि साधन यिनैमा यो रहस्यमय ब्रह्मविद्यामा अडिएर रहेका हुन्छन् । यहाँ इन्द्रले माता हैमवतीको ब्रह्मज्ञानको रहस्य बुझेर मन र इन्द्रियलाई पूर्ण रूपमा आफ्नो नियन्त्रणमा राखी निस्कन दिएका छैनन् । भावपूर्ण कर्तव्य, कर्मको अनुष्ठान गरेर वास्तविक ब्रह्मविद्याको रहस्यलाई बुझ्न सफल भएका बदरीनाथले यस कथामा ब्रह्मज्ञानको जग हालेका छन् र वेदान्त दर्शनको अनुसरण गरेका छन् ।

अतः हैमवती उमाले इन्द्रलाई ब्रह्मविद्याको बारेमा दिएको ज्ञान नै यस कथाको मूल विषयवस्तु रहेको छ । माता हैमवतीको मुखारविन्दबाट सुनिएको ब्रह्मज्ञानको रहस्यबाट इन्द्रको घमण्ड खतम हुन्छ । देवताहरूबाट धेरै ठूलो भूल भएछ भन्ने कुरा इन्द्र स्वयम्ले स्वीकार गर्दछन् र देवताहरूलाई पनि भूल स्वीकार गराउँछन् । इन्द्रले आफूले प्राप्त गरेको ब्रह्मज्ञान पनि देवताहरूलाई बताए पछि अग्नि, वायु आदि देवताहरूको पनि घमण्ड हट्छ र उनीहरूद्वारा अध्यात्मरूपले भगवान्को उपासना गरिएका प्रसङ्गहरू यहाँ उल्लेख गरिएको छ । ब्रह्मविद्याको साधक वर्णाश्रम धर्म अनुसार नित्य नैमित्तिक, कर्म चान्द्रायण धर्म, तप र दम हुन् । त्यस्तै शम, दम उपनिषद्मा बताइएका उपासनामा पनि ब्रह्म अज्ञेय छ, अखण्ड छ र आनन्द स्वरूप छ । ब्रह्म नै जगत्को हर्ता, कर्ता हो । सम्पूर्ण जगत्को चराचर शक्ति उही ईश्वरीय अंश हो । ब्रह्मको उपासकलाई चित्त शुद्धिद्वारा आत्मज्ञान प्राप्त हुन्छ भनेर ब्रह्मज्ञान प्रदान गरिएको यस कथामा वेदान्त दर्शनको प्रभाव पूर्णरूपमा प्रस्तुत गरिएको छ ।

### ४.६.३ निष्कर्ष

चित्तवृत्ति निरोध अर्थात् चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने योग दर्शन, तत्त्व ज्ञान प्राप्त गर्ने उपायहरूको खोजी गरी मोक्ष प्राप्तिलाई परम लक्ष्य मान्ने र मोक्ष प्राप्ति नै ज्ञान प्राप्ति हो भन्ने न्याय दर्शन र श्रवण, मनन र निदिध्याशनद्वारा ज्ञान प्राप्ति गर्न सकिन्छ भन्ने वैशेषिक दर्शन तथा संसारमा देखिएका सबै कुरा भ्रम हुन् । यिनीहरू सबै सृष्टिको क्रममा आएका हुन् । वास्तविक तत्त्व ब्रह्मज्ञान वा आत्मज्ञान हो भन्ने वेदान्त दर्शनको प्रभाव यस कथामा परेको पाइन्छ । ब्रह्मज्ञान प्राप्त गर्ने रहस्य हैमवती उमा भगवतीले इन्द्रलाई प्रदान गरेको र इन्द्रद्वारा सारा देवताहरूलाई उक्त ज्ञान प्रदान गरिएको विषयलाई देखाइ स्वच्छ, शान्त र निस्वार्थ वैदिक समाजको झलकको मार्गदर्शन प्रदान गरिएको छ ।

## ४.७ शक्तिपरीक्षा कथा विष्लेषण

प्रस्तुत*शक्तिपरीक्षा* कथा बदरीनाथ भट्टराईले वैदिक कहानी कथा सङ्ग्रहमा २०२९ सालमा प्रकाशित गरेका हुन् । ऋग्वेदीय कौषीतकि उपनिषद्लाई उपजीव्य बनाएर रचना गरिएको यस कथामा स्वर्गका राजा देवराज इन्द्रले काशी नरेश दिवोदासका छोरा प्रतर्दनलाई दिनु भएको ब्रह्मविद्याको उपदेश नै मुख्य विषयवस्तु रहेको छ ।

### ४.७.१ कथासार

काशी नरेश प्रतर्दनले क्षत्रिय धर्ममा रहेर सारा पृथ्वीका राजाहरूलाई जितेका थिए । केही समय पछि स्वर्गका राजा इन्द्रलाई पनि जित्न भनेर एक्लै धनु लिएर इन्द्रको ढोकामा पुगेका हुन्छन् । ढोका पालेले सुकृतीलाई काशी नरेश प्रतर्दन युद्धका लागि भेट गर्न आएको कुरा राजालाई खबर गर्न पठाउँछन् । केही समयको प्रतीक्षा पश्चात् राजा इन्द्र सैन्यसहित युद्ध गर्न तयार भएर आउँछन् । इन्द्रले आफ्ना सेना सहित प्रतर्दनलाई हराउन जति हतियार, वाण चलाए पनि उनलाई जित्न त के ती कुनै पनि वाणले छुन पनि सक्दैनन् । त्यसपछि इन्द्रकै ज्ञान प्राप्त हुन्छ भने, युद्ध, लडाईं, झगडा आदि त अज्ञानीका साधन हुन् । यी कुराले त प्राणीको भलो गर्दैन भन्ने सम्झी शान्तिको मार्ग पहिल्याउन राजा प्रतर्दनको पराक्रम र पुरुषार्थको वर्णन गरी इच्छा लागेको वर माग्न भनेको सुनी प्रतर्दनको पनि रजोगुणीपन हराउँछ । उनी राजा इन्द्रको नम्रपन र महानताबाट प्रभावित हुन्छन् । उनले राजा इन्द्रलाई साष्टाङ्ग प्रणाम गरी मलाई हित हुने आत्मविद्याको (ब्रह्म) वर दिनुहोस् भनेर ब्रह्मज्ञान मागेका घटनाहरू यस कथामा वर्णित छन् ।

### ४.७.२ शक्तिपरीक्षा कथामा आध्यात्मिक दर्शनको प्रभाव

आत्मज्ञान पाउन ज्यादै दुर्लभ छ । धर्मात्मा श्रेष्ठ पुरुषहरूले मात्र गुरुसेवा, ईश्वरभक्ति, सदाचारिताले ज्ञान पाउँछन् । दुःखको नाश गर्न र अखण्ड सुख प्राप्त गर्ने असल साधन ब्रह्मज्ञान नै हो (भट्टराई, २०३८ : १०) । वैदिक सिद्धान्त अनुरूप भट्टराईको यस शक्ति परीक्षा कथामा पनि वेद, वेदान्त, उपनिषद्मा आधारित आत्मज्ञान, ब्रह्मज्ञान प्राप्तिका साधनाहरू बताइएको छ । मानवीय जीवनमा सबभन्दा हित हुने कुरा हो, आत्मज्ञान, आत्माको विशेषता त अभय र अमृत हो भन्ने सन्दर्भमा भनिएको छ -*म हुँ बुद्धिको साक्षी अन्तरात्मा जसले सारालाई प्रकाश गर्छ, त्यही शुद्ध चैतन्य नै म हुँ । प्रज्ञात्मा प्राण मै हुँ । प्राण र प्रज्ञा विना शरीर रहँदैन । क्रियाशक्ति विना प्राण रहदैन, प्राणविना पनि बुद्धि रहदैन । प्राणविना शरीर पनि रहँदैन (पृष्ठ : १०)* ।

आत्मा नै दर्शन हो, आत्मा नै श्रवण हो, आत्मा मननीय र निदिध्यासन (ध्यानशक्ति) गर्न योग्य कुरा हो । प्राण नै शरीर हो । आत्मज्ञानीको शक्ति मन, बुद्धि र विवेकले भरिएको

हुन्छ । त्यसैले मानिसले आत्मज्ञान प्राप्तिको बाटो लाग्नु पर्दछ । आत्मज्ञान र बुद्धिको वर्णनबाट यस कथामा वैशेषिक दर्शनको प्रभाव देखाइएको छ ।

वेद संसारको सर्वोत्तम आध्यात्मिक ग्रन्थ हो । वेद पछि उपनिषद्हरूको प्रादुर्भाव भएको हो । उपनिषद्मा आत्मज्ञानको/ब्रह्मज्ञानको, सत्य प्राप्तिको विषयमा वर्णन गर्दै भनिएको छ -

> *प्रतर्दनले आत्मालाई जानेर के फाइदा ? भनी प्रश्न गर्दा इन्द्रले सर्वज्ञ भइन्छ, अखण्ड सुख सागरमा मग्न भइन्छ । आत्मज्ञान सबभन्दा बलियो हुन्छ । अर्को ब्रह्माण्डको सृष्टि गर्न पनि आत्मज्ञानी सक्तछ । शरीरद्वारा सबभन्दा बलियो जस्तोसुकै पाप वा पुण्य हुन गए पनि ज्ञानीलाई छुदैन । प्राण नै प्रज्ञा हो, प्रज्ञा नै प्राण हो । स्वप्नमा विभिन्न संसार देखिए पनि वास्तविक तत्त्व आफू मात्र हुन्छ । यथार्थ वस्तु शुद्ध चैतन्य मात्र हो । आत्मा अजर, अमर छ । यही लोकपाल हो, यही लोकाधिपति हो, यही सर्वेश्वर हो । यही मेरो आत्मा हो भनी बुझ्नु होस् (पृष्ठ : ९-१०) ।*

शक्तिपरीक्षा कथामा शक्तिको होडबाजीको प्रतिफलस्वरूप आध्यात्मिक चेतनाको माध्यमबाट मानिसमा सत्ज्ञान, सत्विचार, सत्भावनाको शिक्षा प्रदान गर्न खोजिएको छ । संसारमा देखिएका वस्तुहरू झूटा हुन्, भम्र हुन् । यी सबै देखिने वस्तुहरू संसार चलाउने प्रक्रिया मात्र हुन् । वास्तविकता सांसारिक जगत्भन्दा पर रहेको छ । त्यो ब्रह्म हो । मानिसले आफूलाई चिन्नु पर्छ । आत्मज्ञान प्राप्तिको मार्गलाई पहिल्याउनु पर्दछ । आफूभित्र भएको आत्मज्ञानलाई स्वयम् आफूले नै बुझ्नुपर्छ । व्यर्थको हत्या, हिंसा, हातहतियारको सञ्चालन, घमण्ड, सानो, ठूलो उच, नीचको व्यवहार मानवीय अज्ञानता, तमोगुणी र रजोगुणीपनमात्र हो । सत्त्वगुणले युक्त मानव आनन्दस्वरूप हो भनेर वेदान्त दर्शनको सन्देश भएको यस कथाका हरेक हरफहरूमा बदरीनाथ भट्टराईले उपनिषद्, वेदान्त, योगमय आध्यात्मिक दर्शनको प्रभावलाई उजागर गरेका छन् । यस कथाको भाषाशैली सरल र समय सान्दर्भिक रहनुका साथै पात्रहरू पनि सोही समयका चयन गरी कथालाई रसात्मक

बनाइएको छ । यस कथालाई दार्शनिक दृष्टिले हेर्दा निर्दिष्ट विश्लेषणको आधारमा वेदान्त दर्शनद्वारा यो कथा प्रभावित छ भन्न सकिन्छ ।

### ४.७.३ निष्कर्ष

पूर्वीय अध्यात्म दर्शनका अनुसार जीवनको लक्ष्य आत्मज्ञान प्राप्त गर्नु या, परब्रह्ममा लीन हुनु हो । देवताहरूको कुलमा अथवा स्वर्गमा पनि पृथ्वीमा रहेका मानवहरूले भोगे जस्तै व्यावहारिक जीवन भोग्ने गरेको उक्त जीवन भोगाइका क्रममा अज्ञानीलाई ज्ञान प्रदान गरेको, सांसारिक माया बन्धनबाट मुक्त हुन आत्मज्ञान, ब्रह्मज्ञानको मार्गको खोजी गरेको, अर्थात् मानिस आध्यात्मिक मार्गबाट विचलित नहोस् भन्ने सन्देश बोकेको यो कथा वेद, उपनिषद्मा आधारित अमृतमय अध्यात्मज्ञानबाट पूर्ण रूपमा प्रभावित रहेको छ ।

## ४.८ तीन वरदान कथा विष्लेषण

*तीन वरदान* कथा बदरीनाथ भट्टराईको २०२९ सालमा प्रकाशित वैदिक कहानी कथा सङ्ग्रहभित्रको महत्त्वपूर्ण कथा हो । यजुर्वेदी कठोपनिषद्को प्रथम र द्वितीय अध्यायलाई मुख्य आधार बनाइएर लेखिएको यो कथा आध्यात्मिक दर्शनबाट प्रभावित रहेको छ ।

### ४.८.१ कथासार

यस कथमा नचिकेतालाई यमराजले दिएको तीनवरदान मध्ये अन्तिम वरमा ब्रह्मविद्याको बारेमा विशेष रूपले वर्णन गरिएको छ । वेद सर्वप्राचीन ग्रन्थ हो । वेदको एक खण्ड उपनिषद्लाई मानिएको छ । देवकुलमा पनि जीवन चलाउने प्रक्रियाहरू ज्ञानप्राप्त गर्न पिता र गुरुको आज्ञापालना गर्ने, नीति-नियम, अनुशासनको पालन गर्ने, शिक्षा आर्जन गर्ने लगायतका सामाजिक मूल्य मान्यताका कुरा रहेको पाइएको छ । सोही अनुरूप आफ्ना पितालाई आदर्श मान्ने बालक नचिकेता पिताको रिसको आवेगमा परी मृत्युको मुखमा पुग्दछन् अर्थात् यमराजको ढोका घच्घच्याउन पुग्दछन् । यमराजले नचिकेतालाई प्रेयमार्ग र श्रेयमार्ग क्रमशः भोगको साधन र कल्याणको साधन हुन् भन्ने उल्लेख गरेका छन् । मनुष्यलाई सुख भोगको साधनले बाँधेको छ । विषयभोगको साधन लिनेहरू वास्तविक सुखलाभबाट वञ्चित हुन्छन् र सम्पत्तिरूपी सिक्रीमा जकडिंदै, संसारमा भौंतारिन्छन् ।

त्यसका अतिरिक्त आत्मज्ञानीले सुख र शान्तिको अनुभव गर्दछन् । बालक नचिकेता यमराजको मुखमा पुगेर पनि शान्त र पितृभक्त, धैर्य र विनयशील भएको कारण प्रभावित भएका यमराजले तीन वरदान माग भन्दा पहिलो आफ्नो पिताको रिस, क्रोध शान्त हुने वर माग्दछन् । सोही अनुरूप दोस्रो अग्नि-विद्यारूपी वर माग्दछन् र तेस्रो वरचाहिँ आत्मविद्या माग्दछन् । यमराज नचिकेताको समाहितपन ज्ञान, बुद्धि, विवेक, श्रद्धा, साधना, वैराग्य र मोक्षको तीव्र इच्छाशक्ति देखेर अति नै प्रसन्न भएर उनले मागेको वर प्रदान गरेको प्रसङ्ग नै यस कथाको मुख्य कथासार रहेको छ ।

### ४.८.२ तीन वरदान कथामा आध्यमिक दर्शनको प्रभाव

विद्वान् चित्त शुद्ध भएको जिज्ञासु वा मोक्षको तीव्र इच्छा भएको मुमुक्षुले परमात्मालाई पाऊँ भन्ने इच्छा गऱ्यो भने उसले परमात्मालाई प्राप्त गर्न सक्दछ भन्ने उपनिषद्को वाणी अनुसार यमराजले नचिकेतालाई आत्मविद्याको वरप्रदान गर्दा व्यक्त गरेका वाणीहरूका सम्बन्धमा बदरीनाथ भट्टराईद्वारा भनिएको छ -*दुश्चरित्रबाट हटेर, इन्द्रिय जितेर, आत्मामा समाहित भएर अनि मन शान्त गरेर जसले रातदिन भजन गर्दछ उसैलाई आत्माले वरण गर्दछ (पृष्ठ :२७) ।*

आत्मज्ञान प्राप्त गर्न सर्वप्रथम मानिसले आफूमा भएका नराम्रा चरित्रलाई हटाएर असल चरित्रको विकास गर्नु पर्दछ । शरीर भोगको अनित्यता र आफ्नो आत्माको नित्यतामा विचार गरेर अनित्य भोगबाट सुख प्राप्त गर्ने आशाको त्याग गर्दै सदा सर्वदा आफ्नो साथमा रहने नित्य स्वरूप परब्रह्म पुरुषोत्तमलाई प्राप्त गर्ने मार्गमा दृढता पूर्वक लागिरहनु पर्दछ अनि मात्र आत्मज्ञान प्राप्त हुन्छ भन्ने भनाइ कथाकारको रहेको छ ।

आत्माको छाया शुद्ध बुद्धिमा छर्लङ्ग देखिन्छ । जबसम्म साधकलाई नित्यता र निर्विकल्पताको अनुभव हुँदैन, तबसम्म उसको अनित्य पदार्थहरूमा वैराग्यता उत्पन्न हुँदैन । उसको अन्तःकरण (मन) मा नित्य तत्त्वप्राप्तिको अभिलाषा उत्पन्न हुन सक्दैन । तसर्थ मानिसले निष्काम भावले शुद्ध बुद्धि प्राप्तिको मार्ग पहिचान गर्नु पर्दछ । भगवत्व प्राप्तिको साधनामा तल्लीन रहनु पर्दछ । आत्मज्ञान देखिने वस्तु होइन, यो इन्द्रियद्वारा देख्न सकिँदैन । इन्द्रियभन्दा मन सूक्ष्म छ, मनभन्दा बुद्धि सूक्ष्मतर छ, बुद्धिभन्दा महत्तत्त्व सूक्ष्मतर छ अनि महत्तत्त्वभन्दा अव्यक्त अति सूक्ष्मछ, ऊभन्दा पनि आत्मा निरतिशय सूक्ष्म छ तसर्थ अखण्ड

बुद्धि नभई सर्वज्ञ व्यापक भए पनि आत्मालाई देख्न सकिँदैन । यो आत्मा न ता प्रशस्त शास्त्र अध्ययनको बलले गरिएको प्रवचनद्वारा प्राप्त गर्न सकिन्छ न त विना साधनद्वारा यसलाई प्राप्त गर्न सकिन्छ भनेर भट्टराईले आत्मज्ञान प्राप्ति र विद्या प्राप्तिको मार्गदर्शन गरेका छन् जस्तै -*आत्मालाई प्राप्त गर्न इन्द्रियलाई रोक्नु पर्दछ । मनलाई बुद्धिमा चढाउनुपर्दछ र बुद्धिलाई महत्‌तत्त्वमा चढाई साक्षी आत्मालाई विलीन गराउनु नै आत्मतत्त्व प्राप्त गर्नु हो* (पृष्ठ : २७) ।

मानिसको अन्तः करण (मन) सत्त्वगुणी, रजोगुणी वा तमोगुणी जुनसुकै भए पनि आत्मालाई छुन सक्दैन, यसले त शरीरलाई पनि रङ्ग्याइदिन्छ । मन चल्नु हुँदैन, मनलाई स्थिर गराइ, ईश्वर र गुरुको अनुग्रहबाट जब संशय र विपर्य यर्थाथ रूपमा हृदयको गाँठो फुक्दछ तब आत्मा, ब्रह्मरूप हो भन्ने अनुभव हुन्छ । आत्मा साक्षात्कार भएन भने पुनः मनुष्यले उपासना र कर्म गर्नु पर्दछ । आत्मा नित्य प्राप्त भइरहेकाले स्वप्रकाशमय हुन्छ र आफ्नै शुद्ध अन्तःकरणमा पुन प्राप्ति हुन्छ भन्ने आध्यात्मिक ज्ञान यस कथा माफर्त प्रदान गरिएको छ । अतःनिर्दिष्ट उपर्शिषक अर्न्तगत आत्मज्ञान, आत्मसाक्षात्कारका विषयमा वर्णन गरिएको हुनाले यहाँ साङ्ख्य दर्शनको प्रभाव रहेको पाइन्छ ।

### ४.८.३ निष्कर्ष

यस कथामा बदरीनाथले पूर्ण रूपमा आध्यात्मिक दर्शनको परिचय दिएका छन् । यस लोकमा आध्यात्मिक दर्शनको माध्यमबाट अन्तःकरण (मन) आदि उपाधिले युक्त जीव मरण पछि यमराजको वशमा पर्छ भने स्थूल, सूक्ष्म र कारण शरीररूपी तीन उपाधिले रहित स्वयम्ज्योति परमात्मा नै मेरो स्वरूप हो अर्थात् आत्मा हो भनेर आत्मज्ञानी व्यक्तिले बुरुनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । कलियुगका भौतिकवादी दृष्टिकोणबाट जीवनलाई अशान्त तर्फ धकेल्दै दुःखी बन्न पुगेका मानिसहरूलाई शान्त र सुखी जीवन प्राप्त गर्न आध्यात्मिक ज्ञानकोमार्ग पहिचान गर्नु अत्यावश्यक भएको सन्देश प्रदान गरिएको यो तीनवरदान कथा वेदान्त, योग र मीमांसा दर्शनबाट प्रभावित रहेको छ । कठोपनिषद्को यमराज र नचिकेताबिच भएको संवादका रूपमा परमात्माको रहस्यमय तत्त्वका विषयमा अत्यन्तै उपयोगी र विशुद्ध रूपमा वर्णन गरेर अन्तःकरण शुद्धी, ब्रह्मतत्त्व प्राप्ति, ॐ कारको रहस्य र पुरुषोत्तम भगवान्को महिमा वर्णन गरिएको यस कथामा तीन वरदानभित्र सद्ज्ञान, सद्बुद्धि र आत्मज्ञान प्राप्तिको मार्गदर्शन गरिएको छ ।

## ४.९ तिनौटा द कथा विश्लेषण

बदरीनाथ भट्टराईको यो *तिनौटा द* कथा २०२९ सालमा प्रकाशित भएको वैदिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको हो । बृहदारण्यकोपनिषद्को पञ्चम अध्यायमा वर्णित कथा वस्तुमा आधारित रहेको यस कथामा आध्यात्मिक दर्शनको प्रभाव रहेको पाइन्छ ।

### ४.९.१ कथासार

प्रजापति अर्थात् सृष्टिकर्ता ब्रह्मा स्वयम् आफ्ना छोराहरूले देखाएको चकचकेपनले दिक्क भएको अवस्थामा द अक्षरबाट तिनौवटा छोराहरूलाई भिन्नाभिन्नै ज्ञान प्रदान गर्न सफल भएका छन् । देवताहरू इन्द्रियलाई वशमा राख्न नसक्ने भएका हुनाले उनीहरूमा आत्मज्ञान प्राप्त हुन सकेको छैन । उनीहरू आफैमा अशान्ति र दुःखी छन् । त्यसैले ब्रह्माजी ले दम अर्थात् इन्द्रियहरूलाई वशमा राखी, मनलाई वशमा राखे शान्ति र सुखको अनुभूति हुन्छ । मानवहरू लोभी हुने भएका हुनाले *दत्त* को अर्थ *दया* हो अर्थात् यथाशक्ति दान गर्नु पर्छ भन्ने अर्थ लगाइएको छ भने दानवहरू रिसाहा, क्रुर र निर्दयी हुने भएका हुनाले **द** को अर्थ दया हो । रिस, राग, हत्या- हिंसा छोडेर एक अर्कामा न्याय गर्नु पर्दछ भन्ने कुरालाई कथामा उल्लेख गरिएको छ । यसर्थ संसारमा हरेक किसिमका प्राणीहरूको सृष्टि भएको छ । सबैले बाँच्नको लागि संघर्ष गर्दै आ-आफ्ना किसिमबाट कर्म गर्दै आएका छन् । मानिस संसारको सर्वश्रेष्ठ प्राणी हो । उसले असल कार्य र आध्यात्मिक साधना निरन्तर रूपमा गरेमा आत्मज्ञान प्राप्त गर्न सकिन्छ । उसले देवलोक प्राप्त गर्दछ । कुकर्म गरेमा जीवनमा अनेक दुःख कष्ट भोग गर्दै अन्तमा पटक पटक जन्म मरणको चक्रमा डुबिरहनु पर्दछ भनेर कथाकारले तीनवटा द मार्फत क्रमशः देवता, मानव र दानवलाई इन्द्रिय वश गर्नुपर्ने, दान गर्नुपर्ने र दया गर्नुपर्ने ज्ञानप्रदान गरेको विषयवस्तु नै यस कथाको मुख्य कथासार रहेको छ ।

### ४.९.२ तिनौटा द कथामा आध्यात्मिक दर्शनको प्रभाव

वेद संसारको इतिहास हो । यो आध्यात्मिक दर्शनको अमूल्य निधि हो । वेदमा मानवीय मन समान होस्, मानवीय चेष्टा समान होस्, सबै मानवहरू एक हुन् भन्ने एकताको सन्देश प्रदान गरिएको छ । आध्यात्मिक सुख नै मानवीय सुखको रहस्य हो भन्ने बुझेका बदरीनाथ भट्टराईले उपनिषद्मा आधारित यस कथामा आध्यात्मिकताको सन्देश

प्रदान गर्दै देवताहरू भोगविलासमा बढी लागेका हुनाले उनीहरूले इन्द्रियहरूलाई दमन गर्नु पर्ने अर्थात् *दम* को अर्थ योग दर्शनसँग सम्बन्धित रहेको कुरा उल्लेख गरेका छन् । जसले शरीर, इन्द्रिय, मनका समस्त बन्धन रहित शुद्ध आत्माको साक्षात्कार गर्न चाहन्छ, त्यसको निम्ति योग दर्शन महान् साधन हो (चट्टोपाध्याय र दत्त, १९८३ ई :१८६) भनिएबाट पनि देवताहरूले इन्द्रियलाई दमन गर्नु पर्ने द को अर्थ लगाएको पाइन्छ । जसले इन्द्रियलाई वशमा राखी आत्मज्ञान प्राप्त गर्दछ र देवता बन्दछ अर्थात् उसले देवकुलमा जन्म लिन्छ । साधारण कर्मबाट मानिस रजो गुणी अर्थात् मानव भएर कर्म गर्न पाउछ भने नराम्रा अर्थात् तुच्छ कामबाट तमोगुणी अर्थात् दानवकुलमा जन्म लिन पुगी हत्या, हिंसा, अन्याय अत्याचार लगायतका दानवीय कर्म गर्न पुग्दछ । यहाँ देवताहरूलाई सत्त्वगुण अत्यधिक हुने शम, दम, तप, पवित्रता, शान्ति, क्षमा, सरलता अध्यात्मज्ञान आदि ब्राह्मणका स्वाभाविक कर्म भएको मानिएको छ (चालिसे, २०६६ : १०४) । स्वर्गका देवताहरूले पनि सामान्य मानिसले जस्तै कार्य देखाउने गरेको वैदिककालीन समाजमा प्रजापतिले इन्द्रियलाई जित्नु पर्ने द ज्ञान प्रदान गरी आध्यात्मिक चेतना दिन खोजिएको कथावस्तुलाई बदरीनाथ भट्टराईले उल्लेख गरेका छन् ।

त्यस्तै सत्त्वमिश्रित रजोगुणीको आधिक्य रहने शुर, वीर, तेज, धैर्य, चातुर्य, युद्ध, दान, स्वाभिमान जस्ता स्वाभाविक धर्म रहेका मानवले अर्काको सम्पत्तिमा लोभ गर्नु हुँदैन (पृष्ठ : ५६) । लोभ यदि मानवीय स्वभाव हो भने दान गर्नु आध्यात्मिक मान्यता हो भन्ने कुरा देखाइ वैदिक सनातन धर्मलाई यहाँ उजागर गर्न खोजिएको छ ।

अन्तिम *द* को प्रयोग गरी दानवहरू रिसाहा, क्रोधी र अविवेकी हुन्छन् । उनीहरू हरेक समय आफ्नो विलासी जीवनप्रति आशक्त भई सामान्य व्यक्तिहरूलाई दुःख, कष्ट, पीडा दिने गर्दछन् । त्यसैले उनीहरूलाई यस्ता निजी स्वार्थमा नलागी हरेक प्राणीलाई दया गर्नु पर्ने ज्ञान प्रदान गरिएको यो कथा योग र वेदान्त दर्शनमा आधारित रहेको छ ।

प्रस्तुत कथा वैदिक कर्मकाण्ड विषयको जिज्ञासाको निम्ति प्रयोग गरिएकोले मीमांसा दर्शनसँग अत्यन्त नजिक रहेको देखिन्छ । कथामा प्रजापतिद्वारा छोराहरूलाई ब्रह्मचर्यमा बस, यम र नियमलाई अगाँल, आत्माको साक्षात्कार तत्त्वज्ञानबाट हुन्छ भन्दै छोराहरूको चित्तशुद्धि भएको कुरा थाहा पाएपछि प्रसन्न भएर देवताहरूलाई हात जोरेर भने; *द* को अर्थ *दम* अर्थात् इन्द्रियहरू बशमा राख, मनुष्यहरूलाई तिमीहरू स्वभावैले लोभी छौ तिनीहरू

*दत्त* अर्थात् यथाशक्ति दान गर र असुरहरूलाई तिमीहरू रिसाहा छौ, मुला काटेजस्तै अर्काको हिंसा गर्छौ, त्यसैले त्यस्तो बानी छोडेर तिमीहरू प्राणीहरू माथि ***द*** दया गर भनिएको छ । अतः समाजमा रहेका प्रत्येक मनुष्यहरूले निजीस्वार्थमा लागेर वासना युक्त कार्य गर्नु हुँदैन । हरेकले आ-आफ्नो कर्तव्य दत्तचित्त भएर पालन गरी आध्यात्मिक मार्ग अपनाउनु पर्दछ भन्ने भाव यस कथाको रहेको छ ।

### ४.९.३ निष्कर्ष

यस कथाले वैदिक युग, वैदिक समाजको सामाजिक परिवेश, सामाजिक रीतिस्थिति, परम्परागत सांस्कृतिक मूल्य मान्यता, देवकुल तथा ऋषिकुलभित्र रहेको गुरुकुल परम्परा एक आपसको सहयोग, सद्भाव, आदर सत्कार आदि कुरा उल्लेख गरेर वर्तमान समाजलाई एक आपसमा झै झगडा गर्नु हुँदैन । अस्वस्थ प्रतिस्पर्धाले मानवीय क्षति हुन सक्ने भएको हुनाले हरेक मानिसमा ज्ञान हुनु पर्दछ । मानिसले विभिन्न साधनाद्वारा आत्मज्ञान प्राप्त गर्न सक्दछन् । आत्मज्ञानले हरेक प्राणीको कल्याणको लागि मार्गदर्शन गर्दछ भन्दै कथामा प्रजापतिले तिनौटा *द* अक्षरबाट देवता, मानव र दानवलाई दिएको उपदेश दम, दत्त र दया नै अमृतमय आध्यात्मिक ज्ञानमूलक उपदेश भएको प्रसङ्ग उल्लेख गरिएको छ ।

## ४.१० भूमा कथा विष्लेषण

*भूमा* कथा बदरीनाथ भट्टराईको २०२९ सालमा प्रकाशित वैदिक कहानी कथासङग्रह भित्रको महत्त्वपूर्ण कथा हो । यस कथालाई छान्दोग्य उपनिषद्को सप्तम अध्यायको कथावस्तुलाई उपजीव्य बनाएर रचना गरिएको पाइन्छ । कथामा भूमालाई अनन्त सुखको अवस्था भनिएको छ । यो कथामा सारा शास्त्रका ज्ञाता भए पनि सुख शान्ति प्राप्त नभएका नारदले सुख, शान्तिको उपायको खोजी गर्दा ज्ञानी गुरु सनतकुमारले भूमा सुखको शिक्षा दिएको प्रसङ्ग उल्लेख गरिएको छ । कथाकारले उपनिषद्मा वर्णित नारद र सनतकुमारको संवादलाई आफ्नो मौलिकतामा ढाली कथालाई आकर्षक रूपमा आध्यात्मिकता प्रदान गरेका छन् ।

### ४.१०.१ कथासार

कथाको प्रारम्भ नै अखण्ड सुख, शान्ति मेरो मनमा किन भएन ? यो गजबको कुरा हो ? किन मनमा नचाहिने कुरा उर्लिरहन्छन् भनेर नारदले सनतकुमार गुरुको शरणमा जानु अगाडि आफ्नै मनमा गरेको प्रश्नबाट भएको पाइन्छ । जस्तो कि केटाकेटीदेखि नै भक्तितिर लाग्दा पनि राग र द्वेषको नाश हुन सकेको छैन । संसारमा भक्त भन्ने नाउँ चलिसक्यो तर खै ? भक्तिको फल पाउन सकिएको छैन । कति सङ्घर्ष गर्दा पनि यो कषाय जाँदैन । केही गरी कषायरूपी यो वासनालाई उछिने पनि रसास्वादमा गएर जाकिन्छ भनी नारदले आफूले पूर्ण रूपमा आत्मज्ञान प्राप्त गर्न नसकेको हुनाले मन अस्थिर रहेको कुरा उल्लेख गरेका छन् । मानिसले जीवनमा सुख र शान्ति प्राप्त गर्ने विभिन्न माध्यमहरू मध्ये भक्ति मार्ग पनि एउटा महत्त्वपूर्ण मार्ग हो ।  मनमा विविध किसिमका वासना पसेमा भक्तिले पनि ज्ञान प्रदान गर्न सक्दैन । अर्थात् आत्माको साक्षात्कार गर्न सकिदैन भनेर कथाकारले यस कथा मार्फत आधुनिक मानवहरूलाई आध्यात्मिक मार्गतर्फ निर्देश गर्न खोजेका छन् ।

मानिसले चारैवेद, इतिहास पुराण, व्याकरण, श्राद्धकल्प, गणित, उत्पात ज्ञान, तर्कशाास्त्र, नीतिशास्त्र, निरूक्त, ब्रह्मविद्या, भूतविद्या, धनुर्वेद, ज्योतिष, सर्पविद्या, नाच गान इत्यादि असंख्य विद्याको ज्ञाता भए तापनि आत्मालाई जान्न सकेन भने उ दुःखी हुन पुग्दछ अर्थात् सांसारिक शोक समुद्रबाट टाढा हुन सक्दैन भन्ने मान्यता अध्यात्मवादको रहेको छ । मानिस आत्मज्ञानी हुनु अत्यन्त आवश्यक रहेको हुन्छ । आत्मज्ञान प्राप्त गर्न मन शुद्ध हुनुपर्छ मन शुद्ध भएपछि आत्मा शुद्ध हुन्छ अर्थात् आत्मज्ञान प्राप्त गर्न सकिन्छ भन्ने मान्यता बोकेका बदरीनाथले यस कथाको रचना गरेका हुन् । यस कथालाई कथाकारले संवादात्मक शैलीमा रचना गरेका छन् । नारदले सनतकुमार, गुरुलाई अखण्ड सुख प्राप्तिको ज्ञान माग्दा सनतकुमारले भूमा (सुख) प्राप्त हुने उपायमा आत्मज्ञान प्राप्ति भएको कुरा बताउन विभिन्न किसिमका अन्य ज्ञानमूलक उपायहरू बताएको प्रसङ्ग कथाको मुख्य कथासार रहेको छ ।

### ४.१०.२ भूमा कथामा आध्यात्मिक दर्शनको प्रभाव

आध्यात्मिक जीवनको उद्देश्य विराट्लाई स्पर्श गर्नु हो । यस्तो भगवान्को विराट स्वरूपको र्स्पशको महत्त्वपूर्ण कथा *भूमा* भएको हुनाले उपनिषद्मा भनिएको छ *:भो वै भूमा*

*तत्सुखं नाल्पे सुखमस्ति* (भट्टराई, २०३८ : प्रकाशकीय) । अर्थात् जो अनन्त हुन्छ त्यो आनन्दमय हुन्छ, जुन आनन्दमय हुन्छ, त्यो अनन्त पनि हुन्छ । विद्वान्हरूका अनुसार, शिष्यले गुरुका समीपमा गई परमतत्त्वको गूढ उपदेश सुन्नका निम्ति बस्नु भन्ने अर्थ गर्न सकिने उपनिषद् ब्रह्मविद्याको अर्थमा प्रयुक्त हुँदै आएको पाइन्छ । उपनिषद् वैदिक दर्शनको सारभूत सुनिश्चित सिद्धान्तको प्रतिपादक ग्रन्थ हो । उपनिषद्मा पूर्णरूपमा आध्यात्मिक दर्शनको भाव पाइन्छ । भूमा कथा आफैमा आध्यात्मिक दर्शनले परिपूर्ण कथा भएको हुनाले यसभित्र आध्यात्मिक दर्शको प्रभाव देखाउँदा सजिलै उद्देश्यमा पुग्न सकिने कुरा निर्विवाद रहेको छ ।

उपनिषद्को ऋषिकुल सम्बन्धी यथार्थ घटनामा आधारित यस कथाका प्रमुख चरित्र शिष्य नारद र ब्रह्मनिष्ठ गुरु सनतकुमार रहेका छन् । आध्यात्मिक भावनामा चुर्लुम्म डुबेका नारद ऋषिले आफूले प्राप्त गरेको ज्ञान अधुरो भएकोले पूर्ण ज्ञान प्राप्त गर्न नसक्दा मनमा अनेक तरहका चिन्ता, शोक पलाएर विकृतिहरू उब्जिएका कारण उनी उक्त चिन्ता शोकबाट मुक्त भई भगवत्त्व प्राप्त गर्न कसरी सकिन्छ ? अर्थात् आत्मज्ञान कसरी प्राप्त गर्न सकिन्छ ? भनेर ब्रह्मनिष्ठ गुरु सनतकुमारको समीपमा गई शरणमा पर्नु भएको प्रसङ्ग उल्लेख गर्दै नारदद्वारा भनिएको छ -

> *म कहिले भगवान्को चरित्र सुन्दछु, कहिले वीणा बजाउँदै कीर्तन गर्छु, कहिले भगवान्को स्मरण गर्छु, कहिले नमस्कार गर्छु, कहिले यो परा र अपरा सारा परमात्मा कै प्रकृति हो भनी आकाश, पाताल, पहाड, समुद्र अर्थात् सारा जगत् हरिको शरीर हो भन्छु तर यी सत्कर्महरू गरुञ्जेल, विवेक र विचारको आश्रय लिउञ्जेल मनमा शान्ति आए जस्तो पनि हुन्छ । केटाकेटीदेखि नै भक्तितिर लाग्दा पनि राग र द्वेष नाश हुन सकेको छैन् । संसारमा भक्त भन्ने नाउँ चलिसक्यो । भक्तिको फल पाउन सकेको छैन । कति सत्संग गर्दा पनि यो कषाय जाँदैन । केही गरी कषायरूपी यो वासनालाई उछिने पनि अशान्तिको कारण रसातलमा गएर जाकिन्छु* (पृष्ठ : ५५)

आत्मज्ञान प्राप्त गर्नेमार्ग खोजी गरेको विषयलाई प्रस्तुत गरिएको यस कथामा मानिस आत्मज्ञान प्राप्त गरेकोमा आनन्द आयो भनेर मख्ख पर्छ तर यो सूक्ष्म जीवको बन्धन फुकाउन सक्दैन । त्यसैले आत्माज्ञान प्राप्त गर्न आध्यात्मिक चिन्तनमा लीन हुनु पर्दछ । यदि भक्ति साधनाबाट यही जन्ममा आत्माको साक्षात्कार गर्न सकिएन भने त पुनर्जन्मको भागिदार हुनुपर्छ भन्ने भावना कथाकारले यहाँ उजागर गरेका छन् ।

म र मेरो भन्दै बन्धनमा परेको मानवीय जीवनप्रति व्यङ्ग्य गर्दै कथामा भनिएको छ । *यस शोक सागरबाट कसले पार लगाइदेला* (पृष्ठ : ५५) । बदरीनाथ भट्टराई वेदान्त र मीमांसा दर्शनका पूर्ण समर्थक हुन् । मीमांसा दर्शनको जिज्ञास्य विषय धर्म हो र वेद प्रतिपादित अर्थलाई धर्म भनिएको छ । ऋगवेददेखि दार्शनिक भावनाको उदय भएको कुरा मानव व्यवहार र कर्मकाण्डमा प्रयोग गरिँदै आएको छ । ध्यानदेखि प्रार्थनासम्मका पुरुषसूक्तका मन्त्रहरूले दर्शनलाई सङ्केत गरेको पाइन्छ । पूर्ण आस्तिक धर्म र कर्ममा आधारित आत्मज्ञानका साथै कर्मानुष्ठानबाट मोक्ष प्राप्त हुन्छ भन्ने मान्यता रहेको मीमांसा दर्शनको ज्ञान पाएका नारदऋषिले भगवान्को चरित्र सुन्नु, वीणा बजाउनु, भगवान्को नाम संकीर्तन गर्नु भनेको सत्कर्मको बाटो पहिल्याउनु हो भन्ने भगवान्को भक्ति गर्नु आत्माको साक्षात्कारको खोजी गर्नु आदि मीमांसा र वेदान्त दर्शनको सिद्धान्तगत कुराहरू हुन् । भक्ति र ईश्वरानुभूतिका विभिन्न तहहरू छन् । भगवान्को अस्तित्वलाई स्वीकार गर्ने कुनै पनि मानिसलाई भक्तिमा अवस्थित मान्न सकिन्छ । आध्यात्मिक ज्ञान र दिव्य आनन्दका अनेक स्तर छन् । एउटा स्तरमा वेदले अनुमोदन गरेका कर्मकाण्डमूलक यज्ञहरू, व्रत,उपवास, तपस्या, सामाजिक तथा योगाभ्यास आदि आउँछन् । यी सबै शुभकार्यले कर्तालाई विभिन्न फल प्रदान गर्दछन् । भगवत्व परम दिव्य आनन्दको आस्वादन गर्न नयाँ हुञ्जेल मात्र यस्ता शुभकर्मबाट पुरस्कार स्वरूप प्राप्त हुने फल मीठा र आकर्षण लाग्दछन् भन्ने भाव भट्टराईले यहाँ प्रदान गरेका छन् ।

भगवत्व प्रेम हरेकका हृदयमा सुषुप्त अवस्थामा विद्यमान रहेको हुन्छ । नारदऋषि आफैमा पनि भगवान्का परम भक्त, ज्ञानी पुरुष हुन् तापनि उनलाई आफूमा भएको ज्ञान अधुरो भएको महसुस भएर अनेक तरहका चिन्ताले उनलाई सताएको हुन्छ ; जसका कारण यस्तो दुःखमय संसारबाट मुक्त हुन तथा आत्मज्ञान प्राप्त गरी भगवत्त्व प्राप्तिको चाहना

राखेको प्रसङ्गलाई कथाकारले यहाँ प्रस्तुत गरी आधुनिक मानिसहरूलाई आध्यात्मिक सन्देश प्रदान गरेका छन् ।

> *विभिन्न विद्याको अध्ययन गरे तापनि आत्मालाई जान्दिन भन्ने आत्मज्ञानीहरू शोकसमुद्रबाट पार हुन्छन् भन्ने सुनेको छु । मलाई त शोकले सताइरहेको छ । त्यसैले ज्ञानरूपी नाउँमा चढाई शोकसागरबाट पार गराइ दिनुहोस्* (पृष्ठ : ५६) ।

दुःखको आत्यन्तिक निवृत्ति दुःखको कारण अज्ञान हो, दुःख नाश नै मोक्ष हो, आत्माको साक्षात्कार तत्त्वज्ञानबाट हुन्छ । श्रवण, मनन, निदिध्याशन ज्ञान प्राप्तिका लागि आवश्यक रहेका छन् । अज्ञानले मानिसमा मोह जगाउँछ । वस्तुप्रतिको रागभाव नै अज्ञानताको परिणाम हो (शर्मा, १९९८ : १७१) तसर्थ भगवान्को उपासना नै ज्ञान प्राप्तिको एउटा माध्यम हो भन्ने आध्यात्मिक दर्शनसँग नारद ऋषिले समाहित हुने चाहना राखेको विषयलाई कथाकारले यहाँ प्रस्तुत गरेका छन् । यो संसार एक आपसमा जेलिएको छ, एकको अभावमा अर्को मर्माहित भएको हुन्छ, भन्ने विषयमा सनतकुमारद्वारा नारद ऋषिलाई भनिएको छ -

> *प्रतिमालाई विष्णु बुद्धिले उपासना गरेझैँ नामलाई ब्रह्मबुद्धिले उपासना गर्नुहोस् । नाम भन्दा असंख्य ठूलो वाक् (इन्द्रिय) हो । शारा शास्त्र वाक्कै आधारमा छन् । यदि वाक् नभए धर्म र अधर्म, साँचो र झूटो कसले छुट्याउने ? त्यसैले वाक्लाई ब्रह्म भनेर उपासना गर्नुहोस् । वाक् भन्दा ठूलो मन हो । त्यसैले मनलाई ब्रह्म भनेर उपासना गर्नुहोस् । मनभन्दा ठूलो संकल्प हो, संकल्प भन्दा ठूलो चित्त हो, चित्त भन्दा ठूलो ध्यान हो, ध्यान कै उपासना गर्नुहोस्* (पृष्ठ : ५६/५७) ।

आत्मा, परमात्ममा गएर लीन हुनु, काम वासना आदि आशक्तिलाई छोड्नु, शरीर, इन्द्रिय, मनका समस्त बन्धनरहित शुद्ध आत्माको साक्षात्कार गर्न चाहना राख्नु आदि योगका महान् साधनहरू हुन् भन्ने कुरालाई योग दर्शनले प्रतिपादन गरेको हुनाले यस दर्शनको प्रभाव यस कथामा पाइन्छ । शुद्ध भक्तिको अर्थ शरीरका सबै इन्द्रियहरूलाई

भगवान्का सेवामा लगाउनु हो । मानिसको इन्द्रिय शुद्धि तब मात्र सम्भव छ, जब मानिसले म भगवान्को भक्त हुँ । मेरो जीवन भगवान्कै सेवाको लागि हो भन्ने सम्झन्छ र भगवान् प्राप्तिमा लाग्दछ भन्ने आध्यात्मिक मान्यता बमोजिम सनतकुमाले नारदऋषि मार्फत दिएको ज्ञानलाई कथामा प्रस्तुत गरिएको छ । योग साधनामा तल्लीन बदरीनाथ भट्टराईद्वारा सृष्टिका बारेमा जोड्दै भनिएको छ -*ध्यानभन्दा पनि ठूलो विज्ञान हो, विज्ञान भन्दा ठूलो बल हो । बल भन्दा ठूलो अन्न हो । अन्न भन्दा ठूलो जल हो । जल भन्दा ठूलो तेज हो । तेज भन्दा ठूलो आकाश हो* (पृष्ठ : ५७) ।

पूर्वीय दार्शनिक मान्यताका अनुसार जगत्को उत्पत्ति भन्दा पूर्व ब्रह्ममात्र थियो । ब्रह्मबाट आकाश, तेज, वायु, जल र पृथ्वीको रचना भयो । जसलाई पञ्चमहाभूत भनिन्छ । मानवशरीरका पक्षमा प्रत्येक सात्विक अंशबाट पाँच ज्ञानेन्द्रिय रज अंशबाट पाँच महाप्राण, पञ्च महाभूत, समष्टिमा सात्विक सृष्टि अन्तः करण मन, बुद्धि, चित्त, अहंकार गरी यो शरीरको निर्माण भएको छ । यो सारा जगत् ब्रह्म हो, उसैबाट चेष्टा गर्ने उसैमा लीन हुने कुरा आध्यात्मिक दर्शनको मान्यता रहेको अवस्था आकाशमा शक्तिशाली सूर्य, चन्द्रमा र नक्षत्रहरूले आफ्नो किसिमबाट सेवा दिइरहेका छन् । यो नै प्राकृतिक नियम हो भनेर प्रकृतिको नियमलाई आत्मज्ञानसँग जोड्न यहाँ कथाकार सफल भएका छन् ।

आकाशमा नै जीव उत्पन्न हुन्छ, त्यसैले आकाश नै ब्रह्म हो भनेर उपासना गर्नुहोस् । आकाशभन्दा ठूलो प्राण हो । प्राणरूपी धागोमा सारा संसार जेलिएका छन् भनेर सनतकुमारले भन्दा नारदमुनिद्वारा भनिएको छ - *अब म प्राणकै उपासना गर्दछु । अनि मनलाई पनि वशमा राख्छु । प्राण र मनको पूरा सम्बन्ध छ, मन ज्ञान शक्ति हो भने प्राण क्रियाशक्ति हो* (पृष्ठ : ५८) ।

इन्द्रिय तथा मनको निग्रह वा योगाभ्यास यथार्थ सत्ताको सत्यज्ञानको चेतनापूर्ण आन्तरिक खोज, ध्यान एकाग्रता आदि अर्थ पनि गरिएको योग दर्शनको प्रभाव यस कथामा परेको पाइन्छ । हृदयमा शुद्ध भक्तिको उदय भइसकेपछि मानिसमा भगवान्बाहेक मनमा केही आउँदैन । भक्तिमा लागेका मानिस दोषबाट मुक्त हुन्छन् । भगवान्का भक्तले आफ्नो आत्मालाई अनुकूल बनाइ राख्न आवश्यक पर्ने वस्तुमात्र ग्रहण गरिरहनु पर्दछ । शारीरिक मागहरू बढाउने अरु सबै वस्तुहरू त्याग गर्नुपर्दछ भन्ने आध्यात्मिक मान्यता रहेको छ ।

संवादात्मक शैलीमा रचना गरिएको अमृतमय आध्यात्मिक दर्शनमा आधारित यस कथामा सनतकुमारले सत्य वा साँचो कुरा नै जान्नु पर्छ भन्ने उत्तरमा नारदमुनिद्वारा भनिएकोछ - *भगवान् म सत्यलाई जान्न खोजिरहेछु* भन्ने उत्तरमा सनत्कुमारद्वारा भनिएको छ -*हेर्नुहोस् मुनि ! विज्ञान, मति र श्रद्धाहरू जान्न योग्य छन् । श्रद्धा भएपछि मात्र मनुष्यले मनन गर्दछ । निष्ठा पनि चाहिन्छ । इन्द्रियको संयम र चित्तको एकाग्रताको पनि आवश्यकता पर्छ अनि सुखको ज्ञान हुन्छ ?* (पृष्ठ :५८) ।

आत्मसाक्षात्कारको जिज्ञासु व्यक्तिका लागि योगदर्शन नै अमूल्य निधि हो । आत्मज्ञान, मनशुद्धि, आत्मासाक्षात्कार, परमतत्त्वको प्राप्ति, ईश्वरको सिद्धि, चित्त शुद्धि समस्त कल्मषलाई हटाएर आत्मज्ञान प्राप्त गर्ने अनन्त सुख प्राप्त गर्ने ध्येय राखेको योग दर्शनबाट यो कथा प्रभावित देखिन्छ । एकाग्र रूपले भगवत्त्व प्राप्तिमा लागेको मानिसलाई भक्तिको सर्वोच्च शिखरमा पुगेको ठान्नु पर्दछ । यस किसिमको अलौकिक प्रेम भक्तिले मात्रै मानिसले मायाको प्रभावलाई पार गर्न सक्दछ भन्ने कुरालाई कथाकारले प्रकट गरेका छन् ।

आत्माको दर्शन भएपछि मात्र मानिसले शान्ति र सुखका अनुभव गर्दछ भन्ने आध्यात्मिक मान्यता बमोजिम अध्यात्मज्ञानरूपी सुखको इच्छा गर्दै नारदद्वारा भनिएको छ, *भगवान् मलाई सुखको जिज्ञासा ज्यादै छ* भन्ने कुराको उत्तरमा सनतकुमारद्वार भनिएको छ

> *भूमा नै सुख हो, थोरै ज्ञानमा तृष्णा हुन्छ । तृष्णा त दुःखको बीउ हो, भूमा त्यस्तो सुख हो जुन एकाग्र चित्तमा मात्र हुन्छ,जुन अवस्थामा मानिसले केही देख्दैन, सुन्दैन र केही जान्दैन केवल एकाग्र भएर भगवान्मा लीन हुन पुग्छ, उसलाई दिव्य दृष्टि हुन्छ । योगमा लीन भएता पनि यदि त्यो योगीले सांसारिक वस्तु देख्छ, सुन्छ र जान्दछ भने त्यो अल्पज्ञानी हो, ऊ नाशवान् छ । उसमा पूर्णज्ञान प्राप्त भएको छैन* (पृष्ठ : ५९)

योग साधनायुक्त आध्यात्मिक ज्ञान नै जीवनको शान्ति प्राप्त गर्ने महत्त्वपूर्ण साधन हो भन्ने भाव यहाँ पाइन्छ । कथाकारद्वारा आत्मज्ञानको परिचय गराउँदै *भूमा* कसमा प्रतिष्ठित अर्थात् आश्रित छ ? भन्ने नारदको प्रश्नको उत्तरमा सनतकुमारद्वारा भनिएको छ -

*शुद्ध आत्माको रूपले भूमाको आदेश गर्दछ । आत्मा तल माथि, पछिल्तिर, अघिल्तिर, दाँया, बाँया सबैतिर रहेको छ । यो सारा जगत् आत्मा (ब्रह्म) नै हो । जसले जस्तो देख्दछ त्यस्तै मनन गर्दछ, विशेष रूपले अनुभव गर्दछ, त्यो आत्मामा नै रमाउँछ,आत्मामा नै क्रीडा गर्छ । बाहिरी साधन उसलाई चाहिँदैन । त्यो आत्मानन्दमा नै मख्ख हुन्छ* (पृष्ठ : ५९) ।

यो संसार ब्रह्ममय छ (सर्वं ब्रह्ममयंजगत्) तर व्यवहार भेदमा भ्रान्तिका कारण मिथ्या ज्ञानले गर्दा अनेक रूपको ज्ञान भएको मात्र हो (आचार्य, १९९७ : ६४२) भन्ने धारणा बोकेका बदरीनाथ भट्टराईले यस कथामा वेदान्त दर्शनलाई उजागर गरेका छन् । एकाग्र मनले भगवत्त्व साधनामा भक्तको श्रदा बढ्दै जान्छ । आफ्नो उच्चतम र सिद्ध अवस्थाको प्राप्तिप्रति ऊ पनि आश्वस्त हुँदै जान्छ । दृढतापूर्वक भक्तिमा उसको रुचि बढेपछि उसको आशक्ति बढ्छ र त्यसैमा ऊ दिव्य आनन्दको अनुभव गर्न थाल्छ भन्ने आध्यात्मिक ज्ञान भएका बदरीनाथ भट्टराईद्वारा आत्मालाई ब्रह्म मान्दै सनत्कुमारका मुखारविन्दबाट भनिएको छ -

*श्रवण, मनन र निदिध्यासनद्वारा आत्माको अनुभव गर्ने विद्वान्‌का दृष्टिमा आत्माबाट नै प्राण, आशा, स्मृति, आकाश, तेज, जलहरूको आविर्भाव हुन्छ र आत्माबाट नै तिरोभाव पनि हुन्छ । आत्माबाट नै अन्न बल, विज्ञान, ध्यान, चित्त, सङ्कल्प, मन, वाक्, नाम, मन्त्र र कर्महरू हुन्छन् । यस्तो ज्ञानीले मृत्युलाई देख्दैन : न रोग नै देख्छ, न त दुःखलाई देख्छ । अर्थात् उसले त सबैलाई आत्मरूप नै देख्छ । सृष्टि हुनुभन्दा अगि ऊ एकरूप हुन्छ अनि सृष्टिकालमा अनन्त भेदवाला पनि हुन्छ, फेरि प्रलयमा एकरूप हुन्छ* (पृष्ठ : ६०) ।

आत्मविद्या पाउनका लागि मनुष्यमा पहिले आहार शुद्धि हुनु पर्छ । पेटको आहारामा मात्र होइन किन्तु कान, आँखाहरूको पनि शुद्धि भयो भने अन्तः करणको शुद्धि हुन्छ । अन्तः करण सत्त्वमय भयो भने आत्मरूपको अखण्डित स्मृति हुन्छ । आत्माको अखण्ड स्मृति भयो भने आध्यात्मिक मार्ग खुल्दछ भन्दै बदरीनाथले जड पदार्थको मूल कारण प्रकृति हो र

त्यसभन्दा पर महत्त्व तथा पञ्चतत्त्वबाट पञ्च महाभूतको सृष्टि हुन्छ । यो अनादि र अनन्त छ । संसारको कारण अविद्या हो । जब पुरुष सम्यक् ज्ञानद्वारा चित्तमा आफ्नो प्रतिबिम्बबाट आफूलाई हटाउँछ र चित्तलाई प्रकृतिजन्य अचेतन एवम् आफूबाट सर्वथा भिन्न विपरीत भन्ने थाहा पाउँछ तब पुरुष चैतन्य चित्तबाट हट्छ । त्यस अवस्थामा चित्त वृत्तिको आत्यन्तिक निरोध हुन्छ । चित्त आफ्नो जननी प्रकृतिमा विलीन हुन्छ । उच्च पुरुष आफ्नो विशुद्ध चैतन्य रूपमा प्रकाशित भएको हुन्छ भन्ने आध्यात्मिक मान्यतालाई यहाँ प्रस्तुत गरेका छन् ।

अतः आत्मज्ञान प्राप्ति नै *भूमा* अर्थात् अन्नत सुख हो भन्ने आध्यात्मिक मान्यता रहेको छ । आत्मज्ञान प्राप्त गराउने क्रममा यम, नियम, आशन, प्राणायम, प्रत्याहार, धारणा, ध्यान, समाधि गरी योगदर्शनको मार्गलाई अवलम्बन गरेका नारद ऋषिको पूर्ण रूपमा चित्तशुद्धि भई भूमा (अनन्तसुख) प्राप्त गरेको आध्यात्मिक विषयलाई यस कथामा उल्लेख गरेर सत्ज्ञानको मार्गदर्शन प्रदान गरिएको छ ।

### ४.१०.३ निष्कर्ष

छान्दोग्य उपनिषद्को सातौँ अध्यायमा वर्णित कथालाई बदरीनाथ भट्टराईले मीमांसा, वैशेषिक, वेदान्त र योगदर्शनसँग जोडी मानिसको सुख ऊ आफैभित्र रहेको छ । केवल भगवान् नाम सङ्कीर्तले मात्र पनि चित्त शुद्धि हुँदैन । चित्तलाई एकाग्र बनाउन शरीर लगायत आहार, विहारमा पनि शुद्धि हुनुपर्दछ । मानिसले सुख प्राप्त गर्न सत्य र धर्मस्थानमा बस्नुपर्दछ । सत्यधर्मबाट प्राप्त ज्ञान नै आत्मज्ञान अर्थात् ब्रह्मज्ञान हो । यो ज्ञान मानिसको चारैतिर (तल, माथि, अगाडि, पछाडि) रहेको हुन्छ । आत्मामा नै सारा वस्तुहरू विलाउँछन् । आत्मज्ञान पाइसकेपछि मानिसले आफ्नो वरिपरि केही देख्दैन, सुन्दैन उसलाई रोग व्यथाले पनि छुदैन । उसमा खाली विराट स्वरूप भगवान्को मात्र ज्ञान हुन्छ । उसले अनन्त सुख भूमाको अनुभव गर्दछ भन्ने आध्यात्मिक सन्देश यस कथामार्फत प्रदान गरिएको छ ।

## ४.११ सारा इच्छा पूरा हुने उपाय कथा विष्लेषण

यो कथालाई बदरीनाथ भट्टराईको वैदिक कहानी (२०२९) कथा सङ्ग्रहबाट साभार गरिएको हो । आध्यात्मिक दर्शनमा आधारित रहेको यो कथा छान्दोग्य उपनिषद्को अष्टम

अध्यायको आठौँ खण्डदेखि पन्ध्रौँ खण्डसम्म वर्णित प्रजापति र इन्द्रको संवादमा केन्द्रित रहेको छ ।

### ४.११.१ कथासार

कथामा देवताहरूको प्रतिनिधि (राजा) इन्द्र र दैत्यहरूको प्रतिनिधि विरोचन प्रजापति कहाँ आत्मज्ञान लिन जान्छन् । बत्तीस वर्ष ब्रह्मचर्य (तपस्या) मा रहेका इन्द्र र विरोचनलाई आँखाभित्र रहेको चाक्षुष पुरुष नै आत्मा हो भन्ने कुरा पहिलो चरणमा प्रजापतिले सिकाएपछि विरोचन सन्तुष्ट भएर फर्के भने इन्द्रलाई उक्त ज्ञानले मात्र सन्तुष्टि नभएपछि पुनः प्रजापतिलाई ज्ञानप्रप्तिको लागि आग्रह गर्दा बत्तिस वर्ष तपस्या गर्न लगाएर "सपनामा जुन पुरुष देखिन्छ, त्यही नै अविनाशी र अभय ब्रह्म हो" भने त्यसबाट पनि इन्द्रको चित्त बुझेन । उनले प्रजापतिसँग आग्रह गर्दा फेरि बत्तीस वर्ष ब्रह्मचर्यमा बस भन्दा इन्द्रले त्यो पनि पूरा गरे । "सुतेको बखतमा जुन पुरुष सबैतिरबाट शान्त देखिन्छ, सपनाको पनि अनुभव गर्दैन, त्यही नै अमृत र अभय ब्रह्म हो" भने तापनि इन्द्रले त्यस कुराबाट फेरि पनि आफूलाई चित्त बुझाउन सकेनन् र पुनः प्रजापतिसँग ज्ञानको लागि अनुरोध गर्न गए । यस पटक प्रजापतिले इन्द्रलाई पाँच वर्षको ब्रह्मचर्यमा रहेर सारा उपाधिले रहित आत्माको यथार्थ स्वरूपको शिक्षा दिदै भन्नुभयो, शरीर मृत्युले ग्रस्त छ । जीवात्माको शरीररहित अमृत आत्माको अधिष्ठान् हो । शरीरलाई मुख्य मान्दा राग र द्वेष नाश हुन सक्दैन । दृष्य नभएको द्रष्टा शुद्ध चैतन्य निरतिशय आनन्द हो, स्वप्रकाशसद् वस्तु हो । आत्मा अजर, अमर धर्माधर्मरहित, परिपूर्ण रहेको छ । जसले आत्माको साक्षात्कार गर्छ उसका सारा इच्छा पूर्ण हुन्छन् भन्ने मुख्य कथावस्तु यस कथाको रहेको छ ।

### ४.११.२ सारा इच्छा पूरा हुने उपाय कथामा आध्यात्मिक दर्शनको प्रभाव

भट्टराईको यो कथा नितान्त अध्यात्मदर्शनमा आधारित अमृतमय कथा हो । पूर्वीय जीवनको उद्देश्य विराट्लाई स्पर्श गर्नु हो । यही विराटलाई स्पर्श गराउने र आत्मज्ञानको रहस्य समीपमा पुऱ्याउने विद्या उपनिषद् हो (भट्टराई, २०३८ : भूमिका) । भट्टराईले उपनिषद्को महत्त्वपूर्ण कथाहरूलाई स्रोत बनाएर आध्यात्मिक ज्ञान प्रदान गर्न यस कथाको रचना गरेका छन् । आत्मविद्या प्राप्त गर्नु कठिन कुरा हो । चित्तशुद्धि नभई सामान्य साधनाबाट आत्मज्ञान/ब्रह्मज्ञान प्राप्त गर्न सकिंदैन भन्दै ब्रह्मचर्यमा रहेका इन्द्रलाई

प्रजापतिद्वारा भनिएको छ -*सुतेको बखतमा जुन पुरुष सबैतिरबाट शान्त हुन्छ, सपनाको पनि अनुभव गर्दैन् , त्यही नै अमृत र अभय ब्रह्म हो* (पृष्ठ : ६६) ।

चित्तशुद्धि भइसकेपछि मानिसले दायाँ बायाँ तलमाथि केही देख्दैन । केवल उसमा आत्मतत्त्वको मात्र ज्ञान हुन्छ भने योग दर्शनको प्रभावलाई उजागर गर्दै तेस्रो पटक पाँच वर्षसम्म ब्रह्मचर्यमा राखेर आत्माको यथार्थ स्वरूपको ज्ञान दिदै प्रजापतिद्वारा इन्द्रलाई भनिएको छ -

> *हे इन्द्र, सावधान भएर सुन, शरीर मृत्युले ग्रस्त छ । यो शरीर नै शरीररहित अमृत आत्माको अधिष्ठान हो । शरीरको अभिमान छोड । शरीर भनेको इन्द्रिय र मन पनि हो, शरीरलाई आफू ठानेपछि राग र द्वेष नाश हुन सक्दैन तर तिनै शरीरले रहित अर्थात् दृश्य नभएको द्रष्टा शुद्ध चैतन्यलाई आफू ठानेपछि प्यारो अप्यारोले छुन सक्दैन । प्यारो भनेर स्वरूपभूत आनन्दको त यहाँ निषेध गरेको होइन किनभने ऊ त निरतिशय आनन्द हो, स्वप्रकाशसद् वस्तु हो* (पृष्ठ : ६६) ।

जब पुरुष सम्यक् ज्ञानद्वारा चित्तमा आफ्नो प्रतिविम्बद्वारा आफूलाई तादात्म्यबाट हटाउँछ र चित्तलाई प्रकृतिजन्य अचेतन एवम् आफूबाट सर्वथा भिन्न, विपरीत भन्ने थाहा पाउँछ तब पुरुष चैतन्यको प्रकाश चित्तबाट हट्छ । त्यस अवस्थामा चित्तवृत्तिको आत्यन्तिक निरोध हुन्छ । चित्त आफ्नो जननी प्रकृतिमा विलीन हुन्छ र मानिसमा ज्ञान प्राप्त हुनजान्छ भन्ने योग दर्शनले बताएको कुरालाई कथाकारले यहाँ आत्मज्ञान प्राप्तिसँग जोडेका छन् ।

बाहिरी विषयमा आशक्त मनुष्यले अन्तरआत्म अर्थात् आत्मज्ञानलाई बुझ्न सक्दैन भन्ने वेदान्त दर्शनका अनुयायी बदरीनाथ भट्टराईद्वारा कथामा इन्द्रमा भएको अज्ञानलाई छुटाउनको लागि प्रजापतिको माध्यमबाट भनिएको छ -*छाया पुरुष नै आत्मा हो मैले छायाँ पुरुषलाई नै आत्मा भनेको होइन साक्षी द्रष्टालाई औंल्याउन खोजेको हुँ* (पृष्ठ. : ६६) ।

मनुष्यको जीवन शरीरधारी हो, शरीर नै सबै कुरा हो भन्ने मान्यतालाई छोडी म भन्ने आत्मा हो, शरीर होइन भन्ने ठान्नु पर्दछ भन्ने मान्यतालाई प्रजापतिले इन्द्रलाई बुझाएको प्रसङ्ग यहाँ कथाकारद्वारा उल्लेख गरिएको छ । चाक्षुष पुरुष आँखामा रहन्छ,

जाग्रत अवस्था त्यसको अभिमानी विश्व र जाग्रतको प्रपञ्च यी तीनवटाको प्रकाशक हो, आत्मा हो । यसै गरी स्वप्न अवस्था त्यसको अभिमानी तैजस अनि स्वप्नको संसारलाई त्यस्तै सुषुप्ति अवस्था त्यसको अभिमानी प्राज्ञ र अज्ञानलाई द्रष्टा आत्माले नै प्रकाशित गरिराखेको छ भन्ने कुरालाई अध्यात्म विद्वान् भट्टराईले यहाँ प्रस्तुत गरेका छन् -

> *अज्ञानीहरू यी नै कुराहरूतिर मात्र दृष्टि दिन्छन् । जसले चैतन्यरहित, परिपूर्ण आत्माको साक्षात्कार गर्छ, उसका सारा इच्छा पूर्ण हुन्छन् ; जसले यो अजर, अमर धर्माधर्मरहित, परिपूर्ण आत्माको साक्षात्कार गर्छ, उसका पनि सारा इच्छा पूर्ण हुन्छन्* (पृष्ठ : ६७) ।

लगातार ज्ञानप्राप्तिमा लागि रहने व्यक्तिले ज्ञान प्रदत्त जीवन व्यतीत गर्दछ । उसको जीवन ज्ञान, कर्म र उपासनाको त्रिवेणी बन्न जान्छ । संसारमा ज्ञान समान मनुष्यको जीवनलाई पवित्र गर्ने अरू कुनै साधन छैन । कर्म गर्नाले मानिसलाई दुर्गुणहरूका आक्रमणबाट बचाउँछ भने उपासनाले काम, क्रोध, लोभ, मोह आदि शत्रुहरू नाश हुन्छन् । आफ्नो जीवनलाई पूर्ण शुद्ध गर्न सक्ने आत्मज्ञानी व्यक्ति नै मोक्ष प्राप्त गर्न सक्छ भन्ने आध्यात्मिक दर्शनको मान्यता रहेको छ । यस कथामा पनि प्रजापतिले इन्द्रलाई आत्मशुद्धिको उपाय बताइएको प्रसङ्गलाई कथाकारले आध्यात्मिकता प्रदान गरेका छन् । वेदान्त दर्शनमा मानवीय शरीर चाँदीको जलप जस्तै विभिन्न अस्थिपञ्जरहरूको जलप हो । यो डोरीलाई सर्प भनेर भ्रम भए जस्तै भ्रम हो । शरीर नाशवान् छ । संसारमा मानिसले गरेका सुखहरू दिगो हुँदैनन् क्षणिक मात्र हुन्छन् । यिनीहरूले शान्ति र आनन्द दिन सक्दैनन् । वास्तविक सुख त मानिसको आत्मामा हुन्छ; जुन कहिल्यै नाश हुँदैन । वास्तविक सुख प्राप्तिका लागि त्याग, तपस्या, आत्मा शुद्धि, आत्मज्ञान हुनुपर्दछ जसले गर्दा मानिसमा ब्रह्मतत्त्व (ब्रह्मचर्य) प्राप्त हुन्छ र सांसारिक मायाजालबाट मुक्त भई परमात्मा प्राप्त गर्न सकिन्छ भन्ने वेदान्त दर्शनको सिद्धान्तबाट यो कथा प्रभावित रहेको पाइन्छ ।

### ४.११.३ निष्कर्ष

योग दर्शन अर्थात् तिस वर्षमा दुई पटक र पाँच वर्षमा एक पटक ब्रह्मचर्य रहनु भनेको चित्तलाई निरोध गर्नु अर्थात् अष्टाङ्ग योगलाई धारण गर्नु हो । इन्द्रको योगसाधना आत्मज्ञान प्राप्तिको मार्गमा सफल हुनु हो । यस कथामा योग दर्शनको प्रभाव महत्त्वपूर्ण भए पनि वेदान्त, मीमांसा लगायत षड्दर्शनहरूको पनि प्रभाव परेको पाइन्छ । मानिस विवेकशील प्राणी हो । उसलाई ज्ञान, बुद्धि, विवेक, विद्या आदि कुराहरू दर्शनबाट प्राप्त हुने गर्दछ । मानिसलाई सत्मार्ग पहिल्याउने भूमिका आध्यात्मिक दर्शनले प्रदान गर्दछ । तसर्थ कथाकारले यस कथा मार्फत ब्रह्मज्ञान प्राप्त गर्न परमात्मा प्राप्तिको बाटो पहिल्याउनु पर्छ भन्ने सन्देश दिन खोजेका छन् । संसारमा दुःख प्राप्ति र सुख प्राप्तिको माध्यम स्वयम् आफू नै हो, आफ्नै न्यास, ध्यान, ब्रह्मचर्य, उपासना आदिबाट चित्तशुद्धि हुन्छ, अन्तः करणमा ज्ञान प्राप्ति हुन्छ र जीवात्माले (मानव) चाहेका सारा इच्छाहरू पूरा हुन्छन् । उसलाई सुख, शान्तिप्राप्त हुन्छ भन्ने आध्यात्मिक दर्शनको मान्यतालाई सङ्केत गरिएको छ ।

## ४.१२ शुकुजीको प्रश्नको उत्तर कथा विष्लेषण

बदरीनाथ  भट्टराईद्वारा २०२९ सालमा साक्षात्कार पत्रिकाको वर्ष सात अङ्क तीनमा प्रकाशित शुकजीको प्रश्नको उत्तर कथा आध्यात्मिक दर्शनमा आधारित महत्त्वपूर्ण कथा हो ।

### ४.१२.१ कथासार

संवादात्मक शैलीमा रचना गरिएको यो कथा ऋषिमुनि शुकजी र राजा जनकको आपसी कुराकानीमा आधारित रहेको छ । शुकजी राजा जनकसँग ज्ञान सिक्न भनेर जान्छन् तर बाइस दिनसम्म प्रतीक्षा गर्दा बल्ल बल्ल राजा जनकले उनलाई भेट गर्न आउनु भनेका छन् भनेर कंचुकीले भनेपछि शुकजी खुशीले गद्गद् हुँदै राजदरबारमा प्रवेश गरेर राजा जनकको दर्शन गर्दछन् । राजा जनकले शुकजीको व्यवहार बुझ्न परीक्षण गरेका थिए । जनकद्वारा शुकजी आफूले गरेका परीक्षामा पास भएकोमा स्वागत गर्दै आफूलाई लागेका इच्छा प्रकट गर्नुहोस् भनिएको हुन्छ । जनकलाई शुकजीले संसारको उत्पति र प्रलयका विषयमा प्रश्न गर्दछन् । शुकजीको प्रश्नको उत्तरमा जनकद्वारा विकल्पबाट यो संसार पैदा भएको हो अनि विकल्प नष्ट भएपछि यो निसार संसार पनि नष्ट भईहाल्छ भनिएको हुन्छ ।

जनकको उत्तरबाट सन्तुष्ट नभएका शुकजीले पुनः प्रश्न गर्दा आत्मा साक्षात्कारको ज्ञान पाएको मुख्य विषयवस्तु यस कथामा रहेको छ ।

### ४.१२.२ शुकुजीको प्रश्नको उत्तर कथामा आध्यात्मिक दर्शनको प्रभाव

आत्मज्ञान नै जीवनको मूल उद्देश्य हो । पूर्वीय दर्शनको समग्र प्रयास धार्मिक, दार्शनिक र मनोवैज्ञानिक आधार नै उक्त ज्ञान प्राप्तिको लक्ष्य आध्यात्मिकता प्राप्तिको हो भन्ने कुरालाई आत्मसात् गर्ने कथाकार भट्टराईद्वारा आध्यात्मिक ज्ञान प्राप्त गर्ने उपाय बताउने क्रममा कथाका पात्र शुकजी मार्फत् भनिएको छ, *शम, दम, उपरति आदि ६ वटै सम्पत्ति म सँग छन्* (भट्टराई, २०२९ : ३६) । मानिसले आफूमा भएका दश इन्द्रियहरूलाई वशमा राखी काम, क्रोध, लोभ, मोह, मद् र मत्सरलाई त्याग गर्न सकेमा शम, दम र उपरति प्राप्त भएर वैराग्य र उत्तम मुमुक्षु हृदयमा प्राप्त हुन सक्छन् भन्ने पूर्वीय आध्यात्मिक मान्यता रहेको पाइन्छ । आध्यात्मिक जीवन प्राप्त गर्न सक्ने मनुष्यले परमात्माको आनन्द रसलाई प्राप्त गरेर आनन्दमय हुन्छ । आध्यात्मिकताबाट मनुष्यको जीवनमा उत्तम गुणहरूको विकास भई आफूबाट माथि उठेर देव बन्न सक्दछ भन्ने कुरालाई कथाकारले महर्षी जनक मार्फत शुकजीलाई बताउने क्रममा आधुनिक मानिसहरूलाई आध्यात्मिक सन्देश दिएका छन् ।

आध्यात्मिक दर्शनका अनुसार सुख र शान्ति भनेको आध्यात्मिकता प्राप्ति हो, आत्मज्ञान प्राप्ति हो, मोक्ष प्राप्ति हो भन्ने पूर्वीय दर्शनको मान्यता वमोजिम शुकजी मुनिबाटै कथामा भनिएको छ -*मोक्षका चारद्वारपाल, शम, विचार, सन्तोष र साधुसङ्गम पनि मेरा परिचित हुन्* ( भट्टराई, २०२९ : ३६) ।

वैदिक परम्परा अनुसार ब्रह्ममविद्या शब्दलाई दर्शन शब्दको सट्टा प्रयोग गर्ने गरिएको पाइन्छ । ब्रह्मज्ञानको अर्थ साधकलाई ब्रह्मसम्म पुऱ्याउने अर्थात् ब्रह्मको साक्षात्कार गराउने भन्ने रहेको हुन्छ । मनुष्यले मन, वचन र कर्मले भगवान्को साधना गरेमा स्वयम् भगवान्ले प्रत्यक्ष रूपमा आत्माको दर्शन गराउनु हुन्छ भन्ने कुरालाई प्राप्तगर्न र आफूसँग भएको ज्ञानलाई उच्च बनाउन शुकजीले जनकसँग आत्मज्ञान लिन खोजेको कुरा कथाबाट बुझ्न सकिन्छ । मानवीय जीवनलाई सार्थक बनाउन भगवद्गीताले

साधकलाई समष्टिमा त्यही ज्ञान प्रदान गर्दछ ; जुन व्यावहारिक ज्ञानद्वारा आत्मशुद्धि हुन जान्छ भन्ने विषयलाई कथामा शुकजीद्वारा भनिएको छ -

> *अनित्य भोग विलासका साधनले विवेकलाई के गर्न सक्छ र ? घनघोरको यो संसार चक्रमा पर्न नपरोस भन्ने मेरो आन्तरिक इच्छा हो । विचारी पुरुषले यो जगत्‌रूपी चक्रदेखि डराउनु पर्ने खण्ड केही छैन । हो अविवेकीलाई संसारको रागले सर्पले झैँ डस्दछ, तरबारले झैं काट्छ, डोरीले झैं बाँध्छ, आगोले झैँ पोल्छ, रातले झैं अध्यारो तुल्याउँछ । मैले विवेकरूपी बज्रले रागलाई चकनाचुर पारिसकेको छु* (भट्टराई, २०२९ : ३६) ।

मनुष्यहरू विषय वासनाले वंशीभूत भएर सुख सयलमा भूलिरहन्छन् । जसको कारण मानिसको अज्ञानताले मोह जगाउँछन् । जब मानिसले आत्मज्ञान प्राप्त गर्दछ ,तब मानिस कुनै पनि समस्यामा पनि फस्दैन, ऊ निष्काम भक्ति साधनाले भगवान् प्राप्त गर्न सक्दछ । मानवका अज्ञानरूपी कलुषित भावनाहरू स्वतः हटेर जान्छन् भन्ने कथाकारको भावनालाई शुकजीको माध्यमबाट आफूले महर्षि जनकबाट पाएको ज्ञानका कारण सबै अज्ञानता हटेर आत्मज्ञानको अनुभूति भएको कुरा उल्लेख गरिएको छ ।

वेदान्त दर्शनका अनुयायी शङकराचार्यको मत अनुसार यो संसार भ्रम मात्र हो । यसलाई सत्य मान्नु नै सबै दुःखको कारण भन्ने कुरालाई विवेकी ज्ञानी पुरुषले आत्मसात् गरेको हुन्छ भन्ने अध्यात्म भावलाई कथाकारले यहाँ प्रस्तुत गरेका छन् । आध्यात्मिक दृष्टिले शुकजीद्वारा जनकलाई प्रश्न गरिएको छ -*गुरु यो संसार कसरी पैदा भयो ? अनि कसरी हराउँछ ?* भन्ने प्रश्नको उत्तरमा जनकले भने *"आफ्नै विकल्पबाट संसार पैदा भयो र आफ्नै विकल्प नष्ट भएपछि यो निसार संसार नष्ट भइहाल्छ"* (भट्टराई, २०२९ : ३६) ।

अन्तःकरणलाई बुझेर, मनन गरेर, नियन्त्रण गरेर, साधकलाई संसार सागर सतरणमा नियमपूर्वक अविचलित नभई सांसारिक बन्धनबाट मुक्त रहन श्रीमद्‌भगवद्‌गीताले निर्देश गरेको कुरालाई अविनाशी पक्षको मार्गलाई यौगिक मनोविज्ञानको पक्षसँग उजागर गर्दै अत्यन्त आध्यात्मिक भएर कथाकारले यहाँ अध्यात्मको परिचय गराएका छन् ।

सत्यको पक्षको खोजीमा हिँडेका शुकजीलाई जनकको उत्तर चित्त नबुझेपछि पुनः प्रश्न गर्छन् । सत्य कुरा भन्नुहोस्, जसबाट मेरो चित्तको विश्रान्ति होस् भनेपछि राजा जनक द्वारा भनिएको छ -

> *सङ्कल्पद्वारा बन्धनमा पर्छ र सङ्कल्प छोडेमा मुक्त हुन्छ भन्ने कुरा सारा सत् शास्त्रमा लेखिएको छ । युक्ति, अनुभूति र प्रमाणद्वारा जुन कुरा सिद्ध हुन्छ, त्यो अवश्य नै सामान्य हुन्छ । अखण्ड शुद्ध चैतन्य सिवाय यहाँ अर्को वस्तु केही छैन । फेरि भोगरूपी दीर्घ वैराग्य तपाईंलाई आइसकेको छ । आत्मा सदा सर्वदा प्राप्त हुने वस्तु हो, ऊ कहिले कहाँ हराएको छ र खोजिरहनु ? म प्रमाता हुँ बन्धनमा परेको छु,दृश्य साँचो हो,जान्नु पर्ने कुरा अरू छ इत्यादि भ्रान्तिलाई छोडिदिनुहोस् । वास्तवमा तपाईं अमृतको छोरामात्र होइन अमर सत्यज्ञान अनन्त ब्रह्म नै हुनुहुन्छ* ( भट्टराई, २०२९ : ३७) ।

अज्ञान र मायाका कारण चेतन र जड तत्त्व, ब्रह्म र जीव तत्त्वमा भेद भएको मात्र हो, वास्तवमा यिनमा भेद छैन, दृष्य जगत्का वस्तुगत दृष्टान्तबाट अदृष्य सर्वशक्तिमान् परब्रह्मको अद्वितीयताका साथ प्रतिपादन गरिएको वेदान्त दर्शन अत्यन्त जटिल, कठिन र बृहत्तम निर्दोष र प्रामाणिक दर्शन नै यहाँ सान्दर्भिक रूपमा रहेको छ । आध्यात्मिक ज्ञानद्वारा मानिसमा रहेको सम्पूर्ण दोषहरू हराउँछन् । ऊ भगवान् प्राप्तिमा निरन्तर लागिरहन्छ । अन्तमा ऊ परमपद प्राप्त गर्दछ भन्ने पूर्वीय दर्शनको मान्यता वमोजिम यसकथामा पनि जनकले शुकजीलाई आत्मज्ञानद्वारा सत्मार्ग प्राप्त गर्ने उपाय बताएका छन्

अद्वैत्त वेदान्त दर्शनका साधक बदरीनाथ भट्टराईद्वारा कथाको अन्तमा एक घडी जति निर्विकल्प समाधिमा रही जाग्रत्मा आएका शुकजीबाट भनिएको छ -*धन्य धन्य गुरु तपाईंको अनुग्रहबाट आत्मदेवको साक्षात्कार भयो । तपाईंलाई कोटी कोटी नमस्कार छ । अब सुमेरूको शिखरतिर जानलाई बिदा पाऊँ* (भट्टराई, २०२९ : ३७) ।

शुकजीको आध्यात्मिक साधना सफल हुन्छ । उनी जनकले भने झैं योग साधनामा तल्लीन हुन्छन् ; जसका कारण उनमा अनन्त प्रकाशमय आत्मज्ञानको साक्षात्कार हुन्छ ।

आत्मज्ञान नै मानसिक उत्थानको मार्ग हो र मानसिक उत्थान विना मन, इन्द्रिय र श्वास प्रश्वासको आपसी समन्वय असम्भव रहेको छ भन्ने जस्ता महत्त्वपूर्ण आध्यात्मिक सन्देशहरू कथाकारद्वारा प्रदान गरिएको छ ।

### ४.१२.३ निष्कर्ष

ज्ञान र विद्याले परिपूर्ण राजा जनकसँग अल्पज्ञान प्राप्त गरेका शुकजीले पूर्ण आत्मज्ञानको लागि निश्चित नीतिनियम पूरा गर्न लगाएर संसारको उत्पत्ति कसरी भयो र यो कसरी बिलाउँछ भनेर प्रश्न गर्दा विकल्पबाट संसार पैदा भएको हो । विकल्प नष्ट भएपछि संसारको विलय हुन्छ भनेर बताउँदा शुकजीले अनेक किसिमका प्रश्न गरी गुरु जनकले भने अनुसारका नीति नियममा बसेर पुनःगुरुकृपा अनुसार आध्यात्मिक साधना गर्दा शुकजी सन्तुष्ट भएर आत्मज्ञान प्राप्तिको अनुभव गरेको दृष्टान्त रहेको यस कथामा आत्मज्ञान प्राप्ति, ब्रह्मज्ञान प्राप्तिको मार्ग उल्लेख गरिएको उपनिषद्, योग, मीमांसा र वेदान्त दर्शनको प्रभाव रहेको छ ।

## ४.१३ विश्वामित्र कथा विष्लेषण

यस कथाको स्रोत वाल्मीकीय रामायणको बालकाण्डको ५१ सर्गदेखि ६५ सर्गको विषयवस्तुलाई बनाएको छ । यो कथा बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक कथा (बालकथा) भित्रको महत्त्वपूर्ण कथा हो ।

### ४.१३.१ कथासार

बालमनोविज्ञानमा आधारित यस कथामा कर्मयोगको अर्थात् उद्योगी बन्नुपर्ने सन्देश प्रदान गरिएको छ । ब्राह्मणका स्वभाविक कर्म, शम र दम हुन् भने क्षत्रियका कर्म शौर्य, तेज, धैर्य (पढ्नु, यज्ञ गर्नु, दानदिनु, प्रजा पालना गर्नु) आदि कुराको ज्ञान गराइएको यस कथामा विश्वामित्र ऋषिले ब्राह्मणको कर्म गरेर ब्राह्मण भएको उदाहरण दिएर बालबालिकाहरूलाई असल कर्म गर्न मार्गदर्शन बदरीनाथ भट्टराईद्वारा गरिएको छ । विश्वामित्रका पिता गाधिले असल पुत्रप्राप्तिका लागि यज्ञ गरेका हुनाले विश्वामित्र कर्मयोगी आध्यात्मिक भावना भएका तपस्वी व्यक्ति भए भन्ने भाव कथामा पाइन्छ । राजा गाधि असल धार्मिक विद्वान् भएका हुनाले उनले आफ्ना छोरा विश्वामित्र मात्र होइन ज्वाइँलाई

समेत असल शिक्षा प्रदान गरेर आचार्य बनाएका थिए । कान्यकुञ्जका राजा विश्वामित्र देवताहरूले आफ्ना जजमान त्रिशङ्कलाई रोक्दा ब्रह्माको भन्दा पनि सुन्दर स्वर्ग बनाउने अठोट लिएका विद्वान् हुन् । यहाँ ब्रह्माको शक्तिलाई दृश्यात्मक गर्न मुनि वशिष्ठको उदाहरण दिइएका विश्वामित्रका छोराहरूले जबर्जस्ती वशिष्ठका आश्रमबाट कामधेनु (गाई) धपाउँदा नष्ट हुनुपरेको देखाएर विश्वामित्रलाई ब्राह्मण शक्ति संसारको सबभन्दा ठूलो शक्ति रहेछ , यस्तो शक्ति प्राप्त गर्न योग साधना अर्थात् तपस्या नै गर्नुपर्दछ भन्ने आत्मिक ज्ञान प्रदान गरिएको छ । विश्वामित्र भोकभोकै परेका जहान बच्चाको पनि पर्वाह नगरी तपस्या गर्न थाल्दछन् । यिनको तपस्या देखेर इन्द्रको मनमा डर पस्छ र इन्द्रले स्वार्थी भएर निस्काम तपस्यारत विश्वामित्रको तपस्या भङ्ग गर्न मेनका नाम गरेकी अप्सरालाई पठाउँछन् । विश्वामित्र मेनकाको हाउभाउका कारण कामवासनामा लिप्त हुन्छन् र शकुन्तला छोरीको जन्म हुन्छ । आफ्नो तपस्याभङ्ग भएको, आफू कामवासनामा लिप्त भएको ज्ञान भएपछि पश्चाताप गर्दै वशिष्ठ ऋषिको शान्त भाव देखेर काम, क्रोध, लोभ, मोहलाई नजिती ब्राह्मण बनिंदो रहेनछ भन्ने ठानी पुनः तपस्या गरेर ब्राह्मण भएको कथासार यस कथाको रहेको छ ।

### ४.१३.२ विश्वामित्र कथामा आध्यात्मिक दर्शनको प्रभाव

पूर्वजन्ममा गरिएको धर्म र अधर्मरूप कर्म नै शरीर उत्पत्ति हुनाको कारण हो । ज्यादै रागी अर्थात् विषयको इच्छा गर्ने मनुष्यको विषयवासना नै प्यारो हुन्छ । उसले आफ्नै कारण दुःख पैदा गरिरहेको हुन्छ । सुखप्राप्त गर्ने माध्यम अध्यात्म हो, धर्म हो भन्ने कुरा उसले बुझ्न सकेको हुँदैन भन्ने भाव सन्त महात्मा बदरीनाथको रहेको छ । वेदमा कर्म, शम र दमबाट ज्ञानप्राप्त गर्न सकिन्छ भन्ने कुरा बताइएको छ । ब्राह्मणको स्वभाविक कर्म पढ्नु, पढाउनु, यज्ञ गर्नु, गराउनु, दान दिनु र लिनु आदि हुन् । चित्तवृत्ति निरोध नै ज्ञानप्राप्तिको मुख्य साधन हो । आत्मज्ञान प्राप्तिबाट मानिसमा अदृष्य शक्ति उत्पन्न हुन्छ भन्ने कुरा अध्यात्म दर्शनको रहेको छ । सोही अनुरूप कथामा बदरीनाथ भट्टराईद्वारा योग दर्शनलाई अंकित गर्दै भनिएको छ :-*विश्वामित्रमा यत्रो शक्ति हुनुमा मुख्य कारण उनको तपस्या नै हो* (पृष्ठ : ३९) ।

यस कथाको विषयवस्तु आध्यात्मिक योग दर्शनबाट प्रभावित रहेको बुझ्न सकिन्छ । संसारको कारण अविद्या हो । जब पुरुष सम्यक् ज्ञानद्वारा चित्तमा आफ्नो प्रतिविम्बबाट

आफूलाई तादात्म्यबाट हटाउँछ र चित्तलाई प्रकृति जन्य अचेतन एवम् आफूबाट सर्वथा भिन्न वा विपरीत भन्ने थाहा पाउँछ तबपुरुष चैतन्यको प्रकाश चित्तबाट हट्छ । त्यस अवस्थामा चित्तवृत्तिको आत्यन्तिक निरोध हुन्छ (चालिसे, २०६६ : ६३) भन्ने योग दर्शनको सिद्धान्तको अत्यन्त नजिक रहेको यस कथामा बदरीनाथ भट्टराईद्वारा योग दर्शनलाई प्रस्तुत गर्दै भनिएको छ- *विश्वामित्रले समठ कसे सारा कुरा त्यागेर तपस्या गर्न थाले । ठूलो अनिकालमा भोकभोकै परेका जहानबच्चाको समेत उनले वास्ता गरेनन्* (पृष्ठ :४०) ।

काम, क्रोध, लोभ मोहलाई नजिती ब्रह्मज्ञान प्राप्त गर्न सकिंदो रहेनछ अर्थात् ब्राह्मण बनिदो रहेनछ भन्ने कुरालाई बुझेका विश्वामित्रले अन्तमा तपस्याबाट शान्तिको बाटो लिए । विश्वामित्रको महिमा अविस्मरणीय छ । यी महामुनि साक्षात् धर्मदेव हुन् । साक्षात् तपस्याकार हुन् । साक्षात् उत्साह हुन् । साक्षात् पराक्रमी हुन् भनी शतानन्द मुनिले जनक राजा र विश्वामित्रका अगाडि वर्णन गरेको चरित्रलाई नामदेव राजाले दशरथका अगाडि वर्णन गरेको प्रसङ्ग (गौतम, २०६३ : ४००) लाई कथाकारद्वारा बालबालिकालाई नैतिक शिक्षा र असल चरित्र भएको कथात्मक रूप दिएर आध्यात्मिक मार्गलाई आमन्त्रण गर्न खोजिएको छ ।

योग साधना अर्थात् योगदर्शनको क्षेत्रमा विश्वामित्र ऋषिको नाम अग्रपङ्क्तिमा रहेको छ । अत्यन्तै कठिन रूपले तपस्या गर्नसक्ने विश्वामित्र ऋषिको योग साधना देखेर इन्द्रलाई असह्य भएर उनको तपस्या भङ्ग गर्न मेनकालाई पठाइएका हुन्, भन्ने पनि पूर्वीय पौराणिक कथाहरूमा उल्लेख गरिएको पाइन्छ । यस्ता महान् योगी विश्वामित्र ऋषि आफूले आत्मतत्त्वको ज्ञान प्राप्त गरिसकेपछि पृथ्वीमा रहेका मानवको कल्याणको लागि परोपकार गर्दै हिँड्न थाले भन्ने कुरालाई बदरीनाथद्वारा उल्लेख गरिएको छ -*हरेक स्थानमा भएको धर्मनीति विरूद्धको काममा विरोध जनाउदै धर्म र नीति अनुसारको काम गर्न सम्पूर्ण पृथ्वीका जनताहरूलाई सचेत गराउन थाले जसले गर्दा उनको नाम विश्वरथबाट विश्वामित्र हुन गयो* (पृष्ठ : ४०) ।

वर्तमानका मानवहरूलाई धर्म, ज्ञान, शिक्षा, बुद्धि, विवेक, योग, साधना, तपस्या आदिबाट जुनसुकै जात कुलको मानिस पनि ब्राह्मण हुन सक्दोरहेछ, अर्थात् असल मानिस बन्न सक्दोरहेछ भन्ने सन्देश बोकेको यस कथामा असल कर्म गर्न सके हरेक मनुष्यको कल्याण हुन सक्छ भन्ने सन्देश रहेको छ । विश्वामित्र ऋषिको योग साधना आध्यात्मिक

इतिहास बनेको छ । उनले अफ्नो चित्तलाई यति धैरै सिद्ध गरेका छन् । उनमा धमिराहरू लाग्दा समेत पनि आफ्नो शरीरको पर्वाह नगरी तपस्यामा तल्लीन भएर ब्रह्मज्ञान प्राप्त गरेको पौराणिक सन्दर्भलाई पूर्वीय दर्शनले वर्णन गरेको विषयलाई प्रस्तुत गरिएको छ ।

### ४.१३.३ निष्कर्ष

पूर्वीय आध्यात्मिक दर्शनमा चारवटा आश्रम बताइएको छ । ब्रह्मचार्यमा वेद पढ्नु, गुरुको सेवा गर्नु आदि बताइएको छ । गृहस्थमा नित्य र नैमित्तिक आदि कर्म विहित छन् । वानप्रस्थमा तीर्थमा गएर उपासना आदि गर्ने विधान गरिएको छ । सन्यासमा अन्तिम आश्रम भनेर जङ्गलमा गएर तपस्या गर्नु भनिएको छ । वर्णधर्म र आश्रमधर्म पूरागरी मन शुद्ध पारेर विवेक, वैराग्य, शम, दम आदि र उत्तम मुमुक्षुता यी चार साधनहरू लिएर सन्यास लिई आत्मज्ञानका लागि सद्गुरुबाट चित्त शुद्ध गराउनु पर्छ । आत्मज्ञानी गुरुबाट महावाक्यको श्रवण गर्नु पर्दछ , अनि आत्मज्ञान प्राप्त गर्न सकिन्छ भन्ने आध्यात्मिक ज्ञान भएका बदरीनाथद्वारा पौराणिक बालकथाको रूपमा विश्वामित्र मुनिको असल चरित्रलाई उल्लेख गरेर वर्तमानका बालबालिकाहरूमा ज्ञान, भक्ति, विचार एकाग्रता, त्याग र तपस्या जस्ता आध्यात्मिक दर्शनका चिन्तनका विषयबाट मानिसमा असल चरित्रको विकास भई जुनसुकै काम पनि सहज रूपमा सम्पन्न गर्न सकिन्छ अर्थात् ब्रह्मज्ञान प्राप्तिको साधना पूरा गर्न सकेमा ब्रह्मचारीकालागि योगीसमेत बन्न सकिंदो रहेछ भन्ने सन्देश प्रदान गरिएको छ ।

## ४.१४ वाल्मीकि कथा विष्लेषण

वाल्मीकि कथा रामायणको भूमिका अर्थात् परिचय खण्डलाई आधार बनाएर रचना गरिएको कृति हो । २०१० सालमा प्रकाशित बदरीनाथ भट्टराईको पौराणिक बालकथामा प्रकाशित यो कथा पूर्वीय आध्यात्मिक दर्शनको प्रसिद्ध ग्रन्थ वाल्मीकि राममायणमा आधारित भएको हुनाले यसमा रहेको विषयवस्तुहरू पूर्णरूपमा आध्यात्मिक दर्शनबाट प्रभावित रहेका छन् ।

### ४.१४.१ कथासार

यो सामान्य बालकथा हो । वाल्मीकि सुरुमा रत्नाकर नाम भएका व्याधा थिए । नारदको उपदेशबाट प्रभावित भएका रत्नाकरले व्याधावृत्ति छाडेर तपस्या गरे । फलस्वरूप ब्रह्मज्ञानी महान् तपस्वी विद्वान् वाल्मीकि ऋषि बने भन्ने मुख्य कथावस्तु भएको यो कथामा मनुष्य अज्ञानी अर्थात् ज्ञान प्राप्त नहुँदासम्म जुन अवस्थामा छ पछि ज्ञान प्राप्त भए पछि उसमा भएका सम्पूर्ण कलुषित भावनाहरू हट्छन् । दिव्य, निर्मल, प्रकाशमय ज्ञानप्राप्त हुन्छ र उसले आफ्नो जीवनलाई सार्थक बनाई अरूको पनि उद्धार गर्छ भन्ने कुरालाई वाल्मीकि ऋषिले चरितार्थ पारेका छन् । कथा पढ्दा सामान्य बालमनोविज्ञानसँग सम्बन्धित देखिए पनि वास्तवमा कथामा भएका यी विषयवस्तुहरू अत्यन्त ज्ञानबर्द्धक, सन्देशमूलक र अध्यात्मवाद तर्फ झुकाव भएका छन् । कथा पढ्दा रोचक लाग्नुका साथै सुरुमा बिग्रेको मनस्थिति पनि आध्यात्मिक ज्ञान प्राप्त गर्न सकेमा पहिलेको भन्दा तेज, प्रकाशमय, सद्गुणी र बुद्धि विवेकले भरिपूर्ण आत्मज्ञानी हुन सक्दो रहेछ भन्ने पूर्वीय दार्शनिक मान्यता बोकेको यस कथामा आध्यात्मिक दर्शनको मूल्यमान्यतामा आधारित विषयवस्तु रहेका छन् ।

### ४.१४.२ वाल्मीकि कथामा आध्यात्मिक दर्शनको प्रभाव

धर्मानुष्ठानको पहिलो साधन शरीर हो । शरीर शुद्ध भएपछि आत्मशुद्धिका लागि भगवान् भक्ति, सत्कर्मको अनुष्ठान, सत्सङ्कल्प गर्नुपर्ने हुन्छ भन्ने भावना भएका बदरीनाथ भट्टराईद्वारा कथामा अज्ञान, गरिबी र अभावको कारणले चोरडाँका भएका रत्नाकर नाम गरेका वाल्मीकिले नारदलाई देखी सितार डाँका गर्न खोज्दा भनिएको छ -*सितार बजाउँदै भजन गर्न थाले पछि नारदको सुरिलो स्वर र भक्तिले भरिएको सङ्गीतपूर्णलयले डाँकुको मन समेत पग्ल्यो* (पृष्ठ : ५७) ।

अनादिकालदेखि नै सुरु भएको भक्तिमय सङ्गीतबाट जो कोहीको मनले पनि स्थान पाउँछ भन्ने कुराको चरितार्थ रत्नाकरले यस कथामा गरेका छन् । उनको मन नारदको सुरिलो भक्तिमय धुनबाट आकर्षित भएपछि उनले नारदका कुरा सुने; जसले गर्दा उनको मन परिवर्तन भयो र भगवद्भक्तितिर आकर्षित भई सांसारिक मानवीय जीवन दुःखमय छ । दुःखको कारण छ । दुःखबाट छुटकारा पाउने उपाय आत्मज्ञान हो । आध्यात्मिक दुःख-आफ्नो मनले पैदा गराएको काम, क्रोध, लोभ, मोह आदिबाट प्राप्त दुःख हो । आधिभौतिक दुःख-

मानिस, बाघ, सर्प आदि प्राणीहरूबाट भएको दुःख यी सबै दुःखबाट छुट्कारा पाउनुको नाम मोक्ष हो (घिमिरे, २०६९ : १२२) । अतः पूर्वीय मान्यतालाई आत्मसात गराइएको यसकथामा भगवत्त्वकृपा शरणागति, तत्त्वज्ञान, भक्ति योगसाधना आदिबाट मात्र सम्भव भएको देखाउँदै रत्नाकरद्वारा भनिएको छ । *पाप नगर, यो पाप जम्मै तिमीले भोग्नुपर्छ, त्यसैले पाप कर्म गर्नु हुँदैन* (पृष्ठ : ५७) ।

भट्टराईद्वारा एकातिर पापकर्म जीवनको दुःख हो भन्ने सन्देश दिइएको छ भने अर्कोतिर पाप निवारणको उपाय धर्म हो भन्ने सन्देश दिन खोजिएको छ । ईशोषनिषद्मा भनिएको छ; मनमा अर्कै वचन, कर्ममा अर्कै वचन गर्नु पापको कुटिलता हो, टेडोपन हो । तसर्थ मनुष्यको जुन मनमा छ, जुन वाणीमा छ, जुन कर्ममा छ त्यही सत्य हो, त्यही धर्म हो र सरलता हो । अतः यस कथामा रत्नाकरलाई नारद ऋषिले पाप नगर्न अनुरोध गरेका छन् । वास्तवमा चिन्तनशील स्वभाव भएको मानिसबाट आध्यात्मिक मूल्यको खोजी गर्ने काम नै धर्म हो भने नीति, आचरण, सेवा, सहयोग, दया, माया, स्नेह, करूणा आदि धर्मका रूप हुन् (चालिसे, २०६६ : ९२) । मानव आचरण वा चरित्रबाट धर्मको रूप पहिचान गर्न सकिन्छ भने प्राणीजातिको हितका निम्ति अग्रसर हुने प्रेरणा धर्मले प्रदान गर्दछ । धर्मको व्याख्या विश्लेषण गरी मानव जगत्को उद्धार गर्ने काम आध्यात्मिक मीमांसा र वेदान्त दर्शनले गर्दछ । गीतामा कर्मयोग र भक्ति योगको व्याख्या गरिएको पाइन्छ सोही अनुरूप रत्नाकर डाँकुलाई नारदऋषिले ज्ञान, भक्ति र धर्मको सन्देश दिंदा उसमा पलाएको भगवद् भक्तिले *मरा* भन्ने शब्दको उच्चारण हुन्छ । उही *मरा* शब्दको जपबाट उसको आँखा खुलेर महान् दार्शनिक आदि कवि वाल्मीकि हुन पुगेको प्रसङ्ग यस कथामा उल्लेख गरिएको छ ।

यो संसारमा पापबाट मुक्ति पाउनका लागि मनुष्यमा भएको अज्ञानको नाश गर्नु पर्दछ । कर्मले मात्र मनुष्यमा भएको अज्ञान नाश हुन सक्दैन । आत्माको अज्ञानताबाट खडा भएको शरीर आदिको अभिमानबाट हुने कर्म आत्मज्ञानको विरोधी हो भन्ने आध्यात्मिक मान्यतालाई आत्मसात् गरेका भट्टराईद्वारा कथामा भनिएको छ-

> *एक दिन आफ्ना चेलाहरूलाई लिएर नदीमा नुहाउन जान लाग्दा पोथी क्याङ्कुरूङ् कराएको सुनियो । उसैनेर वाँण लागेर भाले क्याङ्कुरूङ् पछारिएको रहेछ, यसै बेला व्याधा पनि त्यहीँ देखियो, अनि वाल्मीकिका मुखबाट यस्तो श्लोक निस्कियो -*

*मानिषाद् प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः।*

*यत्कौञ्चमिथुनादेकमवधीः काममोहितम् ॥*

*ए निषाद नहोस्  तेरो प्रतिष्ठा पछिसम्मको ।*

*कऱ्याङकुरूङ जोडीमा मार्दा भाले त छिल्लिदो ॥*

(पृष्ठ : ५९) ।

विनाकारण कसैको हत्या, हिंसा गर्नु पाप कर्म हो । पापकर्म गर्ने व्यक्तिको भलो हुँदैन । उसले यस जन्ममा अनेक दुःख भोग गरी विभिन्न ८४ योनी पार गर्नुपर्दछ । एकको मृत्युबाट अर्को प्राणीले फाइदा महसुस गरे तापनि वास्तवमा त्यो सत्य होइन । त्यस दुःख कर्मले उसलाई हानि गर्दछ भन्ने भाव भएका बदरीनाथद्वारा वाल्मीकिको आवाज सुन्दा आकाश गड्गडाएर पुष्पवृष्टि भयो । रामको चरित्र लेख्न भनिएको सुनियो । त्यसपछि वाल्मीकिले रामको चरित्रमा आधारित रामायणको रचना गरे, जसमा प्रकृतिको वर्णन, रामको कर्तव्य परायणता, सीताको आदर्श, ऋषिमुनिहरूको त्याग तपस्या, रामका छोराहरू लवकुशको लालनपालन लगायत समाजका दुस्चरित्र तथा असलमार्गको वर्णन गरिएको छ ।

वाल्मीकिले रामको चरित्रमा आधारित रामायणको रचना गरे; जुन कथा वाल्मीकि रामायण नामले परिचित रहेको पाइन्छ । रामचन्द्रका सत्य तथ्य घटनालाई लिएर यिनले कलम चलाएका हुन् । प्रकृतिको सुन्दर वर्णन, कथात्मक मनोवैज्ञानिकता, नीतिनियममा पोख्त, पति-पत्नीबिचको अगाध प्रेम, उच्च आदर्श, भावुकता र काल्पनिकता, उपयुक्त वातावरण, परिवेश, समयअनुसारको सरल, भाषाशैली, मार्मिक कथावस्तु, धर्म दर्शनको विशेष प्रभाव तथा आस्तिकता र नास्तिकताको परिचय उल्लेख गरी पाठकलाई हरेक मोडमा धार्मिक आस्तिकताप्रति झुकाव दिने किसिमबाट रचना भएको वाल्मीकि रामायणमा योग, वेदान्त, वैशेषिक लगायतका षड्दर्शनको प्रभावलाई उजागर गरिएको छ ।

### ४.१४.३ निष्कर्ष

ज्ञान नै मोक्षको कारण हो । ज्ञान र कर्मका विषयमा वेदले ज्ञानलाई पुरुषार्थ अर्थात् मोक्षको साधन बताएको छ भने *बाचुञ्जेल अग्निहोत्र गर्नु* भनेर कर्मलाई पनि अगाडि सारेको छ । त्यसैले ज्ञान र कर्मले ब्रह्मलाई प्राप्त गर्न सकिन्छ । ज्ञानको सहायकको रूपमा कर्म रहेको हुन्छ भन्ने आध्यात्मिक दर्शनलाई आत्मसात् गरेका बदरीनाथ भट्टराईको

पौराणिक बालकथाभित्रको यो कथा वर्तमानमा भौतिक जगत्मा रुमल्लिएका बालबालिकाहरूलाई आध्यात्मिक खुराक प्रदान गर्न सफल देखिन्छ । आध्यात्मिक नीति नियम, धार्मिक मूल्यमान्यता, नैतिक आदर्श, सामाजिक, सांस्कृतिक मर्यादा, पुराणहरूमा उल्लिखित रामायण कथाको विषयवस्तुको जानकारी गराइएको यस कथामा वाल्मीकिको अज्ञानका कारण गरेका दुष्कर्महरू र नारद ऋषिको प्रेरणाबाट रत्नाकर डाँकुबाट वाल्मीकि जस्ता महर्षि बनेको प्रसङ्ग समेत उल्लेख गरेर कथामा आत्मिक ज्ञान प्रदान गरिएको छ ।

## ४.१५ मातृहत्या कथा विष्लेषण

बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक कहानी कथासङ्ग्रहभित्रको महत्त्वपूर्ण कथाको रूपमा *मातृहत्या* कथालाई लिइएको छ । बदरीनाथद्वारा यस कथालाई श्रीमद्भागवत महापुराणको सोर्‍हौँ अध्यायको परशुरामद्वारा क्षत्रिय संहार कथावस्तुलाई आधार बनाएर रचना गरेका छन् । यस कथालाई विष्णुपुराण, महाभारत, रामायण लगायत विभिन्न पुराणहरूको आख्यानमा उल्लेख गरिएको पाइन्छ ।

### ४.१५.१ कथासार

कथाको सुरुवात नै महात्मा, धर्मका सच्चा पुजारी, योग साधनामा तल्लीन जमदग्नि ऋषिको उग्र क्रोधावस्थाबाट प्रारम्भ भएको पाइन्छ । जमदग्नि ऋषिकी पत्नी, पशुरामकी आमा रेनुका गङ्गाका तीरमा स्वच्छ स्नान गर्न र चोखोपानी लिन गएकी हुन्छिन् तर त्यहाँ जल क्रीडा गरिरहेका चित्ररथ राजा र रानीलाई देखेर रेनुकाको मन चञ्चल हुन्छ । उनी राजा चित्ररथतिर आकर्षित हुन पुग्छिन् । कथामा श्राद्ध र श्राद्धको विधि, श्राद्धमा गर्नुपर्ने नियमपालन आदिको वर्णन गरिएको छ । श्राद्धको नियम अनुसार सरसामान जम्मा गरी पितृको सम्झना गर्ने आध्यात्मिक दर्शनको सिद्धान्त रहेको छ । घरकी गृहलक्ष्मी धर्मपत्नीले पिण्ड पानी दिन सामग्री तयार गर्ने,गुरु पुरोहितलाई यथेष्ट खानपान गराइ बिदा गर्नु पर्ने नीतिलाई रेनुकाद्वारा वेवास्ता गरिएको छ । उनी घरमा आरम्भ गरिएको पितृकार्यलाई बिर्सेर सो नीति नियमको पालना नगरी राजाको जलक्रीडा हेर्नमा मग्न हुन्छिन् । रेनुकाको उक्त कार्य पतिव्रता धर्मको नियम विरुद्ध हुन जान्छ । जसको कारण ऋषि जमदग्नीको क्रोध बढ्दा उनी कोधाग्निका कारण दायाँबायाँ केही नहेरी पत्नीलाई सजाय दिन रिसाएर जेठा, माहिला, साँहिला र कान्छा छोराहरूलाई आमाको वध गर्न निर्देशन गर्दछन् तर अरू

छोराहरूले नमाने पछि कान्छा छोरा परशुराम साक्षात् भगवान् विष्णुका अवतार थिए र उनले आफ्ना पिताको धर्म, योग साधनाबाट प्राप्त ज्ञान र क्रोधलाई समेत बुझेका थिए । परशुरामका सामु पिताको आज्ञा पालन र माता तथा दाजुहरूको हत्या दुवै चुनौति एकै चोटी आउँदा विचलित नभै उनले पिताले माता तथा दाजुहरूलाई पुनः बचाउन सक्नुहुन्छ भन्ने ठानेर सोही अनुरूप पिताले गराएको प्रतिज्ञा पितृभक्त भगवान् परशुरामले स्वीकार गरेर आमा सहित सम्पूर्ण दाजू भाइहरूलाई मार्न बञ्चरो उजाउनु भयो भन्ने यस मातृहत्या कथाको कथानक रहेको छ भने पुराणहरूमा चाहि परशुरामले माता सहित सबै दाजूहरूको हत्या गर्दछन् र पिता आफ्नो आज्ञापालन छोराले गरेको देखेर खुशी हुँदै वरदान मागभन्दा आमा सहित दाजुहरूलाई जीवित बनाएको प्रसङ्ग उल्लेख गरिएको छ ।

## ४.१५.२ मातृहत्या कथामा आध्यात्मिक दर्शनको प्रभाव

सारा संसारलाई काम, क्रोध, लोभ, मोह, मद मात्सर्य नाम भएका कट्टर शत्रुले सदा पिरिरहेका हुन्छन् । यस कथामा महामुनि जमदग्निलाई क्रोधले र उनकी पत्नी रेनुकालाई कामवासनाले पिरोलेको हुनाले अनर्थको सिर्जना भई भगवान् परशुरामले लीला गर्नु परेको छ । परशुराम महाब्रह्मज्ञानी तपस्वी, विद्वान्, पितृभक्त भएका र उनका पिता जगदग्नी पनि महामुनि भगवान्का भक्त भएका हुनाले पिता-पुत्रको समझदारी भएको कुरालाई श्रीमद्भागवत महापुराणमा भनिएको छ -*बाबु ! तिमीलाई इच्छा लागेको वर माग (श्रीमद्भगवत, ५७ : ५२४) भन्दा परशुरामले पिताजी ! मेरी आमा र सबै दाजुहरू जीवित होऊन् र मैले तिनीहरूलाई मारेको थिएँ भन्ने कुरा उनीहरूलाई याद नहोस्* (श्रीमद्भगवत : ५७ : ५२४) ।

कथामा परशुरामले आफ्नो पिताको तपोबल जान्नु भएर नै आफ्ना सहोदर दाजुहरूको वध गर्नु भएको थियो भनेर कथावस्तुलाई टुङ्ग्याइएको छ । कथामा ज्ञानी तपस्वी जमदग्नि ऋषिको अनैतिकताप्रतिको विरोध आक्रोस थियो भने नीतिनियम, धर्म कर्म, योग, त्याग, तपस्या र आदरसत्कारप्रतिको सद्भाव थियो । परशुरामले आफ्नो बाबुको शक्तिलाई चिनेका कारण बाबुको आज्ञामुताविक आफ्नी मातालाई समेत हत्या गर्न पछि परेनन् तर उनलाई थाहा थियो, आमा र दाजूहरूलाई पुनः पिताजीबाट प्राण दिने काम हुन्छ भनेर कथामा व्यभिचारीपनको विरोध, सत्य र धर्मको स्थापना, धर्म र संस्कृतिको रक्षा, कर्म योगको साधना, ज्ञान, बुद्धि, विवेक आदिको विकासका लागि आध्यात्मिक दर्शन अति नै

आवश्यक हुन्छ ; जसबाट मानिसलाई दिव्यज्ञान प्राप्त गर्न सहयोग मिल्दछ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । *तेरी आमालाई अध्यात्मका सुखमय शिखरमा पुऱ्याँउला भन्ठानेको थिएँ, तर यस्तालाई कसरी !* ( पृष्ठ :२५) ।

भौतिक शिक्षाको आदर्श इन्द्रियलाई तृप्ति गर्नु हो भने आध्यात्मिक शिक्षाको सर्वोच आदर्श भगवान्लाई बुझ्नु हो । यस कथामा भौतिक सुखमा रमाउन चाहेकी रेनुकाले आफ्नो कामवासनालाई वशमा राख्न नसक्दा अनेक दुःख भोग्नु परेको हुन्छ । घरमा अशान्ति फैलिन्छ । फलस्वरूप कुकर्मको फल तत्कालै देखा पर्न जान्छ । आफू योगी पुरुष भएका कारण आफ्नी पत्नी रेणुकालाई पनि भगवान् भक्तिमा लगाएर आत्मज्ञान प्रदान गर्न चाहेका जमदग्निऋषिले आफ्ना छोरा परशुरामलाई पत्नीको गलत कार्यको महसुस गराउन चाहेको विषयलाई बदरीनाथ भट्टराईद्वारा प्रस्तुत गरी पति पत्नीको आर्दशभाव उच्च हुनुपर्ने सङ्केत गर्दै योग विद्याका माध्यमबाट आध्यात्मिक शक्ति प्राप्त गरेका जमदग्नि ऋषिका सम्बन्धमा भनिएको छ -*यस्ता तपस्वी तथा योगीराज बाबुबाट जन्म पाउनु मेरो ठूलो भाग्य हो, योगशक्तिको प्रभाव खाली मुखले बयान गरेर केही फाइदा छैन* (पृष्ठ : २५) ।

चित्तवृत्ति निरोध गर्नुभन्ने योग दर्शनको प्रभाव रहेको यस कथामा सधैँ भगवान्को ध्यान गर्नु, नित्य स्नान गर्नु, मन र शरीरलाई शुद्ध राख्नु, भगवान्का बारेमा सुन्नु, उहाँको नाम संकीर्तन गर्नु, उहाँकै चिन्तन गर्नु, उहाँ कै चरणको सेवा गर्नु, आफ्ना मनका सम्पूर्ण कुरा भगवान्का समीपमा भन्नु भन्ने आध्यात्मिक दर्शनको मान्यता बमोजिम योगी पुरुषबाट जन्म लिएका परशुरामले बाबुको योगसाधनको वर्णन गरेर जगत्को कल्याण गर्न चाहेका कुरा उल्लेख गर्दै पिता भनेका भगवान्का रूप हुन् । पितालाई खुशी तुल्याउन सक्यो भने भगवान् पनि खुशी हुनुहुन्छ भन्ने पूर्वीय मान्यता वमोजिम परशुरामद्वारा भनिएको छ - *तपाईँलाई खुशी तुल्याउन सकें भने ब्रह्मा, विष्णु, महेश्वर र सबै देवता प्रसन्न हुन्छन् भन्ने मलाई निश्चय छ* (पृष्ठ : २४) ।

कथामा आदर्श, पितृभक्त, आत्मज्ञानी पुत्रको कर्तव्य झल्किएको छ । कथाबाट गल्ती गर्नेलाई सजाय दिएर पुनः जीवन दिन सक्नु नै आध्यात्मिक योगसाधनाको परिणाम हो भन्ने कुरा बुझ्न सकिन्छ । बदरीनाथद्वारा यहाँ ज्ञान, भक्ति र योग साधनाको सङ्गम रहेको देखाइएको छ । वास्तवमा मानिसहरूले यी संसारका सबै भौतिक पदार्थहरूको भोगबाट प्राप्त हुन नसकेको आत्मिक सन्तुष्टिलाई प्राप्त गर्न सकिने आदर्श प्रयत्न धर्म हो ।

मानवबाट गरिनुपर्ने असल कर्महरूमा देख्न सकिने धर्मको रूपलाई चिन्नको निम्ति आध्यात्मिक भावनाको विकास मानिसमा हुनुपर्छ (चालिसे, २०६६ : ९२) । धार्मिक मूल्य मान्यताको आडमा बसेर मानवीय कर्तव्य नै सबभन्दा महत्त्वपूर्ण कार्य हो । मानिसले सुख भोगमा मात्तिनु र दुःखमा आत्तिनु हुँदैन । सधैँ आफ्नो असल मार्गमा अघि बढिरहनु पर्छ भन्ने उच्च आदर्शलाई बदरीनाथ भट्टराईले यहाँ उजागर गरेका छन् ।

### ४.१५.३ निष्कर्ष

समाधि-योगको अभ्यास गर्नेले सधैं परमात्माको दर्शन आत्मरूपमा पाउँछ भन्ने योग दर्शनको सिद्धान्तलाई आत्मसात गरेका बदरीनाथ भट्टराईले यस कथामा जमदग्नि ऋषि धार्मिक, सामाजिक नीतिचेतनाभित्र रहेर नैतिकतालाई अङ्गाली आदर्श विद्याको पाठ पढाउने विद्वान् थिए । उनी सारा इन्द्रियका शब्द, स्पर्श, रूप, गन्ध आदिबाट हटेर काम, क्रोध, लोभ,मोह जस्ता शत्रुहरूलाई जितेका विद्वान् थिए । सोही अनुरूप आफ्नी धर्मपत्नीको व्यभिचारीपनले र छोराहरूले बाबुको आज्ञा पालन नगर्दा सजाय दिलाएर उनीहरूले गरेको पाप कर्मलाई नष्ट गरी पुनः जीवनदान दिन सक्ने आध्यात्मिक साधक, आत्मज्ञानी विद्वान् जमदग्नि ऋषि सत्य र धर्मको रक्षा र अनैतिकता तथा दुस्कार्यको भण्डाफोर गर्ने व्यक्ति भएको कुरालाई उल्लेख गरेर बदरीनाथ भट्टराईले यस कथामा योग, मीमांसा वेदान्त र वैशेषिक दर्शनको प्रभावलाई प्रस्तुत गरी सत्यधर्मको सन्देश प्रदान गरेका छन् ।

## ४.१६ व्यभिचार कथा विष्लेषण

बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक कहानी नामक कथा सङ्ग्रहभित्रको महत्त्वपूर्ण कथा *व्यभिचार* हो । यस *व्यभिचार* कथालाई पौराणिक समयको सामाजिक, सांस्कृतिक, परम्परा, धार्मिक तथा नैतिक मूल्यमान्यतामा आधारित भएर रचना गरिएको छ । कथाकारले यस कथाको स्रोत पौराणिक उपाख्यानलाई बनाएका छन् ।

### ४.१६.१ कथासार

पौराणिक कालीन आख्यानबाट साभार गरी परिष्कृत गरेर रचना गरिएको *व्यभिचार* कथालाई कथाकारद्वारा विना पहिचान आमा र छोराको अज्ञात यौन सम्बन्धबाट गर्भधारण गर्न पुगेकी आइमाईलाई देखाएर पाठक वर्गलाई कौतूहल बनाइएको छ । सनज्जात गर्भमा

छँदा नै महीका पति धृतव्रतको मृत्यु भइसकेको हुन्छ । पछि महीले आफ्नो पुत्र सनज्जातलाई जन्म दिई गरिबीका कारण घरमा पालन पोषण गर्न गाह्रो भएपछि ऋषि गागल मुनिको आश्रममा छोडिदिन्छिन् । सनज्जात गागल ऋषिका आश्रममा हुर्की बढी शिक्षा दीक्षा प्राप्त गरी चलाख प्रतिभावान्, ज्ञानी, विद्वान् प्रतिष्ठित व्यक्ति बनेका हुन्छन् भने आमा मही चाहिँ वेसाहारा बालविधवा भएकी हुनाले अज्ञानवस वेश्यावृत्तिमा संलग्न भएकी हुन्छिन् । एकदिन सनज्जातले एक असाध्य रूपवती महीलाई देख्छन् र उनलाई स्वर्गकी अप्सरा जस्तै राम्री लाग्दछ । उनी त्यस महिलाको रूप र जवानीमा आशक्त हुन पुग्छन् । ती महिला पनि वेश्या भएकी हुनाले सनज्जातको रूप र यौवनमा लोभिन्छिन् । उनीहरू बिच अनैतिक प्रेम सम्बन्ध सुरु हुन्छ र महिला गर्भवती हुन्छिन् । जुन कुरा आफ्ना प्रेमी सनज्जातलाई महीले व्यक्त गर्दछिन् । सनज्जातले यो गर्भको जाति कुन हो भनेर छुट्याउन खोज्दा महिबाट आफू धृतव्रतकी पत्नी भएकी र आफ्नो एक पुत्र भएको र उसलाई गालव ऋषिको आश्रममा छोडेर आएको भनेको सुन्दा सनज्जात बेहोस जस्तै हुन्छन् । उनमा ग्लानि र पश्चातापको आगो बल्छ । सनज्जातले आफूलाई समाल्न सक्दैनन् । आफू धर्म र कर्ममा पूर्ण रहेको सत्यमा अडिक रहेको भए पनि स्त्री रूपमा आशक्ति हुँदा वेश्या बनेकी आफ्नी आमालाई पनि नचिन्दा भोग्नु परेको परिणामबाट उनी असाध्य दुःखी हुन्छन् । केही गर्दा पनि आफूले गरेको पापबाट मुक्त हुन नसक्ने भन्ने चिन्ता व्यक्त गरी आफ्नी पत्नी रूपी आमालाई चिठी लेखी पाप प्रायश्चितका लागि गुरु गालव कहाँ पुगेर यस मातृगमनको पापको प्रायश्चित गर्ने उपाय विन्ती गर्दछन् । गुरु गालवले आगो जस्तै फलामे स्त्रीमूर्तिलाई अँगाल कित १२ वर्षसम्म नियम अनुसार धौतताप तीर्थको सेवा गर भन्ने आज्ञा गरेवमोजिम १२ वर्षसम्म नियमपूर्वक धौतताप तीर्थको सेवा गर्ने अठोट गरेका सनज्जात, आमा महीको वेश्यावृत्तिप्रति असाध्य दुःख प्रकट गरी घृणाको भावना व्यक्त गरिएको प्रसङ्ग नै कथाको मुख्य केन्द्रविन्दु रहेको छ ।

कथा धार्मिक भइकन पनि नैतिक, सामाजिक मूल्य मान्यतालाई जोगाउनु पर्दछ भन्ने कुराप्रति अटल विश्वास राख्ने, कामवासना मानिसको शत्रु हो । यसबाट हरेक मानिस सतर्क हुनु पर्दछ भन्ने मुख्य भाव रहेको छ । पौराणिक समयदेखि हालसम्म नेपाली हिन्दूधर्म परम्परा सामाजिक रीतिरिवाज, धर्म, संस्कृतिको प्रभाव आध्यात्मिक दर्शनले बताएका धार्मिक मूल्यमान्यताहरू, कामवासनालाई त्याग गर्न नसक्दा ठूला ठूला विद्वान्हरूले पनि स्त्रीको रूप रङ्गमा फसेर आफ्ना सम्पूर्ण सदाचारी क्रियाकलापबाट पतन हुनु परेको

दु:खकष्टहरू, धर्म र सामाजिक मूल्यमान्यता विपरीत गएर वेश्यावृत्ति जस्तो गलत कार्य गर्दा सामना गर्नु परेका समस्याहरू आदिलाई उल्लेख गरेर कथाकारले समाजलाई यस्ता गलत कार्यहरूबाट टाढा राख्ने प्रयत्न गर्दै यस कथाको रचना गरेका छन् ।

### **४.१६.२ व्यभिचार कथामा आध्यात्मिक दर्शनको प्रभाव**

आत्मा र बुद्धि परस्परको अध्ययनले धर्मको सम्मान हुन्छ भन्ने दृढताको लागि चित्त र जडको मिलन देखाइन्छ । यसरी जड, बुद्धि, चेतन जस्ता चैतन्य स्वरूप आत्माचाँहि जड होकि जस्तो भान अज्ञानीलाई हुन्छ अनि अनात्मा बुद्धिहरूको लागि म कर्ता हुँ, म भोक्ता हुँ भन्ने मोह पैदा हुन्छ भन्ने वेदान्त ज्ञानका धनी बदरीनाथ भट्टराई रहेका छन् । उनीद्वारा समाजमा पौराणिक समयदेखि नै चलिआएका कुकर्महरूको पर्दाफास गर्दै धर्म हराएका मानिसहरूलाई यी सबै कुकृत्य अर्थात् पापबाट छुट्कारा पाउने उपाय आध्यात्मिक भावना हो । यस भावनाबाट मानिस पूर्ण रूपमा शुद्ध हुन सक्छ भन्ने कुरालाई कथामा सनज्जातद्वारा चिट्ठीको माध्यामबाट पत्नी रूपी आमा महीलाई भनिएको छ -*तिमीमाथि मेरो हृदयमा दया, मायाको लेश पनि छैन, बरु बगिरहेको छ घृणाको खोलो* (पृष्ठ :४५)

माया र प्रेमको बन्धनबाट अर्थात् सम्बन्धबाट सुरु भएको मनुष्य जीवनमा सुख-दु:ख, प्रेम, घृणा आदि मानव मनका स्वाभाविक गुणहरू हुन् । मानिस आत्मज्ञान विना एक्लै बाँच्न सक्दैन । उसलाई जीवन जिउनको लागि एक अर्काको सहारा, दया, माया प्रेम चाहिन्छ नै तर त्यो माया, प्रेम, समाजको नीति नियम र धर्म अनुकूल हुनुपर्दछ भन्ने कुरा आध्यात्मिक मान्यता रहेको छ । यदि मनुष्यले सामाजिक नीति नियम र धर्म विपरीत आचरण गरेको थाहा पाएमा मानिस स्वयम्ले त्यस्तो माया, प्रेम गरेको व्यक्तिलाई घृणा गर्न थाल्दछ । आफू स्वयम् माया, प्रेम र घृणाको अग्निमा जली विक्षिप्त हुन पुग्दछ भन्ने कुरालाई महिलाले भोग्नु परेको विवशताप्रति सहानुभूति प्रकट गर्दै नारी स्वतन्त्रताको उद्घोष गर्दै भनिएको छ -

> *एक त बालविधवा उसमाथि पनि अशिक्षित हुँदा तिमीलाई मात्र म दोष दिन्न, फेरि यसमा मेरो पनि ठूलो अपराध छ । अरूलाई परस्त्रीको मुखै नहेर्नु भनी उपदेश दिने, आफूचाहिँ तिमीजस्ती*

*कामिनीप्रति आशक्त हुने म कहाँसम्मको धूर्त कहाँसम्मको जाली*

(पृष्ठ :४५) ।

मनुष्यको मनमा सधैँभरि रहिरहने काम, क्रोध, लोभ, मोह, मद तथा मात्सर्यलाई जसले आफ्नो अधीनमा राख्न सक्दछ, उ दुःख, पीडाबाट मुक्त भई सुख शान्ति प्राप्त गर्न सक्दछ भन्ने अध्यात्म भावको उद्घोष यस कथाले गरेको छ । सनज्जातले आफ्नो कामवासनालाई अधीनमा राख्न नसक्दा उनी ज्ञानी भए पनि अज्ञानी जस्तो भएको कुरालाई कथाकारले यहाँ देखाएका छन् । बदरीनाथले जवानीको रागमा जतिसुकै ज्ञानी र धार्मिक मानिस पनि आफ्नो संवेगलाई वशमा राख्न सक्दैन, जसले गर्दा परापूर्वकालदेखि नै समाजमा यस्ता किसिमका अस्वाभाविक घटनाहरू कही कतै घट्दै गएका छन् । यसलाई निर्मूल पार्ने उपाय भनेको आध्यात्मिक ज्ञान हो । धार्मिक मूल्यमान्यता हो भनेका छन् ।

आध्यात्मिक दर्शनमा चन्द्रग्रहण र सूर्यग्रहणको आफ्नै किसिमको महत्त्व रहेको छ । ग्रहण लागेको बेलामा नदी, स्नान पूजा, पाठ, दान, धर्म गर्नाले मनुष्यलाई मोक्ष प्राप्ति हुन्छ । भगवत्त्व प्राप्ति हुन्छ भन्ने धार्मिक सांस्कृतिक परम्परा अनुसार सनज्जातद्वारा कथामा भनिएको छ -*चन्द्रग्रहण भएको धौतपाप तीर्थमा स्नान गरी फर्कन लाग्दा म छलिएँ* (पृष्ठ : ४६) । पुरुषले आफ्नै मनबाट कामवासनालाई हटाउन नसक्दा स्त्रीरूपमा आफैलाई हराउन सक्छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । सनज्जात आफैले महीलाई स्वर्गकी उर्वशीको उपनाम दिएर पृथ्वीमा देखिएको विषयलाई कथाकारद्वारा देखाइएको छ ।

वेदको अध्ययन गर्ने व्यक्ति स्वतः ज्ञानी र विद्वान् हुन्छ । उसले धर्मको नियम, सदाचार, नैतिक सामाजिक मूल्यमान्यतालाई बुझेको हुन्छ तापनि स्त्रीको रूपरङ्ग र कामवासनामा परेपछि मानिसले आफ्नो यथार्थलाई बिर्सदो रहेछ भन्ने सत्यलाई यस कथामा देखाइएको छ । नियमित भगवान् साधना षड्दर्शनको आधारशिला हो । हरेक मानिसले नियमित जप, तप, पूजा, पाठ गर्नुपर्दछ भन्ने प्रसङ्गमा भनिएको छ-*साँझ सन्ध्या सिध्याएर म सधैँ तिम्रो घरको बाटो ओहोरदोहोर गर्थे* ( पृष्ठ :४७) । आत्मशुद्धिका लागि मानिसमा शरीर शुद्धि, पूजा-पाठको आवश्यक परेको सन्दर्भमा सनज्जातले आफू अज्ञानवस यस्तो अनैतिक काममा फसेको हुँ भनेका छन् । गल्ती आफू स्वयम् को हो ? ज्ञान प्राप्त गरे तापनि कामवासनाको जालोले आफ्नो आँखा बन्द भएको उक्त समयमा आफूले आफ्नो धर्म र नैतिक मूल्यमान्यतालाई बिर्सिएको कुरालाई उनीद्वारा पश्चाताप गर्दै भनिएको छ -

*अगिल्तिर पुलुक्क हेर्दा भित्तामा टाँसेको ठूलो ऐनामा आफ्नो प्रतिबिम्ब देखेर लक्ष्मीका साथै शेषमा बसेका विष्णुको नक्कल गरेजस्तै मलाई लाग्यो* ( पृष्ठ :४७) । अज्ञानले मानिसमा मोह जगाउँछ । वस्तुप्रतिको रागभाव नै अज्ञानताको परिणाम हो (शर्मा, १९९८ : १७१) भन्ने वैशेषिक दर्शनको सिद्धान्तसँग यस कथालाई जोडिएको छ ।

कथामा महीद्वारा वेश्या भएर गलत काम गरे पनि बाध्यतावश आफू वेश्या भएकी हुँ भन्ने तात्पर्य दर्शाउँदै भनिएको छ -*मैले यो जिन्दगी तपाईंलाई नै चढाइसकें अब कुनै पुरुषको मुख हेर्दिन । मेरो प्रेमी भने पनि, पति भने पनि, देवता भने पनि सबै तपाईं नै हुनुहुन्छ (* पृष्ठ *:४७)* ।

एउटी महिला विविध समस्याले अनैतिक काममा फसे पनि आफ्नो मनले खाएको उपयुक्त व्यक्तिसँग भेट भएमा आफूलाई समर्पण गर्न सक्छे भनेर महिलाप्रति उदारताको भावना कथाकारले यहाँ देखाएका छन् । सानैमा विवाह भयो । पतिसँग सुखभोग गर्न नपाउँदै गर्भवती भएपछि आफ्ना पतिको मृत्यु भयो । शिक्षा,दीक्षा, ज्ञान प्राप्त गर्न पाइएन । उनमा गरीबीको पीडा; थियो जसका कारण उनी वेश्यावृत्ति अपनाउन पुगिन् भनेर भट्टराईले यहाँ महिलाको कारुणिक पीडालाई उजागर गर्दै उनीहरूप्रति लाञ्छना लाउने मात्र होइन सहानुभूति पनि प्रकट गर्नु पर्दछ भन्ने भाव व्यक्त गरेका छन् ।

सनज्जात कर्तव्यनिष्ठ, प्रतिभावान्, सामाजिक प्रतिष्ठा कमाएका व्यक्ति थिए । एउटी रूपवती महिलाको प्रेमजालमा फस्दा आफूले कमाएका सबै इज्जत नष्ट भई महापापमा फसेको कुरालाई कथामा भनिएको छ -*म धृतव्रत ब्राह्मणकी पत्नी हुँ मात्र भनिदिएकी भए यो पापमा हामी जाकिने थिएनौं, पढ्दा खेरी पञ्चमहापातकको गणनामा गुरुस्त्री गमनलाई भनेको देखेर त्यो पनि हुनसक्ला र भन्ने ठानेको थिएँ* (पृष्ठ :४९) ।

गुरु र मातापिता मानिसको जीवनका आधार स्तम्भ हुन् । उहाँहरूको सम्मान गर्दै हरेक मानिसले शिक्षा,दीक्षा र ज्ञान लिएर जीवनलाई सार्थक बनाउन सक्नुपर्छ । यदि उक्त काम बाहेक अन्य अनैतिक कार्य उहाँहरूसँग हुन गयो भने त्यो अध्यात्मविद्याभन्दा विपरीत हुन जान्छ भन्ने कुरालाई कथाकारद्वारा प्रस्तुत गर्दै सनज्जातले आफूले गरेको पापको प्रायश्चितका लागि गुरु गालव कहाँ गएर आफ्ना सारा पाप बताउँदा गुरुद्वारा भनिएको

*छ, रातो फलामे स्त्रीमूर्तिलाई अँगाल कित १२ वर्षसम्म नियम मुताविक धौतपाप तीर्थको सेवागर* (पृष्ठ :४९) ।

मानिसले मन, वाणी र शरीरले पाप गर्दछ । त्यसको प्रायश्चित यसै जन्ममा गर्न सकेन भने अर्को जन्ममा घोर पापको नरकमा डुब्नु पर्दछ । त्यसैले पापहरूको सच्चा प्रायश्चित गर्न भगवान् स्वरूपको आत्मज्ञान प्राप्त गर्नु पर्दछ जसको लागि भगवान्को तपस्या गर्नु पर्दछ । योग साधनामा तल्लीन रहनु पर्दछ भन्ने आध्यात्मिक मान्यता रहेको छ । सोही अनुरूप सनज्जातलाई पनि गुरु गालवले नियम अनुसार योग साधनामा लाग्ने, भगवान्को सेवा गर्ने आध्यात्मिक मार्ग बताउँदै कथामा आफ्नो दोषलाई कम गरी आत्मालाई शान्त पार्न खोज्दै सनज्जातद्वारा भनिएको छ- *सत्यव्रत जस्ता ब्रह्मज्ञानीको नाति भएर वेद, वेदाङ्ग पढ्दा पनि म यस्तो दुराचारी हुनाको यौटा कारण मातृगत दोष नै हो* (पृष्ठ :४९) ।

जतिसुकै वेद, वेदाङ्ग पढेर विद्वान् भए पनि मानिसमा यदि आत्मज्ञान प्राप्त भएको छैन भने उसले आफ्नो कर्तव्यलाई भुलेर आवेशमा आएर दुराचारी काम पनि गर्न सक्दछ । यो भौतिक शरीरको उपज हो भन्ने पूर्वीय मान्यता रहेको छ । यस्ता दुराचारी कामबाट टाढा रहन मानिसले आफूलाई काम-वासनाबाट पर राख्नु पर्दछ । ब्रह्मज्ञान, आत्मज्ञान प्राप्तिको मार्गमा लाग्नुपर्दछ भन्ने पूर्वीय दर्शनको सिद्धान्तलाई बदरीनाथले यहाँ उजागर गरेका छन् ।

### ४.१६.३ निष्कर्ष

आत्मा परमात्माको अंश हो । मन इन्द्रियको राजा हो । मनको चञ्चलता रोक्नु योगको काम हो । योग दर्शनका अनुसार मन संज्ञान र प्रत्यक्ष ज्ञानको आन्तरिक अङ्ग हो । शुद्ध मनले वासना रहित भई स्थिर हुनु र चित्तमा योगको धारण गर्नु पर्दछ । योगको धारणालाई टुट्न नदिनु ध्यान हो । चित्तको एकाग्रता समाधि हो । समाधिमा द्वैतभाव रहदैन । आत्मा र परमात्माको एकाकार हुन्छ भन्ने योग दर्शनको सिद्धान्त अनुरूप रहेको मीमांसा दर्शनमा आधारित यस कथामा यो संसार भ्रम हो भन्ने वेदान्त दर्शनको प्रभाव रहेको छ । पूर्वीय दर्शनको मान्यता काम, क्रोध, लोभ, मोह, त्याग गरेर कर्तव्य गर्दै भगवान् प्राप्तिको

साधनाबाट मोक्ष प्राप्त गर्नु पर्ने विषयलाई आत्मसात् गरेका भट्टराईले यस कथामा कुकर्मको विरोध गरेका छन् ।

## ४.१७ माझीकी छोरी रानी कथा विश्लेषण

कथाकार बदरीनाथ भट्टराईको *माझीकी छोरी रानी* कथा २०१० सालमा प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहभित्रको कथा हो । भट्टराईद्वारा यस कथाको स्रोतको रूपमा महाभारत कथालाई लिइएको छ ।

### ४.१७.१ कथासार

कथाको पहिलो दृष्यमा ऋषि परासरलाई गङ्गानदी पार गराउन मत्स्यगन्धालाई बाध्य बनाइन्छ । विस्तारै विस्तारै गङ्गानदीको कलकल, मनमोहक, सुन्दरता र साँझपखको प्राकृतिक छटाको मोहनी र मत्स्यगन्धाको रूप र जवानीले परासर ऋषिको मनमा कामुकताले प्रवेश गर्दछ । उनीहरू दुवै केही क्षणको लागि एकाकार हुन्छन् । अर्थात् यिनीहरू बिच यौन सम्बन्ध हुन्छ र यिनीहरूबाट कृष्ण द्वैपायन व्यासको जन्म हुन्छ । महान् अध्यात्मवादी विद्वान् परासर ऋषिबाट जन्मेका हुनाले वेद व्यास संसारमा प्रसिद्ध व्यक्तित्व बनेका छन् । कृष्ण द्वैपायन वेद व्यास सत्य, तेत्रा, द्वापर र कलियुगमा समेत प्रसिद्ध रहेका छन् । व्यासको व्यक्तित्व र कृतित्व, बुद्धित्वको वर्णन गरेर नै साध्य छैन । उनी महान् आध्यात्मवादी दार्शनिक हुन् । उनले विश्व प्रसिद्ध पूर्वीय ग्रन्थ महाभारतको रचना गरेका छन् । जसको आधारमा विभिन्न पुराण र उपनिषद्हरूको रचना पनि उनैबाट भएको पाइन्छ । यस्ता महान् विद्वान्को जन्मको रहस्य यहाँ बताइएको छ ।

दोस्रो दृष्यमा राजा सन्तनु र मत्स्यगन्धाको विहे भएको हुन्छ । मत्स्यगन्धाको नाम सत्यवती राखिएको हुन्छ । राजा सन्तनुकी पटरानी भएर किसिम किसिमका विहार गरेर पूर्ण आनन्दका साथ राजा रानी बसेका हुन्छन् । एक दिन छोरा द्वैपायनलाई लिएर परासर ऋषि राजाको दरबारमा आइपुग्छन् । राजाले पाद्य र अर्घ्यका साथ ऋषि र ऋषि कुमारको पूजा गरी स्वागत गर्दछन् । सत्यवतीले ऋषि कुमारलाई कसको छोरा हो भनेर ऋषिसँग सोध्दा असहजसँग मेरै हो भनेर भन्छन् । रानी सत्यवती र ऋषि परासरबिच मौन भाव कथामा देखा परेको घटना एकातिर रहेको छ भने अर्कोतिर परासर ऋषिले द्वैपायनको असल र

जेहेन्दार व्यक्तित्वको प्रशंसा गरिएको यस कथामा द्वैपायनलाई पुनः भेटघाटको लागि आउन सत्यवतीद्वारा अनुरोध गरिएको प्रसङ्गबाट कथाको अन्त गरिएको छ ।

### ४.१७.२ माझीकी छोरी रानी कथामा आध्यात्मिक दर्शनको प्रभाव

बदरीनाथ भट्टराई आध्यात्मिक विद्वान् हुन् । उनले आधुनिक समाजलाई आध्यात्मिक मार्गदर्शन गर्न विभिन्न पुराणहरूमा उल्लिखित विषयहरूलाई लिएर कथा रचना गरेका छन् । महाभारतमा उल्लिखित परासर ऋषि र मत्स्यगन्धाको यौन सम्बन्धबाट जन्मेका वेदव्यासको जन्म र मत्स्यगन्धाको चारित्रिक विशेषता समेत उल्लेख भएको छ । वेदव्यासले द्वापर युगमा सत्य धर्मको स्थापनाका लागि महत्त्वपूर्ण योगदान दिएका छन् । वेदव्यासका बारेमा कथामा भनिएको छ -

> *यसको बाहिरी शरीर मात्र होइन किन्तु बुद्धि पनि गजबको छ,यति सानैमा द्वैपायनले चार वेद पढिसक्यो । स्मृतिशक्ति ज्यादै बढ्ता छ, एक पल्ट सुनेको कुरा कहिल्यै बिर्सदैन । फेरि वेदान्तको विषयमा यो ज्यादै चाख मान्दछ* (पृष्ठ : ६३) ।

धर्मदर्शन, योगसाधना, कर्म आदिद्वारा मानिस विद्वान् बन्न सक्दछ भन्ने आध्यात्मिक सन्देश यस कथाले बोकेको छ । परासर ऋषि अत्यन्त ठूला विद्वान्, आत्मज्ञानी भएका हुनाले उनबाट जन्मेका वेद व्यास जन्मदेखि नै ज्ञान-बुद्धिले परिपूर्ण भएको कुरा पुराणहरूमा अध्ययन गर्न पाइन्छ । कथामा पहिलो चरणमा परासर ऋषि मत्स्यगन्धाको रूप र बानी व्यवहारबाट प्रभावित हुन्छन् र यौन सम्पर्क राख्न पुग्दछन् । भट्टराईले यस कथाको रचना गरेर आध्यात्मिक ज्ञान प्रदान गर्न चाहेको भए तापनि सुरुमा परासर ऋषि र मत्स्यगन्धाबिच सामान्य मानिसहरू अर्थात् प्रेमी प्रेमिकाको जस्तो प्रेमपूर्ण संवाद भएको देखाएका छन् । परासर ऋषि मत्स्यगन्धाको रूप र जवानी देखेर आफूलाई बिर्सन्छन् र मत्स्यगन्धालाई आलिङ्गन गर्न पुग्छन् । मत्स्यगन्धाले पनि ऋषिको प्रस्तावलाई स्वीकार गरेर एक अर्कामा समर्पण भएको देखाइएको छ तर पछि मत्स्यगन्धा र परासर ऋषिबिचको भेटघाट कुराकानीलाई कथामा उल्लेख गरेको छैन । एकैचोटि राजा सन्तनुसँग मत्स्यगन्धाको विवाह भएको कुरालाई मात्र उल्लेख गरिएको  छ । मत्स्यगन्धाबाट सत्यवती नाम रहेकी महाराज सन्तनुकी पत्नी, उनीबाट दुई छोरा जन्मेको प्रसङ्गलाई कथामा उल्लेख गरिएको

छ । धेरै समय पश्चात् परासर ऋषि विनाखबर राजा सन्तनुलाई भेट्न आफ्नो छोरा द्वैपायनलाई लिएर आएको देखेर  सत्यवती झस्किन्छिन् । उनले छोरा कस्को हो ? ऋषिकै हो भनी प्रश्न गर्दा परासर ऋषिले हो भनेपछि आफ्नो छोरा रहेछ भन्ने भावमात्र कथामा सत्यवतीको देखिन्छ । उनले अन्य केही कुरा पनि बोलेको संवादलाई कथाकारले उल्लेख गरेका छैनन् । सत्यवतीमा अबोधता, निष्कपटपन र पूर्ण समर्पणको भावमात्र कथामा पाइन्छ । कथामा निःस्वार्थ भावले राम्रो कर्म गरेमा अर्थात् आध्यात्मिक मार्गबाट अगाडि बढेमा राम्रै परिणाम प्राप्त हुने सङ्केत व्यक्त गर्दै मत्स्यगन्धाको निस्वार्थ सेवाबाट खुशी भएका परासर ऋषिले वेदव्यास जस्तो उत्तम, उत्कृष्ट विद्वान् छोरा वरदानको रूपमा प्रदान गरेर आध्यात्मिक उत्कर्षतालाई देखाइएको छ ।

षड्दर्शनमा आधारित यस कथामा विशेष गरेर मीमांसा, वेदान्त र साङ्ख्य दर्शनको प्रभाव रहेको  पाइन्छ । मानवले आफ्नो स्वधर्म र कर्मयोग अनुसार काम गरेमा अनैतिक र धर्म प्रतिकूल हुँदैनन् । उनीहरूले गरेका हरेक कार्यहरूले केही न केही उद्देश्य राखेका हुन्छन् । त्यस उद्देश्यका लागि गरेको कार्यको परिणति राम्रो नै भएको हुन्छ भन्ने सन्देश यस कथाले दिन खोजेको छ । परासर ऋषि जस्ता आध्यात्मिक विद्वान्बाट हुन गएको मत्स्यगन्धासँगको सम्बन्ध नै कृष्ण द्वैपायनको जन्मको उद्देश्य थियो । कृष्ण द्वैपायको जन्म हुनु नै परासर ऋषिले मत्स्यगन्धाको उद्धार गर्नु हो । मत्स्यगन्धालाई राजा सन्तनुले उनको चरित्रको बारेमा नबुझी विहे गरी पत्नीको रूपमा अपनाई सन्तान जन्माउनु आदि कुराबाट पनि मत्स्यगन्धाको परासर ऋषिको सम्बन्ध अनैतिक नदेखिनु हो । कथाकार भट्टराई धर्मका पक्षधर हुन् । यस कथामा मत्स्यगन्धाको निःस्वार्थ भावलाई नै कथाकारले धर्मको रूप दिएका छन् । मत्स्यगन्धाप्रति यहाँ कथाकारको उदारभाव झल्केको देखिन्छ । उनी विद्वान् व्यक्तिसँगको सम्बन्धबाट दोषमुक्त भएकी छिन् । बदरीनाथले यस कथा मार्फत् आध्यात्मिक ज्ञानबाट हरेक कुरा सामान्य हुँदा रहेछन् भन्ने कुरालाई पनि सङ्केत गरेका छन् ।

संवादात्मक शैलीमा रचना भएको यो कथाको भाषा सरल र सहज रहेको पाइन्छ । वास्तवमा समय वातावरण र परिवेश अनुसार मानिस कहाँबाट कहाँ पुग्दछ भन्ने कुरा तत्कालीन अवस्थामा बुझ्न कठिन पर्दछ भन्ने कुराको सन्देश बोकेको यस कथामा सामान्य माझीकी छोरी मत्स्यगन्धा वेद व्यासजस्तो छोरा जन्माउन सफल भएर पनि उनी महान् राजा सन्तनुकी पत्नी सत्यवती हुन पुग्दछिन् । *उनै परासर ऋषि र उनका पुत्र द्वैपायनलाई*

*पाद्य र अर्घ्यका साथ पूजा गर्दछन् अर्थात्राजा-रानीले पाद्य र अर्घ्यका साथ ऋषि र ऋषिकुमारको ठूलो पूजा गरे* (पृष्ठ : ६२) ।

आध्यात्मिक ज्ञान, भक्ति र अतिथि सत्कार आदिको राम्रो प्रबन्धलाई उजागर गरेर कथाकारले पूर्वीय संस्कारलाई देखाएका छन् । कथा सामान्य पौराणिक कालका ऋषिमुनि तथा राजारानीको जीवनमा आधारित भए तापनि आध्यात्मिकताले भरिपूर्ण रहेको छ । परासर ऋषिले नाउबाट ओर्लेपछि गङ्गाजलले अभिषेक गरे (पृष्ठ : ६३) । विश्व प्रसिद्ध गङ्गा नदीको धार्मिक तथा आध्यात्मिक महत्त्व रहेको छ । भागीरथी गङ्गा भगवान् शिव शङ्करका जटाबाट निस्किएकी हुनाले गङ्गालाई देवादिदेव महादेवकी अर्धाङ्गिनी धर्मको रक्षाको लागि प्रकट भएकी हुन् भन्ने आध्यात्मिक मान्यता रहेको पाइन्छ ।

कथामा परासर ऋषि जस्ता महान् विद्वान् दिव्यज्ञान प्राप्त व्यक्तिले एउटी माझीकी छोरीको रूपरङ्ग र असल शिलस्वभावबाट प्रभावित भएर आशिर्वाद दिँदै भनिएको छ, *तिम्रो कल्याण हुनेछ* (पृष्ठ : ६३) । निःस्वार्थ भावना भएकी सुन्दररूप र उत्तम गुणले सम्पन्न सदाचारी कर्तव्य निष्ठ व्यक्तिलाई सबैले भलो चिताउँछन् भन्ने धार्मिक मान्यता अनुरूप एउटी असल चरित्र भएकी स्त्रीको रूपमा मग्न भएर परासर ऋषिले मत्स्यगन्धाको कल्याण गर्दछन् र वेद व्यास जस्तो संसार प्रसिद्ध पुत्रकी माता हुने अवसर प्रदान गर्दछन् । आध्यात्मिक दर्शनमा परम्परागत नेपाली धर्म र संस्कृतिलाई उल्लेख गर्दै धर्म र कर्ममा आधारित मीमांसा दर्शनलाई यस भनाइले उद्धृत गरेको पाइन्छ । “अतिथि देवो भवः” अर्थात् घरमा आएका अतिथिलाई देवता समान मान्नु पूर्वीय धर्म र संस्कृति अनुरूप रहेको कुरालाई यहाँ देखाइएको छ । आध्यात्मिक दर्शनको मूलस्रोत वेद संसारको सर्वप्राचीन र सर्वोत्कृष्ट रहेको पाइन्छ । यी ग्रन्थहरू अत्यन्त बृहत् र अथाह सागर भए तापनि यस्ता ग्रन्थ पढेर ग्रहण गर्न सक्नु भनेको पूर्वजन्मको संस्कारकै फल हो नत्र भने जो कोहीले यस्तो विद्या हासिल गर्न सक्दैनन् । कथा पौराणिक जगत्का राजा सन्तनु, रानी सत्यवती, ऋषि परासर र वेदव्यासको सामान्य जीवन चरित्रमा आधारित भए तापनि आध्यात्मिक ग्रन्थ महाभारतबाट साभार गरिएको विषय हुनाले कथामा उच्च आदर्शता रहेको पाइन्छ ।

### ४.१७.३ निष्कर्ष

प्रकृति परमेश्वरद्वारा नियन्त्रित छ । प्रकृति सधैं परमेश्वरको अधिनमा रहेको हुन्छ । जीव र प्रकृति दुवैथरी ईश्वरद्वारा शासित रहेका हुन्छन् भन्ने साङ्ख्य दर्शनलाई उजागर गरेका भट्टराई वेदान्त दर्शनका अनुयायी हुन् । उनले अद्वैत वेदान्त र राजयोगलाई अँगाल्दै गृहस्थ धर्मको सम्मान गरेका छन् । यिनले प्रवृत्ति र निवृत्ति दुवै मार्गलाई समान रूपले हेरेका छन् । यस कथालाई आध्यात्मिक दर्शनका जन्मदाता वेदव्यासको जन्म र उनका माता पिताको परिचय गराउने काम भएको छ । कथामा स्त्री र पुरुषबिचको सम्बन्ध प्रेमवासनामात्र नभएर प्रकृतिको सिर्जना पनि हो । यसलाई गलत रूपमा मात्र नहेरी त्यसबाट प्राप्त प्रतिफललाई पनि हेर्नुपर्ने हुन्छ भन्ने ज्वलन्त उदाहरणको रूपमा वेदव्यास (कृष्ण द्वैपायन) लाई लिंदै आध्यात्मिक दर्शनको परिचय गराइएको छ ।

## ४.१८ साधु चोर कथा विष्लेषण

पौराणिक कहानी कथा सङ्ग्रहभित्रको *साधुचोर* कथालाई कथाकार बदरीनाथ भट्टराईले गद्य महाभारतको आदिपर्व अन्तगर्त सम्भव पर्वको एकसय छैटौं अध्यायमा वर्णित महर्षि माण्डव्यलाई शुली चढाउनु भन्ने कथालाई उपजीव्य बनाएर रचना गरेका हुन् । यो कथा माण्डव्य ऋषिको चरित्रमा आधारित भएर रचना गरिएको कथा हो । मानवधर्म र कर्मयोगलाई विशेष महत्त्व दिएर रचना गरिएको यस कथामा माण्डव्य ऋषिको समाधिको विषयमा चर्चा गरिएको छ ।

### ४.१८.१ कथासार

कथाको सुरुवातमा नै आध्यात्मिकताको प्रवेश गराएर कथाको बिचमा आठ जना चोर पात्रको सिर्जना गरेर संसारमा सत्य र साधु मानिसलाई आफ्नो स्वार्थ सिद्धिका लागि जाली फटाहा चोरहरूले फसाउन सक्दारहेछन् भन्ने कुरा उल्लेख गरिएको छ । आठ जना चोरहरूले राजाको दरबारबाट सुन, पैसा, असर्फी आदि चोरेर भाग्न लाग्दा सिपाहीहरूले भेट्छन् । सिपाहीहरू आउँदा योगीको भेष धारण गरी माण्डव्यका आश्रममा बसेका योगीहरूलाई देख्दा सिपाहीहरूले यी सबै चोर हुन्, मुनिका भेषमा यिनीहरू लुक्न आएका हुन् भन्ने ठान्दछन् र माण्डव्य ऋषिलाई समेत समातेर लान्छन् । राजाले फैसला गर्ने क्रममा सबै चोर भएको ठहर गरी सबैलाई सुली चढाउँछन् । माण्डव्य ऋषिलाई पनि चोर

ठानी सूली चढाउँछन् । सबै चोरहरूलाई शुली चढाएर मार्दा माण्डव्य ऋषि चाहिँ आफ्नो आत्मज्ञान र सत्य धर्मका कारण शुलीमा चढ्दा पनि उनको प्राण जाँदैन । माण्डव्य ऋषिलाई राजाको शुलीले पनि असर नगरेको देख्दा राजा आश्चर्य चकित हुन्छन् र उनलाई विश्वास हुन्छ यी त साँच्चै महामुनि तपस्वी पो रहेछन् । यिनीलाई सुली चढाउँदा आफूलाई अघोर पाप लाग्ने कुरा महसुस गरी उनी पश्चात्ताप गर्दछन् र माण्डव्य ऋषिको पाउ परेर माफी माग्दछन् । आत्मज्ञानी, तपस्वी, आध्यात्मिक पुरुष कुनै पनि कुराबाट विचलित हुँदैनन् । उनीहरूका हरेक कुरा समयअनुसार आफै हुने गर्दछन् । त्यस्ता कुरामा आपत्ति जनाउनु बेकार हो भन्ने सात्विक भावना बोकेका माण्डव्य ऋषिको असल आध्यात्मिक चरित्रलाई आधुनिक मानिसको माझ पस्किएर न्याय, अन्याय, पाप, धर्म, सद्गुण र सत्विचार आदि उल्लेख गरिएको प्रसङ्ग यस कथाको कथासार रहेको छ ।

### ४.१८.२ साधु चोर कथामा आध्यात्मिक दर्शनको प्रभाव

भगवान् परमात्मा प्रभुको नियमले अग्नि प्रज्वलित हुन्छ । सूर्यले संसारलाई उज्याले पार्दछ । इन्द्रले मेघद्वारा वर्षा गराउँछन् । वायु पनि उनै परमात्माको नियम अनुसार वहन्छ । मृत्यु देवता पनि उनै परमात्माको शासन अनुसार चल्छन् । अर्थात् संसारमा रहेका सम्पूर्ण वस्तुहरू प्रकृतिका नियम अनुसार नै चलेका हुन्छन्; जुन भगवान्को शक्ति हो भन्ने पूर्वीय दर्शनको नियम अनुसार माण्डव्य ऋषिलाई उधृत गर्दै कथामा भनिएको छ - *सङ्गबाट दुःख बढ्छ* (पृष्ठ : १०६) । बदरीनाथ भट्टराई आध्यात्मिक व्यक्तित्व हुन् । उनले यस कथामा माण्डव्य ऋषिको माध्यमबाट भगवान्को भक्ति साधना गर्नुपर्ने उद्घोष गरेका छन् । उनका अनुसार चित्तवृत्ति निरोध भनेर चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने अर्थ गर्न सकिने योग दर्शन यस कथाको प्रमुख आध्यात्मिक दर्शन हो । योग दर्शनलाई माण्डव्य ऋषिले अनुशरण गरी आत्मज्ञानी भएका थिए भन्ने कुरा यहाँ दर्शाएका छन् ।

सर्वज्ञत्व, नित्यत्व, नित्यतृप्तत्व, बोधरूपत्व, स्वतन्त्रत्व, अलुप्तत्व यी छ गुण भएका योगीले परमात्मालाई सधैँ आत्माका रूपमा देखिरहन्छन् अर्थात् ज्ञानीको दृष्टिमा ब्रह्म शिवाय अरू कुनै वस्तु बाँकी रहँदैन भन्ने वेदान्तका विद्वान् बदरीनाथद्वारा कथामा भनिएको छ -*आध्यात्मिक साधक माण्डव्य ऋषिको मुखको अलौकिक तेजले तपस्विताको पूरा प्रमाण दिन्थ्यो* (पृष्ठ : १०६) ।

आध्यात्मिक शक्ति संसारको सबभन्दा ठूलो महत्त्वपूर्ण अलौकिक शक्ति हो । यस शक्तिले मानिसको मनबाट मात्र आत्मज्ञान प्राप्त हुने होइन । शरीरमा समेत शक्ति उत्पन्न भई पूरा शरीर तथा अनुहार तेजमय हुन पुग्दछ भन्ने कुरालाई आध्यात्मिक दर्शनले प्रमाणित गरेको छ । आध्यात्मिक योगी पुरुषहरू योग साधनाको कारण केही भोजन नै नगरी अमृतपान गरेर बाँच्न सक्दछन् भन्ने पूर्वीय दर्शनको मान्यतालाई यहाँ माण्डव्य ऋषिको माध्यमबाट प्रस्तुत गरिएको छ ।

*ब्रह्मरन्ध्रबाट तप्केको अमृतले नै उनी तृप्त हुन्थे* (पृष्ठ : १०६) । यी एक सात्विक योगी पुरुष हुन् । योग साधनाबाट आफूलाई सांसारिक माया मोहबाट मुक्त बनाएका माण्डव्य ऋषिलाई खानपानको कुनै मतलब हुँदैनथ्यो । उनीले आफूलाई सांसारिक बन्धनबाट मुक्त गराउन चाहेका हुनाले आत्मज्ञान प्राप्तिका लागि नै मौन व्रत समेत लिएका थिए । भगवत्व प्राप्तिमा लीन भएका माण्डव्य ऋषिले दाहिने हात सूर्यलाई चढाएका हुँदा खाली बायाँ हातले इशारा गर्थे, त्यो पनि शरण परेका भक्तहरूलाई उपदेश दिनुपऱ्यो भने उनी भन्थे -*सारा दुःखहरू आफ्नै कुकर्मका फल हुन् । उसैले सत्कर्म गर्ने गर । बरु पश्चिमबाट सूर्य उदाउलान् धर्मात्मालाई दुःख त अवश्य पर्दैन* (पृष्ठ : १०६) ।

सुख पाउन र दुःख नपाउन मानिसले जीवनमा विभिन्न कर्महरू गर्ने गर्दछ । उक्त क्रियाको कर्म कै आधारमा मानिसको जीवनको मार्ग निर्देशन हुन्छ भन्ने पूर्वीय मान्यता बोकेको यस कथाले माण्डव्य ऋषि आध्यात्मिक विद्वान् थिए भन्ने कुरालाई प्रमाणित गरेको छ । भट्टराईले आत्मज्ञानी माण्डव्यलाई सुःख स्वरूप, चैतन्य स्वरूप, अथाह आनन्दको सागरमा डुबुल्की मार्न सक्ने व्यक्तिको रूपमा यस कथामा देखाएका छन् । धर्मलाई प्रधानता दिएको मीमांसा दर्शनमा आधारित यस कथाको विषयवस्तुमा पौराणिक कालीन समयका मानिसहरूको वातावरण, परिवेश, भाषाशैली, संस्कृति र रहनसहनलाई आजको समयको वातावरण तथा बढ्दो भौतिकताका कारण उत्पन्न आध्यात्मिक विकृति र विसङ्गतिलाई जोड्न खोजिएको छ ।

आध्यात्मिक विद्वान् बदरीनाथद्वारा तत्कालीन समयमा अध्ययन गराइएका पौराणिक कथाहरूलाई उपजीव्य बनाएर कलियुगका मानिसहरूलाई आध्यात्मिक सन्देश दिन खोजिएको छ । सत्य, धर्म, ज्ञान, वैराग्य, समाधि आदि आध्यात्मिक दर्शनका चिन्तनका विषयहरू हुन् । योग साधनामा ईश्वरलाई महत्त्वपूर्ण तत्त्व मानिन्छ । पतञ्जलिले ईश्वरलाई

योगका सहायक मानेका छन् । ईश्वर वाचक हो, परमपुरुष हो, जुन सबै जीवभन्दा माथि सबै दोषबाट मुक्त छ । त्यो नित्य सर्वव्यापी, सर्वज्ञ, सर्वशक्तिमान् पूर्ण परमात्मा हो (शर्मा, २०६१ : ११३) । *आधारातदेखि माण्डव्य ऋषि समाधिको समाधिमा नै हुन्थे, धेरैजसो रातभरि नै समाधिमा रहन्थे* (पृष्ठ : १०६) ।

बदरीनाथले कथामा योगदर्शनको पूर्ण प्रभावलाई देखाएका छन् । अन्याय, अत्याचार, चोरी, डकैती, कुकर्म, निन्दा, पापकर्म आदि मानव धर्म विपरीतका कार्यहरू हुन् । दुर्जन, नीच, मानिस आफू उन्नति गर्न नसकी अरूको प्रगति देखेर तीक्ष्ण अग्निद्वारा डढ्दछन् । उनीहरू उन्नति गरेका व्यक्तिको, साधुजनहरूको निन्दा गर्न थाल्दछन् । उनीहरू आफै आफ्नो दोष कर्मबाट पिल्सिएका हुन्छन् भन्दै मानवधर्मको रक्षा नै वास्तविक धर्म हो भन्ने भावना भएका बदरीनाथद्वारा भनिएको छ -

> *चोर्नु मानवतादेखि धेरै तलको सिँढीमा ओर्लनु हो, चोर र छाडा साँढे एकै हुन्,अझ साधुको भेषबाट पाप छिपाउन खोज्नु त बिरालो हो । उसमाथि आफ्नो देशको सम्पत्तिमा हात हाल्नु त सारा देशवासीको हत्या गर्नु हो* (पृष्ठ : १०७) ।

पूर्वीय दर्शनमा कर्म गरेर प्राप्त गरेको मनुष्यचोलामा पापकर्महरूप्रति मन लगाएर सामाजिक कुकार्य गरेमा जन्म जन्मान्तर दुःख पाइन्छ भन्ने कुराको सङ्केत पाइन्छ । मनुष्यको सुख भोग त क्षणभरका मात्र हुन् । मनुष्य धनले कहिल्यै तृप्त हुँदैन । जति प्राप्ति भयो अझै त्यो चाहिन्छ । त्यसैले मनुस्यले धन दौलतको मोह छोडी सत्मार्गमा लाग्नु पर्दछ । मनुष्यले आफ्नो योग्य कर्ममा रही उद्योगकर्म गरेमा सत्मार्गको प्राप्ति हुन्छ । चोरका सरदारले आफू जोगिन अर्थात् देशको कानुनी फन्दाबाट बच्न गरेको कुकार्यले माण्डव्य ऋषिलाई विभिन्न किसिमका सामाजिक आक्षेपहरू आइपर्दछ । तर उनी एक महान् तपस्वी, तत्त्वज्ञानी पुरुष भएका हुनाले त्यस्तो अवस्थाले उनलाई छुँदैन भन्ने कुरालाई बदरीनाथद्वारा देखाइएको छ ।

माण्डव्यको तेजरूपी अनुहार अलिकति पनि मलिन भएको देखिंदैन । वेदका अनुसार व्यष्टि विश्व, तैजस र प्रज्ञामात्र होइन किन्तु समष्टि विराट्, हिरण्य गर्भ र ईश्वर पनि क्रमैले आकार, उकार र मकारका वाच्य हुन् तर यो भावना सविकल्प समाधि हुनुभन्दा

अगाडिको हो । तत्त्वको साक्षात्कार भएपछि केवल ब्रह्ममात्र रहनाले यस्तो भावना हुँदैन भन्ने ज्ञान पाएका माण्डव्य ऋषिका सम्बन्धमा  कथामा भनिएको छ -*दिव्य दृष्टि नभइकन अर्काको हृदयभित्रको कुरा जान्नु कसरी* (पृष्ठ :१०८) ।

प्रणवका आकार, उकार मकारको अर्थ अविद्या, अन्तःकरण र स्थूल शरीरले युक्त जागृत अवस्थाको अभिमानी विश्वलाई आकारले बताउँछ । अविद्या र अन्तःकरण यी दुई उपाधिले युक्त स्वप्नको अभिमानी तैजसलाई उकारले कहन्छ । अविद्या र अन्तःकरणको संस्कारले युक्त सुषुप्तिको अभिमानी प्राज्ञलाई मकारले बताउँछ भन्ने आध्यात्मिक ज्ञान प्राप्त गरेका माण्डव्य ऋषिको माध्यमबाट बदरीनाथ भट्टराईले दिव्यदृष्टि प्राप्त गर्न आध्यात्मिक साधना चाहिन्छ । विना आध्यात्मिक साधना ती सर्वसाधारण मानिसले महान् तपस्वी योगी पुरुषलाई चिन्न सकेनन् ? यस्तो तत्त्वज्ञान बुझ्नु त अत्यन्तै जटिल कुरा हो । ज्ञान र कर्मको वास्तविक रहस्य बुझ्न ठूलाठूला बुद्धिमान् पुरुष पनि भूल गर्दछन् भने सर्वसाधारण जनताले तत्त्वज्ञानी माण्डव्य ऋषिलाई चिन्न नसक्नु स्वभाविकै हो । चोरहरू पनि विविध कारणले मात्र चोर, डाँका भएका हुन्छन् । कति चोरडाँकाहरू अज्ञानका कारणले,गरिबीको कारणले, मजबुरीको कारणले चोरडाँका भएका हुन्छन् र उनीहरूले आफूलाई चोर्नु, डाँका गर्नु मजबुरी सम्झेका हुन्छन् । उनीहरू आफूलाई समाज र देशका कलङ्क राक्षसका पछौटे र वानरका सजाति हौं, हामीलाई दण्ड गर्नु मनासिवै छ, तर दशजना अपराधीलाई दण्ड नगरेर त्यसै छोडिनु भन्दा एउटा निर्दोषलाई दण्ड गर्नु दश गुना बढ्ता खराब हो, यी त ठूला तपस्वी पो हुन् भन्दै माण्डव्य ऋषिको आत्मज्ञानलाई प्रस्तुत गर्दै आत्मज्ञानको मार्गमा लाग्नुपर्ने सन्देश प्रदान गरिएको छ ।

पूर्वीय दर्शनमा ऐन कानून भनेको धर्म र दण्डनीति पनि भएको हुनाले महामुनि माण्डव्य ऋषिलाई योग साधनामा तल्लीन रहेको बेलामा चोरहरूले अनावश्यक लाञ्छना लगाएर चोरहरूको हुलमा राजाको सामु लगिन्छ । राजाले चोरहरूको हुलमा रहेका माण्डव्य ऋषिलाई अज्ञानवश शुली चढाउन आज्ञा दिएकोमा स्वयम् पश्चात्ताप गर्दै भनिएको छ - *यत्रा महात्मालाई शुली चढाउन आज्ञा दिने म कहाँसम्मको अपराधी हरे शिव !* (पृष्ठ : १०९) ।

जीवरूपी आत्माले अनात्मा शरीर आदिमा रही त्यही शरीरलाई आत्मा सम्झी तीनमा अहंभाव राख्नु, ममत्व राख्नु, आत्माको बन्धन हो । शरीरप्रतिको यस्तो अहंम भाव

ममत्त्व हट्नु नै मोक्ष हो भन्ने उपनिषद्को सारभाव अनुरूप राजाले आफ्नो अज्ञानतालाई स्वीकार गर्दै मनमनै पश्चात्ताप गर्दै राजाले आफूभित्र आत्मज्ञान नभएर सत्पुरुषलाई चिन्न नसकेकोमा पश्चात्ताप गर्दै भनिएको छ -*सज्जनको रक्षा र दुर्जनलाई दण्ड गर्नाले नै राजाको महत्त्व झल्किन्छ तर मबाट यस्तो भएन अब म जिन्दगी भरी नै यिनै मुनिको टहल गर्छु, प्रत्यक्ष भगवान्लाई छोडेर अन्तअन्तै छामछुम गर्नु किन ?* (पृष्ठ : ११०) ।

मनुष्यले बाहिर संसार देख्छ तर भित्रको आत्मालाई देख्न सक्दैन । बुद्धिमान् मनुष्यले मोक्षको इच्छा गर्दै आफ्ना चक्षु आदि बाह्य इन्द्रियहरूलाई संयम राखेर अन्तर आत्मालाई हेर्दछ भन्ने केनोपनिषद्को वाणी अनुरूप आफूबाट महर्षि माण्डव्यप्रति भएको पापको कसरी प्रायश्चित गर्ने भनेर राजाले सत्कर्मको बाटोको खोजी गरेको प्रसङ्गलाई यहाँ प्रस्तुत गरिएको छ ।

राजा धर्मात्मा भए प्रजा पनि धार्मिक हुन्छन् । राजापापी भए प्रजापनि पापी नै हुन जान्छन् । राजा सम (बराबर) भए प्रजा पनि सम हुन्छन् । प्रजाले राजाको अनुसारको व्यवहार गर्दछन् (अर्याल, २०६९ : ४१४) । चाणक्यनीतिको सिद्धान्त अनुसार राजा हुनुको महत्त्व र कर्तव्यलाई यहाँ आत्मसात् गराइएको छ । शान्त मुद्रामा ब्रह्मनिष्ठ महर्षि माण्डव्यद्वारा भनिएको छ -*तपाईंलाई दोष दिन्न, यो सब मेरो प्रारब्धको भोग हो* (पृष्ठ : ११०) ।

मनुष्यले यस जन्ममा गरेको कुकर्मको फल यस जन्ममा भोग गरिनसके पछि पर जन्ममा पनि भोग्नु पर्दछ भन्ने पूर्वीय आध्यात्मिक दर्शनको सिद्धान्त अनुरूप माण्डव्य ऋषिले पनि मेरै पूर्व कर्मको भोग हो चिन्ता नगर भन्दै सम्झाएको प्रसङ्ग उल्लेख गरेर कथाकार भट्टराईले मानिसलाई कर्म अनुसार कै फल मिल्छ र बुद्धि पनि कर्म कै अधीनमा छ । बुद्धिमान् व्यक्तिले विचार पुऱ्याएर नै काम गर्ने गर्दछ भन्ने पूर्वीय दार्शनिक मान्यता अनुरूप माण्डव्य ऋषि एक महान्, तपस्वी, विद्वान् भए तापनि पूर्वजन्मको सानो एउटा खराब कर्मको कारण यस्ता समस्यामा फसेका हुन् भन्ने कुरालाई महाभारतको विदुर चरित्रमा उल्लेख गरिएको विषयलाई यस कथामा प्रस्तुत गरेर आध्यात्मिक रस भर्न बदरीनाथ सफल भएका छन् ।

### ४.१८.३ निष्कर्ष

जन्मपछि मृत्यु निश्चित हुन्छ । मानिसको मृत्यु आकस्मिक नभई सहज र निर्धारित हुन्छ । ईश्वरले मानिसको जन्म र मृत्युको निर्धारण गर्दछ भन्ने आध्यात्मिक दर्शनका सिद्ध हस्त, योगी, तपस्वी, माण्डव्य ऋषिलाई बदमास चोरहरूले आफ्नो पाप लुकाउन फसाइदिए पछि कुरै नबुझी राजाले विना छानविन ऋषिलाई शुली चढाउन लाग्दा कुनै असर नपरेको देखेपछि राजाले मबाट ठूलो गल्ती भयो । यी चोर होइन रहेछन् भन्ने कुराको ज्ञान पाएर हतार हतार शुलीबाट उचाली ब्रह्मज्ञानी माण्डव्यकै सेवामा तल्लीन हुन्छु भनी गरेको अठोटबाट कथानकलाई अन्त गरिएको छ । चोर्नु, डकैती गर्नु र असल ज्ञानी, तपस्वीलाई फसाउनु ठूलो पाप भएको कुरा चोरहरूको मुखबाट उल्लेख गराएर असल चरित्रको निर्माण गराउने प्रयास कथाकारको यहाँ सराहनीय रहेको छ । मानिसले जीवनमा कुनै पनि किसिमको पापकर्म गर्नु हुँदैन । यदि जानी वा नजानी मनुष्यबाट पाप हुन गए पनि मानिसले यस जन्ममा वा परजन्ममा उक्त पाप कर्म भोग गर्नु पर्छ त्यसैले हरेक मानिस पापकर्मबाट मुक्त भई सदाचारमा लाग्नु पर्दछ भन्ने पूर्वीय आध्यात्मिक मान्यता रहेको छ ।

## ४.१९ आथर्वण दध्यङ् कथा विष्लेषण

बदरीनाथ भट्टराईले यस कथाको स्रोत बृहदारण्यक उपनिषद्को द्वितीय अध्यायको पाँचौं र छैठौं ब्राह्मणमा वर्णित आथर्वण दध्यङ् ऋषि र स्वर्गका राजा इन्द्र बिचको वार्तालापको प्रसङ्गलाई लिएर कथा बनाएका छन् । वि.सं. २०२९ सालमा प्रकाशित वैदिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको यो कथा वेद र उपनिषद्मा आधारित भएको हुनाले यसका प्रत्येक अनुच्छेदहरूमा आध्यात्मिक दर्शनको प्रभाव रहेको पाइन्छ ।

### ४.१९.१ कथासार

पौराणिक समयका प्रत्येक मनुष्य तथा देवताहरूले ऋषिमूनिहरूलाई गुरु थापी उनीहरूको आश्रममा गएर पढ्नु पर्ने चालचलन अनुरूप आत्मा विद्यामा पारंगत महान् तपस्वी आथर्वण दध्यङ् ऋषिसँग स्वर्गका राजा इन्द्र आएर आत्मज्ञानको शिक्षा लिन्छन् र आफूले प्राप्त गरेको ज्ञान अरू कसैलाई पनि नदिनु भनेर गुरु महर्षि दध्यङ्लाई आदेश पनि दिन्छन् । त्यतिभन्दा पनि आफ्ना गुरु दध्यङ् ऋषिसँग विश्वास नभएर इन्द्रले पुनः यस्तो विद्या कसैलाई नदिनु । यदि दिएको थाहा पाएँ भने राम्रो हुने छैन भनेर धम्की समेत दिन्छन् ।

इन्द्रको यस्तो धम्कीले विद्वान् दध्यङ् ऋषिलाई छुँदैन । उनलाई कस्तो विद्या कसलाई दिने भनेर थाहा थियो । त्यसैले ऋषिले यो इन्द्रको घमण्ड हो भन्ने सोचेर नम्र भएर आत्मज्ञान प्राप्त गर्न अनुरोध गर्न आएका अश्विनीकुमारलाई उनीहरूको त्याग, तपस्या, गुरुभक्ति र आत्मज्ञान प्राप्त गर्न सक्ने स्तर देखेर मधुविद्याको ज्ञान दिएको भन्ने वास्तविक कथासार यस कथाको रहेको छ ।

## ४.१९.२ आथर्वण कथामा आध्यात्मिक दर्शनको प्रभाव

यस कथालाई भट्टराईले पूर्वीय दर्शनको आधारभूमि विश्वको सर्वोकृष्ट अध्यात्मिक दर्शनले युक्त वेद ग्रन्थबाट साभार गरेका हुन् । अमृतमय आध्यात्मिकताको अगाध भण्डार रहेको उपनिषद् ग्रन्थबाट लिइएको यस कथामा पूर्वीय दर्शनका आधारभूत तत्त्वहरूका साथै धर्म र संस्कृतिको प्रभाव विभिन्न प्रकारले परेको पाइन्छ । जस्तै :

> *झूटो बोलेमा नरकमा पर्ने निश्चत भएकोले गुरु बृहस्पतिका चेलालाई बताउन के होला त भन्ठानेँ, अनि पुराना चेला अश्विनीकुमारलाई पनि नसिकाएको कुरा सिकाउँछु भनी मधुविद्याको उपदेश दिन आटेँ* (पृष्ठ :३८) ।

झुटो बोल्नु, अर्काको कुभलो चिताउनु, अर्काको विषयमा चियो-चर्चा गर्नु, इर्ष्या, डाह, द्वेष आदि गर्नु आध्यात्मिक धर्मभन्दा विपरीत कुरा हुन् । आध्यत्मिक दार्शनिकहरू ज्ञान विना भौतिक संसारको प्रपञ्चबाट मुक्ति पाउन सकिन्न भन्ने मान्दछन् । त्यसैले शुद्ध आत्मा लिएर ज्ञान प्राप्त गर्न आएका बृहस्पति चेलालाई मधुविद्याको उपदेश दिन दध्यङ् ऋषि तयार भएको कुरालाई यहाँ उल्लेख गरिएको छ ।

आत्मा, परमात्मा, सृष्टि, परब्रह्म, मोक्ष जस्ता विषयमा विशेष अभिरुचिपूर्वक व्याख्या गरिएको वेदान्त दर्शनमा यो संसार सबै ब्रह्ममय छ (सर्व ब्रह्मय जगत्) तर व्यवहार भेदमा भ्रान्तिका कारण मिथ्या ज्ञानले गर्दा अनेक रूपको ज्ञान भएको मात्र हो भन्ने विषयलाई कथामा भनिएको छ -*शब्द आदि लौकिक विषयको अनुभव त प्रत्यक्ष देखाउन सकिन्न भने बुद्धिभन्दा पर भएको अलौकिक आत्मालाई कसरी देखाउने* (पृष्ठ : ३८) ।

आत्मा औँल्याउने, देखाउने कुरा होइन यो त अनुभव गर्ने कुरा हो । मन, बुद्धि, चित्त, अहंकार र दश इन्द्रियहरूलाई चौध कारण भनिन्छ । ती कारणहरू सूर्यदेवताको अनुग्रहबाट प्राप्त भएका छन् । ती कारणहरू सबैका माध्यमबाट जुन अवस्थामा आत्माले शब्द सुन्दछ, स्पर्श गर्दछ, त्यस्तै देख्ने सुँध्ने, स्वाद लिने जस्ता स्थूल विषय ग्रहण गर्नुलाई आत्माको जाग्रत अवस्था भनिन्छ भनेर सर्वसारोपनिषद्मा भनिएको विषयलाई बदरीनाथ भट्टराईद्वारा प्रस्तुत गरिएको यो कथा भक्तिरसले परिपूर्ण रहेको छ ।

आँखाबाट जस्तो रूपको ज्ञान हुन्छ त्यस्तै शान्त बुद्धिले मात्र आत्मालाई देख्न सक्छ । म इन्द्र हुँ भन्ने अहंकारलाई फालेर अखण्डित बुद्धि तुल्याउन सकियो भने तुरुन्तै आत्मालाई देख्न सकिन्छ भन्ने भावना भएका बदरीनाथले ईश्वर एवम् जीवरूपी आत्माले शरीर,आत्मा आदिमा रही ती शरीरहरूलाई आत्मा सम्झी तिनमा अहम् भाव राख्नु, ममत्त्व राख्नु, आत्माको बन्धन हो । शारीरिक, रूपप्रतिको अहंभाव एवम् ममत्वभाव हट्नु नै मोक्ष हो भन्ने सर्वसारोपनिषद्का अनुसार मानिसमा घमण्डले बास गऱ्यो भने दुःख पाइन्छ । उसले आफ्नो मनमा रहेका कलुषित भावना, घमण्ड आदिलाई त्याग गर्न सक्नुनै ज्ञान प्राप्त गर्नु हो, भनेर दध्यङ् ऋषिले इन्द्रलाई बताएको कुरालाई कथाकारले यहाँ आध्यात्मिकता प्राप्तिका लागि उल्लेख गरेका छन् ।

ज्ञान प्राप्त गर्न मानिसले श्रवण, मनन, निदिध्याशन  गर्नु पर्दछ । वैशेषिक दर्शनको सिद्धान्त अनुरूप मनुष्यले ज्ञानका लागि दैनिक व्यावहारिक जीवनबाट टाढा रहेर नित्य निराकार भगवान् भक्तिमा लाग्नु पर्दछ भन्ने विषयमा भनिएको छ-*अज्ञानीलाई ज्ञानी बनाउँछु भन्नु पनि अविद्या कै लेस हो । म र मेरो हुन्जेल शरीररूपी पिँजडाबाट कसरी छुट्ने ? सर्वात्मभावमा रहेका व्यक्तिले अपकारीमाथि वचनैको प्रहार गरे पनि त आत्महत्या गरेको ठहरिन्छ* (पृष्ठ :४०) ।

अज्ञानका कारण मानिसमा इर्ष्या, घमण्ड, द्वेष, रिस आदि उत्पन्न हुन्छन् । अज्ञानी मानिसले आफ्ना इन्द्रियहरूलाई वशमा राख्न सक्दैन । अन्तःकरणबाट उसमा द्वेष उत्पन्न हुन थाल्छ । एकको द्वेष र घमण्डलाई अर्कोले पनि सोही किसिमको व्यवहार गर्ने हो भने सर्प र विद्वान्मा के फरक ? भनेर जसको अन्तः करणमा जस्तो ज्ञान रहेको छ, उसले उस्तै कुरा बाहिर ल्याउँछ भन्ने आध्यात्मिक मान्यता रहेको छ ।

व्यावहारिक सत्तामा वैगुनीलाई गुनले मार्नु पर्दछ भन्ने मान्यता अनुरूप दध्यङ् ऋषि आफ्ना शिष्य इन्द्रलाई महाराजको सम्बोधन गरी तपाईंले भने अनुरूप गर्छु भनेर समाधिमा बसी आनन्दको समुद्रमा डुब्छन् । उनको मनमा बाहिरीभन्दा भित्री शत्रु खराब हो, त्यसैले काम र क्रोधलाई पहिले नै हृदयबाट हटाउनु पर्छ भन्ने भाव रहेको छ । यस कथामा आध्यात्मिक मार्गको खोजी गर्दै आध्यात्मिक मार्गीहरूलाई सचेत गराउन कथाकार सफल देखिन्छन् । *एउटा सानो रजौटा भए पनि ऊ दशदिक्पालको अंशबाट बनेको हुन्छ, त्यस्तैलाई पनि जसले मन र वचनले मात्र मार्छ भने पनि कोटिकल्पसम्म नरकमा पर्छ* (पृष्ठ :४१) ।

सानो होस् वा ठूलो धर्मात्मा व्यक्ति पद पाएर कसैलाई दानले कसैलाई अमृतमय मधुरवाणीले, कसैलाई बलले सन्तुष्ट पारोस् (महाभारत, २०६३ : १६२६) भन्ने महाभारतको आध्यात्मिक वाणीले राजा भएर सबैमा समान व्यवहारले हेर्नुपर्दछ भन्ने कुरालाई व्यक्त गर्दै बल, बुद्धि र शक्तिको घमण्डले लडाईंमा देवता, ब्राह्मण र बान्धवको हत्या हुन्छ, त्यस्तो खराब लडाइँ मनले चिताउनु पनि पाप हो भन्ने पूर्वीय दर्शनको मान्यतालाई बदरीनाथद्वारा मानिसले घमण्ड र द्वेषको भावना नराखी शान्त भएर चित्त वृत्तिलाई निरोध गर्नसक्नु पर्छ भन्ने सन्देश यस कथा मार्फत प्रदान गरिएको छ ।

गुरु दध्यङ् ऋषिको समाधिबाट आँखा खुलेको देखेर साष्टाङ्ग दण्डवत् गरेर दुवै अश्विनीकुमारद्वारा भनिएको छ -

> *गुरुदेव, काम क्रोधलाई हामीले च्यवन ऋषिको बल्दो तपोमय अग्निमा डढाएर आइसक्यौँ । विहान उठेदेखि बेलुकी नसुतुञ्जेलसम्म सत्य वस्तु कुन हो भनेर हामी अनुसन्धान गरिरहन्छौँ । यज्ञ भागमा मात्र होइन ब्रह्मलोकसम्ममा पनि अब हाम्रो राग छैन । शम आदि छवटै सम्पत्ति हामीले कमाइसक्यौँ । मोक्षको सिवाय अरू कुनै विषयको इच्छा हाम्रो मनमा फुर्दैन । यसैले गुरुको शरणमा आएका छौँ, ज्ञानको उपदेश पाऔँ* (पृष्ठ :४२) ।

निरालम्बोपनिषद्मा भनिएको छ- मानिसले नित्य एवम् अनित्य वस्तुको विचार गर्दा अनित्य संसारका सुखदुःख विषयक सबै स्थानको ममतारूपी बन्धनको नाश हुँदा मोक्ष हुन्छ ।

सबै शरीरमा रहेका चैतन्य ब्रह्म प्राप्त गराउने गुरु उपास्य हुन् । विद्याद्वारा सबै प्रपञ्च नष्ट भएर ज्ञान मात्र बाँकी रही त्यसमा चुर्लुम्म डुबेको ब्रह्मरूप शिष्य हो । यस्तो शिष्य बन्ने भागीदारमा हामी तयार भएका छौँ, हामीलाई ज्ञान दिनुहोस् भनेर अश्वीनी कुमारहरूले गुरुदध्यङ्लाई पुकार गरिएको विषयलाई  कथाकारले यहाँ प्रस्तुत गरेका छन् । सोही प्रसङ्गमा गुरुदध्यङ्द्वारा भनिएको छ - इन्द्रले यो मधु विद्या अरू कसैलाई दिएमा शिर छेदन गर्छु भनेको छ । अब यसमा तिमीहरू जे भन्छौ म त्यही गर्न तयार छु भन्दा अश्विनी कुमारद्वयद्वारा भनिएको छ - केही समयको लागि अर्थात् मधुविद्याको ज्ञान दिउँञ्जेल गुरुको शिरमा घोडाको शिर काटेर ल्याएर जोडिदिन्छौँ र ज्ञान प्राप्तिको समय पश्चात् उक्त घोडाको शिर घोडामा नै लगेर जोडिदिन्छौँ । यदि इन्द्रले शिर छेदन गर्न आएमा घोडाको शिर छेदन गर्दछ भन्ने उपाय बताउँदै अश्विनी कुमारद्वयले गुरुलाई विन्ती गरेपछि गुरु दध्यङ्ले खुशी भएर ज्ञान दिएको विषयलाई भनिएको छ -

> *मधु अनेक प्रकारका फूलको सार हो, फूल उसको कारण हो, मधु उपकार्य हो, भने फूल उपकारक हो । एक किसिमले उपकार्यता र उपकार भाव नै मधु हो । सारा पदार्थ महाभूतका कार्य हुन् पृथ्वी, जल, तेज, वायु, दिशा, आकाश, धर्म, सत्य, मनुष्य सारामा उपकार्योपकार भाव सम्भव छ । यसो हुँदा यी सबै मधु हुन् । यो हो व्यावहारिक सत्तामा यी सबको अधिष्ठान स्वप्रकाश अमृतमय उत्तमपुरुष नै हो । त्यसैलाई आत्मा, ब्रह्म, अमृत सत् आनन्द भन्दछन् । यसरी सम्पूर्ण प्रपञ्च अधिष्ठान दृष्टिले ब्रह्मरूप नै हो । आकाशमा दूरताले नीलो रङ्भैँ त्यही तत्त्वमा मायाले अनेक नाम रूपको कल्पना हुन्छ* (पृष्ठ :४२) ।

बदरीनाथ भट्टराईद्वारा आत्मविद्या अर्थात् मधुविद्याको ज्ञान दध्यङ् ऋषिले अश्विनी कुमारद्वयलाई दिएको विषयलाई कथा मार्फत प्रस्तुत गरी अध्यात्मतर्फ मार्गदर्शन गरिएको यो कथामा आंशिक संवादात्मक शैलीको प्रयोग गर्दै अश्विनी कुमारद्वयद्वारा गुरु दध्यङ्सँग पुनः प्रश्न गरिएको छ -

> *एउटा ब्रह्म अनेक कसरी भयो ? भन्दा दध्यङ् मुनि भन्दछन् जुन रूपका बाबुआमा छन् प्रायःउही रूपका छोराछोरी*

*जन्मन्छन्, त्यस्तै ब्रह्म पनि उपाधिले गर्दा अनेक जस्तो हुन जान्छ । जस्तो आकाश एउटै हो तापनि घट मठ इत्यादि उपाधिले गर्दा अनेक जस्तो देखिन्छ । त्यस्तै एक चैतन्य पनि उपाधि भेदले गर्दा अनेक भ्रम हुन्छ । जलाशयमा छाल फीज फोका इत्यादि देखिए पनि पानी सिवाय केही नभए झैँ सारा जगत् ब्रह्मको विवर्त हो* (पृष्ठ :४३) ।

आध्यात्मिक दर्शनमा आत्मज्ञान/ब्रह्मज्ञानको विषय प्रस्तुत गरेर स्वच्छ वैदिक समाजको झलक दिन सफल बदरीनाथ भट्टराईले यस कथा मार्फत वर्तमान समयमा आध्यात्मिक ज्ञानको खोजीमा हिंडेका मानिसहरूलाई महत्त्वपूर्ण खुराक प्रदान गरेका छन् ।

आध्यात्मिकताको रहस्य दृष्टान्ततिर जाने हो भने रथका नाभि र नेभिमा सारा समर्पित भएझैँ आत्मामा सारा देवता, सारा लोक, सारा प्राण समर्पित छन् । प्रवर्ग्यकर्मको अङ्गभूत यो गोप्य विद्याको तिमीहरू अधिकारी भएको हुँदा सिकाइदिन्छु भन्दै दध्यङ् ऋषिद्वारा भनिएको छ -

*हेर, सारा वासनाजाल र उसको बाबुको अज्ञानलाई नाश गर्ने हुँदा यसको नाम विद्या रहेको हो । अथवा आनन्द स्वरूप आत्माको विशेष रूपले अनुभव गराउने हुँदा यो विद्या कहलाएको हो । पहिलो परमेश्वरले अव्यक्त नाम र रूपलाई व्यक्त गराउनुभयो । भूरादि लोकको सृष्टि गर्नुभयो । अनि दुई पाउ भएका र चारपाउ भएका प्राणी सिर्जनुभयो । साराको हृदयगुहामा बस्नुभयो अर्थात् उही परमात्मा नाम रूपले र कार्यकारण रूपले अवस्थित हुनुभयो* (पृष्ठ :४३) ।

पूर्वीय दर्शनका अनुसार यो संसारमा ब्रह्मसत्य, जगत् मिथ्या अर्थात् ब्रह्ममात्र सत्य हो, अरू सबै कुरा झुटा हुन् भनिए बमोजिम जगत्‌को उत्पत्तिभन्दा पूर्व ब्रह्ममात्र थियो । ब्रह्मबाट आकाश क्रमश तेज, वायु, जल, पृथ्वी मात्र रचना भए । मानव शरीरका पक्षमा प्रत्येकका सात्त्विक अंशबाट पाँच ज्ञानेन्द्रिय, राज अंशबाट पाँच कर्मेन्द्रियहरू, पञ्चप्राण, पञ्चमहाभूतका समष्टिमा सात्त्विक सृष्टि अन्तः करण, मन, बुद्धि, चित्त, अहंकार आदि गरी

शरीर निर्माण हुन्छ । यो सारा जगत् ब्रह्म हो, उसैबाट सृष्टि, उसैमा चेष्टा गर्ने र उसैमा लीन हुने हो । यो जगत् परब्रह्मको विवर्तमात्र हो, ब्रह्म जगत्मा अँध्यारोमा डोरीलाई सर्प देखेझैँ अज्ञानीका लागि जगत् सत्य हुन्छ । यो त सधैं रहिरहदैन । वास्तविक सत्य देख्न त मानिसमा अज्ञान हट्नु पर्छ । *असत्य जगत् सत्य लाग्नु डोरीको अज्ञानले सर्पको भ्रम भए झैँ सूर्यलाई बादलले ढाके जस्तै हो* (पन्त, २०६० : १३) । अद्वैत वेदान्तका साधक बदरीनाथद्वारा दध्यङ् ऋषिले अश्विनी कुमारहरूलाई मधु विद्याको ज्ञान अर्थात् अध्यात्मज्ञान प्रदान गरेको कुरालाई प्रस्तुत गरिएको छ ।

*अत: श्रवण गऱ्यौ, अब मनन र निदिध्याशन पनि गर* (पृष्ठ :४३) भनिएबाट अश्विनी कुमारद्वय ब्रह्मनिष्ठ कुमार भएका हुनाले उनीहरूलाई गुरु दध्यङ् ऋषिले ज्ञान प्राप्तिको मार्ग बताएको यस कथाको मुख्य केन्द्रविन्दु आध्यात्मिक दर्शन नै रहेको छ ।

### ४.१९.३ निष्कर्ष

आध्यात्मिक दर्शनका आधारभूत तत्त्वहरू, मानव धर्म, कर्मयोग, आत्मा, शरीर, मन, दुःख-सुख, ब्रह्मज्ञान एवम् मोक्ष प्राप्ति हो । देवताका पालादेखि शरीर शुद्धि, मनशुद्धि हुनुका साथै श्रवण, मनन र निदिध्याशनबाट मात्र ज्ञान प्राप्त हुन्छ । तत्त्व  ज्ञान प्राप्त गर्न आत्मज्ञानी, विद्वान् गुरुको समीपमा गएर मात्र प्राप्त गर्न सकिन्छ । इन्द्रले लिएको मधु विद्याको ब्रह्मज्ञान इन्द्रको स्वीकृति वेगर पनि अश्विनी कुमारद्वयले आफू ब्रह्मनिष्ठ भएर गुरुको सेवा गरेपछि गुरुको आज्ञा अनुसार मन, शरीर शुद्ध बनाएर आत्मज्ञान/ ब्रह्मज्ञानले युक्त मधु विद्याको ज्ञान प्राप्त गर्न सफल भएको यस कथामा वेदान्त, योग र वैशेषिक दर्शनको प्रभाव रहेको पाइन्छ ।

## ४.२० अधुरो ज्ञानको खण्डन कथा विष्लेषण

यस कथाको स्रोत अमृतमय आध्यात्मिक दर्शनले परिपूर्ण वृहदारण्यक उपनिषद्को द्वितीय अध्यायको प्रथम ब्राह्मणमा वर्णित उपाख्यान र कौषीतकि उपनिषद्मा उल्लिखित ज्ञानी राजा अजात शत्रु र उपासक वालाकि ब्राह्मणको संवादमा आधारित ब्रह्मज्ञान /आत्मज्ञान प्राप्तिसँग सम्बन्धित रहेको छ । यस कथाको विषयवस्तुलाई विस्तृत रूपमा अध्ययन अनुसन्धान गर्दा कौषितकि उपनिषद् र बृहदारण्यक उपनिषद् दुवैमा उल्लेख गरिएको पाइएको छ ।

### ४.२०.१ कथासार

यस कथामा गर्ग कुलमा जन्मिएका ब्राह्मण पुत्र वालाकि आफूले सबै किसिमको पूर्ण ज्ञानप्राप्त गरिसकें भनेर खुशी हुँदै भित्रभित्रै घमण्ड गरेर पृथ्वीका विभिन्न ठाउँमा घुमफिर गर्दै आफूले प्राप्त गरेको ज्ञानलाई प्रचार प्रसार गरी अरू मनुष्यहरूमा पनि फैलाउने भन्ने मनसायले आत्मज्ञानी काशी नरेश (अजात शत्रु) कहाँ पुगेर ज्ञानको विषयमा चर्चा गर्दै प्रश्न गर्दा काशी नरेशलाई यिनले पूर्ण ज्ञानप्राप्त गरेका रहेनछन् भन्ने कुरा थाहा हुन्छ । उनले व्यक्त गरेका अल्पज्ञानले युक्त विषयवस्तु सुनेर, बुझेर काशी नरेशलाई वालाकिलाई ज्ञान दिन मन लाग्छ । वालाकि ज्ञान लिन योग्य भएको व्यक्ति ठानी काशी नरेशले उनले प्राप्त गरेको ज्ञानलाई खण्डन गर्दछन् । आदित्यमा रहेको पुरुषलाई नै ब्रह्मको उपासना गर्नुहोस् आदित्यपुरुष, चन्द्रपुरुष, विद्युत्पुरुष, आकाशपुरुष, वायुपुरुष र आदर्शपुरुष आदिको मात्र चर्चा गरेर आफूले ज्ञान प्राप्त गरेको कुरा बताउँदा धर्मात्मा, ज्ञानी पुरुष (अजात शत्रु) काशी राजले यी सबै भेद वासनाले युक्त उपासना मात्र हुन् । यस्ता वस्तु ज्ञान होइनन् भनी खण्डन गर्दा वालाकिले आफूले प्राप्त गरेको ज्ञान पूर्ण होइन रहेछ । यो त अधुरो ज्ञान रहेछ । यी राजा ब्रह्मज्ञानी जस्ता देखिन्छन् । यिनैसँग ज्ञान लिनुपर्‍यो भनी अनुरोध गरी ज्ञान प्राप्त गर्न खोजेको सार यस कथामा रहेको छ ।

### ४.२०.२ अधुरो ज्ञानको खण्डन कथामा आध्यात्मिक दर्शनको प्रभाव

कथाकार बदरीनाथ भट्टराईले वैदिक र पौराणिक समयका महत्त्वपूर्ण कथाहरू लेखेर उक्त समयको धर्म, संस्कृति, नीति नियम, आत्मतत्त्व, मोक्ष आदिलाई उल्लेख गरेर वर्तमान समयमा विदेशी संस्कृतिसँग हराउन खोजेका मनुष्यहरूलाई वास्तविक आध्यात्मिक सन्देश दिन खोजेका छन् । उनका कथामा देवी, देवता, ऋषि, महर्षि गुरु, शिष्य परम्परा आदिलाई उल्लेख गरिएको पाइन्छ । सदाचार र आस्तिकताका प्रतिमूर्ति भट्टराईद्वारा कर्मयोग, ब्रह्मज्ञान, आत्मज्ञान, परमात्मा प्राप्ति तथा मोक्षका बारेमा विशेष उल्लेख गरिएको पाइन्छ । कथाकारले पौराणिक समाजमा भएका नैतिक आदर्श, धर्म-संस्कृति रीतिरिवाज तथा तत्कालीन आध्यात्मिक आदर्शलाई समेत कथा मार्फत चरितार्थ तुल्याएका छन् । भट्टराई उच्च स्तरका संस्कृत विद्वान्, धर्म शास्त्रका ज्ञाता, आध्यात्मिक दर्शनका साधक भएका हुनाले उनीद्वारा आफ्नो अधुरो ज्ञानको खण्डन कथामा मानव धर्म र कर्मयोगको विषयमा ब्राह्मण पुत्र वालाकि मार्फत उल्लेख गरिएको छ -*यी अँध्यारोमा छामछुम गरिरहेकालाई*

*ज्ञानरूपी दीप जगाइदिनु मेरो कर्तव्य हो । आफू तीरमा उत्रिएँ भन्दैमा सँगसँगै पोखरीमा डुबेका साथीहरूको उपेक्षा गर्नु कहीं ठीक होला ?* (पृष्ठ :१४) ।

कथामा मानव धर्म र कर्मको प्रभाव परेको पाइन्छ । जो व्यक्तिले अध्यात्मज्ञान बुझेको छ, उसले आत्मज्ञान प्राप्त गरेको छ । उसले समाजमा पनि अध्यात्म विद्याको प्रचार प्रसार गरेर सम्पूर्ण जनताहरूलाई मार्गनिर्देश गरेको छ । जो व्यक्ति अध्यात्मलाई राम्रोसँग नबुझी अध्यात्मलाई बुझेको छु भन्छ उसलाई झन् अध्यात्मज्ञान प्रदान गर्नु पर्दछ भन्ने भाव कथाकारको यहाँ रहेको छ । *यो लोकमा धन, मान कीर्ति पाइन्छ, अनि परलोकमा पनि आनन्दमय भइन्छ (पृष्ठ : १४)* । कल्याणकारी ब्राह्मण पुरुषहरूले भगवान्को पूरापुर आराधना गरेमा र आफूले प्राप्त गरेको ज्ञान अरूलाई प्रदान गरेर प्राणीहरूलाई अध्यात्म विद्यामा पारङ्गत बनाउन सकेमा उनीहरू सदादेवयज्ञ, पितृयज्ञ, दीघार्युका पात्र बन्नेछन् भन्ने महाभारतको उपदेश अनुरूप अधुरो ज्ञान प्राप्त गरेका वालाकिले पनि आफूले जति ज्ञान प्राप्त गरेका थिए, त्यो ज्ञान साथीहरूलाई बाँड्नु भनेको समाजलाई सत् मार्गतर्फ डोऱ्याउनु हो । आध्यात्मिक ज्ञानलाई फराकिलो पार्नु हो भन्ने मान्यता कथाकारको रहेको छ ।

पूर्वीय दर्शनको उद्देश्य विराट्लाई स्पर्श गर्नु हो । यही विराट्लाई स्पर्श गराउने रहस्यका समीपमा पुऱ्याउने विद्या उपनिषद् हो । यसको अध्ययनले मानिसको चित्त शुद्ध गराउँछ । यस्तो आध्यात्मिक विद्याले परिपूर्ण *अधुरो ज्ञानको खण्डन* कथामा वेदान्त दर्शनको विशेष प्रभाव परेको पाइन्छ । वेदान्त दर्शनका प्रणेता महर्षि वादरायण हुन् । यस दर्शनका विभिन्न सम्प्रदायहरू मध्ये शङ्कराचार्यको भाष्य र रामानुजाचार्यको भाष्य सम्प्रदाय विशेष प्रभावशाली रहेको पाइन्छ । वेदान्त दर्शनका अनुयायी बदरीनाथ भट्टराईद्वारा आत्मज्ञानको रहस्य उजागर गर्दै भनिएको छ -

> *ब्रह्मको साक्षात्कार गरिहालें । अब मलाईं के को दुःख ? के को शोक ? साँच्चिकै दुःख देखिन्छ, जन्मदा र मर्दा, अब जन्म र मृत्युको चक्करमा मैले पर्नु पर्दैन । अरू सारा साथीलाई पनि यो संसाररूपी चक्रबाट छुटाउन सक्नु पो उदारता हो । कसैलाई आदित्य ब्रह्मको, कसैलाई चन्द्रब्रह्मको उपदेश दिन्छु । अँध्यारोमा छामछुम गरिरहेकालाई ज्ञानरूपी दीप जगाइदिनु मेरो कर्तव्य हो* (पृष्ठ : १४) ।

वेदान्त दर्शनका अनुसार अनेकतामा एकता नै सत्य हो र संसारको नानाथरी कुरा मिथ्या हो । सम्पूर्ण कुरा ब्रह्म हो र ब्रह्मबाहेक केही पनि छैन । वेदान्तको ज्ञानद्वारा अज्ञानताको नाश हुन्छ । ब्रह्म आनन्द स्वरूप हुन्छ र ब्रह्म र परमात्मा एकै हो (शर्मा, २०६२ : १०) । पूर्वीय दर्शनका अध्येता बदरीनाथद्वारा हरेक मनुष्यले ज्ञान प्राप्त गर्दै जानुपर्छ र उनीहरूलाई अज्ञानरूपी अन्धकारबाट पार तार्दै लैजानुपर्दछ भन्ने सन्देश प्रदान गर्दै अजात शत्रुद्वारा वालाकिलाई भनिएको छ -

> *हेर्नुहोस् वालाकि, तपाईं कर्ता, भोक्ता, दृश्य ब्रह्म त भर्ती जस्तो हो । मैले जानेको अकर्ता, अभोक्ता द्रष्टा, ब्रह्म, मालिक जस्तो हो । जाग्रत अवस्थामा छुट्याएर देखाउन अति मुश्किल हुँदा सुतेको मानिस भएको ठाउँमा मैले ल्याएँ । तपाईंले मानेको प्राण यथार्थ ब्रह्म भए मैले बोलाउँदा यसको प्राण त छँदै थियो, तर किन बोलेन । यथार्थ ब्रह्म त प्राणको पनि प्राण हो अनि निरूपाधिक हो । तपाईंको ब्रह्मत्व सोपाधिक हो । यसै हुँदा कार्य पनि होइन, कारण पनि होइन भनेर श्रुतिले नीतिको उपदेश गरेको छ । त्यसैले अविज्ञानमय आदित्य ब्रह्म भन्दा विज्ञानमय यथार्थ ब्रह्म विलक्षण छ* (पृष्ठ : १६) ।

ब्रह्म निरञ्जन निराकार छ । अन्नमय प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय यी पाँच कोशलाई पन्छाए पछि केवल चैतन्यरूप आत्माको अनुभव हुन्छ । ब्रह्मको अनुभव हुन्छ भन्ने मत उपनिषद् ग्रन्थहरूको रहेको पाइन्छ । आध्यात्मिक विद्वान् उपनिषद्का अनुवादक बदरीनाथले अध्यात्मप्रेमी मानवहरूलाई आत्मज्ञानको यथार्थता बताएका छन् । *सुतेको बखतमा इन्द्रियको सामर्थ्यसमेत अन्तःकरण हृदयाकाशमा अर्थात् आत्मामा गएर सुत्छ । यसैले स्व अर्थात् आत्मामा अपीति प्राप्त हुन्छ । यस्तो अवस्थालाई स्वपिति भन्छन्* (पृष्ठ : १६) ।

जाग्रत स्वप्न र सुषुप्ति अवस्था आत्माका होइनन् । ब्युँझने, सपना देख्ने र निदाउने त बुद्धि हो । बुद्धिका सारा वृत्तिहरू पनि आत्माबाट नै प्रकाशित भइराखेका छन् (भट्टराई, २०३८ : भूमिका) मानिस आत्मावान् नभई मनुष्य प्राणीमा जीवजगत्मा आत्मीयता स्थापित गर्न सक्तैन भन्ने सैद्धान्तिक मान्यता उपनिषद्को रहेको पाइन्छ । त्यसैले आत्मज्ञान

प्राप्त गर्ने मुख्य उपाय, मन, बुद्धि, चित्तलाई एकाकार गरेर श्रवण, मनन र निदिध्याशन गरेमा वास्तविक आत्मज्ञानको मार्ग पहिल्याउन सकिने विचार बदरीनाथ भट्टराईको रहेको छ ।

*सुतेको बखतमा यदि सपना देख्छ भने ऊ त्यहाँ उचोनिचो गतिमा प्राप्त हुन सक्छ तर त्यो सबै अविद्याद्वारा आरोपित कुरा हो । त्यो अवस्थामा आत्मादेखि भिन्न जाग्रतकालको प्रतिबिम्वको भूत कर्मफल देखिन्छ । सपनामा देखिएका वस्तुहरू ब्युँझेपछि केही पनि नदेखिए जस्तै विपनामा देखिएका वस्तुहरू पनि सत्य होइनन्, खाली दृढताले गर्दा बाहिर देखिएको जस्तो लागेको मात्र हो । त्यसैले क्रिया, कारक र फलदेखि भिन्न ज्ञाताज्ञान क्षेय रूप त्रिपुटीदेखि रहित विज्ञाता नै आत्मा हो । आत्माबाट नै सारा प्राण सारालोक,सारादेवता र सारा प्राणीहरू पैदा हुन्छन् । आत्मामानै स्थित छन्,आत्मामानै लीन हुन्छन्* (पृष्ठ : १६) ।

आध्यात्मिक दर्शनमा मानिस जन्मन्छ , खाली शरीर भोगका लागि र मानिसको मृत्यु हुन्छ केवल शरीर छोड्नका लागि अर्थात् अर्को शरीर धारणा गर्नका लागि भन्ने मान्यता रहेको छ । त्यसैले मनुष्यले आफ्नो आत्माको उद्धार आफै गर्नुपर्दछ । आफ्नो आत्मालाई नचाहिने कार्यमा लगाउनु हुँदैन । वास्तवमा आत्मा स्वयम्को मित्र र शत्रु पनि हो । त्यसैले आफ्नो आत्मालाई सधैँ नै उन्नत राख्नुपर्दछ भन्ने आध्यात्मिक मान्यता बदरीनाथ भट्टराईको रहेको छ । आत्मा, पानीबाट निस्कने छाल, फिँज, फोकाहरू पानीमा नै गएर विलीन भए जस्तै सारा जगत्को सृष्टि, स्थिति र प्रलय आत्मामा नै भइरहेको हुन्छ । त्यसको स्वरूप क्षण हो । सत्, चित्, आनन्द त्यही नै ब्रह्म हो तर त्यो बह्मविज्ञानका लागि परमसाधना हो, श्रद्धा हो । अजात शत्रुले गर्गकुलका वालाकिलाई भगवान्को आत्मा स्वरूप साक्षात् परब्रह्म  सूक्ष्मभन्दा पनि सूक्ष्म शून्यको समान छ, परन्तु त्यो शून्य छैन । सारा ब्रह्माण्ड प्रभुको एक भागमा समाहित छ भनेर ब्रह्मज्ञान प्रदान गरिएको प्रसङ्गलाई उल्लेख गरेर कथाकार भट्टराईले यस कथामा आध्यात्मिक दर्शनको परिचय गराएका छन् ।

### ४.२०.३ निष्कर्ष

आत्मज्ञानी व्यक्तिहरू ब्रह्मचर्यादिरूप निर्दोष उपासना भक्ति गर्दछन् र त्यस साधनाद्वारा सूक्ष्म भएको अखण्ड बुद्धिले परमात्माको साक्षात्कार गर्दछन् भन्ने आध्यात्मिक मान्यता अनुरूप काशी नरेश र गर्गपुत्र वालाकिबिच आत्मज्ञान सम्बन्धी विषयमा संवाद हुँदै जाँदा वालाकि स्वयम्ले आफूले प्राप्त गरेको आत्मज्ञान अधुरो भएको महसुस गरेपछि काशी

नरेशलाई गुरु थापी आत्मज्ञान प्राप्त गरेको विषयलाई बदरीनाथ भट्टराईद्वारा उल्लेख गरी कथामा वेदान्त दर्शनको प्रभावलाई उजागर गरिएको पाइन्छ ।

## ४.२१ पाँच प्रश्नको उत्तर कथा विष्लेषण

प्रस्तुत कथा बदरीनाथ भट्टराईको वैदिक कहानी (२०२९) कथा सङ्ग्रहभित्रको कथा हो । कथाकारले यस कथालाई सामवेदीय छान्दोग्यपनिषद्को षष्ठ अध्यायलाई स्रोत बनाएका छन् । यस कथामा आरुणि ऋषिका छोरा श्वेतकेतु र राजा प्रवाहणका बिच भएको संवादलाई  कथावस्तु बनाइएको छ ।

### ४.२१.१ कथासार

आरुणि उद्दालकका छोरा श्वेतकेतुलाई आफूले सारा विद्या बुझिसकेँ, शास्त्रार्थ गर्दा धेरै स्नातकहरूलाई जितिसकेँ भन्ने घमण्ड थियो । आफूलाई विद्या र ज्ञानका ज्ञाता ठान्ने श्वेतकेतु आफ्नो क्षमता प्रदर्शन गर्न राजा प्रवाहण कहाँ पुग्दछन् । राजा प्रवाहणले ऋषिपुत्र श्वेतकेतुलाई पाँच प्रश्न गर्दा कुनै पनि उत्तर दिन नसेकर लज्जित भएको प्रसङ्ग यस कथाको कथासार रहेको छ । जुन प्रश्नहरू यसप्रकार रहेका छन् -

१) मरेका प्रजाहरू कुन कुन मार्गबाट जान्छन् ?

२) ती मरेका व्यक्तिहरू कसरी यो लोकमा आउँछन् ?

३) धेरै जना मरेर गए पनि नभरिने लोक कुन हो ?

४) कति आहुति दिएपछि पानी पनि पुरुषले जस्तै बोल्छ ?

५) के गर्नाले देवयान मार्ग प्राप्त हुन्छ र के गर्नाले पितृयान मार्ग प्राप्त हुन्छ ?

प्रश्न गर्दा आफ्ना बाबु आरुणिमा कहाँ पुगेर आफूलाई राजा प्रवाहणले पाँच प्रश्न गरेको अवस्थामा आफूले एउटा पनि उत्तर दिन नसकेको कुरा आक्रोसका साथ व्यक्त गर्दछन् । छोराको आक्रोसलाई शान्त पार्दै आरुणि ऋषि राजा प्रवाहण कहाँ पाँच प्रश्नको उत्तर माग्न जान्छन् । सोहीअनुरूप राजा प्रवाहणले पहिलो प्रश्नको उत्तरमा अन्त्येष्टिसंस्कार स्वरूप अन्तिम आहुतिबाट नै श्रद्धालु र सत्यका उपासक व्यक्तिहरू अर्चिरादि मार्गद्वारा जान्छन् । दोस्रो र तेस्रो प्रश्नको उत्तरमा यज्ञ, दान, तपस्या आदिबाट भएको पुण्य जब सिद्धिन्छ तब सोमलोकीय जल शरीरमा विलीन हुन्छ र आकाशमा शरीर वायुले यताउति लगिदिन्छ तब वृष्टिरूप भएर पृथ्वीमा खस्छन् अनि विभिन्न जौ, धान, अन्नका रूपमा

उत्पन्न हुन्छन् । प्राणीहरूले तिनीहरूलाई खान्छन् । मनुष्यहरू आत्मज्ञानतिर नलागी निरन्तर कर्ममा मात्र लागि रहन्छन् भने जन्मनु र मर्नु प्रक्रिया कहिले छुट्दैन । मनुष्यले कर्ममार्ग छोडेमा कीराफट्याङ्ग्रा आदि भएर जन्मन्छन्, जसको कारण यो लोक कहिले पनि भरिन सक्दैन । चौथो प्रश्नको उत्तरमा पञ्चाग्नि विद्याबाट नै पानीलाई पनि पुरुषले जस्तै बोल्ने गराउन सकिन्छ भन्ने पूर्वीय मान्यता रहेको छ । पाँचौं प्रश्नको उत्तरमा आफूलाई अग्निरूप जान्ने निष्काम कर्मयोगी, गृहस्थ, श्रद्धालु, वानप्रस्थ तथा सन्यासीहरूले हिरण्य गर्भरूप ब्रह्मको उपासना गरे भने अर्चिरादि मार्गद्वारा ब्रह्मलोक प्राप्त गर्दछन् अनि धेरै समयसम्म त्यहीँ बसेर ब्रह्माजीका साथसाथै मुक्त हुन्छन् । यही नै देवयान साधन हो । यज्ञ, दान, तपस्या आदि गर्ने सकाम कर्मिष्ठहरू धूम्रयान मार्गबाट चन्द्रलोकमा आउँछन् । यहीँ पितृयान साधन हो भनेर मानिस जन्मिएर मानवीय जीवनमा गरेको कर्मका आधारमा उसको पूर्व जन्म निर्धारित हुन्छ भन्ने कुरा मुख्य कथासार रहेको छ ।

## ४.२१.२ पाँच प्रश्नको उत्तर कथामा आध्यात्मिक दर्शनको प्रभाव

सत्य, धर्म, सदाचार, ज्ञान, वैराग्य, विद्या, मानवीय आदर सत्कार, नीति, नियम, कर्मयोग्य, आध्यात्मिक साधना, ब्रह्मज्ञान, जन्म, मृत्यु, पाप, पुण्य आदि आध्यात्मिक दर्शनका चिन्तनका विषयहरू हुन् । आध्यात्मिक दर्शन परम्परामा देवकुल, ऋषिकुल तथा गुरुकुल पद्धतिको प्रचलन थियो । पिता विद्वान् ऋषि भए पनि पुत्रलाई गुरुकुल पद्धति अनुसार नै शिक्षा दिने गरिन्थ्यो । सोहीअनुरूप ऋषि आरुणिले पनि आफ्नो दिमागले भ्याएसम्म छोरालाई विद्यामा पारङ्गत बनाएका थिए तापनि उनीमा पर्याप्त ज्ञान नभएका कारण उनका छोरा श्वेतकेतुमा पनि अल्पज्ञान मात्र थियो । श्वेतकेतुलाई भने आफूले पूर्ण विद्या प्राप्त गरें भन्ने घमण्ड भएका कारण आफूले पाएको विद्याको प्रचार प्रसार गर्न राजा प्रवाहण कहाँ जाँदै गर्दा राजा प्रवाहणद्वारा मनमनै भनिएको छ -*यसो हेर्दा यी सात्विक अहंकारका मूर्तिजस्ता पो देखिन्छ ए ?* (पृष्ठ : ६८) ।

पूर्वीय दर्शनले यस संसारको दुःखको कारण रिस हो, घमण्ड हो । तमोगुणीहरू आफूलाई सर्वेसर्वा ठानी सात्विक सत्यलाई मान्दैनन् र जीवनलाई दुःखको समुद्रमा धकेल्ने गर्दछन् । साङ्ख्य दर्शनले संसारलाई दुःखको सागर भनेको छ । मानिसमा रहने आध्यात्मिक दुःख सबैभन्दा ठूलो दुःख हो त्यस्तो दुःखबाट छुट्कारा पाउन आध्यात्मिक साधना गर्नु पर्दछ भन्ने कुरालाई भट्टराईद्वारा मानवीय जीवनको पूर्वजन्म र परजन्मको विषयमा उधृतगर्दै

भनिएको छ -*के तिमी देवयान साधन र पितृयान साधन जान्दछौ ? के गर्नाले देवयान साधन प्राप्त हुन्छ अनि के गर्नाले पितृयान मार्ग प्राप्त हुन्छ* ? (पृष्ठ : ६९) ।

श्रीमद्भागवतको तेस्रो स्कन्धमा भनिएको छ, जुन पुरुष (मानिस) घरमा बसेर सकाम भावले अर्थ र कामको उपयोग गरेर फेरि तिनीहरूको अनुष्ठान गर्दै रहन्छ । त्यो तरह तरहका कामनाहरूले मोहित रहनाले भगवत् धर्मबाट विमुख रहन्छ । यज्ञद्वारा श्रद्धापूर्वक देवता र पितृहरूको आराधना गर्दै रहने मनुष्य चन्द्रलोकमा गएर भगवान्का साथ सोपान गर्दछन् । फेरि पुण्य क्षीण भएपछि यही लोकमा फर्केर आउँछन् भनेर उल्लेख गरिएको विषयलाई यहाँ मानवीय धर्मसँग यहाँ जोडिएको छ ।

*तपाईं बस्नोस् । तपाईंलाई मधुपर्क चढाउछु* (पृष्ठ : ६९) भनिएबाट वैदिक धर्मले ज्ञानलाई सुव्यवस्थित रूप दिनको निम्ति प्रारम्भ भएको वेदको कर्मकाण्डसँग सम्बन्धित मन्त्र, ब्राह्मणरूपी पूर्व भागहरूलाई आधार मानेर मन्त्रहरूको व्याख्या गर्ने मीमांसा दर्शनबाट प्रभावित यस कथामा श्रद्धा, भक्ति र पूजालाई विशेष महत्त्व दिएर उल्लेख गरिएको छ । घरमा आएको अतिथि ब्राह्मणलाई देवता समान मानी अतिथि सत्कार गर्नु पूर्वीय दर्शनको मान्यता रहेको छ ।

राजा प्रवाहणको कुरा सुनेर आफूले प्राप्त गरेको विद्यारूपी ज्ञान अपुरो भएको महसुस गरी श्वेतकेतुद्वारा पिता आरुणिकलाई भनिएको छ - *समावर्तन संस्कार गर्दा सबै विद्या जानिसकिस् भन्नुभेको हैन ?* (पृष्ठ : ६९) । विद्या कहिल्यै पूर्ण हुँदैन, शिक्षा (विद्या) दिने गुरु पूर्ण शिक्षाध्यक्ष हुनुपर्दछ । यदि अल्पज्ञानी गुरुबाट शिक्षा लिइयो भने आफू पनि अल्पज्ञानी भइन्छ भन्ने कुरा यहाँ बुझाउन खोजिएको छ ।

कथामा आरुणिद्वारा सत्यलाई अँगाल्दै भनिएको छ - *सत्य भन्दा ठूलो केही छैन* (पृष्ठ : ७०) । आध्यात्मिक दर्शनको नीति नियममा सत्य नै धर्म हो, सत्य नै ज्ञान हो, सत्य नै भगवान् प्राप्ति हो भनिएको छ । सत्यमा रहने ज्ञानी पुरुषको आँखामा चमक देखिन्छ र ऊभित्र सुख शान्ति र प्रसन्नता देखिन्छ । जन्मसँगै मृत्यु पनि जन्मिएको हुन्छ । जन्म र मृत्यु एकै सिक्काका दुई पाटा हुन् । ज्ञानी विद्वान् मानिसहरू मृत्युसँग डराउँदैनन् । जो मृत्युसँग डराउँछ ऊ अज्ञानी हो, मूर्ख हो, विषयाशक्ति हो भन्ने भावना भएका बदरीनाथ भट्टराईद्वारा अन्त्येष्टि संस्कार अनुरूप अन्तिम आहुतिबाट नै श्रद्धालु सत्यका उपासक

व्यक्तिहरू अर्चिरादि मार्गद्वारा जान्छन् भन्दै श्रीमद्भागवतको तेस्रो स्कन्धको बत्तिसौँ अध्यायमा भनिएको छ -

> *विवेकी पुरुषले आफ्नो धर्मलाई काम अथवा भोगको निम्ति उपभोग नगरेर भगवान्‌को प्रसन्नताको निम्ति पालना गर्दछ । त्यो अनाशक्त, प्रशान्त, शुद्ध चित्त, निवृत्तिपरायण, ममतारहित र अहङ्कारशून्य पुरुष स्वधर्मपालन रूपी सत्त्वगुणद्वारा सर्वथा शुद्धचित्त हुन जान्छ र अन्तमा सूर्यमार्ग (आशुद्धिर्चमार्ग वा देवयान) द्वारा सर्वव्यापी पूर्ण पुरुष श्रीहरिमा प्राप्त हुन्छ* (जोशी २०५७ : १८३) ।

सत्य धर्मका उपासक बदरीनाथले निष्काम कर्म नै वास्तवमा धर्म हो । ज्ञान प्राप्तिको मार्ग निष्काम कर्म हो । त्यसैले निष्काम कर्म सबै जनताहरूले गर्नु पर्दछ भन्ने सन्देश प्रदान गरेका राजा प्रवाहणद्वारा आरुणिलाई विद्या दिने क्रममा भनिएको छ -

> *यज्ञ, दान, तपस्या आदिबाट भएको पुण्य जब सिद्धिन्छ तब घामले हिउँ पग्लिए जस्तै उनीहरूको सोमलोकीय शरीर विलीन हुन्छ र त्यो आकाश शरीर वायुले यताउति लगिदिन्छ । तब वृष्टिरूप भएर पृथ्वीमा खस्छन् अनि जौ, धान इत्यादि अन्नरूप हुन्छन् । अनि त्यसलाई प्राणीहरूले खान्छन् । फेरि मनुष्य भएर पनि कर्ममा मात्र लागिरहन्छन् भने उनीहरूको आउनु जानु अर्थात् जन्मनु र मर्नु कहिल्यै छुट्दैन । यदि यो कर्म मार्ग पनि छोडे भने झन् कीराफट्याङ्ग्रा भएर जन्मन्छन् । यो लोक के कहिल्यै भरिन्छ र !* (पृष्ठ : ७१) ।

जसको लोकमा आशक्ति छ र कर्महरूमा श्रद्धा छ तिनीहरू वेदमा भनिएका काम्य र नित्य कर्महरूको साङ्गोपाङ्गो अनुष्ठान गर्न मै लागिरहन्छन् । उनीहरूको बुद्धि रजोगुणको अधिकर्ताले गर्दा कुण्ठित रहन्छन् । हृदयमा कामनाहरूको जाल फिजिँएर रहन्छ र इन्द्रियहरू उनको वशमा हुँदैनन् । आफ्नै घरमा आशक्त भएर ती नित्यप्रति पितृहरूको पूजामै लागि रहन्छन् । यस्ता मानिसहरू अर्थ, धर्म र काममा परायण हुनुको साथै जन्म-मृत्युको

चक्करमा परिरहन्छन् । त्यसैले नित्य निरन्तर कर्म गर्दै भगवान् साधना पनि गरी रहनु पर्दछ अर्थात् आफ्नो कामको केही समय अध्यात्मज्ञानमा तल्लीन रहनुपर्दछ भन्ने भावना आत्मतत्त्वका रक्षक बदरीनाथको रहेको छ ।

चौथो प्रश्नको उत्तरमा राजाद्वारा भनिएको छ - *पञ्चाग्नि विद्या नै चौथो उत्तर हो* (पृष्ठ : ७१) । पिता, माता, आगो, आत्मा र गुरुलाई मान्नु नै पञ्चाग्नि विद्या हो भन्ने कुरा महाभारतको विदुर नीतिमा उल्लेख गरिएको छ । त्यसैले जन्म दिने माता, पितालाई, गुरुलाई आदार गर्नुपर्दछ भने आगोको संरक्षण र सदुपयोग गर्नुपर्दछ । आत्मा न जन्मन्छ न मर्छ । यो अजन्म, नित्य, पुरातन, स्थायी र अजर अमर छ । प्राणीहरू सबै आत्माकै अंश हुन् भन्ने भाव भएका बदरीनाथद्वारा पाँचौं प्रश्नको उत्तरमा आरुणिलाई भनिएको छ -

> *आफूलाई अग्निरूप जान्ने निष्काम कर्मयोगी ग्रृहस्थ र श्रद्धालु वानप्रस्थ तथा सन्यासीहरूले हिरण्यगर्भरूप ब्रह्मको उपासना गरे भने अर्चिरादि मार्गद्वारा ब्रह्मलोकमा प्राप्त हुन्छन् अनि धेरै समयसम्म त्यहाँ बसेर ब्रह्माजीका साथसाथै मुक्त हुन्छन्, यही नै देवयान साधन हो* (पृष्ठ : ७१) ।

बदरीनाथले विषय वासनाका जञ्जालबाट मुक्त भएका ज्ञानी, ब्रह्मविद्या प्राप्त, भगवत्व प्रेमी, तपस्वी, तत्त्ववेत्ताहरू कर्मका अनुष्ठानले मृत्युलाई जित्न सक्दछन् र ज्ञानका अभ्यासले अमृततत्त्व प्राप्त गर्न सक्दछन् । परमात्माको दृष्टिले हिरण्यगर्भको उपासना गर्ने व्यक्ति दुई पदार्थमा हुने ब्रह्मको प्रलयान्तर उही सत्यलोकमा नै रहन्छन् भने यज्ञ, दान, तपस्या आदि गर्ने सकाम कर्मिष्ठहरू धूमयान मार्गबाट चन्द्रलोकमा आउँछन् । यही पितृयान साधन हो । यज्ञ, दान साधनले मात्र भगवत्व प्राप्त गर्न सकिदैन भगवत्व प्राप्त गर्न कार्य कारणरूप जगत्का नियन्ता, संसारको उपादान कारण र त्यसको उत्पत्ति, पालन र संहार गर्ने श्रीहरिलाई प्राप्त गर्न सत्त्वगुणी ब्रह्मज्ञानी हुनुपर्छ भन्ने पूर्वीय आध्यात्मिक दर्शनको मान्यतालाई बदरीनाथ भट्टराईले यस कथा मार्फत अध्यात्म साधकलाई भगवत्त्व प्राप्तिको मार्गदर्शन एवम् मनुष्यले जन्म-मरण चक्रबाट मुक्त हुने उपाय बताएर अध्यात्म दर्शनलाई उजागर गरेका छन् ।

### ४.२१.३ निष्कर्ष

सत्मार्ग, आध्यात्मिक ज्ञान, आत्मा परमात्माको बोध,योग साधनामा लाग्ने निष्काम कर्मयोगीले कहिल्यै पनि पुनःजन्मनु मर्नु पर्दैन भन्ने आध्यात्मिक दर्शनको सन्देश  बोकेको यस कथामा दुःख निवारणको उपाय आत्मज्ञान प्राप्ति हो भन्ने कुरा देखाएर अधुरो ज्ञान प्राप्त गरेका मानिसहरूलाई पाँच प्रश्नको उत्तरद्वारा पूर्ण ज्ञान प्राप्त गर्ने मार्ग बताउँदै आधुनिक जीवनको तनावबाट विचलित भएका व्यक्तिहरूलाई अमृतमय आध्यात्मिक घुटी प्रदान गरिएको छ ।

## ४.२२ सत्यकाम कथा विष्लेषण

२०२९ सालमा प्रकाशित वैदिक कहानी कथा सङ्ग्रहभित्रको सत्यकाम कथा आध्यात्मिक भावलाई व्यक्त गरिएको कथा हो । यस कथालाई बदरीनाथ भट्टराईले छान्दोग्य उपनिषद्को चौथो अध्यायको चौथो खण्डदेखि नवौं खण्डसम्म वर्णित सत्यकामको उपाख्यानलाई आधार बनाएर रचना गरेका छन् ।

### ४.२२.१ कथासार

यस कथामा जाबालद्वारा जन्मिएको बालक सत्यकाम र आचार्य हरिद्रुमत गौतमबिच भएको कुराकानीको प्रसङ्गलाई उल्लेख गरिएको छ । कथाको सुरुवातमा सत्यकाम ब्रह्मचर्या (अध्ययन) गर्न भनी आचार्य हरिद्रुमत गौतम कहाँ जाँदा गुरुले नियममुताविक गोत्र सोध्छन् तर उनको आमाको भनाइ अनुसार बुबा अज्ञात रहेको हुनाले आफ्नो गोत्र जाबाल भएको कारण छोराको पनि जाबाल नै गोत्र भन्ने उत्तर पाएपछि सत्यकामले आफ्ना गुरुलाई आमाले भने अनुसार नै बाबुको पत्ता नभएकाले आफ्नो गोत्र जाबाल नै भएको कुरा बताउँछन् । आचार्य हरिद्रुमतले यस्तो सत्य वा साँचो बोल्ने व्यक्ति ब्राह्मण बाहेक अरू कोही हुन सक्दैन भन्ने ठानी शिष्यका लागि सत्कामलाई स्वीकार गरेको प्रसङ्ग भएको यस कथामा वैदिक कालमा कुनै पनि व्यक्तिले शिक्षा प्राप्त गर्नको लागि गुरुको आश्रममा गई गुरुको आज्ञा प्राप्त भएपछि मात्र शिक्षा लिन पाइने त्यसमा पनि जात कुलगोत्र हेरेर मात्र शिक्षा दिनु पर्ने कुराहरू उल्लेख गरिएको पाइन्छ । वैदिक कालको चालचलन, रहनसहन, रीतिरिवाज, संस्कृति, वातावरण, परिवेश, तत्कालीन अवस्थाको नीतिनियम आदिलाई स्पष्ट रूपमा झल्काउन सफल यस कथाको कथानक पूर्णरूपमा आध्यात्मिक दर्शनमा आधारित

रहेको छ । ब्राह्मणले गर्ने सदाचार, नित्यकर्म, आदिलाई ब्रह्मचर्य भनिन्छ । ब्रह्मचर्यमा रहने व्यक्तिलाई ब्रह्मचारी भनिएको पाइन्छ । पौराणिक, वैदिक जगत्मा शिष्यले गुरुको आज्ञा तथा अनुमति मुताविक मात्र शिक्षा ग्रहण गर्न पाउँथे । नाम, थर र गोत्रबाट चिनिएको ब्राह्मणलाई मात्र ऋषिमुनिहरूले शिक्षा दिन स्वीकृति दिनेगर्थे । ब्राह्मणलाई दिने शिक्षा र क्षत्रियलाई दिने शिक्षा फरक प्रकारको हुने गर्दथ्यो । सोही अनुरूप यो सत्यकाम कथा आचार्य हरिद्रुमत गौतम ऋषि र सत्यकाम नाम गरेका जाबाल बिचको कुराकानी तथा सत्यकामले ब्रह्मचर्यमा बसेर प्राप्त गरेको ज्ञानमा आधारित रहेको छ ।

### ४.२२.२ सत्यकाम कथामा आध्यात्मिक दर्शनको प्रभाव

विवेक, बुद्धिरूपी सारथी, मनरूपी लगाम लगाउन सक्ने मनुष्य संसाररूपी बाटो काटेर परमात्माको स्वरूपको सर्वोत्कृष्ट आश्रय प्राप्त गर्दछ भन्ने आध्यात्मिक भावलाई आत्मसात् गरेका गृहस्थ सन्त बदरीनाथद्वारा कथामा भनिएको छ -*पाहुना नै देवता हुन् भन्ने हाम्रो विचार थियो । हामी पाहुनाकै सेवामा लागिरहन्थ्यौं* (पृष्ठ : ६१) ।

हिन्दू आर्य संस्कृतिमा अतिथिलाई देवता समान मानेर स्वागत सेवा गर्ने प्रचलन वैदिककालदेखि नै चलिआएको पाइन्छ । हिन्दू आध्यात्मिक दर्शनमा साँचो बोल्नु, सत्यधर्ममा रहनु, हिंसा नगर्नु, कसैको कुभलो नचिताउनु, पिता, माता, आगो, आत्मा र गुरुलाई पञ्चाग्नि मानी सधैं सेवा गरिरहनु, घरमा आएको अतिथिलाई प्रेमभावले सम्मान गर्नु भन्ने मान्यता रहेको विषयलाई यहाँ प्रस्तुत गरिएको छ ।

ब्राह्मण भनेको ब्रह्मचर्यमा रहने व्यक्ति हो । आध्यात्मिक दर्शनमा ब्रह्मचर्यमा रहने कर्तव्यनिष्टलाई मात्र ब्रह्मण मान्न सकिने कुरा उल्लेख गरिएको छ । गुरुकुल शिक्षा परम्परामा ब्रह्मचर्यमा  रहनसक्ने ब्राह्मणलाई मात्र शिक्षा दिनु भन्ने नीति अनुरूप हरिद्रुमत आचार्यले सत्यकामलाई सोही अनुरूपको व्यक्ति ठानेर शिक्षा दिएका छन् । ब्रह्मचर्यमा रहन कर्म गर्नुपर्दछ । आत्मज्ञानका साथै कर्मानुष्ठानबाट मोक्ष प्राप्त हुन्छ भन्ने मान्यता रहेको मीमांसा दर्शनका अनुसार चारसय दुब्ला गाईको सेवामा पठाएर सत्यकामलाई कर्म गर्ने प्रेरित गराइएको यस कथामा धार्मिक सांस्कृतिक मूल्य, मान्यता र गुरु आज्ञाको पालना गराउन कथाकार सफल देखिन्छन् ।

वैदिक संस्कृतिको पुनर्जागरण एवम् नैतिक, आध्यात्मिक चेतनातर्फ उन्मुख गराउन तल्लीन बदरीनाथद्वारा श्रद्धालु र कर्तव्यनिष्ठ सत्यकामलाई आचार्यमार्फत कथामा भनिएको छ -*श्रद्धा र तपस्या नभई चित्त शुद्ध हुँदैन* (पृष्ठ : ६२) । श्रद्धा र तपस्या नै आध्यात्मिकता अर्थात् आत्मज्ञान प्राप्त गराउने प्रमुख साधनाहरू हुन् जसबाट शिष्यको कल्याण हुन्छ भनी गुरु हरिद्रुमतले आफ्ना शिष्य सत्यकामलाई हरेक वस्तुमा श्रद्धा गर्नु, कर्तव्यमा निष्ठावान् रहनु, काम गर्दा ध्यानमग्न भएर गर्नु भनेको कुरालाई भट्टराईद्वारा आत्मसात गर्दै योगसाधनामा लाग्ने सन्देश प्रदान गरिएको छ ।

सत्यकामको श्रद्धायुक्त तपस्यादेखि सन्तुष्ट भएका वायु देवताले ऋषभ भावमा भने सत्यमा रहेका श्रद्धालु सत्यकाम भन्दै साँढे रूपी वायुदेवताको मुखबाट वाणी निस्कियो, *तिमीले ब्रह्मको एक पाउ बताऊ ?* (पृष्ठ : ६३) भन्दा खुशी भएर सत्यकामले भगवान् आज्ञाहोस् भनेपछि प्रकाशवान् भन्ने ब्रह्मको एक पाउको उपदेश पाएर सत्यकाम ज्यादै प्रसन्न भए भन्ने विषयलाई बदरीनाथद्वारा समत्त्व बृद्धि भएको पुरुषले यस जीवनमा पुण्य र पाप यी दुवैलाई त्यागिदिन्छ भन्दै मनुष्य योग युक्त बन्नुपर्छ भन्ने सन्देश प्रदान गरिएको छ ।

कर्महरूमा कुशलता नै योग हो (शर्मा, २०६५ : ३) भने झैँ गुरुको आदेशबाट योग साधना गरेका सत्यकामलाई अग्निद्वारा भनिएको छ -*जसले ब्रह्मको यो पाउको उपासना गर्छ त्यो यो लोकमा अनन्त गुणले युक्त हुन्छ र परलोकमा पनि अनन्तवान् लोक जित्दछ* (पृष्ठ : ६३) ।

उपनिषद्को ब्रह्मानन्द वल्लीको शान्तिपाठको चतुर्थ अनुवादकमा जुन व्यक्तिले आफूले प्राप्त गरेको ज्ञानका कारण ब्रह्माको ढोकासम्म पुऱ्याएर फर्कन्छन् र त्यही साधकले ब्रह्मालाई प्राप्त गर्दछ । ब्रह्मको आनन्दमय स्वरूपका विषयमा विज्ञ वा विद्वान् जस्तो सुकै अवस्थामा पनि भयभीत हुदैंन भन्ने आध्यात्मिक मान्यतालाई यहाँ उजागर गर्न खोजिएको छ ।

यसै गरी कथामा हंसबाट ब्रह्मको तेस्रो पाउको र मद्‍गु अर्थात् प्राणबाट चौथो पाउको उपदेश पाएपछि आचार्य कुलमा पुगेर सत्यकामले आचार्यलाई साष्टाङ्ग प्रणाम गरेर भगवान् ! भनेर सम्बोधन गरेपछि आचार्यद्वारा भनिएको छ -*सौम्य, तिमी त ज्ञानी भएका जस्ता देखिन्छौ नि ? कसले तिमीलाई ज्ञानको प्रकाश दियो ?* (पृष्ठ : ६३) ।

मनुष्यदेखि भिन्न देवताहरूबाट मैले ज्ञान पाएँ । अब यहाँबाट नै उपदेश पाऊँ । श्रोत्रिय ब्रह्मनिष्ठ आचार्यबाट पाएको विद्या नै सफल हुन्छ भन्ने सुनेको हुँ भन्दा यस्ता शुद्ध चित्त शिष्यलाई ज्ञान नदिए कसलाई दिनु भन्दै सोऱ्है कलाले परिपूर्ण ब्रह्म विद्याको उपदेश सत्यकामलाई दिएपछि -*सत्यकाम पनि चिद्-घना-नन्द-रूपभए* (पृष्ठ : ६३) । सत्चित र आनन्द ब्रह्मवस्तु नै अज्ञानले गर्दा, अविद्याले गर्दा, मोहले गर्दा अवास्तविक रूपमा रूपान्तरित भएको प्रतीत हुन्छ । आत्मा भित्र बाहिर, तल माथि, स्थूल सूक्ष्म, कारण, कार्य सबैमा आत्मै आत्मा यही हो । पारमार्थिक आत्मदर्शन अर्थात् आत्मचिन्तन आत्मानुसन्धानबाट नै आत्मदर्शन हुन्छ । उपनिषद्को यस भावलाई बदरीनाथ भट्टराईले सत्यकाम कथामा सनातन हिन्दू धर्मको नीतिनियम, अध्यात्मवाद, नैतिक मूल्य मान्यता आदिलाई देखाई आध्यात्मिक सन्देश दिन खोजेका छन् ।

### ४.२२.३ निष्कर्ष

जो न कहिल्यै हर्षित हुन्छ, न शोक सुर्ता गर्छ, न चिन्ता गर्छ, न इच्छा गर्छ तथा जसले शुभ र अशुभ दुवै प्रकारका वस्तुहरूको परित्याग गर्छ त्यस्तो भक्तले ब्रह्मज्ञान प्राप्त गर्न सक्दछ भन्ने योग दर्शनको सिद्धान्त अनुसार चित्तवृत्ति निरोध भनेर चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने सन्देश बोकेको जाबाल सत्यकामले आफ्नो चित्तलाई नियन्त्रण गरेका हुनाले आचार्य हरिद्रुमतले सोह्रै कलाले परिपूर्ण ब्रह्मविद्याको उपदेश दिएको प्रसङ्ग अनुरूप यो कथा योग दर्शनमा आधारित रहेको पाइन्छ । त्यस्तै आत्मज्ञान प्राप्तिको मूल लक्ष्य लिएको न्याय दर्शन धर्म र कर्ममा आधारित आत्मज्ञानका साथै कर्मानुष्ठानबाट मोक्ष प्राप्ति हुन्छ भन्ने मान्यता रहेको मीमांसा दर्शन तथा संसार भ्रम हो भन्ने वेदान्त दर्शनको प्रभावलाई उजागर गरी बदरीनाथ भट्टराईले आजको यस विकृति र विसङ्गतिले भरिएको समाजमा आध्यात्मिक दर्शनको अमृतमय वाणी मार्फत पाठकहरूलाई आध्यात्मिकता प्रदान गरेका छन् ।

## ४.२३ अंशवण्डा कथा विष्लेषण

यस कथालाई कथाकार बदरीनाथ भट्टराईको वि.सं. २०२९ सालमा प्रकाशित वैदिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको हो । बदरीनाथ भट्टराईले हरेक किसिमका मानसिकता बोकेका मानिसहरूलाई अमृतमय आध्यात्मिक सन्देश प्रदान गर्ने मनसायले

बृहदारण्यक उपनिषद्को द्वितीय अध्यायको चतुर्थ ब्राह्मणमा वर्णित याज्ञवल्क्य मुनि र उनका श्रीमतीहरू मैत्रेयी र कात्यायनीको उपाख्यानमा आधारित विषयलाई कथाको स्रोत बनाएर रचना गरेका छन् ।

### ४.२३.१ कथासार

कथामा याज्ञवल्क्य मुनिका दुई पत्नीहरू मैत्रेयी र कात्यायनी एक आपसमा असाध्यै मिलेर बसेका भए पनि आफ्नो व्यावहारिक जीवनले पचासौँ वर्ष पार गरेपछि वानप्रस्थ जीवन तर्फ लाग्ने अर्थात् सन्यास लिने उद्देश्यले याज्ञवल्क्य मुनिले आफ्ना पत्नीहरू एक आपसमा यसरी नै पछिसम्म पनि मिलेर बसुन् भन्ने मनसायले, उनीहरूलाई भएको सम्पत्तिको अंशवण्डा गरिदिन गरेको कुराकानीबाट सुरु भएको छ ।

याज्ञवल्क्य ऋषि र उनका पत्नीहरू मैत्रेयी र कात्यायनीलाई अंशवण्डा गर्न खोज्दा मैत्रेयीले धन, सम्पत्ति भनेको त लोभ, मोह, उत्पन्न गर्ने साधन हुन् । धन सम्पत्तिको आसमा फसेर पारिवारिक जन्मजालमा फस्न म चाहान्न । त्यसैले मलाई नाम रूपरहित शुद्ध चैतन्य आत्माको ज्ञान दिनुहोस् भनी आफ्ना पति याज्ञवल्क्यसँग वर मागेपछि मुनि याज्ञवल्क्यले आफ्नी पत्नी मैत्रेयीलाई अविद्या नाश भएपछि अद्वैत तत्त्वको ज्ञान प्राप्त हुन्छ भन्दै शुद्ध चैतन्य आत्मतत्त्वको ज्ञान प्रदान गरिएको कथासार यस अंशवण्डा कथाको रहेको छ ।

### ४.२३.२ अंशवण्डा कथामा आध्यात्मिक दर्शनको प्रभाव

आध्यात्मको एउटै मात्र उद्देश्य हो, मनलाई सकारात्मकतातिर लैजानु । धर्मले मनलाई आनन्दित बनाउँछ । बदरीनाथ भट्टराईका अधिकांश कथाहरूमा वेद, उपनिषद् र पुराणहरूको प्रभाव परेको पाइन्छ । भट्टराईको यस अशंवण्डा कथामा योग, न्याय, मीमांसा र वेदान्त दर्शनको प्रभाव परेको पाइन्छ । जो मनुष्यको मन इन्द्रियबाट रहित भई भगवान्मा परायण हुन्छ र निरन्तर आफ्नो चिन्तन गरिरहन्छ त्यो मानिस भित्री सन्यासी हो भन्ने मुक्तात्मा भट्टराईद्वारा भनिएको छ -*संकल्पको त्याग नै भित्री सन्यास हो* (पृष्ठ : ४४) । प्रत्येक मनुष्यले शास्त्रीय धर्मअनुसारको आचरण गर्नु पर्दछ । सारा काम वासनालाई त्यागेर भगवान्मा मन लगाउन सक्यो भने उसले आत्मज्ञानको अनुभूति गर्न सक्दछ भन्ने भाव कथाकारको यहाँ रहेको छ । अनादिकालदेखि जन्म जन्ममा सञ्चित भएका कर्म जे जतिछन्

ती सबै समय सान्दर्भिक रूपमा प्रारब्ध बन्दै जाऊन् र जीवात्माले पनि तिनीहरूलाई भोग्दै जाँदा जन्म जन्मान्तर पनि समाप्त गर्न सक्दैन । त्यस्तो अवस्थामा सञ्चित कर्मलाई नष्ट गर्न गाह्रो पर्दछ । तसर्थ भगवत्त्व साधनाद्वारा मनुष्यको मनलाई अर्थात् चित्तलाई शुद्धपार्नु पर्दछ भन्ने आध्यात्मिक भावना भएका भट्टराईद्वारा भनिएको छ *-कुरु कर्म त्यजेति च (पृष्ठ : ४५)* अर्थात् पहिले कर्मद्वारा चित्त शुद्ध पार अनि कर्म त्याग बाहिरी सन्यास पनि आत्मज्ञानको अङ्ग हो । यो प्राप्त कर्म त अविद्याको विषय हो । आत्मा, प्राप्तिको साक्षात् साधन होइन भन्ने आध्यात्मिक विद्वान् बदरीनाथद्वारा कुशल कर्म भोगद्वारा कर्मलाई नियन्त्रण गर्न सकिन्छ । प्रारब्ध कर्मलाई भक्ति पूर्वक भोगेर क्षण गर्न सकिन्छ भन्दै पूर्वीय दर्शनको मान्यतालाई उधृत गरिएको यस कथामा आध्यात्मिकताले मानिसको मन स्वच्छ र आशक्तिरहित बन्दछ भन्ने कुरा उल्लेख गर्दै भनिएको छ - *धन सम्पत्ति त अनर्थको कारण हो । काम, क्रोध, लोभ, मोह, मद, मार्त्सय यी छ ओटै शत्रुहरू यही धनबाट खडा हुन्छन्* ( पृष्ठ : ४७) ।

बदरीनाथले यस कथामा मैत्रेयी आफैमा पनि आध्यात्मिक नारी भएको कुरा प्रष्ट पार्न चाहेका छन् । कथामा मैत्रेयीको माध्यमबाट धनभन्दा ठूलो अमृतत्त्वको माग गरेको देखाउँदै आत्मज्ञान ब्रह्मज्ञानको लागि गुरुरूपी पति याज्ञवल्क्यले आफ्नी पत्नी मैत्रेयीलाई अध्यात्म विद्याको ज्ञान दिंदै भनिएको छ -*श्रवण भन्दा मनन् सय गुना बढी हुन्छ, मनन गरी सकेपछि अखण्ड ध्यान गर्नु पर्छ अर्थात् श्रवण, मनन र निदिध्यासनद्वारा आत्माको यथार्थ दर्शन पाइन्छ* (पृष्ठ : ४८) ।

तपको माध्यमबाट ब्रह्मतत्त्वको विषयमा बुझ्न सकिन्छ । तप नै ब्रह्मको स्वरूप हो । यसले ब्रह्मको बोध गराउँछ भन्ने आध्यात्मिक, वितरागी बदरीनाथ भट्टराईद्वारा यस कथामा आध्यात्मिक वैशेषिक दर्शनको प्रभावलाई उजागर गरिएको छ । ब्राह्मण जातिले त्यो पुरुषलाई परास्त गरिदिन्छ; जसले ब्राह्मण जातिलाई आत्मा होइन भन्छ अर्थात् मलाई अनात्मरूपले यो परमात्मा नै साराको आत्मा हो । यी सारा कुरा आत्माबाट नै पैदा हुन्छन्, आत्मामा नै स्थित छन् पछि आत्मामा नै लीन हुन्छन् । यस लोकमा रहेका सारा वस्तुहरू सृष्टिका उपज हुन् । यी वस्तुभित्र परमात्माको बास रहेको हुन्छ किन भने यी सारा कुरा आत्माबाट नै पैदा भई आत्मामा नै स्थित रहेका हुन्छन् र पछि पुनः आत्मामा नै लीन हुने अर्थात् यो सारा संसार आत्मा नै हो, सारा चैतन्य मात्रको अनुवृत्ति भएकाले पनि सारा

चैतन्य हो, जसको स्वरूपदेखि भिन्न जुन वस्तुलाई ग्रहण गर्न सकिन्न त्यो तदात्मक नै हुन्छ । अज्ञानले गर्दा नाम, रूप, कर्म चैतन्यको भान भएको हो । चित्त चैतन्य रूप भएपछि सारा नाम रूप हराउँछन् । सारा सङ्कल्प नछोडी चित्त चैतन्य स्वरूप हुँदैन भनेर वेदान्त दर्शनको प्रभावलाई देखाएको छ ।

विद्याले अविद्याको नाश गरेमा शरीर इन्द्रिय इत्यादि भावको विलय हुन्छ । अविद्याले चित्तखडा भए त्यसमा परमात्माको प्रतिविम्ब पर्छ र जीवभाव बन्छ तर अविद्याको नाश भएमा विम्बपर आत्मालाई केही हुँदैन । शरीर नष्ट भएपछि संज्ञा रहँदैन अर्थात् अविद्याबाट खडा भएको व्यावहारिक सत्तामा द्वैत जस्तो भान हुन्छ अनि अर्कोले अर्कोलाई देख्छ, सुध्छ, जान्दछ तर अविद्याको नाश भएपछि पारमार्थिक सत्तामा एक आफू सिवाय कोही हुँदैन । अनि कसले कसलाई देख्ने वा बुझ्ने ? जुन विज्ञाता आत्म चैतन्यले सारा संसारलाई जान्दछ भन्ने वेदान्त विद्वान् बदरीनाथ भट्टराईद्वारा यस कथामा उपनिषद्को प्रभावलाई प्रस्तुत गर्दै मानव जीवनको प्राप्ति साह्रै दुर्लभ छ । चौरासी जुनी पार गरी उत्तम धार्मिक कार्य गरेमा मानव भएर जन्मलिन पाइन्छ । मनुष्यले आफू मानव भएर जन्मेपछि मानवीय कर्तव्य निर्वाह गर्नु अत्यन्त आवश्यक हुन्छ । मानवीय जीवनबाट मुक्ति प्राप्त गर्न म र मेरो भन्ने अहंकारलाई त्यागेर आनन्द स्वरूप आत्माको साक्षात्कार गऱ्यो भने मोक्ष रूपको अमृतत्त्व प्राप्त गर्न सकिन्छ (भट्टराई, २०३८ : ८०) । तबमात्र मानव जीवन जन्म र मृत्युको चक्रबाट मुक्त हुन सक्छ भन्ने आध्यात्मिक मान्यतालाई यहाँ उल्लेख गरिएको पाइन्छ ।

बाहिर देखिने मानवीय शारीरिक अङ्गहरू नाक, कान, आँखा, जिभ्रो, छाला, हात, खुट्टा इत्यादि इन्द्रिय आफू होइनन् । त्यस्तै मन, बुद्धि, चित्त, अहंकार पनि आफू होइनन् ।दृष्यजति सारा जड हुन् । यिनीहरू नाशवान् छन् । यिनीहरूले चैतन्यरूपी आत्मालाई आफूले प्रकाशित गरी राखेको छ । मनुष्यले अहंकाररूपी विषय वासनालाई नफालिकन आत्माको दर्शन पाउन सक्दैन । अर्थात् सारा अनात्म प्रपञ्चलाई नहटाई आत्माको अनुभव हुँदैन । आत्मा स्व प्रकाशमय वस्तु हो । आत्माको दर्शन भएपछि मानिसले परमात्माको दर्शन पाउँछ र उसले कहिल्यै पनि जन्मनु, मर्नु पर्दैन भनेर पति तथा गुरु याज्ञवल्क्य मुनिले आफ्नी पत्नी मैत्रेयीलाई दिनु भएको ज्ञानको भण्डार नै अध्यात्मदर्शन रहेको कुरालाई बदरीनाथ भट्टराईले यहाँ प्रस्तुत गरेका छन् ।

### ४.२३.३ निष्कर्ष

काम, क्रोध, लोभ, मोह, इर्ष्या, घृणा आदि तमोगुणीहरूमा रहने गर्दछ । यस्ता तमोगुणी वस्तुलाई त्याग गरेमा मोक्ष प्राप्त गर्न सकिने आध्यात्मिक मान्यता रहेको तथा सङ्कल्पको त्याग नै भित्री सन्यास हो भनिएको यस कथामा मानिसमा वैराग्य आएपछि सन्यास लिनु भन्ने आध्यात्मिक मान्यता अनुरूप आफ्ना पत्नीहरू मैत्रेयी र कात्यायनीलाई आफूसँग भएको धनको अंशवण्डा गर्न खोज्दा मैत्रेयीले काम, क्रोध, लोभ, मोह र मात्सर्य मानवीय दुःखका साधन हुन् । धन सम्पत्तिले मानिसमा अहंता बढाउँछ । मलाई धन सम्पत्ति होइन, नामरहित शुद्ध चैतन्य आत्माको ज्ञान दिनुहोस् भन्दा याज्ञवल्क्यले अविद्या नाश भएपछि अद्वैत तत्त्वको ज्ञान दिएको प्रसङ्ग नै आध्यात्मिकता हो भन्ने भाव बदरीनाथको रहेको छ । वेदान्त दर्शनको प्रभाव रहेको यस कथाले आत्मा, परात्मा, सृष्टि, परब्रह्म, मोक्ष जस्ता विषयमा विशेष अभिरुचि पूर्वक व्याख्या गर्दै कथामा पति, पत्नीबिचको कर्तव्य, पतिव्रता धर्मको ज्ञान, सांसारिक माया, मोह, बन्धन, धन सम्पत्ति आदि क्षणिक हुन् । यी सबैले दुःख निम्त्याउछन् । यी सबैलाई छोडेर आत्मा, ज्ञान प्राप्तिको बाटोमा लागेमा जन्म, मृत्युको चक्रमा पर्नु पर्दैन भन्ने आध्यात्मिक सन्देश दिइएको पाइन्छ ।

## ४.२४ शान्तिको मार्ग कथा विष्लेषण

सामवेदीय छान्दोग्य उपनिषद्को षष्ठ्म् अध्यायको अर्थलाई पिता आरुणि उद्दालकले पुत्र श्वेतकेतुलाई दिएको उपदेशलाई उपजीव्य बनाएर बदरीनाथ भट्टराईले २०२९ सालमा प्रकाशित वैदिक कहानी कथा सङ्ग्रहभित्रको छैटौं नम्बरको कथाका रूपमा यस *शान्तिको मार्ग* कथालाई उल्लेख गरेका छन् । यसमा विशेष गरेर वेदान्त र योग दर्शनको प्रभाव रहेको पाइन्छ ।

### ४.२४.१ कथासार

वेदको प्रमुख अंश उपनिषद् अध्याय वाणीलाई कथावस्तु बनाएर लेखिएको यस कथाका प्रमुख पात्रहरू पिता आरुणि, उद्दालक र पुत्र श्वेतकेतु रहेका छन् । वैदिक समयको नीति नियम अनुरूप बाह्र वर्षसम्म गुरुकुलमा बसेर विद्या आर्जन गरी फर्केका श्वेतकेतुको स्वभावमा नरमपन नआएको देखेपछि पिता उद्दालक आफैंले उनलाई ज्ञान दिन्छन् । शिक्षा र शास्त्रज्ञानको भारी बोकेर मात्र मानिस विवेकशील र ज्ञानी बन्न सक्दैन । उसको

व्यवहारमा परिवर्तन आउन पटक पटक योगाभ्यास गर्नु पर्दछ भन्ने सिकाईको सिद्धान्त अनुरूप देखिएको यस कथामा बाबुले धेरै आध्यात्मिक योगाभ्यास गराएर प्रदान गरेको वास्तविक ज्ञान प्राप्त गरेपछि छोरा श्वेतकेतुको व्यवहारमा परिवर्तन आएको देखिन्छ । उनमा प्राप्त भएको ज्ञान त्यो हो जुन ज्ञान संसारको कारण स्वरूप ईश्वर हो, परम तत्त्व हो भन्ने वास्तविक कथासार यस कथाको रहेको छ ।

### ४.२४.२ शान्तिको मार्ग कथामा आयाध्यात्मिक दर्शनको प्रभाव

उपनिषद्हरू ज्ञानका अक्षय भण्डार उपासनाका पत्यारिला पथ प्रदर्शक पनि हुन् । त्यसमा पनि छान्दोग्योपनिषद् अध्यात्म विद्याको निपुणता भएको उपनिषद् हो । उपनिषद् अनुसार यो सारा जगत् ब्रह्म नै हो । यो सारा जगत् ब्रह्मबाट उत्पन्न भएर ब्रह्मद्वारा नै चेष्टा गर्दछ र ब्रह्ममा नै लीन हुनेछ । त्यसैले मनुष्यले शान्त भएर रागद्वेष छोडेर सर्वात्मक ब्रह्मको उपासना गरोस् । यो सारा जगत् परमार्थ सत्य हो र त्यो आत्मा हो, तिमी त्यही आत्मा हौ भन्ने सार व्यक्त भएको यस कथामा पिता-पुत्रबिचको ब्रह्मज्ञान प्राप्तिका विषयमा भएको कुराकानी तथा संवादलाई बदरीनाथ भट्टराईद्वारा आध्यात्मिकता प्रदान गर्दै कथामा भनिएको छ -*म सारा शास्त्र जान्दछु, म बराबरको विद्वान् को छ ? इत्यादि भनाइ त अहंकार पो हो । जबसम्म अहंकाररूपी सर्प हृदयमा बसिरहन्छ, तबसम्म सुखको अनुभव कसरी हुनु ?* (पृष्ठ : ३०) ।

अल्प ज्ञानले प्राप्त भएको शिक्षाले पूर्णबुद्धि प्रदान गर्न सक्दैन । यस कथामा उद्दालक पुत्र श्वेतकेतु अझ उग्र स्वभावका भएका हुनाले गुरुले प्रदान गरेको पूर्णज्ञानलाई ग्रहण गर्न नसकेको कुरा देखाएर बदरीनाथले ज्ञानमा आत्मतत्त्वको बोध हुनुपर्ने सङ्केत गरेका छन् ।

श्वेतकेतुको मनमा आफूले प्राप्त गरेको शिक्षाको घमण्ड भएको भाव बुझी उद्दालकले शान्त भएर माटोबाट बन्ने भाँडावर्तन, सुनबाट बन्ने गहना, चिनीबाट बन्ने मिठाई आदिको उदाहरण दिदै वास्तविकता र गुण एउटै भए तापनि त्यसबाट विभिन्न कार्यहरू गर्न सकिन्छ भन्दै श्वेतकेतुको हरेक जिज्ञासाको उत्तर दिदै भनिएको छ -*यो जगत् सद्वस्तुबाट पैदा भएको हो* (पृष्ठ : ३१) । जगत्को उत्पत्ति हुनुभन्दा पहिले सत् वस्तुमात्र थियो । निद्राबाट ब्युँझेको मानिसले खाली यतिमात्र थाहा पाएको हुन्छ कि, सुषुप्तिमा केवल सत् वस्तु मात्र थियो । तसर्थ यो सारा जगत् सत्बाट पैदा हुन्छ सत्मा प्रतिष्ठित छ । सत्मा

नै विलीन हुन्छ । त्यसैले सारा सद्रूप हो । कथामा बदरीनाथले श्वेतकेतुलाई विभिन्न धागोले बाँधिएको चरा सारा दिशामा उडे पनि सारातिर घुमेर अन्त्यमा प्राणकै आश्रय लिन्छ । मर्न लाग्दा पनि वाणी मनमा लीन हुन्छ अनि वरिपरिका मानिसहरू बोल्न छोड्यो भन्दछन् । मन प्राणमा विलीन हुन्छ अनि होस् हरायो भन्दछन् अनि प्राण तेजमा विलाएपछि चल्न छोड्यो भन्दछन् । अन्त्यमा तेज पनि परम देवतामा विलीन हुन्छ र पुनः सृष्टिको क्रम सुचारु हुन्छ । त्यस्तै जलको कार्यरूप पृथ्वी जल शिवाय अन्त कहाँ विलीन हुने हो र ? कार्यजल आफ्नो कारण तेजमा नै विलाउँछ अनि तेज पनि सत्मा विलाउँछ भनेर अध्यात्मनिष्ठ बदरीनाथले सृष्टिमा हुने गरेका वास्तविक सत्यलाई उजागर गर्दै सम्वादात्मक शैलीमा भनिएको छ -

> *सारा दुनियाँ पनि सुषुप्ति, मृत्यु र प्रलयकालमा सद्रूप भए तापनि सद्रूप हौँ भन्ने पत्तो पाउँदैनन् । अर्थात् नजानिकनै सद्रूप भएका हुन्छन् । त्यसैले व्यूँझेपछि बाघ, सिंह, ब्वाँसो आदि जुन योनीको वासना छ, त्यही योनीमा प्राप्त हुन्छन् । त्यसैले सारा जगत् सद्रूप हो । आत्मा सत्य हो* (पृष्ठ : ३२) ।

आत्मज्ञानको अभावमा जीवको जन्म मरण भइरहन्छ भन्ने पूर्वीय षड्दर्शनको सिद्धान्त अनुरूप यो संसार भ्रम हो, सारा प्रजाहरू सत्बाट पैदा भएर पनि यसैबाट पैदा भएका हौँ भन्ने बुझ्दैनन्, अनि जस्तो वासना छ उही बमोजिम चल्दछन् । यो सत्वस्तु ज्यादै सूक्ष्म हो, सत्य हो, आत्मा हो भन्ने सङ्केत पाएपछि श्वेतकेतुको मनमा आत्मज्ञानले स्थान लिंदै जाने क्रममा भनिएको छ -*पिताजी ! पानीमा छाल, भुमरी, फोका फीँज देखिन्छन् तर फेरि पानी रूप भएर नै नाश हुन्छन् तर जीवहरू सुषुप्ति मृत्यु आदिमा दिनहुँ कारणरूप भएर पनि किन नाश हुँदैनन् ?* (पृष्ठ : ३३) ।

जीवले रहित भएपछि शरीर मर्छ, जीव मर्दैन । त्यसैले यो सारा जगत् उही सूक्ष्म सद्रूप आत्मा हो, भन्ने कुरा षड्दर्शनको सार रहेको छ । सारा जगत्को सृष्टिको बारेमा उल्लेख गरिएको वेदान्त दर्शनको सिद्धान्तलाई उजागर गर्दै स्थूल पृथ्वी आदि नाम र रूपले युक्त भएको जगत्, त्यो ज्यादै सूक्ष्म र नाम रूप केही पनि नभएको सत् वस्तुबाट कसरी पैदा भयो ? भन्ने जिज्ञासामा उद्दालकद्वारा भनिएको छ -*जुन सूक्ष्मवस्तु छ तद्रूप नै जगत् छ, त्यही सत्य हो, त्यही आत्मा हो* (पृष्ठ : ३३) ।

सांसारिक जीवन भ्रम भएको हुनाले भएको वस्तु पनि स्थूल दृष्टिले देख्न सकिँदैन । अज्ञान नाश नहुन्जेल मात्र सर्वज्ञता प्राप्त गर्न विलम्ब भएको हो । अज्ञान नाश हुनासाथ सद्रूप भइहाल्छ अर्थात् सद्रूप आत्मस्वरूपलाई भुल्दा पञ्चमहाभूतले बनेको कफ, वायु, पित्त, रगत, बोसो, मासु, हाड, छाला र मलमूत्रको बास भएको मोहरूपी शरीरलाई, शान्तिको मार्ग बताइदिए सत्तत्त्वमा पुग्न सकिन्छ भन्ने आध्यात्मिक मान्यतालाई देखाएका छन् ।

ब्रह्मनिष्ठ दयालु गुरुबाट संसारको दुःख, कष्ट देखाए पछि शिष्यमा विरक्तता आउँछ । जब गुरुबाट तिमी संसारी जीव होइनौ, किन्तु शुद्ध चैतन्य वस्तु हौ भनी बुझाइदिए पछि उसको अविद्यारूपी पट्टल फुक्छ अनि उसले यो सारा जगत् उही परम्-सूक्ष्म सत्य आत्मा हो भन्ने कुरा थाहा पाउँछ भन्ने आध्यात्मिक सन्देश यस कथाले बोकेको छ ।

जबसम्म ज्ञानी मनुष्यको वाक मनमा, प्राण तेजमा अनि तेज परम देवतामा लीन हुँदैन, तबसम्म चेतना रहन्छ । अज्ञानी भने वासनानुसार विभिन्न योनी प्राप्त गर्दछ अर्थात् बाघ, मानिस, देवता आदि जीवमा प्राप्त हुन्छ । त्यही सूक्ष्म तर देवतारूप सत्य आत्मा हो । त्यही सर्वत्र छाइएको छ । त्यसलाई जानेपछि सारा कुरा जानिन्छ । त्यस्तै ईश्वरबाट सारा कुरा हुँदाहुँदै पनि म कर्ता, म भोक्ता भन्ने अज्ञानीको विकार रूप झूटो अभिनिवेश लिएको हुँदा सत्मा पुगेर पनि वासनाले गर्दा फेरि नाना योनीमा प्राप्त हुन्छन् । कतृत्व आदि जीव भावले रहित भएको ज्ञान चाँहि सत्रूप प्राप्त भएर फेरि फर्कन्न भन्ने वेदान्त दर्शनमा आधारित यस कथामा वास्तवमा त्यही सत्वस्तु सारा जगत्को अधिष्ठान हो । आधार डोरी नभए सर्प कहाँ देखिनु । त्यही सत्य आत्मालाई जानेपछि फेरि जान्नु पर्ने कुरा बाँकी रहँदैन भन्दै उद्दालकले श्वेतकेतुलाई सम्झाउँदै तिमी पनि त्यही सत्-चित आनन्द वस्तु हौ । यही नै शान्तिको मार्ग हो भनेर बताइएको उपनिषद्को कथालाई आधुनिक आध्यात्मिक मनुष्यहरूलाई अमृतत्व प्रदान गरिएको छ ।

### ४.२४.३ निष्कर्ष

छान्दोग्यपनिषद्को षष्ठम् अध्यायमा वर्णित यो कथा बाबु उद्दालकले छोरा श्वेतकेतुलाई तिमी त्यही सद्वस्तु हौ भन्ने महावाक्यको नौ पटक दिनु भएको उपदेशको सार भएको यस कथामा प्रमुख पात्र श्वेतकेतु बाबुको उपदेश सुनेर शङ्काले रहित भएपछि

दशौं पटकमा आत्माको वास्तविक स्वरूपको साक्षात्कार गरेर शान्तिको मार्ग पहिल्याएको प्रसङ्गलाई  उल्लेख गरेर बदरीनाथ भट्टराईले यस कथामा वेदान्त, योग र न्याय दर्शनको प्रभावलाई उजागर गरेका छन् ।

## ४.२५ के रैक्वको बिहे कथा विष्लेषण

बदरीनाथ भट्टराईले *के रैक्वको बिहे* कथालाई छान्दोग्यपनिषद्को चतुर्थ अध्यायको प्रथम, द्वितीय र तृतीय खण्डमा वर्णित रैक्व र जानश्रुतिको अध्यात्मज्ञान सम्बन्धी कुराकानीको प्रसङ्गलाई कथावस्तु बनाएर रचना गरेका छन् । यो कथा कथाकारको वैदिक कहानी कथासङ्ग्रहभित्रको चौथो कथा हो ।

### ४.२५.१ कथासार

राजा जानश्रुति र रैक्वको ब्रह्मज्ञान सम्बन्धी प्रमुख विषयवस्तु भएको यस कथाको सुरुवात राजा जानश्रुतिले रैक्वको ब्रह्मज्ञानको प्रशंसा सुनेका हुनाले उनी रैक्वको खोजीमा जान्छन् । धेरै समयको खोजी पश्चात राजाले रैक्वलाई भेट्दछन् । राजाले गाई धेरै धनसम्पत्ति र आफ्नो छोरी समेत प्रदान गर्छु भन्दा रैक्वले शूद्रको सम्बोधन गरेपछि, धनसम्पत्ति केही होइन; ज्ञान प्राप्त गर्न गुरुले जे भन्छन् त्यही गर्छु भनेर पुन : आग्रह गर्दा रैक्वले सुरुमा सर्वविद्याको ज्ञान प्राप्तिमा सफल भएका राजा जानश्रुतिलाई शुद्ध आत्मालाई ध्यान गर्ने प्रक्रिया बताउँछन् । उक्त ध्यान प्रक्रियाबाट पुनः राजाले आत्मतत्त्वको ज्ञान प्राप्त गरेको विषयवस्तु नै यस कथाको मुख्य सार रहेको छ ।

### ४.२५.२ के रैक्वको बिहे कथामा अध्यात्मिक दर्शनको प्रभाव

देवताहरूभन्दा र प्राणहरूभन्दा पनि भिन्न विलक्षण तत्त्व सत् हो र देवता एवम् प्राणरूप त्यो हो जसलाई सत्य भनिन्छ अर्थात् सत्य नै भगवान्को रूप हो भन्ने आध्यात्मिक ज्ञान प्राप्त गरेका बदरीनाथद्वारा कथाको सुरुवात जानश्रुतिको तेजको तारिफबाट र पुण्यात्मा गाडावान् रैक्वको तारिफबाट भएको छ । गाडावान् रैक्वको अगाडि राजा जानश्रुतिद्वारा आफूसँग भएको ज्ञान केही पनि होइन भन्ने ठानी आत्मज्ञान प्राप्तिका लागि ६ सय गाई, सुन्दर शहर र रथ गुरु दक्षिणाको रूपमा टक्र्याउँछु भन्दै भनिएको छ - *यहाँले जुन देवताको उपासना गर्नुहुन्छ, त्यो मलाई पनि आज्ञा होस्* (पृष्ठ : १९) । दान, धर्म, कर्म,

पूजा, पाठ, भक्ति आदि पूर्वीय दर्शनका भगवत्त्व प्राप्तिका आधारभूत तत्त्व हुन् । यी तत्त्वहरूका माध्यमबाट मनुष्यले आध्यात्मिक मार्ग पहिचान गरी धन सम्पत्तिको मोहबाट मुक्त रहनुपर्दछ भन्ने भाव बदरीनाथले यहाँ प्रकट गरेका छन् ।

काम, क्रोध, लोभ, मोहबाट मुक्त मानिस आत्मज्ञानी हो भन्ने आध्यात्मिक मान्यता बमोजिम भनिएको छ -*शोक र मोहमा बग्ने मानिस नै शुद्र हो* भन्नु भावनामा बग्नु हो, मानिस भ्रममा पर्नु हो, मानिसमा भएको अज्ञानता हो, यो सारा जगत् भ्रम हो, आत्मा परमात्मा सृष्टि परब्रह्म मोक्ष जस्ता विषयमा व्याख्या गरिएको वेदान्त दर्शनमा यो सारा जगत् ब्रह्मय छ । व्यवहार भेदमा भ्रान्तिका कारण मिथ्या ज्ञानले गर्दा अनेक रूपको ज्ञान भएको मात्र हो भन्ने वास्तविक सत्यलाई बुझाउँदै ज्ञानको अगाडि धन के चीज हो र ? ज्ञान दिने गुरुलाई ब्रह्माण्डै दिए पनि पुग्दैन । विद्या अनमोल कुरा हो । कर्मले, सन्तानले, धनले ज्ञान पाइंदैन किन्तु त्यागले पाइन्छ । विद्या प्राप्त गर्न शरीर र मन शुद्ध हुनुपर्दछ र हृदयदेखि नै ज्ञान प्राप्त गर्छु भन्ने अठोट हुनुपर्दछ । ज्ञानी र आत्मज्ञान बुझेका मान्छेको मुखमा चमक, आँखामा तेज, हेर्दा शान्त र निर्मल देखिन्छन् । यस्ता महात्माहरूको दर्शनबाट मात्र पनि पवित्र हुन सकिन्छ भन्ने कुराको ज्ञान बदरीनाथ भट्टराईले यहाँ दिएका छन् ।

छान्दोग्योपनिषद्को कथावस्तुमा आधारित यस कथाका प्रमुखपात्र रैक्वले राजा जानश्रुतिलाई ज्ञानी नै जस्ता देख्दछन् । यिनमा रिस, राग, द्वेष केही नभएको र ममाथि पूरा श्रद्धा र सद्भाव भएको हुनाले यी राजाले आफ्नी छोरी समेत दिई उपदेश लिन्छु भन्ने अनुरोध गरेका हुनाले सुरुमा सर्वज्ञ विद्याको उपदेश दिंदै भनिएको छ -*जल र तेज वायुमा विलीन भए झैँ सारा कार्यको कारणमा विलय हुन्छ । चैतन्यमा नै सारा जडको विलय हुन्छ भन्ने कुरामा केही शंका छैन । चित्त एकाग्र तुल्याएर मात्र हुँदैन किन्तु निरूद्ध तुल्याउनु पर्छ* (पृष्ठ : २१) ।

हल्लिएको पानीमा चन्द्र, सूर्यको प्रतिविम्ब छर्लङ्ग नदेखिए झैँ चञ्चल चित्तमा आत्माको दर्शन राम्ररी हुँदैन । चित्त अखण्ड तुल्याउनु नै ठूलो पुरुषार्थ हो । यसैका लागि प्रशस्त प्रयत्न गर्नुपर्छ । अज्ञानरूपी अँध्यारो हटाउन ज्ञानरूपी बत्ती बाल्नु पर्छ । म को हुँ ? जगत् कस्तो हो ? भन्ने विचार पहिले नै गर्नुपदर्छ । मनमा वासनारूपी तत्त्वलाई हटाई वास्तविक ज्ञान प्राप्त भएपछि सांसरिक जगत् झुटो हो भन्ने कुराको ज्ञान प्राप्त हुन्छ । धन, सम्पत्ति, माया, मोह, रिस, राग, द्वेष सबै अर्मूत कुराहरू हुन् । जसले दान गर्छ ऊ

वास्तवमा दानी होइन सत्ता पाएर स्थूल र सूक्ष्म शरीरले मात्र दान गरेको हो । विवेक गरेर खण्डित, जड, नाशवान्, परप्रकाश्य अहंकारलाई त्यागेर व्यापक, चेतन, अविनाशी, स्वप्रकाश आफू मात्र भएकोले कसैले आश्रय नगर्ने आत्माको अनुभव गरी म शुद्ध चैतन्य हुँ भन्ने निश्चय गरेर जगत् झुटो हो भन्ने दृढ विश्वास भयो भने आत्माको अनुभव हुन वेर लाग्दैन । वास्तवमा आत्मा पाउनु पर्ने वस्तु होइन आत्मा त सदा आफैभित्र प्राप्त भइरहेको हुन्छ, यसलाई बुझ्न आत्मविद्याको ज्ञान र योग साधनाको आवश्यकता पर्दो रहेछ भन्ने दर्शनको प्रभावलाई कथाकारले यहाँ उजागर गर्दै आध्यात्मिक सन्देश प्रदान गरेका छन् ।

### ४.२५.३ निष्कर्ष

राजा जानश्रुतिले गाडावान् रैक्वबाट आत्मज्ञान (ब्रह्मज्ञान) प्राप्त गर्न खोजी गरेको प्रयासमा आधारित ब्रह्म सत्य, जगत् झुटो, सृष्टि, परब्रह्म, मोक्षजस्ता विषयमा व्याख्या गरिएको वेदान्त दर्शन तथा आध्यात्मिक दर्शनको मुख्य घुटी छान्दोग्यपनिषद्बाट प्रभावित रहेको यस कथामा आत्मज्ञान प्राप्त गर्न आफैमा स्वतः स्फूर्त ज्ञान प्राप्त गर्ने चाहना र भक्तिमय योग साधना हुनु पर्दछ; जसका कारण असल गुरुबाट शिक्षा दीक्षा लिई आफैभित्र रहेको ज्ञानलाई उजागर गर्न सकिन्छ भन्ने जड् कुराको निष्कर्षलाई बदरीनाथद्वारा यहाँ प्रस्तुत गरिएको छ ।

## ४.२६ अध्यायगत निर्ष्कष

बदरीनाथ भट्टराईका देवकुल तथा ऋषिकुल सम्बन्धी कथासमूह अर्न्तगत तेस्रो चरित्र कथामा महाशक्ति भगवती माताका अनुरूप दुर्गामाताले विभिन्न रूपधारणा गरेर दुष्ट कामुक पुरूषहरूको विनास भएको प्रसङ्ग भित्र वैशेषिक र न्याय दर्शनका प्रभावलाई प्रस्तुत गरिएको छ भने भूल सुधार कथामा आध्यात्मिक नीति नियम, धर्म, अधर्मसँग सामाजिक आर्दशभित्र वैशेषिक र साङ्ख्य दर्शनको प्रभाव देखाइएको छ । सत्यको खोजी कथामा जगत्को सृष्टि आध्यात्मिक चिन्तनसँग राष्ट्रिय भावलाई झल्काउँदै इन्द्रद्वारा भगवान् ब्रह्माजीको पटक पटक तपस्या गर्दा सत्यको मार्ग पहिल्याइएको विषयमा योग र वेदान्त दर्शनलाई उजागर गरिएको छ । सप्तशतीको सारांश कथामा मानिसले काम, क्रोध, लोभ र मोह, त्याग गर्न सकेमा भगवती माताको वलशक्ति प्राप्त गरी भग्वत्त्व प्राप्त गर्न सकिने वेदान्त र मीमांसा दर्शको प्रभावलाई प्रस्तुत गरिएको छ । त्यस्तै हैमवती, शक्ति परीक्षा, तीन वरदान, तिनौटा द, भूमा, सारा इच्छा पूरा हुने उपाय, जवानीको जोश, शुकजीको प्रश्नको उत्तर, विश्वामित्र, वाल्मीकि, मातृहत्या, व्यभिचार, माझीकी छोरी रानी, साधुचोर,

आथवर्ण दध्यङ्, अधुरो ज्ञानको खण्डन, पाँच प्रश्नको उत्तर, सत्यकाम, अंशवण्डा, शान्तिको मार्ग, के रैक्वको बिहे कथामा शक्ति प्राप्त गर्न र शक्ति भेदका कारक तत्त्वको बोध गर्न पनि आध्यात्मिकता प्राप्त गर्नु पर्दछ भन्ने बदरीनाथ भट्टराईका देवकुल तथा ऋषिकुल सम्बन्धी समूहका कथाहरूको विश्लेषण गर्दा पाइएका आध्यात्मिकताले मानवको जीवनमा सकारात्मक प्रभाव पार्ने देखिएको छ । सनातन धर्मग्रन्थहरूले विविध माध्यमबाट अमूल्य अर्ती उपदेश, मार्गनिर्देशन र चेतावनी दिएको विषयलाई यस समूहका कथाहरूमा उल्लेख गरेर आध्यात्मिकताको खोजी गरिएको छ । गुरुकुल शिक्षा पद्धति, गृहस्थ धर्म, वानप्रस्थआश्रम, ऋषिमुनिहरूको चरित्र, कठोर तपस्या, त्याग र उनीहरूले प्राप्त गरेको ब्रह्मज्ञान लगायतका विषयवस्तुको ज्ञान गराएर सत्य, धर्म, परोपकार, सत्ज्ञान, सत्बुद्धि र सदाचारको शिक्षा प्रदान गरेर कर्मयोगको सन्देश प्रदान गरिएको छ । साथै देवताहरूको समाज, उनीहरूको चरित्र, मानसिक स्थिति, देवता र दानवहरूको झगडा, अहंपन, उनीहरूको विलासी प्रवृत्ति आदिलाई समेत प्रस्तुत गरेर कथामा पूर्ण रूपमा आध्यात्मिक भाव पकट गरिएको छ ।

मानिसले सच्चरित्र र नैतिक गुणलाई अपनाउन सक्यो भने स्वच्छ समाजको निमार्ण हुन सक्दछ, समाजलाई स्वच्छ बनाउन वैदिक शिक्षा आवश्यक रहेको हुन्छ । विगतका सत्य र असत्य कुराको सिकाइबाट मानिसमा सद्ज्ञान विकास भई शान्ति प्राप्त हुन्छ भन्ने भाव भएका बदरीनाथ भट्टराईका कथाहरूमा जीवन, जगत्, जीवात्मा, परमात्मा भौतिक तथा आध्यात्मिक चिन्तनहरू रहेका छन् । संसार अनित्य हो भने जीव वा चैतन्य सत्ता शाश्वत हो । नित्य आत्मा तत्वको ज्ञान नै मानिसको प्राप्य वस्तु हो । विश्व ब्रह्मणका कारण स्वरूप ईश्वरीय सर्वसत्तालाई स्वीकार गरी र कथाका माध्यमबाट आध्यात्मिक ज्ञान प्रदान गर्नु कथाकारको उद्देश्य हो । यस अध्यायका कथाहरूमा मानिसका कतर्व्य, अकतर्व्यका कुराहरूलाई देखाउँदै धर्म, दर्शन, धार्मिक सद्भावना, सहिष्णुताका विषयहरू, पौराणिक समाजका रीतिरिवाज, संस्कृतिभित्र कथाकारद्वारा आफूलाई लागेका विचारहरूमा जीवन के हो ? जगत् के हो ? यसको सृष्टि सञ्चालन कसरी हुन्छ ? मानवको जन्म मृत्युका बारेमा सूक्ष्म विचारहरू दाशर्निक रूपमा दर्शाउँदै कथाको प्रकृति अनुरूप वेदान्त, योग, मीमांसा, न्याय, वैशेषिक र साङ्ख्य दर्शनको प्रभावलाई उजागर गरिएको छ ।

●●●

# अध्याय : पाँच

## पौराणिक समयका राजकुल तथा सामान्य मानव जीवन सम्बन्धी कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव

ब्रह्माण्डमा कुनै पनि वस्तुहरूको आफ्नो मूल्य हुन्छ । त्यस्ता मूल्यहरू वस्तुगत, विषयगत, परिवर्तनशील र स्थिर रूपमा रहेका छन् । त्यस्तो मूल्यको निरूपण मानिसले गरेको हुन्छ । समाजमा पौराणिक कालदेखि नै विभिन्न प्रकारका जीवहरूको सृष्टि हुँदै आएको छ । यहाँ विभिन्न प्रकारका जीवात्माका साथै विभिन्न स्वभावका मानिसहरू पनि रहेका छन् । उनै मानिसहरूद्वारा स्वच्छ र शान्त समाजको निर्माण वा विकृतियुक्त द्वन्द्वात्मक व्यक्ति तथा समाजको निर्माण पनि मानिसहरू स्वयम्बाट भएको छ भन्ने विषयलाई बदरीनाथ भट्टराईले षड्दर्शनसँग जोडेर आत्मा नित्य छ तर चेतन नित्य छैन ईश्वर सृष्टिको स्रष्टा, पालक र संहारक हो । ईश्वर प्राप्तिका थुप्रै उपायहरू छन् । आत्मा त्यो द्रव्य हो जसमा बुद्धि (ज्ञान), सुख-दुःख, राग-द्वेष, इच्छा आदि गुणहरू रहेका छन् । आत्मा, देह, इन्द्रिय आदि भन्दा फरक हुन्छ । न्याय दर्शनको सबभन्दा ठूलो विशेषता आत्मालाई प्रमेय मानी सिद्ध गर्नु अर्थात् प्रमाणका आधारमा आत्माको पुष्टि गर्नु हो । संसार सुखमय छ र जीवन सुखमय बनाउँन ईश्वर प्राप्त गर्नुपर्दछ भन्ने न्याय दर्शन, ईश्वर प्राप्तिको उपायहरू बताउने दर्शन हो । वैशेषिक दर्शनमा द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय र अभाव रहेका छन् । यसले संसारमा प्रकृति र पुरुष दुई मूल तत्त्व निरपेक्ष छन् । पुरुष चेतन छ, नित्य छ, र यो पृथक छ । पुरुष एक होइन अनेक छ । सारा कारण प्रकृति हो । प्रकृति नित्य र चेतना विहीन छ । प्रकृतिका सत्त्व, रज र तम तीन गुणहरू रहेका छन् । प्रकृति परिवर्तनशील छ । कार्य र कारणमा एकता हुन्छ । कारणको विकसित रूप नै कार्य हो । ईश्वर स्रष्टा होइन द्रष्टा हो भन्ने साङ्ख्य दर्शन, योगाभ्यासद्वारा विवेक प्राप्त हुन्छ । योगाभ्यास अर्थात् ईश्वरको ध्यान आत्मज्ञानका लागि आवश्यक छ भन्ने योग दर्शन, वेद सम्मत कर्म, धर्म हो । वेद असम्मत कर्म अधर्म हो, आत्मा चेतना हो, भौतिक जगत् सत्य हो भन्ने मीमांसा दर्शन र अनेकतामा एकता नै सत्य हो । संसारका नानाथरी कुरा मिथ्या हुन् । सम्पूर्ण कुरा ब्रह्म हो । वेदान्तको ज्ञानद्वारा अज्ञानता नाश हुन्छ । ब्रह्मानन्द स्वरूप हुन्छ, ब्रह्म तथा परमात्मा एकै हो भन्ने वेदान्त दर्शनको प्रभावलाई यस समूहका कथामा देखाइएको छ ।

श्रीमद्भागवत महापुराण, महाभारत, देवीभागवत, विष्णुपुराण, रामायण आदि पुराणहरूमा वर्णित राजारानी र उनीहरूका परिवार तथा राज्य व्यवस्था सञ्चालनमा पुरुषमात्र होइन महिलाले पनि गहन भूमिका निर्वाह गर्न सक्दछन् भन्ने कुराहरू असत्यमाथि सत्यको विजय भएको परिवेश तथा आदर्श नारीको प्रधान चरित्रको वर्णन गरिएको बिषयवस्तु आदिलाई दर्शाएर यस समूहका कथाहरूको रचना भएको पाइएको छ । बदरीनाथ भट्टराईद्वारा यी कथाहरूमा राजधर्म, प्रजापालन, सामाजिक न्याय, पात्रहरूमा उत्साहपूर्ण क्रियाकलाप तथा वीरता र साहसपूर्ण कार्य नैतिक मूल्य मान्यता, पौराणिक ऐतिहासिक सांस्कृतिक तथा धार्मिक आस्था र विश्वास आध्यात्मिक सामाजिक नीति नियम, गुरुकुल शिक्षा पद्धति तथा आत्मज्ञान/ब्रह्मविद्या आदि कुराको उल्लेख गर्नुका साथै अन्यायको दमन गरिएको प्रसङ्ग पनि यस समूहका कथामा उल्लेख गरिएको पाइन्छ ।

यस समूहका कथाहरूमा विशेष गरेर पौराणिक देवता र दानवहरूका राजा महाराजाहरूको चरित्रको वर्णन गरिएको हुनाले पनि उक्त समयको राजनैतिक व्यवस्था, राजा र प्रजाको प्रगाढ सम्बन्ध तथा राजा भएर पनि शक्तिको दुरूपयोग गरी कुकर्म र दुराचारमा प्रवृत भएको अवस्थामा दण्ड नीतिलाई उल्लेख गरिएको छ । यस समूहका कथाहरूमा तत्कालीन सामाजिक, आर्थिक अवस्थाको बोध, तत्कालीन भाषा संस्कृतिको प्रभाव लगायत आध्यात्मिक दर्शनका चिन्तनका विषयहरू ईश्वर, आत्मा, धर्म, मोक्ष, शरीर, मन, सुख-दुःख एवम् कर्मयोग र मानवधर्म सम्बन्धी कुराको प्रभावलाई समेत देखाएर वर्णन गरिएका कथाहरू निम्नानुसार छन् :

## ५.१ भगीरथ कथा विश्लेषण

*भगीरथ* कथा बदरीनाथ भट्टराईको वि.सं २०१० सालमा प्रकाशित पौराणिक बाल कथा सङ्ग्रहभित्रको महत्त्वपूर्ण कथा हो । यस कथालाई कथाकारले श्रीमद्भागवत महापुराणको नवमस्कन्धमा उल्लिखित सगरोपाख्यानको कथावस्तुलाई उपजीव्य बनाएर रचना गरेका हुन् । सगरका नाति अंशुमान् उनको पुत्र दिलीप र दिलीपको पनि पुत्र भगीरथ अर्थात् तिन पुस्ताको तपस्याबाट प्रसन्न भएकी गङ्गा स्वर्गबाट पृथ्वीमा अवतरण हुन राजी भएको विषयलाई लिएर कथा रचना गरिएको छ ।

### ५.१.१ कथासार

पिता पुर्खा अर्थात् पिता दिलीप र हजुरबुबा अंशुमान्ले पनि गर्न नसकेको काम भगीरथले पूरा गरेर कपिल मुनिद्वारा श्रापित आफ्ना वंशको उद्धार गर्न यस धर्तीमा गङ्गालाई अवतरण गराएको महत्त्वपूर्ण प्रसङ्ग कथामा उल्लिखित छ । कथाको प्रारम्भमा भगीरथ राजाको यश र कीर्तिको विषयमा वर्णन गरिएको छ । भगीरथ अत्यन्त प्रतापी र वैभवशाली राजा थिए । उनले आफ्नो वंशले गर्न नसकेको कार्यलाई पूरा गर्न साक्षात् भगवान् शङ्करलाई कठोर तपस्या गरेर खुशी पारेकाछन् । भगवान् शङ्करलाई खुशी पारेर उहाँको वरदान स्वरूप माता गङ्गालाई यस धर्तीमा अवतरण गराउन भगीरथ सफल भएको मुख्य सार यस कथामा रहेको छ ।

### ५.१.२ भगीरथ कथामा आध्यात्मिक दर्शनको प्रभाव

प्रकृति, बुद्धि त्रिगुणात्मक अहङ्कार र पञ्चतन्त्र यी आठ बन्धनलाई आफ्नो वशमा राखी तिनीहरू माथि शासन गर्नेलाई शिव भनिन्छ । शिव भगवान्लाई महेश्वर, महादेव, अर्द्धनारेश्वर, हरिहर आदि नामका अतिरिक्त कल्याण मूर्ति पनि भन्ने गरिन्छ । यस्ता परब्रह्म प्रभु महादेवका विषयमा सनातन हिन्दू धर्मका अनुयायी बदरीनाथ भट्टराईद्वारा भनिएको छ, -*महादेव नामै आशुतोष (चाँडै खुशी हुने) भएको हुनाले उहाँले प्रसन्न भएर गङ्गाजीलाई म थामिदिने भएँ भनेर आज्ञा भयो* (पृष्ठ : २) ।

भगवान् शिव भक्तको निस्वार्थ भक्तिबाट चाँडै नै खुशी हुनुहुन्छ । भक्तलाई परेको सङ्कट हरण गर्नु हुन्छ भन्ने आध्यात्मिक विश्वास रहेको छ । सोही अनुरूप शिवको पाउ परी आशीर्वाद लिएर गङ्गाजीको पुनः तपस्या गर्दा भगीरथको अन्त : करणमा स्वर्गलोकका देवताहरू सहित माता गङ्गाजीको दर्शन हुन्छ । माता गङ्गा पृथ्वीमा अवतरण हुन राजी हुनुहुन्छ तर स्वर्गदेखि झर्दाको वेग पृथ्वीले थाम्न नसक्ने र सिधै पातालमा पुग्ने बताउँदै गङ्गाजीबाट आज्ञा भयो -*म स्वर्गबाट पृथ्वीमा झर्दा मेरो वेगलाई धारण गर्ने कोही हुनुपर्छ नत्र भगीरथ यसो भएन भने म पृथ्वीलाई फोरेर रसातल जानेछु* (स्वरूपानन्द, २०५६ : ५०७) ।

गङ्गाले आफ्नो वेगलाई थाम्ने कोही नभए आफू रसातल जाने बताएपछि राजा भगीरथले शङ्कर भगवान्को भक्ति उपासना गरेर भगवान् शङ्कर प्रसन्न भए गङ्गाको वेग

थामिदिने वचन दिएपछि गङ्गालाई अवतरण गराइएको कुरालाई यस कथामा बताइएको छ । मनुष्यले भगवान्का कृपाले पाएको विवेकशक्तिको उपयोग गर्नुपर्दछ । संसारको अनित्यतालाई क्षणिक निर्वाहका लागि उपयुक्त कर्तव्यको निष्काम भाव पूर्वक भगवान्को आज्ञा सम्फिएर अनुष्ठान गर्दै आफ्नो बुद्धिमा उहाँको नाम रूप लीलाधाम तथा उहाँको अलौकिक शक्ति र दयाको दृढ विश्वास उत्पन्न गराउनुपर्दछ भन्ने आध्यात्मिक भावना भएका बदरीनाथ भट्टराईद्वारा भनिएको छ- *खास त म पृथ्वीमा आउँनै चाहान्न किनकि मानिसहरूले आफ्नो पाप ममा बगाउलान् । म तिनीहरूको पाप कहाँ धुन जाउँ ? हे भगीरथ ! यस विषयमा तिमी आफैं विचार गर* (जोशी, २०५७ : ५०८) ।

मानवीय जीवनको सदाचारको विषयमा उल्लेख गरिएको यस कथामा आफ्नो मनलाई भगवान्को तत्त्व चिन्तनमा लगाउनुपर्दछ । भौतिक संसारबाट मुक्ति प्राप्त गर्नका लागि परमात्मा प्राप्तिको विद्या आर्जन गर्नु पर्दछ भन्दै पाप र धर्मको विषयमा ज्ञान गाराइएको यस कथा अति नै महत्त्वपूर्ण रहेको छ । धर्मले मानिसलाई नीति नियम र अनुशासन सिकाउँछ भन्ने आध्यात्मिक विद्वान् भट्टराईद्वारा भनिएको छ -

> *म जान त जाने थिएँ तर के गर्नु ? पृथ्वीमा धेरैजसो मानिस ज्यादै स्वार्थी छन् । जस्तो जुकै अत्याचार गर्न पनि उनीहरू पछि हट्दैनन् । मानिस भएर कुन चालमा चल्नु पर्छ भन्ने कुरा कसैलाई थाहा नै छैन । कुनै मानिस जानी जानी बुझ पचाउँछ । अब त्यस्ताको त्यो विधि पाप म एउटी मात्रले कसरी बोक्नु* (पृष्ठ : २) ।

कथामा धर्म, दर्शन, पाप, पुण्य आदिको ज्ञान गराउन खोजिएको बुझिन्छ । बदरीनाथले यस कथामा दैवी चरित्रलाई मानवीय रूपमा चित्रण गर्न खोजेका छन् । धार्मिक र दार्शनिक विषयले विशिष्ट रहेको गङ्गानदी हिन्दूहरूको लागि पवित्र तीर्थ स्थल मानिन्छ । धार्मिक मान्यतामा पनि अन्य नदीहरू भन्दा वैशिष्ट्य रहेको गङ्गानदीको विषयमा भगीरथको तपस्या चर्चा विभिन्न पुराण, उपपुराणहरूमा पाइन्छ । पुराणहरूमा देवता, देवर्षि, ब्रह्मर्षि तथा राजर्षिहरूको शक्तिको महात्म्य प्रसस्त उल्लेख भएको पाइन्छ । गाङ्गाको उत्पत्तिको विषयमा गङ्गालाई देवताको श्राप परेकाले पृथ्वीमा आउनु परेको तथा सगर पुत्रहरूको उद्धार गर्न गङ्गाजी भगीरथको भक्तिपूर्ण तपस्याबाट पृथ्वीमा अवतरण हुनुभएको कुरा पाइन्छ ।

गङ्गा स्वर्गकी देवी अर्थात् स्वर्गीय नदी हुन् । उनीले आफ्नो त्रुटिका कारण धर्तीमा झर्नुपरेको हो । भगीरथको तपस्याले भएको गङ्गा अवतरण पृथ्वीवासीका लागि वरदान सिद्ध भएको छ । यस कथा मार्फत् बदरीनाथले पृथ्वीमा रहेका धर्म हराएका मानिसहरूलाई उदाहरण दिएर उनीहरूलाई पाप कर्मबाट टाढा रही आध्यात्मिकताको बाटो पहिचान गर्ने सन्देश दिदैं भगीरथद्वारा भनिएको छ -

> *माता ! जसले लोक, परलोक, धन, सम्पत्ति र स्त्री पुत्रको कामनाबाट सन्यास लिएको छ, जो संसारबाट उत्पत्ति भएर आफू-आफैंमा शान्त छ, जो ब्रह्मनिष्ठ र लोकलाई पवित्र गर्ने परोपकारी सज्जन छ त्यसले आफ्नो अङ्ग स्पर्शले तपाईको पापलाई नष्ट पारिदिने छ । किनकि उसको हृदयमा अधरूप अधासुरलाई मार्ने भगवान् सर्वदा निवास गर्नुहुन्छ* (जोशी, २०५७ : ५०८) ।

यस कथाका हरेक पङ्तिहरूमा पाप कर्म गर्नु हुँदैन । पाप कर्मबाट आफूले त दुःख भोग्नु पर्दछ नै त्यसबाट अरूलाई समेत असर पर्न जान्छ र मानिस अझ घोर पाप कर्ममा डुब्न जान्छ । मानिसले पाप कर्मबाट मुक्त भएर आध्यात्मिकताको बाटो पहिल्याउन सकेमा ऊ शान्त र प्रकाशित हुनजान्छ भन्दै भनिएको छ- *पृथ्वीमा जत्तिको त्यागी, योगी, ज्ञानी, विज्ञानी, बुद्धिमान, उद्योगी, परोपकारी, धर्मात्मा होलान् त्यतिका अन्त कही पाइँदैन* (पृष्ठ : २) ।

श्रीमद्भागवतको नवौं स्ककन्धमा *भगीरथ चरित्र र गङ्गावतरण* शीर्षकमा उल्लिखित भगीरथ कथामा मानव धर्मको रक्षा गर्न र धार्मिक मानवहरूको परिचय दिन कथाकार सफल देखिएका छन् । भगीरथ राजाले गङ्गाजीको आज्ञा पश्चात भगवान् शिवजीलाई तपस्या गरी प्रसन्न बनाई गङ्गाजीलाई आफ्नो शिरमा धारणा गर्नुभयो र गङ्गाजी पवित्र रूपले बहन थालिन् । भगवान् शङ्करले धारणा गर्नुभएको हुनाले आजसम्म पनि गङ्गाजीको जल परम पवित्र विश्व प्रसिद्ध रहेको छ । त्यसपछि भगीरथ राजाले आफ्ना पितृहरूको उद्धारका निमित्त पितृहरूको खरानी भएको ठाउँ हुँदै गङ्गासागर सङ्गममा पुगेर गङ्गाको उद्धार गरेको हुनाले भगीरथ गङ्गाका नामले उक्त ठाउँ प्रसिद्ध रहयो । जसका कारण संसारका जीवित तथा मृतहरूको आत्मा पनि गङ्गाजलबाट पवित्र भई शान्तिको

श्वास फेर्न थाले । जताततै अमृतमय गङ्गाजलको प्रभावका कारण शान्तिको धारा बहन थाल्यो । भगीरथ राजाको त्यो त्याग र तपस्याका कारण आज समस्त हिन्दू राष्ट्रहरूको विशेष गरेर भारतवर्षका जनताहरूले पवित्र गङ्गाजीको स्नेह, माया, ममता, सुरक्षा, वात्सल्य र अध्यात्ममय जल सेचन गरी आफ्नो जीवनलाई सार्थक बनाउन पाएका छन् भन्ने कुरा यस कथामा उल्लिखित गरिएको छ । कथामा उल्लिखित कथावस्तुले बालबालिकाहरूमा नैतिकता, कर्तव्य परायणता, इमान्दारिता, सामाजिक नीति चेतना लगायतका विषयमा काम गर्ने जोश जाँगर बढ्नुका साथै यस्ता किसिमका कृतिहरूको अध्ययनले आध्यात्मिक बाटोमा अगाडि बढी धर्म र सत्यको बाटो रोजेमा भगवान्को संरक्षण प्राप्त गर्न सकिने रहेछ भन्ने सन्देश प्रदान गरेको यो कथा सामाजिक, राजनैतिक र आध्यात्मिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण रहेको छ ।

### ५.१.३ निष्कर्ष

मुक्त पुरुषहरू र सिद्ध पुरुषहरूका बिचमा पनि भगवान्को भक्त सधैँ शान्त र प्रसन्न हुन्छ भन्ने आध्यात्मिक मान्यता बमोजिम यस कथाका प्रमुख पात्र भगवान्का भक्त भगीरथले गङ्गा मातालाई अवतरण गराएर पृथ्वीमा रहेका सम्पूर्ण प्राणीहरूको कल्याण गर्नुभएको विषयलाई कथात्मक रूप दिएर बदरीनाथ भट्टराईले पाठकहरूलाई सद्मार्ग प्रदान गरेका छन् ।

## ५.२ ययाति कथा विश्लेषण

*ययाति* कथा बदरीनाथ भट्टराईको वि.सं. २०१० सालमा प्रकाशित पौराणिक बालकथा सङ्ग्रहमा सङ्ग्रहीत कथा हो । कथाकारले यस कथालाई श्रीमद्भागवतको नवमस्कन्धको अठारौं र उन्नाइसौं अध्यायमा वर्णित राजा ययाति र देवयानीको प्रेम प्रसङ्गलाई उपजीव्य बनाएर रचना गरेका छन् । यस कथामा विशेष गरेर ययातिको चरित्रलाई उद्घाटन गर्न खोजिएको छ ।

### ५.२.१ कथासार

राजा नहुषका छ छोराहरूमध्ये माहिला छोराका रूपमा चन्द्रवंशी चक्रवर्ती राजा ययाति प्रसिद्ध रहेका थिए । उनको विवाह दैत्य गुरु शुक्राचार्यकी पुत्री देवयानीसँग भएको

हुन्छ भने पछि लुकीछिपी दैत्यराज वृषपर्वाकी पुत्री शर्मिष्ठासँग प्रेम विवाह पनि भएको हुन्छ । यिनी वीर, पराक्रमी र दयावान् राजा थिए । एकदिन वनविहार गरेर फर्कंदा ययातिले कुवाभित्र एक कन्या डुबिरहकी र आफ्नो उद्धारको लागि आह्वान गरिरहेकी देख्छन् र सोही अनुरूप उनले ती कन्यालाई कुवाभित्रबाट उद्धार गर्दछन् ।

देवयानी ययातिसँग अत्यन्त प्रभावित हुन्छिन् र आफूलाई पत्नीको रूपमा स्वीकार गर्न अनुरोध गर्दछिन् । ययातिले पनि उनको प्रस्तावलाई स्वीकार गर्दछन् । यिनीहरू दाम्पत्य जीवनमा बाँधिन्छन् । साथीसाथीका झगडाका कारण शर्मिष्ठाद्वारा कुवामा खसाइएकी देवयानीले उनीसँग बदला लिन र शर्मिष्ठाले गरेको गलत कार्यको सजाय दिन नोकर्नीको रूपमा घरमा दाइजो लगेकी हुन्छिन् । नारी ईर्ष्या स्वरूप आफ्ना पतिको नजर आफू बाहेक कोहीसँग पनि नपरोस् भन्ने चाहना हरेक पतिव्रता नारीमा हुन्छ । सोही अनुरूप देवयानीको पनि सो भावना थियो । उनले आफ्नी सखी रूपवती शर्मिष्ठालाई आफ्ना पतिबाट टाढा राख्न कोठाभित्र मात्र सीमित राखेकी थिइन् । उनले शर्मिष्ठालाई घरको कोठाबाट बाहिर कतै पनि जान दिन्नथिन् । तर एक दिन कपडा सुकाउन लाग्दा बगैँचामा ययातिले अत्यन्त सुन्दरी शर्मिष्ठालाई देखिहाले । उनीहरू दुईबिच विस्तारै विस्तारै प्रेम बस्यो । दुईले लुकीछिपी गन्धर्व विवाह गरे । फलस्वरूप उनीहरूबाट पुत्र पनि प्राप्त भयो । शर्मिष्ठाले छोरा पाएको कुरा देवयानीले चाल पाएर कसको बच्चा हो भनी सोधपुछ गरिन् । शर्मिष्ठाले अर्के ब्राह्मणको हो भनिदिइन् । सो कुराबाट चित्त बुझाई देवयानी बसेकी थिइन् । सत्य कुरा धेरै दिन छिप्न सकेन । देवयानीले सबै कुरा थाहा पाइन् र आफ्नो बाबु शुक्राचार्यसँग सिकायत गरिन् । शुक्राचार्य रिसले आगो भई राजा ययातिलाई चाँडै नै बूढो हुने सराप दिए राजा ययातिले यस्तो बुढ्यौली सहन गर्न सकेनन् । रानी देवयानीलाई पनि राजाको बुढ्यौली सह्यभएन । ययातिलाई आफ्नो गल्ती अनुभव भयो । उनले शुक्राचार्यसँग यस्तो गल्ती गर्दिन भनेर क्षमा मागेपछि शुक्राचार्यले यो बुढ्याँइलाई मन लागेसम्म अरूमा सार्न हुनेछ भन्ने वरदान दिए । सोही अनुरूप राजा ययातिले आफ्ना कान्छा छोरा पुरुलाई बुढ्यौली सारी केही काल जवान भएर राज्यभोग गरे । केही समय राज्य सञ्चालन पश्चात् आफ्नो जीवनदेखि वैराग्यको महसुस गरेका ययातिले फेरि आफ्नो बुढ्याईंलाई आफैंमा फर्काएपछि सबैभन्दा असल र भलादमी कान्छा छोरा पुरुलाई राज्य सुम्पेर आफू वनमा गएर तपस्या गर्न थाले ।

यस कथाका प्रमुख चरित्र ययाति राजा साहसी प्रतापी हुनको साथै सार्‍है धर्मात्मा ज्ञानी, विद्वान् थिए । जनतालाई आफ्नै परिवारको जस्तो व्यवहार गर्दथे । उनी जनताका हरेक समस्यालाई आफ्नै समस्या जस्तो ठान्दथे । उनी राज्य सञ्चालनका क्रममा कुनै समस्या आयो भने उपायको खोजी पनि तुरून्तै गर्दथे । यस्ता असल चरित्र भएका राजा ययातिको जीवन वृत्तान्त रहेको यस कथामा महिलाको अवोध र इर्ष्यालु मानसिकतालाई देवयानी र शर्मिष्ठाको झगडालाई देखाएर उल्लेख गरिएको छ । दैत्य गुरु शुक्राचार्य पुत्री देवयानी र दैत्यराज वृषपर्वाकी पुत्री शर्मिष्ठालाई शुक्राचार्य पुत्री देवयानीले असाध्य अपहेलना गरेर नोकर्नी बनाई कोठाभित्र सीमित राख्नु मानव अधिकार विरूद्ध भएको कुरालाई उद्घोष गर्दै कथाकारले शर्मिष्ठालाई पनि ययातिको तर्फबाट न्याय दिलाइएको यस कथामा अन्यायमा परेको व्यक्तिलाई न्याय दिलाउनु हरेक व्यक्तिको कर्तव्य भएको कुरालाई उल्लेख गरिएको छ ।

## ५.३.२ ययाति कथामा आध्यात्मिक दर्शनको प्रभाव

पूर्वीय दर्शन परम्परामा आवद्ध हिन्दूधर्म र संस्कृतिका अनुयायी हाम्रो इतिहास वैदिक र पौराणिक कथाहरूमा आधारित रहेको छ । हाम्रो परिचय वैदिक दर्शन वेदबाट निर्देशित रहेको छ । एकाग्र मनले कर्तव्य निष्ठ रहँदै देश, समाज र परम्पराप्रति आदरको भाव प्रकट गर्नु, सत्कर्मप्रति इमान्दार रहनु हाम्रा दर्शनका मूल अभिप्रायहरू हुन् । हाम्रो धार्मिक मान्यता अहिंसा र सदाचारको जगमा अडिएको हुनाले हाम्रो समाज धर्मप्रति आस्थावान् छ भन्ने मान्यता राख्ने बदरीनाथले ययाति राजाको चरित्र चित्रण गर्दा वैदिक सनातन धर्म वेदबाट प्रतिपादित विषयवस्तुलाई राख्दै भनिएको छ - *यिनका राज्यमा ठूला ठूला यज्ञ भइरहन्थे । दीनदुःखीको उद्धार गर्नु नै उनको लक्ष्य थियो* (पृष्ठ : ५५) ।

राजा ययाति सत् चरित्र भएका नैतिकवान्, आदर्श पुरुष थिए । दान, धर्म, यज्ञ, याज्ञादि, पूजा, पाठ गरेर यस जन्ममा मुक्तिको बाटो पहिल्याउनु यिनको सदाचार थियो भनेर बदरीनाथ भट्टराईले यहाँ मीमांसा दर्शनलाई प्रस्तुत गरेका छन् । यिनी वैदिक सनातन धर्मबाट प्रतिपादित व्यक्ति हुन् । यस कथाको स्रोत श्रीमद्भागवत भएको हुनाले कथामा आध्यात्मिकता हुनुको साथै कथाको भाषा सरल र सहज रहेको पाइन्छ । पौराणिक जगत्को भाषा, संस्कृति, वातावरण, परिवेश र रहनसहन आदिलाई कथामा स्पष्ट रूपले झल्काउँदै विशेषतः कलिला बालबालिकाहरूको बाल मस्तिष्कमा नैतिक आदर्श, आध्यात्मिक सचेतना, असल मार्गदर्शन गर्ने उद्देश्य राखिएको पाइएको छ ।

परमात्माको स्वरूप यो जगत् स्वप्न जादु र मनको कल्पना समान कल्पित छ । यो कहिले अनेकौँ नाम र रूपमा प्रतीत हुन्छ र कहिले हुँदैन । ती परमात्मा सबैको हृदयमा विराजमान छन् । परमात्माको स्वरूप सूक्ष्म छ । उनै सर्वशक्तिमान्, सर्वव्यापी भगवान् श्रीनारायणलाई आफ्ना हृदयमा स्थापना गरेर राजा ययातिले निष्काम भावले भजन गरे । यस कथाद्वारा बालक एवम् पाठकको लागि असल मार्ग दर्शन गरेको कुरा उपदेशात्मक मात्र नभएर समस्त मानव कल्याणका लागि आध्यात्मिक खुराक प्राप्त भएको छ । श्रीमद्भागवतमा राजा ययाति सुरुमा कामुक पुरुष थिए । पछि आफ्नो काम इच्छा- शक्ति पूर्ण भएपछि आफ्ना भोग वासनाको तृष्णा परित्याग गरेर अन्तःकरणलाई परमात्मामा समर्पण गरेको कुरा कथामा देखाइएको छ ।

भगवान् भक्तिबाट नै मुक्ति प्राप्त गर्न सकिन्छ भन्ने भाव भएका योग साधक बदरीनाथ कथामा प्रचुरमात्रामा आध्यात्मिक दर्शनलाई उजागर गर्न सफल रहेका छन् । कथामा राजाको दोहोरो प्रेम चरित्र भएको भएता पनि शुक्राचार्यकी पुत्री देवयानीको असल चरित्रमा पनि महिलाहरू आफूमा सौता प्रवेश गर्दा पर्ने समस्यालाई सुरुदेखि नै इर्ष्याको रूपमा लिइएको छ भने पुरुषहरू महिलाको रूप र जवानीमा आफ्ना सबै कुरा बिर्सन्छन् भन्ने कुरालाई राजा ययातिले शर्मिष्ठासँग लुकिछिपी प्रेम गरेर छोरा जन्माउनुबाट अस्वभाविक देखिएको छ । कथाकार महिलाप्रति विशेष झुकाव राख्ने व्यक्ति भएका हुनाले उनले कथामा शर्मिष्ठालाई पनि अन्याय हुनबाट वचाएका छन् । कथामा देवयानीद्वारा शर्मिष्ठालाई अन्याय भएको जस्तो भान हुन जान्छ । सो कुरालाई राजा याययतिको सत्-चरित्रले पूर्णता दिएको छ । ययाति राजाको शर्मिष्ठाप्रतिको प्रेमभाव नै उनीप्रति भएको अन्यायको विरूद्ध हो भन्ने भाव कथाकारले यहाँ व्यक्त गर्न खोजेका छन् ।

दैवीशक्ति सत्य हुन्छ, भगवान्, भक्ति र योग साधनाद्वारा भगवत्व प्राप्त गरेका व्यक्तिले जे बोल्यो त्यो पूरा हुन्छ भन्ने कुरालाई शुक्राचार्यले ययातिलाई बूढो हुनु परोस् भनेर दिएको सराप लागेको सन्दर्भ देखाएर कथाकारले आध्यात्मिकताप्रति विश्वास दिलाउन खोजेका छन् र ययातिले बूढोको रूप धारण गर्नु कथाको सकारात्मक पक्ष रहेको छ । फेरि छोरीको जवानी र ज्वाइँ ययातिको अनुरोध तथा उनका अन्य असल चरित्र समेतलाई मध्य नजर गरेर शुक्राचार्यले उक्त दिएको सरापलाई अर्कोमा सार्न सकिने कुरा बताएको विषय चाहिँ त्यति सान्दर्भिक देखिदैन । पितृभक्त शर्मिष्ठाको छोरा पुरुले बाबुको बुढ्याइँलाई आफूमा लिएको देखाएर कथाकारले यहाँ एक आदर्श पुत्रको उदाहरण प्रस्तुत गरेका छन् । पछि पुनः ययाति भर्खरका भएको प्रसङ्गले कथाका प्रमुख चरित्रमा केही स्वार्थी भावना

देखिए तापनि आध्यात्मिक शक्तिले जस्तोसुकै कुरालाई पनि सत्यमा परिणत गर्न सक्छ भन्ने कुरा पनि यहाँ झल्किएको देखिन्छ ।

अतः हाम्रो समाज धार्मिक संस्कृतिबाट प्रतिपादित रहेको छ । अहिंसा र सदाचार हाम्रो समाजका मूलभूत आदर्शहरू हुन जो श्रुति, स्मृति, पुराण, उपनिषद् आदिबाट समाजमा प्रचार भएर आएका छन् । यस्ता ग्रन्थहरूको अध्ययनबाट आफ्ना कथामा धर्म र दर्शनलाई आधुनिक समाजमा उजागर गर्न सफल व्यक्तित्व बदरीनाथ भट्टराई आध्यात्मिक दर्शनका पुजारी हुन् ।

### ५.२.३ निष्कर्ष

ययाति राजाको चरित्रसँग सम्बन्धित वासना र वैराग्यको प्रयोग भएको यस कथाभित्र आध्यात्मिक दर्शनमा आधारित सन्देशहरू रहेका छन् । वेदको ज्ञानकाण्ड र कर्मकाण्डमा आधारित मीमांसा र वेदान्त दर्शनसँग यस कथाको विषयभित्र रहेका आध्यात्मिक कुराहरूलाई जोड्न सकिन्छ । भट्टराईको यस ययाति कथामा असल गुणले भरिपूर्ण वीर, दयावान् सबैको मर्का बुझ्ने, सबैलाई शिक्षा प्रदान गर्न योग्य व्यक्ति नै राजा हुनको लागि उपयुक्त हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ । सोही गुण राजा ययातिमा भएको हुनाले उनले समाजमा सद्गुण, सद्विचार, फैलाउनुको साथै धर्म र दर्शनलाई अगाडि बढाउँदै लगेका थिए । दया, धर्म र परोपकार मानिसले आत्मसात् गर्नुपर्ने महत्त्वपूर्ण विषयवस्तु हुन् भन्ने भावना भएका बदरीनाथ भट्टराईले मनको निग्रहले वासना नियन्त्रण हुन्छ । सुखको आशा छ भने मनलाई नियन्त्रण गर्नुपर्दछ । जन्म-मृत्यु मनको वासना हो । विषयबाट विराग भएमात्र मनलाई जित्न सकिन्छ भन्ने कुरालाई ययातिको चरित्रबाट प्रष्ट पारेका छन् । यहाँ ययातिको चरित्रलाई खण्डन गर्ने क्रममा, मन, वासना, अज्ञान र मायालाई जित्नुपर्ने उपदेश गरिएको यस कथामा प्राचीन कालका ऋषि महर्षिहरूमा एक प्रकारको सत्य थियो भन्ने कुरा उधृत गर्दै मनुष्यले गृहस्थ धर्मलाई पालना गर्ने क्रममा जे जस्तो कर्म गर्नु परे तापनि जीवनको अन्तमा आध्यात्मिक साधनामा लाग्नु पर्दछ भन्ने भावना व्यक्त गरिएको छ ।

## ५.३ प्रह्लाद कथा विश्लेषण

पौराणिक जगत्का राजकुल तथा सामान्य मानव जीवन सम्बन्धी कथा समूहमा पर्ने यस *प्रह्लाद* कथालाई बदरीनाथ भट्टराईले श्रीमद्भागवत महापुराणको सातौं स्कन्धको पाँचौं

अध्यायको कथावस्तुलाई उपजीव्य बनाएर रचना गरेका छन् । यस कथाको कथावस्तु विष्णु महापुराणको अध्याय सत्रमा प्रह्लादको चरित्र वर्णनमा पनि उल्लेख गरिएको पाइन्छ । यस कथालाई बदरीनाथ भट्टराइको वि.सं. २०१० सालमा प्रकाशित पौराणिक बाल कथासङ्ग्रहबाट सङ्ग्रहित गरिएको छ ।

### ५.३.१ कथासार

भक्त प्रह्लाद दैत्यकुलका हिरण्यकशिपुको छोराको रूपमा जन्म लिन पुग्दछन् तर प्रह्लाद आमाको पेटमा छँदै आध्यात्मिक ज्ञानले परिपूर्ण भएका हुनाले बाबु हिरण्यकशिपुले जति दैत्य विद्या आशुरी शक्ति पढाए पनि उनी विष्णु भगवान्मा नै लिप्त हुन्छन् । उठ्दा, सुत्दा, खेल्दा, खाँदा, पढ्दा जतिखेर पनि प्रह्लादले विष्णु भगवान्लाई नै देख्छन् । उनलाई विष्णु भगवान्को आध्यात्मिक शक्तिप्रति अति नै विश्वास लाग्दछ । उनी असल कर्म गरेर संसारलाई सही मार्ग निर्देश गर्न चाहन्छन् । प्रत्येक लोकमा जन्म लिने मानिसले असल कर्म गर्नुपर्दछ र भगवान् भक्तिमा लीन भई आत्मज्ञान प्राप्त गर्नुपर्छ भन्ने उनलाई लाग्दथ्यो । त्यसैले उनी आफूसँग खेल्ने साथी सँगीहरूलाई पनि भगवान् विष्णुको महिमा वर्णन गर्दथे । उनलाई पिता हिरण्यकशिपुले माया गर्थे तर छोराले आफूले दिएको शिक्षा पनि ग्रहण नगरी आफूले भनेको नमानिकन भगवान् विष्णुका भक्त भएको कुरा उनका पितालाई मन पर्दैनथ्यो । त्यसैले उनलाई आफ्नै पिता हिरण्यकशिपुले अनेक प्रकारका दानवी दुःख दिन थाल्दछन् । तर आत्मज्ञानी भक्त प्रह्लादलाई त्यस्ता कुनै पनि कुराले छुँदैन । उनी हरेक आफूलाई प्राप्त भएका दुःखलाई सहज रूपमा स्वीकार गर्दछन् । उनको यस्तो प्रतिक्रियाबाट हिरण्यकशिपुलाई स्वयम् हैरान भएर नकारात्मक भावना लिई उनलाई पढ्न विद्यालयमा भर्ना गर्दछन् । त्यसलाई प्रह्लादले सहर्ष स्वीकार गरी साथीहरूसँग रमाउन थाल्दछन् । अनेक प्रयास गर्दा पनि हिरण्यकशिपुले छोरा प्रह्लादलाई आफ्नो वशमा ल्याउन सक्दैनन् । फलस्वरूप उनले प्रह्लादलाई अनेक तरहका दुःख दिन थाल्दछन् । आफ्नै पुत्र भए पनि प्रह्लादको मृत्यु गराउने प्रयास हिरण्यकशिपुबाट भएपछि भगवान् विष्णुले आफ्नो भक्त प्रह्लादलाई बचाउन तथा समस्त जनताको कल्याण गर्नको लागि हिरण्यकशिपुको मृत्यु गराइ प्रह्लादलाई राजा बनाएका हुन्छन् । प्रह्लाद राजा भएपछि र आफ्नो राजकाज राम्रोसँग सञ्चालन गरेर समस्त जनतालाई खुशी राखेर एउटा असल, गुणी, न्यायी राजाको रूपमा स्थापित आफ्ना छोरा विरोचनलाई पनि सोही बमोजिमको शिक्षा दिई राजकाज

सुम्पेर र आफू सधैँ भगवान् विष्णुको भक्त भएर रहेको अमर सत्य कथावस्तु यस कथाको रहेको छ ।

### ५.३.२ प्रह्लाद कथामा आध्यात्मिक दर्शनको प्रभाव

भगवान् विष्णुको प्रिय भक्त प्रह्लाद उनै भगवान् विष्णुको सदा चिन्तन गर्दछन् । उनी भगवान् प्राप्ति कै लागि सबै जनमानसमा आध्यात्मिक चिन्तन फैलाउँछन् । भगवान् विष्णुको सर्वव्यापक चित्त शक्ति वैष्णवी शक्ति हो । हिन्दू संस्कृतिमा अखिल ब्राह्मणका नायक परमात्मा विष्णु, जसलाई चर्तुभुज विष्णु वा नारायण नामले पुकारिन्छ । त्यस्ता विष्णुभक्त प्रह्लादलाई क्रोधित भएका हिरण्यकशिपुले रिसले सामान्य स्कूलमा भर्ना गर्दा साथीहरूसँग रमाउँदै पढ्छन् र उनीहरूलाई भन्दछन्- *भाइ हो हावा, पानी, चन्द्र, सूर्य, पृथ्वी, आकाश आदि जसले हामीलाई दिएको छ, फेरि जसबाट अन्न, फलफूल इत्यादि चीजबीजहरू हामी पाउँछौँ त्यस्ता परमेश्वरको भजन गरेनौँ भने हामी कस्ता ठहरियौला भक्तका साथ भगवान्को ध्यान गर्दै कीर्तन गर्नु नै जन्मान्तरको सार हो* (पृष्ठ : १३) ।

सकाम उपासनाले भगवान्को भक्त हुन सकिन्छ । भगवान्लाई प्राप्त गर्न सकिन्छ । जुन मनुष्यले प्रतिष्ठा प्राप्तिका लागि भगवान्को उपासना गर्दछ, उसले भगवान्बाट अनुग्रह प्राप्त गर्न सक्दछ भन्ने पूर्वीय दार्शनिक मान्यता यस कथामा रहेको छ । भक्त प्रह्लाद आफूमात्र भगवान्का भक्त थिएनन् । अरूलाई पनि भगवान् भक्त हुन प्रेरित गर्दथे । उनी समाजलाई दुश्चरित्रबाट मुक्त गराइ शान्त र सुन्दर आध्यात्मिकताको समाज निर्माण गर्न चाहने व्यक्ति हुन् । अध्यात्म नै सर्वश्रेष्ठ विद्या हो जसले मानिसलाई दुःखबाट मुक्त गराउँदछ भन्ने कुरा उल्लेख गर्दै प्रह्लादद्वारा भनिएको छ- *अरू केही गर्न नसके पनि भगवान्को नाम उच्चारण गर्न त हामी सक्छौं नि ?* (पृष्ठ : १३) ।

भगवान् नाम सङकीर्तनबाट मात्र पनि भगवत्त्व प्राप्त गर्न सकिन्छ भन्ने भाव धर्मशास्त्राचार्य बदरीनाथ भट्टराईको रहेको छ । जसले मेरो नाम सङ्कीर्तन गर्दछ अर्थात् मर्ने बेलामा मेरो नाम स्मरण गर्दै आफ्नो शरीर त्याग गर्दछ, उसले तत्कालै मेरो स्वभाव वा प्रकृतिलाई प्राप्त गर्दछ । यसमा कुनै सन्देह छैन भन्ने भगवद्वाणीलाई बदरीनाथ भट्टराईले आत्मसात् गरेका छन् । हिरण्यकशिपुले छोरा प्रह्लादलाई अनेक प्रकारका दुःख कष्ट दिएर

तर्साउन खोज्दा पनि उसले प्रह्लादको हरिभजनलाई छुटाउन नसकी हिरण्यकशिपुद्वारा भनिएको छ- *खोइ तेरो विष्णु कहाँ छ ?* (पृष्ठ : १३) ।

भगवान् विष्णुको महिमा अपरम्पार छ । भगवान् जहाँतही फैलिएर रहेका छन् । यसको मतलब हो, यो भौतिक प्रकृति पनि परमेश्वर कै कुनै शक्तिको प्रदर्शन मात्र हो । परमेश्वरका शक्तिहरू विविध छन् । आध्यात्मिक विद्वान्हरूले भगवान् विष्णुका शक्तिहरूको अध्ययन गरेर उक्त शक्तिलाई तिन मार्गमा बाँडेका छन् । पहिलो शक्तिलाई परा अर्थात् आध्यात्मिक शक्ति भनिन्छ । अरू दुई शक्तिहरू भौतिकशक्ति हुन् । यी शक्तिहरू तामसिक शक्ति हुन् । मृत्युकालमा मनुष्य अपराशक्ति संसारमा रहन्छ कि परा आध्यात्मिक शक्तिमा रहन्छ भन्ने कुरा उसको कर्ममा भर पर्दछ भन्ने आध्यात्मिकताको अध्ययन बदरीनाथको रहेको हुनाले विष्णु पुराणमा उल्लिखित प्रह्लादको भक्तिलाई यस कथामा उल्लेख गरी भगवान् प्राप्तिमा समर्पण हुनुपर्ने भाव व्यक्त गरिएको छ ।

हिन्दू धर्म र संस्कृतिमा नृसिंह भगवान्लाई विष्णुको अवतार मानेर पूजा गर्ने प्रचलन छ । प्रह्लाद भगवान् नृसिंहको स्तुति गर्दछन् र भगवान्बाट वर पनि प्राप्त गर्दछन् । कथामा भक्ति दर्शनको प्रयोगबाट मानिसले भगवत्त्व प्राप्त गर्दछ भन्ने कुरा बुझाउन खोजिएको छ । प्रह्लाद एक आध्यात्मिक ज्ञानी विष्णु भक्त पुरुष मात्र भएनन्, उनीले एक असल राजा पनि भएर हरेक दुःखमा परेका जनताको उद्धार गर्नु, मूर्खहरूलाई ज्ञान दिएर सही मार्गमा ल्याउनु, चोर डाँकाहरूको आपराधिक मनलाई परिर्वतन गराउनु, व्यक्तिहरूलाई सम्झाएर असल मान्छे बनाउने काम समेतमा उनी सफल भएका थिए । प्रह्लाद साक्षात् विष्णु भगवान्को प्रतिरूप भएका आध्यात्मिक विद्वान् थिए भन्ने कुरा विभिन्न पुराणहरूमा उल्लेख भएको विषयलाई कथाकारले यहाँ आधुनिक कथाको रूप दिएकाछन् ।

यस कथामा प्रह्लाद भगवान्का भक्त मात्र होइनन् किन्तु वीर पनि थिए, देवताहरू लगायत स्वर्गका राजा इन्द्र समेत यिनका अगाडि टिक्न सक्दैन थिए । एउटा असल धर्मात्मा, ज्ञानी, भगवान् भक्त व्यक्तिमा समाज र जनताको रक्षा गर्ने शक्ति हुनुपर्छ भन्ने मान्यता आध्यात्मिक दर्शनमा रहेको छ । गीतामा श्रीकृष्णले अर्जुनलाई भन्नु भएको छ -जब जब धर्मको हानि र अधर्मको बढोत्तरी हुन थाल्छ, दुष्टहरूको बोलवाला र सज्जनहरूलाई पीडा पुऱ्याइन्छ, त्यस्ता अवस्थामा साधु सन्तहरूको रक्षा र दुष्टहरूको विनाशका साथै धर्मको पुनः स्थापनाको निम्ति यस पृथ्वीमा अवतार लिन्छु । श्रीकृष्ण भगवान् पनि विष्णु

भगवान् कै अवतार हुन् भन्ने पनि आध्यात्मिक मत रहेको छ । यसर्थ आध्यात्मिक दर्शनका चिन्तनका विषयहरू मानव धर्म, सत्यधर्म भक्तियोग, कर्मयोग साधना आदिको विषय पनि यहाँ वर्णन गरिएको छ । निष्काम कर्मयोगी, भगवत्त्व प्रेममा लीन हुन सक्ने अध्यात्मिक व्यक्तिलाई भगवान्ले उद्धार गर्नु हुन्छ । त्यस्ता व्यक्तिलाई कुनै पनि दुःखले छुँदैन भन्ने आध्यात्मिक मान्यतालाई पूरा गर्न भट्टराई यहाँ सफल रहेका छन् ।

अन्तमा बदरीनाथ भट्टराईको यस कथाको रचनाबाट बालबालिकाहरूको मनमा आध्यात्मिक भावनाको विकास भई सत् चरित्रको निर्माण हुने कुरालाई देखाई उत्कृष्टता प्रदान गरिएको छ । भक्त प्रह्लादले आफ्नो छोरा विरोचनलाई राज्य सुम्पेर खाली हरिभजन गरी बस्न थाले । त्यसैले उनी आजसम्म पनि अष्ठ चिरञ्जीवीको रूपमा पूजित छन् । उनको भक्ति संसारमा प्रसिद्ध भई युग युगान्तर इतिहासमा साक्षी रहेको छ ।

### ५.३.३ निष्कर्ष

विशेष गरी योग र वेदान्त दर्शनमा आधारित भक्ति, योग र भक्ति दर्शनको प्रतिफल स्वरूप भगवान् विष्णुका भक्त प्रह्लादले आफ्ना पिता हिरण्यकशिपुले दिएको पीडाबाट मुक्त भई आध्यात्मिक नीति-नियम अनुसार केही समय राजकाज सञ्चालन गरी पुनः शेषशायी भगवान् विष्णुको भक्त भएर युग युगान्तरसम्म प्रसिद्ध भएको मुख्य चरित्र बोकेको यस कथामा शुद्ध आत्माले निष्काम भक्तिबाट भगवान् खुशी हुनुहुन्छ र भक्तको रक्षा गर्नु हुन्छ भन्ने आध्यात्मिक मान्यता रहेको छ ।

## ५.४ दुर्योधनको सन्देश कथा विश्लेषण

आध्यात्मिक दर्शनका आधारमा बिभाजन गर्दा राजकुल तथा सामान्य मानव जीवन सम्बन्धी कथा समूहमा पर्ने यो कथा बदरीनाथ भट्टराईले महाभारतको प्रसिद्ध कथावस्तु पाण्डव र कौरवको लडाइँको विवादको उपाख्यानलाई उपजीव्य बनाएर रचना गरेका हुन् । बदरीनाथ भट्टराईको वि.सं. २०१० सालमा प्रकाशित पौराणिक (बालकथा) सङ्ग्रहबाट सङ्ग्रहित गरिएको यस कथामा विशेष गरेर बालबालिकाहरूलाई असल विचार, असल भावना, सत्चरित्र, परम्परागत चालचलन, वातावरण परिवेश, मानव धर्म तथा कर्मयोग लगायतका कुराहरूलाई परिचित गराइएको छ ।

### ५.४.१ कथासार

कथाको मुख्य बिषयवस्तु पाण्डवहरूको लडाइँको तयारी र दुर्योधनको ईर्ष्यालु घमण्डीपनबाट भएको छ । दुर्योधनले पाण्डवहरूका ज्येष्ठ भ्राता युधिष्ठिरले लडाइँ नगर्ने भने पछि उलुकलाई डाकेर युधिष्ठिरलाई अनेक तरहले गाली गर्दै मुसा र विरालाको कथा बनाएर खराब प्रवृत्ति भएको बिरालाको संज्ञा दिएको हुन्छ । ऊ तरह तरहले पाण्डवहरूको अपमान गर्दछ । कहिले युधिष्ठिरलाई लडाइँ गर्न आओ भन्छ भने कहिले लडाइँ नगरी तिमीहरू तपस्या गर्न जाओ अनि हस्तिनापुर राज्यमा तिम्रो हक लाग्दैन भन्छ । हाम्रा पिताहरू मध्ये जेठा भ्राता धृतराष्ट्रको जेठो छोरा मै हुँ, तपाईंका पिता पाण्डु त मेरा पिताले आँखा नदेखेको कारणले मात्र राजा भएका हुन् । मेरा पिताले आज्ञा दिएपछि यस देशको राजा हुने हक मेरो हो, भनेर धर्मराज युधिष्ठिरको खिल्ली उडाएर सन्देश पठाएको मुख्य विषयवस्तु नै यस कथाको कथानक रहेको छ । बदरीनाथले यस कथामा धर्म र अर्धम बिचको लडाइँ स्वार्थी र घमण्डी पनको परिचय, अधिकार र कर्तव्यको जानकारी दिएर दुर्योधनमा पलाएको घमण्डको परिचय दिई पाण्डवहरूका ज्येष्ठ भ्राता युधिष्ठिरप्रति सहानुभूति जनाएका छन् । महाभारतको छोटो अंशलाई छुवाएर दुर्योधन र युधिष्ठिरको छोटो परिचय दिएको मुख्य कथावस्तु यस कथामा देखिन्छ ।

### ५.४.२ दुर्योधनको सन्देश कथामा आध्यात्मिक दर्शनको प्रभाव

मनुष्यहरू अर्थात् संसारमा भएका सबै वस्तुहरू सत्चित् आनन्दमय परमात्माको दिव्य अंश हुन् । त्यस्ता परमात्माको दिव्य बीजरूप हाम्रो अन्तर्मनमा विराजमान रहेको छ । यदि तत्त्वहरू अभिबृद्धि होस् भन्ने चाहना राखेमा सद्गुणहरूको विकास भई दुर्गुणहरूको नाश हुनथाल्दछ भन्ने आध्यात्मिक मान्यतालाई आत्मसात् गरेका भट्टराईद्वारा भनिएको छ- *लडाइँ गर्ने अठोट गरेर हिरण्यवतीमा पाण्डवहरू डटिसकेका थिए* (पृष्ठ : ६५) कथामा धर्म र अधर्मको लडाइँको सुरुवात हुन खोजेको भन्ने आध्यात्मिक ज्ञान पाउन सकिन्छ । अज्ञान, अधर्म र घमण्डले परिपूर्ण दुर्योधन आफ्ना सेवक उलुकलाई डाकेर युधिष्ठिर र कृष्णलाई लडाइँको सन्देश पठाउन निर्देशन दिंदै भनिएको छ-

> *युधिष्ठर दाइ, के धर्मात्मा हुँ भन्ने अभिमान छ ? तर धर्म गरेको खै ? मुख्य प्राणीमाथि दया हुनुपर्छ । आफ्ना नातागोतामा*

> *तरबार चलाउन खोज्नेलाई कसरी दयालु भन्नु ? सारालाई अभय दान दिनु त कता हो कता ? अझ उल्टो रगतको खोलो बगाउन खोज्ने पनि कही धर्मात्मा ठहरिएला ?* (पृष्ठः ६५) ।

यहाँ दुर्योधनले उल्टै अधर्मको पक्षमा बोली पाण्डवहरूलाई दोषी बनाउन खोजेको प्रसङ्ग उल्लेख गरिएको छ । कथामा एकातिर दुर्योधनको स्वार्थी र घमण्डीपनलाई छर्लङ्ग देखाइएको छ भने अर्कोतिर दुर्योधनले धर्म र समाजका अगाडि आफूलाई आदर्श देखाई युधिष्ठिरलाई गलत सावित गर्दै दुर्योधनले आफूलाई असल सावित गर्न सानो मुसा र बिरालोको कथा जोडेर कथामा बिरालोले आहार खोज्न नदीको किनारमा बसिरहेको समयको उदाहरण दिएर भनिएको छ- *कसैले नजिकै आएर सोध्यो भने पहिले हत्या गरिएको पाप पखाल्न तपस्या गरिरहेको हुँ भन्दो रहेछ* (पृष्ठ : ६५) ।

आत्मविद्यासँगै आहार खोज्न नसक्ने बिरालो नदीको किनारमा तपस्या गरे जस्तो गरेर बस्दो रहेछ तर भित्रभित्रै कसैलाई थाहा नै नदिई चराका बच्चाहरू खाँदोरहेछ भन्ने गलत कथा बनाएर गलत आक्षेप लगाई युधिष्ठिरलाई दोषी ठहऱ्याउन खोजेको प्रसङ्गलाई देखाएर कथाकारले दुर्योधनलाई अप्रत्यक्षरूपमा दोषी ठहऱ्याउन खोजेका छन् । पाप र धर्म सम्बन्धी आध्यात्मिक भागलाई अगाडि बढाएर प्राणीको कल्याण गर्नु धर्म हो भने अरूलाई अन्याय गर्नु पाप हो भन्ने कुरालाई प्रष्ट पार्न बदरीनाथ भट्टराई यहाँ सफल देखिन्छन् ।

यस भौतिकमय संसारमा मानिसले कुनै न कुनै कर्ममा संलग्न हुनैपर्छ । तिनै कर्मका कारण एकातिर मानिसलाई यो दुःखमय संसारबाट मुक्त बनाउँछन् भने अर्कातिर मानवीय जञ्जालको बन्धनमा जाकिदिन्छन् । परमेश्वर कै प्रसन्नताका लागि निष्काम भाव राखेर कर्म गर्नाले मानिस कर्मका नियमबाट मुक्त हुन सक्छ । आत्मा र परमात्मा सम्बन्धी दिव्य ज्ञान प्राप्त गर्न सक्छ (कृपामय, २०५४ : भूमिका) भन्ने गीताको कर्मयोग सम्बन्धी सिद्धान्त अनुरूप दुर्योधनले महाभारतमा अनेक विषय खडा गरेर पाण्डवहरूलाई दुःख दिंदा पनि नपुगेर लडाइँ नगर्न आह्वान गरी पाण्डवहरूको शक्तिभन्दा आफूसँग भएको शक्ति दरो र ठूलो भएको हुकार गर्दै पाण्डवहरूलाई होच्याउन खोजेको आभास यस कथामा पाउन सकिन्छ । *धर्मात्माले के गर्लान् भन्ने विश्वासमा विचरा चराचुरुङ्गीको मनमा परेछ अनि राति आफ्नो गुँडमा बस्न समेत दिएछन्, तर बिरालोले माऊहरूलाई सुइँकै नदिई बच्चाहरूलाई बिताउँदो रहेछ* (पृष्ठ : ६५) । पृथ्वीमा भएका हरेक प्राणीमा चेतना हुनुपर्दछ ।

मानिसले अन्याय, अत्याचार, लोभ, मोहलाई त्याग गर्न सकेन भने उसले दुःख पाउँछ । अधर्मी मानिसले क्षणिक सुख भोगेको अनुभब गरे पनि वास्तवमा सुखको अनुभव गर्न पाउँदैन भन्ने ध्रुव सत्य कुरालाई कथामा देखाइएको छ ।

अन्याय अत्याचारका विरोधी, मानवधर्मका पक्षधर बदरीनाथ भट्टराईद्वारा कथामा भनिएको छ, *"चलाख बिरालाले मेरो तपस्या फल्न लाग्यो भनेर मनमनै खुशी भयो "* (पृष्ठ : ६६) । ध्यान गर्नु, तपस्या गर्नु, सन्तोष, सरलता, गम्भिरता, आत्म-संयम र जीवनको शुद्धता यी सबै मनको शुद्धता हुन् यसैलाई योग दर्शनको सारका रुपमा लिन सकिन्छ । यहाँ बिरालोको चलाखीलाई तपस्यासँग संयोजन गराउँदै उही बिरालोको जस्तो व्यवहार तपाईंको देखियो भनेर दुर्योधनद्वारा आफ्नो मूर्खपन झल्काउदै भनिएको छ- *युधिष्ठिर दाइ धर्मको वहानाले असत् कर्म गर्नु झन् महापाप हो* (पृष्ठ : ६७) ।

दुर्योधनले आफूलाई असल र सत्पात्रको रूपमा उभ्याएर युधिष्ठिरलाई दुष्चरित्रको आरोप लगाई खराव पात्रको नाटक रचेका भट्टराईले अन्तमा सत्यको सधैँ जित हुन्छ भन्ने भावको सङ्केत गरेका छन् । आफूले गरेको खराब कर्मका कारण अन्तमा दुर्योधन पक्षधर सबैले हार खानुपऱ्यो भन्ने विषयमा भनिएको छ -

> *लडाइँ नगरौं । यो राज्यको हक मेरो हो । मेरा पिता अन्धा भए पनि जेठा हुन् । जेठो दाजुको जेठो छोरा पनि मनै हुँ, राज्यको उत्तराधिकारी पनि म नै हुँ, बेकारमा तपाईहरू किन लडाइँमा जानुहुन्छ ? भीष्म, द्रोण, कर्ण जस्ता बलवान् योद्धा मैसँग छन् । यदि तपाईं क्षत्रिय हुनुहुन्छ भने आउँनुहोस् न्वारानदेखिको बल झिकेर मसित लड्नुहोस् नत्र भने बरु वनमा गएर तपस्या गर्नुहोस्, परजन्म ता सप्रन्छ* (पृष्ठ : ६८) ।

जीवनको अन्तमा भए पनि मानिसले भगवान्को भक्ति, ध्यान, योग, तपस्या गर्नु पर्दछ जसले गर्दा यस जन्ममा कुनै सुखको अनुभव गर्न नसके पनि परजन्म राम्रो हुन्छ वा फेरि जन्मनु मर्नु पर्दैन भन्ने पूर्वीय मान्यतालाई प्रस्तुत गर्दै भट्टराईद्वारा धर्मको पक्षमा लडाइँ भएको हुँदा भगवान् श्रीकृष्णले स्वयम् पाण्डवको पक्षमा अर्जुनका सारथी भएर लडाइँ गर्नुभएको छ । जसका कारण धर्मको जित हुन्छ अर्थात् पाण्डवको जित कौरवको हार भएको

छ भन्ने कुरालाई यस कथामा उल्लेख नगरे तापनि महाभारतको कथामा भने उल्लेख गरिएको विषयलाई कथाकारद्वारा आध्यात्मिकता प्रदान गरिएको छ ।

### ५.४.३ निष्कर्ष

अद्वैत वेदान्त र राजयोगलाई अँगाल्ने बदरीनाथ भट्टराईले गृहस्थ धर्मको उपेक्षा गरेका छैनन् । यिनले प्रवृत्ति र निवृत्ति दुवै मार्गलाई अँगालेका छन् । यिनका कथाहरूमा सांसारिक जीवनमा कर्म त्याग असम्भव रहेको छ । सांसारिक जीवनबाट टाढा रहेर योग साधनमा तल्लीन रहनेले मात्र बह्मत्व प्राप्त गर्न सक्दछ भन्ने भाव व्यक्त गरेका छन् । महाभारतको दुष्ट चरित्र दुर्योधनको घमण्डीपनलाई सकारात्मक रूप लिएर बालकथा रचेका बदरीनाथले यस समाजलाई सत्चरित्रताको विकास गराउने उद्देश्य लिएका छन् । उनका कथाका धेरैजसो हरफहरूमा धर्मको व्याख्या गर्दै दुर्योधनले आफूलाई सत् पात्र घोषणा गर्न खोजेर धर्मराज युधिष्ठिरलाई अनेक तरहले गाली गलौज गर्दै राज्यमा युधिष्ठिरको हक नभई आफ्नै हक भएको दावी गरेको आन्तरिक संवाद मात्र रहेको छ । यस कथामा दुर्योधन र युधिष्ठिरको दोहोरो संवाद नभै आफ्ना मनका कलुषित भावनालाई मनोवादमा जस्तै दुर्योधनले पोखेको कुरा उल्लेख गरिएको छ । कर्म अनुसारको फल भोग्न प्रत्येक मानिस तयार हुनुपर्छ भन्ने श्रीमद्भगवद्गीताको अध्यात्मय सन्देश बोकेको यस कथालाई कथाकारले जसरी प्रस्तुत गरे तापनि कथाको मुख्य भागमा अमृतमय आध्यात्मिक दर्शनको प्रभाव परेको पाइन्छ ।

## ५.५ पुरुरवा कथा विश्लेषण

यो पुरुरवा कथा बदरीनाथ भट्टराईको प्रसिद्ध पौराणिक कथा (बालकथा) सङ्ग्रहबाट साभार गरिएको हो । भट्टराईद्वारा श्रीमद्भागवतको एघारौ स्कन्धको छब्बीसौं अध्यायलाई उपजीव्य बनाएर रचना गरिएको कथा हो ।

### ५.५.१ कथासार

कथा प्रथम चन्द्रवंशी राजा पुरुरवाको चरित्रलाई लिएर लेखिएको छ । चन्द्रवंशी राजा पुरुरवा चन्द्रमाका नाति बुधका छोरा हुन् । यिनी साम्है प्रतापी, बहादुर राजा भएका हुनाले इन्द्रले समेत आफ्नो आधा सिंहासनमा यिनलाई राखेका थिए । यमुनाको शहरमा

यिनको राजधानी थियो । एक दिन पुरुरवा हिमालयतिर शिकार खेल्न गएको बखत रोएको आवाज सुनिन्छ । पुरुरवाले केशी नामको दैत्यले उर्वशी नामकी अप्सरालाई हरण गरेर ल्याएको देख्छन् । उक्त दैत्यसँग लडाइँ गरेर हराई उर्वशीलाई दैत्यबाट छुटाउन पुरुरवा सफल हुन्छन् । दैत्यबाट मुक्त गराएको हुनाले उर्वशीको मन राजाप्रति आकर्षित भएको हुन्छ । उनीहरू दुवैको आँखा जुध्छन् । उनीहरू दुवै आत्मिक प्रेममा पर्छन् तर उर्वशी स्वर्गकी अप्सरा भएकी हुनाले उनी उक्त समयमा स्वर्गमा नै फर्किन्छिन् । उर्वशी स्वर्ग गएपछि उर्वशीको प्रतीक्षा गरेका पुरुरवाको उर्वशीसँग पुनः भेट हुन्छ र विवाह पनि हुन्छ । उनीहरू दुईबिच प्रेम सम्बन्ध भएको हुनाले संसारमा प्रेमी दम्पतीको रूपमा प्रसिद्ध रहन्छन् । उर्वशी स्वर्गकी अप्सरा थिइन् । उनलाई इन्द्रले बोलाएपछि उनी स्वर्ग गइन् । उर्वशीको अभावमा पुरुरवा बौलाहा जस्ता हुन्छन् । उनी रूख लहरालाई समेत उर्वशीलाई देख्यौ भन्दै भौतारिंदै हिंड्न थाल्छन् । केही गर्दा पनि उर्वशीलाई नपाएपछि पुरुरवा उर्वशीलाई पाउनका लागि तपस्यामा मग्न हुन्छन् । पुरुरवाको तपस्या सफल हुन्छ र गन्धर्व लोकमा उनीहरूको भेट हुन्छ । पुनः उनीहरू प्रेमी-प्रेमिकाको रूपमा सुखसँग बस्न थाल्छन् भनेर भट्टराईको यस कथामा लेखिएको छ भने श्रीमद्भागवत्मा भने पुरुरवा उर्वशीको प्रेममा मग्न भई आध्यात्मिक मार्गबाट विचलित भए भनेर उनलाई भगवान् स्वयम् आएर सम्झाएपछि उनले उर्वशीको प्रेमलाई टाढा राखेर भगवद्भक्तिमा लागेर अन्तमा आत्मा ज्ञान प्राप्त गरे भन्ने कुरा उल्लेख भएको छ । विभिन्न पुराणहरूमा उल्लिखित यस कथामा असल राजाको चरित्रलाई उल्लेख गरी मानवीय मन प्रेमले भरिएको छ । मानिसले आफूलाई मन परेको व्यक्तिलाई पायो भने उसको मन झन् प्रेमले भरिन्छ । मानिसलाई प्रेम जालले छोप्यो भने कहिले काहीँ उसले आफ्नो कर्तव्यलाई पनि विर्सन सक्छ त्यसैले धेरै प्रेममा लिप्त हुनुहुँदैन । आफ्नो मनलाई वशमा राख्नु पर्दछ भन्ने मान्यता बोकेको यस कथामा पुरुरवालाई सूर्य र उर्वशीलाई उषा भनिएको कुरालाई पनि उल्लेख गरिएको छ । श्रीमद्भागवत्मा उल्लिखित कथा भएको हुनाले गृहस्थ जीवनपछि वानप्रस्थान गएर पुरुरवाले भक्ति पाएको कुरालाई पनि उल्लेख गरिएको छ ।

### ५.५.२ पुरुरवा कथामा आध्यात्मिक दर्शनको प्रभाव

पाठपूजा, दानपुण्य, योगसाधना आदि क्रियाकलापहरू मात्र धर्म नभइ कुनै पनि सचेत व्यक्तिको लोकहितैषी भावना र सुन्दर मानसिकतासँग सम्बन्धित चिन्तन पनि धर्म नै

हो । वास्तवमा व्यक्तिलाई धारण गर्ने वा अस्तित्वशील बनाउने तत्त्व वा मानसिक चिन्तन आदिको नाम नै धर्म हो भन्ने बदरीनाथ भट्टराईको विचार रहेको छ । राजा पुरुरवाको मनमा उर्वशीसँगको सहवास तथा आत्यन्तिक प्रेमवासनाबाट आफू अन्धकारमा डुबेको भान भए पनि जीवनको अन्तमा उनी भगवद्भक्तिमा लागेका थिए । जसका कारण उनले उर्वशीलाई परित्याग गरी आफ्नो हृदयमा आत्मस्वरूपले भगवान्को साक्षात्कार गरे भन्ने श्रीमद्भागवत्को वाणी रहेको छ । बुद्धिमान् मानिस राजा हुँदा राजकाजमा निपुण राष्ट्र र जनताको लागि असल शासक रहन सक्छ भन्ने प्रत्यक्ष उदाहरण राजा पुरुरवा रहेका छन् । उनी पत्नीका लागि असल पति पनि बने, दुनियाँका लागि असल राजा पनि बने भने अन्तमा गृहस्थ जीवनलाई त्याग गरेर आफ्नो मनमा रहेका अनावश्यक कुरालाई परित्याग गरी भगवद्भक्तिमा लीन भई आत्माको साक्षात्कार गरे, भन्ने भाव कथामा रहेको छ । पुरुरवालाई आध्यात्मिक ज्ञानका कारण वैराग्यता प्राप्त भएको यस कथामा पूर्ण आध्यात्मिकताको झलक रहेको पाइदैन तापनि श्रीमद्भागवत्को कथा भएको हुनाले राजा पुरुरवाद्वारा भनिएको छ- *सारा दोष मेरो कामुकताकै हो । परन्तु मैले अज्ञानता वश नराम्रोलाई राम्रो सम्झेँ,* (जोशी, २०५७ : ३०५-३०६) ।

अतः बदरीनाथ भट्टराई वेदान्तका विद्वान् हुन् । धार्मिक नैतिक उपदेश र योग वेदान्तका चिन्तनमूलक अभिव्यक्ति उनका प्रवृत्ति एवम् विशेषताहरू हुन् । उनी आफू आध्यात्मिक विद्वान् भएका हुनाले उनका हरेक कथाहरूमा आध्यात्मिक सन्देश पाइन्छ ।

### ५.५.३ निष्कर्ष

सत् कर्मको सन्देश प्रदान गरिएको यस पुरुरवा कथा आदर्श प्रेम प्रसङ्गमा आधारित रहेको छ । सम्पूर्ण जनताको रक्षामा लागेका राजा पुरुरवाले उर्वशीसँग आदर्श प्रेमी र आदर्श पतिको भूमिका निर्वाह गरेका छन् । आध्यत्मिक दर्शनमा मनुष्यले काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य त्याग नगरेमा संसारिक दुःख कष्टमा फस्छ र उसले आत्मज्ञान अर्थात् ब्रह्मतत्त्व प्राप्त गर्न सक्दैन भन्ने मान्यतालाई यहाँ कथाले चरितार्थ पारेको छ । आत्यन्तिक प्रेम वासनामा लिप्त पुरुरवा भगवान् श्रीहरिको भक्तिबाट प्राप्त ज्ञानका कारण उर्वशीसँगको प्रेम वासनालाई त्याग गरेर भगवान् श्रीहरिविष्णुको साक्षात्कार गरेको प्रसङ्ग उल्लेख गरेर कथाकारले कथालाई आध्यात्मिकता प्रदान गरेका छन् । वैशेषिक दर्शनले विश्वको कारण परमाणुलाई मानेको छ । साङ्ख्यले पुरुष र प्रकृति, योगले ईश्वर, मीमांसाले कर्म, वेदान्तले ब्रह्म र मायालाई जगत्को कारण मानेका छन् । षड्दर्शनबाट प्राप्त ज्ञानले जीवको मुक्ति हुन्छ भन्ने भाव भट्टराईको रहेको छ ।

## ५.६ प्रमीला कथा विश्लेषण

यस *प्रमीला* कथालाई वि.सं. २०१० सालमा प्रकाशित पौराणिक कथा (बालकथा) सङ्ग्रहबाट साभार गरिएको हो । एउटी असल सत्चरित्र भएकी वीर, न्याय प्रेमी, दयालु रानी प्रमीलाको प्रमुख चरित्रमा आधारित रहेको यस कथालाई पौराणिक कथाबाट साभार गरिएको हो ।

### ५.६.१ कथासार

पौराणिक समयमा पुरुष मात्र होइन महिलाले पनि राजकाज समाल्दा रहेछन् भन्ने यथार्थ चित्रण देखाइएको यस प्रमीला कथा नारी प्रधान सत् चरित्रमा आधारित रहेको छ । प्रमीलाको राज्य सत्ता सञ्चालनमा सम्पूर्ण नेतृत्व अर्थात् मन्त्री, सेनापति, भारदार, जङ्गी, निजामती आदि सबै सेवामा महिला नै थिए । नारी शक्तिको पहिचान गराइएको यस कथामा महिलाहरूले नेतृत्व पाएमा कसरी प्रशासन चलाउन सक्दारहेछन् भन्ने ज्वलन्त उदाहरण प्रस्तुत गरिएको छ । प्रमीला असल चरित्र भएकी बहादुर महिलामात्र थिइनन् उनी शस्त्र-अस्त्र चलाउन पनि निपुण थिइन् । धर्मराज युधिष्ठिरले अश्वमेध यज्ञका निम्ति छोडेका श्यामकर्ण घोडा राज्यमा पसेपछि त्यो घोडा समात, नत्र घोडाको रक्षक भएर आएका अर्जुनको पाउमा पर भन्ने लेखिएको देखेपछि प्रमीलाले गर्जन गर्छिन् र आफ्नो नारी स्वाभिमानको रक्षाका निमित्त आफूहरू निर्धा आइमाई नभएको कुरा व्यक्त गर्दै अर्जुनलाई लडाइँको लागि उद्घोष गर्दछिन् । अर्जुन र प्रमीलाको धुमधामसँग लडाइँ हुन्छ । प्रमीलाको अतुलनीय शक्तिको विषयमा अर्जुनलाई स्वर्गवाट आकाशवाणी हुन्छ । अर्जुनले प्रमीलासँग लडाइँ नगरी बरु तिमीलाई म वरण गर्छु । केही समय हस्तिनापुरमा बसी राख । वर्ष दिन पछि म आएर तिमीलाई विवाह गर्छु भन्ने प्रस्ताव राख्दछन् । प्रमीलाले उक्त कुरालाई स्वीकार गरेको मुख्य प्रसङ्ग नै यस कथाको सारका रूपमा उल्लेख गरिएको छ ।

### ५.६.२ प्रमीला कथामा आध्यात्मिक दर्शनको प्रभाव

आत्मतत्त्वलाई परम् तत्त्व वा परम् सत्य पनि भनिन्छ । यो अजर, अमर र अमृतमय, अभय, असांसारिक, सर्वव्यापक ज्योतिस्वरूप, नित्य, निर्विकार र शुद्ध चैतन्य रूपको हुन्छ भन्ने पूर्वीय दर्शनमा उल्लिखित पुराणभित्रका महत्त्वपूर्ण कथाहरूलाई आफ्नो कथाको स्रोत बनाएका बदरीनाथले दैवी शक्तिमा नारी शक्तिको महत्त्व रहेको कुरालाई

उल्लेख गरेका छन् । पौराणिक समयमा देवताहरूले भोग्नुपरेका जीवनका भोगाइहरूमा धर्म, संस्कृति, सभ्यता आदिको चर्चा गरिएको छ । आफ्नो स्वाभिमानका लागि जस्तोसुकै परिस्थिति सिर्जना भए पनि सामना गर्न पछि नपर्ने प्रमीलाद्वारा भनिएको छ- *अर्जुनको आग्नेयास्त्र र पर्वतास्त्रलाई पर्जन्यास्त्र र पवनास्त्रले शाान्त गराइन्* (पृष्ठ : ७१) ।

आध्यात्मिक शस्त्र, अस्त्रको नाम उल्लेख गरिएको यस कथामा आध्यात्मिक भाषा, संस्कृति, वातावरण परिवेश आदिलाई उल्लेख गर्दै कुरुक्षेत्रको लडाइँको प्रसङ्गलाई पनि प्रस्तुत गरिएको छ । नारी मुक्ति, नारी शक्तिमा नारीको वीरता, पराक्रम दैवी शक्तिमा आधारित रहेको हुन्छ भन्ने कुराको परिचय गराएका कथाकारले आफ्नो विचार ज्ञान तथा जीवनको अनुभवलाई नारीको महिमाद्वारा उजागर गरेका छन् । मनुष्यमा बलियाले कमजोरलाई दबाउँदै जाने प्रवृत्तिलाई अन्त गर्न अर्जुनले प्रमिलासँग प्रतिबद्धता जाहेर गरेको गरेको कुरालाई प्रस्तुत गरेर नारीको सम्मान गरिएको छ ।

भौतिकवादी चिन्तन र आध्यात्मिक धारणा दुवैलाई एकैसाथ प्रस्तुत गर्दै कथालाई अगाडि बढाएका भट्टराईले यहाँ आसुरी शक्तिको दमन र दैवी शक्तिको विजयलाई प्रस्तुत गरेका छन् । निष्काम कर्म आत्मज्ञानको मार्ग निर्देशनभित्र शास्त्रीय नियमको पालना गर्न सिकाउने भट्टराईले शास्त्रीय नियमहरू पालना नगरी मनोमानी ढङ्गले जीवन बिताउने आसुरी स्वभावले युक्त भएका मानिसहरू अधम योनिमा प्राप्त हुन्छन् र फेरि पनि भौतिक बन्धनमा पर्दछन् । दैवी गुणहरूले युक्त भएका शाास्त्रसम्मत नियमित जीवन जिउने मानिसहरू भने क्रमशः आध्यात्मिक सिद्धि प्राप्त गर्दछन् । श्रीमद्भगवद्गीताको अध्याय सोह्रको दैवी तथा आसुरी स्वभाव अर्न्तगत पर्ने महान् आध्यात्मिक वाणी भएको यस कथालाई बदरीनाथ कर्मानुष्ठानबाट मोक्षप्राप्त हुन्छ भन्ने कुरा अर्जुन र प्रमीलाको चरित्रसँग जोड्न सफल भएका छन् ।

### ५.६.३ निष्कर्ष

आत्मतत्त्वको ज्ञान भनेको आध्यात्मिक ज्ञान हो । आध्यात्मिक ज्ञानको प्राप्ति भनेको अमरत्त्व प्राप्ति हो भन्ने विचार भएका बदरीनाथ भट्टराईद्वारा प्रमीलालाई आर्दश, सत्चरित्र र स्वाभिमानमा अडिक रहेको देखाएर उनलाई कुनै शक्तिले पनि जित्न सक्दैन बरु उनकै शरण पर्न बलवान् पुरुष पनि आउने गर्दछन् भन्ने विषयलाई चरितार्थ पारिएको यस कथामा

प्रत्यक्ष रूपमा आध्यात्मिक वाणीहरूको उल्लेख नभए तापनि आध्यात्मिक दर्शनका आधारभूत तत्त्वहरू शक्ति, भक्ति, ज्ञान, बुद्धि, विवेक, सहानुभूति, समर्पण र आदरभाव लगायत मानव धर्म सम्बन्धी विषयको उल्लेख गरिएको छ । महाभारतको कथावस्तु भएको हुनाले यस कथामा नीति, पञ्चतन्त्र, चाणक्यनीति, नीतिशतक, वैराग्यशतक लगायतका साहित्यिक पौराणिक ग्रन्थको भावलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा रुपान्तरण गरिएको छ । शान्ति, प्रेम, अहिंसा र विश्ववन्धुत्वको भावनालाई अर्जुन र प्रमीलाको पुर्नमिलनको प्रसङ्गले उधृत गरिएको छ । मानवधर्म र कर्मयोगसँग सम्बन्धित प्रमीला कथा युद्ध लडाइँको अट्टाहासको विपरीत एक अर्काप्रतिको त्याग र समर्पणमा आधारित भएर पनि आध्यात्मभन्दा बढी बाल उपदेशात्मक रहेको पाइन्छ ।

## ५.७ पृथु कथा विश्लेषण

बदरीनाथ भट्टराईको *पृथु* कथालाई पौराणिक (बाल) कथा सङ्ग्रहबाट साभार गरिएको हो । यो कथा अमृतमय आध्यात्मिक दर्शनले पूर्ण साक्षात् भगवान्को प्रतिरूप श्रीमद्भागवत् कथाको चतुर्थस्कन्धको पन्ध्रौं अध्यायदेखि बिसौं अध्यायसम्मको राजा पृथुको वीर चरित्रमा आधारित पृथु उपख्यानलाई उपजीव्य बनाएर रचना गरिएको छ ।

### ५.७.१ कथासार

आध्यात्मिक शक्तिले पूर्ण साक्षात् भगवान् विष्णुको अवतार राजा पृथुले पृथ्वीको दोहन गरेर आफ्ना समस्त प्रजाहरूको संरक्षण गरेको प्रसङ्ग यस कथामा प्रमुख रूपमा उल्लेख गरिएको छ । कथा राजा पृथुको असल चरित्रबाट अगाडि बढेको छ । राजामा हुनुपर्ने सम्पूर्ण गुणहरू पृथुमा थिए । पृथ्वीले रिसाएर अन्न नदिएपछि पृथु राजाले अनेक तरहका जुक्ति बुद्धि लगाएर पृथ्वीलाई दोहन गरे । उनले पृथ्वीमा रहेका सम्पूर्ण प्राणीहरूको भोक, रोग र शोकलाई हटाएर गाँस, बास र कपासको व्यवस्था समेत गरे । राजा पृथुले आफ्नो बुद्धि विवेकको प्रयोग गरी सम्पूर्ण जनतालाई खुशी, सुखी र उत्पादनमूलक कार्य गर्न सक्ने समेत बनाए । राजा पृथुको पराक्रमका कारण पृथ्वीले पनि निरन्तर रूपमा आफ्नो कर्म गर्न थालिन् । उनकै पराक्रमका कारण यो पुण्यमूभिको नाम पनि पृथ्वी रहेको हो भन्ने कुरालाई समेत उल्लेख गरिएको यो कथाको मुख्यसार रहेको छ ।

## ५.७.२ पृथु कथामा आध्यात्मिक दर्शनको प्रभाव

श्रेष्ठयोगी पुरुष संसारका सबै प्रणालीलाई आफू समान देख्छन् र सोही अनुरूप व्यवहार गर्दछन् । सुख-दुःखबाट प्रभावहीन अवस्थामा आफू रहे पनि अरूका दुःख सहज अनुभव गरी निवारणमा तल्लीन रहनु श्रेष्ठयोगीका विशेष स्वभावभित्र पर्दछन् । जीवात्मालाई दुःख परेको सहन गर्न नसक्ने व्यक्ति नै वास्तविक रूपमा आध्यात्मिक हुन् । कथाकार भट्टराई पृथुको सत्-चरित्रको वर्णन गरेर कथालाई उद्देश्यमूलक बनाउन सफल भएका छन् । श्रीमद्भागवतमा पृथुलाई भगवान् विष्णुको अवतारको रूपमा लिंदै भनिएको छ- *पृथुको रूपमा साक्षात् श्रीहरिको अंशले नै संसारको रक्षाको निम्ति अवतार लिएको छ* (जोशी, २०५७ : २२८) ।

राजा पृथु भगवान्का अवतार हुन । पृथ्वीमा भएका प्राणीको रक्षाका लागि भगवान् विष्णु समय समयमा पृथ्वीमा अवतरण गर्नुहुन्छ भन्ने श्रीमद्भागवद्को कथा अनुरूप यस कथामा पनि उनै भगवान् विष्णुले पृथुको अवतार लिएर पृथ्वीका सम्पूर्ण प्राणीहरूको रक्षा गर्दै आदि, मध्य र अन्त्य नभएको जगत्का स्रष्टा भगवान् विष्णुको प्रतिरूप पृथुलाई भनिएको छ- *ऋषिहरूले शिरमा राज्याभिषेक गर्नासाथ देशभर शान्तिको धारा बहन थाल्यो* ( पृष्ठ : १८) ।

एउटा सत् पात्रको उपस्थितिबाट संसारलाई सत्मार्गतर्फ अगाडि बढाउन प्रेरणा प्रदान गर्दछ । पृथ्वीले अन्न नदिएर जनता दुःखी भएका बेलामा पृथुको उपस्थितिले जनताको उद्धारको सङ्केत यस कथाले प्रदान गरेको छ ।

साधना वा तपस्याद्वारा शुद्ध र निर्मल बनेको अन्त : करण नै आध्यात्मिकता हो भन्ने भावना भएका बदरीनाथद्वारा भनिएको छ- *ऋषिहरूका आज्ञामुताविक यिनले ठूलो यज्ञ गरे* (पृष्ठ : १८) । यज्ञ, दान, धर्म कर्मानुष्ठान आदिबाट भगवत्त्व प्राप्त गर्न सकिने मीमांसा दर्शनसँग यो कथा नजिक रहेको छ । जनताको रक्षाको लागि पृथ्वीको दोहन गर्न अगाडि बढेका राजा पृथु सम्पूर्ण जनताहरूको आवश्यकता पूरा गर्न भरपुर प्रयत्नशील रहने व्यक्तिहरू मध्येका महत्त्वपूर्ण व्यक्ति पनि मानिन्छन् । यिनी अत्यन्त दयालु, पराक्रमी, वीर, विद्वान्, भगवद्भक्तिमा निरन्तर लाग्ने प्रतापी राजा थिए । पृथ्वीमा बस्ती बसाउन पृथ्वीमा सृष्टि गर्नको लागि तिनै गुणका अधिष्ठाता निर्विकार साक्षात् भगवान् श्रीहरिले आफ्नो अंशले

पृथुको अवतार लिएका थिए भन्ने श्रीमद्भागवत्मा उल्लेख गरेको पाइन्छ । यिनी पृथ्वीका पहिला राजा पनि थिए । यस्ता धर्मात्माहरूमा श्रेष्ठ राजा पृथुले दुनियाँलाई धर्ममा प्रवृत्त गराएर धार्मिक मर्यादाको रक्षा गर्नेछन् र धर्मको विरोधीहरूलाई दण्ड दिनेछन् भन्ने कुरा पनि श्रीमद्भागवतमा लेखिएको पाइन्छ । यसै अनुरूप केही समय पश्चात पृथ्वीले अन्न दिन छोडिन । जनताहरू भोकभोकै कंकला स्वर गर्न थाले । देशमा भोकमरी छायो । जनताहरू असहाय हुँदा सारा दुनियाँ राजाका हजुरमा हाजिर भइ विन्ती गर्दै भनिएको छ - *दया सागर, धर्मावतार महाराज ! हाम्रो आमाबाबु मालिक सबै हजुर होइबक्सन्छ । शरणको मरण गरिबक्सनु हुँदैन* (पृष्ठ : १९) ।

सत्य प्रतीक, ब्राह्मणभक्त, दृढ सङ्कल्पनिष्ठ, शरणागत वत्सल राजा पृथुले जनताहरूलाई ढाडस दिँदै, आखाँबाट आँसुका धारा बहाउँदै आफूलाई समालेर भने बाबु हो धन्दा नमान तिमीहरूको रक्षा गर्ने अभिभारा मैले बोकेको छु । पृथ्वीमाथि सकभर किन दण्ड प्रहार गरौं भन्ठानेको हुँ भन्दै राजाले कारणको खोजी गर्ने विचार गर्न थाले । अन्तमा उनले पृथ्वी अन्तहीन हुनाको कारण थाहा पाए । पृथ्वी आफैले अन्न र औषधी लुकाइराखेकी छिन् भन्ने कुरा जाने । त्रिपुर विनाशक भगवान् शङ्कर समान अत्यन्त क्रोधित भएर राजा पृथुले पृथ्वीलाई लक्ष्य बनाएर बाँण चढाएको प्रसङ्गमा - *उनले शस्त्र चलाएको देखेर पृथ्वी काँपिन र गाईको रूप धारणा गरेर भागिन्* (जोशी, २०५७ : २३१) ।

पृथुले सृष्टिको क्रममा पृथ्वीले गरेको अत्याचार विरुद्ध आफ्नो प्रभाव देखाउँदै पृथ्वीलाई आफ्नो गल्तीको स्वीकार गराएर लज्जास्पद बनाएका थिए । चाहिने जति सम्पूर्ण चीजहरू राजाले दुहे, अरूलाई पनि दुहाउन लगाए भन्ने कुरा श्रीमद्भगवत्मा उल्लेख गरिएको छ, । पृथुको शस्त्र अस्त्रको बल देखेर पृथ्वी निहुरिहालिन् र राजाले चाहिने जति सबै कुरा दुहे भनिएको यो कथा विशेषत देश र जनतामा समर्पित व्यक्तिहरूको लागि मार्गदर्शन बनेको छ ।

ठाउँ ठाउँमा संवादात्माक शैलीको पनि प्रयोग भएको यस कथामा आध्यात्मिकताको अत्यन्त प्रभाव रहेको छ । कथामा सृष्टि, संहार, ध्यान, योग, यज्ञ, तपस्या, भक्ति, मानवधर्म, कर्मयोग लगायत धर्म रक्षाका विविध विषयवस्तुहरूलाई प्रयोग गरिएबाट यो कथा षड्दर्शन मध्ये योग, मीमांसा र वेदान्त दर्शनबाट बढी प्रभावित रहेको पाइन्छ । राजा पृथु योग विद्यामा पारङ्गत ज्ञानी पुरुष थिए भने धर्म, कर्म, पाठ, पूजा, यज्ञ आदिबाट भगवद्भक्ति

गर्दथे । यो ब्रह्माण्ड संसार एउटा भ्रम मात्र हो । सृष्टिलाई चालु राख्न मानिसले अनेक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । पृथ्वीका मानिसको कल्याणका निमित्त भगवद्भक्ति अति नै आवश्यक रहेको छ जसबाट मानिसमा शान्ति प्राप्त हुन्छ र विस्तारै विस्तारै आत्मज्ञान प्राप्त हुन्छ । ब्रह्मत्व प्राप्त गर्न सकिन्छ भन्ने वेदान्त दर्शनका अनुयायी बदरीनाथले कथामा विशेषतः वेदान्त दर्शनको प्रभावलाई उल्लेख गरेका छन् । सरल नेपाली भाषाको प्रयोग भएको यो कथा सत्चरित्र प्रधान विषयवस्तुमा आधारित रहेको छ । यस कथामा पौराणिक जगत्का राजा पृथुको धर्म, संस्कृति, चालचलन, भाषा, धर्मनीतिका बारेमा पनि उल्लेख गरिएको छ ।

### ५.७.३ निष्कर्ष

भगवान् श्रीहरिका भक्त राजा पृथुको असल चरित्रको वर्णन गरिनुका साथै आफ्नो देशको धर्म-संस्कृति, नीति-नियम, नैतिक मूल्यमान्यता, वीर पराक्रमी राजामा हुनुपर्ने सत्गुणी र प्रजावात्सल्यपनका कारण धर्मको रक्षाको निमित्त गरिएका सत्कार्य आदिको बारेमा उल्लेख गरी पाठकवर्गमा असल चरित्रको मार्गदर्शन गर्न खोजिएको यस कथामा बदरीनाथ भट्टराईले सृष्टिको असङ्ख्य पदार्थ सबैका अलग अलग गुण, स्वाभाव र दोष एक अर्काभन्दा आधार रूपमै भिन्न हुनुमा दिव्यशक्ति कै करामत रहेको हुनुपर्छ भनेका छन् । कसैद्वारा योजनाबद्ध रूपमा विकसित संरचना मानिएका बुद्धि, सामर्थ्यभन्दा पर रहेको तत्त्वको नाम ब्रह्म हो । ब्रह्मत्त्व प्राप्तिका लागि पृथुले पृथ्वीलाई दोहन गरी जनताको रक्षा गर्न सक्षम भएको विषयलाई कथाकारद्वारा आध्यात्मिक खुराक प्रदान गरिएको छ ।

## ५.८ दमयन्ती कथा विश्लेषण

आदर्श, ज्ञानी, विदुषी नारी चरित्रमा आधारित *दमयन्ती* कथा बदरीनाथ भट्टराईको पौराणिक बालकथा सङ्ग्रहबाट साभार गरिएको हो । एउटी असल पतिव्रता नारी प्रधान चरित्रमा आधारित यस कथालाई बदरीनाथ भट्टराईले २०१० सालमा रचना गरेका हुन् । यस कथालाई भट्टराईले गद्य महाभारतको नलोपाख्यान पर्व अन्तर्गत त्रिपन्नौं अध्यायमा वर्णित नल र दमयन्तीका गुणहरूलाई परस्परको अनुरागमा हंसले नलको सन्देश दमयन्तीलाई र दमयन्तीको सन्देश नललाई सुनाएको प्रसङ्ग आदि वर्णन गरिएको छ ।

### ५.८.१ कथासार

पौराणिक उपख्यानमा आधारित यस कथाकी प्रमुख पात्र दमयन्ती अत्यन्त सुन्दरी असल चरित्र भएकी कन्या थिइन् । उनको स्वयम्वरमा इन्द्रायादि देवताहरू समेत आएका थिए । उनले निपध देशका राजा नललाई पतिवरण गरेकी थिइन् । उनीहरूबिच आत्मिक प्रेम थियो । पाठपूजा र राजकाजबाट फुर्सद पाउनासाथ दमयन्तीलाई लिई राजा नल विभिन्न स्थल घुम्न तथा जलक्रीडा, वनविहार आदि गर्न जाने गर्थे । आफ्नो राजकाज भगवद्‌भक्ति लगायत सम्पूर्ण कुरामा निपुण राजा नलको पासा, जूवा खेल्ने नराम्रो बानी भएका कारण उनले आफ्नो सारा राज्य हारेका थिए जसको फलस्वरूप उनी वनबासमा जानुपऱ्यो । असल आचार विचार धार्मिक आस्था विश्वासको संस्कार बोकेकी रानी दमयन्तीले पनि राजासँग वन जाने निर्णय गरिन् । राजा नलले दमयन्तीलाई वनबासमा नलान धेरै कोशिस गर्दा पनि रोक्न सकेनन् । राजा नललाई जङ्लगमा दमयन्तीले दुःख पाएको देखेर असह्य पीडा भयो । उनले आफ्ना एकजना मित्रका घरनजिकै दमयन्ती निदाएको बेलामा एक्लै छोडेर हिंडे । राजा नलले पत्नीबाट एक्लिन होइन पत्नीको दुःखलाई सहन गर्न नसकी यस्तो निर्णय गरेका थिए । दमयन्ती बिउँझदा राजालाई नदेखी अनेक विलाप गर्दै बसिरहेको बेलामा उनलाई बाघ आएर झम्टन खोज्छ । सोही बेला एकजना व्याधा त्यहाँ आइपुग्छ र उनलाई बचाई विवाहको प्रस्ताव राख्छ । पतिव्रता नारी दमयन्ती किन मान्थिन् र ! उनी त्यस व्याधाबाट बच्न त्यहाँबाट भाग्दै भाग्दै इष्टमित्रको घरमा पुगेर शरणमा पर्छिन् । उनका पिताले उनी त्यहाँ बसेको थाहा पाएर लिन आई आफैसँग घरमा राख्छन् । राजा भीमले आफ्ना ज्वाईं नल राजाको धेरै खोजी गर्दा पनि पाउन नसकेपछि दमयन्तीको पुनः स्वयम्वर हुने भयो भन्ने हल्ला चलाइदिन्छन् । सोही अनुरूप अयोध्याका राजा रथमा चढेर त्यहाँ आइपुग्छन् । उक्त राजाको रथ हाक्ने व्यक्ति राजा नल हुन् कि भन्ने शङ्का दमयन्तीलाई लाग्छ । उनीले त्यहाँ आउने मानिसहरूलाई सोधपुछ गर्दा उनी राजा नल नै भएको थाहा पाउँछिन् र राजा नललाई भेट्न जान्छिन् । उनीहरूको पुनः भेट हुन्छ र अत्यन्त हर्षित भएर आफ्नो जीवनयापन गर्न थाल्दछन् । राजा नल पुनः निषध देशका राजा हुन्छन् । अतः दमयन्ती र राजा नल पहिले जस्तै सुखी जीवन यापन गर्न सफल भएको प्रसङ्ग यस कथाको मुख्य कथानक रहेको छ ।

### ५.८.२ दमयन्ती कथामा आध्यात्मिक दर्शनको प्रभाव

यस लोकमा शान्ति, सम्पन्न, सुखमय जीवनयापन गर्न र परलोकमा आनन्दमय स्वरूप प्राप्त गर्न मानवको एकमात्र साधन धर्म हो । धर्म भनेको परमेश्वरको रूप हो । त्यस धर्मलाई ज्ञान दृष्टिले प्रत्यक्ष गरी धर्मवेत्ता महर्षिहरूले लोकहितको निमित्त गरेको उपदेशबाट प्राप्त आध्यात्मिक ज्ञान हो भन्ने विषयलाई आत्मसात् गरेका बदरीनाथ भट्टराईद्वारा सत्यलाई अँगाल्दै भनिएको छ- *दमयन्तीको भावना सत्य रहेछ भने, हामी पनि त्यही बाटो लागौँ* (पृष्ठ : ४९) । सत्य, धर्म तथा आध्यात्मिक चिन्तनले मानिसलाई असल चरित्रको निर्माण गर्न मद्दत गर्छ, जो साधक मन, वचन र कर्मले परमात्माप्रति निरन्तर समर्पित रहन्छ, उसका सबै कर्म पूजामा परिणत हुन्छन् अन्ततः साधक आफूलाई परमात्माको अभिन्न अंशमा स्थापित गर्न सक्छन् भन्ने कुरालाई कथाकारले यहाँ दमयन्तीको असल चरित्रलाई उल्लेख गरेर मार्गदर्शन गरेका छन् ।

आध्यात्मिक दर्शनको प्राप्तिबाट मानिसलाई असल मानव र मानवलाई देवता र देवतालाई स्वयम् भगवान्को प्रतिरूप बन्न सिकाउँछ भन्ने सात्विक विद्वान् भट्टराईद्वारा राजा नलको असल चरित्रको वर्णन गर्ने क्रममा भनिएको छ - *धर्म, कर्म, पाठ, पूजामा तल्लीन राजा नल राजकाजबाट फुर्सद पाउनासाथ दमयन्तीलाई लिएर जलक्रीडा गर्न जान्थे, कहिले वन विहार, कहिले चाहिँ रथमा बसेर घुम्न जान्थे* (पृष्ठ : ४९) ।

माया, प्रेम, सुख-दुःख, तृष्णा र पति, पत्नी बिचको सामिप्यलाई विशेष रूपमा अँगालिएको यस कथामा रजोगुणीपनलाई पनि व्यावहारिक जीवनसँग जोडिएको छ । कथाकार बदरीनाथ भट्टराई आफू रजोगुणीपनबाट टाढा रहे पनि यस कथामा भने रजोगुणीपनलाई विशेष महत्त्व दिएर कथालाई आत्मिक प्रेममा समर्पित गराइ जीवन जिउने आधार तयार गर्दै सत्य पतिव्रतानारी दमयन्तीलाई आफ्ना पतिले जुवामा सबै सम्पत्ति हारेर जङ्गल पस्नु पर्दाको दुःखद अवस्थामा पनि धैर्य धारण गराउँदै भनिएको छ- *यस बखत हजुरको पाउ छोड्दिनँ भनी दमयन्ती पछि लागिन्* (पृष्ठ : ४९) ।

कथामा पतिलाई सङ्कट पर्दा पत्नीले साथ दिनु पतिव्रता धर्म हो । पूर्वीय आध्यात्मिक मान्यता हो । सँगै बाँच्ने सँगै मर्ने कसम खाएर अग्निलाई सातफेर परिक्रमा गर्ने आध्यात्मिक दर्शनको परम्परागत सांस्कृतिक मान्यता अनुसार दमयन्तीलाई पनि

पतिसँगै जङ्गल जाने निर्णय गराएर कथाकारले कथालाई उच्चआदर्श प्रदान गरेका छन् । मानिसले सच्चा गृहस्थ जीवनको भूमिका निर्वाह गर्न सबैमा माया, ममता, प्रेमपूर्ण व्यवहार गर्नु पर्दछ । गृहस्थ जीवनको सार्थकता नै सबैमा सहभाव राख्नु हो । एक आपसको सहभावबाट मानवीय जीवन सफल बन्दछ भन्ने मान्यता बोकेका बदरीनाथले यस कथामा भौतिक जीवन र आध्यात्मिक चिन्तनको सङ्गम गराएका छन् ।

पौराणिक जगत्का मानवीय जीवनमा राजारानीको चरित्रमा आधारित दमयन्ती कथा सामान्य आध्यात्मिकताको झलक देखाइएको कथा हो । कथाकारले यस कथालाई बालबालिकाहरूको बालमस्तिष्कमा असल चरित्रको ज्ञान गराएर उनीहरूको जीवनमा आइपर्ने दुःख, कष्ट, मानवीय सद्भाव, सत्ज्ञान, सत्विचार, सत्मार्गको, विकास गराइ भगवान् भक्ति, पितृभक्ति, पतिव्रता धर्म, पत्नीपरायणता लगायतका कुराको जानकारी गराउन खोजेका छन् । कथामा नैतिक आदर्श, सामाजिक मूल्यमान्यता, सामाजिक रीतिरिवाज, परम्परागत संस्कृतिको विषयमा उल्लेख गरिएको छ । एउटी असल चरित्र भएकी महिलाले गलत बाटोको पछि लागेको पुरुषलाई सही बाटोमा ल्याउन सक्ने क्षमता बोकेकी हुन्छिन् भन्ने आदर्शमय सन्देश यस कथाकी पात्र दमयन्ती मार्फत कथाकारले दिएका छन् ।

### ५.८.३ निष्कर्ष

भौतिक क्रियालाई कर्म र आध्यात्मिक क्रियालाई धर्म भनिन्छ भन्ने दार्शनिक मान्यता अनुरूप मानवधर्म र पौराणिक संस्कृतिको विशेष प्रभाव उल्लेख भएको यस कथामा *ईश्वर मायोपधिक ब्रह्म हो* भन्ने वेदान्त दर्शनलाई उजागर गरिएको छ । भगवान् भक्ति, ईश्वर प्राप्ति ब्रह्मतत्त्वको ज्ञान भन्दा पनि व्यावहारिक जीवनको सार्थकता बोकेको धर्म, अर्थ, काम, मोक्षका अतिरिक्त पारिवारिक बन्धन, कर्मयोग, प्रेमयुक्त माया-बन्धन र व्यावहारिक सननिष्ठा आदि विषय यस कथाको मूल तत्त्व रहेको छ । भट्टराईद्वारा एक आदर्श पतिव्रता नारी दमयन्तीको विवाह, मिलन, विछोड, पीडा, पुर्नमिलन आत्मिक तथा व्यावहारिक दुःख-सुख आदिलाई उल्लेख गराएर कर्म नै धर्म हो र धर्मबाट नै मानिसमा शान्ति प्राप्त हुन्छ भन्ने कुराको पहिचान गराइएको छ ।

## ५.९ आखिर आँखा कथा विष्लेषण

बदरीनाथ भट्टराईले *आखिर आँखा* कथा श्रीमद्भागवत महापुराणको षष्ठम् स्कन्धको पहिलो र दोस्रो अध्यायमा वर्णित अजामिलको उपाख्यानको प्रारम्भ र विष्णु दूतहरूद्वारा भागवत धर्मको निरूपण र अजामिललाई परमधाम गमन गराएको विषयलाई उपजीव्य बनाएर रचना गरेका हुन् । यस कथालाई कथाकारले फुट्कर कथाको रूपमा प्रकाशित गरेका हुन् । आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गर्दा यो कथा अत्यन्त रोचक हुनुका साथै सामाजिक मान्यता र नैतिक आदर्शले परिपूर्ण रहेको छ ।

### ५.९.१ कथासार

पौराणिक समयमा कान्यकुब्ज भन्ने नगरमा एउटा दासीपति ब्राह्मण बस्दथे । तिनको नाम अजामिल थियो । त्यो अजामिल बडो शास्त्रज्ञ थियो । ऊ लगनशील, सदाचार र सद्गुणहरूको खानी नै थियो । अजामिल ब्रह्मचारी, विनयी, जितेन्द्रिय, सत्यनिष्ठ, मन्त्रवेत्ता र पवित्र भावना भएको व्यक्ति थियो । ऊ अहंकार नभएकोले गुरु, अग्नि, अतिथि र वृद्ध पुरुषहरूलाई सधैँ सेवा गर्दथ्यो । कसैको गुणहरूमा दोष नखोज्ने अजामिल पिताको आदेश अनुरूप वनमा समिधा, फलफूल र कुश लिएर घरतिर फर्कंदा भ्रष्ट निर्लज्ज कामी रक्स्याहा पुरुषले वेश्या महिलासँग विहार गरिरहेको देख्छ । ऊ त्यस कुलटालाई देखेर मोहित हुन्छ । ऊ स्वयम् पनि कामको वशमा पर्दछ । उसले जति धैर्य गर्न खोज्दा पनि आफ्नो मनलाई वशमा राख्न सक्दैन । जसका कारण अजामिल वेश्याको रमणीयतामा रमाइ आफ्नो सम्पूर्ण धनसम्पत्ति वेश्यालाई सुम्पन पुग्छ । उसमा शास्त्रको ज्ञान सबै हराउँछ । उसले वेश्याको घर परिवारसम्म पाल्ने जिम्मेवारी लिएको हुनाले आफूसँग पैसा नभएपछि चोरी डकैती जस्ता कार्य गर्न थाल्छ । अजामिलले वेश्याको वशमा परेर आफ्नी विवाहित पतिव्रता पत्नीलाई र मातापितालाई पनि विभिन्न किसिमको गाली गरी दुःख पीडा दिन्छ । जसका कारण ऊ साहारा विहीन हुन्छ । उसलाई सहयोग गर्ने कोही हुँदैन । ऊ अत्यन्त दुःखी र गरिबीको सिकार भएपछि राम्रोसँग खान लाउन नपाएर दुब्लाउँदै जान्छ । वेश्याले उसलाई छोडिदिन्छे । अजामिल पुनः बेसाहारा हुन्छ र आफ्नै घर परिवारको शरण लिन पुग्छ । उसले छोराको नाम नारायण राखेको हुन्छ । आफू कमजोर र विरामी भएपछि ऊ ठूलो स्वरले पनि बोल्न नसक्ने हुन्छ । आफ्नो गल्तीका कारण पश्चात्तापको अग्निमा जलेको अजामिलले मातापिता र श्रीमतीलाई बोलाउन नसकी विस्तारै विस्तारै बोल्दै नारायण नारायण भनेर

छोरालाई बोलाउँदा भगवान् नारायणको नामको उच्चारण गर्न पुग्दछ । उसको सत्य वचनबाट भगवान् विष्णुले आफ्नो नामको मात्र उच्चारण गरेको भए पनि खुशी हुनु भएर विष्णु लोकमा लैजानु भयो भन्ने कथावस्तु भएको यो कथामा सामान्य मानव जीवनको सामाजिक आर्थिक अवस्था, उसको व्यावहारिक जीवनसँग सम्बन्धित रहेको पाइन्छ । सुरुमा आफ्नो जीवनलाई सद्मार्गमा लगाएर अगाडि बढेको अजामिल पछिल्लो अवस्थामा आफ्नै उत्तेजनाका कारण जीवनलाई विकृत अवस्थामा पुऱ्याए पनि भगवान् नारायणको नाम मात्रको उच्चारणले उसको मुक्ति भएको कुरालाई उल्लेख गरेर कथाकारले धर्मको ज्ञान नभएका मनुष्यलाई आध्यात्मिक मार्गमा लाग्न सचेत गराएको कथावस्तु यस कथाको रहेको छ ।

## ५.९.२ आखिर आँखा कथामा आध्यात्मिक दर्शनको प्रभाव

वेदको स्वाध्ययन गर्नु, ब्राह्मणहरूले देवताको तपस्या गर्नु सत् पुरुषको धर्म हो । मर्नु र जन्मनु प्रकृतिको नियम हो । कसैको निन्दा नगर्नु असल व्यक्तिको आचरण हो भन्ने आध्यात्मिक भावनालाई भट्टराईले यहाँ आत्मसात् गरेका छन् । उनले विभिन्न आध्यात्मिक ग्रन्थहरूको अध्ययन गरेका छन् । उसको विचारमा धर्मको मुख्य स्थान देवता हो, यशको स्थान दान हो, स्वर्गको स्थान सत्य हो र सुखको स्थान शील हो भन्ने रहेको छ । श्रीमद्भागवतमा अजामिलको विषयमा भनिएको छ- *अजामिल शील, सदाचार र सद्गुणहरूको खजान नै थियो । ब्रह्मचारी, विनयी, जितेन्द्रिय, सत्यनिष्ठ, मन्त्रवेता र पवित्र पनि थियो* (जोशी, २०५७ : ३३६) ।

यस कथामा प्राचीन परम्परागत धर्म र संस्कृतिको प्रभाव परेको पाइन्छ । मानिस सामाजिक प्राणी हो । उसले घरमा जस्तो व्यवहार पायो उस्तै किसिमले उसको स्वाभाव बानी व्यवहार अगाडि बढ्छ भन्ने कुरालाई बदरीनाथद्वारा अजामिलको चरित्रबाट बुझाउन खोजिएको छ । भट्टराईले उक्त समयमा विशुद्ध आचरण भएको कुरालाई उल्लेख गर्दै अजामिल कथाको रचना गरेका हुन् । उनले यस कथालाई दार्शनिक प्रयोजनले रचना गरेका होइनन् तापनि नीति, नियम, शिक्षा, दीक्षा र अर्ती उपदेशसँगै आध्यात्मिक, आस्था र पूर्वीय दर्शनलाई समर्थन भने गरेका छन् । यस कथामा कथाकार भगवान् नारायणका परम् भक्तका रूपमा प्रस्तुत भएका छन् । नारायण शब्दको उच्चारण मात्रले पनि भगवान् विष्णुका समीप पुग्न सकिने कुरालाई उनीद्वारा यहाँ उल्लेख गरिएको छ ।

धर्म गर्नाले श्रेयको बृद्धि हुन्छ र अधर्म गर्नाले मनुष्य स्वयम्‌को अकल्याण हुन्छ त्यसैले सबैले सत्‌कर्म गर्नु पर्दछ, कुकर्म होइन भन्ने भाव बोकेका भट्टराईद्वारा भनिएको छ- *सुरुमा आध्यात्मिक शिक्षा प्राप्त गरेको अजामिल ब्राह्मण पिताका आदेश अनुसार वनमा गयो र त्यहाँबाट फलफूल, समिधा र कुश लिएर घरतिर फर्क्यो* (जोशी, २०५७ : ३३६) । पूर्वीय मान्यता अनुरूप पिताको आदेश पालना गर्नु, होम गर्नु, पूजा पाठ गर्नु भगवान्‌को भक्ति-आरधना गर्नु सनातन धर्मका प्रतिपाद्य विषय भएको हुनाले यस कुरालाई निरन्तरता दिनुपर्दछ भन्ने मान्यतालाई सङ्‌केत गरिएको छ ।

कथाकार भट्टराई धर्मशास्त्रका वेत्ता भएका हुनाले उनका हरेक कथामा धर्म, संस्कृति र दर्शनको प्रभाव रहेको पाइएको छ । यस कथाको शीर्षक नै *आखिर आँखा* राखेर कथाकारले माता, पिताको जीवन जिउने सहारा, आफ्नो हृदयको टुक्रा पुत्रबाट धेरै आशा गरिएको भए तापनि छोरा कुसङ्‌गतमा लाग्दा सपरिवारको नै जीवन दुःखी भएको देखाएका छन् । बदरीनाथ अजामिललाई वेश्याको सङ्‌गतले पापी, अधर्मी, व्यभिचारी, मानवधर्म र परम्परागत संस्कृति विरुद्धको काम गरी पापको भागिदार भएको कुरा उल्लेख गरेर आजको धर्म हराएका मानिसहरूलाई पापकर्म नगर्न सचेत गराउन सफल भएका छन् ।

कथामा सदाचार, कर्मयोग, मानवधर्म, भगवान् नाम सङ्‌कीर्तन, ईश्वर, आत्मा, मोक्ष, शरीर, मन, सुख-दुःख आदि शब्दहरूको उल्लेख गरिएबाट पूर्वीय दर्शनको प्रभाव कथाको सुरुदेखि नै रहेको देखाइएको छ । आध्यात्मिक दर्शनमा कर्मका नियमबाट संसारको सृष्टि हुन्छ । शरीर ज्ञानेन्द्रिय, कर्मेन्द्रियहरू भोगका विषय तत्त्वहरूले सृष्टिमा कार्य गर्दछन् भन्ने मीमांसा दर्शनको सिद्धान्त अनुरूप कुलटाको विषयभोगबाट अजामिलको सारा जीवन नै पापमय भएको थियो । जो व्यक्ति शास्त्रज्ञानलाई उल्लङ्‌घन गरेर स्वच्छन्द आचरण गर्छ , त्यो व्यक्ति सत्पुरुषहरूद्वारा निन्दित हुन्छ भन्ने श्रीमद्‌भागवतको वाणीलाई कथाकारद्वारा यहाँ उल्लेख गरेर वासनामय कर्ममा फस्नु नहुने कुराको सचेत गराइएको छ ।

अन्तमा कुकर्ममा फसेको मनुष्यको उद्धार भगवान् नारायणको नाम सङ्‌कीर्तबाट हुन्छ भन्ने भावना भएका बदरीनाथले यस कथामा आखिर आँखाका रूपमा रहेका आफ्ना छोराको नाम नारायण राखी जीवनको अन्तमा भए पनि जानी नजानी भगवान् नारायणको नाम पटक पटक उच्चारण गराएर भगवान् खुशी भई पापबाट मुक्त गराएको प्रसङ्‌ग भगवान् कै मुखारविन्दबाट श्रीमद्‌भागवतमा भनिएको छ -

> *हे यमदूतहरू ! यसले कोटी कोटी जन्महरूको पाप राशिको पूरापूरा प्रायश्चित मात्र गरिसकेको होइन कि स्वयम् कल्याणको पात्र पनि बनेको छ । यसले विवश भएरै किन नहोस् भगवान्को परम कल्याणमय नाम उच्चारण गरेको छ , जुन वखत यसले नारायण यी चार अक्षरहरू उच्चारण गऱ्यो त्यसैवखत यसका सारा पापहरूको प्रायश्चित भयो* (जोशी, २०५७ : ३३६) ।

आध्यात्मिक दर्शन सबैको कल्याणमय दर्शन हो । यस दर्शनमा भगवान्को नाम मात्रको उच्चारणबाट मानिसले गरेका जस्तोसुकै पाप पनि नष्ट हुने गर्छ भन्ने भगवद्वाणीलाई कथाकारले यहाँ उल्लेख गरेका छन् । भगवान् नारायणको नाम सबैले उच्चारण गरुन, यो समाज धार्मिक आध्यात्मिक समाज बनोस् भन्ने आध्यात्मिक विद्वान् बदरीनाथद्वारा यस कथाका पात्र अजामिललाई आफूले गरेका सम्पूर्ण कुकर्म पापको याद गराएर प्रायश्चित गराउँदै उसैको मुखारविन्दबाट भनिएको छ,-

> *अब म मन, इन्द्रिय र प्राणलाई वशमा राखेर यस्तो प्रयत्न गर्नेछु कि फेरि म घोर अन्धकारमय नरकमा नपरूँ । मैले अज्ञानवश आफूलाई शरीर सम्झेर त्यसको निम्ति ठूलठूला कामनाहरू गरे र तिनीहरूकै फल बन्धन रहेछ । अब म यसलाई काटेर समस्त प्राणीहरूको हित गर्नेछु । वासनालाई शान्त पार्नेछु । सबैसँग मित्रताको व्यवहार गर्नेछु । दुःखीहरू माथि दया गर्नेछु र पूरा समय संयम र सत्यमा रहनेछु* (जोशी, २०५७ : ३३६ ) ।

सनातन धर्मका अनुयायी बदरीनाथद्वारा मानिस संसारमा जन्मन्छ र मर्छ । जन्मनु सत् कार्यका लागि राम्रो काम गर्ने अवसर हो भने मृत्यु शरीरको अन्त्य हो भन्दै जीवनको अन्त्यमा हरेक मनुष्यले भगवान् नाम सङ्कृर्तन गर्दै मोक्षको बाटो अबलम्बन गर्नुपर्ने सङ्केत गरिएको छ ।

### ५.९.३ निष्कर्ष

लौकिक पदार्थ र आध्यात्मिक तत्त्वलाई आत्मसात् गर्ने प्रविधि फरकफरक भए पनि प्राप्ति एउटै रहन्छ अर्थात् मनुष्यले आफ्ना सन्तानलाई जस्तो शिक्षा, दीक्षा संस्कार प्रदान गर्न सक्यो उस्तै रूपमा उनीहरू अगाडि बढ्दछन् । जमिनमा जस्तो बीउ रोप्यो उस्तै फल लाग्दछ भने झैं अध्यात्मज्ञान अर्थात् अन्तःकरणको उत्कर्ष पनि सम्पन्न संस्कार र आचारको परिपालनाबाट प्राप्त हुन्छ । बाहिरी आँखाले जे जति पदार्थ देखिन्छ ती सबै भौतिक हुन् भने अन्तःकरणले अनुभव गर्ने तत्त्व आध्यात्मिक हुन्छन् भन्ने आध्यात्मिक दर्शनका अनुयायी बदरीनाथद्वारा यस कथामा अजामिलको उपयुक्त सदाचारयुक्त बाल्यसंस्कार, पछि उत्पन्न भएको जवानीको दोषका कारण प्राप्त (काम वासनाको) परिणाम र दुःखग्रस्त संसारबाट छुट्करा पाउने उपाय भगवान् नारायणको नाम उच्चारण हो भन्ने देखाएर कथामा आध्यात्म रस भरिएको छ ।

## ५.१० मदालसा कथा विष्लेषण

यो *मदालसा* कथा बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक कथा (बालकथा) सङ्ग्रहभित्रको महत्त्वपूर्ण कथा हो । यस कथालाई बदरीनाथले पुराणहरूमा उल्लिखित कथालाई उपजीव्य बनाएर रचना गरेका छन् ।

### ५.१०.१ कथासार

मदालसालाई पातालकेतु दैत्यले रसातलमा अपहरण गरेर लान्छ । उनका पिता विश्ववशु गन्धर्वले धुइँधुइँती खोजे पनि केही पत्तो लगाउन सक्दैनन् । पछि राजा शत्रुजित्का छोरा ऋतध्वज पनि पातालकेतु दैत्यलाई लखेट्दै मदालसा भएको ठाउँमा पुगेपछि उनीहरू दुवैको भेट हुन्छ । दुवैको मन मिल्छ र उनीहरू प्रणय सूत्रमा बाँधिन्छन् । मदालसा अत्यन्त असल नारी थिइन् । उनी ज्ञान, बुद्धि, विवेक र विद्यामा पारङ्गत थिइन् । यस्ती विलक्षण पत्नी पाएर ऋतध्वज अत्यन्त खुशी थिए । उनीहरूबाट चार छोराहरू जेठा विक्रान्त, माहिला सुवाहु, साहिला शत्रुमर्दन र कान्छा अलर्क भएका थिए । जेठा, माहिला, साहिँला छोराहरू आमाको आध्यात्मिक असल ज्ञान पाएर त्यागी, योगी पुरुष बन्न पुगे भने कान्छा अलर्कलाई पनि योगी त्यागी पुरुष नै बनाउँछिन् कि भन्ने डरले राजाले रानीलाई कान्छा छोरालाई राजकाज समाल्ने तालिम देऊ भनेपछि रानीले राज्य सञ्चालन गर्न निपुण तालिम

अलर्कलाई दिन्छिन् । राजारानीको सल्लाह अनुसार अलर्कलाई राजकाज विद्यामा पारङ्गत राज्यको उत्तराधिकारी बनाइ राज्य सुम्पेर आफूहरू तपोवनतर्फ लागेको मुख्य कथासार यस कथाको रहेको छ ।

### ५.१०.२ मदालसा कथामा आध्यात्मिक दर्शनको प्रभाव

भक्ति मार्ग र ज्ञान मार्गमा सम्पूर्ण रूपले लागेका व्यक्तिहरूका लागि पनि ब्रह्मज्ञानको प्राप्ति सरल मार्ग होइन । अध्यात्मदर्शन यस्तो विषय हो जसमा तन र मन दुवैले डुबुल्की लगाउनुपर्दछ । ब्रह्मविद्या प्राप्त गर्न ध्यानयोग अति नै आवश्यक रहेको हुन्छ भन्ने भाव बदरीनाथले यहाँ प्रस्तुत गरेका छन् । यिनले गृहस्थ ब्रह्मज्ञानी मदालसाको असल चरित्रसँग उनका छोराहरूको शिक्षा दीक्षालाई जोडेर गृहस्थ धर्म, कर्मयोग, नैतिक शिक्षा र ब्रह्मज्ञानको विषयमा चर्चा गरेका छन् । धर्म दर्शनका नाममा मानवताका आधारभूत नियमसँग मेल नखाने कार्य गर्नु हुँदैन भन्ने कुरा यस कथामा बताइएको छ । ऋतध्वज र मदालसाका पहिलो छोरो विक्रान्त असल गुणकी खानी आमाको उपयुक्त आध्यात्मिक शिक्षा दीक्षाका कारण त्यागी योगी पुरुष भए र गृहस्थ आश्रम छोडेर जङ्गल गएका छन् । मदालसा आफू ज्ञानी नारी भएकी हुनाले उनले आफ्ना पुत्रहरूलाई सानैदेखि आत्मज्ञानको शिक्षा दिँदै भनिएको छ- *यो संसार अलि लामो सपना हो, फेरि दुःखै दुःखले भरिएको छ* ( पृष्ठ : ६२) । दुःखले भरिएको यस संसारमा दुःखको कारण मानिस स्वयम् हो । दुःखबाट छुट्कारा पाउन मानिसले आध्यात्मिक मार्गमा लाग्नु पर्दछ भन्ने पूर्वीय मान्यता रहेको छ । आमाको अध्यात्ममय शिक्षा पाएर छोरा विक्रान्तको मनमा पनि दृढ वैराग्य उत्पन्न भयो र उनी आत्मज्ञान प्राप्त गर्न वनमा गए भन्ने कुरालाई बदरीनाथ भट्टराईले यहाँ प्रस्तुत गरेका छन् । *माहिला छोरा सुवाहु र साहिला छोरा शत्रुमर्दनले पनि जेठा विक्रान्तकै जस्तो ज्ञान पाएर त्यागी बने* (पृष्ठ : ६२) ।

एउटी असल शिक्षित, विदुषी आध्यात्मिकवादी आमाबाट दिएको ज्ञान सार्थक हुँदो रहेछ । योग साधनाले परिपूर्ण हुँदो रहेछ भन्ने कुरा कथाबाट बुझ्न सकिन्छ । असल शिक्षा पाएमा मानिसमा आध्यात्मिक भावनाको विकास हुन्छ र उसमा विस्तार विस्तार आत्मज्ञान प्राप्त हुन्छ । व्यक्तिमा चित्तवृत्ति निरोध भनेर चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने योग दर्शनका अनुसार मदालसाको योग युक्त ज्ञान पाएपछि छोराहरूमा उत्पन्न भएको वैराग्यताबाट उक्त कुरा बुझ्न सकिन्छ ।

सबै छोराहरू अध्यात्म विद्या पाएर तपस्वी योगी पुरुष भएर जङ्गलमा पसेपछि राजा ऋतध्वजले राज्य सञ्चालनको जिम्मेवारी लिने छोराको अभाव महसुस गरेपछि रानीले कान्छा छोरा अलर्कलाई पनि उस्तै शिक्षा दिन लागेको देखेर राजाद्वारा आकुल व्याकुल भएर रानीलाई भनिएको छ-

> *रानी यो तिम्रो के चाला हो ? आफू गृहस्थ भएर भर्खरका छोरालाई यस्तो शिक्षा दिनु ठीक होइन । देशका मुटु बन्ने सन्तानलाई जोगी बनाउन थाल्यौ भने दुनियाँको गति के होला ? छोरालाई उद्योगी बनाऊँ भनेर अरू आमाबाबुहरू कति मिहिनेत गर्छन्, ज्ञान खराब हो भनेर मैले भनेको होइन तर अवस्था नपुगेकोलाई ब्रह्मज्ञान बताउनेको टाउको फुटोस् भन्ने शास्त्रको वचन छ भनेर राजाले भने तिमी बुद्धि भएकी छौ आफैं विचार गर, शास्त्रको ज्ञान लिनको लागि नीति नियममा बस्नु पर्दछ ।* समयको पालना गर्नु पर्दछ । उमेर पुगेको हुनु पर्दछ, (पृष्ठ : ६४) ।

पूर्वीय दर्शनमा ब्रह्मज्ञान प्राप्त गर्न धर्मको आचरणमा बस्नु पर्दछ भने सृष्टिको क्रमलाई चालु राख्न पनि मानिसले प्रकृतिको नियमलाई पालना गर्नु पर्दछ भन्ने भौतिक तथा आध्यात्मिक भावको परिचय गराउँदै कथाकारद्वारा यहाँ सामाजिक न्याय र मानव धर्मको परिचय दिइएको छ ।

सृष्टिको क्रममा सबै कुरा आवश्यक छन् । राज्यको सञ्चालनमा उपयुक्त व्यक्तिको उपस्थिति भएन भने न्यायपूर्ण राज्य हुँदैन । त्यसैले पहिले राज्यको उत्तराधिकारी पनि राजाले सोच्नु अत्यन्त स्वाभाविक धारणा भएका कथाकारद्वारा पुनः भनिएको छ- *छोराहरूलाई सात्विक, तपस्वी, योगी, बनायौँ भने राजकाज कसलाई सुम्पने ? अर्थात् राजकाज चलाएर बस्नु क्षत्रियकुलको धर्म पनि हो* (पृष्ठ : ६४) ।

एउटी असल शिक्षित विदुषी नारी मदालसाले कान्छा छोरा अलर्कलाई राजभोग सम्बन्धी राज्य सञ्चालनका नीतिनियम, आध्यात्मिक ज्ञान, व्यावहारिक शिक्षा, नैतिक शिक्षा लगायतका हरेक विद्या र कलामा निपुण हुने शिक्षा प्रदान गरेर अन्त्यमा यिनै कान्छा छोरा

अलर्कलाई राज्याभिषेक दिएर ऋतध्वज र मदालसा तपोवनतिर लागे भनिएबाट कथामा इन्द्रिय तथा मनको निग्रह वा योगाभ्यासद्वारा, ज्ञानको चेतनापूर्णता, आन्तरिक खोज, ध्यान, एकाग्रता आदिको प्राप्ति हुन्छ भन्ने योग, मीमांसा र वेदान्त दर्शनको आध्यात्मिक ज्ञान प्रदान गरिएको छ ।

### ५.१०.३ निष्कर्ष

सुरुमा गृहस्थ आश्रम र पछि वानप्रस्थ आश्रममा प्रवेश गर्नु भनेको वेदान्त दर्शनको महत्त्वपूर्ण सिद्धान्त हो । सबै षड्दर्शनहरूको वानप्रस्थबाट आत्मज्ञान, ब्रह्मज्ञान प्राप्त गर्न सकिन्छ भन्ने मत रहेको छ । यस्तो अमृतमय आध्यात्मिक सन्देश बोकेको यस कथाले ब्रह्मवादिनी, गृहस्थी, धर्म-दर्शनकी खानी मदालसाको असल चरित्रको उदाहरण दिएर बालबालिका लगायत पाठक वर्गमा, महत्त्वपूर्ण सन्देश प्रदान गरेको छ । आमाबाबुको चालचलन, बानीव्यवहार, सत्य र सद्गुणी शिक्षा दीक्षाले बालबच्चाहरू पनि उस्तै ज्ञानी र विद्वान् बन्न सक्छन् भन्ने मत रहेको यस कथामा मदालसाको असल शिक्षाले उनका चारैवटा छोराहरूले सत्-धर्मको मार्ग पहिल्याएको देखाएर अध्यात्म अनुयायीहरूलाई कर्मयोग, बह्मज्ञानको उपदेश प्रदान गर्न बदरीनाथ सफल रहेका छन् ।

## ५.११ तरुना जोगी कथा विश्लेषण

यस कथालाई बदरीनाथ भट्टराईले श्रीभद्भागवत महापुराणको दशौं स्कन्धको छयासीऔं अध्यायको कथालाई उपजीव्य बनाएर रचना गरेका छन् । वि.सं. २०१० सालमा प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको यो कथा अत्यन्त मार्मिक र हृदय स्पर्शी रहेको छ ।

### ५.११.१ कथासार

यस कथामा शक्तिशाली अर्जुन तीर्थयात्राको क्रममा पृथ्वीमा घुम्दा घुम्दै द्वारका पुग्छन् । द्वारका शहरको बाहिर वनमा पठ्ठा जोगीको भेषमा जटा पालेर खरानी घसेका अनुहारमा पूर्ण चमक भएका जोगी बस्छन् भन्ने कुरा द्वारका शहर भरी फैलिन्छ । भेषधारी जोगी ती व्यक्ति अर्जुन हुन्छन् । अर्जुनको उद्देश्य भगवान् श्रीकृष्णकी बहिनी सुभद्रालाई पाउने थियो । श्रीकृष्णका दाजु बलरामले बहिनीको विवाह दुर्योधनसँग गरिदिने विचार

गरेको कुरा श्रीकृष्णबाट थाहा पाएर सुभद्रालाई पाउन जोगीको भेष धारण गरी कृष्णको घर नजिकै अर्जुन बसेका हुन्छन् । तरुना जोगीको भेषधारी अर्जुन योग, साधनामा तल्लीन तपस्यारत मात्र होइन बिरामीको उपचार पनि गर्दथे । जस्तोसुकै व्यथा पनि निको तुल्याई दिने तपस्वी हाल द्वारकामा आएका छन् भन्ने खबर पाएर सुभद्राकी मुमा देवकीले छोरा बलरामलाई बहिनी सुभद्राको उपचारका लागि ल्याउन निर्देशन गरेकी हुन्छिन् । आमाको आज्ञा बमोजिम तपस्वीलाई बलरामले दरबारमा ल्याएर ठूलो स्वागत गरेका हुन्छन् । तपस्वी कर्मयोगी विद्वान् थिए । उनी अध्यात्म विद्याका पारङ्गत थिए भन्ने कुरा उनको चारित्रिक विशेषताबाट पनि झल्किन्थ्यो । तपस्वीले एकपटक मन्त्रेको विगुत लगाइ- दिनासाथ सुभद्राको जीउ हलौ हुन्छ । तपस्वीले सुभद्राको नियमित उपचार गर्दछन् । सुभद्रा उक्त तरुना जोगी अर्जुनको रूप जवानी र सत्व्यवहारबाट प्रभावित हुन्छिन् । उनीहरू दुईबिचको प्रेम गाढा हुन्छ । दुवैका आँखा एक भएकाले अर्जुनको मन प्रफुल्लित हुन्छ । अष्टमीको व्रतको दिन पारेर सुभद्रा मन्दिर जान बाहिर निस्केकी थिइन् । अर्जुन पनि सोही निहुँमा मन्दिरमा आएका थिए । अर्जुन र श्रीकृष्णको यस विषयमा अग्रिम कुरा भइसकेको हुन्छ । सोही अनुरूप अर्जुनले सुभद्रालाई अपहरण गरेर लगेका हुन्छन् भन्ने मुख्य कथासार भएको यस कथामा गृहस्थ धर्म, भौतिक जीवन र आध्यात्मिक जीवनको सङ्गमभित्र भावपूर्ण प्रेम प्रसङ्गलाई देखाइएको छ ।

### ५.११.२ तरुना जोगी कथामा आध्यात्मिक दर्शनको प्रभाव

सुख, दुःख, पाप, पुण्य, धर्म अधर्म, दण्ड-पुरस्कार आदिको पनि निश्चित नियम (विधान) हुन्छ । यो व्यवस्था नै नैतिक र आध्यात्मिक व्यवस्था हो भन्ने भाव भएका बदरीनाथ वेद र उपनिषद्को ज्ञानलाई आत्मसात् गरी विभिन्न पुराणहरूको अध्ययन गरेर वैदिक तथा पौराणिक कथाहरूको रचना गर्न सफल व्यक्तित्व हुन् । उनले आध्यात्मिक ज्ञान लिन तन मनले प्रयत्नशील अर्जुन र आत्मिक ज्ञान भएका भगवान् श्रीकृष्णकी बहिनी सुभद्राको विषयमा कथा रचना गरेर अध्यात्मवादको परिचय दिएका छन् । आध्यात्मिक दर्शनको अध्ययनले तत्त्व चिन्तनमा लागेका बदरीनाथ भट्टराईले व्यावहारिक जीवनलाई दर्शनसँग जोडेका छन् । पौराणिक जीवन शैलीलाई जस्ताको तस्तै उल्लेख गरी कथा रचना गरेका भट्टराईद्वारा दार्शनिक चिन्तनले व्यावहारिक जीवनमा उत्रनै पर्दछ भन्ने भावना राख्दै भनिएको छ-

> *तरुना जोगी पटक पटक दरबारमा आउन थाले । उनीहरूको मन मिल्यो । एक हुने निश्चय गरे । सुभद्राले शुक्लाष्ट्मीको व्रत लिएकी थिइन् । त्यसैले उनी रथमा चढेर साँझमा भगवतीको दर्शन गर्न गएकी थिइन्* (पृष्ठ : १०४) ।

बदरीनाथ भट्टराई आध्यात्मिक व्यक्तित्व भएका हुनाले उनको आध्यात्मिक ज्ञानको प्रभाव यस कथामा परेको छ । उनले कथाका पात्र सुभद्रालाई भगवद्भक्ति पूजापाठ, अर्चना, व्रत, तीर्थ आदिबाट देवी माताको साधनामा तल्लीन गराएका छन् । कथामा भगवान् भक्ति, तपस्या, पूजापाठ, अर्चना, यज्ञ र होम आदि भगवत्त्व प्राप्तिका लागि गृहस्थ जीवनका आधारभूत तत्त्वहरू हुन् । यसबाट मानवीय जीवनको कल्याण हुने कुरा बताउँदै भनिएको छ- *सुभद्रा भगवतीको दर्शन गर्न जाँदा धर्नुधारी, तपस्वी अर्जुनले सुभद्रालाई हरण गरेर लगे* (पृष्ठ : १०४) ।

पौराणिक समयमा पनि प्रेम विवाहलाई स्वीकार गरिने प्रचलन रहेको थियो भन्ने कुराको आभास प्रदान गरिएको यस कथामा बदरीनाथद्वारा प्रेम विवाहलाई अध्यात्मसँग जोडेर प्रस्तुत गर्दा कथा रोचक भएको छ । परम्परागत मूल्यमान्यतालाई उल्लेख गरी पारिवारिक सहमति र असहमतिका कुरालाई पनि प्रकट गरी आध्यात्मिक हिन्दू संस्कारलाई कथामा उजागर गरिएको छ । माता देवकी, पिता वसुदेव र दाजु श्रीकृष्णको सहमत थियो केवल बलरामलाई मात्र उक्त कुरा थाहा थिएन । बलराम पूर्णिमाको समुद्र जस्तै क्षुब्ध हुनुभयो भन्ने प्रसङ्गमा श्रीकृष्णद्वारा आफ्ना दाजु बलरामलाई सम्झाउँदै भनिएको छ- *बहिनीको सहमति भएजस्तो मलाई लाग्छ भन्दै स्वयंवर गराइदिने कुरा गर्नुभयो सो अनुरूप सुभद्राको बिहेको उत्सवको तयारी गरी अर्जुन र सुभद्रा अग्निकुण्डमा लावा होम गरिरहेका थिए (पृष्ठ : १०५)* ।

कथामा परम्परागत धर्म, संस्कृति, चालचलन, रीतिरिवाज, वातावरण सामाजिक परिवेश, मानवीय मूल्य मान्यता, धार्मिक आस्था- विश्वास, व्यावहारिक जीवन जीउनका लागि आवश्यक माया-प्रेम विवाह बन्धन आदि कुराको आवश्यकता पर्दछ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । जन्म, मृत्यु, युद्ध, झगडा, लडाइँ, पश्चात्ताप, शान्ति, माता-पिता र आफन्तको आशीर्वाद परिवार र चेलीबेटीप्रतिको जिम्मेवारी तथा भाइबन्धु र इष्ट मित्रप्रतिको कर्तव्य आदि प्रसङ्गलाई समेत दर्शाइएको यस कथामा मानवीय जीवनलाई

आध्यात्मिक आदर्श तर्फ मोड्न कथाकार सफल देखिन्छन् । श्रीमद्भागवत पुराणको कथावस्तुमा आधारित भएको हुनाले यो कथा अध्यात्मवादबाट प्रभावित देखिन्छ । प्रमुख पात्र अर्जुन भगवान् श्रीकृष्णका परमभक्त हुन् । उनी भगवान् श्रीकृष्णका अमृतमय कर्मयोगी शब्दहरू र मानवधर्म सम्बन्धी ज्ञानबाट पूर्णरूपमा आत्मज्ञानी भएका छन् । उनको सत्यधर्म र ज्ञान यस कथामा परेको भए तापनि कथाकारले यस कथालाई आध्यात्मिक दर्शनको पूर्ण प्रभावलाई उल्लेख गर्नुभन्दा पनि धर्म, कर्मयोग तथा धार्मिक संस्कालाई उजागर गरी गृहस्थ धर्मको रक्षा गरेका छन् ।

### ५.११.३ निष्कर्ष

धर्मतत्त्व भन्नाले परमेश्वरको प्राप्ति सुन्दर कार्य भन्ने बुझिन्छ । यो नै सनातन धर्म हो । यसको राम्रो प्रयोग भएमा भगवान्लाई प्राप्त गर्न सकिन्छ । धर्मबाट आध्यात्मिकता प्राप्त हुन्छ । धर्मबाट अधर्म पैदा भयो भने त्यसले विनाश गर्दछ । दोषदृष्टि राख्नेले सर्वत्र दोष नै दोष प्राप्त गर्दछ । दोषदृष्टि लिएर दोष ग्रहण गर्नु मानवको बुद्धिमता होइन । त्यसैले मानवले भगवान्बाट प्राप्त भएको विवेक शक्ति (यम, नियम) आचार विचारहरूको परिपालना गरेर जगाउनु पर्दछ । संसारका हरेक प्राणीमा यदि दोष छ भने त्यहाँ गुण पनि छ । बौद्धिक मनुष्यले दोषको परित्याग गरी गुणमात्र ग्रहण गर्नु पर्दछ भन्ने आध्यात्मिक ज्ञान भएका बदरीनाथले अर्जुन र सुभद्राको प्रेमपछिको विवाहको प्रसङ्गलाई जोडेर धर्म संस्कृतिको उजागर गरेका छन् ।

## ५.१२ चूडाला कथा विश्लेषण

यस कथालाई कथाकार बदरीनाथ भट्टराईले पौराणिक कथाको विषयवस्तुलाई आधार बनाएर रचना गरेका छन् । नारी प्रधान चरित्रमा आधारित रहेको यो कथा भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक बाल कथासङ्ग्रहबाट साभार गरिएको हो ।

### ५.१२.१ कथासार

कथाको सुरुवात बुद्धिमती रानी चूडालाको असल चरित्रको वर्णनबाट गरिएको छ । खानु, लाउनु, ऐश-आराम र मोज मस्तीमा रमाउने राजा शिखिध्वजलाई आफू ठूलो हुँ भन्ने निक्कै घमण्ड थियो । आफ्नो पतिको यस्तो किसिमको चरित्रलाई रोक्न चूडालाले अनेक

कोशिस गर्दा पनि नमान्ने शिखिध्वज काम विग्रिएर धोका खाँदै गएपछि आफ्नी पत्नीको कुरामा विश्वास गर्न बाध्य बन्दै गएका थिए । असल बुद्धिमान महिलाले हरेक बिग्रिन लागेको पुरुषलाई बिग्रनबाट बचाउँछे भनिए बमोजिम रानी चूडालाले पनि आफ्ना पतिलाई सत् मार्गमा ल्याउने कोशिस गर्दै गइन् । सोही समयमा शत्रुहरू आएर राज्यमाथि हमला गरेपछि राजा शिखिध्वज आफूले भने अनुसार नभएर दिक्क मानी सुटुक्क तपस्या गर्न जङ्गलतिर लाग्छन् । राजाले आफूलाई थाहा नै नदिई तपस्या गर्न हिँडेको कुरा चाल पाएर पतिव्रता रानी चूडाला राजा भएको ठाउँमा जोगिनीको भेष धारण गरी गेरुवा धोती लगाएर, निधारमा विगुत धसेर, हातमा माला लिएर बस्छिन् । तपस्विनी चूडालालाई आफ्नी पत्नी हुन् भनेर राजाले चिन्दैनन् । केही समयको अज्ञात कुराकानी भएपछि राजामा अज्ञान छुटेको रहेनछ भन्ने थाहा पाई जोगिनीरूपी रानीले राजालाई दरबारमा नै राज्य सञ्चालन गरेर बस्न अनुरोध गर्दछिन् । सोही अनुरूप रानीले भनेपछि शिखिध्वजले पुनः राज्य सञ्चालनको जिम्मा लिएर राजाको हुकुम चलाउन थाल्छन् । त्यसपछिका दिनहरूमा चूडालाको उपदेशले गर्दा शिखिध्वजमा अहंकार हटेर जान्छ । उनका सारा शत्रुहरू पनि मित्र भएर रहन्छन् । सबै जनताहरूले राजाको जय जयकार गर्न थाल्दछन् । विदुषी रानी चूडालाको सही मार्गदर्शनबाट अगाडि बढेका राजा शिखिध्वजको बाहिरी व्यवहार र भित्री मन दुवैको कल्याण हुन्छ भने अन्य राजा तथा नेपाली महिलाहरूले पनि उनको जस्तो सत्व्यवहार गरेमा सबैको कल्याण हुन्छ अर्थात् सम्पूर्ण नेपाली नारीकै कल्याण हुन्छ भन्ने सन्देशमूलक कथासार यस कथाको रहेको छ ।

### **५.१२.२ चूडाला कथामा आध्यात्मिक दर्शनको प्रभाव**

सांसारिक विषयमा आनन्द पाउन छोडेको व्यक्तिले भगवान्को वास्तविक आनन्द प्राप्त गर्न सक्दछ । भौतिक सुख सुविधाको चाहनाबाट वैराग्यता प्राप्त नगरी आध्यात्मिकताको प्राप्ति हुँदैन । त्यसैले मनुष्यमा रहेको अज्ञानरूपी अन्धकारलाई हटाई आध्यात्मिक भाव प्रदान गर्न परम् शक्तिमान् परम् ज्ञाता भगवान् परमात्मा प्रभुलाई नमन गर्नु पर्दछ भन्ने भावना भएका बदरीनाथद्वारा रजोगुणीपनले आशक्त भएका शिखिध्वजका माध्यमबाट भनिएको छ - *शत्रुहरू आएर राज्यलाई हमला गरेपछि राजा शिखिध्वज आफूले भने अनुसार नभएर दिक्क मानी तपस्या गर्न जंगलमा गए* (पृष्ठ : २४) ।

आध्यात्मिक भावना विना सुख शान्तिको समृद्धि हुन सक्दैन । मानवीय मनमा विकृतिको सिर्जना आध्यात्मिक भाव नहुनाले नै भएको छ । वास्तविक सुख शान्ति र समृद्धि हासिल गर्नको निमित्त आध्यात्मिक भावनाको विकास हुनु अत्यावश्यक रहेको हुन्छ । पृथ्वीका अधिकांश मानिसहरू आध्यात्मिक दर्शनका बारेमा अनविज्ञ छन् । तिनीहरूको आचरण शुद्ध छैन । उनीहरूलाई आध्यात्मिकताका विषयमा सचेत गराउर्नुपर्ने सन्देश यहाँ प्रदान गरिएको छ ।

शास्त्र र परमेश्वरमा आस्था, विश्वास गर्ने, असल व्यवहार भएका व्यक्तिलाई आर्य भनिन्छ । आर्य शब्दले आध्यात्मिक जीवन वा परमात्माप्रति विश्वास हुने भन्ने जनाउँछ । शास्त्र र मानव सभ्यतामा विश्वास गर्नेहरू पनि दुई वर्गमा विभाजित छन्- सदाचारी र दुराचारी । सदाचारी व्यक्तिहरू आफ्नो इन्द्रिय तृप्तिका विपरीत राम्रो प्रतिफल पाउने इच्छाले सकाम कर्महरू गर्दछन् भन्ने आध्यात्मिक भावनालाई बदरीनाथ भट्टराईद्वारा यस कथाको सुरुमा दुराचार बनेका शिखिध्वजको चरित्रसँग जोडेर चूडालालाई सदाचारीको रूपमा प्रस्तुत गरेका छन् । राजाको अज्ञानतालाई पहिचान गरी आध्यात्मिक ज्ञान प्रदान गर्ने उद्देश्यले यहाँ चूडालाद्वारा भनिएको छ -*तपाईं जहाँसम्म मेरो शरीरलाई म भनेर अहंकार गर्नुहुन्छ, त्यहाँसम्म बाहिरी तपस्याले केही लछ्दिैन, हिँड्नुहोस्, राजगद्दीमा बसेर भित्री तपस्या गर्नुहोस् तपाईंको कल्याण हुनेछ* (पृष्ठ : २५) ।

बदरीनाथ भट्टराईको अध्यात्म दर्शन भन्नु वेदान्त दर्शन हो । यस कथामा अद्वैत वेदान्त दर्शनको परिचय गराइ आदर्शवादको अभिव्यक्ति दिइएको छ । संसारमा जन्म लिएको मानिसले आर्जन गर्नुपर्ने धर्म, अर्थ, काम र मोक्ष हुन् । आध्यात्मिक भावना विना यी चार पुरुषार्थको वास्तविकता प्राप्त हुनसक्दैन । सबैको मूल धर्म तिनवटा पुरुषार्थले मोक्षलाई सहयोग गर्ने हुनुपर्दछ भन्दै धर्म र मोक्षलाई भट्टराईले दार्शनिक पक्षबाट निहालेका छन् ।

योग तथा भगवान् साधना देखावटी मात्र गर्नु हुँदैन । वास्तविक साधना त भित्री मनलाई स्थिर गराउनु हो । आफूमा आध्यात्मिक ज्ञानको प्रवेश गराउनु हो भनिएको यस कथामा कथाकारले एउटी असल, ज्ञानी, व्यवहारमा सिपालु नारीको उदाहरण लिएर नेपाली नारीहरूलाई सोही मार्गमा अगाडि बढेमा उनीहरूको समेत कल्याण हुने नैतिक सन्देश प्रदान गरेका छन् । एउटी असल पत्नीका कारण कुमार्गमा अगाडि बढेका पति पनि सही मार्गमा हिँड्न सक्दछन् भन्दै बदरीनाथले अहंकार र घमण्डलाई तिरस्कार गरेर राजा भएर

देश र जनताको कल्याण गरी भगवान् प्राप्तिका लागि अर्थात् ज्ञान प्राप्तिका निम्ति तपस्या गर्नुपर्ने कुरालाई जोड दिएका छन् ।

### ५.१२.३ निष्कर्ष

मानिसमा सत्व, रज, तम, तिनै गुण भिन्न भिन्न मात्रामा स्थापित हुन्छन् । तमोगुणीको स्वाभाव आलस्य, निद्रा, क्रोध हो भने रजोगुणीले सांसारिक कर्मप्रति उत्प्रेरित गर्छ र सत्वगुणीले ज्ञान, विज्ञान, मानवता, आत्मा र परमात्मा देख्ने शक्ति प्रदान गर्छ । यी गुणको मात्रा फरक पर्नाले स्वभावमा फरक पर्नजान्छ । स्वाभावले मानिसलाई तदनुरूपको कर्म गर्ने प्रेरणा प्रदान गर्छ । कथाकारले शिखिध्वजको दुरावस्थाको कारण उनको कर्मको आशक्ति नै हो भन्ने आभास दिएका छन् । उनमा भएको अभिमान रजोगुणद्वारा सङ्कलित र संरक्षित भएको छ । उनको मपाईंत्व विनाशको कारण भएको उदाहरण पनि कथाकारले यहाँ दिएका छन् । जब मानिस नीति मार्गबाट विचलित हुन्छ तब उसमा अहंकार जागेको हुन्छ भन्ने यहाँ बुझ्न सकिन्छ । अभिमानरहित व्यक्तिका कर्म स्वाभावैले सात्विक हुन्छन् । कथामा चूडालामा अभिमान शून्य रहेको देखाएर उनका माध्यमबाट सत्मार्गको सन्देश प्रदान गरिएको यो कथा आध्यात्मिकताले परिपूर्ण रहेको छ ।

## ५.१३ कार्तवीर्य कथा विश्लेषण

यस कथालाई कथाकार बदरीनाथ भट्टराईले श्रीमद्भागवत महापुराणको नवौं स्कन्धको पन्ध्रौं र सोह्रौं अध्यायको पौराणिक कथालाई आफ्नो कथाको स्रोत बनाएका छन् । यस कथालाई भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक बालकथा सङ्ग्रहबाट साभार गरिएको हो ।

### ५.१३.१ कथासार

हैहय कुलका कृतवीर्य राजाका कार्तवीर्य (अर्जुन) नाम गरेका सहस्रबाहु (हजारहाते) छोरा थिए । कार्तवीर्यले युद्धमा लडाइँ गरेर राज्य जितेका थिए । यिनी राजा भए पनि राजगद्दीमा मात्र नबसी अनेक स्वावलम्बी कामहरू पनि गर्थे र आफ्ना जनताहरूलाई पनि यस्ता असल काममा लगाउँथे । हरेक खराब आचरण भएका मानिसहरूलाई पनि राम्रो आचरणको विकास गर्न सरसल्लाह र सहयोग पनि गर्दथे । असल कार्यका कारण कार्तवीर्यले

तत्कालीन समय र परिस्थितिमा स्वच्छ छवि राख्न सफल भएका थिए । एकदिन सहस्रबाहु अर्जुन (कार्तविर्य) परम तपस्वी जमदग्निका आश्रममा पुग्छन् । जमदग्नि ऋषिले हैहयाधिपतिलाई खुब स्वागत सत्कार गर्दछन् । तर आफ्नो अज्ञान र मन्द बुद्धि अर्थात् उँधोमति उँधोगति, भनेझैँ सहस्रबाहु कार्तवीर्यले जमदग्निको ऐश्वर्यमाथि आँखा लगाउँछन् । शान्त, रमणीय, वातावरणभित्र सुन्दर कामधेनुलाई देख्दा कार्तवीर्यको मनमा लोभ जाग्दछ । उनी असह्य भएर जमदग्निको आज्ञा विपरीत कामधेनु गाईलाई लान आफ्ना चेलाहरूलाई निर्देशन दिन्छन् । जुन कुरा नीति नियम र धर्म विपरीत कार्य थियो । धर्म विपरीत कार्य गरेको हुनाले कार्तवीर्यका दुःखका दिन उत्पन्न हुन्छन् । योग साधनामा तल्लीन तपस्वी भगवान्का परम भक्त देवताहरूका गुरु जमदग्निलाई अपमान गरेर उनको आध्यात्मिक सुखलाई इर्ष्या गरेर कामधेनुलाई अपहरण गर्नु उनको गलत कर्म भएको हुनाले उनी र जमदग्निका पुत्र परशुराम बिच घम्साघम्सी युद्ध हुन्छ । आवेशमा आएर जमदग्नि पुत्र भगवान् श्रीहरिविष्णुका अवतार परशुरामले सहस्रबाहु कार्तवीर्य (अर्जुन) को वध गरिदिन्छन् । भगवान् नारायणका अंशातार दत्तात्रेयलाई रिझाएर उहाँबाट एकहजार भुजाहरू र कुनै शत्रुले पनि लडाइँमा पराजित गर्न नसक्ने बल, तेजस्विता, वीरता तथा कीर्तिको वरदान पाएका महान् कार्तवीर्यले (अर्जुन) लोभ, मोहलाई वशमा राख्न नसकी अर्काको वस्तुमा आँखा लाउने तथा अस्वाभाविक क्रोध गर्नाले स्वयम् हैहयाधिपति कार्तवीर्यको वंशको नै विनाश भएको प्रसङ्ग यस कथाको प्रमुख विषयवस्तु रहेको छ ।

### ५.१३.२ कार्तवीर्य कथामा आध्यात्मिक दर्शनको प्रभाव

आध्यात्मिक जीवन दृष्टि भएका बदरीनाथ भट्टराई नीति सदाचार र सनातन धर्मका अनुरागी, वैदिक धर्म र संस्कृतिका प्रचार गर्न चाहने व्यक्ति हुन् । उनी कर्मयोग र मानव धर्मका पक्षधर भएका हुनाले कार्तवीर्य र परशुरामका माध्यमबाट कर्म, भक्ति र ज्ञानलाई प्रस्तुत गरेका छन् । नैतिकताविहीन मानसिकताको अन्त्य र सत्कर्मको प्रशंसा गरिएको यस कथामा दया, शान्ति, अहिंसा र समतालाई मुख्य रूपमा लिइएको छ । परशुरामले कार्तवीर्यको हत्या गरेर कामधेनु गाई फर्काएको कुरा आफ्ना पिता र भाइहरूलाई सुनाउनु भयो भन्दा तपस्वी ज्ञानी, विद्वान् धर्मका रक्षक ऋषि जमदग्निले परशुरामलाई गल्ती गरेको अनुभूति गराउँदै भनिएको छ- *हाय परशुराम ! तिमीले ठूलो पाप गऱ्यौ राम-राम तिमी ठूला वीर हौ तर सबै देवमय नरदेवलाई तिमीले व्यर्थै वद्य गऱ्यौ* (जोशी, २०५७ : २९०) ।

विना कारण आवेशमा आएर कसैको बध गर्नु ठूलो पाप भएको कुरा कथाकारले यहाँ प्रस्तुत गरेका छन् । उनको विचारमा ब्राह्मण जातिको सत्कर्मको प्रभावले संसारको सर्वश्रेष्ठ प्राणीको रूपमा मनुष्य रहेको छ । ऊ स्वयम्ले पाप कर्म गर्नु हुँदैन, बरु गल्तीको सजायको रूपमा क्षमा दिनु पर्दछ भन्ने भावना भएका कथाकारद्वारा भनिएको छ- *बाबु हामी ब्राह्मण हौँ, क्षमाको प्रभावले नै हामी संसारमा पूजनीय भएका छौँ । ब्रह्मा, सूर्य पनि क्षमाको प्रभावले आफ्नो आफ्नो स्थानमा सर्वमान्य हुनुहुन्छ । सर्वशक्तिमान् भगवान् श्रीहरि पनि क्षमाशीलहरू माथि छिटो प्रसन्न हुनुहुन्छ । सार्वभौम राजाको वध ब्रह्महत्या भन्दा ठूलो हुन्छ । जाऊ भगवान्लाई स्मरण गर्दै तीर्थहरूको सेवन गरेर आफ्ना पापहरूलाई पखाल* (जोशी, २०५७ : २९०) ।

ब्रह्मतत्त्व प्राप्त गरेपछि सत्कर्मका प्रभावले मानिस भएर जन्मन पाएको मनुष्य क्षमाशील र धैर्यशील हुनु पर्दछ । दर्शनमा पनि सूर्य र स्वयम् भगवान् श्रीहरि पनि क्षमाशील भएका हुनाले उनीहरूको स्थान ठूलो रहेको छ भन्ने कुरालाई उदाहरण दिंदै कथाकारले कसैले गरेको गल्तीको सजायँ हिंसा गरेर होइन भगवान्को नाम स्मरण गरेर भक्ति गरेर गर्नुपर्छ भन्ने आध्यात्मिक भावनालाई प्रस्तुत गरेका छन् । ब्राह्मण र राजा भनेका देवता समान हुन् । यिनीहरूको हत्या गर्नु भनेको ठूलो पापमा पर्नु हो । मनुष्यले आफूले गरेको गल्तीको प्रायश्चित्त आध्यात्मिक नीति अनुरूप भोग्नै पर्दछ । त्यसैले पाप कर्मबाट टाढा रहनुपर्दछ भन्ने धार्मिक भावना भएका बदरीनाथद्वारा गलत कार्यको सजायँ हरेकले भोग्नै पर्ने कुरा व्यक्त गरेका छन् ।

सरल भाषामा लेखिएको यस कथामा बल, पराक्रम, भगवान् साधनाबाट प्राप्त शक्ति, दैनिक मानवीय आचरणगत कुरा, आध्यात्मिक दर्शनबाट प्राप्त आत्मज्ञान, पौराणिक राजाहरूको संस्कार, संस्कृति, नैतिक आदर्श, सामाजिक सेवाको भावना आदिको वर्णन गरेर कलिला बाल मष्तिष्कमा सत् चरित्रको विकास गराउने उद्देश्य राखिएको छ । त्यस्तै धर्म रक्षाका निमित्त र समाज सुधारका निमित्त, शोषण, अन्याय अत्याचारका विरुद्ध हरेक युगमा महापुरुषहरूको जन्म भएर समाजमा आध्यात्मिकताको विकास गर्ने गरिएको कुरा समेत उल्लेख गर्ने काम कथाकारबाट यहाँ भएको छ । ज्ञानी, धर्मात्मा, उत्तम पुरुष पद पाएर कसैलाई दानले, कसैलाई बलले र कसैलाई मधुरवाणीले सन्तुष्ट पार्दछ भन्ने महाभारत ग्रन्थको आध्यात्मिक वाणीलाई राजा कार्तवीर्यले चरितार्थ पारेका थिए । यिनमा राजामा हुनु

पर्ने सम्पूर्ण गुणहरू रहेका थिए । यिनी आफ्नोलागि भन्दा पनि देश र जनताका लागि सधैँ तत्पर रहन्थे । धर्म, कर्म, यज्ञ, दानमा यिनी सधैँ अगाडि थिए ।

मीमांसा दर्शनमा वेद सम्मत कर्म धर्म हो र वेद असम्मत कर्म अधर्म हो । आत्मा चेतना हो र भौतिक जगत् सत्य हो भन्ने कुरालाई कार्तवीर्य राजाले यस कथामा चरितार्थ पारेका छन् । उनी दान, धर्म, यज्ञ, यज्ञादी कार्यमा सफल भएका कारण उनको राज्यमा सबै जनता आध्यात्मिक भावनाबाट प्रेरित भएका हुनाले राज्य शक्ति दह्रो थियो । आध्यात्म ज्ञानले मानिसलाई उच्च मनोबल प्रदान गर्दछ भन्ने भावना भएका भट्टराईद्वारा धार्मिक आध्यात्मिक दार्शनिक भाव एवम् आसुरी शक्ति र वैराग्य चेतना समेत भएको यस कथामा रिसलाई विषको रूपमा लिदै भनिएको छ- *रिस भित्री विष हो उसको ज्वालालाई गुरु दत्तात्रेयको मुखार विन्दबाट कार्तवीर्यले पिइराखेको ज्ञानको धाराले पनि शान्त पार्न सकेन* (पृष्ठ : २९) ।

मन, वचन र शरीर साधनाबाट सम्पन्न हुने सत्साध्य अर्थात् असल कर्मलाई आचार भनिन्छ । असत्साध्य वा खराब कर्मलाई दुराचार भनिन्छ । अहङ्कारले मानिसलाई दुराचार तर्फ धकेल्ने भएको हुनाले अहङ्कार एवम् रिसलाई दमन गर्नु पर्दछ । जो मानिस अज्ञानवश काम, क्रोध, लोभ मोह, मद र मात्सर्य यी छ शत्रुमाथि विजय प्राप्त गर्न सक्दैन, उसले इच्छा नभए पनि विभिन्न वासनाका कारण अनेकौ कर्महरू भोग गर्नु पर्दछ भन्ने श्रीमद्भागवत्‌को अमृतमय वाणी अनुरूप कार्तवीर्य राजाको पनि क्षणिक रिसका कारण अज्ञानले आँखामा पट्टी बाँधिएकोले जीवनलीला नै समाप्त भएको कुरा उल्लेख गरिएको छ ।

रिस मानिसको अत्यन्त ठूलो शत्रु हो, यसले कसैको पनि भलो गर्दैन भन्ने कुरालाई बदरीनाथद्वारा परशुरामको उदाहरण दिएर प्रष्ट पारिएको छ । युद्ध गर्दा त्यस्ता विद्वान्, दानी धर्मात्मा राजा कार्तवीर्यलाई भगवान्‌को अवतार परशुरामले पनि क्षणिक रिस (आवेग) का कारण वध गर्न पुग्छन् । जसको परिणाम कार्तवीर्यका अज्ञानी, अधर्मी छोराहरूले पनि उक्त रिस कै काराण जमदग्नि जस्ता विद्वान्, ज्ञानी, तपस्वी ऋषिको पनि हत्या गर्न पुग्दछन् । आफ्नो पिताको हत्या गरेका कार्तवीर्य पुत्रहरूलाई परशुरामले पनि हत्या गरी सम्पूर्ण हैहय वंशको नाश गरिएको प्रसङ्ग उल्लेख गरेर हत्या, हिंसाको विरोध गर्दै जगत्, ईश्वर र सृष्टिको रहस्यको कारणको जानकारी गराउन खोजिएको छ ।

मानिसको मन सबैभन्दा बढी चञ्चल रहेको हुन्छ । मनले सङ्कल्प र विकल्प चित्तले चिताउने, बुद्धिले निश्चय गर्ने र अहङ्कारले कर्तव्य बोध गराउँछ । मन चित्तमा र बुद्धि अहंकारमा मिल्दछ र आत्माको स्वरूपलाई बिर्सिदिन्छन् र पाप कर्म गर्न पुग्दछ भन्ने पूर्वीय दर्शनको मान्यतालाई कथाकारले यहाँ उल्लेख गरेका छन् । आफ्ना पूर्व धर्मका कारण र पिताको धर्मका प्रभावले आफ्ना पिता जगदग्नीलाई पुनः जीवन दिन सफल भएका परशुरामको प्रसङ्ग श्रीमद्भागवत्मा उल्लेख गरिएको छ भने भट्टराईको यस कथामा चाहिँ जमदग्नि ऋषिलाई पुनर्जीवित पारेको प्रसङ्ग भने उल्लेख गरिएको छैन । तसर्थ वेदान्त दर्शनको अनुसार अनेकतामा एकता नै सत्य हो, संसार मिथ्या हो । सम्पूर्ण कुरा ब्रह्म हो, वेदान्तको ज्ञानद्वारा अज्ञानताको नाश हुन्छ । ब्रह्मानन्द स्वरूप प्राप्त हुन्छ भन्ने कुरा दुवै अध्यात्म ज्ञानी महापुरुष कार्तवीर्य र परशुराम एक अर्काबिच कुनै पूर्व आरोह अवरोह रिस राग नभए पनि क्षणिक आवेश दुवै जनामा भएको कारण पाप कर्म गर्न पुग्छन् र आफूहरूले गरेको पाप कर्म स्वयम् भोग्न पनि तयार भएको प्रसङ्गलाई उल्लेख गरिको छ ।

अन्तमा श्रीमद्भागवत् महापुराणको कथावस्तुमा आधारित यो कथा सहस्रबाहु कार्तवीर्य (अर्जुन) र जगदग्नीका पुत्र परशुरामको चरित्रमा आधारित रहेको छ । आफ्नो शक्तिवलका कारण घमण्डले मातिएका कार्तवीर्यलाई कामधेनुमाथि आँखा गाडेर शैन्यद्वारा अपहरण गरेर लान लागेको अवस्थामा परशुरामद्वारा अस्वीकृति जनाउँदा युद्ध हुन्छ । परशुरामले कार्तवीर्यलाई मारी दिन्छन् । आफ्नो पिताको हत्या गरेको हुँदा कार्तवीर्यका छोराहरूले पनि जमदग्निको हत्या गरेपछि परशुरामले पुनः कार्तवीर्यका वंश नाश गरिदिएको कुरा कथामा उल्लेख गरेर अध्यात्मको परिचय गराइएको छ ।

### ५.१३.३ निष्कर्ष

हत्या, हिंसाबाट समस्या समाधान गर्न खोज्दा एक हत्याले अर्को हत्या निम्त्याउँछ । एक हिंसाले अर्को हिंसा जन्माउँछ । हत्या, हिंसा भनेका पापकर्महरू हुन् । यसबाट हरेक मानिस टाढा रहनु पर्दछ । आध्यात्मिक साधनाबाट प्राप्त ज्ञान तथा शक्तिले मृत शरीरलाई पनि जीवित बनाउन सक्दछ । जीवनका हरेक क्षणहरूलाई मानिसले आध्यात्मिक साधनाबाट बितायो भने उसले हरेक जन्ममा सुख शान्ति प्राप्त गर्न सक्छ । मानिसले पापकर्मबाट मुक्त हुने उपाय आध्यात्मिक तपस्या हो भन्ने भावना भएका कथाकारले यस कथामा मीमांसा, वेदान्त, योग र वैशेषिक दर्शनको प्रभावलाई उजागर गरेका छन् ।

## ५.१४ जनक कथा विश्लेषण

आध्यात्मिक दर्शनमा आधारित महाभारत र रामायणमा भएको कथालाई आफ्नो कथाको स्रोत बनाएका बदरीनाथले यस कथालाई २०१० सालमा पौराणिक बाल कथा सङ्ग्रहमा प्रकाशित गरेको यो कथा ज्ञानवर्द्धक रहेको छ ।

### ५.१४.१ कथासार

कथा राजचरित्रमा आधारित रहेको छ । निमिनाम भएका धर्मात्मा राजाका कुलमा राजा जनकको जन्म भएको थियो । उनको वास्तविक नाम शिरध्वज थियो । उनी धर्मात्मा, सत्यवादी आध्यात्मिक आदर्श बोकेका, न्यायप्रेमी राजा थिए । उनले यज्ञ गर्दा साक्षात् लक्ष्मीको रूप भएकी सीता जस्ती आदर्श पुत्री प्राप्त गरेका थिए । आफ्नो धर्म र प्रतापका कारण उनले साक्षात् भगवान् श्रीहरिका प्रतिरूप श्रीरामलाई ज्वाइँको रूपमा पाएका थिए । उर्मिला, श्रुतकीर्ति र माण्डवी छोरीहरूलाई रामका भाइहरूसँग विहे गराएर एउटा सुशील चरित्रको स्थापना गरी सत्य, द्वापर, त्रेता, कलि लगायत सबै युगमा आफ्नो नाम कमाउन राजा जनक सफल रहेका छन् ।

यो कथा पौराणिक आध्यात्मिक दर्शनमा आधारित कथा हो । कथाकारले बालबालिकाहरूलाई सही मार्ग निर्देशन गर्नका लागि छोटो आदर्शमय कथानक तयार गरेर पाठक सामु पस्केका छन् । बाल सुलभ मनोविज्ञानमा आधारित बालकथा भएको हुनाले कथाकारले बढी आध्यात्मिक वा जटिल वाक्यहरूको प्रयोग यहाँ गरेका छैनन् । तर रामायण र महाभारतका कथाहरूमा चाहिँ जनकको असल चरित्रका साथै राम-सीताको विवाह धर्मको रक्षाका निमित्त भएको हो भन्ने कुरा प्रस्तुत गरिएको छ ।

रामचन्द्रले आफ्नो असल कर्म, सत्य, धर्म र गुरुप्रति अगाध आस्था विश्वासका कारण सीता जस्ती पवित्र जननीलाई विवाह गर्ने अवसर प्राप्त गरेका थिए । असल बानीव्यवहार सत् चरित्रका कारण सीताले भगवान् रामलाई पतिको रूपमा वरण गर्न सफल भएकी थिइन् । आफ्ना बाबुको भगवान् भक्ति, त्याग, तपस्या र जनताप्रतिको न्याय आदिका कारण उनका बहिनीहरूले पनि क्रमशः लक्ष्मण, भरत र शत्रुहन आदि पतिहरू प्राप्त गर्न सफल भएका थिए भन्ने महाभारत र रामायणको कथाहरूको सार यस कथामा उल्लेख गरिएको छ । पौराणिक राजाहरूले आफ्नी पुत्रीको विवाह गर्दा विद्या, बुद्धि, धन र

शारीरिक बलले परिपूर्ण भएको आध्यात्मिक व्यक्तिलाई ज्वाइँको रूपमा प्राप्त गर्न सबै राष्ट्रहरूमा प्रचार प्रसार गर्ने प्रचलन चलाएका थिए । जो व्यक्ति तीक्ष्ण बुद्धि, उच्च शारीरिक बल तथा राजनैतिक विद्यामा पारङ्गत भएर युद्धमा सफल हुन्छ उसैसँग आफ्नी छोरीको विवाह गराउने प्रचलन भएबमोजिम सीताको विवाहको लागि पनि शिव धनुषमा पारो चढाउनु पर्ने शर्त राखिएको थियो । सोही शर्त वमोजिम रामले शिवधनुषमा पारो चढाएर सीतालाई वरण गरेको मुख्य कथासार कथामा उल्लेख गरिएको छ ।

## ५.१४.२ जनक कथामा आध्यात्मिक दर्शनको प्रभाव

श्रुति, स्मृति र पुराणहरू आर्यजगत्का आध्यात्मिकता बोध गराउने साधनहरू हुन् । हाम्रो धर्मशास्त्र विश्वकै अद्वितीय विज्ञान हो । मानवका लागि यस लोकको साथै परलोकको पनि सुख शान्ति प्रदान गर्ने एकमात्र साधन प्राच्य विज्ञान नै हो । अध्यात्म शास्त्रले मानवलाई आचार र अनाचारको ज्ञान गराउँदछ भन्ने पूर्वीय दार्शनिक मान्यतालाई बदरीनाथद्वारा राजा धर्मात्मा र ज्ञानी भए जनताले न्याय पाउँछन् भन्ने कुरा सदियौंदेखिको ज्वलन्त उदाहरणहरू प्रस्तुत गर्दै भनिएको छ- *राजा जनकको राज्यमा अनिकालले छायो । सहकाल तुल्याउनका लागि राजा जनकले यज्ञ गर्ने विचार गरे* (पृष्ठ : ३०) ।

कर्म योगमा विश्वास गर्ने बदरीनाथ कर्म गर्दैगर्दै आध्यात्मिक साधना गरेमा मोक्ष प्राप्त गर्ने मार्ग खुल्दछ भन्दछन् । सोही कुरालाई महाभारतको आध्यात्म वाणी अनुसार यज्ञ, दान, तप गर्नाले मनुष्यलाई शौर्य, बुद्धि र सन्तान प्राप्त हुन्छ भन्ने कुरालाई यस कथामा सत्य तथ्य रूपमा देखाइएको छ । राजा जनकले यज्ञको वेदी खन्दा पृथ्वीबाट खुब राम्री कन्या निस्किन् । ती कन्यालाई राजाले आफ्नी छोरी बनाएर सीता नाम राखे भन्नु पूर्वीय दर्शनको मूल्य मान्यतालाई चरितार्थ पार्नु हो । राजा जनकलाई पुत्री प्राप्त हुनु नै लक्ष्मी प्रवेश हुनु हो । सीताको आगमनबाट जनकको राज्य पूरै सफल भएको रामायण कथामा उल्लेख भएको छ । भगवान्का परमभक्त राजा जनकको सर्वव्यापक परमेश्वरको शक्तिले नै संसारको कल्याण गरेको भन्ने भावना राखिएको यस कथामा भनिएको छ- *जनकको दरबारमा एउटा पुरानो धनु थियो । शिवजीको धनु भनी त्यसलाई पूजा गरेर राखिएको थियो* (पृष्ठ : ३०) ।

भगवान् शिवको आराधना पूजा पाठको चलन जनकको वंश परम्परामा थियो । जनक पूर्ण रूपमा सत्य र धर्ममा विश्वास गर्थे । उनको सभा विशिष्ट विद्वान्हरूको छलफल गर्ने प्रसिद्ध थलोको रूपमा चर्चित छ । अष्टावक्र, गार्गी, पञ्चशिख, याज्ञवल्क्य, उद्दालक र सुलभा जस्ता विद्वान् र विदुषीहरूको शास्त्रार्थको चर्चा इतिहासमा प्रसिद्ध रहेको छ । जनकले गृहस्थाश्रममा रहँदा पनि सन्यास आश्रमको संयोग ज्ञान प्राप्त गरेका थिए । उनमा साङ्ख्य, योगविद्या तथा राजधर्मको उपलब्धिका कारण मोक्षमार्ग प्राप्त भएको थियो भन्ने कुरालाई आत्मसात् गरेका बदरीनाथले कथामार्फत आध्यात्मिकताको सन्देश दिएका छन् । सत् कार्यमात्र गर्ने भगवान्का भक्त जनक सबैको कल्याण चाहने समाजमा आध्यात्मिकताको प्रचार प्रसार गर्ने आध्यात्मिक साधक भएका हुनाले भगवान् रामका गुरु विश्वामित्र वरिष्ठले स्वयम् भगवान् रामलाई लिएर जनकको घर जाने प्रसङ्गमा भनिएको छ- *अचानक एक दिन राम र लक्ष्मणलाई साथमा लिई विश्वामित्र ऋषि आइपुगे, जनकले पनि सकेसम्म तीनै जनाको सत्कार गरे* (पृष्ठ : ३०-३१) ।

आध्यात्मिक दर्शनमा अतिथिलाई भगवान् समान मान्ने परम्परागत मान्यता रहेको छ । अतिथिलाई अर्घ-पात्र मधुपर्कले सम्मान गरी आसनमा बसाल्ने सांस्कृति मान्यता अनुसार जनकले पनि ऋषि विश्वामित्र, राम र लक्ष्मणको स्वागत गरे । सीताको विवाहको लागि राजा जनकले शिवजीको धनुमा जसले ताँदो चढाउन सक्छ, उसैसँग छोरी सीताको विवाह गरिदिन्छु भन्ने शर्त राखे अनुरूप देश, विदेशका बलवान् राजाहरू आएर आफ्नो शक्ति प्रदर्शन गरे तर शिवधनुमा ताँदो चढाउन सकेनन् जब रामचन्द्रले धनुमा ताँदो चढाउन लागे तब शिव धनु भाँचियो । सभा खुशीले गद्गद् भयो सीताले रामलाई स्वयम्वर गरिन् । राजा जनक असल चरित्र भएका विद्वान् व्यक्ति हुन् । उनी हरेक दिन आफ्नो दरबारमा ठूलाठूला महात्माहरू बोलाई शास्त्रका बारेमा, ज्ञानका बारेमा चर्चा गर्दथे । सोही प्रसङ्गमा सारा ऋषिहरूका सामु जनकद्वारा भनिएको छ- *तपाईं मध्ये जो सबभन्दा ज्ञानी हुनुहुन्छ, उहाँले नै यी हजार सिंगारिएका गाईहरू लैजानुहोस्* (पृष्ठ : ३२) ।

ऋषि याज्ञवल्क्य खुशी भएर आफ्ना चेलाहरूलाई गाईहरू आश्रममा लैजाऊ भने पछि जनकले असल र विद्वान् गुरु पाएको महसुस गरेर याज्ञवल्क्य ऋषिलाई गुरु थापेका थिए । अध्यात्मिक विद्वत्ता र आत्मज्ञान, याज्ञवल्क्य मुनिमा थियो भन्ने पौराणिक कथाहरूको अध्ययबाट बुझ्न सकिन्छ । एक ज्ञानी तपस्वी राजा जनक वास्तवमा आध्यात्मिक व्यक्ति

थिए जसका कारण सीता साक्षात् लक्ष्मी जस्ती छोरी र राम जस्ता साक्षात् भगवान्लाई ज्वाइँका रूपमा प्राप्त गरे । आफ्नो मानवीय जीवनमा जसले जस्तो कर्म गर्दछ उसले कर्म अनुसारकै फल प्राप्त गर्दछ भन्ने श्रीमद्भगवद्गीताको सन्देश अनुरूप राजा जनकले असल कर्म गरेका हुनाले उनलाई शारीरिक, मानसिक तथा आध्यात्मिक सुख समेत प्राप्त भएको कुरालाई यहाँ उल्लेख गर्न सकिन्छ । चित्तवृत्ति निरोध भनेर चित्तको व्यापारलाई राजा जनकले नियन्त्रण गर्न सफल भएका कारण उनले योग दर्शनलाई पनि अपनाएका थिए ।

धार्मिक आध्यात्मिक दृष्टिले निकै गहन प्रतीत हुने यस कथालाई बदरीनाथले प्राचीन आर्य संस्कारलाई उजागर गर्न चाहेका छन् । कथाकारले यस कथामार्फत बालकहरूमा आध्यात्मिक भावनाको जग बसाल्ने चेष्टा गरेका छन् । भट्टराईले रामायणभित्रको ईश्वरभक्ति, योगसाधना, आदर्श संस्कार र दर्शनलाई यहाँ प्रयोग गरेका छन् । ज्ञान, विज्ञान, विद्या, बुद्धि र विवेकले परिपूर्ण धनुर्विद्यामा समेत पारङ्गत व्यक्तिमात्र वास्तवमा योग्य व्यक्ति ठहरिन्छ भन्ने कथाकारको धारणा रहेको छ ।

### ५.१४.३ निष्कर्ष

सरल नेपाली भाषामा बालबालिकाले बुझ्ने गरी प्रेरणादायी व्यक्तित्व जनकको असल जीवन चरित्रलाई उल्लेख गरिएको यस कथामा बदरीनाथले बालबालिकालाई आध्यात्मिक नैतिक मूल्य मान्यतालाई पछ्याएर अगाडि बढ्ने प्रेरणा प्रदान गरेका छन् । वैदिक धर्म, आश्रम, समाज, सभ्यता र संस्कृति अनुरूपका नीतिलाई प्रस्तुत गरी कथाकारद्वारा व्यावहारिक पक्ष र दार्शनिक पक्ष दुवैलाई समावेश गर्दै आध्यात्मिक दर्शनको केही अंशलाई मात्र प्रस्तुत गरिएको सन्त, समागम, सत्सङ्ग, सदाचार, स्वाध्यायन, शास्त्राभ्यास, जप, ध्यान र यज्ञका कुरा पनि उल्लेख गरिएको यस कथामा मीमांसा, वेदान्त, साङ्ख्य र योग दर्शनको प्रभाव रहेको छ ।

## ५.१५ सुलभा कथा विष्लेषण

यस कथाको स्रोत बदरीनाथ भट्टराईले महाभारतको शान्तिपर्व र देवी भागवत पुराणबाट लिएका छन् । भट्टराईको २०१० सालमा पौराणिक बालकथा सङ्ग्रहमा प्रकाशित यस *सुलभा* कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गरिएको छ ।

### ५.१५.१ कथासार

राजा जनकको शरीरमा पसेर आध्यात्मिक प्रश्नोत्तर गर्न सक्ने प्राचीन तपस्विनी *सुलभा* पौराणिक राजचरित्रमा आधारित एउटी विदुषी राजकुमारीसँग सम्बन्धित कथा हो । प्रधान राजाको कुलमा जन्म भएकी सुलभाले आफू विदुषी नारी भएकी हुनाले आफू समानको वरको अपेक्षा गरेकी छिन् । उनले आफू समानको वर नपाउँदा जीवन भर कुमारी नै बसेर देश र जनताको सेवा गर्ने दृढ इच्छा प्रकट गरेकी छिन् । नारी चरित्रमा आधारित कथावस्तु भएको यस कथामा प्रधान राजाका छोरी सुलभा पण्डित्नी हुन्छिन् । उनले राजा जनकको प्रश्नको उत्तर अन्यन्त राम्रोसँग दिएकी हुनाले राजा जनक पनि उनको प्रतिभा देखेर गद्गद् भएका थिए । सुलभा सत्चरित्र, सद्ज्ञान, सद्बुद्धि र सत्विचार भएकी भगवान्को भक्तिमा पूर्णरूपले समर्पित, आदर्श कन्या थिइन् । उनमा भोग विलासभन्दा पनि शिक्षा आर्जन गर्ने, धर्म, कर्ममा नित्य रूपले लाग्ने र समाज सेवा गर्ने तथा दीन दुःखीहरूलाई निरन्तर रूपमा सहयोग गर्ने तीव्र इच्छा थियो । त्यस्तो महान् विचार बोकेकी सुलभामा कामवासना कहिल्यै पलाएन । उनले आध्यात्मिक नीतिनियम अनुरूप काम, क्रोध, लोभ, मोहबाट टाढा रहेर मानव सेवव, धर्म र कर्ममा विश्वास गरेर जीवनलाई सार्थक बनाएकी थिइन् भन्ने मुख्य कथावस्तु यस कथाको रहेको छ ।

### ५.१५.२ सुलभा कथामा आध्यात्मिक दर्शनको प्रभाव

तपस्या एवम् योग साधनाद्वारा सिद्धि प्राप्त विदुषी नारी प्रधान चरित्रमा आधारित यो कथा विद्या, ज्ञान, त्याग तपस्या, दीन दुःखीको सेवालाई मान्यता दिएर रचना गरिएको हो । नारीहरूले शिक्षा आर्जन गर्दैनन् । उनीहरू त चुलो चम्को र पुरुषका लागि मात्र जन्मिएका हुन् भन्ने अज्ञानी पुरुष मानसिकतालाई यस कथाले उजागर गरेको छ । पूर्वीय आध्यात्मिक दर्शनमा नारी र पुरुषलाई समान हक र अधिकार दिइएको पाइन्छ । साङ्ख्य दर्शनका अनुसार प्रकृति र पुरुष दुई तत्त्व अर्थात् प्रकृति भनेको जड र पुरुष भनेको चेतन तत्त्व हो । पुरुष आत्मा हो र प्रकृति भोग्या हो । प्रकृति र पुरुषविना संसारको अस्तित्त्व निरर्थक छ । पूर्वीय दर्शनको विभिन्न ग्रन्थहरूमा जहाँ नारीको पूजा हुन्छ त्यहाँ भगवान् खुशी हुनुहुन्छ भन्ने मान्यता रहेको पाइन्छ । त्यस्तै देवी भागवतमा देवीमाताको शक्तिले दानव पुरुषको विनाश गरिएको प्रसङ्गमा बदरीनाथ भट्टराईद्वारा पौराणिक इतिहासलाई पल्टाएर भनिएको छ-*पुराना इतिहासमा ठूला ठूला पण्डित्नीहरूको कथा आउँछ* (पृष्ठ : ३३) ।

परापूर्व कालदेखि नै नारीहरू पनि शिक्षित रहेका थिए । उनीहरूले पनि शिक्षा हासिल गरेका थिए । मध्यकालमा आएर नारीको शिक्षा केही कमजोर देखिएको भए तापनि उनीहरूमा त्यागको भावना भएको कुरा यस पौराणिक कथा मार्फत् बदरीनाथले दर्शाएका छन् ।

महाभारतको विदुरनीतिमा भनिएको छ,- दयावान् धार्मिक, पराक्रमी र सत्यवादी भएको व्यक्तिलाई पण्डित भनिन्छ । त्यस्तै रिस, खुशी, घमण्ड, लाज, उदण्डता भएको र आफूलाई नै सर्वमान्य सम्झने इत्यादि भावनाले जो मानिस प्रभावित छैन उसलाई पण्डित कहिन्छ । पण्डितमा हुनुपर्ने सबै गुण विदुषी सुलभामा थियो । उनको बुद्धि, धर्म र अर्थ अनुकूल चल्दथ्यो । भोग-विलास र स्वार्थी भावनाबाट उनी टाढा रही धर्म अनुकूल नियमहरूलाई पालना गर्दथिन् भन्दै नारीहरू कसरी पौराणिक शिक्षा लिन्थे भन्ने विषयमा भनिएको छ- *उनीहरू त सफा हावा भएको आश्रममा सफाइका साथ घरैमा बसेर आफ्ना दाज्यू आचार्यहरूसँग पढ्थे* (पृष्ठ : ३३) ।

शिक्षा (विद्या) आर्जन गर्न उपयुक्त वातावरणको आवश्यकता पर्दछ । विद्वान् गुरुसँगको शिक्षा र एकाग्रता, भगवत्, ध्यान, समर्पण, त्याग, सात्त्विक भोजन, नित्य आचारविचार र सदाचारबाट नै आफूले खोजेको ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई तत्कालीन नारीहरूले बुझेका थिए भनेर बुद्धि र ज्ञानलाई उल्लेख गर्ने क्रममा कथाकारद्वारा नारीहरूको उच्च सम्मान गर्दै भनिएको छ - *उनको बुद्धि खुब तीखो थियो, उनले धेरै शास्त्र पढेकी थिइन् । ज्ञान जस्तो हदसे हद सूक्ष्म विषयमा पनि उनको बुद्धि घुसेको थियो* (पृष्ठ : ३३) ।

सुलभा पौराणिक जगत्की विदुषी पण्डित्नी हुन् । उनले विभिन्न पुराण र इतिहासको अध्ययन गरेकी थिइन्, जसले गर्दा आध्यात्मिक ज्ञान, ब्रह्मतत्त्वको ज्ञान आदिलाई आत्मसात् गरेर संसारलाई विभिन्न दार्शनिक दृष्टिकोणबाट समेत निहालेकी थिइन् भनेर कथाकारले आफ्नो स्वच्छ विदुषी भावनालाई यहाँ प्रस्तुत गरेका छन् ।

उनको विद्वत्तालाई उच्च मूल्याङ्कन गर्दै गृहस्थ धर्ममा निपुण विद्वान् राजा प्रधानले छोरी सुलभाको विवाह संस्कारको लागि योग्य वरको खोजीको घोषणा गरे । एक से एक राजकुमारहरू राजकुमारी सुलभालाई स्वयम्वर गर्न आउँदा पनि सुलभाले आफ्ना लागि

योग्य वर देखिनन् । त्यसैले उनी विहेको लागि तयार भइनन् । उनलाई धाई आमाले कर जोरेर विन्ति गरिन्- एउटा राजकुमार छानेर स्वयम्वर गरिबक्स्योस् भन्दा सुलभाद्वारा भनिएको छ-

> *लोग्ने मान्छेले ब्रह्मचारी भएर बस्न हुन्छ भने हामीले नहुने किन ? जन्जालमा बाँधिएर मात्र सुख हुने हो र ? रित्तो फुल्को हुँदा जति अर्काको भलो गर्न पाइन्छ त्यति बिहे गरेर के पाइएला ? खान र लाउन मात्र हामी जन्मेका हैनौं !* (पृष्ठ : ३५) ।

सुलभाले यस कथामा मानव धर्मलाई अँगालेकी छिन् । उनलाई पारिवारिक बन्धनमा बाँधिएर संसारका दुःखी गरीब असहाय र अज्ञानी मान्छेको कल्याण गर्न सकिंदैन भन्ने आत्मज्ञान प्राप्त भएको छ । मानिस भएर जन्मन त्यति सजिलो छैन । चौरासी लाख योनी पार गरेर मात्र मानिस भएर जन्मन पाइन्छ । जन्मदा हरेक मानिसले केही न केही दैवी शक्ति लिएर आएको हुन्छ । उसमा ज्ञान तत्त्वले भरिदिनु मानिसको कर्तव्य हुन्छ भन्ने आध्यात्मिक मान्यतालाई आत्मसात् गरेकी पण्डित्नी सुलभाद्वारा यहाँ नैतिक आदर्शको मार्गदर्शन गरिएको पाइन्छ । बिहे बन्धनमा बाँधिनु, आफैले बिहेको लागि वर छान्नु जस्ता सामाजिक संस्कारलाई पनि नारी स्वत्रन्तताको दृष्टिले उत्तम भएको देखाउँदै परोपकार नै संसारको सबभन्दा ठूलो धर्म हो भन्ने भाव भएका बदरीनाथद्वारा भनिएको छ- *सुलभाले चाहिँ सुख सयललाई छाडेर सबैको दुःख हटाउने काम गर्दै जिन्दगी बिताइन्* (पृष्ठ : ३५) ।

अज्ञानले मानिसमा मोह जगाउँछ, वस्तुप्रतिको रागभाव नै अज्ञानताको परिणाम हो, तत्त्व ज्ञानले मानिसलाई जन्म मरण चक्रबाट मुक्त गराउँछ, दुःख नाश नै मोक्ष हो भन्ने वैशेषिक दर्शनको सिद्धान्तलाई आत्मसात् गरेका भट्टराईले कथाकी प्रमुख पात्र सुलभाको माध्यमबाट आफ्नो जीवनलाई मानव कल्याणको लागि समर्पण गरिएको कुरालाई प्रस्तुत गरेका छन् । उनले यस कथाको हरेक ठाउँमा मानव धर्मको उद्घोष समेत गरेका छन् ।

बदरीनाथ भट्टराई आध्यात्मिक विद्वान् भएका हुनाले उनले आफ्ना हरेक कथाहरूमा आध्यात्मिक दर्शनलाई उभ्याएका छन् । यस कथामा पनि एउटी असल धर्मशास्त्रकी ज्ञाता

विदुषी पराक्रमी महिलाको चरित्र चित्रण गरेर आफ्ना सम्पूर्ण पाठकहरूलाई मानव धर्मका साथसाथै अमृतमय आध्यात्मिक मार्ग पहिचान गरी अगाडि बढ्ने प्रेरणा प्रदान गरिएको छ ।

### ५.१५.३ निष्कर्ष

कथामा वैदिक सनातन धर्म र दर्शनको परिचय दिनुका साथै मानव धर्म र कर्ममा आधारित मीमांसा दर्शन तथा चित्तवृत्ति निरोध भनेर चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने योग दर्शन र अज्ञानले मानिसमा मोह जगाउँछ, वस्तुप्रतिको मोह भाव नै अज्ञानताको परिणाम हो, दुःख नाश नै मोक्ष हो भन्ने वैशेषिक दर्शन र प्रकृति र पुरुषलाई जड तत्त्व मान्ने साङ्ख्य दर्शनको प्रभावलाई प्रस्तुत गरिएको छ ।

## ५.१६ रावण कथा विष्लेषण

बालबालिकाहरूको उपदेशाात्मक चरित्रमा आधारित रामायण र महाभारत कथामा उल्लिखित रावणको चरित्रमा आधारित यो कथा बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक बालकथा सङ्ग्रहबाट साभार गरिएको हो । त्रेता युगका भगवान् श्रीरामचन्द्रकी धर्मपत्नी सीतामाताको हरण गरी श्रीरामचन्द्रलाई युद्ध गर्न बाध्य बनाउने अधर्मी र पापी रावणको चरित्रमा आधारित यस कथामा रावणको घमण्डी स्वभाव र उसको कमजोर मानसिकताको विषयमा प्रस्तुत गरिएको यस कथामा आध्यात्मिक दर्शनको प्रभाव रहेको छ ।

### ५.१६.१ कथासार

कथाको सुरुवात रावणको दुश्चरित्र र उसमा भएको अहंपन (घमण्ड) का कारण उसले देवताका राजा इन्द्रलाई समेत दुःख दिएको प्रसङ्ग तथा धन र शारीरिक बलको मदतले मत्त भएर कामुकता प्रर्दशन गरी राम्रा राम्रा स्त्रीहरूलाई हरण गरेर श्रीमती बनाएको कुराहरूलाई एकातिर उल्लेख गरिएको छ भने अर्कोतिर स्वर्गबाट समेत राम्रा राम्रा, बहुमूल्य वस्तुहरू हरण गरेर ल्याई उसको लुब्ध प्रवृत्तिलाई उजागर गरिएको छ । एकदिन घुम्दा घुम्दै रावण बली राजाको दरबारमा पुगेछ त्यहाँका रमणीय स्थल तथा कहिल्यै नदेखेका बहुमूल्य वस्तुहरू देखेर ऊ लोभिन्छ । उसले ढोके पालेलाई आफू आएको सन्देश देऊ भन्दै युद्धका लागि तयार हुनु भन्ने हुंकार गरेर पठाउँछ । त्यसको विपरीत राजा

बलीले हाँसेर आफ्नो सभागृहमा बोलाई अतिथि सत्कार गरेर राख्छन् । बली राजाले अतिथि सत्कार गरेर आफ्नो सभागृहमा राखेपछि प्रभावित भएर विष्णु भगवान्लाई मार्छु भन्ने रावणलाई इशानकोणमा राखेको कुण्डल लाएर जाऊँ भनेर भन्दा उक्त कुण्डललाई उसले उचाल्न नसकेपछि लज्जित भएको रावणलाई बलीले हिरण्यकशिपुको बल र घमण्डको परिणाम स्वरूप उसलाई भगवान् विष्णुले मारिदिनु भएको उदाहरण समेत दिएर उसको बल, शक्ति र घमण्डले विष्णु भगवान्लाई मार्न नसक्ने कुरा बताई उसमा निहित शक्तिलाई कमजोर बनाएर पठाएको प्रसङ्ग नै यस कथाको मुख्य सार रहेको छ ।

### ५.१६.२ रावण कथामा आध्यात्मिक दर्शनको प्रभाव

वेदले मनुष्यलाई स्पष्ट रूपमा निर्देशन गरेको छ कि- यो अनन्त विश्व-ब्रह्माणमा चराचर, जगत्मा जति पनि देखेका, सुनेका छौं, त्यो सबैका आधार सर्व नियन्त्रक, सर्वाधिपति, सर्वशक्तिमान्, सर्वज्ञ, सबैको कल्याण गर्न सक्ने सामर्थ्य राख्नु हुने परमेश्वरबाट व्याप्त भएर रहेको छ, उहाँबाट नै परिपूर्ण रहेको छ । (गीता ९/४) भन्ने श्रीमद्भगवद्गीताको वाणीलाई आत्मसात् गरेका भट्टराईद्वारा समत्त्व बुद्धि भएका पुरुषले राम्रो र नराम्रो छुट्याउन सक्छ भन्दै भनिएको छ - *त्यो विष्णुदेखि डराएर किन तपाईं यसरी लुक्नु भएको ? तपाईंको सर्वश्व हर्ने त्यो विष्णुलाई म मारिदिन्छु (*पृष्ठ *: ३७)* ।

रावण कर्मयोग र मानवधर्म विपरीतको व्यक्ति थियो । ऊ धर्मकर्म भन्दा पनि ऐश, आराम, मोज मस्तीमा रमाउन चाहन्थ्यो । उसको बुद्धि भ्रष्ट थियो । ऊ बलवान् भएर पनि अज्ञानी थियो । यस संसारको सृष्टिको पालनकर्ता भगवान् विष्णुलाई समेत मार्छु भन्ने घमण्डी र पाखण्डी रावणमा अज्ञानताले आँखामा पट्टी बाँधिएको थियो; जसका कारण भगवान् श्रीराम चन्द्रको हातबाट उसको जीवनको अन्त पनि भयो ।

भगवान् शिवको तपस्या गरेर कसैले जित्न नसक्ने बल प्राप्त गरेको रावणलाई आफ्नो बल र शक्तिको असाध्य ठूलो घमण्ड थियो । पूर्वीय दर्शनका चार सिद्धान्त धर्म, अर्थ, काम, मोक्षलाई मनन गर्ने शक्ति रावणमा थिएन । यस्तो दर्शनको ज्ञान नहुँदा उसले साक्षात् भगवान् विष्णुलाई पनि चिन्न सकेको थिएन । रावण चरित्रहीन, स्त्रीलम्पट, पतित व्यक्ति थियो । रावणमा तमोगुणीपन थियो, । रावणमा आसुरी शक्तिको प्रवलता थियो । ऊ शिव भक्त थियो तापनि उसको शिवभक्ति आसुरी प्राप्तिका लागि मात्र थियो । उसको पूर्व कर्मका

कारण ज्ञान, बुद्धि भ्रष्ट भएको थियो । जसका कारण विवेक र आत्मज्ञानको शून्यतामा रावण बाँचेको थियो भन्ने कुराको पहिचान बदरीनाथले यहाँ गराएका छन् । निष्काम भक्ति भाव बाट बञ्चित रावण आत्मज्ञानको अभावका कारण उसले भगवान् विष्णुको निन्दा गहेको थियो भने त्यसको विपरीत राजा बली विद्वान्, ज्ञानी भएका हुनाले उनले भगवान् विष्णुको दिव्यशक्तिलाई पहिचान गरेका कारण उनी भगवान् विष्णुका भक्त थिए । भगवान् भक्ति आध्यात्मिक ज्ञान, मानवधर्म, कर्मयोग लगायत आध्यात्मिक चिन्तनका विषयहरू तथा मानवधर्म र कर्मयोग लगायतका सम्पूर्ण कुराको ज्ञान राजा बलीलाई थियो । कुकर्मी मानिसलाई पनि सकारात्मक व्यवहारबाट परिर्वतन गराउन सकिन्छ भन्ने कुरालाई चरितार्थ बनाउदै बलिद्वारा भगवान् विष्णुको विरोधी रावणलाई प्रशंसा गर्दै भनिएको छ - *लौ उसो भए त्यो ईशान कुनामा राखेको कुण्डल लाएर जाऊ* (पृष्ठ : ३७) । असत् पात्रलाई सत्मार्गमा ल्याउन बलीले रावणप्रति गरेको सकारात्मक व्यवहार महत्त्वपूर्ण रहेको कुरालाई देखाएर बदरीनाथद्वारा कथामा सकारात्मक सोचको विकास गराइएको छ ।

कुकर्मको बाटो हिँड्दा दुःख पाइन्छ भन्ने कुराको राम्रो ज्ञान भएका राजा बली भगवान् रामचन्द्रका प्रिय भक्त थिए । उनले भगवान् रामचन्द्रलाई दुःख पर्दा अनेक तहरबाट सहयोग गरी पापी राक्षस रावणबाट माता सीतालाई मुक्त गराउन सहयोग गरेका थिए । भगवान्का सच्चा भक्त बलीले आफ्नो असल बुद्धि र सत् चरित्रका कारण रावणलाई अवाक् बनाई पठाएको प्रमुख कथा भएको यस कथाको भाषा सरल रहेको छ । कथामा *बलभन्दा बुद्धि ठूलो* हो भन्ने युक्तिलाई चरितार्थ परिएको छ । स्वर्ग र पृथ्वीको परिवेश नैतिक आदर्श सामाजिक मूल्यमान्यता आदिको वर्णन गरिएको यस कथामा व्यावहारिक कर्म अनुसारको फल रावणले प्राप्त गरेको कुरा दर्शाएर सत्मार्गको सन्देश प्रदान गरिएको छ ।

### ५.१६.३ निष्कर्ष

धर्मका साथै नित्यकर्म गरी आफ्नो पुरुषार्थ देखाएर समाजमा आफ्नो असल पहिचान गर्नुपर्ने मानवीय धर्म हो तर मानवीय धर्म विपरीत दानवी प्रवृत्ति देखाएर आफ्नो बल पुरुषार्थको घमण्ड गर्ने अज्ञानी व्यक्तिले जतिसुकै भगवान्को भक्ति गरेर आसुरी शक्तिको बल प्राप्त गरे पनि अन्तमा उसको घमण्ड तोडिन्छ । ऊ आफै पराजित भएर लज्जित हुनुपर्दछ एवम् उसको पराजय निश्चित छ भन्ने कुरालाई यस कथामा हिरण्यकशिपु र रावणको आसुरी शक्तिले भोग्नुपरेको पराजयलाई देखाएर बालबालिकालाई ईर्ष्या, घमण्ड,

उच, नीच, अरूलाई हेप्ने प्रवृत्तिलाई त्यागेर सत्य, धर्म, सदाचार र नैतिकताको बाटो लाग्नु पर्ने सन्देश प्रदान गर्न खोजिएको छ ।

## ५.१७ भृगु र हैहय कथा विष्लेषण

*भृगु र हैहय* कथा पौराणिक राजचरित्रमा आधारित कथा हो । यस कथालाई कथाकारले श्रीमद्भागवत नवमस्कन्धको पन्ध्रौं अध्यायलाई कथाको स्रोत बनाएका छन् । कथामा भृगु र हैहयको दुश्चरित्र र अहंभावका कारण आफूहरू कै विनाश भएको प्रसङ्ग उल्लेख गरिएको छ । आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गर्दा मीमांसा दर्शनको प्रभाव रहेको यस कथालाई बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक बालकथा सङ्ग्रहबाट साभार गरिएको हो ।

### ५.१७.१ कथासार

प्रख्यात राजा कार्तवीर्य लुटिए पछि उनीहरू भीखमङ्गा भएर भृगुका आश्रममा पुग्दछन् । भृगुवंशीहरू हैहयवंशका पुरोहित थिए । पहिले आफ्ना बाजे कार्तवीर्यले दान गरेको सम्पत्ति मागौं भन्ने उद्देश्यका साथ भृगुहरूलाई सापटीको बहाना गरी तत्कालीन अवस्थाको दश बाह्र लाख रुपैया माग्दछन् । भृगुहरूले आफूसँग त्यत्रो सम्पत्ति नभएको कुरा व्यक्त गरेपछि हैहयवंशीले रिसाएर भृगुहरूलाई अत्यन्त दुःख दिन्छन् । यसरी हैहयवंशीहरूको खराब चरित्र भएका र अरूलाई दुःख दिने प्रवृत्ति भएको कारण अत्त्यमा उनीहरूको विनाश भएर गएको यस कथाको प्रमुख सार रहेको छ ।

### ५.१७.२ भृगु र हैहय कथामा आध्यात्मिक दर्शनको प्रभाव

आध्यात्मको मूलभाव, दया, धर्म र दान हो । शान्ति, प्रेम, अहिंसा, मानवता र विश्व बन्धुत्वको रक्षा आध्यात्मिक ज्ञानले प्रदान गर्दछ । ब्राह्मणले ब्रह्मचर्यमा रहनु र यज्ञ यज्ञादि गरेर धार्मिक नीति नियम अनुसार दान दिनु तथा दान लिनु भन्ने कुरा आध्यात्मिक दार्शनिक ग्रन्थहरूमा उल्लिखित छ । सोही अनुरूपको भावना बोकेका बदरीनाथ भट्टराई अद्वैत वेदान्त दर्शनका अनुयायी भएका हुनाले कथा मार्फत भनिएको छ- *के पुरोहितको चाल यही हो, ब्राह्मण भएर के यस्तै झूटो बोल्नु भन्ने शास्त्रमा लेखिएको छ ?* (पृष्ठ : ४७) ।

तत्कालीन समयका हरेक व्यक्तिमा धार्मिक ज्ञान, सांस्कृतिक परम्परागत कार्य विभाजन, सोही अनुसारको आदर, सत्कार, सत्य बोल्नुपर्ने नीतिनियम थियो भन्ने कुरालाई बदरीनाथले यहाँ प्रस्तुत गरेका छन् । उनी सत् धर्मका पुजारी थिए । आफ्नो पुर्खाले ब्राह्मण पुरोहितलाई दान दिएका वस्तुहरू पनि मिथ्याज्ञानका कारण काम, कर्तव्य गर्न पछि नलागी हैहय वंशीहरूले फिर्ता गर्न अनेक प्रयत्न गरेको कुरा बदरीनाथद्वारा विमति राख्दै भनिएको छ- *यो कस्तो कुरा, पुर्खाले दान दिएको धनमा पनि यत्रो लोभ । क्षत्रिको कर्तव्य यही हो त?* (पृष्ठ :४८) ।

मानवीय दान, धर्म, कर्मको ज्ञान प्राप्त हुने मीमांसा दर्शनको प्रभाव यस कथामा देखिन्छ । अर्थात् हैहयवंशीहरूले लोभका कारण आफ्ना पुर्खाको धर्मलाई त्याग गरेर मानवधर्म र कर्तव्यको पालना नगर्दा दुःख पाउनु पर्‍यो । आत्मज्ञानको महत्त्व नबुऱ्दा पुर्खाले दान दिएको सम्पत्तिमा पनि आँखा लगाउनु मानवीय कमजोरी लुब्धोपन र बुद्धि भ्रष्ट भएको कुरा कथाकारको विचार रहेको छ । भ्रष्ट बुद्धिका कारण उनीहरू अन्तमा दान दिएको सम्पत्ति लुट्न र चोर्न पनि पछि पर्दैनन् । मनमा सधैँभरि रहिरहने काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यलाई जसले आफ्नो अधीनमा राख्छ त्यस्तो व्यक्तिले आध्यात्मिकता प्राप्त गर्न सक्दछ भन्ने पूर्वीय दर्शनको मान्यता रहेको छ । यसर्थ हरेक समयमा मानवीय जीवनयापन गर्ने मानिसहरूलाई आध्यात्मिक ज्ञानको आवश्यकता पर्दछ । आध्यात्मिक ज्ञानले मानिसलाई जन्म मृत्युको चक्रबाट पार लगाउँछ भन्ने भावना बदरीनाथ भट्टराईको रहेको छ ।

बदरीनाथ भट्टराई सत्यतालाई अँगाल्ने दान अनसूया, क्षमा र धैर्ययुक्त गुणले भरिपूर्ण भएका व्यक्ति हुन् । उनी साहित्य रचनाको माध्ययमबाट आध्यात्मिक जागरण ल्याउन चाहन्छन् । उनले यस कथामा न्याय दर्शनलाई उजागर गरेका छन् । यस दर्शनका अनुसार ईश्वरले जीवात्मालाई कर्मानुसार पुरस्कार र दण्डको व्यवस्था गर्दछ (जगदीस्वरानन्द, २००४ ई : ४/१/१९) । हैहयवंशीहरूको अनावश्यक युद्ध, झगडा उन्मादका कारण उनीहरूको वंश नाश भएको हो । उनीहरूले आफ्नो मनलाई वशमा राख्न सकेनन् । उनीहरूको चित्त चञ्चल भइरह्यो । चित्तको व्यापारलाई नियन्त्रण गर्न नसक्दा हैहयवंश अप्ठ्यारोमा परेको हो । त्यस्तै भृगुवंशीहरूमा पनि धर्म, कर्म, दान, त्याग आदिको ज्ञान नहुँदा उनीहरूले हैहयवंशीहरूप्रति दया गर्न सकेनन् । जसको कारण अनावश्यक दुःखको

मारमा दुवै वंशीहरू पर्नुपऱ्यो । भृगुहरूले पनि पटक पटकको हैहयको अनुरोधलाई नकारे । अन्तमा अत्याधिक लोभका कारण भृगुहरू जमिनमुनि धन सम्पत्तिलाई लुकाउन पुगे । त्यस सम्पत्तिलाई पुनः हैहयवंशीहरूमा आध्यात्मिक ज्ञान नहुँदा असत्यको बाटो लिएर चोरी गरे । जसको परिणाम हैहय वंशको नाश भयो ।

अतः आध्यात्मिक शक्तिले भृगु वंशलाई साथ दियो भने आशुरी शक्तिको कारण हैहय वंशको विनाश भयो भन्ने कुरालाई देखाएर बदरीनाथ भट्टराईले धर्मको रक्षा र अधर्मको विनाश भएको देखाएका छन् । विषय वासना अर्थात् सांसारिक वस्तुहरू प्रति लोभ, मोह, ईर्ष्या आदिको विरुद्धमा रचना भएको यस कथामा सरल नेपाली भाषाको प्रयोग भएको छ । बाहिरी भौतिक पदार्थको ज्ञान र उपभोगले जीवनमा शान्ति र सुखको अनुभूति हुँदैन । जीवनमा सुख शान्ति प्राप्त गर्न मनलाई विषय बन्धनबाट मुक्त गराउन सक्नु पर्दछ भन्ने भट्टराईको विचार रहेको छ ।

### ५.१७.३ निष्कर्ष

यस पौराणिक बालकथाले बालबालिका लगायत पाठकहरूमा अनावश्यक रूपमा अर्काको सम्पत्तिमा लोभ, मोह गर्नुहुँदैन । सम्पत्ति कमाउन आफैले कर्म गर्नुपर्छ । हरेक समय र स्थानमा मानवधर्म र मानवीय कर्तव्यको पालना गर्नुपर्दछ । काम, क्रोध, लोभ, मोहलाई त्यागी आत्मज्ञानमा लाग्नुपर्छ भन्ने सन्देश प्रदान गरिएको यस कथामा दान, धर्म र यज्ञ सम्बन्धी विषयमा विशेष चर्चा गरिएको हुनाले मीमांसा दर्शनको प्रभाव रहेको छ ।

## ५.१८ रजि कथा विष्लेषण

*रजि* कथालाई कथाकारले ज्ञान र कर्मका दृष्टिले अतुलनीय उपनिषद्को सार विष्णु पुराणको रजि र दैत्यहरूको युद्धक्षेत्र एवम् वंश वृद्धिको कथाबाट लिएका हुन् । आध्यात्मिक दर्शनको विशेष प्रभाव रहेको यो रजि कथा भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक बालकथाबाट साभार गरिएको हो ।

### ५.१८.१ कथासार

कथामा राजा रजिको महान् आदर्श चरित्रलाई देखाइएको छ । देवता र दैत्यको सङग्राममा दैत्यहरूले राजा रजिसँग आफ्नो पक्षमा युद्ध गर्न अनुरोध गर्दा राजा रजिले भने

तपाईंहरूले देवताहरू माथि विजय प्राप्त गरिसकेपछि मलाई स्वर्गका राजा इन्द्रको रूपमा स्वीकार गर्नुहुन्छ भने अर्थात् इन्द्रराजाको स्थान मलाई दिनुहुन्छ भने म तपाईंहरूको पक्षमा युद्ध गरी दैत्यमाथि विजय प्राप्त गर्दछु नत्र गर्दिन भनेपछि स्वीकार गरेका इन्द्रले रजि राजालाई आफ्नो पक्षमा युद्ध गर्न लगाएर युद्ध जित्न सफल भएका थिए । राजनीति र रणनीतिमा पोख्त राजा इन्द्र आफ्नो मतलब सिद्ध भएपछि पुनः राजा रजिको शरणमा परेर आफ्नो राज्य माग गर्दछन् । राजा रजिले इन्द्रको कुटिल व्यवहार बुझे तापनि उनको राज्य फर्काइ दिन्छन् । इन्द्रको चतुऱ्याई देखेर राजा रजिले आफूलाई पृथ्वीकै राज्य ठीक भएको र पृथ्वीलाई नै स्वर्ग बनाउने आफूमा साहस भएको कुरा व्यक्त गर्दछन् । केही समयपछि राजा रजिको देहावसान पश्चात् उनका छोराहरूले इन्द्रसँग आफ्नो पिताले आर्जेको राज्य फिर्ता माग्छन् । इन्द्रले राज्य फिर्ता दिन नमानेपछि उनीहरू बिच पुनः लडाइँ हुन्छ । इन्द्रसँगको लडाइँमा राजा रजिका छोराको जीत हुन्छ । रजिका छोराहरू घमण्डी र दानवी प्रवृत्तिका थिए । उनीहरूले इन्द्रसँग बदला लिन भनेर देवताहरूलाई साऱ्है दुःख दिन थालेका हुनाले देवताहरू हिमालयका गुफामा गएर दिन बिताउन थालेका थिए । स्वर्गमा देवताहरूलाई दुःख दिएर धेरै समय राजा रजिका छोराहरूले राज्य गरे । देवताहरूले उक्त समयमा अत्यन्तै दुःख पाए । देवताहरूको दुःखलाई सहन नसकी इन्द्रले बृहस्पतिसँग गएर भने 'गुरु अलिकति पुरोडाश दिनुहोस्' भनेको आवाज सुन्दा गुरु बृहस्पतिलाई आफ्ना चेलाप्रति साऱ्है दया लागेर आउँछ । बृहस्पतिले रजिका पुत्रहरूको बुद्धिलाई मोहित गराइ दिनका लागि प्रत्येक दिन अभिचारादि क्रिया र इन्द्रको तेजबुद्धि गराउनका लागि होम गर्न आरम्भ गरे, जसका कारण रजिका पुत्रहरूमा कुभावना पलाई ब्राह्मणहरूमा द्वेषभाव राख्ने, आफ्नो धर्मक त्याग गर्ने र वेदाचारबाट विमुख हुँदै गए । फलस्वरूप इन्द्रले धर्माचरणबाट विहीन भएका ती रजिका पुत्रहरूको विनाश गरिदिएर आफ्ना पुरोहित बृहस्पतिका कृपाले स्वर्गको राजगद्दीमा बसी राज्य सञ्चालन गर्न लागे भन्ने विष्णु पुराणको आख्यान अनुसार यस कथामा धर्म र अधर्मको लडाइँ भएको थियो भन्ने बुझिन्छ । धर्मको पक्षमा राजा रजि लडेका र अधर्मको पक्षमा रजिका छोराहरू इन्द्रसँग बदला लिने उद्देश्यले लडेका थिए । कथाको अन्तमा इन्द्रलाई राजा रजिप्रति आफूले अन्याय गरेको भन्ने गल्तीको ज्ञान भए तापनि देवताहरूको रक्षाका कथाको लागि रजिका छोराहरूलाई हराउन रणनीति रची विजय प्राप्त गर्न सफल भएको यस कथाको मुख्य सार रहेको छ ।

### ५.१८.२ रजि कथामा आध्यात्मिक दर्शनको प्रभाव

कथामा धर्म, कर्म, यज्ञ, त्याग, तपस्या, मानवीय आदर्श, पराक्रम, वीरता शाहसीपन लगायतका कुरा रहेको हुनाले कथा मानव धर्ममा आधारित रहेको बुझ्न सकिन्छ । स्वर्गको विलासीपन, दैत्यहरूको अज्ञानता, राजा इन्द्रको राज्य सञ्चालनको कमजोर नीति, फितलो नेतृत्व क्षमता लगायत तत्कालीन समयको वातावरण परिवेशलाई उल्लेख गरेर पौराणिक विषयवस्तुलाई सरल भाषामा प्रयोग गरिएको यस कथामा पौराणिक धार्मिक सांस्कृतिक मूल्यमान्यताको आभास दिँदै न्याय, मीमांसा, योग र साङ्ख्य दर्शनलाई प्रस्तुत गरी भौतिक जीवनतिर उन्मुख मनुष्यहरूलाई आध्यात्मिकता तर्फ मोड्न सङ्केत गरिएको छ । ईश्वरले जगत्को सृष्टि गरेका छन् । हरेकलाई नीति नियम अनुसार कर्म गर्न सिकाउने, कर्म नियमको अध्यक्ष ईश्वर हो । यसले जीवात्मालाई कर्मानानुसार पुरस्कार र दण्डको व्यवस्था गर्दछ । ईश्वर विश्व संसारमा व्याप्त भएर पनि विश्व संसारभन्दा पर भएको छ । न्याय दर्शनको सैद्धान्तिक मान्यता अनुसार न्यायका प्रतिमूर्ति पृथ्वीका महान् राजा रजि अत्यन्त सम्मृद्धशाली राजा थिए । देवता र दैत्यले आफ्नो बल र शक्तिको घमण्डले देवतालाई लडाइँमा परास्त गरी स्वर्गीय राज्य हात पार्ने दाउले भगवान् ब्रह्मासँग सोध्दा ब्रह्माद्वारा भनिएको छ-*जतापट्टि पृथ्वीका राजा रजि लाग्दछन् उतैको जीत हुन्छ* (पृष्ठ : *२२)* ।

पृथ्वीका राजा रजि मानव धर्मका पक्षधर थिए । उनी आध्यात्मिक मार्गबाट मानव धर्मको रक्षा गर्ने व्यक्ति भएको कुरालाई उजागर गरेर भट्टराईले हरेक मान्छेलाई सत्मार्गको सन्देश दिएका छन् ।

बदरीनाथले यस कथामा कर्मयोगको परिणामबाट दार्शनिक अभिव्यक्ति दिन खोजेको देखिन्छ । राजा रजिले देवताहरूको पक्षमा लडाइँ गरेर देवताहरूलाई दैत्यबाट बचाएका छन् । कथाकारले राजा इन्द्रको कुटनीतिक स्वभावलाई नकारात्मक रूपले हेर्दै इन्द्रद्वारा भनाइएको छ-

> *पिताजी मरिसकेको मलाई तपाईंले दोस्रो पटक जन्माउनु भयो । अब मलाई जेठो छोरा सम्झनु भएहुन्छ । विलासै विलासले भरिएको यो तुच्छ स्वर्ग तपाईं जस्ता वीरलाई के काम ? बरु यो स्वर्ग नै वकस पाऊँ* (पृष्ठ : २३) ।

स्वार्थी मानसिकता बोकेका राजा इन्द्रमा आध्यात्मिक ज्ञान र बुद्धि पनि थियो । उनमा हरेक समस्या समाधान गर्ने शक्ति भगवान्बाट प्राप्त भएको थियो तापनि स्वार्थी भावना भने रहेकै थियो । मानिसमा भएको बौद्धिक ज्ञानले उसलाई सत्कार्य गर्न प्रेरित गर्दछ । कसैलाई विश्वास दिलाएर विश्वास घात गर्नु ठूलो अपराध हो तापनि विश्वास घातीलाई क्षमा दिएर लज्जास्पद गराउनु व्यक्तिको महानता हो भन्ने आदर्श मान्यता बोकेका बदरीनाथ आध्यात्मिक व्यक्तित्व हुन् ।

### ५.१८.३ निष्कर्ष

सत्कर्मवाद साङ्ख्य दर्शनको प्रमुख आधार हो । कार्यकारण सिद्धान्त नै सत्कर्मवाद हो, कार्य आफू उत्पत्ति हुनुभन्दा पहिला कारणमा रहेको हुन्छ । मिथ्या वस्तुमा सत्यता हुँदैन भने सत्यवस्तुको असत्यता पनि हुँदैन । यो पूर्वीय दर्शनको चिन्तन हो, दुःखको सार्वभौमिकतालाई स्वीकार गरेर आध्यात्मिक, आधिदैविक र आधिभौतिक त्रितापबाट छुटकारा पाउनु मानव जीवनको लक्ष्य हो भन्ने मान्यता राख्ने साङ्ख्य दर्शनमा ईश्वरले जीवात्मालाई कर्मअनुसार पुरस्कार र दण्डको व्यवस्था गर्दछ भन्ने न्याय दर्शन, धर्म र कर्ममा आधारित मीमांसा दर्शन, चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने योग तथा वेदान्त दर्शनको प्रभावलाई कथामा देखाइएको छ । कथामा विद्वान्, साहसी र बलबान रजि पृथ्वीका राजा थिए तापनि दैत्यहरूले स्वर्गका देवताहरूलाई दुःख दिएकाले देवताहरूको अनुरोधमा दैत्यहरूलाई परास्त गरी स्वर्गका राजा इन्द्रलाई नै फकाई पृथ्वीलाई नै स्वर्ग बनाउने अठोट गरेर फर्केका थिए भन्ने कुरालाई बदरीनाथद्वारा अध्यात्मसँग जोड्दै सम्पूर्ण बालबालिका तथा पाठकहरूलाई सत्कर्ममा लागेका आदर्श न्यायिक व्यक्तिले सबैको कदर र सम्मान गर्दछन् भन्ने बौद्धिक विचार प्रदान गरिएको छ । त्यसैले हामी सबैले सधैं सत्य र न्यायको बाटो हिंड्नुपर्छ, जसले गर्दा आफ्नो लक्ष्यमा सबै व्यक्तिको समर्थन पाउन सकिन्छ भन्ने नैतिक आदर्शको सन्देश कथामा पाउन सकिन्छ ।

## ५.१९ सौताको डाह कथा विष्लेषण

*सौताको डाह* कथालाई बदरीनाथ भट्टराईले आध्यात्मिक दर्शनको अमृतमय श्रीभद्भागवत् महापुराणको षष्ठम् स्कन्धको चौध-पन्ध्र अध्यायका साथै विभिन्न पुराणहरूको धेरै अध्यायमा वर्णन गरिएको शुरसेन देशका चित्रकेतु नाम भएका राजाको जीवन चरित्र र

उनले भोगेको पुत्रवियोगको पीडालाई व्यक्त गरिएको कथालाई उपजीव्य बनाएर रचना गरेका छन् । यस कथालाई भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहमा प्रकाशित गरिएको छ ।

### ५.१९.१ कथासार

पौराणिक कालमा आधुनिक जगत्का सामान्य मानिसले जस्तै जीवनयापन गरेका मानवहरूको जीवन शैली, परम्परागत धार्मिक संस्कार, ईर्ष्या, डाहा, क्रोध, छटपटी, ग्लानि, संयोग, वियोग, पीडा आदिले मानिसलाई दुःखी बनाउँदो रहेछ भन्ने प्रसङ्ग यस कथाको मुख्य कथावस्तु रहेको छ । कथाको प्रारम्भ शुरसेन देशका राजा चित्रकेतुको चरित्रबाट भएको छ । चित्रकेतु राजाले सन्तान प्राप्तिका लागि धेरैवटी रानी विवाह गर्दछन् । तर पनि उनीहरू कुनैबाट पनि सन्तान नहुनाले उनी साह्रै दुःखी भएका हुन्छन् । सन्तानका लागि उनले अंगिरा  ऋषिलाई विन्ति गर्दा उनले त्वष्टाको पूजा गरेर यज्ञमा शेष रहेको चरु जेठी पत्नी कृतद्युतिलाई दिँदा हर्ष र शोक दिने पुत्र जन्मने छ भन्ने आशीर्वाद व्यक्त गरेका हुन्छन् । सोही अनुरूप राजा चित्रकेतुले अङ्गिरा ऋषिद्वारा पुत्रेष्टि यज्ञ गराएर जेठी रानीलाई उक्त शेष चरु खान दिंदा उनीबाट एक सुन्दर छोराको जन्म हुन्छ । राजदरबारमा चारैतिर हर्षोल्लासको वातावरण सिर्जना हुन्छ । राजा र जेठी रानी अत्यन्त खुशी हुन्छन् । राजाका अन्य रानीहरू भने राजाले आफूहरू सन्तानहीन भएका कारण आफूहरूलाई गर्ने व्यवहारमा कमी रहेको महसुस गर्छन् । पुत्रवती भएका कारण जेठी रानीलाई मात्र राजाले मायाप्रेम गरेको, आफूहरूलाई मतलव नगरेकोमा उनीहरूबिच छलफल हुन्छ । जेठी रानीले छोरो पाएँ भनेर घमण्ड गरी आफूहरूलाई तिरस्कार गरेको भन्ने भ्रम बोकेर उनीहरू राजा र रानीको विषयमा विभिन्न तर्कवितर्क गरी जेठी रानीप्रति इर्ष्या र डाहको भावनाले हेर्दछन् । उनीहरू आफ्ना कुलमा प्राप्त भएको छोरालाई आफ्नो हो भन्ने अलिकति पनि सम्झदैनन् । उनीहरूलाई पाप, पुण्य, धर्म, अधर्म सम्बन्धी आध्यात्मिक ज्ञान हुँदैन । अज्ञानतावश उनीहरू आफ्नै स्वार्थमा छट्पटाएर छोराका विरुद्ध विभिन्न किसिमका चाल चल्न थाल्छन् र अन्तमा त्यो अबोध देवता समान बालक छोरालाई विष खुवाएर मार्ने कुबुद्धिको षड्यन्त्र गरी मृत्युसमेत गराउँछन् । त्यसपछि राजारानी अनेक शोक गर्न थाल्दछन् । जति गरे पनि राजारानीलाई सम्झाउन नसकेपछि ऋषि अंगिरा  र नारद ऋषिले मरेको शरीरमा जीव प्रवेश गराएर विभिन्न तरहले सम्झाएको प्रसङ्ग नै यस कथाको मुख्य सार रहेको छ ।

## ५.१९.२ सौताको डाह कथामा आध्यात्मिक दर्शनको प्रभाव

आध्यात्मिकता नै वैदिक तथा पौराणिक जीवनको सर्वस्व हो भन्ने भावना भएका बदरीनाथ भट्टराई सात्त्विक व्यक्ति हुन् । उनीद्वारा यस कथामा आध्यात्मिक दर्शनलाई विभिन्न माध्यमबाट उजागर गर्दै मानवधर्म विपरीत एक नाबालकको मृत्युलाई पूर्वजन्मको कर्मसँग जोडिएको छ । इर्ष्या र कमजोरीलाई घृणाको रूपमा हेरिएको यस कथामा महिलाहरूमा सौतेनी भावनाले उठेको नकारात्मक विचारलाई अज्ञानताको संज्ञा दिइएको छ । सन्तान प्राप्त गर्न पूर्वजन्म र यस जन्ममा पनि आध्यात्मिक साधना चाहिन्छ भन्ने भावना भएका बदरीनाथ भट्टराईले कथाका प्रमुख चरित्रलाई वैराग्यको अनुभूति गराएका छन् । आध्यात्मिक मान्यता अनुरूप विभिन्न किसिमका धर्म, कर्म, यज्ञ यज्ञादि साधना गरेर भगवान्को आशीर्वाद प्राप्त गर्न सकिन्छ भन्ने भावना भएका बदरीनाथले छोराको मृत्यु हुँदा शोक गरेर असह्य वेदनाले छट्पटाउनु व्यावहारिक जीवन दुःखमय छ भनेर देखाउनु हो । अध्यात्मज्ञानको अभावमा प्राप्त भएको मनुष्यको जीवन नै दुःखको सुरुवात हो भन्ने कुरालाई आत्मसात् गर्दै भनिएको छ -*दुःख भूल हो भन्ने पनि हजुरलाई जाहेरै छ, बुझपचाउनु मूर्खता मात्र हैन किन्तु जड्ता पनि हो । जन्मेपछि* अवश्य मर्नुपर्छ (पृष्ठ : १०२) ।

पूर्वीय आध्यात्मिक दर्शनको आधारभूत मान्यताहरूमा जन्म, आत्मा, शरीर, मृत्यु आदि सृष्टिका उपज हुन् । सृष्टिका क्रममा एकको उत्पति र अर्कोको समाप्ति भई नै रहन्छ । त्यसैले शोक गर्नु बेकार हो । मानवीय जीवन भ्रम मात्र हो, अज्ञानता हो जड हो भन्ने वेदान्त दर्शनले बताएको विषयलाई बदरीनाथले यहाँ उजागर गरेका छन् । श्रीमद्भागवत् कथाका अनुसार आफ्नो मानवीय असल व्यवहारमा तल्लीन सद्गुणी राजा चित्रकेतुले अन्जान बालकले झैं विभिन्न किसिमको शोक गरेको हुनाले अंगिरा ऋषिसहित नारदमुनिद्वारा भनिएको छ -*तिम्रा पुत्र जस्तै स्त्री, ऐश्वर्य, धनसम्पत्ति आदि पनि मायामय सन्तापकारी र अस्थायी छन् । यी विषयहरूमा ममतालाई त्याग गरेर आत्मतत्त्वको भावना लिंदै शान्त होऊ* (ज्ञवाली, २०६९ : १५३) ।

आत्मज्ञान र यसबाट आशक्त कर्मयोग, पूर्वजन्म, परजन्म, ईश्वर, भाग्य शोक, पीडा आदि पूर्वीय आस्तिक दर्शनको भावलाई पूर्णरूपमा यहाँ पुष्टि गराउँदै मानवीय स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरेका भट्टराईले मानिसलाई आत्मज्ञान तर्फ मोड्दै कथामा नारदमुनिद्वारा

भनिएको छ- *मबाट मन्त्र स्वरूप उपनिषद्को तत्त्व ज्ञानलाई ग्रहण गर* (पृठ : १०२) । आत्मज्ञान प्राप्तिको स्रोत उपनिषद् र वेदान्त दर्शन हो । यसलाई हरेक अध्यात्मवादीहरूले ग्रहण गर्नुपर्दछ भन्ने भावना कथाकारको रहेको छ । बदरीनाथले दैवी चरित्रलाई यहाँ मानवीय रूपमा चित्रण गर्दै सत्कार्यको मार्ग कोरेका छन् ।

यस कथामा अंगिरा  ऋषि र नारद ऋषिको बौद्धिकतालाई प्रशंसा गर्दै उनीहरूले आफूलाई प्राप्त आत्मज्ञानद्वारा मरेको शरीरमा जीव प्रवेश गराएर बोल्न लगाएको विषयमा भनिएको छ-

> *कर्मद्वारा नाना योनिहरूमा घुम्ने भएका मेरा मातापिता र दाजुभाइ धेरै भए । जहाँ सम्म सहवास हुन्छ त्यहाँसम्म नै ममता पैदा हुन्छ । निर्विकार, नित्यस्वरूप आत्माको आफ्नो, पराइ, प्रिय, अप्रिय कोही पनि हुँदैनन् । उदासीन मेरो शरीरको उपाधिले गर्दा तपाईंहरूका साथ समागम भएको मेरो समय सकियो र मेरो आत्मा शरीरबाट छुट्यो । म गएँ त्यस कारण शोक त्याग गर्नुहोस्* (ज्ञवाली, २०६९ : १५३) ।

पाप र पुण्य मिश्रित कर्म हुन् । कर्मको परिणाम फल विपाक हो । कर्म संस्कारको समुदाय आशय हो । यी चारवटा क्लेश, कर्म, विपाक र आशय कुरा जीवमा सदा रहन्छ । जीव संसारमा जन्म मरण चक्रमा भड्किरहन्छन् । ईश्वर यिनीहरू देखि सर्वथा मुक्त एवम् सर्व सामर्थ्यवान् हुन्छ (जयदयालगोयन्दका, २०५८:१६) भनिएको विषयमा बदरीनाथले मानिसको जीवन मरण चक्रलाई स्वभाविक रूपले यहाँ उल्लेख गरेका छन् । त्यस पछि मोह, त्याग गरी राजाले मृत बालकको अन्तिम संस्कार गरे । बालहत्या गर्ने पत्नीहरूलाई पनि प्रायश्चित्त गराए भन्ने कुरा भट्टराईको यस कथामा उल्लेख नभए पनि श्रीमद्‌भागवत् महापुराणमा भने यो प्रसङ्ग उल्लेख भएको पाइन्छ । सौताले छोरा जन्माएर आफूहरू पतिको मायाबाट टाढा भएको, सौता छोराकी आमा भएर आफूलाई गतिली ठूली हुँ भन्ने अहम् भावना राखेर हैकम जमाएको भन्ने भ्रमका कारण इर्ष्याले गर्दा बालकलाई विष सेवन गराइ मृत्यु गराइएको, राजा र जेठीरानी पुत्रशोकले दु:खी भई छट्पटाएको नारद र अंगिरा ऋषिका सामुन्ने पनि पुत्रको मृत्युबाट नानातरहले शोक गरेको प्रसङ्ग सहित माहिली महारानीको नेतृत्वमा आफूहरूले छोराको मृत्यु गराएको कुरा राजाका सबै पत्नीहरू सहित

माहिली रानीले समेत स्वीकार गरेको कुरा उल्लेख गरेर कथाको अन्त्य गरिएको यस कथामा विशेष गरेर वेदान्त दर्शनको प्रभाव रहेको छ ।

### ५.१९.३ निष्कर्ष

दुःखको निवारण श्रमण, मनन र निदिध्याशनबाट गर्न सकिन्छ भन्ने कुरालाई राजा चित्रकेतु आफ्नै मनका कारण पुत्र प्राप्ति नभएर दुःखी हुन्छन् । जब पुत्र प्राप्त हुन्छ मन कै कारण क्षणिक खुशी हुन्छन् भने पुत्रको मृत्यु पश्चात् मोह (माया, प्रेम) का कारण पुनः दुःखी हुन पुग्छन् । गृहस्थ जीवनको प्रभावका कारण आत्मज्ञान प्राप्त नभएको हुनाले उनी अनेक विलाप गर्दछन् । जब उनलाई सबै दुःखबाट छुट्कारा पाउनुको नाम मोक्ष हो, भन्ने कुराको ज्ञान महर्षि अंगिरा र नारदले गराउँदछन् तब उनमा देहधारी जीवात्माको लागि शोक गर्नु अज्ञानता हो, मानिस आफ्नो दुःखलाई प्रारब्धको कारण, भाग्य, ईश्वर भनेर दोष दिइरहेका हुन्छन् । विषयमोहका कारण व्यर्थमा विलाप गर्नु अज्ञानता हो । मानवीय चीत्कार सांसारिक बन्धन युक्त जीवात्माको चीत्कार हो । संसार झुटो हो, यो त मानवीय भ्रम मात्र हो भन्ने कुरालाई जब मानिसले आत्मसात् गर्दछ तब उसमा माया मोह हट्छ र भगवान् प्राप्तिमा लीन हुन पुग्छन् भन्ने कुरा देखाएर बदरीनाथ भट्टराईले आध्यात्मिक मानवलाई मायामोहमा नबाँधिई आत्मज्ञानप्राप्तिको मार्ग पहिल्याई मुक्त हुने तथा बारम्बारको जीवन मरण चक्रबाट छुटकारा पाउने उपाय अध्यात्म मार्ग हो भन्ने सन्देश प्रदान गरेका छन् ।

## ५.२० चितामा आहुति कथा विष्लेषण

कथाकार बदरीनाथ भट्टराईद्वारा यस *चितामा आहुति* कथालाई गद्य महाभारत पुराणको संभव पर्व अन्तर्गतको एकसय दशौं अध्यायमा वर्णित भीष्मबाट स्वयम्वरमा काशीराज पुत्रीहरूको हरण, युद्धमा सम्पूर्ण राजा र शाल्व राजको पराजय, अम्बिका र अम्बालिकासँग विचित्रवीर्यको विवाह र उनीहरूको निधन विषयक कथाको उपख्यानलाई उपजीव्य बनाएर रचना गरेको पाइएको छ । भट्टराईको २०१० सालमा रचित पौराणिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको यस कथामा आध्यात्मिक दर्शनको प्रभावलाई प्रस्तुत गरिएको छ ।

### ५.२०.१ कथासार

कथाको कथानक महाभारतमा वर्णित काशीराज पुत्री अम्बाको मुख्य चरित्रमा आधारित रहेको छ । विचित्रवीर्य सानै हुँदा माता सत्यवतीको आज्ञाले बालक राजा विचित्रवीर्यका प्रतिनिधि बनेर भीष्मले राज्यको रक्षा र राज्यशासन व्यवस्था चलाउँदै गरेका बेला काशीराजका तिनैवटी छोरीले स्वयम्वर सभामा वर (पति) छान्छन् रे भन्ने सुनेका हुनाले आफ्नो भाइ सानैमा राजा भए पनि जवान हुँदै गएकाले बिहे गरिदिने इच्छा गरेर माताको आज्ञा लिई वाराणसी पुरीमा पुग्दछन् । आमा सत्यवतीले तिनैवटी कन्यालाई (अम्बा, अम्बालिका, अम्बिका) मेरो छोरालाई स्वयम्वर गर्न हिंड भन्छिन् भनेर यस कथामा भनिएको छ भने महाभारत कथामा चाहिं भीष्मले अन्य देशबाट आएका राजा, राजकुमारहरूको अहम्भाव देखेर तिनैवटी कन्यालाई अपहरण गरेर युद्धमा जित्यौं भने कन्याहरू फिर्ता गर्छु नत्र गर्दिन भनिएको छ । युद्धमा महापराक्रमी विद्वान् भीष्मलाई कसैले पनि जित्न सक्दैनन् । पूर्व सर्त अनुसार उनले युद्धमा जितेका हुनाले तीनै वटी कन्यालाई अपहरण गर्दछन् । उक्त समयमा बिवाहका सम्बन्धमा विभिन्न किसिमका विचार विर्मश हुन्छन् । धर्मका ज्ञाता वेद पारङ्गत विद्वान् ब्राह्मणहरूसँग छलफल गरेर काशीराजकी जेठी छोरी अम्बालाई उनकै इच्छा मुताविक शाल्व कहाँ जान अनुमति दिएर भीष्मले अम्बिका र अम्बालिकालाई विचित्रवीर्यसँग विवाह गरी दिन्छन् । अम्बाले शल्य राजालाई पहिल्यैदेखि नै प्रेम गर्दथिन् । अम्बा आफ्ना सम्पूर्ण भावनात्मक वृत्तान्त लिएर शल्यकहाँ पुग्छिन् र आफ्ना कुरा बताउँछिन् । तर राजा शल्यले भने अम्बालाई स्वीकार गर्दैनन् । राजा शल्यबाट तिरस्कृत भएपछि अम्बाले अतिशय पीडा महसुस गरेर पुरुष प्रधान समाजलाई गाली गर्दै चिताको शरण लिन पुगेको प्रसङ्ग यस कथाको मुख्य विषयवस्तु रहेको छ ।

### ५.२०.२ चितामा आहुति कथामा आध्यात्मिक दर्शनको प्रभाव

पूर्वीय दर्शनमा आधारित सत्य, धर्म, अर्थ एवम् काम पुरुषार्थको पुण्य सागर, मोक्षनामक, पुरुषार्थको दिग्दर्शन गराउने नर र नारायण विजयाभियानको अनुशासनमा आधारित सत्य घटना बोकेको प्राचीन इतिहासको श्रुतिमनोहर गुम्फन महाभारत ग्रन्थभित्रको उपाख्यानलाई स्रोत बनाएर रचना गरिएको कथा भएको हुनाले आफैमा पनि यस कथामा आध्यात्मिकता रहेको छ भन्ने कुरा सोझै आँकलन गर्न सकिन्छ ।

कथाको सुरुवातमा नै अम्बा जो आफ्नो हक र अधिकारका लागि त्यत्रा विद्वान् प्रतापी भीष्म तथा महारानी सत्यवतीप्रति पनि अस्वीकार जनाउँदै लड्न तम्सिएकी देखिन्छन् । उनी एक आदर्श महिला भएको कुरा उनका कथागत नैतिक आदर्शबाट पनि बुझ्न सकिन्छ । त्यस्तै सत्य, धर्मका पालनकर्ता वेद पारङ्गत विद्वान् भीष्मले आफ्नो भाइ विचित्रवीर्यको विवाहका लागि असल कन्याको खोजी गर्दै स्वयम्वरका लागि लिन जानुले पूर्वीय परम्परागत मूल्यमान्यताका साथै, धर्म र संस्कृतिको रक्षा गर्ने अपिल गरेको बुझिन्छ । विद्या र बुद्धिले परिपूर्ण असल कन्याबाट आफ्नो छोरा विचित्रवीर्यको राज्य शासन राम्रो हुन्छ भन्ने सम्झी उनले भनेका कुरालाई अम्बाद्वारा खण्डन गर्दै भनिएको छ- *लौ मेरो छोरालाई स्वयंवर गर्न हिँड । आजदेखि तिमीहरू तिनौटी नै मेरी बुहारी हुने भयौ,* (पृष्ठ : १२३) ।

तत्कालीन समयमा बहुबिवाहको पनि प्रचलन रहेको भन्ने परम्परागत संस्कृति झल्किएको पाइन्छ । पौराणिक समयमा क्षत्रिय राजकुमारीहरूको विवाह गर्ने समय भएपछि सो दिन तोकेर देशभरका वा विदेशका पनि राजकुमारहरूलाई बोलाएर उनीहरूको विद्वत्ता, धर्म, अनुशासन, नैतिकता, वीरता, क्षमता, आकर्षक चेहरा आदिलाई मूल्याङ्कन गरेर राजकुमारीलाई वरण गर्नको निम्ति आमन्त्रण गरिन्थ्यो । सोही अनुरूप उक्त तिन राजकुमारीका पिताले पनि उक्त सर्त राखेका थिए भन्ने कुरालाई देखाएर भट्टराईले परम्परागत संस्कृति र नीति नियमलाई यहाँ प्रष्ट्याएका छन् ।

राजाको आज्ञा अनुसार अम्बा, अम्बिका र अम्बालिकालाई पनि स्वेच्छाले स्वयंवरका लागि तयार पारिएको समयमा त्यहाँ उपस्थित शक्तिशाली राजा राजकुमारहरूले तोकिएको सर्त पूरा गर्न सक्दैनन्, सभा रोकिन्छ र फेरि छलफल सुरु हुन्छ । पछि सभालाई भीष्मले नीतिनियम अनुसार सञ्चालन गरेर प्रक्रिया अगाडि बढाउन लाग्दा परिस्थिति प्रतिकूल हुन लागेको देखेर भीष्मले अपहरणको नीति अप्नाउँछन् । अम्बाद्वारा भीष्मको व्यवहारप्रति अस्वीकृति जनाउँदै भनिएको छ-*आर्यनारीलाई यसरी भेडाबाख्रा झैँ जता मन लाग्यो उतै धपाउन खोज्नु कतिसम्मको बुद्धिमानी हो* (पृष्ठ : १२४) ।

नेपाली हिन्दू आर्यनारीको आफ्नै मूल्य, मान्यता र आदर्श छ । यिनीहरूमा यस्तो व्यवहार गर्नु धर्म विपरीत हुन जाने कुरा कथाकारको रहेको छ । आफ्नो इच्छा अनुकूल आफूले चाहेको व्यक्ति शल्यलाई वरण गर्छु भनेर भीष्मलाई अम्बाले अनुरोध गर्नु र भीष्मले उक्त अनुरोधलाई स्वीकार गरी उनलाई छोडिदिनु भनेको तत्कालीन नारी स्वतन्त्रतालाई

उजागर गर्नु हो । यस कथाको मध्यमा अम्बा र शल्यको संवाद भएको पाइन्छ । सोही क्रममा अम्बाले शल्यलाई आफ्नो प्रेमी मानेर पति वरण गर्न खोज्दा शल्यले स्वीकार गर्न अस्वाभाविक ठानेपछि अम्बाद्वारा भनिएको छ - *मनको सुनौलो मन्दिरमा मैले यहाँको पूजा गर्न थालेको कति भइसक्यो । भजन सफल भइ प्रत्यक्ष दर्शन पाएको बखत अलग रहेर टिक्न सक्ने ममा क्षमता छैन* (पृष्ठ : १२४) ।

कथामा सच्चा प्रेमलाई भगवान् भक्तिसँग दाँजिएको छ । पूर्वीय धार्मिक मान्यता अनुरूप पूजापाठ, अर्चना, तपस्या आदिले भगवत्त्व प्राप्ति अर्थात् मनोकामना पूरा हुने विश्वास गरिएको भए तापनि अम्बाको सल्यसँगको प्रेम आदर्शमात्र देखिएको छ । दुई आत्माको मिलन नै प्रेम हो तर एकको अभावमा अर्कोको मात्र प्रेमले उत्कृष्टता पाउन सक्दैन भन्ने कुरा यहाँ झल्किएको छ ।

कथाकार बदरीनाथ आध्यात्मिक व्यक्तित्व भएका हुनाले उनले यस कथामा पूर्णरूपमा आस्तिक धर्म र कर्ममा आधारित मीमांसा दर्शनको प्रभावलाई उजागर गर्दै शल्यद्वारा अम्बालाई परस्त्रीको संज्ञा दिंदै भनिएको छ -*तहतहको पर्दाले छोप्नु पाप हो भन्ने सम्झी मैले त हृदय खोलेर देखाइदिइसकें* (पृष्ठ : १२४) ।

अम्बाको शल्यसँगको प्रेम एकोहोरो भएको सङ्केत कथाकारले यहाँ गरेका छन् । कथामा शल्य कर्तव्यनिष्ठ व्यक्तिको रूपमा देखिएका छन् भने अम्बा आदर्श नारीको रूपमा प्रस्तुत भएकी छिन् । पूर्वीय आध्यत्मिक मान्यता अनुरूप पाप, पुण्य, धर्म, मोक्ष आदिको ज्ञान बदरीनाथले एकातिर गराएका छन् भने अर्कोतिर मानिसले मानवधर्म विपरीत काम गरेमा पाप लाग्दछ भन्ने कुरा देखाएर मानिसलाई सचेत गराउदै अम्बाद्वारा भनिएको छ-

> *हृदय देव ! म परस्त्री होइन बरु पूजारिनी हुँ । उसैले प्रेमाश्रुले पाउ धोई यो जीवनमय पुष्प चढाउन पाऊँ* । त्यस्तै शल्यद्वारा भनिएको छ, *पूजा त्यसको गर्नुपर्छ जसबाट आफ्नो इच्छा सिद्धि हुन्छ* (पृष्ठ : १२४) ।

पुरुष धर्मको बारेमा, क्षत्रिय धर्मका बारेमा, सच्चा प्रेमका बारेमा, नारीको स्वभावका बारेमा पुरुषको अहङ्कार, निष्ठुरता, स्वार्थीपन, अविवेकशीलता आदिका बारेमा उल्लेख गरेर

मानव जातिलाई आदर्शको दिग्दर्शन गराउन खोजिएको यस कथामा नैतिक आदर्शको प्रभाव पाइन्छ ।

नियमित प्रक्रियामा स्नान, सन्ध्या, पवित्र यमुना नदीको तीर निर्दोष आवाल ब्रह्माचारी, तपस्या, शान्तिरस, दुराग्रह अमृत, विष, अनुष्ठान, वेदना, घात-प्रतिघात आदिको बारेमा उल्लेख गरेर कथामा धर्म संस्कृति र दर्शनको परिचय गराउन खोजिएको छ । अम्बाको स्वच्छ भावनात्मक प्रेमलाई शल्यद्वारा अहङ्कार गरिएको छ । आध्यात्मिक शक्ति प्राप्त गर्न र शक्तिभेदका कारक तत्त्वको बोध गर्न मानिसमा आत्मज्ञान हुनु पर्दछ । भौतिक सुखमा रुमलिने मानवका आत्मेन्द्रिय, मन, बुद्धि आदि सबै असन्तुलन हुन पुग्दछन् । असंयमित आत्मेन्द्रिय, मन, बुद्धि आदिको परिणाम नै संहार (विनाश) हो भन्ने पूर्वीय दर्शनलाई आत्मासात् गरेका बदरीनाथद्वारा अम्बाको माध्यमबाट प्रलयाग्निको आह्वान गरी हात जोरेर भनिएको छ-*अग्नि देव ! सती र सीता जस्तै म होइन मलाई त तुरुन्तै खरानी बन्ने इच्छा छ,* (पृष्ठ : १२७) ।

भौतिक जीवनको सुख भोगको इच्छा गरिएको अर्थात् कर्मयोगमा विश्वास गरिएको यस कथामा कथाकी पात्र अम्बाले भगवान् भक्तिमा लीन भएर भगवान् अग्नि देवलाई पुकार गर्दै सती र सीता जस्ता महान् आध्यात्मिक आदर्श नारीको उदाहरण दिंदै भीष्मले र शल्यले प्रकृतिको नियम विपरीत कार्य गरेको सृष्टिको क्रमलाई चालु राख्न माया प्रेमलाई सहस्र स्वीकार गरेकी आदर्श नारीमाथि अन्याय भएको भावना देखाइएको छ । महिलामाथि हुने गरेको अन्याय अत्याचारको पीडालाई अन्त्य पार्न कथाकार बदरीनाथ भट्टराईले आध्यात्मिकतासँग महिला अधिकार र मुक्तिलाई जोड्दै महिला उत्थानका लागि प्राथमिकता दिएका छन् । एउटी कर्तव्यनिष्ठ आध्यात्मिक प्रेमिकाको इमान्दारिता नैतिक-मूल्यमान्यता र धार्मिक आदर्श संस्कारलाई आत्मसात् गरिएको यस कथामा सांस्कृतिक, धार्मिक र सामाजिक मूल्य मान्यताभित्रको वियोगान्त प्रेम भए तापनि जीवनको अन्तमा भगवान् अग्निदेवको शरणागत भई जीवनलाई अन्त गरिएको छ ।

### ५.२०.३ निष्कर्ष

प्रकृति र पुरुष दुई तत्त्व मान्ने आत्मा र प्रकृति भोग्या हो, सृष्टिकर्ता ईश्वर नभए पनि व्यवस्थापकको रूपमा ईश्वरको अस्तित्वलाई प्रमाणित गर्ने साङ्ख्य दर्शन र आत्माको

साक्षात्कार तत्त्व ज्ञानबाट हुन्छ । श्रवण, मनन्, निदिध्याशन ज्ञान प्राप्तिका लागि आवश्यक रहेको हुन्छन् भन्ने भौतिक जगत्को सृष्टिलाई पनि आवश्यक मान्ने आध्यात्मिक विज्ञानमा आधारित वैशेषिक दर्शन र परब्रह्म परमात्मालाई विश्वको स्रष्टा, नियन्ता मान्ने मिथ्या ज्ञानका कारण सिर्जना भएको कल्पित जगत् पृथक होइन ब्रह्म हो भन्ने वेदान्त दर्शनबाट प्रभावित यस कथामा वंश परम्परालाई कायम राख्न दुई नारी पुरुषको मेल गराएर प्रकृतिमा सृष्टिको क्रमलाई निरन्तरता दिन एकातिर खोजिएको छ भने अर्कोतिर सहमति विना महिलाहरूलाई अपहरण समेत गरिएको परम्परालाई देखाईएको छ । महिलाले गरेको सच्चा प्रेमलाई विषय बन्धनमा बाँधिएका प्रतिज्ञा सङ्कल्प योगी पुरुषले स्वीकार गर्न असमर्थ भएको बाध्यतालाई नारीको कारुणिक हृदयले बुझ्न नसकी एकोहोरो तवरले प्रेमका कारण दुःखी भएर नारी हुनुको कमजोरी दर्शाइएको यस कथामा आध्यात्मिक दर्शनको पूर्ण झलक रहेको पाइन्छ ।

## ५.२१ पतन कथा विष्लेषण

कथाकार भट्टराईले *पतन* कथालाई श्रीमद्भागवत् विष्णुपुराणको पहिलो अंशको तेऱ्हौं अध्यायमा वर्णित राजा वेन र राजा पृथुको उपाख्यानमा आधारित कथावस्तुलाई उपजीव्य बनाएर रचना गरेका छन् । बदरीनाथ भट्टराइको २०१० साल प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गरिएको छ ।

### ५.२१.१ कथासार

श्रीमद्भागवत् विष्णु पुराणको राजा वेनको चरित्रमा आधारित यस कथालाई बदरीनाथ भट्टराईले *पतन* शीर्षक दिएर राजाको काम, कर्तव्य र अधिकारलाई उल्लेख गरेका छन् । पौराणिक समयमा पृथ्वीमा विभिन्न किसिमका राजाहरूले राज्य गरेका थिए । ती मध्येका घमण्डी र स्वार्थी, आफूलाई सबैभन्दा महान ठान्ने अज्ञानी राजा वेन थिए । दध्यङ्आथवर्ण नाम गरेका ऋषिले महाराज वेनलाई भेट्न अनुरोध गर्दा राजाले दश पलभन्दा बढी समय दिन सक्दिन भनेका हुन्छन् । सम्वादात्मक शैलीमा लेखिएको यस कथामा ऋषि र राजा वेनको पालैपालो कुराकानी हुन्छ । राजाले आफू राजा भएर राजकाज लगायतका राज्यशासन प्रणालीलाई राम्रोसँग चलाएको छु भन्ने घमण्ड गर्दै बिरालो र

वकुल्लो जस्ता ढोगीलाई सिध्याउँछु भन्ने हुंकार गर्छन् । राजा वेन आफ्नो शासन प्रणालीलाई वेद जस्तो पवित्र मान्दछन् र आफ्नो शासन प्रणाली अर्थात् वेद नमान्नेलाई उडाइदिन्छु भनेर जनताको अगाडि घोषणा गर्दछन् । राज्य सञ्चालनको क्रममा असल विद्वान्, आत्मज्ञानी राजा भएमा राजा र जनता सबैले सुख भोग गर्न पाउँछन् । यदि अज्ञानी, अविवेकी, घमण्डी, पाखण्डी, राज्यनीति नियमको ज्ञान नभएका राजा भए भने देश र जनताको उन्नति होइन अवनति हुनजान्छ भन्ने कुराको ज्ञान वेनलाई हुँदैन । उनी आफू राजा भएको हुनाले देशको सर्वे सर्वा मै हुँ । मलाई सबैले मान्नु पर्दछ । मैले जे भन्छु त्यो कुरा सबैमा लागु हुनु पर्दछ । मैले बनाएको राज्य शासन नीति वेद जस्तै अकाट्य छ । यसलाई जसले मान्दैन त्यसको पतन निश्चित छ, त्यस्ता व्यक्तिलाई म तुरुन्त दण्ड दिन्छु भनेर एकलौटी शासन चलाउन खोज्दछन् । उनको यस्तो व्यवहारबाट देशका जनतालाई निकै अप्ठ्यारो परेको कुरा थाहा पाएर दध्यङ्आथर्वण र पिप्पलायन ऋषिले सम्झाउने मनासयले भेट्न खोज्दा दशपल मात्र समय दिन्छन् । राजा वेनले आफूलाई सर्वेसर्वा सम्झेको कारण दध्यङआथर्वण कुरा सुरु गर्दछन् । विस्तारै संवाद सुरु हुँदा हुँदै विवादमा परिणत हुन्छ । राजा भनेका देवता हुन् । राजाको वचन नै वेद हो भनेर राजा वेन ऋषिहरूको कुरामा प्रतिवाद गरी आफैलाई ठूलो बनाएर कुरा गर्दछन् । आफूहरूले जति सम्झाउँदा पनि नसम्झेका राजा वेनमा राजामा हुनुपर्ने धर्म नीति तथा राज्य नीतिनियम र निष्पक्षता नभएको देखेर ऋषिद्वयले दुःखी हुँदै राजा वेनको कुकर्मको पर्दाफास गर्दछन् । जसको फलस्वरूप उनको पतन भएको प्रसङ्ग नै यस कथाको मुख्य कथावस्तु रहेको छ ।

### ५.२१.२ पतन कथामा आध्यात्मिक दर्शनको प्रभाव

अध्यात्मदर्शनका अनुसार जीवनको सार्थकता ब्रह्म वा ईश्वरलाई बुझ्न पाउनु र त्यसमा मिल्नु हो । त्यसैलाई दुःखको नाश र आध्यात्मिक सुख भनिन्छ । परमतत्त्व प्राप्तिमा जीव जगत् र ईश्वरत्त्व प्राप्त भएपछि मोक्ष लाभका विषयमा विश्वास गरिनुपर्दछ । त्यही कुरालाई अध्यात्मदर्शनमा प्रमाणित गरिएको हुन्छ । बदरीनाथले पौराणिक समयमा पनि ज्यादा भौतिक सुविधामा लालायित मनुष्यहरूको उदाहरण दिएर उनीहरू भित्र केवल स्वार्थीपनमात्र बढिरहेको र उनीहरूको मनमा असल गुण तथा दया ह्रास हुँदै गएकोमा चिन्ता व्यक्त गरेका छन् । आध्यात्मिक मार्गबाट मात्र मनुष्यको जीवनलाई सपार्न सकिन्छ भन्ने यिनको मान्यता रहेको छ । यिनले एउटा असल राजाको परिकल्पना गरेर राजाको

उदाहरण दिँदै राजा वेनसँग आक्रोशित भएका दध्यङ्आथर्वण ऋषिद्वारा भनिएको छ- *स्वकर्ममा चलिरहेका ब्राह्मणहरूलाई रोक तोक गर्नु र विद्वान्ले तपाईं जस्तो अधर्म क्षत्रियको चाकरी गर्नुपर्ने किन ? कस्तो विपरीत कुरा ?* (पृष्ठ : १११) ।

राजाले राजनीति, राजधर्म, मानवधर्म विपरीत काम गर्नु हुँदैन । राजाले ऋषि महर्षि र ब्राह्मणबाट शिक्षा-दीक्षा प्राप्त गरी सोही अनुरूप कार्य गर्नु पर्दछ । राजा भएर जनतालाई दुःख दिनु भनेको पापको कुण्डमा होमिनु हो भन्ने पूर्वीय राजधर्मको मान्यता रहेको कुरालाई यहाँ उल्लेख गरिएको छ । राजा वेनमा नैतिकता र आध्यात्मिक ज्ञान पटक्कै थिएन भन्ने कुरा देखाएर भट्टराईले राजधर्म भनेको जनताप्रति न्याय गर्नु हो भन्दै वेनद्वारा भनिएको छ -*राजा द्यौता हो भन्ने वचन बिसर्नु भो ? राजाको वचन वेद हो (पृष्ठः १११)*।

राजाले हरेक कार्यमा आफूलाई ठूलो बनाएर अरूलाई होच्याएर बोलेबाट राजधर्म विपरीत काम गरेको ठहरिन्छ । यदि राजा असल भएमा ऊ भगवान्को अवतार हो । उसले बोलेका वचन वेद झैँ अकाट्य हुन्छ भन्ने आध्यात्मिक मान्यता रहेको भए तापनि राजा वेनमा सो कुराको लागु हुने चारित्रिक विशेषता थिएन । उनले निरपराध तथा निःशस्त्र दुनियाँमाथि शस्त्र चला ! भनेर निर्देशन दिई सोझासिधा जनताप्रति अभद्र व्यवहार गरेका थिए । वेनले खेती किसानलाई पनि सहयोग नगरेको हुनाले जनताद्वारा विरोध जनाइएको थियो । जनतालाई शिक्षा दिनुको साटो खेतीपाती लगायत अन्य काममा लगाएका थिए भनेर बदरीनाथ भट्टराईले तत्कालीन राणा शासनको विरोध गरेका हुन् । मालपोत लिन केही दिन ढिलो भएमा जरिवाना लगाउनु, व्यापारीलाई बढी कर लगाउने, कर्मचारीलाई भ्रष्टाचार गर्न प्रोत्साहन गर्नु जस्ता असामाजिक काम गरेका कुरा ऋषि दध्यङ्आथर्वण र पिप्पलायन् ऋषिद्वारा अनेक तरहले सम्झाउँदै गएको प्रसङ्गले जनतामाथि भएको थिचोमिचोलाई यहाँ उजागर गरिएको छ ।

राजधर्म सम्बन्धी नीति नियम र ऋषिद्वयको सत्य वचनलाई राजा वेनद्वारा असत्य ठान्दै भनिएको छ- *गणतन्त्र भनेको के हो ? फेरि गणतन्त्रका लागि यस्तो दुनियाँ चाहिन्छ । यस किसिमको व्यवस्था हुनुपर्छ तथा गणतन्त्रमा यस्ता किसिमका बिघ्न छन् भन्ने कुरा के तिमीहरूलाई थाहा छ ? राजनीति के हो भनेर थाहा छ ?* (पृष्ठ : १११) ।

कथामा समाज, राज्य व्यवस्था, मानवताको आकांक्षा, विश्वबन्धुत्व र सम्पूर्ण प्राणीमा दया एवम् कल्याण्कारी भावनाले हेर्नु पर्दछ भन्ने भाव झल्किन्छ । देशभक्ति र राष्ट्रिय भावना भएको यस कथामा पाठकहरूमा सत्कर्मको शिक्षा दिएको छ । राजाको हितमा, राजाको उन्नति प्रगति होस् भनेर सम्झाउन आएका ऋषिहरूलाई झ्यालखानको बास होला भनेर डर देखाउँदै भनिएको छ-*बाँच्ने इच्छा भए फरक्क फर्केर जाओ, मैले बनाएको ऐन पढ । त्यसमा राजाको महत्त्व र शक्ति तथा नागरिकको कर्तव्य लेखिदिएको छ । अब यसै गरी आयौ भने तरबारले दुईटुक्रा पारिदिनेछु* (पृष्ठ : ११४) ।

यस कथामा वेन राजाको माध्यमबाट अध्यात्मप्रति मिथ्या दृष्टि राख्ने राजाहरूप्रति व्यङ्ग्य गरिएको छ । मैत्री शान्ति संयम, दया सन्तोष आदि सद्‌गुणहरूप्रति वितृष्णा अविश्वास बढाई दैवी गुण गुमाउन खोज्नेहरूप्रति बदरीनाथद्वारा व्यङ्ग्य गरिएको छ । वर्तमानमा बढिरहेको स्वार्थी र घमण्डी प्रवृत्ति, लोभ, मोह, हिंसा द्वेषलाई कथाकारले विनाशको मार्ग ठान्दै मानव अस्तित्वको रक्षाका लागि अध्यात्म विद्यालाई अघि सारिएको यस कथामा अध्यात्म विद्यालाई मुक्तिको मार्ग ठानिएको छ । मनुष्यले आफ्नो जीवनको उद्धार आफैले गर्नुपर्दछ आफ्नो मनलाई अधोगति जान दिनु हुँदैन । यो मन स्वयम् आफ्नो मित्र र शत्रु पनि हो । त्यसैले आफ्नो मनलाई सधैँ उन्नत राख्नु पर्दछ भन्ने भावना बोकेका बदरीनाथ भट्टराई राजा वेनको घमण्डको विरोध गर्दछन् । उनको विचार अधर्मी, कुर्कमी राजाबाट देश र जनताको भलो हुन सक्दैन रहेछ भन्ने रहेको छ ।

सदाचारी मनुष्यले धर्मको परिपालन गरेको हुन्छ । धर्म भन्ने तत्त्व व्यक्ति, समाज, देश र विश्वकै लागि अतिआवश्यक रहेको छ । धर्मप्रति अनास्था बढ्दै गएमा विध्न, बाधा प्राकृतिक प्रकोप, दैवी विपत तथा आसुरी वृत्तिको बृद्धि हुन जान्छ भन्ने आध्यात्मिक भाव भएका बदरीनाथले कथामा ऋषि पिप्पलायनद्वारा भनिएको छ-

> *त्याग र तपस्यामा यति शक्ति हुन्छ भन्ने तँ जस्ता पटमूर्खलाई के थाहा ? फेरि सारा दुनियाँको प्रतिनिधि बनेर हामी आएका छौँ । जनमतबाट नै राजाको सृष्टि भएको हो र हुन्छ भन्ने पनि निश्चय छ । बरु ज्यान जोगाउने इच्छा छ भने माफी माग्* (पृष्ठ : ११४) ।

राजा वेनको मूर्खताको सीमा नाघेको हुनाले यस्ता राजाबाट देश र जनताले न्याय पाउँदैनन् । देशको उन्नति प्रगति हुन सक्दैन । जनताले शान्तिको सास फेर्न पनि पाउँदैनन् भन्दै दोषी राजाको खण्डन गरिएको छ ।

अमृतमय आध्यात्मिक दर्शनले युक्त श्रीमद्भागवत श्रीविष्णुमहापुराणको उपाख्यानलाई उपजीव्य बनाएर रचना गरिएको यस कथाको स्रोत नै आध्यात्मिक दर्शनबाट प्रभावित रहेको छ । राजा अङ्ग र सुनिथाका गर्भबाट उत्पन्न भएका वेन मावलीका हजुरबाका पापयुक्त दोषले गर्दा अत्यन्त दुष्ट आचरण भएर जन्मेका थिए । उनको राज्याभिषेक ऋषिहरूबाट भएपछि वेनद्वारा घोषणा गर्दै भनिएको छ - *भगवान्, यज्ञपुरुष अर्थात् सम्पूर्ण यज्ञहरूको अधिपति म नै हुँ, म बाहेक अन्य कोही भोक्ता पुरुष र यज्ञको स्वामी हुन सक्दैन । यस कारण कहिल्यै कसैले पनि यज्ञ, दान र हवन नगर्नु* (शर्मा, २०६८ : १०६) ।

कथामा बदरीनाथ भट्टराईले भौतिकवाद र नास्तिकताको परिचय पनि गराएका छन् । केवल राजाबाट आफू मूर्ख राजा भएर सम्पूर्ण देव, देवता, ब्रह्मा, विष्णु, महादेव, इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरूण, धाता, पूषा, पृथ्वी, चन्द्रमा यी सम्पूर्ण देवताहरू र यिनका अतिरिक्त जुन अन्य देवता, श्राप र अनुग्रह गर्ने छन् ती सबैले राजाको शरीरमा निवास गरेका हुन्छन् किनकि राजा सर्वज्ञ, देवमय अर्थात् सम्पूर्ण देवताहरूबाट युक्त(सम्पन्न) हुन्छ भन्दै ऋषिहरूद्वारा भनिएको छ -*हे महाराज ! हजुरले यस्तो किसिमको आज्ञा दिनुहोस् जसको माध्यमबाट विनाश हुन नपाओस्* (शर्मा, २०६८ : १०७) ।

श्रीमद्भगवद्गीताको वाणी धर्मको रक्षाका लागि ऋषिहरूले अनेक तरहले राजालाई अनुरोध गर्दा पनि घमण्डी राजा वेनले यज्ञ यज्ञादि गर्ने अनुमति नदिएपछि प्रजाको कल्याण हुने नदेखेर अत्यन्त रिसाएर असहिष्णु बनेका ती महर्षिहरूले एक आपसमा महापापीलाई *मार मार* भन्दै राजा वेनको विरोध गरेको प्रसङ्गलाई कथाकारद्वारा यहाँ पतनको संज्ञा दिइएको छ ।

जसले अनादि, आजन्म, अविनाशी, अव्यक्त र सर्वेश्वर यज्ञ पुरुष परमात्मा भगवान् श्रीहरिको विरोध गर्दछ त्यस्ताको पतन निश्चित भएको कुरालाई राजा वेनको चरित्रबाट बदरीनाथ भट्टराईले प्रष्ट पारेका छन् । कथामा राजधर्म, राजनीति, मानवधर्म, कर्मयोग,

सनातन धर्मको पालना, त्याग तपस्या आदिको उल्लेख एकातिर गरिएको छ भने अर्कोतिर आध्यात्मिक मूल्यमान्यताभित्र सबैले बस्नु पर्दछ र आध्यात्मिक मूल्यमान्यता बाहिर रहेर अबुझ, अज्ञानी, अधर्मी बनेर जो व्यक्ति घमण्ड गर्दछ, उसको पतन पूर्व निर्देशित रहेको हुन्छ भन्ने पूर्वीय दर्शनको सिद्धान्तलाई यहाँ प्रष्ट पारिएको छ ।

### ५.२१.३ निष्कर्ष

श्रीमद्भागवत विष्णुपुराणमा आधारित यो *पतन* कथा राजा र राजनीतिमा आधारित भैकन पनि ईश्वर संसारमा व्याप्त भएर पनि संसारभन्दा पर विश्व रहेको छ भन्ने न्याय दर्शन, संसार सृष्टि र सांसारिक जगत्लाई व्यावहारिक दृष्टिले मात्र जगत् सत्य छ, पूर्णताया जगत् सत्य छैन भन्ने वेदान्त दर्शन, दुःखको कारण अज्ञान हो, दुःख नाश नै मोक्ष हो भन्ने वैशेषिक दर्शन तथा धर्म र कर्मको विश्लेषण गरिएको मीमांसा दर्शनमा आधारित रहेको छ । कथामा पाप धर्म, दर्शन, पूर्वजन्म, पुनर्जन्म राजनीति आदिको ज्ञान गराएर आध्यात्मिकताको ज्ञान गराउन खोजिएको छ । आफ्नो गलत कर्मका कारण मानिस सदा दुःखी रहन्छ । सुख र शान्ति प्राप्तिका लागि भगवत् साधना गरी आत्मज्ञान प्राप्त गरेर मुक्तिको बाटो रोज्नु पर्ने भावना बदरीनाथ भट्टराईको यहाँ रहेको छ ।

## ५.२२ क्षत्रियाणी ज्वाला कथा विष्लेषण

आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गर्दा मीमांसा र वैशेषिक दर्शनको प्रभाव रहेको यस कथालाई बदरीनाथ भट्टराईको वि.सं. २०१० सालमा प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको *क्षत्रियाणी ज्वाला* कथा पौराणिक उपाख्यानमा आधारित कथा हो ।

### ५.२२.१ कथासार

कथामा पौराणिक राजा रानीहरूको राज्य सञ्चालन नीति, छिमेकी राज्यहरूको युद्ध लडाइँबाट आफ्नो राज्य फराकिलो बनाउन गरिएको संघर्ष, क्षत्रिय राजाहरूमा विद्यमान वीरता, बल, पुरुषार्थ, जोश-जाँगर, साहस र त्याग हुनु पर्ने कुरा आदि उल्लेख गरिएको छ । नारी प्रधान चरित्रमा आधारित यस कथामा राजा नीलध्वज र रानी ज्वालाको जीवन चरित्र उल्लेख गरिएको छ । कुन्ती पुत्र धर्मराज युधिष्ठिरले छोडेको अश्वमेघ यज्ञको घोडालाई

पक्रेर वीर पाण्डवहरूसँग युद्ध गर्न पनि पछि पर्नुहुँदैन भन्ने भावना भएकी नारी शक्तिको वर्णन यहाँ गरिएको छ । शत्रुसँग कहिल्यै लत्रिनु हुँदैन भन्ने मान्यता राख्ने क्षत्रियाणीको तालिम पाएकी रानी ज्वाला आफ्ना पति नीलध्वजको कमजोर मानसिक स्थितिका कारण शत्रुसँग झुक्नुपर्ने डरले घर छोडेर हिँडेकी हुन्छिन् । रानी ज्वालाले आफ्ना पति राजा नीलध्वजलाई आफूले पत्नीको रूपमा भित्रिएर गरेको पतिपरायणतादेखि देश र जनताप्रति गरेको योगदान तथा एउटा क्षत्रिय भएर क्षत्रिय धर्मको पालना गर्नु पर्ने सम्पूर्ण वृत्तान्तका बारेमा सम्झाएर लेखिएको पत्र नै कथाको मुख्य सार रहेको छ ।

## ५.२२.२ क्षत्रियाणी ज्वाला कथामा आध्यात्मिक दर्शनको प्रभाव

उपनिषद् योगविद्या र ब्रह्मज्ञानका अनुयायी बदरीनाथ भट्टराईले यस कथा मार्फत धर्म दर्शन, नैतिक आदर्श र उत्कृष्ट राजनीतिको पहिचान गराउँदै आध्यात्मिक ज्ञानको परिचय गराएका छन् । पूर्वीय धर्म र संस्कृतिका संरक्षक बदरीनाथ भट्टराई नैतिक आदर्शवान् व्यक्तित्व हुन् । उनी गृहस्थ धर्मको रक्षाका लागि एउटी असल नारीले खेलेको भूमिकालाई प्रस्तुत गरी पाठकहरूमा नैतिक आदर्शको शिक्षा दिन चाहन्छन् । कथामा पतिप्रतिको आदरभाव, धर्मपरायणता, पतिसेवा, पतिप्रति पत्नीको कर्तव्यको बोध आदि कुरा उल्लेख गरेर रानी ज्वालाद्वारा पत्रमा लेखिएको छ -*हजुरको सेवामा रातदिन लागि कसरी हजुरको कल्याण हुन्छ भन्ने नै मेरो रातदिनको जप थियो* (पृष्ठ : ९२) ।

परम्पतिव्रता कर्तव्यनिष्ठ नारीद्वारा परम्परागत धर्म र संस्कृतिलाई पूर्ण रूपमा पालन भएको कुरा कथामा उल्लेख गरिएको छ । पूर्वीय धर्म, संस्कृति र परम्परालाई परिस्कृत रूपमा ग्रहण गराइ नारी शक्ति र नारी उदारतालाई प्रधानता दिने बदरीनाथका हरेक कथाहरूमा महिला अधिकारका पक्षमा, समर्थन र महिला विरूद्ध भएको अन्यायको उजागर गरिएको छ । महिला अधिकार र महिला मुक्तिका लागि आध्यात्मिक मार्गको खोजी गरिएको घटनाहरू भएको यस कथामा नारीलाई उच्च आदर्शसत्ता प्रदान गर्दै भनिएको छ - *सावित्रीभन्दा पनि बढ्ता पतिव्रता छु भन्ने मेरो घमण्ड अरूले हेर्दा चकनाचुर भयो तर मेरो विचारमा त धर्म छोडेकी छु जस्तो लाग्दैन* (पृष्ठ : ९२) ।

कथामा पूर्वीय धर्म र संस्कृतिको रक्षा गर्दै मानवधर्म र कर्मको उल्लेख गरेर वेदान्त चिन्तनको अन्तर्ध्वनि प्रकट भएको पाइन्छ । मानवधर्म र कर्म, भगवान् भक्तिको मार्ग

अवलम्बन गर्दै पतिव्रता नारीले धर्मको बाटोमा हिँडेमा पतिको मात्र होइन सम्पूर्ण परिवारको रक्षा हुने भावना कथाकारको यहाँ रहेको देखिन्छ । आध्यात्मिक दर्शनमा सावित्रीलाई सतीको रूपमा लिइन्छ अर्थात् पतिव्रता नारीको रूपमा देखिन्छ । क्षत्रिय वंशका नारीलेले साहस र वीरता बोकेका हुन्छन् । उनीहरूमा पनि राज्यधर्म र नीतिको ज्ञान हुन्छ भन्ने कुराको उदाहरणमा क्षत्रियाणी ज्वालाद्वारा कथामा भनिएको छ -*आइमाई भए पनि क्षत्रियाणीको धर्म हो, जनताको रक्षाको लागि पतिलाई सही मार्ग निर्देशन गर्नु,* (पृष्ठ : ९३) ।

यहाँ राजधर्मको बारेमा बताइएको छ, मानिसले जीवनमा कायरतालाई बिर्सिएर सत्मार्गमा हिंड्नु पर्ने सन्देश कथाकारको रहेको छ । अशुभ कर्मबाट निवृत्ति र शुभ कर्मबाट प्रवृत्ति प्राप्त हुने कथाकारको अभिप्राय भएको हुनाले क्षत्रिय राजाहरूमा कायरता होइन साहस र वीरता चाहिन्छ भन्ने कुरालाई कथामा भनिएको छ- *क्षत्रिय राजाहरूले बुझ्नु पर्ने कुरा क्षत्रिय तत्त्व उत्साहको पूञ्ज हो, सुऱ्याइँको समुद्र हो, वीरताको विश्व हो,* (पृष्ठ : ९३) ।

क्षत्रिय धर्म र नीतिको विषयमा असल वीर पराक्रमी क्षत्रियाणी रानीको कर्तव्य उनै पात्रको मुखारविन्दबाट बुझाउन खोजिएको यस कथामा राजनीति र धर्मनीतिका बारेमा महिला र पुरुषको समान सहभागिताको उद्घोष गर्दै क्षत्रिय राजकुमार प्रवीरको मानसिकतालाई कमजोर बनाइएकोमा ज्वालाले क्षत्रिय धर्म नभएको भन्दै दुःख प्रकट गरेकी छिन् । शत्रु आफूभन्दा ठूलो वीर पराक्रमी भए तापनि क्षत्रियले लत्रनु नहुने कुरा प्रस्तुत गरिएको यस कथामा भनिएको छ-

> *कृष्णसँग लड्नुपर्छ भनेर पनि क्षत्रिय यसरी लत्रनुहुन्छ ? शत्रुको सहाय भई चक्र उठाएर आएका कृष्णलाई त वीरता देखाएर पो स्वागत गर्नुपर्छ । यिनै शत्रु अर्जुनले वाणैले पूजा गरेर शिवजीलाई खुशी तुल्याएको कुरा बिर्सिबक्स्यो ?* (पृष्ठ : ९३) ।

क्षत्रियमा बल, पराक्रम र साहस हुनुपर्छ । विपक्षी भगवान् नै भए पनि भागेर हिंड्नु हुँदैन । बरु आफ्नो साहसका कारण भगवान्लाई खुशी पारेर अगाडि बढ्न सके भगवान्को शक्ति प्राप्त गर्न सकिन्छ भन्ने कथाकारको विचार रहेको छ । श्रीमद्भगवद्गीतामा श्रीकृष्णले अर्जुनलाई कर्मयोग र मानवधर्मको विषयमा बुझाएको तथा भगवान् शिवले

अर्जुनको भक्ति र वाँण चलाउने सामर्थ्यवान भएका कारण खुशी भएर आशीर्वाद दिएको उदाहरण समेत दिएर बदरीनाथले मानिसमा आत्मविश्वास र पूर्ण साहस हुनु पर्ने कुरा बताएका छन् । मनुष्यको छोटो जिन्दगीमा विश्व कल्याणकारी र अमृतपद दिने अध्यात्म विद्याको सहारा लिएका बदरीनाथद्वारा कथाका हरेक अनुच्छेदमा राजाको कायरताको विरोध गर्दै भनिएको छ-

> *छोराको वीरगतिमा अन्तिम तिलाञ्जली दिनुको सट्टा शत्रुसँग सम्झौता गरी शत्रुलाई सिन्दूरजात्राका साथ स्वागत गर्नु के क्षत्रियलाई सुहाउने कुरा हो ? छोरा आफ्नै अर्को रूप हो भन्ने कुरा हजुरलाई थाहा रहेनछ कि ? नत्र प्रेतात्माको प्यास हटाउनको निम्ति तीन अंजुली पानी दिन यसरी ढिलो किन गरिबक्सियो ? हुन त सूर्यमण्डलसम्म छिचोलेर जान सक्ने शक्ति भएको जीवलाई तिलाञ्जलीको के वास्ता ?* (पृष्ठ : ९५)

पूर्वीय मान्यता अनुरूप मानिसको मृत्यु पछि गर्ने अन्तिम संस्कारको कार्य पूरा गर्न ढिलो गर्नुहुँदैन भन्ने भावना भएका भट्टराईले मृत्युपछिको अन्तिम संस्कारले पनि उसले प्राप्त गर्ने लोक सुन्दर र सुखी रहने कुरालाई व्यक्त गरेका छन् । प्रेतकल्प पुराणको भनाइ अनुसार हरेक हिन्दूहरूले मनुष्यको मृत्यु पश्चात् धार्मिक विधि विधानअनुसार समयमा नै संस्कार पूर्ण कार्य गर्नु पर्दछ भन्ने कुरालाई कथाकारले यहाँ उल्लेख गरेका छन् । मातृस्नेह संसारको सबभन्दा ठूलो प्रेम हो भन्ने भावना बोकेका बदरीनाथले मातृप्रेम प्रेम र सद्भावका विषयमा उच्च मूल्याङ्कन गर्दै लडाइँमा वीरगति प्राप्त गरेको समयमा छोराको दाहसंस्कार नहुँदा अत्यन्त दुःखी भएकी आमालाई पुत्रशोक पर्दा उसको आत्माले बोलेको कुरालाई भनिएको छ -*माया दिएर स्याहार सुसार गरी आफूले हुर्काएकी हुँदा मैले त आसुँका हजारौं अञ्जली नदिई टिक्न सकिन* (पृष्ठ : ९५) ।

एउटी पुत्रशोकको भावानात्मक पीडाबाट छटपटाएकी आमाको विचलित मानसिकताको बोध कथाकारले यहाँ प्रस्तुत गर्दै कमजोर मानसिकता भएका क्षत्रिय पुरुषहरूको उदाहरण दिएर एक अदम्य साहस बोकेकी वीर महिलाको आत्मिक बलको उत्कृष्ट नमुना देखाइएको छ । एक वीर क्षत्रियाणी अथाह पुरुषार्थ बोकेर पनि सहयोगी हातहरू नपाउँदा दुःखी भएर मृत्युको सहारा लिन गङ्गा नदीमा पुगेको प्रसङ्गलाई

कथाकारद्वारा मानिसको दुःखमय जीवनसँग तुलना गरिएकोछ । अविद्याले युक्त अज्ञानले बाँधिएका मानिसको स्थितिलाई पाप कर्मसँग जोडेर तत्त्वज्ञान बुझेका बदरीनाथले क्षत्रियाणीलाई भक्ति मार्गमा प्रवृत्त गराउँदै भनिएको छ- *उसैले काललाई आफै कृतकृत्याउने कहाँसम्मको पापिनी भनेर मर्जी नहोला । एक त स्वधर्ममा रहेर नै पाप प्रक्षालिनीका गर्भमा म पस्न आँटेकी छु* (पृष्ठ : ९६) ।

कथा आध्यात्मिक दृष्टिले पनि प्रवल रहेको प्रतीत हुन्छ । राजाको कायरतासँग जोडिएको यस कथामा कर्मअनुसार यो संसारमा जीव भड्किरहेको हुन्छ भनेर मानवीय जीवन क्षणिक छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । सांसारिक बन्धनबाट उन्मुक्त हुन मानिसले आध्यात्मिक साधना गर्नुपर्छ भन्ने कुरालाई पनि कथाकारले क्षत्रियाणी ज्वालाको गङ्गा नदीमा गएर जीवन समर्पण गर्ने कुरासँग समायोजन गराएका छन् । जीवन भन्नु वास्तवमा भौतिक पिण्ड मात्र हो । यो जीवन सानो दुर्घटनाले पनि चूर्ण हुन्छ भन्ने कुरालाई लडाइँमा वीरगति प्राप्त गरेको प्रवीर पुत्रसँग जोडिएको छ । पूर्वीय दर्शनअनुसार जीवनको लक्ष्य जीव स्वरूपमा पुग्नु हो । कथाकारले मनुष्यले आफ्नो-आफ्नो कर्मको फल भोग्दै सांसारिक बन्धनबाट मुक्त हुन चाहेको कुरालाई यहाँ व्यक्त गरेका छन् ।

अन्तमा आफू क्षत्रियाणी भएर पनि क्षत्रिय धर्मपालना गर्न नसकेर कायरतापूर्वक सम्झौता गरेर आएका पतिदेवले छोराको अन्तिम संस्कार गर्न नसकेको अवस्था, आफूसँग आँट र साहस नभएर आफूले देखाएको बाटोमा हिँड्न नसकी शत्रुसँग घुँडा टेक्नु परेको अवस्थामा अत्यन्त दुःखी भएकी छिन् । क्षत्रियाणी ज्वाला अर्काको पाउ मोल्नुभन्दा बरु जङ्गलमा तपस्या गरौँ भन्ने सोच राख्दछिन् । फेरि राज्य सञ्चालन गर्ने कोही नभएको हुँदा बिग्रिएर गएको राज्य हेर्नुभन्दा त सबभन्दा राम्रो विकल्प मेरो जीवनको अन्त गर्न गङ्गा माताको समर्पणमा जानु ठिक हो भन्ने ठानेँ भन्दै चिठीको शैलीमा लेखिएको यो कथा वियोगान्त रहेको छ । यस कथालाई पाठकहरू सुरुमा उत्सुक भएर पढ्छन् भने अन्तमा भावुक र दुःखी हुन पुग्दछन् । एउटी असल चरित्र भएकी प्रेरणाकी स्रोत बनेकी क्षत्रियाणी ज्वाला सत्पात्र हुन् । कथामा अप्रत्यक्ष रूपमा हरेक अनुच्छेदहरूमा मानवीय जीवनचक्रमा जन्म-मृत्युको उद्घोष गरिएको छ ।

### ५.२२.३ निष्कर्ष

आध्यात्मिक ज्ञान भयो भने उसले हरेक पटक जन्मनु मर्नु पर्दैन । उसले जीवनका हरेक क्षणहरू पार गर्दा भगवान् नाम सङ्कीर्तन गर्नुपर्दछ भन्ने मीमांसा दार्शनिक भावना कथाकारको यहाँ रहेको छ । अरूको कुभलो नचिताई सबैको भलो हुने काम गऱ्यो भने अवश्य पनि मानव धर्मको पालना गर्न सकिन्छ भन्ने आध्यात्मिक मान्यतालाई आत्मसात् गरेका भट्टराईले ऐतिहारिक वीर नारी पात्रको अदम्य साहसलाई मुख्य कथावस्तु बनाएर कथाकी मुख्य पात्र ज्वालामा वैराग्यता उत्पन्न गराएर आफ्नो धर्म र संस्कृति अनुसार क्षत्रिय धर्म र कर्मको पालना गर्नेपर्ने भावनालाई जागृत गराएका छन् । पूर्ण रूपमा आध्यात्मिक मूल्य र मान्यता बोकेको यस कथामा मृत्युपछिको अन्तिम संस्कारलाई अँगाल्नु मानव धर्म हो भन्ने कुरालाई विशेष रूपमा प्रस्तुत गरिएको छ ।

## ५.२३ जङ्गी उर्दी कथा विष्लेषण

*जङ्गी उर्दी* कथा बदरीनाथ भट्टराईको पौराणिक जगत्का राजा रानीको चरित्रमा आधारित ऐतिहासिक कथा हो । यस कथालाई भट्टराईले पौराणिक कहानी कथासङ्ग्रह (२०१०) मा प्रकाशित गरेका छन् । उच्च आदर्श राजपुत्रको नैतिक, आध्यात्मिक शान्त, सुशील र स्वाभिमानी स्वभावलाई कथाको प्रमुख पात्रको रूपमा उभ्याइएको यस कथाको मुख्य स्रोत महाभारत रहेको छ ।

### ५.२३.१ कथासार

कथाको शीर्षक नै *जङ्गी उर्दी* भएको हुनाले कथाको मुख्य विषयवस्तु राजा हंसध्वजले महावली अर्जुनसँग युद्ध गर्न उर्दी घोषणा गर्दछन् । सम्पूर्ण सेनाहरू रणभूमिमा आइपुग्दा पनि आफ्नो छोरो सुधन्वा चाहिँ आइपुग्दैन । सुधन्वालाई लडाइँमा नजान भनेर उनकी धर्म पत्नी प्रभावतीले अलमल्याई रहेकी हुन्छिन् । पत्नीको अनुरोध मुताबिक उनीसँग बसेर सम्झाई बुझाई गरेर घरबाट निस्कँदा सुधन्वालाई विलम्ब हुन जान्छ । समय बितेपछि मात्र त्यस रणभूमिमा पुग्दछन् । पुत्र र प्रजालाई समान व्यवहार गर्ने राजा आफ्ना छोराबाट जंगी उर्दी पालन नगरेकोमा अत्यन्त क्रोधित र दुःखी हुन्छन् । उनले छोराको गल्तीको विषयमा कुलगुरु पुरोहितसँग पनि सल्लाह लिन्छन् । कसैबाट पनि उपयुक्त जवाफ नआएपछि धर्म सङ्कटमा परेका राजाबाट निष्पक्ष र निष्कपट भएर सजाय दिंदा आफ्नै

छोरालाई पनि तातो तेलमा डुब्ने सजायको घोषणा गरिन्छ । सुधन्वा ज्ञानी विद्वान् र इमान्दार व्यक्ति थिए । उनले आफ्नो जीवनमा कहिल्यै पनि राजाको छोरा राजकुमार बनेर धाक, धक्कु र रवाफ गरेनन् । उनी सधैं सर्वसाधारण जनताको जस्तै राजाको आज्ञाअनुसार काम गर्ने गर्दथे । उनी राजाले जनता र छोरामा समान व्यवहार गर्नु पर्छ भन्ने भावना राख्दथे । त्यसैले आफ्ना पिताबाट गरिएको सजायको घोषणालाई उनले सहस्र स्वीकार गरेका थिए । तर उनको असल चरित्रलाई आत्मसात् गरेका जनताहरूले उनलाई राजाको सजायलाई ग्रहण गर्न दिएनन् । उनलाई सजाय मुक्त गरिएको कथाको मुख्य कथावस्तु रहेको छ ।

## ५.२३.२ जङ्गी उर्दी कथामा आध्यात्मिक दर्शनको प्रभाव

कथाको प्रारम्भमा नै चम्पक शहर शान्तिको घर भन्दै शस्त्रास्त्रले सज्जित भएर सारा जङ्गीहरूले शहरबाहिर छाउनीमा हाजिर हुनु भन्ने सन्देश दिएको देखाएर कथाकारले यहाँ नेपाली इतिहासलाई उजागर गर्न खोजेका छन् । राजा हंसध्वजका छोरा सुधन्वा कवच लाउन लागेको देखेर उनकी रानी प्रभावतीले आफ्ना पतिलाई लडाइँमा जान लागेकोमा अस्वीकृति जनाउनु पति पत्नीप्रतिको प्रेम भावनालाई देखाउनु हो भन्दै कथामा भनिएको छ- *सुधन्वाले मंगलको बेलामा पनि अमंगल किन गरेकी* ? (पृष्ठ :८५) । कथामा पूर्वीय धर्म र संस्कृति झल्किएको देखिन्छ । यस कथामा एकातिर आध्यात्मिक दृष्टिबाट परम्परागत मान्यताको आडमा लडाइँको विरोध गर्दै कायरता प्रस्तुत गरिएको छ भने अर्कोतिर आफू कमजोर नै भए पनि वीरता प्रस्तुत गरी भगवद् दर्शनसँग युद्धलाई जोडिएको छ । बदरीनाथले सुधन्वाको भावनालाई महान् उत्कृष्ट देखाउँदै उनको मन, बुद्धि स्वच्छ, शान्त र कर्तव्यनिष्ठ भएको देखाइएको छ ।

कथामा कौरव र पाण्डवको लडाइँसँग अर्जुनको साहसलाई देखाएर सुधन्वाको उपस्थिति युद्धमा कमजोर हुने देखाउँदै अर्जुनको अदम्य साहसका कारण उनीद्वारा कौरवको हार हुनुका साथै स्वयम् इन्द्र राजाको समेत हार भएको उदाहरण दिनु भनेको पाठकहरूमा आत्मबल प्रदान गर्नु हो । बदरीनाथद्वारा साहसी र आत्मविश्वासी वीर योद्धालाई कसैले पनि हराउन सक्दैन भनेर व्यक्तिको साहसीपन र आत्मविश्वासलाई यहाँ प्रशंसा गरिएको छ । कथाका प्रमुख पात्र सुधन्वाको भगवान् कृष्ण र अर्जुनप्रतिको भक्तिलाई उजागर गर्दै

भनिएको छ - *हरे शिव ! म न अर्जुनसँग लड्न पाउँछु, नत कृष्णलाई देख्न पाउँछु* (पृष्ठ : ८५) ।

यस कथामा युद्ध झगडाभन्दा पनि कृष्ण भगवान्को दर्शन गर्ने तीव्र अभिलासा सत् पात्र सुन्धवाको भएबाट कथाका प्रमुख पात्र नैतिकवान्, गुणी र आध्यात्मिक भएको कुरालाई प्रस्तुत गर्दै पति-पत्नीको साथलाई अत्यावश्यक देखाएर व्यावहारिकतातिर ढल्कँदै भनिएको छ- *म अभागिनीको खै ! अगिबाटै स्वर्ग पुगेर म हजुरलाई पर्खिराख्छु* (पृष्ठ : ७८) ।

पूर्वीय दर्शनमा पत्नीको पति भक्ति, अनि पतिसँगको वियोग हुने डरले जन्मिएको वैराग्यपन, भगवान् भक्ति र ज्ञान तिनैवटा मार्गलाई सङ्केत गरेर सम्झाउन खोजिएको छ । कथाकारले भौतिक सुखको इच्छामा पनि आध्यात्मिकताको प्रवेश, धार्मिक नीति नियमको आधारमा गराएका छन् । कथामा दया, शान्ति, अहिंसा र समतालाई उजागर गर्न खोज्दै सुधन्वाद्वारा भनिएको छ -*मलाई कत्रो धर्मसङ्कट परिआएको* (पृष्ठ : ७८) । धर्म अधर्म, पाप र पुण्य सम्बन्धी ज्ञान गराउँदै प्रमुख चरित्रद्वारा आध्यात्मिक ज्ञान मार्गको खोजी गर्दै प्रभावतीद्वारा भनिएको छ - *हरे ! म कस्ती पिशाचिनी पतिदेवलाई कामनाको ग्रन्थिले झेलेर आफ्नो स्वार्थ सिद्ध गर्न पुगिरहेकी छु* (पृष्ठ : ८८) ।

त्याग नै सबैभन्दा ठूलो धर्म हो । आत्मिक ज्ञानमा त्याग र सर्मपण हुन्छ । धार्मिक संस्कारमा पतिलाई भगवान्को स्वरूप मान्ने प्रचलन अनुसार प्रभावतीद्वारा हामी दुईको पिण्ड पानी चलोस, कुल निर्मूल नहोस् भन्नु पूर्वीय दर्शन परम्पराको संस्कारलाई जोगाउनु हो भन्दै आँखा चिम्लेर सुधन्वाद्वारा भगवान् कृष्णलाई सम्झेर मनमनै भनिएको छ- *भगवान् आपत् पर्दा तपाईंलाई सम्झनु स्वभाविक कुरा हो । रातदिन तपाईंको शरण परिरहेको छु* (पृष्ठ : ८८) । सृष्टिको क्रमलाई चलाइराख्न पृथ्वीमा रहेका हरेक प्राणीको आवश्यकता रहेको हुन्छ । त्यसमाथि पनि मनुष्यको जीवन प्रक्रियालाई चालुराख्न भगवान् नारायणले स्वयम् मायाको सृष्टि गर्नुभएको हुनाले हरेक मानिसमा भौतिक सुखको अपेक्षा राख्नु स्वभाविक रहेको हुन्छ ।

ज्ञान, कर्म र उपासना योग दर्शनको त्रिवेणी हो । भट्टराईका कथाका पात्रमा भगवान् भक्ति भगवान्प्रति आस्था, विश्वास र योग साधना पूर्ण रूपमा भएको पाइन्छ । धर्म र कर्ममा तल्लीन, निःस्वार्थ भावना भएका राजाले जनता र आफ्ना सन्तानमा एउटै व्यवहार

गर्नुपर्छ भन्ने पूर्वीय दार्शनिक मान्यता बमोजिमको भावना भएका पितृभक्त सुधन्वाद्वारा आफ्नो कारणले राजालाई राज्य सञ्चालन गर्न अप्ठ्यारो नपरोस् भन्ने भावना राखिएको छ । राज्य सञ्चालनका क्रममा समस्यामा परेका असल न्यायप्रेमी राजा हंशध्वज छोरालाई सजाय दिन राजपुरोहितसँग सल्लाह माग्दछन् । तपस्वी पुरोहितले राजा र प्रजा एकै हुन् त्यसैले, तपाईंका छोरा सुधन्वालाई पनि सजाय दिनु पर्दछ भनी रन्किन्छन् । पुरोहितको विचारमा सजाय बुद्धि, धर्म र अर्थ अनुकूल नभएको, अर्थात् राजाले दिन खोजेको सजाय मानवधर्म अनुकूल नभएको कुरालाई कथाकारले यहाँ प्रवेश गराएका छन् । बदरीनाथ भट्टराई मानवतावादी विचार बोकेका आध्यात्मिक व्यक्तित्व हुन् । उनका कथामा हिंसाको विरोध गरिएको छ । हत्या, हिंसाको विरोधमा भट्टराईले योग र मीमांसा दर्शनलाई उजागर गरेका छन् ।

दया, माया, प्रेम, सहानुभूति मानवीय जीवनका आधारभूत तत्त्वहरू हुन् । सोही अनुरूप जीवनयापन गरेका राजा पुरोहितको सल्लाहबाट पुत्र स्नेहका कारण दुःखी हुन्छन् । आफ्ना पिताको पीडा देखेर सुधन्वाद्वारा भनिएको छ-

> *बुबा ! यसो किन ? हजुर जस्ताले प्रतिज्ञा भङ्ग गर्न खोज्नु ठीक होइन । छोरो होस् या शत्रु होस् अपराधीलाई दण्ड गर्नु राजाको कर्तव्य हो, पुरोहितका कुरा सत्य हुन् । राष्ट्रिय विषयमा पिता र पुत्रको सम्बन्ध यौटा त्यान्द्रो बराबर पनि हुँदैन । म अपराधीलाई हाँसी हाँसी सजाय बक्स्योस्* (पृष्ठ : ९०) ।

कथामा श्रीमद्भगवद् गीतामा धर्म, पाप, पुण्य, मानवधर्म, कर्मयोग आदिबाट मानिसलाई कर्तव्यनिष्ठ गराउन सकिने सन्देश प्रदान गरिएको पाइन्छ । यस कथामा पनि पिता र पुत्रबिचको सम्बन्ध उनीहरू बिच खडा भएको कर्तव्य र अकर्तव्य बिचको पर्खाल पितृभक्त पुत्र भएको कारण पितालाई परेको अप्ठ्यारोलाई महसुस गरी पुत्र सुधन्वाले सहजै कर्तव्यको बाटो रोजेको अवस्था देखिएकोछ । पुत्र स्नेहले दुःखी भए तापनि राजाको कर्तव्य र राज्यनीतिलाई अवलम्बन गर्दै आफ्नो प्राण प्यारो पुत्र सुधन्वालाई प्राण दण्ड दिने घोषणा राजाबाट भएको छ ।

अस्त्र, शस्त्र, कवज, कुण्डल सबै फुकालेर सुधन्वा तातेको कराहीको तेलमा डुब्न तयार भएको अवस्थामा सुमति नाम भएका पात्रद्वारा म यमराजको दुत होइन भन्दै भनिएको छ-

> *भगवान्का अलौकिक भक्तलाई यो सवालले छुँदैन । भजन गर्न लाग्दा समय बितेको थाहा नै भएन होला । त्यसैले युद्धमा ढिलो भएको हुनसक्छ । आफूले अपराध गरेर अर्कालाई तीतो फल चखाउन म चाहन्न* (पृष्ठ : ९१) ।

राजा र जनता (प्रजा) मिलेर यस्तो राक्षसी दण्डलाई हामीले मिच्नुपर्छ भनेको सुन्दा पनि सुधन्वाले वास्तै नराखी तीखो स्वरमा कृष्ण ! कृष्ण ! भन्दै पाइलालाई अगाडि बढाए । त्यस पछि हसंध्वज लगायत अन्य जनताहरू राजा र राजपुरोहित दुवै चिच्याएर सुधन्वालाई मृत्युदण्ड नदिई बचाएको प्रसङ्ग यस कथामा उल्लिखित छ । बदरीनाथ भट्टराई अहिंसावादी कथाकार हुन् । मानिस चेतनशील प्राणी भएको हुनाले उसले विवेक राख्नु पर्दछ । मानिसले मानिसको हत्या गर्नु भनेको धर्म विपरीत कार्य हो, पाप हो, विवेकहीन कर्म हो । यस्ता कार्यहरूलाई निरुत्साहित गर्नुपर्दछ भन्दै कथामा आध्यात्मिक व्यक्ति सुधन्वाको रक्षा गर्न कथाकार सफल भएका छन् ।

### ५.२३.३ निष्कर्ष

धार्मिक नीति नियम र आध्यात्मिक भावनाले समाजमा विद्यमान कुरीति र कुसंस्कारलाई तोड्नु पर्दछ भन्ने उच्च आदर्श बोकेका बदरीनाथ भट्टराईद्वारा एउटा सच्चा निष्काम कर्तव्यनिष्ठ आत्मज्ञानी पुरुषलाई जङ्गी उर्दीको भरमा असान्दर्भिक कुसंस्कार अर्थात् अनावश्यक नियम (कुरीति) को भरमा मृत्युको सजायँ दिनु पूर्वीय धर्म र दर्शन अर्थात् मानव धर्म विपरीत भएको कुरालाई व्यक्त गर्दै यस्ता कुसंस्कारलाई राजा र जनता मिलेर तोड्नु पर्छ भन्ने सन्देश व्यक्त गरिएको यस कथामा अमृतमय अध्यात्म दर्शनले परिपूर्ण श्रीभद्‌भगवद् गीता, मीमांसा, वेदान्त, न्याय, साङ्ख्य र योग दर्शनको प्रभावलाई प्रस्तुत गरिएको छ ।

## ५.२४ क्षमाको भीक कथा विष्लेषण

वि.सं. २०१० सालमा प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहभित्रको *क्षमाको भीक* कथा भट्टराईद्वारा पौराणिक उपाख्यानको विषयवस्तुलाई लिएर रचना गरिएको वियोगान्त प्रेम चरित्रमा आधारित आध्यात्मिक कथा हो ।

### ५.२४.१ कथासार

वीरकरन्धम राजाका छोरा अवीक्षित र राजा विशालकी छोरी वैशालिनीको आदर्श प्रेम प्रसङ्गलाई बदरीनाथद्वारा वर्णनात्मक र पत्रात्मक शैलीमा रचना गरिएको यस कथामा छोरीको स्वयम्वरका लागि राजा विशालले आह्वान गर्दा आगन्तुक सबै राजा तथा राजकुमारहरूसँग पराजित भएका अवीक्षितले आफ्नी प्रेमिका जसलाई स्वयम्वरमा वरण गर्न नसकेका कारण टाढिनु परेको अवस्थामा उनै राजकुमार अवीक्षितद्वारा राजकुमारी वैशालिनीलाई प्रेमपत्रका माध्यमले आफूमा घटेका मनोभावनात्मक घटना वृत्तान्तहरूलाई स्पष्ट रूपमा व्यक्त गरिएको कुरालाई कथाको विषयवस्तु बनाइएको छ ।

आफूले स्वयम्वर कार्यक्रममा राजा विशालले राखेको सर्त पूरा गर्न नसकेपछि आफ्नो कमजोर मनस्थिति र अपरिपक्क व्यवहारका कारण बेइजत हनु परेको अवस्थाप्रति लाहाचार भएको कुरा अवीक्षितले पत्र मार्फत व्यक्त गरेका छन् । आफ्नो कमजोरीका कारण राजा विशाल र आफ्नी प्रेमिका राजकुमारी वैशालिनीको अगाडि पर्न नसकेर मुख लुकाएर बस्नु परेको अवस्था, राजा विशालले स्वयम् कन्यादानको साइतको कुरा गर्दा पनि लाचार भएर आफूले बिहे नगर्ने प्रतिज्ञा गरिसकें भनेर भन्नु परेको दर्दनाक पीडाका साथै आफू भित्रका आदर्श प्रेमलाई समाजमा प्रस्तुत गरेर लड्न असमर्थ भएको आदि कुरा कथामा उल्लेख गरिएको छ । आफू स्वयम्का कारण स्वयम्वरमा भेला भएका राजाहरूलाई जित्न नसकेका अवीक्षितले वैशालिनीलाई विवाह गर्न नसकेकोमा क्षमाको भीक मागेर प्रायश्चित गरेको विषयवस्तु यस कथामा रहेको छ ।

आदर्श प्रेममा आधारित यस कथामा दुई प्रेमी प्रेमिका अनुकूल वातावरण नहुँदा परिस्थितिको दास भएर प्रणय सूत्रमा बाँधिन नपाएर अलग हुनुपरेपछि विचलित भएर आध्यात्मिकताको शरण लिएर जङ्गलमा पस्छन् । अचानक उनीहरूको पुनः भेट हुन्छ । तर एक आपसमा जानपहिचान र वातचित हुन पाउँदैन । जङ्गलमा पनि सुन्दरी राजकुमारीलाई

गिद्धे नजरले हेर्ने दुष्ट कामुक दैत्य पुरुषको कमी रहेन । राजकुमारीलाई हरण गर्न आएका दैत्यहरूसँग राजकुमारको जम्काभेट हुन्छ । उनीले ती दैत्यहरूसँग लडाइँ गरेर राजकुमारीको संरक्षण दिन सफल हुन्छन् । कथा अनुसार अवीक्षितलाई गोली लागेर जताततै घाउ चोट लागेको हुन्छ । तापनि मुनिद्वारा उक्त तपस्विनी राजकुमारी वैशालीनी हुन् भन्ने थाहा पाएपछि आफ्नै रगतले बाँसका छेस्कालाई कलम बनाएर चिठी लेखेर पठाई आफूले गरेको गल्तीको प्रायश्चित् गर्न सफल भएका छन् भने राजकुमारी वैशालिनी आफ्नो प्रेमीको आदर्श प्रेम प्राप्त भएर आत्मविभोर भएको प्रसङ्ग नै यस कथाको मुख्य विषयवस्तु रहेको छ ।

## ५.२४.२ क्षमाको भीक कथामा आध्यात्मिक दर्शनको प्रभाव

सम्पूर्ण ज्ञान विज्ञानको आदिम स्रोत ज्ञानसत्ता, लाभ, विचार, अर्थ बोधक सर्ब श्रेष्ठ ऋचाहरूको मूल दर्शन पूर्वीय दर्शन वास्तवमा पूर्वीय साहित्य पनि हो । अन्वेषकका भौतिक, आध्यात्मिक र मिश्रित विचारहरू कै आधारमा सर्वश्रेष्ठ सर्वमान्य एवम् सर्वपक्षीय तुलनात्मक अध्ययनका लागि अपरिहार्य मानव संस्कृति, सभ्यता, साहित्यिक कलाको मूल स्रोत वेदलाई मानिन्छ । वेदवाट नै पूर्वीय आध्यात्मिक दर्शनको प्रादुर्भाव भएको हो । यस्तो आध्यात्मिक साहित्यबाट प्रभावित भएर बदरीनाथ भट्टराईले विभिन्न पौराणिक आध्यात्मिक कथाहरूको रचना गरेका छन् ।

धर्म र कर्म सम्बन्धी जिज्ञासाबाट प्रारम्भ भएको मीमांसा दर्शनमा वैदिक धर्म र कर्मकाण्डका विषयमा विशेष चर्चा भएको पाइन्छ । मीमांसा दर्शनको सिद्धान्तबाट प्रभावित बदरीनाथ भट्टराईद्वारा भनिएको छ- *ईश्वरको भजन गर (पृष्ठ : ५७)* भन्ने वाक्यबाट कथामा भगवान् भक्तिको माध्यमबाट कथाकार भट्टराईले आदर्श प्रेमलाई अटल स्वच्छ बनाउन चाहेका छन् ।

वियोगान्त प्रेम प्रसङ्गमा आधारित यस कथाको सम्पूर्ण विषयवस्तु आदर्श प्रेममा आधारित रहेको छ । एक अर्कोप्रति मायाप्रेम सद्भाव र त्यागको भावना बोकेका दुई प्रेमी, प्रेमिकालाई आध्यात्मिक साधनाबाट पुनर्मिलन गराउन सफल भएका कथाकारद्वारा भनिएको छ -*वैशालिनीको चाहिँ भर्खर ध्यान सिद्धिएको थियो* (पृष्ठ : ६) । महर्षि पतञ्चलीको योगदर्शनमा आधारित योग दर्शनलाई अँगालेकी वैशालिनीले आफ्नो योग साधनाद्वारा

राजकुमार अवीक्षितलाई अप्रत्यक्ष रूपमा भए पनि प्राप्त गर्न सफल भएकी छिन् । राजकुमारी वैशालिनीले आफ्नो वियोगान्त प्रेमभावनालाई शान्त पार्न भगवान् भक्ति र योग साधनामा तल्लनी भएर आफ्नो चित्तलाई निरोध गरेकी छिन् । बदरीनाथ भट्टराई सत्यवादी, सत्यनिष्ठ व्यक्ति भएकाले उनले यस कथाका प्रमुखपात्र अवीक्षितलाई सत् मार्गमा उभ्याउँदै भनिएको छ- *म जस्तो पापीको भाग्य खुल्नु गजबको कुरा हो, नत्र हिजो दर्शन कसरी पाउँथे* (पृष्ठ : ७) ।

राजकुमारमा पनि मानवधर्म र आध्यात्मिक ज्ञान थियो । उनी एक सत्पात्र थिए केवल उनीसँग शारीरिक बल र समाजसित लड्न सक्ने शक्ति मात्र थिएन । उनले आफ्नी प्रेमिकालाई देख्नुलाई नै दर्शन हो भनेका छन् । साक्षात् भगवतीको रूपमा आफ्नी प्रेमिका वैशालिनीलाई मान्ने अवीक्षित आध्यात्मिक आदर्श व्यक्तित्व थिए । सच्चा प्रेमलाई भगवान्‌को आशीर्वाद मान्ने बदरीनाथले दुवै प्रेमी प्रेमिकालाई आध्यात्मिकताको दृष्टिले उच्च बनाएका छन् । राजकुमार आफूले राजकुमारीको आदर्श प्रेमलाई स्वीकार गर्न नसकेको कारण आत्मग्लानि गर्दै भनिएको छ- *मैले गरेको घोर पापको केही प्रायश्चित भयो कि पनि भन्ठानें* (पृष्ठ : ७) ।

कथाकारद्वारा कथामा सत्यधर्म, पाप, पुण्य आदिको ज्ञान दिन खोजिएको पाइन्छ । यस लोकमा पाप सम्झिने र परलोकमा अशुभ फलदिने काम पाप हो । पापीलाई पतित, नीच र अधर्मी व्यक्ति भनिन्छ । तर कथाका प्रमुख पात्र अवीक्षित पापी थिएनन् । उनको मनस्थिति मात्र कमजोर थियो भन्ने आभाष भएको कथामा राजकुमारीलाई दैत्यको आक्रमणबाट जोगाउन सफल भएका अवीक्षितको मनमा राजकुमारीप्रति आफूले गरेको अन्यायको आत्मबोध गराउँदै भनिएको छ- *राजकुमारीको आदर्श भक्ति देखेर म चकित छु, यो त्यागलाई म हजारौं धन्यवाद दिन्छु* (पृष्ठ : ७) ।

कथामा सामाजिक मूल्यमान्यता नैतिक आदर्शका साथै नारीप्रति उच्च सम्मान गरिएको देखिन्छ । आध्यात्मिक आदर्श नारीहरूले गर्न सक्ने त्याग र तपस्यामा पुरुषले गर्नुपर्ने सम्मान आदिलाई देखाएर कथाकारले कथालाई उच्च स्तर प्रदान गरेका छन् । कथामा त्याग, तपस्या, मानवधर्म, कर्मयोग, सृष्टिको चक्र, स्त्री पुरुषको भूमिका, प्राकृतिक नीति नियम आदि आधारभूत मान्यतालाई अँगालेर कथाको आदर्शलाई बढाइएको छ ।

राजकुमार अवीक्षित र वैशालिनीको आदर्श प्रेममा आध्यात्मिक दर्शनलाई समावेश गरेर समाजलाई सत्यधर्मको पालना गराउने धारणा कथाकारको रहेको बुझिन्छ ।

*तपस्विनीसँग छलछाम गर्नु ठीक होइन* (पृष्ठ : ७) । मानव धर्म र कर्मयोगको सम्मान गर्दै आध्यात्मिक ज्ञान र दिव्य आनन्दका अनेक स्तर छन् । एउटा स्तरमा वेदले अनुमोदन गरेका कर्मकाण्ड मूलक यज्ञ, ब्रत, उपवास, तपस्या, सामाजिक शुभकार्य तथा योगाभ्यास आदि आउँछन् । यी सबै शुभकर्मले मानवलाई विभिन्न फल प्रदान गर्दछन् । सोही अनुरूप आफ्नो प्रेमीलाई प्राप्त गर्न नसक्दा भगवान्को शरण लिन पुगेकी तपस्वीनीलाई वास्तविक कुरा बताउनु आफ्नो धर्म सम्झेका कर्तव्यनिष्ट अवीक्षितद्वारा सत्यको सम्मान गर्दै भनिएको छ- *बिहान सबेरै उठी मुनिकुमारको भेषमा म मुमाको खोपीमा गएँ अनि तपस्या गर्न जान्छु भने* (पृष्ठ : ७) ।

बदरीनाथले कथामा आध्यात्मिक योग दर्शनको विशाल भण्डारलाई स्थापित गर्न सफल भएका छन् । उनका अनुसार मानव जीवनको सन्तुष्टि भगवत्त्व प्राप्त गर्ने तथा मनमा शान्ति स्थापित गर्ने महत्त्वपूर्ण माध्यम योग साधना हो । यसलाई अगाल्न सकेमा मनुष्यले यस जन्ममा शान्ति र परलोक मोक्ष भई प्राप्त गर्न सक्दछ भन्ने दार्शनिक मान्यता रहेको कथामा अवीक्षितकी आमाद्वारा भनिएको छ- *अक्षय तृतीयको दिन महापुण्य गर्न नपाउनु किन ? लौ आज किमिच्छक (अर्काले इच्छा गरेको कुरा दिने) ब्रत गर्न आँटेकी छु* (पृष्ठ : ९) ।

ईश्वरत्व प्राप्ति, मानव कल्याण आदिले परिपूर्ण भक्ति दर्शनको ज्ञान दिन खोजिएको यस कथाका प्रायः प्रत्येक अनुच्छेदहरूमा पूजा, पाठ, ध्यान, तपस्या लगायतका प्रसङ्गहरू उल्लेख गरिएको छ । पूर्वीय दर्शनमा भगवान् प्राप्त गर्ने अर्थात् गृहस्थ जीवनलाई सुखी बनाउने अनेक धार्मिक उपायहरू रहेका छन् । तिनै उपायको खोजीमा किमिच्छक ब्रतले अर्थात् अरूको इच्छा पूरा गराएर आफ्नो छोराको मनलाई बहलाएर आफ्नो परिवारको इच्छा पूरा गराउने ध्येय अवीक्षितकी आमाको रहेको छ । उनी छोराको विवाह गराएर वंश परम्परालाई कायम राख्न चाहन्छिन् तर छोराले आफ्नी प्रेमिका वैशालीसँग मात्र विवाह गर्छु नत्र गर्दिन भनेर जङ्गल पसेको र भगवान् भक्तिबाट आफ्नी प्रेमिकालाई प्राप्त गरेको कुराबाट जीवनमा केही प्राप्त गर्ने अन्तिम लक्ष्य पनि आध्यात्मिक मार्ग हो भन्ने मान्यता कथाकारको रहेको छ । अध्यात्मका माध्यमबाट मानवीय कल्याण हुने हुनाले उक्त दर्शनको

साधना गर्नु भनेको जीवनमा शान्ति र आध्यात्मिकता प्राप्त गर्नु हो भन्ने भाव भएका बदरीनाथ भट्टराई वेदान्त दर्शनका अनुयायी हुन् ।

### ५.२४.३ निष्कर्ष

वेदान्त, योग र मीमांसा दर्शनमा आधारित क्षमाको भीक कथा सत् चरित्रमा आधारित प्रेममूलक कथा हो । प्रेममा त्यागको भावना हुनुपर्दछ र प्रेम गरेर मात्र हुँदैन । प्रेमलाई पूर्णता दिन दुवै प्रेमी प्रेमिकामा ज्ञान, बुद्धि, विवेक, विद्या, शक्ति र बल चाहिन्छ । असल आदर्श तथा आत्मिक प्रेम समाजको मार्गदर्शक हो । आध्यात्मिक ज्ञानले मानिसमा मानवधर्म कर्मयोगको पाठ सिकाउँछ । वियोगान्त प्रेमले वैराग्यता उत्पन्न हुन्छ र मानिसलाई आध्यात्मिकतातिर उन्मुख गराउँछ । सोही अनुरूप वियोगान्त प्रेमबाट विक्षिप्त भएकी वैशालिनी र अवीक्षित दुई प्रेमी प्रेमिका जीवनको अन्तमा योग (तपस्या) साधनामा लागेर जीवन बिताउने निर्णय गर्दछन् भने छोराको उन्नति प्रगति र स्वास्थ्य लाभका लागि अवीक्षितकी आमाले पाठपूजा, व्रत-तीर्थ गरेर छोरालाई गृहस्थ धर्मको पालना गर्न तर्फ सङ्केत गर्दछिन् । राजकुमार अवीक्षित आफ्नी प्रेमिकाको प्यासमा भौतारिदै जङ्गल पसेर भगवान्को शरण पर्दछन् । फलस्वरूप उनले प्रेमिकाको एकोहोरो दर्शन गरेर चिट्ठीद्वारा आफ्ना मनका भावना व्यक्त गर्दछन् । उच्च आदर्श र आध्यात्मिकता प्रदर्शन गरिएको यस कथामा धर्म, दर्शन र आदर्श प्रेमको मार्गदर्शन गरिएको छ ।

## ५.२५ न्यायको पक्ष कथा विष्लेषण

बदरीनाथ भट्टराईको *न्यायको पक्ष* कथा महाभारतको आरण्यपर्वमा धृतराष्ट्र, विदुर, दुर्योधन र पाण्डवको जीवन चरित्रमा आधारित रहेको छ । यस कथालाई कथाकार भट्टराईको वि.सं. २०१० सालमा प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको हो । आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गर्दा न्याय, मीमांसा र वेदान्त दर्शनको प्रभाव रहेको यस कथामा धर्म र अधर्मको विषयमा विशेष वर्णन गरिएको पाइन्छ । धर्मको पक्षमा विदुर र पाण्डवहरू, धौम्य ऋषि लगायत आत्मज्ञानी अन्य ऋषि महर्षिहरू रहेका छन् भने अधर्मको पक्षमा राजा धृतराष्ट्र, दुर्योधन लगायतका कौरवहरू रहेका छन् ।

### ५.२५.१ कथासार

बदरीनाथ भट्टराईको *न्यायको पक्षमा* कथाको स्रोत महाभारतको आरण्य पर्वमा उल्लिखित छ । कथाका मुख्य पात्रहरू धृतराष्ट्र, विदुर, दुर्योधन एवम् पाण्डवहरू र धौम्य ऋषि रहेका छन् । संवादात्मक शैलीमा रचना गरिएको यो कथा कौरव पाण्डवको जीवन चरित्रको विषयमा प्रस्तुत गरिरएको छ । विदुरले काम्यक वनमा आश्रय गरेर बसेका धौम्य ऋषिसँग पाण्डवलाई धृतराष्ट्र र दुर्योधनले अन्याय गरेको कुरा बताएका छन् । पाण्डवहरूलाई आफ्नो आश्रममा आश्रय दिएर राखेका धौम्य ऋषिले विदुरलाई देखेर उनीहरूलाई न्याय दिलाउने विषयमा कुरा गर्दा विदुर दुःखी हुँदै धृतराष्ट्रले पाण्डवहरूप्रति अन्याय गरेको विषयमा प्रतिपाद गर्दा उल्टै आफूलाई नानाथरी गाली गरेको कुरा बताउँछन् । विदुरद्वारा आफूले अन्याय र अधर्मको विषयमा चर्चा गरेको सहन नसकेको हुनाले राज्य नै त्याग गरेर आए भनिएको छ । धृतराष्ट्र विरुद्ध गुनासो गर्दै धौम्य ऋषि र विदुरका बिच धर्मनीतिको बारेमा भएको संवाद नै यस कथाको मुख्य कथासार रहेको छ ।

### ५.२५.२ न्यायको पक्ष कथामा आध्यत्मिक दर्शनको प्रभाव

आत्मा निर्मल छ, अज्ञान जनित मललाई हटाउन ज्ञानको ज्योति जगाउनु पर्दछ । विना धार्मिक अनुष्ठान प्राणलाई आहुति दिने साधनहरूको उपलब्धि हुँदैन अर्थात् आत्मा पनि निर्मल बन्न सक्दैन र भवसागरबाट पार तर्न सकिँदैन भन्ने आध्यात्मिक मान्यता रहेको छ । यस कथाको सुरुवात प्रकृति वर्णनबाट भएको छ । सरस्वती नदीको किनार प्रकृतिको सुन्दर भण्डार, काम्यक वनको अपूर्व शोभा, चराचुरुङ्गीको मीठो स्वर, पानीको स्वच्छ कुलकुलले स्वर्गलाई समेत गिज्याइरहेको थियो (पृष्ठ : ६४) भनिएबाट ऋषि महर्षिहरूको तपस्या गर्ने र ज्ञान प्रदान गर्ने स्वच्छ सुन्दर स्थानलाई परिचित गराइएको यस कथाको भूमिकामा नै साहित्य र आध्यात्मिक दर्शनलाई प्रस्तुत गरिएको छ । संवादात्मक शैलीमा लेखिएको यस कथाको भाषा सरल रहेको छ भने केही अनुकरणात्मक शब्दको प्रयोगले कथालाई मिठास पूर्ण बनाइएको छ । राजाको छोरा राज्यको उत्तराधिकारी हुने परम्परा अनुसार यस कथामा धृतराष्ट्रले आफ्नो राज्याधिकार छोरा दुर्योधनलाई दिएका भए तापनि राजा हुने अधिकार युधिष्ठिरको हुन्छ । उक्त समयमा पाण्डवलाई राज्य दिने कुरा गर्दा उल्टै दुर्योधनद्वारा भनिएको छ- *अब त विदुरलाई चिन्नु भो कि ? पाण्डवका गुप्त दुत् हुन् भनेर त उहिल्यै विन्ति गरेको हुँ* (पृष्ठ : ६६) ।

अज्ञानताले भरिएको तमोगुणले युक्त दुर्योधनमा राज्य सञ्चालन गर्न पाउने लोभले आँखामा पट्टि बाँधिएको छ । उसमा राम्रो र नराम्रो छुट्याउन सक्ने गुण नभएको हुनाले धर्मनीतिका विद्वान् विदुरलाई समेत गलत सावित गरेर आफू असल मान्छे बनेर प्रस्तुत भई भविष्यलाई अन्धकार बनाएको कुरालाई कथाकारले यहाँ प्रष्ट पार्दै अन्यायमा परेका जनताहरूले न्याय पाउनु पर्छ भन्ने भावना भएका ज्ञानी धर्मात्मा विदुरद्वारा दुर्योधनलाई भनिएको छ-

> *निर्दोष भीमसेनलाई विष खुवाएर खोलामा बगाइदिएको कुरा तैंले बिर्सिस्, लाहाको घरमा आगो लगाइदिएर पाण्डवहरूलाई स्वाहा पार्न आँटेको कुरा याद छ ? यस्ता अपराध हजारौं तैले गरेको छस् । प्रायश्चित्का लागि बाह्रवर्ष वनवास तँलाईं पो पठाउनु पर्ने* (पृष्ठ : ६७) ।

विदुर भगवान्का भक्त, धर्मनीतिका ज्ञाता, न्याय र अन्यायका तराजु थिए । पाण्डव र कौरवको लडाइँमा कौरव अधर्मी, धर्मनीति र राज्यनीतिको विरुद्ध काम गर्ने भएका हुनाले विदुर उनीहरूको पक्षमा लागेका थिएनन् । बरु उनले असल ज्ञानी, तपस्वी, कर्तव्यनिष्ट सत्यपरायण धर्मराज युधिष्ठिरलाई राजा बनाउने कुरा गरेको सुनेर धृतराष्ट्रद्वारा भनिएको छ- *तिमीले त धर्मनीतिका पो कुरा गऱ्यौ, हो तिम्रो चित्तशुद्ध छ, सके युधिष्ठिर पनि त्यस्तै होलान् तर अर्जुन र भीमसेन पनि त्यस्तै छन् भन्ने कुराको के विश्वास* ! (पृष्ठ : ६५) ।

धर्मनीति, राजनीति र दण्डनीतिको व्याख्या गरी न्याय र अन्यायको पक्षमा विश्लेषण गरिएको यस कथामा न्याय दर्शनको विशेष प्रभाव रहेको देखिन्छ । यहाँ धृतराष्ट्रलाई धर्म तथा राजनीतिको ज्ञान भएर पनि पुत्र मोहको कारण उनले पाण्डवको रक्षा गरेका छैनन् ।

न्यायका पक्षधर विदुर धृतराष्ट्रले पाण्डवहरूप्रति गरेको अन्यायलाई सहन गर्न नसकेर हस्तिनापुर राज्य छोडी पाण्डव बसेको ठाउँमा पुग्छन् । उनी पाण्डवलाई न्याय दिलाउनका लागि आफू हरतरहले सकेसम्मको सहयोग गर्दछन् । उनी धर्मनीतिका विद्वान् हुन् । उनीद्वारा नै धर्मनीति तथा राज्यनीतिको स्थापना भएको हो । आफ्नै अगाडि अन्यायले जरो गाड्दा आफूले केही गर्न नसकेकोमा उनी दुःख प्रकट गर्दछन् । यस कथामा बदरीनाथ भट्टराई नैतिकता र सदाचारमय कर्म गर्दै अध्यात्मतर्फ अगाडि बढ्न प्रेरित गर्छन् । उनी

सत्य धर्मका समर्थक भएका हुनाले विदुरको धर्मनीतिलाई सहज स्वीकार गर्दछन् । यहाँ धृतराष्ट्रको पतित चरित्रको विरोध गर्दै विदुरद्वारा पाण्डवप्रति सहानुभूति प्रदान गरिएको छ । दुर्योधन र धृतराष्ट्रको मानवीय कमजोरीका पक्षलाई जनाउँदै पाण्डवहरू स्वाभिमानी र कर्तव्यनिष्ठ भएको कुरा प्रस्तुत गरिएको यस कथामा बुद्धि, विवेक, धर्मनीति र ज्ञान-अज्ञान न्याय र अन्याय, पाप र धर्मका विषयमा चर्चा गरेर आध्यात्मिक दर्शनलाई उजागर गरिएको छ ।

अतः महाभारतको आरण्य पर्वको कथावस्तुलाई स्रोत बनाएर रचना गरिएको यस कथामा पाण्डवहरू काम्यक वनमा बसेको ठाउँमा सत्यधर्म र न्यायका पक्षधर विदुर पुगेर धौम्यसँग भेटघाट गरी धर्म र अधर्मको विषयमा न्याय र अन्यायको पक्षमा गरिएको कुराकानीको गरेको प्रसङ्ग उल्लेख गरिएको छ । पुत्र मोही स्वार्थी राजा धृतराष्ट्रले पाण्डवहरू प्रति गरेको अन्यायपूर्ण व्यवहारलाई विदुरले सहन गर्न नसकी प्रतिकार गरेर धृतराष्ट्रको राज्य छोडेर पाण्डवहरूको आश्रममा गएको कुरालाई प्रस्तुत गरी पाठक वर्गलाई आध्यात्मिकता तर्फ उन्मुख गराइएको छ । विदुरले युधिष्ठिरलाई अन्याय सहनु भनेको धर्म विरुद्ध हो भनेर सम्झाएको प्रसङ्ग समेत उजागर गरिएको यस न्यायको पक्ष कथामा विदुर र धौम्य ऋषिको संवाद धृतराष्ट्र र दुर्योधनसँग भएको विवादमा आधारित रहेको छ । कथा आफैमा महाभारत पुराणभित्र रहेका पात्रहरू अमृतमय सत्यधर्मका पक्षधर, भगवान् कृष्ण, पाण्डवहरू स्वार्थी राजा धृतराष्ट्र र कौरवको चरित्रमा आधारित भएकोले पनि आध्यात्मिक नीति नियम र दर्शनबाट प्रभावित रहेको छ ।

### ५.२५.३ निष्कर्ष

सत्कर्म गर्नु र सत्कर्ममा प्रवृत्त गराउनु नै सत्य हो । सत्यलाई प्रर्वतन गराउन मनुष्यले सत्कर्म गर्नु पर्दछ । राजामा सत्भाव र दिव्य गुण हुनु पर्दछ भन्ने कुरा पूर्वीय दर्शनले औंल्याएको छ । राजा धृतराष्ट्रमा उपर्युक्त गुण नहुनाले महाभारतको युद्ध भएको हो भन्ने भावलाई प्रष्ट्याइएको यस कथामा संसार रहस्यमय छ । यस संसारको रहस्य बुझ्न आध्यात्मिक ज्ञान हुनु पर्दछ भन्ने कुरालाई बदरीनाथ भट्टराईले धृतराष्ट्र, विदुर र धौम्य ऋषिको माध्यमबाट देखाएका छन् ।

## ५.२६ सैरन्ध्री कथा विष्लेषण

*सैरन्ध्री* कथालाई बदरीनाथ भट्टराईले महर्षि वेदव्यासद्वारा रचित गद्य महाभारतको विराट्पर्व अन्तर्गत पाण्डव प्रवेश पर्वको नवौं अध्यायदेखि चौबीसौं अध्यायसम्म वर्णित कथावस्तुलाई स्रोत बनाएर रचना गरेका छन् । पौराणिक कहानी कथा सङ्ग्रहमा प्रकाशित यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गरिएको छ ।

### ५.२६.१ कथासार

*सैरन्ध्री* कथा वीर पराक्रमी मानव धर्मका पक्षधर पाण्डवहरूकी धर्मपत्नी द्रौपदी महारानीसँग सम्बन्धित रहेको छ । कथामा विराट् राजाको सालो, रानी सुदेष्णाको भाइ कीचक सैरन्ध्रीरूपी द्रौपदीको रूप र जवानीमा आशक्त भएको हुन्छ । उसले द्रौपदीलाई प्रणययाचनमा बाँधिन प्रस्ताव राख्दा द्रौपदीले उसलाई हप्काउँछिन् । रानी सुदेष्णाले समेत आफ्नो भाइको आशक्तिलाई नकार्न सक्दिनन् र द्रौपदीलाई कीचकको घर पठाउँछिन् । कीचक सैरन्ध्री (द्रौपदी) को रूप र जवानीमा मुग्ध भएर कामवासनाले लिप्त हुन्छ । ऊ अनेक वहाना गरेर नाना तरहका लोभलालच देखाई सैरन्ध्रीको नजिक आउन खोज्दछ ।

कथाकारद्वारा सैरन्ध्री (द्रौपदी) को अपमान् गरेको प्रसङ्गहरूलाई जोडेर यस कथालाई एउटा असल चरित्र भएकी पतिपरायणा नारीको सौन्दर्यमाथि खराब चरित्र भएको दानवी पुरुषहरूले अनेक तरहले जालझेल गरी काम वासनालाई तृप्त पार्न दिएको दुःखको प्रसङ्गलाई देखाइएको छ । यस कथामा आफ्नो कामवासना युक्त मनलाई तृप्त पार्न कीचक जस्तोसुकै पाप गर्न पनि तयार भएको महाभारत विराटपर्वमा उल्लेख गरिएका विषयलाई पनि प्रष्ट्याइएको छ । द्रौपदीलाई नचिनेर कीचकले अनेक किसिमका लोभलालच देखाएर आफ्नो वशमा पार्न खोजेको भए पनि द्रौपदी यस्तो कामुक कीचकलाई आफूबाट पन्छाउन सफल भएकी छिन् ।

पूर्वीय दर्शन अनुसार पाँच महत्त्वपूर्ण कन्याहरू मध्येकी सत्यपरायणा, भगवान् श्रीकृष्णद्वारा रक्षा गरिएकी सैरन्ध्री (द्रौपदी) लाई गुप्तवासमा रहँदा यस्ता अनेक दुःख कष्ट आइपरेको देखाइएको छ । उनी कीचकको पापी, कामुक मनले देखाएको अपराधी, मूर्ख क्रियाकलापबाट अत्यन्त दुःखी भएर असह्य, वेदना र पीडाले आकुल व्याकुल हुँदै क्रोधित भएर राजसभामा पुगेकी हुन्छिन् । राजसभामा राजाहरूलाई पासा/जुवा खेलिरहेको

अवस्थामा देखिछन् र आफूलाई अन्याय परेकोले आफूलाई कीचकले गरेको अन्यायलाई राजासामु विन्ति गर्दछिन् । राजाले सैरन्ध्रीको उक्त कुरालाई बेवास्ता गरी पासा खेल्नमा नै मन लगाउँछन् । उनले आफूलाई समस्या परेको कुरा पुनःराजा सामु विन्ति गर्दछिन् । पुरुष मानसिकताले भरिएका राजा विराट्ले जिस्क्याउँने ढङ्गले बोलेकाले सैरन्ध्रीलाई अत्यन्तै असहज हुन्छ । उनी राजाले आफूलाई सम्मान नगरेकामा क्रोधित हुन्छिन् । सोही सभामा बसेका आफ्नो पति युधिष्ठिरले पनि आफ्नो विषयमा केही नबोली चुप बस्दा उनी झनबढी दुःखी भएर राजाप्रति दुःखेसो गर्दै राजसभाबाट बाहिर निस्केर आफ्ना माहिला पति भीमलाई भेटी सबै दुःख पोख्न पुगेकी हुन्छिन् । सैरन्ध्रीका कुरा सुनेर दुःखी भएका भीमले गुप्तबासको समय पनि सकिन आँट्यो धन्दा नमान तिमी जाऊ । सबै काम तिमीले भने जस्तै हुन्छ भनेर सम्झाइ बुझाइ गरेर आफ्नो गुप्तबास भङ्ग हुने डरले रानी सुदेष्णा कहाँ पठाइदिएको प्रसङ्ग नै यस कथाको मुख्य विषयवस्तु भए तापनि पौराणिक महाभारत कथा धर्म रक्षाको निमित्त सत्यको मार्ग दर्शन गर्ने पूर्वीय दर्शनमा आधारित भएको हुनाले यस कथालाई कथाकारले आध्यात्मिक सन्देश दिन रचना गरेको जस्तो देखिन्छ ।

अतः यो सैरन्ध्री कथा गद्य महाभारतमा पाण्डवहरूको गुप्तबास अवस्थामा द्रौपदीले लिएको सैरन्ध्री रूप र उनको चरित्रमा आधारित कथा हो । यो कथा पाण्डवहरू द्रौपदी सहित गुप्तबासको अवस्थामा विराट् राजाको दरबारमा रहँदा राजाको सालो कीचकले सैरन्ध्री रूपी द्रौपदीमाथि कामुक दृष्टिले हातपात गरेको तथा भीमले अप्रत्यक्ष रूपमा द्रौपदीलाई बचाएको विषयमा आधारित रहेको छ । भट्टराईको यस कथामा भने कीचक वधको विषयमा केही उल्लेख गरिएको छैन तर महाभारत विराटपर्वमा भने कीचक वध पर्व भनेर नै कीचकलाई भीमले मारेको कुरा उल्लेख गरिएको छ । सरल भाषा र शैलीमा लेखिएको रोचक र ज्ञानवर्धक यो कथा नारी प्रधान चरित्रमा आधारित रहेको छ ।

### ५.२६.२ सैरन्ध्री कथामा आध्यात्मिक दर्शनको प्रभाव

निःस्वार्थ सेवाभाव सहित वैदिक संस्कार अनुरूप वर्णाश्रम धर्मको प्रतीत हुँदै निष्काम कर्म, भक्ति र ज्ञानको साधना गर्दै चारै पुरुषार्थ सहित ज्ञानमार्गलाई सर्वोपरि मानेका बदरीनाथले चारै वर्णाश्रमका शास्त्रीय आचरणलाई यथावत् राख्न र निरन्तरता दिन चाहेको कुरा उनका कथाकृतिहरूबाट अवगत गर्न सकिन्छ । यिनले विभिन्न पुराणहरूमा भएका सत्यतथ्य घटनालाई आध्यात्मिक दृष्टिले निहाल्दै कथाको रचना गरेका छन् । यस

कथामा पाण्डवहरूको गुप्तवासको कारुणिक अवस्थमा एउटी धर्मनिष्ठा पतिव्रता नारी सैरन्ध्रीद्वारा कामुक पुरुष कीचकको विरोध गर्दै भनिएको छ- *तपाईं कस्तो मूर्ख ! परस्त्रीमाथि यो अत्याचार गर्न खोज्नु के पुरुषत्व हो र ? के सेनापतिको चाला यही हो त ? यस्तै सेनापतिबाट जनताले न्यायको ज्योति पाउलान् ?* (पृष्ठ : ५८)

आध्यात्मिक दर्शनका धर्म, अर्थ, काम, मोक्ष यी चार सिद्धान्त अनुरूप एउटा असल पुरुषले धर्मको रक्षा गर्नुपर्दछ । धर्मको रक्षाका निम्ति देवी भगवतीका रूपमा पूजिएका महिलाहरूलाई असल व्यवहार गर्नु पर्दछ । उनीहरूलाई परेको सङ्कटलाई मुक्त गराउन खोज्नु पर्दछ भन्ने सिद्धान्तको विपरीत परस्त्रीको रूप र जवानीमा कामवासनाले आशक्त भएको कीचकले आध्यात्मिक मूल्यमान्यताको विपरीत कर्म गरेर देवी सैरन्ध्रीलाई आक्रमण गर्न खोज्नु धर्म विरूद्धको आचरण भएको कुरालाई बदरीनाथले यहाँ उल्लेख गरेका छन् ।

मन जित्न नसक्ने सधैँ गुण, विद्या रूप, धन कुलमा अहङ्कार लिने कामपिपासु कीचकप्रति क्रोधित हुँदै सैरन्ध्रीद्वारा भनिएको छ-*लौ त मलाई छो, तेरो कुन गति हुँदो रहेछ । पतिव्रता स्त्रीमा व्यभिचारलाई डढाउने गुप्त तेज हुन्छ भन्ने कुरा तँलाई थाहा रहेनछ,* (पृष्ठ : ६९) ।

एउटी असल धर्मपरायण पतिव्रता नारीलाई उल्लेख गरेर समस्त नारीहरूको नै शिर उच्च बनाई लेखिएको यस कथामा धर्मको नीति नियममा रहने स्त्री जातिले जस्तोसुकै समस्या आईपरे पनि समाधान गर्न सक्छन् भन्ने कुरा बुझाउन खोजिएको छ । सैरन्ध्रीमा भएको आदर्श भावना बुद्धि विवेकलाई भगवान्‌को भक्ति गर्ने पतिव्रता स्त्रीहरू दमयन्ती, सती, सीता आदिको उदाहरण दिई कथाभित्र नैतिक आदर्शको छाप पार्न कथाकार सफल देखिन्छन् । आध्यात्मिक र व्यावहारिक दुवै पक्षको सङ्गम भएको यस कथामा आदर्श नारीको उच्च सम्मान गर्दै भनिएको छ- *स्त्री जातिको महत्त्व नै नबुझेर विलासको साधन सम्झँदो रहेछ ए ! कहाँसम्मको पामर । बुझिस्, हामीहरू गृहलक्ष्मी हौं, आर्यका महल हौं, सौन्दर्यका अधिष्ठात्री, बुद्धि र बहादुरीका खानी हौँ* (पृष्ठ : ६९) ।

पौराणिक कालमा महिलाहरूमा आत्मविश्वास थियो । उनीहरू धर्म र नैतिकतामा अडिक हुन्थे । उनीहरू आफ्नो शक्तिबललाई आत्मसात् गर्दै आएका कुरा पूर्वीय दर्शनले पुष्टि गरेको छ । आध्यात्मिक ज्ञानी विद्वान् पुरुषहरू, ऋषिमुनिहरू, देवी, देवताहरू सबैले

महिलाप्रति सम्मान गर्दथे भन्ने कुरा हाम्रा पौराणिक ग्रन्थहरूबाट बुझ्न सकिन्छ । सृष्टिको क्रममा भगवान् विष्णुबाट उत्पत्ति गराइएका नारी जातिको समता शक्ति हरेक तहमा आ-आफ्नै किसिमको रहँदै आएको कुरालाई कथाकारले यहाँ प्रस्तुत गरेका छन् । अज्ञानी, अधर्मी, पापी, कामवासनाले विक्षिप्त पुरुषका अगाडि एक अबलाको के लाग्छ र । कीचकलाई जति सम्झाउँदा पनि केही नलागेपछि उसको फन्दाबाट उम्कनका लागि सैरन्ध्री रूपी द्रौपदीद्वारा भनिएको छ- *महाराजको दुहाई । गुहार ! गुहार !* भन्दै जुवा, खेल्न लागेको राज्य सभामा गएर राजालाई पटक पटक न्यायको लागि भीख माग्दै विन्ति गर्दा पनि नसुनेपछि उनीद्वारा पुनः भनिएको छ- *के यही हो राजाको धर्म ?* (पृष्ठ : ७०) ।

कथाकारद्वरा मुख्य चरित्रको माध्यमबाट राजधर्म र नीतिको विषयमा पाठकहरूलाई ध्यानकेन्द्रित गराउन खोजिएको पाइन्छ । राजाले मानवताको भित्री आँखा खोली धन सम्पत्ति, जुवा तास, स्त्रीसुख आदिलाई त्याग गरेर आफ्नो कर्तव्यलाई ख्याल गर्नुपर्दछ । देश र जनताको रक्षाको निमित्त जस्तोसुकै त्याग तपस्या गर्न पनि राजा पछि पर्नुहुँदैन । राजाको धर्म हो, परोपकार गर्ने, भगवान् ईश्वरमा मन चित्त लगाउने र मुक्तिको बाटो पहिल्याउने भावना बदरीनाथ भट्टराईको रहेको छ ।

संवादात्मक शैलीमा लेखिएको यस कथामा मानवतावादी चेतनालाई उजागर गरिएको छ । चोरी, डकैती गर्ने र व्यभिचारी व्यक्तिहरू पापी हुन् । तिनीहरूको पापकर्मलाई पहिचान गर्ने नीति नियम राजाले बनाउनु पर्दछ र उनीहरूलाई पापकर्मको सजाय दिलाउनु पर्दछ भन्ने भावना भएका कथाकारले सैरन्ध्रीरूपी दौपदीद्वारा भनिएको छ- *दुनियाँलाई देखाएर कसैले पाप गर्दैन । चोरले लुकेर नै चोर्छ । यसैले दोष हो भन्ने ठम्याएर उसलाई दण्ड गर्नाको लागि पुरुषत्व चाहिन्छ, हजुरले त न्याय र दण्ड हातमा लिइबक्सेको छ* (पृष्ठ : ७१) ।

बदरीनाथ भट्टराईद्वारा राजालाई न्यायनीति र दण्डनीतिको विषयमा बुझाएर पाठकलाई राजधर्मको विषयमा महाभारतमा भनिएको छ-

> *जो स्वाभाविक रूपले प्रजापालनको रक्षामा लागेका छन्, सधैँ धर्म र सत्यको मार्गमा अडेका छन् अनि प्रजा र आफ्ना सन्तानमा कत्ति पनि फरक ठान्दैनन् त्यस्ता ती अमित तेजस्वी*

*राजाहरू छन् भने उनीहरू सधैँ आश्रित जनहरूलाई पालना गरून र संरक्षण पनि गरून । जो राजा प्रियजन र द्वेषपात्रहरूमा पनि भेदभाव राख्दैनन् । प्रजाजनमा विवाद सुरु भएपछि जो राजा धर्मासनमा बसेर समान भावले प्रत्येक काममा विचार पुऱ्याएर न्याय गर्दछन् ती इह र पर दुवै लोकलाई जित्न सक्दछन् (गद्यमहाभारत विराट् पर्व, २०६३ : १२६५)* ।

राजामा हुनुपर्ने सबै गुण राजा विराट्मा नदेखेपछि मानव धर्मको उदाहरण दिँदै युधिष्ठिरद्वारा द्रौपदीलाई सम्झाउँदै भनिएको छ-

*क्षमामा त सर्वोत्तम धर्म छ । क्षमा त सत्य हो, क्षमा नै दान हो, क्षमा नै धर्म हो, क्षमा नै तप पनि हो, अनि क्षमाशील व्यक्तिका लागि इहलोक, परलोक दुवै हुन्छन्* (गद्यमहाभारत विराट पर्व, २०६३ : १२६५) ।

त्यसैले सैरन्ध्री दुःखी नहोऊ सत्यको जीत हुन्छ । यो संसार, देह सब अनित्य र असत्य छन् । क्षणभर मै सबैथोक नाश हुन सक्छ । त्यसैले सत्यमा भगवान्ले साथ दिनु हुन्छ भन्ने दार्शनिक भावनालाई उद्धृत गरिएको यस कथामा आध्यात्मिक दर्शन अनुसार मानिसले परोपकार सहित आत्मसुधार गर्नु पर्दछ । मानिसले आफूमा रहेको पशुभाव सङ्कीर्णताबाट माथि उठेर समाजको कल्याण गर्नु पर्दछ भन्ने धारणा बोकेको यस कथामा पुरुष हुनुको महत्त्व उसको शक्ति र कर्तव्यलाई बोध गराउँदै सैरन्ध्रीद्वारा भनिएको छ-

*चहकिलो प्रकाश दिन नसकेका भए सूर्य र चन्द्रमामा कसैले पुरुषत्व छ भन्थ्यो । समुद्रमा पुरुषत्व अपार विशालताले र मर्यादा भङ्ग नगर्ने हुनाले नै आयो । रूखमा पुरुषत्व छहारीले आयो । जुङ्गादाह्रीलाई म पुरुषत्व मान्दिनँ । पुरुषत्व त माझिएको हृदयमा सुनौलो चहक फिंजाएर झल्किरहेको हुन्छ । निराकार भए पनि ऊ साकार छ* (पृष्ठ : ७२) ।

पुरुष भएर पुरुषको मर्यादामा नरही त्यसै पुरुषत्वको घमण्ड गर्नु मानवता होइन । पुरुष हुनलाई त उसमा पुरुषत्वको ज्ञान हुनुपर्दछ । पुरुषत्वको मान मर्यादाको पालन गर्नुपर्दछ । सूर्य, चन्द्रमा, समुद्र, रूखहरूले झैँ संसारलाई प्रकाशमय, जलमय र छहारीमय बनाउन सक्नु पर्दछ भन्ने कुरालाई प्रस्तुत गर्दै आदर्श पुरुषको मार्गदर्शन गरिएको यस कथामा ऐस आराम र विलासिताले मात्तिएको मानिलाई विवेकहीन, राक्षस, पशुको रूपमा हेर्दै सैरन्ध्रीद्वारा भनिएको छ- *महाराज हजुरको सालो कीचकमा पुरुषत्वको लेश पनि छैन । आज म गन्धर्वकी पतिव्रता पत्नीमाथि यसरी हातपात गर्न खोज्नु राक्षसत्व हो* (पृष्ठ : ७२)

शोषण, अत्याचार र हिंसा अधर्म कार्य हुन् । बदरीनाथद्वारा धन सम्पत्तिले मात्तिएको पुरुषलाई पुरुषत्वको ज्ञान र अध्यात्म चिन्तनको पाठ सिकाउन खोजिएको छ । आध्यात्मिक दर्शनले हरेक मानवले वास्तविक पुरुष भएर जीवनमा सत् मार्गको अवलम्बन गरेर असल काम गर्नुपर्दछ । बदरीनाथ भट्टराई सत्कर्म, सत् विचारको भावना लिएर अगाडि बढेका व्यक्तित्व हुन् । उनी नारीमाथि अत्याचार हुनुहुँदैन भन्ने भावना राख्छन् । धर्मात्मा र परमबुद्धिमान मानिसले कहिल्यै अनुचित कार्य गर्नु हुँदैन । सैरन्ध्री दुरात्मा कामी पुरुष कीचकको व्यवहारबाट अत्यन्त आत्तिएकी थिइन् । उनले आफ्ना माइला पति बल्लव (भीम) लाई भेटेर आफ्ना सारा दुःखको वृत्तान्त बताएपछि भीमले आफ्ना दाजु धर्मराज युधिष्ठिरको सत्यपरायणताबाट आफूहरूले अनेक कष्ट भोग्नु परेको कारण बताउँदै भनिएको छ- *कस्तो सत्यको पक्षपात ! बाह्र बर्षसम्म वनवासको कष्ट र एक वर्षको गुप्तबासको यस्तो भयंकर कष्ट भोग्नु पर्दा पनि धैर्यशील धर्मराज आफ्ना भाइहरू र पत्नीलाई सहन गर भन्दछन्, के यो क्षत्रियको धर्म हो र ?* (पृष्ठ : ७३) ।

कथामा धार्मिक र आध्यात्मिक दृष्टिकोण प्रस्तुत गर्दै भौतिक शरीरको मोहप्रति असहमति जनाउँदै सम्पूर्ण प्राणीमा दया, सेवा, परोपकारको भावनाको विकास गरी जीवन पद्धतिमा धार्मिक आध्यात्मिक चिन्तन बढाई न्याय, अन्यायप्रति कर्तव्यबोध हुनु पर्ने कुरा उल्लेख गरिएको छ ।

### ५.२६.३ निष्कर्ष

कथामा धर्म, दर्शन, पाप, पुण्य, राजनीति, न्यायनीति, दण्डनीति, पुरुषत्वको ज्ञान, कर्तव्य बोध, जनताको रक्षाको लागि राजाले खेल्नुपर्ने भूमिका आदिको बारेमा लेखिएको छ ।

पौराणिक इतिहासलाई निहाल्दा पनि नारी शक्तिको महिमा अपरम्पार छ । सामाजिक संस्कार, धनसम्पत्तिले मातिएका पुरुषहरूका कारण नारीलाई कमजोर बनाइएकोमा बदरीनाथ भट्टराईद्वारा असहमति प्रकट गर्दै मानिसमा दया, माया, करुणा विवेक हुनु पर्दछ भन्ने मानवतावादी उद्घोष गरिएको छ । न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनको प्रयोग भएको दान, धर्म, कर्म, यज्ञ, भक्ति, लगायतका कर्मानुष्ठानबाट मोक्षप्राप्ति हुन्छ भन्ने भावलाई उजागर गरिएको यस कथामा स्वच्छन्द राजाको परिकल्पना गरी हरेक मनुष्यलाई कामवासनाबाट टाढा रहनुपर्ने सन्देश प्रदान गरिएको छ ।

## ५.२७ सीमन्तिनीको दैनन्दिनी कथा विष्लेषण

बदरीनाथ भट्टराईले पौराणिक उपख्यानको कथावस्तुलाई *सीमन्तिनीको दैनन्दिनी* कथाको स्रोत बनाएका छन् । वि.सं २०१० सालमा प्रकाशित गरिएको यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गरिएको छ ।

### ५.२७.१ कथासार

पौराणिक संस्कार झल्केको यस कथामा दुर्मुख संवत्सर माघ कृष्ण त्रयोदशी भनेर पौराणिक तिथि मितिलाई समय निर्धारण गरेर आफ्नो वैवाहिक जीवनको प्रारम्भदेखि मिलनको क्षण अनि विछोड हुनुको कारण, सोमबारको व्रत तथा भगवान् शिवको पूजा अर्चना, मन्त्र, जप आदिमा तल्लीन भएको कुरा उल्लेख गरिएको छ । राजकुमारी सीमन्तिनीको राजकुमार चित्रांगद्सँग विवाह हुन्छ । दुवै पति-पत्नीमा अत्यन्त गहिरो प्रेम भएको हुन्छ । उनीहरू वनविहार गर्न तथा सिकार खेल्न जाने गर्थे । जलक्रीडा गर्न जाँदा नाउ पल्टिएर राजकुमार हराउँछन् । पछि पुरोहितबाट राजकुमार चित्रागद्को मृत्यु भएको समेत घोषणा हुन्छ । सीमन्तिनी सती जान तयार हुन्छिन् । उनका ससुरा अर्थात् चित्राङ्गद्का पिताले सीमन्तिनीलाई सती नजान निर्देशन दिन्छन् । सती नगएपछि राजकुमारी सीमन्तिनीले वैदिक विधि अनुसार आफ्नो पतिको मृत्यु पछिको अन्तिम संस्कार सम्पन्न गर्छिन् ।

पुत्रशोकका कारण राजाले आफ्नो राजकाज राम्रोसँग सञ्चालन गर्न सक्दैनन् । शत्रुहरूबाट निषध देश माथि हमला हुन्छ । ससुराको शक्ति बलले मात्र केही नलाग्ने देखेपछि धर्नुवाण लिएर सीमन्तिनी पनि युद्धमा जान्छिन् र युद्धमा आफ्नो बल पराक्रम र

बहादुरी देखाई स्त्री जातिको नाम उच्च राख्न रानी सीमन्तिनी सफल देखिन्छिन् । जति बल देखाउँदा पनि तयारी र तालिम नभएका कारण विपक्षीको नै जीत हुन्छ । स्त्री जातिलाई मार्नु हुन्न भन्ने पूर्वीय मान्यतालाई विपक्षीहरूले पनि आत्मसात् गर्दछन् । सीमन्तिनीलाई पाता कसेर विपक्षी राजाका सामु लगेर हाजिर गराइन्छ । सीमन्तिनीको बहादुरी र सौन्दर्यबाट विपक्षी शत्रु राजा विलास वर्मा उनीप्रति मुग्ध भएर अनेक प्रशंसा गर्दै आफ्नी रानी बन्न प्रस्ताव राख्दछन् । पुरुषार्थ राजा चित्रवर्माकी छोरी, राजकुमार चित्रांङ्गदकी धर्मपत्नी, पतिव्रता, कर्तव्यनिष्ठ सीमन्तिनीले राजाको उक्त प्रस्तावलाई तिरस्कार गर्दछिन् । त्यसको फलस्वरूप सीमन्तिनीलाई राजाले झ्यालखानामा हाल्छन् ।

झ्यालखानामा बस्दा उनले सधैँ भगवान् शिवजीको पूजा आराधना गर्दै तिन वर्ष मौनव्रत बसेकी हुन्छिन् । हरेक दिन फलफूल मात्र खाएर मौनव्रत गरेकी सीमन्तिनीले सोमबार चाहिँ निराहार बस्ने गरेकी हुनाले, भगवान् शिवको भक्तिको कारण उनै कामी राजा विलासवर्माले उनलाई जेलमुक्त गर्न आदेश दिन्छन् । जेलबाट निस्केपछि यमुना नदीमा स्नान सिध्याएर जप गरिरहेको अवस्थामा राजा चित्राङ्गदसँग एक्कासि भेट हुन्छ । दुवै पति पत्नी खुशी र आनन्दले हर्षविभोर हुँदै श्रीसूक्तको पुरश्चण सहित, पाठ पूजा, होम आदि गर्छन् । जसका कारण उनीहरूमा आध्यात्मिक शक्तिबल प्राप्त हुन्छ । उनीहरूले आफ्नो राज्य आफ्नै देशमा फर्काउनु पर्ने आफूहरूको कर्तव्य सम्झन्छन् । र दुवै पति पत्नी भएर राज्यका लागि शत्रु राजासँग लडाइँको तयारी गर्दछन् । आध्यात्मिक शक्ति प्राप्त गरेका पति पत्नी दुवै भएर लडाइँ गरी राज्यलाई पुनः आफ्नै हातमा लिन उनीहरू समर्थ भएका हुन्छन् ।

केही समयपछि सारा राजपाठ छोराको हातमा सुम्पेर दुवै दम्पति नैमिषारण्यमा गएर तपस्या गरेर बस्छन् । उक्त स्थलमा नै राजा चित्राङ्गदको मृत्यु हुन्छ । रानी सीमन्तिनीले सती जाने निधो गरेको प्रसङ्गलाई समेत उल्लेख गरिएको डायरी शैलीको मुख्य कथावस्तु भएको यो कथा अत्यन्तै मार्मिक र पाठकहरूको हृदय पग्लने किसिमको रहेको छ ।

### ५.२७.२ सीमन्तिनीको दैनन्दिनी कथामा आध्यात्मिक दर्शनको प्रभाव

सत्यप्रेमी, धर्म संस्कृतिका अनुयायी, आस्तिक, दर्शनका पक्षधर भट्टराई वेद वेदान्त अनुकूल आचरण गर्न मन पराउने व्यक्ति भएकाले यस कथामा धर्म, संस्कृति, परम्परा, मानवधर्म, कर्मयोग आदिको ज्ञान पात्रहरूलाई गराएर पाठकहरूलाई आध्यात्मिक दर्शनतर्फ

आकर्षित गराउन सफल रहेका छन् । कथामा पौराणिक जगत्का राजा महाराजाहरूको शक्ति, उनीहरूको व्यावहारिक जीवनपद्धति, उनीहरूमा भएको आध्यात्मिक संस्कार, सामाजिक रीतिरिवाज, दैनिक चालचलन, पौराणिक भाषाशैलीको मिश्रित रूपको (साधारण उखान टुक्का) प्रयोग भएको ऐतिहासिक विषयवस्तमा आधारित एउटी असल, सत्चरित्र भएकी पतिव्रता साहसी नारीको प्रमुख भूमिकाको प्रयोग गर्दै भनिएको छ- *प्रत्येक सोमबारको व्रत गरी शिवजीको मन्त्र जप्नु* (पृष्ठ : ७९-८) ।

शिवलाई माङ्गलिक, कल्याणकारी र आशुतोष देवता भनेर चिनिन्छ । शिव हिन्दूहरूका तिन प्रधान देवता (त्रिमूर्ति) हरू मध्येका तेस्रो देव हुन् जसको काम भक्तको कल्याण र सृष्टिको संहार गर्नु हो । शिव शब्द वा पदले मोक्षपद, परमानन्द र पावन अर्थ तथा शैववाद, अद्वैतवाद, ब्रह्मवादका अनुयायी भन्ने बुझाउने गरेको पाइन्छ । यस्ता भगवान् शिवको व्रत भक्ति आराधना गरेर आफूमा आउन लागेको नराम्रो दशालाई शान्त पार्ने काम सीमन्तिनीको माध्यमबाट प्रस्तुत गर्दै भनिएको छ - *३ वर्षको मौनव्रत अब पूरा भयो । आजसम्म त शिवजीको भजन गर्थे, अनि खाली फलफूल खान्थे । सोमबारको दिन चाहिँ त निराहार बस्थें । शिवजीको पूजा सिध्याएर प्रसाद लाउन लाग्दा भगवान्को कृपाले उनी जेलबाट मुक्त भइन्* (पृष्ठ : ८३) ।

भगवान्को पूजा, पाठ र साधनाद्वारा आत्मशान्ति हुन्छ भन्ने आध्यात्मिक मान्यतालाई यस कथामा आत्मसात् गरिएको छ । हरेक आपतविपतमा मानिसले कहीबाट पनि समस्याको समाधान नभएपछि भगवान्को आराधना, व्रत, पूजा, पाठ, जपतप गर्दछ । संसारको सृष्टि वास्तवमा भ्रम हो । क्षणिक आनन्दका लागि मनुष्यहरू दौडिरहेका छन् भन्ने भाव रहेको यो कथा वेदान्त दर्शनसँग नजिक रहेको छ । आध्यात्मिक साधनाबाट प्राप्त ज्ञानले मानिसलाई समस्याको समाधान भएको अनुभूति हुन्छ, जसका कारण मानिसले भगवान्लाई आत्मादेखि नै भजन गर्न सुरु गर्दछ भन्ने आध्यात्मिक विश्वास रहेको कुरालाई उल्लेख गर्दै भनिएको छ - *यमुना नदीमा मध्याह्नमा स्नान सिध्याएर एकाग्र मनले जप गरिरहेको थिएँ* (पृष्ठ : ८३) ।

श्रवण, मनन, निदिध्याशन ज्ञान प्राप्तिको लागि आवश्यक रहेको हुन्छ भन्ने वैशेषिक दर्शनमा भौतिक तथा आध्यात्मिक विज्ञानसँग सम्बन्धी मानवीय जीवन मुक्तिका लागि भगवत्त्व प्राप्ति आवश्यक हुन्छ भन्ने कुरा यहाँ प्रासङ्गिक रहेको छ । गृहस्थ धर्मको रक्षाका

निमित्त मानिसले हरेक समय भगवान्‌को भक्ति गर्नु पर्दछ । जसले गर्दा शान्ति प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई सीमन्तिनीले आत्मसात् गरेकी हुनाले भगवान् शिवको अनुग्रह प्राप्त गरिन् भन्ने भावलाई कथाकारले यहाँ देखाएका छन् । आत्मज्ञान प्राप्तिका लागि वैदिक धर्म र कर्मकाण्डमा आधारित मीमांसा र वेदान्त दर्शनको प्रभावले यस कथाका पात्रहरूलाई उच्च बनाएको देखिन्छ । कति कोशिस गर्दा पनि मैले आँखा चिम्लेर हृदयाकाशमा शिवजीको ध्यान गर्न सकिन । यो तेजिलो चेहरा भएका तरुण तपस्वी को होलान् ? तपस्वीको नजिकै धनु र ठोक्रो नदेखेको भए पनि मलाई त्यस्तो अचम्म लाग्ने थिएन भन्दै भनिएको छ- *परपुरुषलाई हेर्नु बिल्कुल पाप हो भन्ने विचार कता हरायो कता* (पृष्ठ : ८३) । योग दर्शनले मानिसको चञ्चल तथा विचलित मनलाई निरोध गर्दछ भन्ने अर्थमा आफ्नो घरपरिवारबाट अलग्ग भएर बस्नु परेको अवस्थामा राजकुमार चित्राङ्गद भगवान् भक्तिको सहारामा तपस्या गर्न पुगेको प्रसङ्ग एकातिर छ भने रानी सीमन्तिनीले जप गर्दा गर्दै मन भ्रान्ति भएको एकजना तपस्वीले उनको मनलाई चञ्चल बनाएको परपुरुषलाई हेर्नु बिल्कुल पाप भनेर मानवीय धर्म र कर्मको जानकारी गराइएको भए तापनि आफ्ना पतिसँगको विछोडले दुःखित भएकी सीमन्तिनीलाई कताकता अदृष्य रूपमा पतिको झझल्को आएको जस्तो आभास यस कथामा पाइन्छ । राम्रो काम गरे पुण्य कमाउन सक्ने र नराम्रो काम गरेमा पाप हुने कुरा उल्लेख गरी मानिसले अनैतिक काम गर्न नहुने विषयलाई कथाकारले यहाँ सचेत बनाएका छन् ।

*सन्ध्या सिध्याएर उनी म भएतिरै आए* (पृष्ठ : ८३) । गृहस्थ जीवनको उद्धारका क्रममा कथाकारद्वारा धर्म, कर्म, जपतप, ध्यानको ज्ञान गराएर मानिसलाई आध्यात्मिक मार्गतिर आकर्षित तुल्याई वियुक्त पति पत्नीको पुनर्मिलन गराएको पाइन्छ । त्यस्तै पतिपत्नीको पूनर्मिलन पश्चात् गृहस्थीको बाटो रोज्ने वा सन्यासको बाटो रोज्ने भन्ने उनीहरू बिच सल्लाह हुँदा भनिएको छ- *तिमीसँग बिछोड हुँदा मैले यो बाटो रोजेको थिएँ अब हुन्न* (पृष्ठ : ८४) ।

गृहस्थ धर्म नै सबभन्दा ठूलो धर्म हो । सृष्टिको क्रममा सबैले आ–आफ्नो जिम्मेवारीलाई पूरा गर्नु पर्दछ र अन्तमा आफ्नो जिम्मेवारी पूरा भएपछि भगवत्त्व प्राप्तिमा लाग्नु पर्दछ भन्ने वेदान्त दर्शनको सैद्धान्तिक आधार बमोजिम कथाकारले राजकुमारको रायमा राजकुमारी सीमन्तिनीको पनि सहमति गराएर श्रीसूक्तको पुरश्चरणको समेत ज्ञान

गराएका छन् । *भक्तिपूर्वक एकहजार आवृत्ति पाठ र पूजा तथा होम समेत राजकुमारले गरिबक्स्यो* (पृष्ठ : ८४) ।

कथाकारले सनातन धर्मको रक्षा र गृहस्थ धर्मको पालना तर्फ पाठकहरूलाई आकर्षित गराएका छन् । भट्टराईले सनातन धर्ममा रहेर सबैले धर्म र कर्ममा आधारित कर्मानुष्ठानबाट मोक्ष प्राप्त हुन्छ भन्ने मान्यता रहेको मीमांसा दर्शनको अनुशरण गर्नु नै भगवान्को कल्याण प्राप्त गर्नु हो भन्दै राजकुमारले आफ्नो आध्यात्मिक बल र पत्नी सीमन्तिनीको आत्मज्ञान र बहादुरीले पुनः लडाइँ गरेर आफ्नो देशलाई हातमा लिंदै भनिएको छ,- *आफ्नो सारा राजपाठ आफ्नो उत्तराधिकारी छोराका हातमा सुम्पेर हामी दुवै दम्पती यो नैमिषारण्यमा आएर तपस्या गरिरहेका थियौं* (पृष्ठ : ८४) ।

पौराणिक विषयवस्तुमा आधारित ऐतिहासिक परम्पराको झलक प्रस्तुत गरिएको यस कथाको सुरुमा सती प्रथाको विरोध गरिएकोछ भने अन्तमा सती प्रथालाई निरन्तरता दिन खोजिएको छ । सांस्कृतिक परम्परागत कुरीतिलाई पनि उभ्याएर यस्तो परम्परालाई निरुत्साहित गर्दै भक्ति दर्शनले पूर्ण गृहस्थ जीवनको उपयोगलाई विशेष महत्त्व दिइएको यस कथामा व्यावहारिक जीवन पछिको सन्यास आश्रमलाई पनि मान्यता दिइएको छ ।

### ५.२७.३ निष्कर्ष

आत्मा र जगत्को सम्बन्ध भोगवान् शरीर, भोग साधन इन्द्रिय, भोग्य पदार्थको कारणले हुने गर्दछ । यी विषयहरू आत्माका बन्धनहरू हुन् । जब आत्माको शरीरसँगको सम्बन्ध सकिन्छ तब सुख- दुःख सबै समाप्त हुन्छ र मोक्ष प्राप्त हुन्छ । सीमन्तिनीको दैनन्दिनी कथा चित्रवर्माकी पुत्री सीमन्तिनी र राजा चित्राङ्गदको प्रेम प्रसङ्गमा आधारित रहेको छ । सीमन्तिनीको डायरीको रूपमा ती दुईको मिलन, विछोड र भगवान् भक्तिबाट पूनर्मिलनको प्रसङ्गले कथामा वैशेषिक, योग, मीमांसा र वेदान्त दर्शनको उपस्थिति गराइएको छ भने संयोग र विप्रलम्बको श्रृङ्गारिक प्रसङ्गलाई उपस्थित गराएर कथालाई अझ मार्मिक, हृदयस्पर्शी र आध्यात्मिक बनाइएको छ ।

## ५.२८ सुन्द र उपसुन्द कथा विष्लेषण

बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक बालकथा सङ्ग्रहबाट यस *सुन्द र उपसुन्द* कथालाई साभार गरिएको हो । गद्य महाभारतको विदुरागमन राज्यपर्वको दुईसय आठ अध्यायदेखि एकसय एघार अध्यायसम्मको उपाख्यानलाई उपजीव्य बनाएर रचना गरिएको यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गरिएको छ ।

### ५.२८.१ कथासार

महाभारतकालीन दैत्यहरूको नाम र चरित्र भएको यस कथालाई बदरीनाथले सामान्य बालकथाको रूपमा रचना गरेका छन् । कथाको सुरुमा सुन्द उपसुन्दको राम्रो चारित्रिक विशेषता देखाई दाजुभाइमा अत्यन्त प्रेम भएको बताइएको छ । कथामा उनीहरू दुवै विलासी जीवन व्यतीत गरिरहेका हुन्छन् । धन, सम्पत्ति, जवानी, बल र बहादुरीको उन्मादले उनीहरूको मन विलासितामा भड्किन्छ । एउटी सुन्दरी कन्यालाई देखेर उक्त कन्या आफूले नै प्राप्त गर्ने लोभले दाजुभाइबिच ठूलो विवाद हुन्छ । उनीहरू तरबार नै झिकेर घम्सा घम्सी युद्ध गर्न थाल्दछन् । फलस्वरूप दुवै दाजुभाइको शिर काटिएर भुईंमा दुईको चार भई उनीहरूको जीवन लीला समाप्त भएको हुन्छ । यस कथाको स्रोत महाभारतमा भगवान् ब्रह्माजीको तपस्या गरेर वरदान प्राप्त गरेका सुन्द र उपसुन्दमा अत्यन्त घमण्ड चढेर स्वर्गका देवताहरूलाई समेत अनेक तरहले दुःख दिन थालेका हुन्छन् । सुन्द, उपसुन्दको आक्रमणवाट दुःख पाएका देवताहरूले ब्रह्माजीको आराधाना गर्दछन् । देवताहरूको आराधनाबाट प्रसन्न भएका ब्रह्माजीबाट देवताहरूको रक्षाका लागि र सुन्द, उपसुन्दको विनाशका लागि अत्यन्त सुन्दरी कन्या तिलोत्तमाको सृष्टि गर्न विश्वकर्मालाई भनिन्छ । ब्रह्माजीको आत्मज्ञानबाट विश्वकर्माद्वारा खडा गरिएको तिलोत्तमाको रूप र जवानीमा मस्त भएका सुन्द उपसुन्द तिलोत्तमालाई कसले प्राप्त गर्ने भन्ने आफू-आफैको विवादका कारण उनीहरू दुवै दाजुभाइको जीवन विनास भएको मुख्य कथावस्तु नै यस कथाको कथासार रहेको छ ।

### ५.२८.२ सुन्द र उपसुन्द कथामा आध्यात्मिक दर्शनको प्रभाव

मानिसको पूर्व जन्मको संस्कारका कारण फरक फरक बुद्धिको निर्माण भएको हुन्छ । फरक फरक बुद्धिको कर्म पनि फरक फरक नै हुनजान्छ । सात्त्विक बुद्धिको परिणाम उत्तम

रहेको हुन्छ । रजको मध्यम परिणाम रहेको हुन्छ भने तमको दुःखी परिणाम रहेको हुन्छ भन्ने आध्यात्मिक मान्यता रहेको छ । शरीरले स्वयम् कर्म गर्दैन । बुद्धिको खटनपटनमा कर्म गर्ने गराउने बुद्धि वा मन नै हो । सुख दुःखको अनुभव गराउने पनि मन हो भन्ने आध्यात्मिक ज्ञान प्राप्त गरेका बदरीनाथद्वारा यस कथाका पात्र सुन्द, उपसुन्दलाई तामसी बुद्धिको रूपमा परिचित गराउँदै भनिएको छ- *आफूले राम्रो शिक्षा दीक्षा प्राप्त गरी हरेक विद्यामा पारङ्गत भइसकेपछि सुन्द र उपसुन्द घोर तपस्यामा मग्न हुन्छन्* (पृष्ठ : ५) ।

चित्तवृति निरोध भनेर चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने योग दर्शनको प्रभावलाई कथाकारले सुन्द उपसुन्दको तपस्यासँग जोडेका छन् । धेरै समयको तपस्या पश्चात् ब्रह्माजीबाट सुन्द-उपसुन्दलाई वरदान प्राप्त हुन्छ । आध्यात्मिक योग साधनाबाट सिद्धि प्राप्त गरेका सुन्द-उपसुन्दद्वारा ब्रह्माजीलाई अनुरोध गरिएको विषयलाई कथामा प्रस्तुत गरिएको छ ।

संसारमा सबभन्दा ठूलो कहलाउने बल, धन, जवानी र बहादुरी समेत कमाएका सुन्द, उपसुन्दले बल, विद्या र बुद्धिको घमण्ड देखाउँदै, पौराणिक राजाहरूलाई हाँक दिन थाले । उनीहरूमा कुबुद्धि बढ्दै गयो । मदिरा सेवनदेखि अनेक उन्माद उत्पन्न हुने उत्शृङ्खलपन सृजना हुने कुराको सेवन गर्दै देवताहरूलाई दुःख दिन थाले । जसको कारण देवताहरूले ब्रह्माजीको आराधना गरेका थिए । आसुरी शक्तिले मनुष्यमा घमण्ड, रिस, राग, ईर्ष्या बढाउँछ त्यसैले हरेक मनुष्यले आसुरी शक्ति त्याग गरी दैवी शक्तिको आश्रय लिनुपर्दछ भन्ने भाव बदरीनाथको रहेको छ ।

यस कथामा धर्मको रक्षाको निम्ति अधर्मको विनाश गर्न भगवान् आफूले सृष्टि गरेको कुरालाई आफैबाट नाश गर्न लागिएको प्रसङ्ग उल्लेख गरिएको छ । आध्यात्मिक मीमांसा दर्शनका अनुसार हरेक मानिसले आफ्नो धर्म र कर्म अनुसारको फल प्राप्त गर्दछ भन्ने सिद्धान्त बोकेका बदरीनाथले आसुरी शक्ति प्राप्त गर्न पनि योग साधना आवश्यक हुन्छ भन्ने कुरा बताएका छन् ।

सुन्द, उपसुन्दले पहिला भगवान् भक्तिमा लीन भई योग साधनामा तल्लीन भएर तपस्या गरेका हुनाले पूर्ण आध्यात्मिक बल र शक्ति प्राप्त गरे भने पछि उन्माद र घमण्डका कारण भएको शक्ति पनि नष्ट गराए । उनीहरूमा भएको ज्ञान, बुद्धि, विवेक, शिक्षा, दीक्षा

सबै नाश भयो । उक्त समयको कुबुद्धिले गर्दा उनीहरूको मति भ्रष्ट भएर आफ्नो जन्मलीला उनीहरू आफैबाट समाप्त गरे । अध्यात्मवादका अनुसार दुःखको आत्यन्तिक निवृत्ति दुःखको कारण अज्ञान हो, दुःखनाश नै मोक्ष हो भन्ने भौतिक तथा आध्यात्मिक विज्ञानमा आधारित यस कथामा सुन्द, उपसुन्दको चरित्रद्वारा मनुष्यलाई तामसी प्रवृत्ति छोडेर सात्त्विक कर्म गर्नु पर्ने मार्गदर्शन गरिएको यस कथामा आध्यात्मिक विद्यामा पारङ्गत भट्टराई आसुरी शक्तिले आफ्नै विनाश हुने कुरा यहाँ व्यक्त गर्दछन् ।

अतः बदरीनाथ भट्टराईको यस कथामा आध्यात्मिकता त्यति नपाइए तापनि महाभारत कथाको स्रोत भएको हुनाले भौतिक सुख र आसुरी शक्ति प्राप्त गर्नका लागि सुन्द, उपसुन्दले योग साधनामा तल्लीन भएर बरदान प्राप्त गरेको प्रसङ्ग सुरुमा देखाई अन्तमा आफ्नै घमण्डले विनाश भएको देखाएर आध्यात्मिक शक्तिको महिमालाई उच्चता प्रदान गरिएको छ ।

### ५.२८.३ निष्कर्ष

सकाम कर्मले अभिमान नाश हुँदैन । जन्म मरण चक्र पनि छुटदैन । निष्काम कर्मले मानव ज्ञानमार्ग खुला हुन्छ भन्ने भावना भएका बदरीनाथले माया, परब्रह्म, परमात्माको शक्ति हो । मायालाई शक्ति, अज्ञान, प्रवृत्ति आदिको संज्ञा दिइन्छ तापनि यसलाई जान्न सकिंदैन । संसाररूपी कार्यको हेराइबाट मात्र माया छ भन्ने अनुमान गर्न सकिन्छ । मायाले नै चेतना दृष्टिलाई भुलाई मनुष्यमा भ्रम सिर्जना गरिदिन्छ । त्यसैले ब्रह्मको उपासना गरेर जगत्को तमासामा नभुल्नु नै तत्त्वज्ञान प्राप्ति हो भन्ने कुरालाई सुन्द उपसुन्दको विनाशसँग जोडिएको यस कथामा चित्तवृत्ति निरोध र निष्काम कर्मयोगको सन्देश दिइएको छ ।

## ५.२९ कान्तिमती कथा विष्लेषण

आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गरिएको यो कथा नारी प्रधान चरित्रमा आधारित रहेको छ । यस कथालाई बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक बालकथा सङ्ग्रहबाट साभार गरिएको हो ।

### ५.२९.१ कथासार

पौराणिक जगत्का असल चरित्र भएका महत्त्वपूर्ण नारीहरूमध्ये कान्तिमती पनि एक हुन् । घरव्यवहारमा निपुण र सरल सिधा स्वभाव भएकी, पतिको सेवामा रमाउने, सत्यधर्म र मानवधर्मको विशेष पालनकर्ता *कान्तिमती* पौराणिक जगत्की सत् पात्र हुन् । उनको शाकल शहरमा श्रीवत्स नाम गरेका ब्राह्मणसँग बिहे भएको थियो । श्रीवत्स कामुक पुरुष थिए । उनी आफ्नी पतिव्रता श्रीमती कान्तिमती सोझी भएकीले त्यसको फाइदा उठाउँदै एउटी चञ्चले सुन्दरी वेश्यासँग आकृष्ट भई बस् उठ् गर्न थालेका थिए । आफ्ना पतिको खराब चरित्र थाहा पाएपछि कान्तिमती सम्झाउने गर्थिन् । तर गलत मानसिकता बोकेका श्रीवत्सले उनको कुराको मत्लवै राख्दैन थिए । कान्तिमतीले जति सम्झाउँदा पनि श्रीवत्समा परिवर्तन आएन । परिणाम स्वरूप श्रीवत्सलाई भगन्दर रोग लाग्छ । रोग लागेपछि वेश्याले उनलाई छोडेर जान्छे । दाजुभाइले पनि उनको पतित स्वभावका कारण छोडिदिन्छन् । श्रीवत्सको द्वैध चरित्र थियो । उनी नैतिक दृष्टिले पतन, आचरणबाट च्युत, नीच, अधर्मी र भ्रष्ट स्वभाव भएका व्यक्ति थिए । श्रीवत्स आफ्नी पतिपरायणा श्रीमतीलाई वेवास्ता गरी उनका असल वाणीको पर्वाह नगरी वेश्याको मोहनीमा फसेका थिए । श्रीमती कान्तिमतीले यस्तो कुकार्य नगर्नुहोस् भनेर जति सम्झाउँदा पनि श्रीवत्सले मानेका हुँदैनन् । जसका कारण पाप धुरीबाट कराउँछ भनेझैं उनलाई भगन्दर रोग लाग्दछ । तर कर्तव्यपरायण पतिव्रता, ज्ञान र धर्मले परिपूर्ण असल नारी कान्तिमती आफ्नो पतिको सेवामा हरसमय तल्लीन रहेकी हुन्छिन् । पति सेवा गर्नु अर्थात् मानव धर्मको पालना गर्नु नै हिन्दू नारीको धर्म हो भन्ने कुरामा उनी विश्वास गर्दछिन् ।

सत्य नै धर्म हो, ज्ञान नै जीवन हो, भन्ने कुरालाई मनन गर्दै अगाडि बढ्न सकेमा भ्रष्ट पति (पुरुष) लाई पनि पत्नीको असल व्यवहारबाट सही मार्गमा ल्याउन सकिन्छ भन्ने महत्त्वपूर्ण कथासार यस कथाको रहेको छ ।

### ५.२९.२ कान्तिमती कथामा आध्यात्मिक दर्शनको प्रभाव

सम्पूर्ण दर्शनको सार समेटिएको ग्रन्थ श्रीमद्भगवद्गीताको उपदेश आजको मानिसको निम्ति अनुकरणीय बन्न सक्छ । मानवधर्म, मानवजीवन र कर्मका बारेमा मानिसलाई ग्रहण गर्दै सच्चा अध्यात्म र सनातन सन्देश दिएका गीताका मुख्य उपदेश लोक

कल्याणका लागि हो (सिन्हा, १९८३ : ५४) । मानवकल्याणका लागि आध्यात्मिक साधना आवश्यक रहेको हुन्छ । अमृतमय अध्यात्मिक दर्शनको ज्ञान नभएका मानिसमा कुभावनाले बास गर्दछ । उनीहरूको आँखामा कालो पट्टी लाग्दछ । तत्कालीन समयमा उनीहरूले केही कुरा पनि बुझ्न सक्दैनन् । तसर्थ मानवीय कुकर्मबाट उद्धार गर्न अमृतमय आध्यात्मिक वाणीको आवश्यकता पर्दछ । यदि मानिसले अध्यात्मज्ञान नबुझी अनेक पाप कर्महरू गर्दै अगाडि बढ्यो भने उनीहरू आफैले व्यावहारिक कष्ट सहन गर्नुपर्दछ । तरह तरहका दु:ख कष्ट सहन गर्नुपर्दछ र मृत्यु पश्चात् पनि पुनर्जन्म लिइरहनु पर्ने बाध्यता हुन्छ अर्थात् जन्म र मृत्युको चक्करमा रुमल्लिईरहनु पर्दछ भन्ने पूर्वीय दर्शनको मान्यता रहेको छ ।

बदरीनाथ भट्टराई नारी र पुरुषलाई समान रूपले हेर्ने विद्वान् हुन् । उनले पौराणिक जगत्का नारी स्वतन्त्रता र उनीहरूको शक्तिलाई उल्लेख गरेर आजको नारी पुरुषबिचको विविधतालाई मुक्त गराउन खोजेका छन् । *कान्तिमतीको एकोहोरो पतिव्रता धर्म थियो । पतिले एकपत्नी व्रतधर्ममा रहनु र पत्नीले पतिव्रता धर्ममा रहनु योग्य कुरा हो* (पृष्ठ : ४५) ।

पति र पत्नी एक रथका दुई पाङ्ग्रा हुन् । दुवैले एक अर्काप्रति सम्मान गर्दै मानव धर्मको पालना गर्नुपर्दछ । जसले गर्दा गृहस्थ धर्मको रक्षा हुन्छ भन्ने मान्यतालाई प्रस्तुत गरिएको यो कथा आध्यात्मिकभन्दा पनि गृहस्थधर्म, मानवधर्म र कर्मयोग अर्थात् सत्कर्ममा आधारित छ ।

### ५.२९.३ निष्कर्ष

पूर्वीय दर्शनका आधारभूत तत्त्वहरू ईश्वर, आत्मा, धर्म, मोक्ष, शरीर, मन, सुख-दु:ख, मानवधर्म र कर्मयोग सम्बन्धी विषयमा केन्द्रित रहेर गृहस्थ मानवलाई आध्यात्मिक ज्ञान प्रदान गर्ने उद्देश्य राखिएको यस कथामा विशेष गरेर न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनको प्रभाव पाइन्छ । कान्तिमतीको सत् चरित्र र श्रीवत्सको असत् चरित्रका बारेमा उल्लिखित यस कथामा असत् चरित्र भएको अज्ञानी पुरुषलाई सत् चरित्र भएकी ज्ञानी महिलाले आफ्नो आध्यात्मिक ज्ञान विवेक र मानवधर्मले सत्चरित्रको विकास गराउन सक्दछिन् भन्ने ज्वलन्त उदाहरण प्रस्तुत गरेर अध्यात्मिकताको मार्ग दर्शन गरिएको छ ।

## ५.३० साक्षात् देवता कथा विष्लेषण

बदरीनाथ भट्टराईको *साक्षात् देवता* कथाको स्रोत श्रीमद्भागवत् महापुराणको पाँचौं स्कन्धको नवम अध्यायमा वर्णित भएको ब्राह्मण कुलमा जन्म भएका जडभरतको चरित्र र उनको राजा रहूगणसँग भेट वार्ता भएको विषयवस्तुमा आधारित रहेको छ । यस कथालाई आध्यात्मिक दर्शनले परिपूर्ण श्रीमद्भागवत् तथा विष्णु पुराणको द्वितीय स्कन्धको चौधदेखि सोऽ्ह अध्यायसम्मको कथावस्तुमा पनि वर्णन गरिएको पाइन्छ । बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गरिएको छ ।

### ५.३०.१ कथासार

अङ्गिरा गोत्रमा जन्म लिएका ब्राह्मण कुलका जड भरतको अघिल्लो जन्म मृग रूपको थियो । पूर्वजन्मको पनि जानकारी प्राप्त गर्ने आध्यात्मिक सिद्धि प्राप्त गरेका जड भरतले अघिल्लो मृगरूपी शरीर त्यागेपछि ब्राह्मण कुलमा जन्म लिन आएका थिए । धर्म, कर्म र आत्मिक गुणले सम्पन्न भगवान् विष्णुका भक्त राजा जड भरतलाई आफ्नो पूर्वजन्मको पूर्ण ज्ञान भएका कारण आफू व्याहारिक जन्जालमा फसेर फेरि फेरि जन्म लिइरहनु नपरोस् भनेर जडको रूप प्रदर्शन गरेका थिए । उनी आफ्नो वास्तविक पहिचान उक्त समाजलाई गराउन चाहँदैन थिए । तसर्थ उक्त लोकमा आफ्नो तेजमय प्रकाश, विद्या, बुद्धि, धर्म, आत्मज्ञान आदिलाई छिपाउनका लागि कोहीसँग पनि घुलमिल नभएर छुटै हिंडडुल गर्ने गर्दथे ।

कथाका अनुसार उनका अरू धेरै दाजुभाइहरू थिए । त्यसमा पनि जेठा र माहिला दाजुभाइसँगै उनी बस्थे । घरको कामको कुनै पनि जिमेवारी चाहिं नलिने, तर अराएका कामहरू भने कुनै पनि सङ्कोच नमानी गर्ने बानी उनले लिएका थिए । घर परिवारले दिएको खाना जस्तोसुकै भए पनि खाएर सन्तुष्टि लिने उनको बानी थियो । घरको जिम्मेवारीपूर्ण काम नगरेको भनेर दाजु भाउजूहरू उनलाई राम्रो व्यवहार गर्दैन थिए । उनकी एक सहोदर बहिनी थिइन् । सौतेनी दाजु भाउजुले आफ्ना दाजु जडभरतलाई नराम्रो व्यवहार गरेको देखेर उनी दु:खी हुँदै सौतेनी भाउजू र दाजु भरतलाई सम्भ्फाउने गर्दथिन् । जडभरतको सीधा सोभ्फो चरित्र थियो । उनको यस्तो चरित्रको फाइदा सौतेनी भाउजू र

दाजुले उठाएका थिए । उनीहरू उनलाई काममा मात्र जोताउने तर खान भने राम्रो नदिने अनेक तरहका गाली गलौज गर्ने गर्दथे । यिनी घर खेतको सम्पूर्ण कामहरू जस्तै भारी बोक्ने, दाईं गर्ने, खेत खन्ने, आली लाउने, पानी पठाउने आदि काम गर्थे तर घरपरिवारका सदस्यले यिनलाई भुस मिसाएको कनिकाको रोटी खान दिन्थे तापनि यिनी केही बोल्दैनथे । यत्तिकैमा एकदिन घर छोडेर बाहिर डुलिहिंड्दा बाटामा राजा रहुगणलाई बोकेर हिड्ने डोलेहरूले उनलाई देखेर बोलाएर जबरजस्ती पाल्की बोक्न लगाउँदछन् । धर्मात्मा जडभरत बाटामा किराफट्याङ्ग्रालाई कुल्चिन्छ कि भनेर जोगाई जोगाई बिस्तारै हिड्छन् । उनको यस्तो व्यवहार देखेर राजा रहुगणले सोध खोज गर्दा भरतले बोलेका वाणीबाट राजा रहुगणले यी राजा भरत नै हुन् भनेर थाहा पाएको कुरा श्रीमद्भागवत् र विष्णु पुराणमा बताइएको छ भने भट्टराईको यस कथामा चाहिँ मेधा ऋषिले जडभरतको परिचय गराएको कुरा उल्लेख गरिएको छ ।

जडभरत असल चरित्र भएका साधु भोले व्यक्ति थिए । जुनसुकै मानिसले जस्तोसुकै गालीगलोज, अन्याय, अत्यार गर्दा पनि सहन गर्ने क्षमता उनले बोकेका थिए । एकदिन जडभरतलाई डाँका, चोरहरूले भद्रकालीमा लगेर बली दिन खोज्दा पनि उनले सहज रूपमा स्वीकार गरी घाँटी थाप्छन् । जड तत्त्व बोकेका भरतको रक्षाका लागि साक्षात् भगवती भद्रकाली प्रकट भई डाकुँ, चोरहरू स्वयम् कै बली चढाएको प्रसङ्ग पनि कथामा उल्लेख गरिएको छ ।

यस कथामा जडभरतको चरित्र साक्षात् भगवान्को जस्तै थियो । हरेक कुरालाई पराजित गर्ने आध्यात्मिक शक्तिलाई जडभरतले अघिल्लो जन्मको धर्मबाट नै प्राप्त गरेका थिए । सत्य धर्मका पालनकर्ता, जनताको रक्षक, विश्वविख्यात सर्वगुण सम्पन्न राजा भरतले आफू सिकार खेल्न जाँदा मृगलाई देखेर उसप्रति अगाध माया प्रेम जीवनको अन्तसम्म पनि गरेका हुनाले भगवान्ले पुनर्जन्मको रूपमा मृग रूपको जन्म गराएका थिए । कसैलाई पनि बढी माया र प्रेम गरियो भने मानिस जन्म मृत्युको चक्करमा परिरहनु पर्दछ भन्ने पूर्वीय दर्शनको मान्यता बमोजिम मृगको जन्म भोग्न बाध्य भएका जड भरतलाई पूर्वजन्मको बारेमा पूर्ण ज्ञान थियो भन्ने कुरा पुराणहरूमा उल्लेख गरेको पाइन्छ । पूर्वजन्ममा मृगप्रति माया प्रेम र आशक्ति भएको हुनाले मृग भएर जन्मनु परेको पीडा बोकेका जड भरत यस जन्ममा कुनै पनि गल्ती गरेर पुनः जन्मन चाहंदैन थिए । त्यसैले उनले मृगयोनी पछिको

पूनर्जन्म लिंदा मुक्तिको मार्ग पछ्याउन जड भरको रूप लिएका हुन भन्ने आभास यस कथाको विषयवस्तुले दिएको छ ।

### ५.३०.२ साक्षात् देवता कथामा आध्यात्मिक दर्शनको प्रभाव

संसारमा मानिसहरूले दुई प्रकारका प्रवृत्ति बोकेका हुन्छन् । एक असल प्रवृत्ति, असल काम, सत् विचार, सद्गुणीपन, सत्य धर्मको पालना गर्ने हुन्छन् भने अर्काथरी खराब प्रवृत्ति भएका, धर्मको पालना नगर्ने, पापी, नकारात्मक सोच भएका, सबैको कुभलो चाहने हुन्छन् । यही क्रममा जडभरतको चरित्र धर्मको पक्षमा रहेको थियो । आफ्नो प्रारब्ध धर्मको कारणले तपस्वी भरत भगवान् आराधनामा, कर्म योग अनुष्ठानबाट च्युत भएर अघिल्लो जन्ममा मृग योनीमा जन्म लिन पुगेका थिए । मानव धर्म विपरीत काम नहोस भनेर निरन्तर रूपमा आफ्नो वास्तविक आत्मज्ञानी रूपलाई लुकाउन खोज्दथे भन्ने प्रसङ्गमा भनिएको छ

> *यिनले जन्मभर कुनै आइमाई माथि अत्याचार गरेनन्, पराईको धनमा कहिल्यै आँखा लगाएनन् । विलासका साधनलाई घाँस बराबर तुच्छ सम्झे, हृदयको घाउमा लोभको धुलो पारेर उकुच पल्टाएनन् बरु सन्तोषको रसले धोएर दर्द हटाए, असत्यका पर्दाभित्र छोपेर यिनले कसैलाई छकाएनन, विश्वका कुनै प्राणीलाई दोषी दृष्टिले हेरेनन् बरु आत्मभाव नै अँगाले* (पृष्ठ : ४) ।

यहाँ वैराग्य, भक्ति र ज्ञान तिनवटा मार्ग अवलम्बन गर्नु पर्ने कुरा दर्शाइएको छ । कथाकारले जड भरतको चरित्रलाई आदर्श र आध्यात्मिक रूपमा प्रस्तुत गरेका छन् । जडभरतको चरित्र नै धर्म रक्षाको पक्षमा थियो भन्ने भनाइ बदरीनाथको रहेको छ । यिनी भोका र दीन दुःखीको सेवामा कहिल्यै पछि पर्दैन थिए । ब्रह्मचर्यको सुनौलो सिंहासनमा बसेर काम, क्रोध, लोभ, मोह, मात्सर्य त्याग गरेका जडभरत दुनियाँलाई जड सम्झन्थे । यिनी जन्म, मृत्युको बन्धनबाट टाढा रहन चाहन्थे । त्यसैले परिवार र दुनियाँले आफूप्रति गरेको धर्म विपरीत व्यवहारलाई पनि उनी सामान्य सम्झन्थे । यिनी सत्य, अहिंसा र मानव

धर्मका पुजारी थिए । यिनले अहंकारलाई त्यागेर परोपकारका हजारौं विजयस्तम्भ ठाउँठाउँमा गाडिसकेका छन् भन्ने कुरालाई कथाकारले उनको चरित्रबाट प्रष्ट पारेका छन् ।

कथाको शीर्षक नै *साक्षात् देवता* राखेर कथाकारले कथालाई अध्यात्ममय बनाएका छन् । श्रीमद्भागवत्, विष्णुपुराण जस्ता महान् अमृतमय आध्यात्मिक दर्शनले युक्त ग्रन्थबाट निकालिएको यस कथामा बदरीनाथ भट्टराईद्वारा जडभरतले राजा रहुगणको पाल्की बोक्ने क्रममा भनिएको छ-*मोटो, पातलो, रोगी, व्याधि, भोक, प्यास, भय, कलह, इच्छा, बुढ्यौली, निद्रा, प्रेम, क्रोध, अभिमान र शोक यी सबै धर्म देहाभिमान लिएर उत्पन्न हुने जीवमा रहन्छ* (जोशी, २०५७ : २९५) ।

आध्यात्मिक दर्शनले मानवको धर्म रक्षा सम्बन्धी कुरालाई यहाँ उजागर गरेको छ । आध्यात्मिक ग्रन्थहरूले सधैं मानव कल्याणका लागि मार्ग दर्शन गरेका छन् । यो संसारमा मानिसले जन्म लिएर आउँदा के ल्याएको थियो र संसार छोडेर जाँदा के लान्छ भन्ने कुरालाई सोच्नु पर्दछ भन्ने भावना बोकेका बदरीनाथ भट्टराईद्वारा ईश्वर प्रदत्त उच्च मानव शरीरलाई प्राप्त गरेर पनि यदि मनुष्यको मनोकामना, स्वार्थ एवम् अभिमानले वशीभूत भएर परधनप्रति लालसा राखेर त्यसका लागि झुट, कपट, चोरी, डकैती विश्वासघात, हिंसा, हत्या आदि कुकर्म गर्छ भने अवश्य पनि उच नीच एवम् आसुरी योनिमा जन्म लिनपुग्दछ भन्ने कुरालाई उजागार गर्दै राजा रहुगणले जडभरतको परिचय पाइसकेपछि आफैलाई धिकार्दै भनिएको छ- *म कहाँसम्मको मूर्ख ? साक्षात् परमेश्वरको काँधमा चढेर मन्दिरको बाटो सोध्दै हिंड्ने । राजाभिमानको पर्दाले मेरा आँखा कसरी छोपिएका । तै बल्दो आगो टेक्दा पनि म पोलिइनँ । अझ उल्टो अमृतको धारा पिउन पाएँ । धन्य ! महात्मा* (पृष्ठ : ३) ।

जुन देशमा ब्रह्मण, राजा, ज्ञान, रक्षाभाव र अर्थबोधको प्रयोग मिलेर प्रवृत भएको हुन्छ त्यो देश पुण्य देश, कल्याण कारक देश, लोकतन्त्रात्मक देश बन्दछ । आत्मज्ञान प्राप्त गरेका राजा अर्थात् नेतामा त्यो ज्ञान हुन्छ भन्ने प्रसङ्गमा रहुगणको ज्ञानसँग जोड्दै आत्मा, परमात्मा, सृष्टि, परब्रह्म, मोक्ष जस्ता विषयमा विशेष अभिरूचिपूर्वक र व्याख्या गरिएको यो संसार सबै ब्रह्ममय छ (सबै ब्रह्ममय जगत्) तर व्यवहार भेदका कारण मिथ्या ज्ञानले गर्दा अनेक रूपको ज्ञान भएको भन्ने धारणलाई कथाकारले उजागर गरेका छन् । उनको विचारमा राजा रहुगणले डोरीलाई सर्प देखेर सर्पको भान भए जस्तै जडभरतलाई नचिन्दा

भ्रम भएको हुन्छ । मानव धर्म र वैदिक दर्शनका अनुयायी, सत्य र अहिंसाका पुजारी बदरीनाथद्वारा भनिएको छ-

> *मुख्य कुरा के हो भने यिनमा पूरा मानवता, सत्य र अहिंसाका आधारमा सुरेली खेल्दै यिनी चन्द्रसूर्यभन्दा पनि माथि पुगिसकेका छन् । परोपकारका हजारौं स्तम्भ यिनले गाडिसकेका छन् । अहंकारको ठुटो उखेलेर फ्याकिसकेको हुँदा यिनमा समता पनि पर्याप्त छ, मैले त यिनलाई साक्षात् देवता नै भनेको छु* (पृष्ठ : ५) ।

कथाकारले यहाँ न्याय दर्शनको सिद्धान्तलाई जडभरतको चरित्रसँग जोडेका छन् । जडभरत भगवान्का सच्चा भक्त भएका हुनाले उनलाई हरेक विपत्तिबाट भगवान्ले जोगाउनु भएको छ भन्ने कुरालाई उजागर गरेका छन् । भगवान्को सच्चाभक्तमा काम, क्रोध, लोभ, मोह, केही पनि हुँदैन । उसमा केवल त्यागको भावना मात्र विद्यमान रहन्छ । भगवत्त्व प्राप्त गरेको व्यक्ति भगवान्को अर्को रूप हो । ऊ साक्षात् देवता समान पूजनीय हुन्छ भन्ने विचारलाई कथाकारले यहाँ औल्याएका छन् । जडभरतको अन्तः स्थितिमा एक किसिमको उन्मेष देखिन्थ्यो । रहुगणको पत्थरिलो हृदय पग्लेर आँखाबाट निस्किरहेका आँसुले जड भरतको पाउमा परेर उनको आफ्नो मनभित्रको मैला पखाल्न लाग्यो । जड भरतका मुखबाट निस्किएका दिव्य आलोकले रहुगणको अन्तःस्करण आफ्से-आफ चहकिलो भयो भन्ने कुरालाई कथाकारद्वारा आत्मिक रूपमा प्रस्तुत गरिएको छ । दिव्य आध्यात्मिक शक्ति प्राप्त गरेका व्यक्ति परमात्माको आनन्द रसलाई प्राप्त गरेर आनन्दमय बन्दछन् । आनन्दमय प्रभुमा रमाउदै साधक जीवन मुक्त हुन्छ । त्यसमा उत्तम गुणहरूको विकास भएर, त्यो मनुष्य तत्त्वबाट माथि उठेर देव बन्दछ भन्ने कुरालाई बदरीनाथले जड भरतको चरित्रसँग संयोजन गराएर रहुगुणको चरित्रलाई पनि सत् चरित्रको रूपमा प्रस्तुत गरी कथालाई पूर्ण आध्यात्मिक दर्शनबाट प्रभावित बनाएका छन् ।

### ५.३०.३ निष्कर्ष

पूर्वीय दर्शनभित्रका धर्म, दर्शन, संस्कृतिको प्रभावलाई प्रस्तुत गरिएको यस कथामा आत्मज्ञानी योगी पुरुष जडभरतले ब्राह्मण कुलमा जन्म लिएर जडरूप धारणा गरी आफूले

पूर्वजन्ममा गरेको पापको कटौती गरेका छन् । मानव धर्म र कर्मबाट मानवको कल्याण हुने उपायहरू बताउँदै बदरीनाथ भट्टराईले आफ्नो असली ब्रह्मज्ञानी रूपको पहिचान गराई कथालाई पूर्ण रूपमा अध्यात्ममय बनाएका छन् । श्रीमद्भागवत् तथा श्रीविष्णुपुराण आदि वैदिक दर्शनबाट अनुप्रामाणित दया, धर्म, सत्य, मानवता र अध्यात्मतत्त्वको उपदेशात्मक कर्म र मुक्ति मार्गको पहिचान यस कथामा गराइएको छ । ज्ञान अनन्त छ । दैवी र आसुरी ज्ञानका दुई भाग छन् । एउटै ज्ञान आध्यात्मिक संसारमा दुईवटा रूप धारण गरेर अनन्त बनेको छ । त्यस अनन्त रूप प्राप्त भएको ज्ञानको सत्स्वरूप र असत् स्वरूपको बोध गरी असल ज्ञानलाई सत्मार्गमा समुचित रूपले व्यवहारमा उर्तान सक्नु नै असल मनुष्यत्व हो भन्ने आध्यात्मिक सन्देशको उद्घोष यस कथामा गरिएको छ ।

## ५.३१ धनको मोह कथा विष्लेषण

आध्यात्मिक दर्शनको आधारमा रचना गरिएको यो *धनको मोह* कथा वि.सं. २०१० सालमा प्रकाशित बदरीनाथ भट्टराईको पौराणिक बालकथा कथासङ्ग्रहबाट साभार गरिएको हो ।

### ५.३१.१ कथासार

लोभी ब्राह्मण कदर्यको जीवन चरित्रमा आधारित यस कथाको स्रोत पौराणिक कथा हो । मानव धर्मको विधान अनुरूप मानिससँग धन नभए पनि मन हुनुपर्दछ । लोभी कदर्य आफ्नी सुशील शान्त पत्नी र छोराछोरीहरूलाई भरपेट खान र लाउन पनि नदिई धन जोगाइराख्छन् । पछिको लागि चाहिन्छ भनेर धन सञ्चय गर्ने कदर्य ब्राह्मण साह्रै लोभी थिए । उनकी जेठी बुहारीको मृत्यु हुँदा पनि धन खर्च हुन्छ भन्ने डरले छोराहरूलाई अरू मलामीलाई खबर नगरिकन आफूहरू मात्र गएर अन्तिम संस्कार गरेर आओ भन्दथे । पाप धुरीबाट कराउँछ भनेझैं त्यसै राति कदर्यलाई विपत्ति आइलाग्छ । कुनै एउटा बदमासले जन्मदैको मृत बालकलाई शालनाल सहित उनको घरमा छोडिदिन्छ । लोभी कदर्य उक्त पोकोलाई धनको पोको हो कि भन्ने ठानेर लिन जाँदा उक्त पोकामा मृत नवजात शिशु रहेको हुन्छ । त्यो देखेर उनी तर्सिई घरबाट पर फ्याक्न पुग्छन् । उनले फालेको नवजात शिशुको पोको कसैले देखेको हुन्छ र उनले फालेको पोको देख्नेहरूले पुलिसमा खवर गरी दिन्छन्; जसका कारण सिपाहीहरू आएर उनलाई नै दोषी ठानी समातेर लान्छन् । अड्डामा

हाकिमले उनलाई सोधपुछ गर्दा सही प्रमाण दिन नसकेपछि उनी जेलमा पर्दछन् । धन खर्च गरेर निक्लन्छु भन्दा उल्टै उनलाई अपराधी ठहऱ्याईन्छ ।

केही समय पछि अदालतले सय असर्फीको जमानतमा छोड्ने फैसला सुनाउँछ । आफू जेलबाट विना जमानत घर जान नपाउने भएको हुनाले माहिला छोरालाई असर्फी ल्याउनको लागि ढुकुटीको साँचो दिएर पठाउँछन् । उक्त छोरो घरबाट बाबुलाई छुटाउन पैसा लिएर जेल फर्कँदैन । कदर्यसँग जमानतको रूपैयाँ नभएपछि जेलबाट पूरा सजाय हुन्छ । उनी धेरै समय जेलमा बिताउँछन् । अदालतको सजाय समाप्त भएपछि उनी घर फर्केर जान्छन् । घरमा पुग्दा आफ्नी पत्नीको मृत्यु भइसकेको हुन्छ । आफूले साँचेको ढुकुटी रित्तो पारिएको हुन्छ । उनीबाट सोधपुछ गर्दा छोराहरूबाट चोरले लग्यो भन्ने जवाफ पाउँछन् । गाडेको धन पनि छोराहरूले आफ्नो हक सम्झेर खोसेर लिइसकेका हुन्छन् । कदर्य अन्त्यमा दुःखी हुन्छन् । जे जस्तो भए पनि आत्मसात् गरेर बसेका कदर्यलाई छोरा बुहारीले अनादर गरेर घरबाट निकालिदिन्छन् ।

अतः यस कथामा पूर्वीय नेपाली संस्कृति अनुरूप धन कमाएर तत्काल खर्च गर्नुहुँदैन । धनलाई अप्ठ्यारो परेको बेलाको लागि जोगाएर राख्नु पर्छ । सन्तानको लागि केही सम्पत्ति सुरक्षित राखिदिनुपर्छ भन्ने सामाजिक मान्यता अनुरूप कमजोर आर्थिक अवस्था भएका कदर्य ब्राह्मण थोरै कमाएको धनलाई पनि खर्च नगरेर सञ्चित गर्न पट्टी लाग्दछन् । आफ्नो जीवनको दुःखलाई सम्झेर कदर्यको मनमा वैराग्य उत्पन्न हुन्छ । वैराग्य जीवन व्यतीत गर्दा गर्दै उनमा आफ्से-आफ ज्ञान प्राप्त हुन्छ । उनीले दुःखको कारण आफ्नै मन नै हो रहेछ भनी जीवनको अन्तमा भगवान् प्राप्तिको साधनामा लागेको मुख्य कथासार यस कथाको रहेको छ ।

## ५.३१.२ धनको मोह कथामा आध्यात्मिक दर्शनको प्रभाव

आध्यात्मिक धर्मका अनेक भेदहरू रहेका छन् । ती सबै धर्महरू पुरुषार्थ सिद्ध गर्ने साधन हुन् । ती धर्महरू आध्यात्मिक (आत्मा, परमात्मा सम्बन्धी) आधिदैविक (देवता) र आधिभौतिक (पञ्चमहाभूत सम्पन्न पदार्थ सम्बन्धी) चिन्तनभित्र पर्दछन् । यी तिनै प्रकारका चिन्तन मानिसको शरीरमा रहेका तत्त्वहरूमा सन्निविष्ट छन् भन्ने आध्यात्मिक ज्ञान प्राप्त बदरीनाथद्वारा लोभमुक्त रहनु पर्दछ भन्ने प्रसङ्गमा भनिएको छ -*रातदिन पसिना चुहाएर*

*धन थुपारि राख्नु हो र ! आधा पेट सिवाय जहानहरूले खान पाउदैनन् । फू: गर्दा ढल्लान् जस्तै भइसके !* (पृष्ठ : २९) ।

गृहस्थ जीवनको सन्तुष्टि व्यावहारिक आवश्यकताको पहिचान गरी कार्य गर्नु हो । गाँस, बास र कपास मानवीय आवश्यकता हुन् । खाना पनि नखाई धन थुपार्नु लुब्धपन हो । यहाँ कदर्यको व्यवहार मानवधर्म र कर्म विपरीतको भएको कुरालाई लोभ मोहका कारण आफ्नो कर्तव्य भुलेका मानिसहरू प्रति व्यङ्ग्य गर्दै भनिएको छ-

> *के कुरा गर्छ्यौ तिमी, धेरै खानेलाई जस्तो रोग थोरै खानेलाई लाग्दैन । वास्तवमा रोगको मूल कारण अपच नै हो । बेसरी घिउ सीत खाने गरेको भए म उहिल्यै मरिसक्ने थिएँ होला, म दुब्लो छु, त्यसले के भयो र ! उहाँ ऋषिमुनिहरू महिनौसम्म नखाँदा पनि कस्ता तगडा हुन्छन् । बस यौटा कुरा तिमीलाई थाहा छैन होला । हिमालयतिर एउटा बुटी पाइन्छ । त्यो खाएपछि महिना दिनसम्म भोक लाग्दैन ! फेरि तागत पनि गल्दैन । त्यो बुटी ल्याउन पाए त ढुकुटी कति चाँडो भरिदो हो* (पृष्ठ : २९) ।

कथाका मुख्य पात्र कदर्यमा धनको लोभका कारण आँखामा अन्धकारको पट्टि बाँधिएको छ । उनी जतातत‍ै धन सञ्चित गर्ने मात्र सपना देख्छन्, जुन मानवधर्म विपरीत अज्ञानको चरमोत्कर्ष हो । लोभले मानिसलाई अन्धकारतिर धकेल्छ भन्ने सात्त्विक भाव भएका बदरीनाथले यहाँ ऋषिहरूको उदाहरण दिएर सात्विक हुनुपर्ने सन्देश प्रदान गरेका छन् । लोभले मानिसमा नकारात्मक भावना पैदा हुन्छ । वर्तमानलाई वास्ता नगरेर भविष्यको चिन्तामा डुब्नु सामाजिक मूल्यमान्यता विपरीतको कुरा हो । जन्म, मृत्यु मनुष्य जीवनको नियमित प्रक्रिया हो भन्ने प्रसङ्गमा कथामा माहिला छोराको मुखबाट भनिएको छ- *घाँस काट्न जानु भएकी जेठी भाउज्यूलाई कालो सर्पले टोकेर भुतुक्कै हुनुभएछ, अब के गर्ने ?* (पृष्ठ : ३०)

मृत्युपछिको अन्तिम संस्कार आध्यात्मिक परम्परा हो । यसलाई हरेक मानिसले पूरा गर्नुपर्दछ । यस्ता कर्मका लागि धन दौलतको कुनै पर्वाह नै हुँदैन भन्ने भावलाई उजागर

गर्दै कदर्यद्वारा भनिएको छ - *साँझ पर्न लागिसक्यो । अब बेर गर्नुहुँदैन । दाजुको मन पनि त राखिदिनु पर्छ नि ! तिमीहरू नै बोकेर लैजाओ । आधी दाह संस्कार भइसकेपछि हाडसाड सिप्रामा लगेर हुर्‍याईदिनु कुरा बुझिस् लौ जा* (पृष्ठ : ३०) ।

कथाकार भट्टराईले कदर्यलाई यहाँ मानवधर्म, संस्कृति, सामाजिक मर्यादा र नैतिक मूल्य मान्यताको पनि ख्याल नगरी बस्ने धनलुप्त अज्ञानी मानवका रूपमा उभ्याएका छन् । उनलाई यस्तो अवस्थामा खर्च भएको धनको पनि असाध्य लोभ लागेको छ । धन सञ्चित गर्नु आवश्यकतामा खर्च गर्नका लागि हो भन्ने कुराको समेत विवेक कदर्यलाई हुँदैन । उनीद्वारा भनिएको छ- *जति कम खर्च गरौ भन्यो उति बढ्ता खर्च हुने घटना पर्छन्, अब यसको अन्त्य क्रिया नगराउँ भने भएन गराउँ पनि कसरी !* (पृष्ठ : ३०) । बदरीनाथले अझ बढी धनको लालच गरेको प्रसङ्ग देखाएर धनलुप्त मानिसहरूलाई व्यङ्ग्य गरेका छन् । कदर्यको लोभी स्वाभावले गर्दा उनको जहान परिवारले उनलाई आदर सत्कारका रूपले हेर्दैनन् । उनले जम्मा गरेको सम्पत्ति पनि अनेक जाल-झेल गरेर छोरा बुहारीले लिन्छन् । जमिनमुनि गाडेको सम्पत्ति लिन खोज्दा पनि छोरा बुहारीले रखौटी आमालाई दिन लागेको हो भनेर आरोप लगाई खोसेर लिन लाग्दा कदर्यद्वारा भनिएको छ - *तिमीहरूकी आमा बाहेक अरू स्त्रीलाई आजसम्म मैले छोएकै छैन बाबा !* (पृष्ठ : ३४) ।

पुरुषमा पनि पत्नीव्रता धर्मको प्रभाव पूर्वीय दर्शनमा पाइन्छ । सत्य बोल्नु र नीति नियममा रहनु नै पौराणिक समयको कानून हो भन्ने विषयमा दृढ बदरीनाथद्वारा मृतशिशु आफ्ना घरबाट पर लगेर फ्याँक्दा अन्यायमा परेका कदर्यका माध्यमबाट भनिएको छ - *न्यायको तरबार हातमा लिएर अन्यायको पर्दा फार्नु हुनेछ भन्ने मलाई पूर्ण विश्वास छ, शरणको मरण नहोस्* (पृष्ठ : ३२) ।

न्याय दर्शनमा आधारित यस कथामा सामाजिक नीति नियम र तत्कालीन ऐन र शासन व्यवस्थाको प्रभावलाई पनि छुवाइएको छ । पौराणिक समयको सामान्य मानव जीवनमा आधारित यस कथामा सोझासिधा धन लुब्ध मानिस कसरी अन्यायको फन्दामा फस्दो रहेछ भन्ने ज्वलन्त उदाहरण प्रस्तुत गरिएको छ ।

जगत् अज्ञानले ढाकिएको छ । तमो गुणका कारण मानिसमा प्रकाश (आत्मज्योति) प्राप्त हुँदैन । लोभका कारण मानिसले मित्र तथा आफन्तको समेत त्याग गर्दछ । आशक्तिका

कारण स्वर्ग तथा मोक्षको कल्पना पनि गर्न नसक्ने मान्छेलाई आध्यात्मिक भावना तर्फ मोड्दै भनिएको छ - *प्रदोष भएकोले महाकालेश्वरको दर्शन गर्न मानिसहरू धुइरिएका थिए* (पृष्ठ : ३३) । कथामा तीर्थ, व्रत, ध्यान, पूजा, पाठ, यज्ञ, भगवान्को मन्दिर र मूर्तिको दर्शन आदि पूर्वीय ऐतिहासिक धार्मिक संस्कृति हुन् । यस्ता धरोहरलाई जोगाएर राख्ने काम कथा मार्फत् बदरीनाथ भट्टराईले प्रस्तुत गरेका छन् ।

आत्मज्ञान प्राप्तिको मूल लक्ष्य लिएको यस कथामा पनि अज्ञानका कारण कदर्यले लोभ गरेर जीवनलाई अनेक तरहले दुःख दिन्छन्, जब उनलाई वास्तविक जीवनको ज्ञान हुन्छ तब उनी ईश्वर भक्तिमा लाग्छन् भन्ने कुरालाई देखाउँदै भनिएको छ-

> *तिमीहरू कै रक्षा गँरुला भनेर जुन धन पसिना काढेर मैले जोडेको थिएँ, आज त्यसैले मेरो पेटीको बास गरायो । भैगो संसार यस्तै स्वार्थी रहेछ बरु यतिञ्जेल परमेश्वरको भजन गरेको भए कति हुन्थ्यो ? तर यो मप्रति भगवान्को अनुग्रह हो भन्ने ठान्दै, मैले चेतना पाएँ* (पृष्ठ : ३४) ।

कथाका प्रमुख पात्र कदर्यले आफूले लोभ गर्दा भोग्नु परेका सम्पूर्ण कुराको प्रायश्चित्त गरी भगवान् भक्तिमा आकर्षित हुँदै भगवान्बाट अप्रत्यक्षरूपमा गरेको अनुग्रहलाई स्वीकार गराउन बदरीनाथ सफल भएका छन् ।

कदर्यले आफ्नो लोभी मनस्थितिका कारण उत्पन्न भएको दुःखलाई आफ्नै लोभी मनका कारणले हो भनी स्वीकार गर्दा उनको अज्ञानरूपी आँखा खुल्छन् । उनको भित्री आँखा अर्थात् भगवान् भक्तिको लागि तन, मन र वचनले हृदय खुल्ला भएपछि भनिएको छ- *अब म कहीं जान्न, फेरि कसैले कसैलाई दुःख दिएको पनि हैन । वास्तवमा दुःखको कारण आफ्नै मन हो* (पृष्ठ : ३५) ।

बदरीनाथ भट्टराईको कदर्य मानसिकता जीवन चरित्रमा आधारित कथा हो । यस कथामा कदर्यले आफ्नो अज्ञानताका कारण सुरुमा धन सञ्चित गर्ने लोभमा फसेर आफू र आफ्नो कर्तव्यलाई बिर्सेका छन् । पछि आफ्ना परिवारबाट धोका पाएपछि उनीहरूको रुष्ट व्यवहारबाट दुःखी भई वैराग्यत्ता प्राप्त भएर भगवान्को शरणमा परी आत्मज्ञान प्राप्त गरेका कुरालाई प्रस्तुत गरी कथाकारद्वारा आध्यात्मिकता प्रदान गरिएको छ ।

### ५.३१.३ निष्कर्ष

अज्ञानताका कारण मानिस लोभी, पापी बन्दछ जब उसले आध्यात्मिक ज्ञान प्राप्त गर्दछ तब उसका सम्पूर्ण पापहरू क्रमश हराउँदै जान्छन् र मानिस आत्मज्ञानी, ब्रह्मज्ञानी बन्न पुग्दछ भन्ने पूर्वीय आध्यात्मिक दर्शनको मान्यता बोकेका भट्टराईले सकाम कर्म र सगुणोपासनाले जीवनलाई जन्म मरण चक्रको भूलभूलैयामा फसाउने हुनाले निष्काम कर्म र श्रवण, मनन् र निदिध्यासनद्वारा आत्मा साक्षात्कारमा लागिरहनु पर्ने सन्देश प्रदान गरिएको यस कथामा योग, वैशेषिक, वेदान्त र मीमांसा दर्शनको आध्यात्मिक रसले परिपूर्ण रहेको छ ।

## ५.३२ माहिलो छोरो आनामानी कथा विष्लेषण

श्रीमद्भागवत् महापुराण कथाको नवम स्कन्धको सातौं अध्यायमा वर्णित राजा त्रिशंकु र हरिश्चन्द्रको कथालाई उपजीव्य बनाएर रचना गरिएको यस कथालाई बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको हो । सत्यनिष्ट, प्रतापी राजा हरिश्चन्द्र र गरीब ब्राह्मणको गरीबी र दरिद्रतासँग जोडिएको *माहिलो छोरो आनामानी* कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गरिएको छ ।

### ५.३२.१ कथासार

यस कथाको कथानक अजीगर्त ब्राह्मणको कमजोर आर्थिक अवस्थाका कारण उनीहरूको पारिवारिक अवस्था अत्यन्त दयनीय, गरीबी र भोकमारीको पीडाबाट सुरु भएको छ । सत्य युगको समय र वातावरण परिवेशमा आधारित अजीगर्त ब्राह्मणले गरिबीको कारण आफ्ना तिन छोराहरूको पेट भर्न सकेका हुँदैनन् । उनीहरूको कमाइ गरी खाने खेतीपाती, व्यापार, व्यवसाय, जागिर आदि केही पनि हुँदैन । केवल ब्राह्मणको रूपमा भिक्षा माग्न घर घर गएर कसैले केही दिए भने मात्र आफ्नो जहान परिवारलाई खान दिन सक्दथे नत्र भने आफू र घरपरिवार भोकभोकै बाँच्न बाध्य हुनुपर्ने पीडादायी अवस्था उनीहरूको थियो । एकदिन सत्ययुगका सूर्यवंशी राजा हरिश्चन्द्रको दरबारमा राजाको जलोदर रोगको निवारणका लागि मनुष्यको वली दिनुपर्ने कुरा गुरु पुरोहितहरूले बताउँदा राजाले बटुकको खोजीमा मानिसहरू पठाएका हुन्छन् । उक्त राजाका मानिसहरूले चारैतिर बली दिनको लागि बटुक खोजी गर्दा कोही नभेटिएकोले घर फर्कँदै गर्दा अजीगर्तका घरमा बास बस्न

पुग्दा उनका माहिला छोरा शुनःशेफ भेटिन्छन् । अत्यन्त गरिबीको पीडाबोधका कारण शुनःशेफलाई राजाका यज्ञमा बली चढाउन उनका बाबुआमाले बेचिदिन्छन् । शुनःसेफलाई यज्ञको नजिक लगेर किलामा बाँधिन्छ । उनी अनेक किसिमले रुँदै कराउदै बाव् आमा पुकार्छन् , उनको पीडा सुन्ने त्यहाँ कोही हुँदैनन् । ऋषि विश्वामित्रले शुनःशेफको उक्त क्रोदनलाई सुनेर त्यहाँ गई शुनःशेफलाई सम्भाई बुझाई गर्दछन् ।

विश्वामित्र ऋषिले राजा तथा गुरु वशिष्ट ऋषिलाई पनि शुनःशेफको दर्दनाक स्थितिलाई देखाउँदै अनेक तरहले सम्भाउँदै विन्ति गर्दछन् । शुनःसेफलाई पनि वरुण देवताको ध्यान गर्न, मन्त्र जप्न दिन्छन् । गुरु वशिष्टले पनि राजा र प्रजा दुवै बराबरी भएका हुनाले मान्छेको बली चढाउन नहुने कुरा त्यस यज्ञ सभामा पहिले नै गरिसकेका हुन्छन् । तर मन्त्रीहरूले नमान्दा बटुकले यस्तो भोग्नु परेको हो भन्ने कुराको जवाफ दिंदै राजाको पनि बटुकको पनि कल्याण हुने उपाय बताउँछन् । वशिष्ट ऋषिले पुनः बटुकलाई पनि अझ पूर्ण रूपमा आत्मादेखि नै वरुणको जप ध्यान गर्न लगाउँछन् । शुनःशेफ र गुरु वशिष्टको ध्यान तपस्याबाट वायुदेवता खुशी भएर त्यही प्रकट भइ शुनःशेफको मौलो काटिदिएर मुक्त गरिदिन्छन् । यस्तो मनुष्यको बली दिने दर्दनाक शुनःशेफको समस्या समाधान भई मुक्त भएकोले सारा जनता खुसी भएको कथावस्तु यस कथाको मुख्य कथासार रहेको छ ।

## ५.३२.२ माहिलो छोरो आनामानी कथामा आध्यात्मिक दर्शनको प्रभाव

माया परब्रह्म परमात्माको अव्यक्त बीज रूप शक्ति हो । बह्मको चेतना प्राप्त गरे पछि मनुष्य निराकार बन्दछ । संसारमा जे जति दृश्यहरू रहेका छन् यी सबै माया हुन् । संसार विचित्रताको सृष्टि मायाकै लिला हुन् । बदरीनाथ भट्टराई विशेष गरी साङ्ख्य र वेदान्त दर्शनका अनुयायी हुन् । यिनीद्वारा यस कथामार्फत अजीगर्त ब्राह्मण र उनका छोरा शुनःशेफको कारुणिक जीवन पद्धतिलाई मानव धर्मसँग जोड्दै भनिएको छ -

> *म कुन देवताको राम्रो नाउँ उच्चारण गरुँ ? मौलोबाट छुटाएर यो विशाल संसारमा मलाई कसले फुक्का गरिदेला; जसमा मेरा आमा, बाबुको मुख म फेरि देख्न पाउँछु ? हे देवता, मेरो*

*माथितिरको पासो माथितिरबाटै फुकाइ दिनुहोस् अनि बिचको बिचैबाट र तलको चाहिँ तलैबाट* (पृष्ठ : ४२) ।

पूर्वीय आध्यात्म दर्शनका अनुसार मनुष्यको कर्मयोगी जीवन आफ्नै कर्मको परिणाम हो । जीवात्माले आफ्नै कर्म अनुसार जन्म लिन्छ  र मर्छ । कर्म वासनाबाट प्रेरित हुन्छ । काम बन्धन कारक हुन्छ । जीवन धारीका तिन वटा कर्म अनिवार्य हुन्छन् । प्रारब्ध, सञ्चित र आगामी पूर्नजन्मको कर्मको फल । मानिसले यस जन्ममा भोग्ने त्यो प्रारब्ध कर्म हो, जुन सबैले भोग्नु पर्दछ भनेर यहाँ बदरीनाथद्वारा आध्यात्मिकताको परिचय दिंदै ज्ञानीले आत्मज्ञानद्वारा सञ्चित र सञ्चियमान कर्म नाश गर्दछ भन्ने आत्मज्ञानी, विद्वान् पुरुष विश्वामित्रद्वारा भनिएको छ-

*सञ्चित कर्म वर्तमान भन्दा पहिले वा अनेकौं जन्ममा गरेका कर्महरू सञ्चित भएर वर्तमानमा प्रारब्ध भएर प्रस्तुत हुन्छन् । भोग्न बाँकी आगामी कर्म यसै जन्ममा गरिएको कर्मको फलका कारण आगामी काल वा जन्ममा भोग्नु नै वास्तविक कर्म हो* (पृष्ठ : ४२) ।

कथाकारले यहाँ अजीगर्त ब्राह्मण र हरिश्चन्द्र राजाको रोग र उनको स्वार्थी प्रवृत्तिसँग जोडेका छन् । मनुष्य क्षणिक विषय भोग्नका लागि वस्तुको आनन्द प्राप्तिका निमित्त स्वार्थी भएर संसारको माया मोहमा फस्दछ भन्ने कुरालाई बदरीनाथदले प्रस्तुत गर्दै विश्वामित्र ॠषिद्वारा राजा हरिशचन्द्रलाई भनिएको छ,-

*बरु वरुणको अरू नै ध्यान, जप, पाठ उपासना गरिबक्स्योस् बली नभइ वरुण प्रसन्न हुँदैनन् भन्ने कुरा मलाई पत्यार लाग्दैन उनी त खास सात्विक देवता हुन् । हो तमोगुणी राक्षस भए अर्कै कुरा ? यदि तपाईंलाई बली दिने नै प्रबल इच्छा छ र सक्नुहुन्छ भने रोहितलाई नै ल्याएर दिनुहोस्, हैन भने यो के कुरा वास्तवमा 'भावमिच्छन्ति देवता' भन्ने सत्य हो, यसैले पीठोको बली दिए पनि हाम्रो मतलब सिद्ध भइहाल्छ भने यो कुकर्ममा लागिपर्ने किन ?* (पृष्ठ : ४३) ।

भगवान् खुशी पार्न मानवको बली दिनु धर्म विपरीत अर्थात् आध्यात्मिक दर्शन विपरीत कार्य हो । राजाले आफ्नो छोरा र जनताका छोरालाई बराबर माया, प्रेम सम्मान र अधिकार प्रदान गर्नुपर्दछ भन्ने आर्य सांस्कृतिक-परम्परा रहेको छ । सन्तान प्राप्ति, पुत्र मोह र आफ्नो व्यक्तिगत स्वार्थका लागि अर्काको जीवनलाई उत्सर्ग गराउनु महापाप हो, कुकर्म हो । भगवान्लाई खुशी पार्न जप, तप, ध्यान, तपस्या आदि आवश्यक पर्दछ । बली दिने परम्परागत विश्वासलाई अनुशरण गर्दा पीठोको बलि दिए पनि भगवान् खुशी हुनुहुन्छ । देवताहरूमा पनि सत्व, रज र तमो त्रिगुण हुन्छन् ती मध्ये भगवान् वरुण सत्वगुणी देवता हुन् । उनी मानवलाई बली चढाएर खुशी हुँदैनन् भन्ने सत्वगुणी भावना बदरीनाथ भट्टराईको रहेको छ । सासांरिक दुःख पीडालाई शुनःशेफको कारुणिक अवस्थासँग जोड्दै विश्वामित्र ऋषिद्वारा वशिष्ट ऋषिलाई सङ्केत गर्दै भनिएको छ-

> *हेर्नुहोस् मौलोमा बाँधिएको बटुकको दुर्गति ! तिनको उद्धारमा तपाईंजस्ता ब्रह्मज्ञानीले किन मन नदिनुभएको, सजातीय ब्राह्मणको यस्तो दीनदशा टुलुटुलु हेरी यतिका ब्रह्मर्षिहरू एउटाले पनि चुक्क नबोल्नु भएको देख्दा मलाई अचम्म लागिरहेछ के यही हो त कृत्य ? क्षत्रियका लागि ब्राह्मणको हत्या गर्ने ? म त भन्छु, सकभर विश्वलाई नै बन्धु सम्झनुपर्छ, त्यो कक्षमा पुग्न नसक्नेले स्वदेशीलाई बन्धु मान्नु पर्छ त्यति भएन भने पनि स्वजातिलाई अँगालो हाल्नुपर्छ, नत्र त्यस्ता जातिको उन्नति आकाशको फल हो* (पृष्ठ : ४३) ।

यस कथामा बदरीनाथले आफ्नो स्वच्छ भावना, अनुभव, सङ्घर्ष र सिद्धान्तलाई प्रष्ट रूपमा उल्लेख गर्दै मानिस निजी स्वार्थले विवेकहीन भएको कुरालाई देखाएर अन्याय-अत्याचार र हिंसायुक्त मनुष्यहरू प्रति घृणा प्रकट गर्दै व्यङ्ग्य गरेका छन् । भट्टराई दया, माया, प्रेम अहिंसा र परोपकारी व्यक्ति हुन् । उनीद्वारा पूर्वीय ज्ञान, विज्ञान, धर्मशाास्त्र, दर्शन, साहित्य र नीतिका कुराको सारलाई उल्लेख गरिएको छ । मानव समाजका कमजोरीहरू औंल्याउँदै धर्म, दर्शन, संस्कृति, मानव कल्याण, सामाजिक, नैतिक मूल्यमान्यता आदिलाई उल्लेख गरिएको यस कथामा राजगुरु वशिष्ठबाट भनिएको छ- *प्राणी*

*मात्रको कल्याण मनुष्यले चाहनु पर्छ, मैले त राजा र बटुक दुवैको भलाइको लागि वरुणसँग प्रार्थना गरिराखेको छु* (पृष्ठ : ४४) ।

आध्यात्मिक दर्शन मानवधर्म र कर्मयोगका विषयमा उल्लेख गरिएका विषयवस्तुसँग सान्दर्भिक रहेको छ । यस कथामा धर्म, कर्म र योगसाधनाबाट मानवीय चित्त निरोध हुन्छ र उसमा आत्मज्ञानको महसुस हुन्छ भन्दै कथाकारले यहाँ मानव जीवनको रक्षा गरेका छन् । उनीद्वारा शान्ति, प्रेम अहिंसा र विश्ववन्धुत्त्वको प्रचार गरी विश्वामित्र ऋषि र वशिष्ट ऋषिलाई आदर्श गुरु पात्रको रूपमा प्रस्तुत गर्दै कथालाई अध्यात्मतिर मोडिएको छ । शुनःशेफ लगायत ऋषि विश्वामित्र राजगुरु वशिष्ट आदिको भगवान् भक्ति, जप, तप, साधना, त्याग, तपस्याबाट सात्त्विक भगवान् वरुण प्रशन्न भएर यज्ञशालामा नै प्रकट भई शुनःशेफको बन्धन काटिदिएको प्रसङ्गमा भनिएको छ,-*बाबु शुनःशेफ, तिम्रो एकाग्रतादेखि म प्रसन्न भएँ, जीवनदान दिएको छु, तिम्रो कल्याण होस्* (पृष्ठ : ४४) ।

भगवान् प्राप्तिका लागि सर्वत्र ईश्वर भक्ति आध्यात्मिक दर्शनको भावमय उपदेश भएको यस कथामा भगवत् भक्तिमा तल्लीन भएर यस जन्मको दुःखबाट मुक्त भई परजन्म पनि सुधार गर्न सकिने आध्यात्मिक सन्देश प्रदान गरिएको छ ।

अतः गरीबीका कारण जेठो र कान्छो छोरालाई आफूसँग राखेर माहिलो छोरालाई बेच्न बाध्य भएका अजीगर्त ब्राह्मण दम्पतिको चरित्र प्रधान कथा वस्तु र बेचिएका माहिला छोरा शुनःशेफको बली चढ्नुपर्ने पीडादायक अवस्था, राजा हरिश्चन्द्र सन्तानको पीडाले भगवान् भक्तिमा लागेर छोरा रोहित जन्मिएको, तर जन्मदै मृत्युको मिति लिएर जन्मिएका अर्थात् वरुण देवताले छ महिना पछि आफूलाई दिनु पर्ने सर्तमा छोरो वरदान दिएका हुन्छन् । सन्तानको मुख बल्ल बल्ल देख्न पाएका हरिश्चन्द्र राजा छोरालाई वरुण देवतासँग फर्काउन चाहँदैनन् । वरुण देवताले हरिचन्द्र राजाले आफ्नो सर्त नमानेकाले यज्ञ गरेर पुत्र रोहितलाई बली दिनु भनेका हुन्छन् । आफ्नो छोरालाई बचाएर अर्को बालक खडा गरेर बली दिन लागेका राजालाई जलोदर रोग लाग्छ । रोगको पीडालाई निर्मूल पार्न यज्ञ यज्ञादि गरेर वरुण देवतालाई छोरा रोहितको साटो अरू कुनै बालकको बली चढाएर आफ्नो रोग निको पार्ने स्वार्थ बोकेका राजाले बटुक खोज्न पठाएर बली दिन ठिक्क पार्दा बालकको करुण रोदनबाट विह्वल भएका विश्वामित्र ऋर्षिले बालकलाई दिएको मन्त्रोच्चारण तथा भगवान् भक्तिमूलक आध्यात्मिक सन्देशले र वशिष्ट ऋषिले गर्नु भएको वरुण देवताको उपासनाको प्रभावले

वरुणदेवता खुशी भएर शुनःसेफको उद्धार गरिएको प्रसङ्गले यस कथामा मानव धर्म, पूर्वीय पौराणिक संस्कृति, रीतिरिवाज, चालचलन, दया, माया, करुणा, प्रेम, सङ्कट मोचनका लागि योग साधना, सामाजिक नैतिक मूल्य मान्यताका साथै पूर्वीय दर्शनको प्रभावलाई विशेष रूपमा उजागर गरिएको छ ।

### ५.३२.३ निष्कर्ष

कर्म, उपसना र ज्ञानयोग मानव जीर्णोद्धारका पद्धति हुन् । मानवमा देखापरेका लोभ, विलासी एवम् स्वार्थी प्रवृत्तिले समाज विकृत भएको छ । आध्यात्मिक मार्गको बाटो पहिल्याउनु र दुःख निवारण तथा मुक्तिका लागि आदर्श समाजको वीजारोपण गर्नु आध्यात्मिक साधकको कतर्व्य सम्झने बदरीनाथ भट्टराईले यस कथामा सफल कथाकारको रूपमा प्रस्तुत हुँदै स्वार्थी प्रवृत्तिको विरोध गरेका छन् । भट्टराईले यस कथामा संसारको सृष्टिका बारेमा, कर्मयोग, मानवधर्मका बारेमा, सुख-दुःख र मोक्षका बारेमा, वर्णन गरेर योग, वेदान्त, मीमांसा र वैशेषिक दर्शनको प्रभावलाई उजागर गरेका छन् ।

## ५.३३ घुस्माको क्षमा कथा विष्लेषण

*घुस्माको क्षमा* कथा वि.सं. २०१० सालमा प्रकाशित पौराणिक कहानी कथासङ्ग्रहबाट साभार गरिएको हो । कथाकार भट्टराईले यस कथाको स्रोत भट्टराईले पौराणिक आख्यानलाई बनाइएकाछन् । यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गर्न खोजिएको छ ।

### ५.३३.१ कथासार

पौराणिक समयका मानव जीवनको चरित्रमा आधारित यस कथाका प्रमुख पात्रहरू सुधर्मा, सुदेहा, घुस्मा रहेका छन् । सुदेहा आफूबाट सन्तान प्राप्तिको लागि अनेक उपायहरू व्रत, तीर्थ, दान, धर्म, धामी, झाँक्री र वैद्य आदिको उपाय गर्दछिन् । केही गर्दा पनि सन्तान नभए पछि दुःखी हुँदै सुदेहा आफ्ना पतिदेवलाई दोस्रो विवाह गर्न अनुरोध गर्दछिन् । पत्नीधर्म पालनकर्ता सुधर्मा श्रीमतीको अनुरोधलाई अस्वीकार गर्दै दोस्रो विवाह गर्न बेमञ्जुर गर्दछन् । बुढेसकालको साहारा सन्तान प्राप्त नहुँदा निःसन्तान भनेर अरूको अपहेलना सहनु परेको र मरेपछि पिण्ड पानी दिने पनि कोही नहुने हुनाले आफ्ना पतिदेवसँग पटक पटक

अनुरोध गर्दै झुक्याउँदै ढिपी गरेर आफ्नै बहिनी घुस्मालाई जबर्जस्ती आफ्नो पतिसँग विवाह गराएर सौता बनाउँछिन् । फलस्वरूप बहिनीबाट छोरो जन्मिन्छ । त्यो छोरालाई सुदेहाले मलाई नै देऊ भनी बहिनी घुस्मा (सौता) सँग मागी सम्पूर्ण स्याहारसुसारको जिम्मा आफैले लिई अत्यन्तै, स्नेह, माया, ममता दिएर हुर्काउछन् । समयको अन्तरालसँगै छोरा सोमश्रवा पनि ठूलो हुन्छ । उसको विवाह पनि सुदेहाको उनले नै रुचाएकी कन्यासँग उनकै नेतृत्वमा गराइएको हुन्छ । सुदेहा खुशीले दङ्ग भएर बुहारीलाई आफ्नो स्याहार, सुसार गर्न लगाई बस्दछिन् । समयको गतिसँगै सुदेहाको मन परिवर्तन हुन्छ । उनको स्वभाव अस्वाभाविक बन्दै जान्छ । उनी बुहारीलाई सेवा सुसार गर्न लगाई अनेक तरहले दुःख कष्ट दिन थाल्छिन् । जुन कुरा मानवीय हित विपरीत रहेको हुन्छ । बुहारीलाई यस्तो गर्नु हुँदैन आमा ! भनेर छोराले सम्झाउँदा उल्टै जोइटिङ्ग्रे भनेर छोरालाई समेत कटु वचन प्रयोग गरी उनी आक्रमण गर्न पुग्छिन् । आफ्नी साक्षात् देवी जस्ती बहिनी घुस्मालाई र रामजस्ता पतिलाई समेत उनी अनेक तरहबाट गाली गर्दै हिँड्छिन् । सुदेहालाई मानसिक विचलन हुन्छ । उनी छोरालाई छल गरेर छुरी रोप्नसम्म पुग्छिन् । छोरा सोमश्रवा ठूली आमाको व्यवहारबाट अत्यन्त दुःखित हुँदै आफ्नी आमा घुम्सासँग सुदेहाको नकारात्मक व्यवहारले आफू र आफ्नी श्रीमती पीडित भएको र आफू घरमा नै बस्न नसक्ने अवस्थाको सिर्जना भएको कुरा गर्दछन् । तर घुस्माले दिदी यस्तै छिन् । उनले नै तिमीलाई हुर्काइ बढाइ गरेकी हुँदा नराम्रो मान्नु हुँदैन । उनलाई क्षमा दिर्नुपर्छ भनेर सम्झाएको सुनेर सुदेहाको आँखा खुल्छ । उनी बहिनी र छोराका अगाडि आफ्नो भूलको प्रायश्चित गरेर गङ्गा किनारमा गएर बस्दछु भनी घर छोडेर हिँडेको प्रसङ्ग नै यस कथाको मुख्य कथावस्तु रहेको छ ।

### ५.३३.२ घुस्माको क्षमा कथामा आध्यात्मिक दर्शनको प्रभाव

सबै षड्दर्शनमा ब्रह्मको स्वरूपको वर्णन गरिएको छ । सम्पूर्ण जगत्को सर्वशक्तिमान् कारक र कारण नै ब्रह्म हो । ब्रह्मका परा र अपरा दुई किसिमका प्रकृतिहरू हुन्छन् । ती दुवै प्रकृतिका आ-आफ्ना शक्तिहरू हुन्छन् भन्ने आध्यात्मिक ज्ञान बुझेका धर्मशाास्त्रका ज्ञाता बदरीनाथ भट्टराई पूर्णतया धार्मिक व्यक्तित्व भएको कुरा यिनका अधिकांश कृतिहरूबाट पनि पुष्टि हुन आएको छ । पौराणिक जगत्का सामान्य मानव जीवन सम्बन्धी सान्दर्भिक उपाख्यानलाई लिएर विभिन्न कथाहरूको रचना गरेर वर्तमानका

मानिसहरूमा धर्म, संस्कृति, दया, माया, प्रेम, दान, धर्म, अहिंसा आदिको ज्ञान प्रदान गर्न बदरीनाथ भट्टराई सफल भएका छन् ।

कथालाई धर्म र संस्कृतिसँग जोड्दै सुदेहाद्वारा भनिएको छ- *म यौटा विन्ति गर्छु है ?* (पृष्ठ : ५१) । पतिप्रति आदर भावले बोल्नु, पतिको सेवा गर्नु, पतिव्रता धर्ममा रहनु पूर्वीय संस्कृतिको पालना गर्नु हो भन्ने भावना भएका बदरीनाथ भट्टराई प्रगतिशील विचार धारा भएका प्रजातान्त्रिक व्यक्ति थिए । यिनी एक अर्काप्रतिको सम्मान नै मानव धर्म हो भन्ने विचार राख्दछन् । यिनीद्वारा कथामा पति र पत्नीबिच समानता हुनुपर्ने उद्घोष गर्दै भनिएको छ- *तिमी जस्ती असल पत्नी हुँदा हुँदै त्यस्तो अत्याचार गर्ने म के कुकुर हुँ र ?* (पृष्ठ : ५१) । सदाचार, सद्विचार, सद्गुणका कारण मानिस असल हुन्छ । आफ्नी पत्नीको असल व्यवहारबाट सुधर्मा प्रभावित थिए भन्नु कथामा नैतिक सांस्कृतिक मूल्य मान्यताको प्रभाव रहेको छ भनेर देखाउनु हो । भट्टराई बुद्धिमान् मानिसले असल र खराब छुट्याउन सक्नु पर्दछ भन्ने मान्यता राख्ने विवेकशील व्यक्ति हुन् भन्ने कुरा कथा अध्ययनबाट बुझ्न सकिन्छ ।

पूवीर्य दर्शनमा पितृभक्तिलाई भगवान् भक्ति सरह मान्यता दिइएको छ । सन्तान प्राप्त भएपछि पितृहरूको उद्धार गर्नुपर्दछ र आफू मरेपछि अन्तिम संस्कारादी कर्म गर्ने जिम्मा सन्तानको रहेको हुन्छ भन्ने धार्मिक सांस्कृतिक मान्यताका पक्षपाती बदरीनाथले सुदेहाद्वारा भनिएको छ- *उसो भए पितृहरूले पिण्डपानी नपाउने भए, फेरि हामी चाहिँ नरकमा पर्ने भयौँ (पृष्ठ : ५१) ।*

पूर्वीय धर्म र संस्कृतिमा मनुष्यको जीवनको अन्त भए पनि उसको अन्तिम संस्कार गर्ने तथा एक वर्षसम्म सेतो वस्त्र लगाएर दुःख बारेर बस्नु र वर्ष दिन पछिका हरेक वर्षमा आफ्ना मातापिता सहित तिन पुस्ताको श्राद्ध अर्थात् मृत्यु पश्चात् उनीहरूको नाममा पिण्डपानी दिने रीतिरिवाज रहेको कुरालाई कथाकारले यहाँ नितान्त दम्पतिको जीवनसँग जोडेका छन् । निःसन्तान हुनु भनेको नरकमा डुब्नु हो भन्ने कुसंस्कृतिको प्रभावलाई व्यङ्ग्य गर्दै कथाकारले यहाँ सचेत बनाउन खोजेका छन् । यदि कुनै मानिसका छोरा छोरी भएनन् भने पूर्वजन्मको पापले वा यस जन्मको अपराधले गर्दा सन्तान नभएका भन्ने मानवीय भ्रमलाई कथाकारले चिर्दै पापकर्म गर्न नहुने सन्देश प्रदान गरेका छन् । यदि सन्तान भएनन् भने त्यो पुरुषको हातको पिण्डपानी चल्दैन र उनीहरूको मृत्यु पश्चात्

काजक्रिया गर्ने उत्तराधिकरी पनि हुँदैनन् भनेर सन्तान नहुने व्यक्तिलाई सबैले नकारात्मक दृष्टिले हेर्ने गरेको धारणालाई कथाकारको व्यङ्ग्यात्मक अभिव्यक्ति देखिन्छ ।

परम्परादेखि चलिआएको सनातन धर्ममा विभिन्न दर्शनहरूको प्रभाव रहँदै आएको कुरालाई वेदान्त र योग दर्शनलाई कथामा जोड्न सफल व्यक्ति बदरीनाथ भट्टराईद्वारा भनिएको छ,- *सुधर्माले प्रातः ध्यान सिध्याएका मात्र थिए* (पृठ : ५४) । दैनिक पूजा, अर्चना, ध्यान, जप, तप, होम आदि पूर्वीय धार्मिक परम्परागत संस्कृति हुन् । यिनीहरूलाई पालना गरेर जोगाएर राख्नु मानवीय धार्मिक कर्तव्य हो भन्ने कुरालाई कथाकारले यहाँ देखाएका छन् । उनीद्वारा नेपाली धार्मिक कुसंस्कारको जरो पुरुषमा भन्दा महिलामा अझ बढी भएको कुरालाई उल्लेख गर्दै भनिएको छ,-*आज बिहान जोगीले भिक्षा नलिएर फर्केदेखि त मलाई खाली रुन मात्र मन लाग्छ, भिक्षां देहि ! भनेर कराउँदा म पूजा सामान तयार गर्न लागेकी थिएँ । मूठी दिन लाग्नासाथ फरक्क फर्केर गए* (पृष्ठ : ५३) ।

कथामा जोगी सन्यासीहरूले पनि सन्तानहीन मानिसबाट अर्थात् महिलाबाट भिक्षा लिंदैनन् भन्ने आसय देखाएर महिलाको अतृप्त सन्तान प्राप्तिको इच्छालाई प्रकट गर्दै धार्मिक कुसंस्कारलाई भट्टराईद्वारा चिरफार गरिएको छ ।

पूर्वीय दर्शनमा सन्यासी भएर भिक्षा माग्न जानु, शिवभक्त भएर जगत्लाई विचार गर्दै आत्मसात् गर्नु आदि, हिन्दूहरूको ऐतिहासिक परम्परा नै हुँदै आएको हो भन्ने कुरा बुझिन्छ । सुदेहाको जिद्धिले कान्छी श्रीमती विवाह गरेका सुधर्मालाई सङ्केत गर्दै भनिएको छ- *सुधर्माले प्रातः होम सिध्याएका मात्र थिए । भर्खरै सूर्योदय भयो अब घडी थाप्नै परेन । नक्षत्र कस्तो छ नि ? पूर्वभाद्रको दोस्रो पाउ पर्‍यो, वेशै छ* (पृष्ठ : ५४) । मानव जन्मको समयमा ज्योतिष विद्या हेरेर उक्त बालकको भविष्य वाणी गर्ने धार्मिक प्रचलन अनुरूप सोमश्रवा राम्रो साइतमा जन्मिएका बालक रहेछन् भन्दै सुदेहाद्वारा भनिएको छ,- *मरेपछि मेरो काजक्रिया कसले गर्ला भन्ने पिर बल्ल हरायो । मेरो पुकार दैवको कानमा पुगेछ* (पृष्ठ : ५४) ।

आध्यात्मिक धर्म, संस्कृति, परम्पराको प्रभाव यस कथाकी प्रमुख पात्र सुदेहाको माध्यमबाट सन्तान प्राप्तिको इच्छा प्रकट गराएर कथालाई पूर्णता प्रदान गरिएको छ ।

बदरीनाथद्वारा महिलाहरूप्रति सहानुभूति जनाउँदै सन्तान प्राप्ति नै लौकिक सुखको आधार हो भन्दै यस जन्म र परजन्मको सुखको अपेक्षा गराइएको छ ।

अन्याय र हिंसाप्रति घृणा जनाइएको यस कथामा पूर्ण आस्तिक धर्म र कर्ममा आधारित मीमांसा दर्शनको प्रभावलाई उजागार गराएको छ । कथामा शुभ सङ्केत भनेर विहानीको सूर्योदयलाई सङ्केत गर्दै भनिएको छ- *एकपल्ट आँखा उघारेर हेर त, पूर्व दिशाको गर्भबाट जन्मन लागेको सूर्यको शोभा भनेर हो कि किन हो गौथलीहरूले चाँचा चीची मच्चाइरहेका थिए* (पृष्ठ : ५३) । शुभकामको शुभ सङ्केतको रूपमा सूर्य र चन्द्रमाको उपस्थितिमा सन्तान पनि प्रतिभाशाली प्राप्त हुन्छ भन्ने धार्मिक विश्वासलाई यहाँ प्रस्तुत गरी मानवीय जीवनको व्यावहारिक सफलताको उद्देश्यलाई पूर्ण गराइएको छ ।

कथाकार भगवान् शिवका अनुयायी हुन् । शिव भगवान् माङ्गलिक, कल्याणकारी र आशुतोष देवता भनेर चिनिन्छन् । यस्ता भगवान् शिवलाई उच्च स्थानमा राखेर भनिएको छ- *घुस्मा चाहिँ शिवको भजन र पतिको सेवा मात्र गरेर बस्थिन्* (पृष्ठ : ५५) । भगवान् साधनाबाट मानिसमा भगवान्को भक्ति प्राप्त हुन्छ र भगवान् भक्तिबाट यस जन्ममा सुख, शान्ति र पर जन्ममा मुक्ति प्राप्त गर्न सकिने आध्यात्मिक विश्वासलाई भट्टराईद्वारा प्रदान गरिएको छ । ज्ञान, विद्या र बुद्धि मानिसका वास्तविक लक्ष्यहरू हुन् । यस्ता लक्ष्यहरूलाई प्राप्ति गर्ने सम्बन्धमा भनिएको छ,- *उपनयन संस्कार भएपछि सोमश्रवाले वेद, वेदाङ्ग सबै पढे* (पृष्ठ : ५३) ।

कथाका सहायक पात्र सोमश्रवालाई अध्यात्ममय वेद, वेदाङ्गको अध्ययन गराएर उनका परिवार तथा अनुयायी, बन्धु-वान्धवहरूलाई समेत अध्यात्म विद्याको ज्ञान प्रदान गरिएको देखाएर कथाकारद्वारा समाजमा आध्यात्मिक नैतिक मूल्यमान्यता स्थापित गराउन खोजिएको पाइन्छ । अज्ञानले मानिसमा मोह जगाउँछ । आध्यात्मिक साधनाद्वारा मानिसमा ज्ञान प्राप्त हुन्छ भन्ने भाव बोकेका बदरीनाथद्वारा भनिएको छ- *मैले तिमीहरूका सबै कुरा सुने ! बहिनी, तिमी साँच्चिकै देवी रहिछौ । यो पापिनीमाथि क्षमा गर ! क्षमा* ! (पृष्ठ : ५७) ।

दुःखको आत्यन्तिक निवृत्ति दुःखको कारण आफैबाट पैदा भएको अज्ञान हो । यहाँ सुदेहाको अज्ञानका कारण उनी आफैलाई दुःख भएको छ । दुःख नाश र मोक्ष प्राप्तिका लागि अर्थात् आत्माको साक्षात्कार र तत्त्व ज्ञान प्राप्तिका लागि सुदेहाद्वारा भगवान्

साधनाको बाटो अवलम्बन गराउँदै बदरीनाथद्वारा ज्ञानी सहनशील, कर्तव्य परायण तथा भगवान्मा भक्ति गर्ने महिला देवी समान हुन्छिन् भन्ने सन्दर्भलाई देखाइएको छ । भगवान् भक्तिको महिमालाई ठाउँ ठाउँमा उजागार गर्दै मोक्षका लागि चाहिने प्रमुख साधनहरूमा भक्तियोगलाई विशेष महत्त्व दिइएको यस कथामा मानिसले आफूमा भएको सबै किसिमको मन बुद्धिलाई भगवान्मा अर्पण गर्नाले भगवान्लाई सजिलैसँग प्राप्त गर्न सकिने कुरा बताइएको छ । भट्टराईद्वारा यस कथामा व्यावहारिक जीवनको उदाहरण दिएर आध्यात्मिक मार्गको खोजी गराउँदै वेदान्त, योग, वैशेषिक र मीमांसा दर्शनको प्रभावलाई उपस्थित गराइएको छ ।

### ५.३३.३ निष्कर्ष

पूर्वीय आध्यात्मिक दर्शनमा वेदान्त दर्शन व्यावहारिक दर्शन हो, मानिसमा मिथ्या ज्ञानका कारण अनेक रूपको ज्ञान भएर भौंतारिरहन्छ भन्ने कुरालाई भट्टराईद्वारा भौतिक संसारको जीवन भोगाइलाई प्रमुख आध्यात्मिक ज्ञानी पात्र धुस्माको माध्यमले मायामोहले विक्षिप्त भएकी सौता सुदेहालाई क्षमा दिइएको कुराबाट प्रष्ट पारिएको छ । सुदेहालाई आफ्नो गल्तीको प्रायश्चित्त गराउँदै अन्तमा गङ्गा नदीको तटमा तपस्या गर्न जान्छु, भगवान्को शरणमा पर्छु भन्ने भावना व्यक्त गराइ आध्यत्मिक मार्गको पहिचान गराइएको यस कथामा कर्मयोग, माया, प्रेम, इच्छा, चाहना, दया, धर्म, आदि पूर्वीय धार्मिक, संस्कृतिलाई उजागर गर्दै मानवीय जीवन जिउने क्रममा इर्ष्या, क्लेस, दमन, झगडा आदिलाई देखाएर पात्रहरूकै मुखारविन्दबाट पश्चात्ताप गराइ आदर्श समाजको स्थापना गर्नु पर्ने सङ्केत गरिएको छ ।

## ५.३४ पछुतो कथा विष्लेषण

आध्यात्मिक दर्शनको आधारमा विश्लेष्ण गर्न खोजिएको यस कथालाई बदरीनाथ भट्टराईको २०१० सालमा प्रकाशित पौराणिक कहानी कथा सङ्ग्रहमा साभार गरिएको हो । महाभारत कथाको पौराणिक उपाख्यानलाई उपजीव्य बनाएर रचना गरिएको यो कथा महत्त्वपूर्ण रहेको छ ।

### ५.३४.१ कथासार

यो *पछुतो* कथा अग्निशर्मा र उनकी श्रीमतीको जीवन चरित्रमा आधारित रहेको छ । अग्निशर्मा नामका ब्राह्मण अङ्गिरस सत्रमा दीक्षित भएर बसेका थिए । उनकी धर्मपत्नी भगवान् श्रीकृष्णको भक्त थिइन् । श्रीकृष्णका लागि मालपुवा बनाएर जङ्गलमा भगवान् गाई चराउन आएको ठाउँमा पुऱ्याउन लाँदा उनका पति अग्निशर्माले रोक्न खोज्छन् । उनी भगवान्लाई मालपुवा पुऱ्याएर तुरुन्तै आउँछु । साथीहरू सबै पुगिसके भनेर आफ्ना पतिदेवसँग पटक पटक अनुरोध गर्दछिन् । अग्निशर्माले आफ्नी गृहलक्ष्मी पत्नीले भगवान् कृष्णको भक्ति गरेर भगवान्लाई मालपुवा चढाएर भेट्न जान्छु भन्दा नकारात्म दृष्टिले हेरी जान दिंदैनन् । बरु उल्टै उनलाई लछार पछार पारेर कुट्दै घरमा ल्याएर थुनेर राख्छन् । आध्यात्मिक भावना भएकी पत्नीको मन चाहिँ भगवान् श्रीकृष्णको भक्तिमा विलीन भइसकेको हुन्छ । उनी दायाँ बायाँ यताउति चारैतिर भगवान् कृष्णलाई नै देख्छिन् । भगवान् कृष्णको दर्शन गर्न नपाउँदा अत्यन्तै दुःखी भएकी उनी दोजिया थिइन् । जसका कारण उनलाई कमजोरीले सताइरहेको थियो । भगवान् श्रीकृष्णकी ती भक्त महिलाको दुःख, पीडा, र कमजोरीले छट्पटाउँदै श्रीकृष्णको नाम लिदा लिंदै मृत्यु हुन्छ । आफ्नी धर्मात्मा, ज्ञानी र बुद्धिमानी गृहलक्ष्मी (पत्नी) को मृत्युबाट अग्निशर्मा दुःखी भएर आफूले गरेको अन्यायी, अधर्मी कामबाट पछुतो मानेर आत्मग्लानि गरेको प्रसङ्ग नै यस कथाको मूल कथावस्तु रहेको छ ।

### ५.३४.२ पछुतो कथामा आध्यात्मिक दर्शनको प्रभाव

कर्मफलमा आसक्ति नराखिकन नै मानिसले निरन्तर आफ्नो कर्म गर्दै जानुपर्छ । असक्ति नराखिकन कर्म गर्नाले मानिसले परमपुरुषलाई फेलापार्छ (कृपामय, २०५४ : १९८) सुख र दुःख भनेको धर्म हो । जति मनलाई शान्त, स्थिर, गराउन सक्यो उति आनन्दको अनुभव गर्न सकिन्छ । चित्त चञ्चल भयो भने दुःख एकपछि अर्को रूपमा आउन थाल्दछ । योग र वेदान्त दर्शनले चित्तलाई आफ्नो अधीनमा राख्न सिकाएको छ । भक्ति, वैराग्य, त्याग, पूजा, पाठ, भजन, कीर्तन, सत्सङ्ग आदिबाट आत्मा शुद्ध गर्न सकिन्छ । भगवान् श्रीकृष्णमा आस्था भएका बदरीनाथ भट्टराई आध्यात्मिक दर्शनका पूर्ण जागरण कर्ता हुन् । उनीद्वारा यस कथाकी पात्रालाई साक्षात् श्रीकृष्णको दर्शनको अभिलासा गराएर भगवान्,

कृष्णको स्थानलाई सर्वोच्चता प्रदान गर्दै भनिएको छ,- *भगवान् कृष्ण यही वनमा सवारी भएको छ रे ! खाली उहाँको दर्शन गर्न जान लागेकी न हुँ* (पृष्ठ : ७५) ।

अध्यात्मच्युत मनुष्यले सत्यलाई पनि असत्य देख्दछ भन्ने कुरालाई हृदयंगम गरेका भट्टराईद्वारा अज्ञानी र अधर्मी पुरुषको उदाहरण दिंदै श्रीकृष्णको रूपमा पनि प्रश्न गराएर अध्यात्म विमुख मानिसहरूलाई व्यङ्ग्य गरिएको छ । भजन, कीर्तन, भगवान् कृष्णको दर्शनलाई पूर्वीय दर्शनले मुक्तिको मार्ग मानेको छ । यहाँ भट्टराईले लोकलाई सगुण ब्रह्म वा श्रीकृष्णको उपासना आवश्यक भएको कुरा व्यक्त गरेका छन् । अग्निशर्मा भगवान् भक्ति र आध्यात्मिक ज्ञान नभएका व्यक्ति भएका हुनाले उनीले आत्मज्ञानी पत्नीलाई चिन्न सकेका हुँदैनन् । उनलाई भ्रान्तिका कारण मिथ्या ज्ञान भएको हुन्छ । उनले श्रीकृष्ण भगवान्की भक्त आफ्नी पत्नीको आध्यात्मिक साधनालाई नबुझेर विभिन्न किसिमबाट आरोप, प्रत्यारोप गर्दै यातना दिएका हुन्छन् ।

मानिस जस्तो चाहन्छ उस्तै गरी आफ्ना भावनालाई ढाल्न सक्दछ, अनिष्टकारी विचारहरूका स्थानमा उत्तम गुणहरूलाई स्थापना गर्न सक्दछ र कार्य रूपमा ल्याउँन सक्दछ । जो मनलाई ढाल्ने रहस्यलाई जान्दछ, उसका लागि मन पूर्ण संस्कार ग्रहणशीलले परिपूर्ण हुन्छ भन्ने कुरालाई बदरीनाथद्वारा अग्निशर्माकी पत्नीका माध्यमबाट भनिएको छ,-

> *मेरो यो जीउलाई तपाईं थुन्न बाँध्न, पिट्न जे पनि गर्न पाउनु हुन्छ तर मनको मालिक उनै भगवान् हुनुहुन्छ । उहाँबाट जे गर भन्नुहुन्छ म उही गर्छु । तपाईंले डोरीले कसेर मलाई राख्नु भयो भने पनि हावा बनेर अरू सँगिनीहरू भन्दा चाडै भगवान्को अगाडि पुगुँला भन्ने मेरो विश्वास छ* (पृष्ठ : ७५) ।

अग्निशर्माकी पत्नीमा भगवान्भक्ति र भगवान् प्राप्तिको पूर्ण आध्यात्मिक ज्ञान थियो । उनी भगवान् कृष्णकी भक्त थिइन् । उनीलाई भगवान् कृष्णका अनुग्रहले वैराग्य प्राप्त भइरहेको थियो । त्यसैले उनी व्यावहारिक जीवनभित्रको आध्यात्मिक ज्ञान नै सुख प्राप्ति हो भन्ने कुरालाई कथाकारले यहाँ देखाएका छन् ।

आफ्नो पूर्ण चेतन अवस्थामा अन्तिम इच्छा व्यक्त गर्दै भगवान् कृष्णलाई आफूले गरेको भगवान् भक्ति अर्थात् आध्यात्मिक प्रेमलाई पहिचान गर्न नसकेर *परपुरुषसँग प्रेम गर्ने*

भनेर धर्म विपरीत लाञ्छना लगाएको देखेर दुःखी भएकी अग्नि पत्नीद्वारा केवल भगवान् कृष्णको मात्र नाम पुकार गर्दै भनिएको छ-

> *हे स्वामी । झुलुक्क देखा परेर तपाईं कहाँ भाग्नुभो ? के मेरो दिल सफा रहेनछ ? नत्र एकछिन पनि राज नहुने किन ? सके दिल पूरा नदिएको हुनाले नै यसरी त्याग गर्न खोज्नु भएको होला । हे प्रभु ! हजुर विना म एकछिन अड्न सकिन । यो गृहस्थी हुनु दुःखको खानी रहेछ । प्रसन्न भएका हजुरसँग एक ज्यान भएर बस्न पाऊँ । मेरो यो हात समातेर हजुरको धाममा लागिबक्स्योस्* (पृष्ठ : ७७) ।

कथा पूर्णरूपमा आस्तिक दर्शनमा आधारित रहेको छ । बदरीनाथले यहाँ अग्निशर्माकी पत्नीका माध्यामबाट भगवत्त्व प्राप्तिको अपेक्षा गरेका छन् । दया, धर्म र सद्ज्ञानका पुजारी बदरीनाथ भट्टराईले सदाचारमा नरहने आध्यात्मिक ज्ञान नभएका मानिस आफ्नै कारणले दुःखी हुन्छन् । जब उनीहरूमा आत्मतत्त्वको बोध हुन्छ तब अहङ्कारबाट मुक्त भई सत्कार्यमा लाग्दछन् भन्ने भाव व्यक्त गरेका छन् ।

अज्ञानले आँखामा पट्टी बाँधिएका अग्निशर्माद्वारा पत्नीको मृत्यु पश्चात् ज्ञान पाएपछि भनिएको छ,-

> *अहङ्कारलाई अँगालेर पुरुषत्व च्यापेको छु, भन्ठानी उड्कने म, आफ्नी सह-धर्मिणीका कमलो मुटुमा कीला ठोक्ने, पाषाणी कठोरतामा पतित्वको दावा गर्ने म, मनोविज्ञान नबुझी अबलाको लहलहाउदो उत्सुक भावनामा बञ्चरो चलाउने म, प्रत्यक्ष देवतालाई लत्याएर अँध्यारोमा छ्यामछुम गर्ने म, प्रकृतिको अपहत्या गरी दानवतामा कुद्ने म, एकतानमा लागेको कोमल हृदयलाई डण्डीले ठोकेर यमराज बनी प्राण चुस्ने म* (पृष्ठ : ७८) ।

कथाका प्रमुख पात्र अग्निशर्मामा श्रीमतीको मृत्यु पश्चात् वास्तविक भगवत्त्व प्राप्तिको ज्ञान भएको छ । उनीले आफ्नै मिथ्या ज्ञानलाई स्वीकार गरेका छन् । उनमा

पश्चात्ताप र वैराग्य पलाएको छ । त्यस्तै भगवान् श्रीकृष्णको भक्ति गरे भगवत्त्व प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई अग्नि शर्माकी पत्नीको भक्तिको माध्यमबाट देखाएर बदरीनाथद्वारा मानिसले जब भगवत्त्व प्राप्तिको मार्ग पहिचान गर्दछ, तब उसमा विषय वासना भन्दा पर रहेको आत्मज्ञान, ब्रह्मज्ञान प्राप्त हुन सक्दछ भन्ने कुरालाई यहाँ भगवान् प्राप्तिसँग जोडिएको छ ।

### ५.३४.३ निष्कर्ष

यस कथामा धर्म, दर्शन र परम्परागत संस्कृति, सामाजिक नैतिक मूल्य मान्यता, मानव धर्म, कर्मयोग, ईश्वर, आत्मा, शरीर, मन, सुख-दुःख, मोक्ष आदि पूर्वीय आध्यात्मिक दर्शनका चिन्तनका विषयहरूको प्रवेश गराइएको छ । गृहस्थ धर्ममा मानव धर्म र कर्मयोग सबैभन्दा महत्त्वपूर्ण विषय हुन् । यी कुरालाई प्राप्त गर्न मानिसले सत्कर्म गर्दै मानव जीवनलाई असर पर्ने गरी कसैको पनि अवमूल्यन हुने कार्य गर्नुहुँदैन भन्ने विचार रहेको यस कथामा वेदान्त, योग, मीमांसा र वैशेषिक दर्शनको प्रभावलाई उजागर गरी स्त्री र पुरुष दुवैले शुद्ध कर्मद्वारा सत्कार्य गरेमा चित्त शुद्धी भई भक्ति र ज्ञान प्राप्त हुने अर्थात् गोलोक धाम प्राप्त हुन्छ भन्ने सन्देश प्रदान गरिएको छ ।

## ५.३५ इनारको शरण कथा विश्लेषण

*इनारको शरण* कथालाई बदरीनाथ भट्टराईले २०१० सालमा पौराणिक कहानी कथा सङ्गहमा प्रकाशित गरेका हुन् । यस कथालाई भट्टराईले श्रीमद्भागवत महापुराणको चौथो अध्यायको गोकर्णोपाख्यानको प्रारम्भबाट स्रोतका रूपमा लिएका हुन् ।

### ५.३५.१ कथासार

श्रीमद्भागवत महात्म्यको गोकर्णोपाख्यान प्रारम्भको चौथो अध्यायमा वर्णित कथावस्तुलाई स्रोत बनाएर रचना गरिएको *इनारको शरण* कथा बदरीनाथ भट्टराईको महत्त्वपूर्ण पौराणिक कथा हो । यस कथाका पात्रहरूमा आत्मदेव उनकी श्रीमती धुन्धुली, छोराहरू धुन्धकारी र गोकर्ण रहेका हुन्छन् भने सहायक पात्र अर्थात् खल नायिकाको भूमिका भने धुन्धुलीकी बहिनीले निभाएकी हुन्छिन् । ब्राह्मण आत्मादेवीकी श्रीमती धुन्धुली आफ्नो रूप र जवानीप्रति घमण्ड गरेर सधैं भर्खरकी हुन चाहन्छिन्, जसका कारण उनी

सन्तान जन्माउन मान्दिनन् । यो कुरा उनका पति आत्मदेवलाई थाहा हुँदैन । उनी आफू निःसन्तान भएकोमा ज्यादै चिन्तित हुन्छन् । उनले सन्तान प्राप्तिका निमित्त धन खर्च गरेर पूजा, पाठ, यज्ञ यज्ञादि गरेका हुन्छन् । तापनि सन्तान नहुनुको पछाडि उनकी श्रीमतीको गलत कार्यको हात छ भन्ने कुरा बुझेका हुँदैनन् । आत्मदेव एकदम भलादमी व्यक्ति हुन्छन् । उनी एकदिन एकजना सन्यासीलाई भेटेर आफ्नो सन्तान नहुनुको पीडा व्यक्त गर्दछन् । सन्यासीले श्रीमतीलाई यो फल खान दिनु भनेर दिन्छन् । त्यो फल लगेर उनी आफ्नी श्रीमती धुन्धुलीलाई दिन्छन् । धुन्धली महिला भए पनि उनमा मातृहृदय नपग्लेका कारण गर्भिणी हुँदा शरीर भारी र नसुहाउँदो देखिने हुन्छ र सुत्केरी हुँदा हुने पीडालाई खप्न सक्दिन भन्ने डरले पति आत्मदेवले दिएको फल खाएँ भनेर खाँदिनन् । फल घरमा नै रहन्छ । धुन्धुलीलाई आफूले गरेको गल्तीको कुरा पतिलाई थाहा हुन्छ कि भन्ने डर हुन्छ । त्यसैले उनले यी सबै कुरा गोप्य रूपमा आफ्नी बहिनीलाई बताउँछिन् । बहिनीले दिदीका सबै कुरा सुनेपछि त्यो फल गाईलाई खान दिने सल्लाह दिन्छिन् ।

धुन्धुलीकी बहिनी अत्यन्त गरीब हुन्छिन् । उनलाई विहान बेलुकाको छाक टार्न पनि मुस्किल हुन्छ । त्यसैले उनले आफूले छोरा जन्माएर कसैलाई थाहा नपाउने गरी दिदीलाई दिने र त्यस वापत दिदीको केही धन सम्पत्ति आफूले लिने गोप्य कुरा गर्छिन् । दिदी बहिनीबिच सन्तान प्राप्तिको विषयमा गोप्य सल्लाह हुन्छ । उता गाईलाई खान दिएको फल वापत गाईबाट सुन्दर पुत्र जन्मन्छन् । उनको नाम गोकर्ण राखिन्छ । बहिनीबाट पनि सोही समयमा छोरो जन्मिन्छ र बहिनीले पूर्व सम्झौता बमोजिम छोरो दिदीलाई दिन्छिन् । दिदीले आफूले छोरो पाई सुत्केरी भएको भूमिका गरेर पति लगायत सबै सामु देखाउँछिन् । उता आनन्ददेव आफ्नो ठूलो सङ्घर्ष पछि छोरो प्राप्त भयो भनेर खुशी भएर न्वारन संस्कर आदि कर्म गर्दछन् र छोराको नाम धुन्नकारी राख्दछन् । विस्तारै ठूलो हुँदै गएको धुन्नकारी सानैदेखि बदमास, जीद्धिवाल, जाली र घमण्डी हुन्छ । ठूलो भएपछि त ऊ झन् महाकुकर्मी, वेश्यागामी, मूर्ख भएर निस्कन्छ । उसले पिताको आदर गर्नुको बदला हरेक कुराको माग गरेर बाबु आमाबाट प्राप्त नभएमा असाध्य दुःख दिन थाल्छ । माता पिता कत्रो सङ्घर्ष गरेर पाएको छोरा मूर्ख, फटाहा भएकोमा दुःखी हुन्छन् । उता गाईबाट जन्मिएको गोर्कण भने ज्ञानी विद्वान् हुन्छन् । छोरो धुन्नकारीको अत्याचारबाट आत्मदेव दुःखी भएर घर छोडेर हिँड्छन् भने धुन्धुली छोरासँग प्रतिकार गर्न नसकेर इनारको शरणमा पुगेर भगवान्सँग

आफूले गरेको गल्तीको आत्मसमर्पण गर्दै पश्चात्ताप गरेको प्रसङ्ग नै यस कथाको मुख्य विषयवस्तु रहेको छ ।

### ५.३५.२ इनारको शरण कथामा आध्यात्मिक दर्शनको प्रभाव

धर्मशास्त्रका विद्वान् वेदान्त दर्शनका अनुयायी कथाकार बदरीनाथ भट्टराई आध्यात्मिकता प्राप्तिलाई जीवनको अन्तिम लक्ष्य ठान्दछन् । उनका कथाहरूमा वेदान्त, मीमांसा, न्याय, वैशेषिक र योग दर्शनको विशेष प्रभाव रहेको पाइन्छ भने कुनै कुनै कथामा साङ्ख्य दर्शनको पनि प्रभाव देखिन्छ । वास्तवमा साङ्ख्य र योगदर्शनले परमेश्वरलाई अविनाशी बताएका छन् । पदार्थलाई चाहिँ परिवर्तनशील मानेका छन् । भौतिक जगत् र आत्माको समन्वय पूर्वीय दर्शनको निष्कर्ष मानेका भट्टराईले आफ्ना कथाहरूमा मानिसका आचार, सदाचारलाई धर्मसँग समन्वय गराएका छन् ।

पूर्वमा दर्शन जीवन सापेक्ष दुःख निवारणको कारण प्रादुर्भाव भएको हो भन्ने विषयलाई भट्टराईले आत्मसात् गरेका छन् । भट्टराईको विचारमा भक्ति, साधना र धर्मकर्मको मूल लक्ष्य नै लौकिक सुख र मोक्ष प्राप्ति हो भन्ने रहेको पाइन्छ । बदरीनाथ असत्य र हिंसाका विरोधी भएका हुनाले भनिएको छ,- *सित्तै त्यसरी ऋषिमुनि जस्ता पतिदेवलाई छकाइछु* (पृष्ठ : १२०) । सत्य, धर्मको विश्वास बोकेका भट्टराईले छलकपट गर्नु झूठो बोल्नु पूर्वीय दर्शन विपरीतका कुरा हुन् भनेका छन् । आफ्नो रूप र जवानीको घमण्डका कारण मानिस अन्धो बन्छ । उसलाई जीवनमा केही गरौँला भन्ने भावना भन्दा पनि कसरी जीवनमा सुख भोग गरी विलासी जीवन बिताउने भन्ने भावनाले पोलेको हुन्छ भन्ने कुरालाई धुन्धुलीको उदाहरणबाट देखाइएको छ ।

बदरीनाथद्वारा यस कथामा भौतिक जगत्को यथार्थ स्थिति र अध्यात्म साधनालाई समन्वय गराउँदै भनिएको छ,- *धुन्धुली ब्युझँदा आकाशमा लाखौँ धिपधिपे बत्तीहरू बलिसकेका थिए, तर उनी सुतेको ठाँउमा बिल्कूल अँध्यारो थियो । म कहाँ छु भन्नेसम्म उनलाई थाहा भएन* (पृष्ठ : १२१) । कथामा सृष्टिको क्रम, आकाशमा ताराहरूको उज्यालो, पृथ्वीमा बत्तीहरूको उज्यालो र मानवीय जीवन, आफूमा भएको अज्ञानका कारण प्राप्त अँध्यारोबाट मुक्ति प्राप्त गर्न अर्थात् चारैतिर प्रकाशै प्रकाशले युक्त ज्ञान प्राप्त गर्न भगवान्

साधना गर्नुपर्ने कुरालाई व्यक्त गर्दै कथाकारले जीवनको सार अध्यात्म मानेको वेदान्त दर्शनलाई प्रस्तुत गरेका छन् ।

> *ताराहरू हो, काँढैकाँढा भएको यो भूतलमा म बस्न सक्दिन । हुन त मैले जस्तो बीउ रोपेकी थिएँ उस्तै फल पाएकी छु । उसैले म दोष कसैलाई पनि दिन्न । हे चहकिला ज्योतिहरू हो, तिमीहरू विचार गरौला, यो कस्ती मूर्ख रहिछ, कालको अँध्यारो मुखभित्र सुरुसुरु आफैं कोही जाला ? तर त्यसो होइन । ढोका घच्घच्याएर निम्तो दिई आएको काल कहाँ जान मलाई के को डर ? बरु यहाँबाट उछिट्टिएकी मलाई दया गरेर तिमीहरूले त्यो लहरमा राखे; जहाँ मेरो पतिदेव हुनुहुन्छ* (पृष्ठ : १२१) ।

यहाँ भौतिक जीवनको दु:खको निवृत्ति आध्यात्मिक ज्ञान प्राप्तिबाट भएको प्रसङ्गलाई धुन्धुलीको जीवन चरित्रसँग गराइएको छ । जीवनमा आनन्द प्राप्तिका लागि आध्यात्मिक ज्ञानप्राप्त गर्नुपर्दछ भन्ने भावना भएका बदरीनाथ भट्टराई आत्मज्ञानी विद्वान् हुन् । उनीद्वारा आफूले आफूलाई हेर्नु, जाच्नु आत्मज्ञान हो । श्रद्धावान् मनुष्यले मात्र आफूलाई पहिचान गर्न सक्दछ । जबसम्म मनुष्यलाई जीवन-जगत् र परमात्माको ज्ञान हुँदैन, तब सम्म अशान्त भएर भड्किरहन्छ र ज्ञान प्राप्त भएपछि मनुष्य एकाकार हुन्छ । उसले शान्ति, मोक्ष प्राप्त गर्दछ भन्ने भाव भएका भट्टराईद्वारा मानवधर्म र कर्मयोगका माध्यमबाट भनिएको छ - *पति देवलाई भगवान् जस्तै मान्नेछु* ( पृष्ठ : १२२) । पूर्वीय दर्शनको आधारभूत मान्यताअनुरूप पतिव्रता धर्म सबभन्दा ठूलो धर्म हो । पतिलाई ढाँट्नु, छल गर्नु, परपुरुषमा आँखा लगाउनु स्त्रीका लागि महापाप हो । त्यसैले महिला र पुरुष दुवैले आ-आफ्नो पतिव्रता र पत्नीव्रता धर्मको पालना गर्नु पर्दछ भन्ने भावना बदरीनाथको रहेको छ ।

संसार भन्नु दु:खको सागर हो, जन्म मृत्युको चक्रबाट मुक्ति पाउन आत्मज्ञान प्राप्त गर्नु पर्दछ भन्ने धारणा भएका भट्टराईद्वारा भनिएको छ,-*वरुणजी म हजूरको शरण पर्दछु, यो भृगुपतनबाट मेरा आजसम्मका सारा पाप चूर्ण होऊन्* (पृष्ठ : १२२) ।

पूर्वीय दर्शनमा आफ्नो जीवनको उद्धार आफै गर्न आध्यात्मिक साधना गर्नु पर्दछ भनिएको छ । मानवीय जीवन क्षणिक छ, संसार असत्य छ, भौतिक सुख सुविधा एकछिनको भुल्ने बाटो मात्र हो । मानिसले यस जगत्मा वास्तविक सुख पाएको हुँदैन त्यसैले वास्तविक सुख शान्तिको लागि मानिस जताततै भौंतारिरहेको हुन्छ । समयमा नै सांसारिक जीवनको रहस्य बुझेर ईश्वरीय चिन्तन, अर्थात् परमार्थ साधनातर्फ लाग्नु पर्दछ भन्ने भावना बोकेका बदरीनाथ यस कथामा वैराग्य सिर्जना गराउन तर्फ उन्मुख भएका छन् । उनी भव-बन्धनबाट छुट्न आत्मतत्त्वको ज्ञान बाहेक अन्य कुनै मार्ग नभएको कुरा बताउँछन् ।

अतः अमृतमय श्रीमद्भागवत् महापुराणको चौथो अध्यायबाट लिइएको कथावस्तु भएको यस कथामा पौराणिक जगत्का सामान्य मानव जीवनको जीवन जिउने तरिका धर्म, दर्शन संस्कृति परम्परा आदि उल्लेख गरिएको छ । मानिस अज्ञानका कारण स्वार्थी, घमण्डी, पापी, रुष्ट, दुष्ट र कुबुद्धि भएको व्यभिचारी बन्न पुग्दछ भन्ने आध्यात्मिक दर्शनको मान्यतालाई यस कथामा धुन्धुलीले आफ्नो पूर्व गल्तीका कारण असल सन्तान प्राप्त गर्न नसकेको र भएको सन्तानलाई पनि राम्रोसँग पालन पोषण गर्न नसक्दा मूर्ख, बद्मास र घमण्डी भएर कुलतमा फसी आफ्ना पति आनन्ददेव र आफूलाई अत्यन्त दुःख कष्ट दिएको हुनाले पतिले घर छोडेर हिँड्नु परेको र आफूले गृहस्थ जीवनलाई त्याग गर्न नसक्दा आफूमाथि अज्ञानी छोरा धुन्धुकारीले अत्याचार गरेको आफ्नै कुर्कम र प्रारब्धको उपज हो, आफूभित्र रहेको अज्ञान हो, भन्ने सम्झी आफू नजिकै रहेको इनारमा आफ्नो अनुहार हेर्दै भगवान्को शरण परेको प्रसङ्गलाई उल्लेख गरिएको छ ।

मानिसमा देखापरेका असत् क्रियाकलापहरू अज्ञानका कारण उत्पन्न भएका हुन् । जब उसमा ज्ञान प्राप्त हुन्छ तब ऊ आफूले गरेको कुकर्मको पश्चात्ताप गरी भगवान् भक्तिमा लीन भएमा आत्मज्ञान प्राप्त गर्न सक्दछ भन्ने सन्देश बोकेको यस कथामा गोकर्णको असल चरित्र र धुन्धुकारीको खराव चरित्रलाई देखाएर सत्चरित्रको सन्देश दिन खोजिएकोछ । श्रीमद्भागवत्मा भने गोकर्ण ज्ञानी, आध्यात्मिक, सत् पुरुष भएर निस्केपछि आफ्ना पितालाई तपस्या गर्न जान सल्लाह दिई अन्तमा छोरा भएर पितामाताप्रतिको कर्तव्य पूरा गरी उनीहरूको उद्धार गरेको कुरालाई उल्लेख गरिएको छ भने यस कथामा धुन्धुलीले देखाएको सन्तान प्राप्त गर्ने असान्दर्भिक चाहनाको प्रतिफल छोराले दुःख दिएर उनले भोग्नु

परेको दुःख र भगवान्का शरणमा जान इनारमा गएर पश्चाताप गरिएको विषयलाई उल्लेख गरेर आजका धर्म हराएका मानिसलाई आध्यात्मिक ज्ञानदिएर उद्धार गर्न खोजिएको छ ।

### ५.३५.३ निष्कर्ष

गलत कार्यको प्रायश्चित र योगमार्गको विषयमा हृदयस्पर्शी रूपमा वर्णन गरिएको यो *इनारको शरण* कथामा बदरीनाथ भट्टराईले पात्रहरूलाई जीवनको अन्तमा भक्तिमार्ग देखाएर उनीहरूलाई भगवान्तर्फ आकर्षित गराई मुक्तिको मार्गदर्शन गरेका छन् । शरीर नै मनुष्यत्व हो भनेर शारीरिक रूप र जवानीमा रमाउन चाहने, सिर्जनशील काममा नलाग्ने, आलस्य जस्ता तमोगुणी वृत्तिमा तल्लीन व्यक्तिहरू आत्माको उत्थानमा लाग्न सक्दैनन् । त्यसैले तिनीहरूको विषयवासना हटाउन विभिन्न पुराणहरूमा उल्लिखित व्रत, तीर्थ आदि साधना गरी अन्तमा आत्मा, परमात्माको अनुभूति गराउनुपर्दछ भन्ने आध्यात्मिक सन्देश यस कथामा रहेको छ ।

## ५.३६ अध्यायगत निष्कर्ष

पौराणिक समयका राजकुल तथा सामान्य मानव जीवन सम्बन्धी समूह नामकरण गरिएका भगीरथ, ययाति, प्रह्लाद, दुर्योधनको सन्देश, पुरुरवा, प्रमीला, पृथु, दमयन्ती लगायत पैंतिस (३५) कथाहरूमा तत्कालीन राजनीतिक व्यवस्था, राजा र प्रजाको सम्बन्ध, सामाजिक स्थिति, आर्थिक स्थिति, दण्डनीति, मानवीय दुःख, सुख, पुर्नजन्म, पूर्वजन्म, कर्मयोग, मानवधर्म, मानव मनभित्र रहेका विविध राम्रा, नराम्रा भावनाहरू शारीरिक सुखभन्दा महत्त्वपूर्ण तत्त्व आध्यात्मिक सुख र शान्ति, आत्मतत्त्वको ज्ञान, योग साधना र मोक्ष प्राप्तिको बोध गराइ वेदान्त, मीमांसा, योग, वैशेषिक, साङ्ख्य र न्याय दर्शनको प्रभावलाई प्रस्तुत गरिएको छ । वेद, उपनिषद्, रामायण, महाभारत र विभिन्न पुराणहरूका विषयवस्तुलाई आधार बनाएर लेखिएका बदरीनाथ भट्टराईका यस समूहका कथाहरूमा आध्यात्मिक, सामाजिक र सांस्कृतिक परम्परालाई उजागर गर्दै नारी र पुरुषमा हुने अस्वाभाविक प्रेम प्रसङ्ग, प्रेम प्रणयमा बाधिएका प्रेमी-प्रेमीका, पति-पत्नीमा रहेका समझदारी, असमझदारी गरीबीका कारण प्राप्त दुःख कष्ट आदिलाई देखाएर समाजमा हुनेगरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

भट्टराईका कथाहरूमा जीवन-जगत्, जीवात्मा-परमात्मा र भौतिक तथा आध्यात्मिक चिन्तनहरू रहेका छन् । संसार अनित्य हो भने जीव वा चैतन्य सत्ता शाश्वत् हो भन्ने दार्शनिक विचार यी कथाहरूमा पाइन्छ । यही नित्य आत्मतत्त्वको ज्ञान नै मानवको प्राप्य वस्तु हो भन्ने चिन्तन भट्टराईले आफ्ना कथाहरूमा प्रदान गर्दै आत्मज्ञानको उद्घोष गरेका छन् ।

●●●

# अध्याय: छ

## नेपालका ऐतिहासिक राजारानी र वीरवीराङ्गनाका चरित्रमा आधारित कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव

बदरीनाथ भट्टराईद्वारा २०१५ सालमा प्रकाशित गरिएका नेपालका ऐतिहासिक राजारानी र वीरवीराङ्गनाका चरित्रमा आधारित कथाहरूलाई एकीकृत गरेर कथाको परिचय, कथानक, कथामा आध्यात्मिक दर्शनको प्रभाव र निष्कर्षका साथै यस समूहमा भएका सम्पूर्ण कथाहरूको अध्यायगत सारांश प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

समाजमा भएका नीतिनियम सामाजिक मूल्यमान्यता, नैतिक आदर्श, व्यक्तिका स्वभावगत विचार, धर्म, संस्कृति, रीतिरिवाज, चालचलन लगायतका विविध समसामयिक विषयवस्तुलाई समेटेर यस समूहका कथाहरूको रचना गरिएको छ । मानिसका जीवन भोगाइका क्रममा प्राप्त गरेका दुःख-सुखहरूलाई मर्माहित रूपमा प्रस्तुत गरिएका यी कथाहरूमा दुःखबाट छुटकारा पाउन भगवान् साधनामा तल्लीन रहनु पर्ने सन्देश दिइएको छ । भौतिक जीवनको अत्यन्त कारुणिक दुःख भोगाइबाट आत्तिएको मानिसलाई परिश्रम मिहिनेतबाट र धर्म, कर्म, पूजा, पाठ लगायतका आध्यात्मिक साधनाबाट सुख प्राप्त गर्न सकिने भाव व्यक्त गरिएको छ । कथाकार यस समूहका कथा लेख्ने क्रममा पूर्ण रूपमा आध्यात्मिक देखिएका छैनन् तापनि इतिहासमा भएका विषयवस्तु, कल्पना र सामाजिक यथार्थसँग अत्यन्त नजिक भएर कथा रचना गरिएको देखिन्छ । बदरीनाथले सनातन हिन्दू धर्मलाई विशेष महत्त्व दिएर यी कथाहरूको रचना गरेका छन् । विद्यार्थी जीवनकालदेखि नै वेदान्त दर्शनको चिन्तन गरेका कथाकार अद्वैत वेदान्त ज्ञानमार्गी थिए । यिनले यस समूहका कथाहरूमा भक्ति, कर्म, उपासन र ज्ञानको अपूर्व समन्वय कायम गराएका छन् । यहाँ सगुण उपासनालाई निर्गुणको सोपान मानिएको पाइन्छ । उनको विचारमा मानिसको सुख, शान्ति प्राप्तिको मुख्य विषय आचरण आहार शुद्धि हो भन्ने रहेको छ । सामाजिक न्यायका पूजारी बदरीनाथले यहाँ तत्कालीन समयमा रहेको सामाजिक धार्मिक र सांस्कृतिक कुसंस्कारको विरोध गरेका छन् । उक्त समयका कथामा बदरीनाथको प्रगतिशील विचारधारा पनि रहेको देखिन्छ । यिनले सामाजिक कुसंस्कारका कारण महिलाहरूले भोग्नु परेको दुःख कष्टलाई यथार्थ रूपमा चित्रण गरेका छन् ।

देश निमार्णको महान् अभियानमा यस किसिमका सत्ताप्राप्ति र सत्ता लोभीहरूले गरेको षड्यन्त्रपूर्ण कार्यबाट बदरीनाथ भट्टराई दुःखी हुन पुगेर यी कथाहरूको रचना गरेको पाइन्छ । उनी समाजलाई स्वच्छ र शान्त भएको हेर्न चाहन्छन् । उनी हिंसा विरुद्धको अभियान नै देशको सफलता हो भन्दै कथाका पात्रहरूलाई हिंसारहित बनाएर स्वच्छ समाजको निर्माण गर्न चाहन्छन् ।

अतः आध्यात्मिक दर्शनका मार्गदर्शक बदरीनाथ भट्टराईलाई उनको कथाकृतिका आधारमा संस्कृत तथा नेपाली दुवै वाङ्मयमा उत्कृष्ठ, प्रतिष्ठित एवं अमर व्यक्तित्वका रूपमा पहिचान गर्न सकिन्छ । भट्टराई आख्यानका क्षेत्रमा उपदेशमूलक, सुधारमूलक, धार्मिक, वैदिक, पौराणिक र ऐतिहासिक कथाकारका रूपमा परिचित भएका छन् । उनका आध्यात्मिक आस्था र नैतिक विचारका पौराणिक, वैदिक र ऐतिहासिक कथाहरू नेपाली साहित्यमा प्रसिद्ध रहेका छन् । बदरीनाथ भट्टराई संस्कृत साहित्य र धर्म शाास्त्रमा विशेष रुचि राख्ने, अथाह ज्ञानको भण्डार भएका, नेपाली भाषा र साहित्यलाई माया गर्ने, पूर्वीय दर्शनको चेतना भएका, योग, मीमांसा उपनिषद् र वेदान्तमा विश्वास गर्ने कथाकार भएको कुरा उनका कथाहरूको अध्ययनबाट बुझ्न सकिन्छ । विशेष गरेर भट्टराईका कथा कृतिहरू आधुनिक, सामाजिक, ऐतिहासिक, पौराणिक, वैदिक समाजमा आधारित भइकन पनि पूर्वीय आध्यात्मिक दर्शनतर्फ उन्मुख रहेका छन् ।

सनातन हिन्दू धर्मका अनुयायीहरू वैदिक परम्परामा आबद्ध हिन्दू धर्म-संस्कृतिका अनुरागीहरू हुन् । हाम्रो परिचय वैदिक दर्शनमा आधारित कर्म, ज्ञान र भक्तिमा आधारित रहेको छ । वैदिक दर्शन वेदबाट निर्देशित दर्शन हो । एकाग्र मनले कर्तव्यनिष्ठ रहँदै समाज र परम्पराप्रति आदरको भाव प्रकट गर्नु र सत्कर्मप्रति इमान्दार रहनु आध्यात्मिक दर्शनको मूल अभिप्राय हो । हाम्रो धार्मिक मान्यता अहिंसा र सदाचारको जगमा अडिएको हुनाले हाम्रो समाज धर्मप्रति आस्थावान् छ । धर्म र दर्शनबिच गहिरो नाता भएको समाजमा अहिंसा र सदाचार मूलभूत आदर्श हुन् भन्ने कुरा श्रुति, स्मृति, पुराण, उपनिषद्, आदिबाट समाजमा प्रचार भएका छन् । आध्यात्मिक मानवको सभ्यता र संस्कारको विकास धर्ममा आश्रित छ । मानिसहरूले आफ्ना चाडपर्व रीतिरिवाज धर्मको नियम अनुसार पालना गर्दछन् । धर्मको प्रभाव केवल व्यक्तिका जीवनमा मात्र नभई समाज र राष्ट्रिय हितमा रहेको छ । समाजमा मानिसले जुनसकै किसिमका काम गर्दा वैदिक धर्मको परिधि र मान्यता अनुरूप

शुभअशुभ फल विचार गरेर गर्ने गरिएको पाइन्छ । त्यस्तै वैदिक धर्म भन्दा अन्य समूहले पनि आ–आफ्नै किसिमले धार्मिक आचरणको पालना गर्दै आएको देखिन्छ ।

सचेत मानवीय मस्तिष्कद्वारा आत्मालाई सङ्गठित पार्ने प्रक्रियाको साझा र सरल नाम नै आध्यात्मिकता हो, धर्म हो । समुदायका असुविधा हटाएर सुविधा दिने लक्ष्य लिएको धर्मले वैदिक सभ्यता र वेदबाट निर्देशित धर्म बहुव्यक्ति सिर्जित र ऐतिहासिक शृङ्खला पार गर्दै विकसित भएको हुनाले यसले सुख, शान्ति, समृद्धि र लोकहितको कुरालाई आफ्नो लक्ष्य बनाएको छ । वैदिक संस्कार युक्त व्यावहारिक जीवन नै वास्तवमा मानवीय जीवन हो भन्ने कुरालाई अनुसरण गर्ने भट्टराईले नेपालको प्राचीन इतिहासदेखि २००७ सालसम्मको आधुनिक इतिहासमा घटेका घटनाहरूलाई आफ्ना ऐतिहासिक कथाहरूका विषयवस्तु बनाएका छन् । बदरीनाथ धर्मशास्त्र र वेदान्त दर्शनका अनुयायी हुन् र त्यसैले उनको मनभित्र रहेको आध्यात्मिक भावनाको प्रभाव उनका हरेक कथाहरूमा परेको देखिन्छ । सोही अनुरूप उनका प्रत्येक कथाभित्र रहेका सामाजिक सङ्गति र विसङ्गति व्यक्तिगत जीवनका आरोह अवरोहका साथै धर्म, दर्शन र संस्कृतिभित्र पनि आध्यात्मिक दर्शनको प्रभावलाई केलाउने प्रमुख उद्देश्य राखेर कथालाई विश्लेषण गर्न खोजिएको छ ।

नेपालको आधुनिक इतिहासमा देखिएका सन्धि, सम्झौता, राष्ट्रको उत्थान, पतन, राजा, महाराजाहरू बिचको अन्तरकलह, दरबारियाहरूमा भएको हत्या हिंसा, षडयन्त्र, दुई देशबिचको झगडाका साथै राजारानीको प्रेम-प्रणय प्रसङ्ग, वीर पुरूषहरूको देशभक्ति उनीहरूको वीरता, वीरवीराङ्गनाहरूको अदम्य उत्साह, राष्ट्रिय भावना, प्रजा वात्सल्यभाव, प्रजातन्त्र प्रेमी, मुक्तिकामी शहीदहरूको अमर गाथा जस्ता विषय नै बदरीनाथ भट्टराईका ऐतिहासिक कथाका प्रतिपाद्य विषय हुन् । देशमा भएका ऐतिहासिक सत्य, तथ्य घटनाको उजागर गर्दै कथाभित्र आध्यात्मिक दर्शन जस्तो महत्त्वपूर्ण बौद्धिक विषयलाई कथामा थोरैमात्र भए पनि खिच्न सक्नु कथाकारको महत्त्वपूर्ण कौशल रहेको मान्न सकिन्छ । बदरीनाथ आफू अद्वैत वेदान्तका विद्वान् भएका हुनाले उनका अधिकांश रचनाहरूमा वेदान्त दर्शनको प्रभावलाई उजागर गरिएको छ । वेद, उपनिषद्, श्रीमद्भागवत, विभिन्न पुराणहरू, रामायण, महाभारत लगायतका आध्यात्मिक ग्रन्थहरूको अध्ययन गरेर आध्यात्मिक ज्ञान प्राप्त गरेका भट्टराईका उल्लिखित कथाहरूमा आध्यात्मिक षड्दर्शन (न्याय, योग, साङ्ख्य, वैशेषिक, मीमांसा र वेदान्त) को प्रभाव परेको पाइन्छ ।

वि.सं.२०१५ सालमा प्रकाशित ऐतिहासिक कहानी कथासङ्ग्रहभित्रका कथाहरूमा पनि सनातन हिन्दू धर्म र दर्शनको प्रभाव परेको पाइन्छ । बदरीनाथ भट्टराई धर्मका मार्गदर्शक हुन् । उनले धर्मको विषयमा चर्चा गर्दै नयाँ इतिहास बोकेका वा ज्यादै पुरानो इतिहास भएका कथावस्तुलाई लिएर कथाहरूको रचना गरेका छन् । धर्मले चरित्र निर्माण, सुख शान्तिको खोज र ईश्वर प्राप्तिको लक्ष्य राखेको देखिन्छ । कुनै पनि धर्मले चरित्रमा व्यभिचार तथा समाजमा कलहलाई स्वीकार्य गरेको हुँदैन । धर्मले अशान्तिलाई टाढा राखी दुःख कष्टलाई दूर गर्दछ भन्ने कुरालाई आफ्नो कथाहरूको मुख्य सन्देश बनाएका बदरीनाथद्वारा नेपालको प्राचीन समयदेखि राणा शासनकालसम्मको ऐतिहासिक विषयवस्तुलाई लिएर यस समूहका कथाको रचना गरिएको छ ।

नेपाल परम्परादेखि नै हिन्दू राज्य भएको हुनाले यस देशका हरेक मानिसहरू अर्थात् राजादेखि रैतीसम्म हिन्दूधर्म र दर्शनको प्रभाव परेको पाइन्छ । ज्ञानी र बुद्धि विवेक भएको मानिसले हिन्दू दर्शनको मूल्य मान्यताहरू पूजा, पाठ, ध्यान, भजन, कीर्तन, व्रत, तीर्थ, दान, धर्म, यज्ञ यज्ञादि गर्ने गर्दछन् । एउटा धार्मिक विश्वासको आधारमा मानिसले समाजका नैतिक मूल्य मान्यताहरूलाई मान्दै आएका छन् । धार्मिक आस्था र विश्वासका आधारमा मानिसहरू आफूलाई परेको अप्ठ्यारो समस्यालाई समाधान गर्न समेत भगवान्‌लाई पुकार्ने गर्दछन् । धर्मात्मा मानिसले सुख, शान्ति, समृद्धि, सौभाग्य तथा भगवत्त्व प्राप्तिका लागि आफ्नो-आफ्नो सम्प्रदाय वमोजिम अर्थात् स्वर्ग प्राप्ति वैकुण्ठ प्राप्ति, गोलोक प्राप्ति, शिवलोक प्राप्तिका लागि विभिन्न देवताहरूको आरधना गर्ने गरेको प्रचलनहरू समाजमा विद्यमान रहेका छन् । अतिशय आनन्दमय आत्माको परमत्वलाई विचार गरेर परमात्माको कृपाबाट आफ्नो मनले कल्पना गरेर बनाइएको मोहलाई ध्वस्त पारी आध्यात्मिक सुख पाउने अभिलाषा बोकेका सात्त्विक व्यक्तित्व भट्टराईले षड्दर्शनलाई निम्त्याएका छन् ।

राजारानी तथा वीरवीराङ्गनाका विशेष चरित्रमा आधारित ऐतिहासिक कथाहरूमा नेपालको लामो राजतन्त्रात्मक परम्परामा युद्ध, झैझगडा, हत्याहिंसा, आतङ्क, उत्थान, पतन हुदै आएको ज्वलन्त उदाहरणहरूलाई यहाँ देखाईएको छ । त्यस्ता प्रकारका ऐतिहासिक राजारानीहरूले राष्ट्रकानिम्ति गरेका त्याग र बलिदान, शत्रुहरूमाथि देखाइएको उत्साह, वीरता र उनीहरू आफैमा भएका आपसी कलह, अन्तर्द्वन्द्व, इर्ष्या र द्वेष जस्ता कुराले जनता र राष्ट्रलाई पारेको हानी नोक्सानी तथा समाजमा रहेका सामाजिक विकृति

विसङ्गति, पारिवारिक तथा व्यक्तिगत जीवनका आरोह अवरोह आदिको विषयमा पनि यस समूहका कथाहरूमा उजागर गरिएको छ ।

## ६.१ वैराग्यको उदय कथा विश्लेषण

वि.सं. २०१५ साल चैत्र महिनामा प्रकाशित ऐतिहासिक कहानी नामक कथा सङ्ग्रहबाट साभार गरिएको यो कथा नेपालको प्रमुख ऐतिहासिक घटनाहरू मध्येको एउटा महत्त्वपूर्ण घटनामा केन्द्रित रहेको कथा हो ।

### ६.१.१ कथासार

नेपालको ऐतिहासक घटना नै मूल विषयवस्तु भएको यस कथामा पाल्पाका राजा मुकुन्दसेनका तीन छोराहरू हुन्छन् । जेठो माणिक्यसेन, माहिलो भृङ्गिसेन र कान्छो लोहाङ्ग सेनले आफूले भनेको मार्गमा नलागेकाले सम्पूर्ण राजकाजदेखि दिक्क भएर राजाले वैराग्यको बाटो लिन खोजेको कुरा यहाँ उल्लेख गरिएको छ ।

छोरा, छोरी मेरा हुन्, राज्य मेरो हो, जनता मेरो निर्देशनमा रहेका छन् । उनीहरूलाई मैले पालेको छु, संरक्षण गरेको छु भन्ने भावना भएका राजा मुकुन्दसेनले छोराहरूलाई एकै ठाउँमा राखेर आधारातसम्म वहस र छलफलमा समावेश गराएर धेरै कुराको उदाहरण दिदै राज्य संचालन गराउने कुरा सम्झाउँछन् । तर छोराहरूले पिताको कुरालाई समर्थन गर्दैनन् । जसका कारण राजा मुकुन्दसेनलाई म र मेरो भन्नु केवल अज्ञान रहेछ । मानिसहरू अज्ञानका कारण निजी स्वार्थमा तल्लीन हुँदा रहेछन् भन्ने वैराग्यको अनुभूति हुन्छ । वास्तवमा असल राजाले देश र जनताका लागि जीवन सर्मपण गरेका हुन्छन् भन्ने कुरालाई आफ्नो असल चरित्र देखाएर सत्य सावित गरेका मुकुन्दसेनलाई आफ्ना छोराहरूले आफूलाई बुझ्न नसकेका हुनाले उनीहरू प्रति दुःखी हुँदै माया, मोह,प्रेम भन्ने कुरा बेकारका कुरा रहेछन् । मानिसले काम, क्रोध, लोभ, मोह आदि इन्द्रियलाई जित्नु नै मानव जीवनको लक्ष्य प्राप्ति हो भन्ने मुख्य कथासार भएको यस कथामा बदरीनाथले ऐतिहासिक प्रसङ्गलाई जोडेर कथाको शीर्षकलाई सार्थक बनाएका छन् ।

### ६.१.२ वैराग्यको उदय कथामा आध्यात्मिक दर्शनको प्रभाव

ब्रह्मको साक्षात्कार गरेको ज्ञानवान् मुक्तात्मा महापुरूष नै सृष्टिका सबभन्दा ठूला मान्छे हुन्छन् भन्ने कुरालाई आत्मसात् गरेका बदरीनाथ भट्टराईले यस कथाको शीर्षक नै*वैराग्यको उदय* राखेर साहित्यिक, दार्शनिक र आध्यात्मिक अर्थ प्रदान गरेका छन् । मनोवादात्मक शैलीमा रचना भएको हुनाले कथाका हरेक हरफहरूमा राजा मुकुन्दसेन आफै बोलेका छन् । कथा ऐतिहासिक भए तापनि कथाकार आध्यात्मिक व्यक्तित्व भएका हुनाले उनको यस कथामा पनि धार्मिक सांस्कृतिक, साहित्यिक र दार्शनिक प्रभाव रहेको पाइन्छ ।

कथाकार बदरीनाथ भट्टराई उच्च आदर्श बोकेका आध्यात्मिक व्यक्तित्व हुन् । उनीद्वारा यस कथामा पाल्पाका राजा मुकुन्दसेन आफू राज्य सत्तामा नै हुँदा आफ्ना छोराहरूलाई देश एकीकरणको शिक्षा दिएर एउटै राज्य सञ्चालन गरेर तिमीहरू मिलेर बसभन्दा छोराहरू नमानेपछि मनमनै दिक्क हुदै भनिएको छ - *पिण्ड पानी देलान् भनेर छोराहरूको मुलाहिजा गर्नु पनि फजूल रहेछ* (पृष्ठ : २) ।

कथामा  जन्म, मृत्यु, मरेपछिको अन्तिम संस्कारका साथै हरेक वार्षिक पुण्य तिथिमा गरिने श्राद्ध र पिण्ड पानी पूर्वीय आध्यात्मिक दर्शनका मूल्यमान्यता धर्म र संस्कृति हुन् । यसलाई जोगाएर राख्नु मानवीय कर्तव्य हो । पुत्रले माता-पिताको आज्ञापालना गर्नुपर्ने, मृत्यु पछिको संस्कार कर्म गर्नुपर्ने जस्ता मानवधर्म र कर्मयोगको पालना आजका मनुष्यहरूलाई गराउनु पर्ने सन्देश दिँदै पूर्वजन्म र परजन्मलाई स्वीकार गरेका बदरीनाथ भट्टराईद्वारा कथाका प्रमुख पात्र मुकुन्दसेनको माध्यमबाट भनिएको छ- *स्वजातिमाथि पनि हतियार चलाउने स्वार्थी बगरेलाई यमराजले कहीं दयामाया गर्लान्* (पृष्ठ  : २) ।

आफू को हुँ ? आफ्नो  जातिगत पहिचान कस्तो हो भन्ने कुरा विचार नगरिकन आफैं र आफन्तप्रति नै हतियार चलाउने बगरेलाई यमराजले समेत दया, माया गर्दैनन् भनेर, सृष्टिको क्रममा यमराजको प्रमुख भूमिका रहदै आएको कुरालाई यहाँ प्रस्तुत गरिएको छ । यमराजबाट नै सृष्टिको संहार हुँदै गएको छ । यमराजको वशमा सबै छन् तर यमराज कसैको वशमा रहँदैनन् भन्ने पूर्वीय मान्यतालाई यस कथामा दर्शाउन खोजिएको छ । धर्म र आध्यात्मिकता प्राप्ति नै जीवनको यर्थाथ मानेका भट्टराईद्वारा भनिएको छ -

*अधर्मको ओढ्ने ओढेर कति शोषण गरे, कति अत्याचार गरे तर यो कुरा सोझा दुनियाँलाई के थाहा ? उसले धर्मात्मा भन्दैमा म वैकुण्ठ जाने होइन । मेरो मनको कालो ध्वाँसो मलाई नै थाहा छ । यस्ता जहान बच्चाका लागि अनन्त पाप गर्ने म कस्तो पागल ? यदि मेरा भइदिएका भए यिनीहरू मेरो आशयमुताविक चलिहाल्थे नि । साँच्चि भन्ने हो भने ईश्वरको सृष्टिमा मेरो के को हक ?* (पृष्ठ :२-३) ।

मानिसले आमाको गर्भमा पदार्पण गरेदेखि नै दुःख भोगको सुरु गर्दछ । जन्मेपछि व्यावहारिक जीवन सञ्चालनमा उसले विविध काम, क्रोध, लोभ, मोहमा फसेर विभिन्न किसिमका पाप, पुण्यका कामहरू गर्दछ । जब उसलाई ब्रह्मतत्त्व/परमात्माको ज्ञान हुन्छ तब उसमा मानवीय जीवनले भोग्नु परेका सबै दुःख आफै हराउँछन् र उसले भगवत्त्व प्राप्त गर्न सक्छ भन्ने पूर्वीय दर्शनको मान्यतालाई यहाँ प्रस्तुत गरिएको छ ।

यो सारा सृष्टिको जम्माजालले वैराग्य प्राप्त भएका मुकुन्दसेन राजाद्वारा आफू राज्य सञ्चालनमा लुब्ध भएर राज्य छोड्न नसकेका कारण यस्ता किसिमका दुःख भोग्नु परेको हो भन्ने कुरालाई आध्यात्मिक ज्ञानसँग जोडिएको छ । बल शक्ति, धन, सम्पत्ति, पत्नी, पुत्र, बुद्धि, शरीर इन्द्रिय, मन र प्राण आदिमा भर परेका राजा मुकुन्दसेनलाई छोराहरूबाट धोका भएपछि वैराग्यको आत्मानुभूति गराउँदै भनिएको छ -

*निद्रादेवीको काखमा घुस्रन सिवाय शान्तिको बाटो कुनै थिएन साथै सन्तप्त हृदयलाई त्यो दिव्य सुख कहाँ मिल्थ्यो । मरूभूमिमा लहलहँउदो बगैंचा बनाउन खोज्ने म कस्तो मूर्ख ? विषय विषभन्दा पनि दुःखदायी रहेछ भन्ने थाहा भयो । संसाररूपी जंगलमा यस्ता यस्ता बाघ, भालु रहेछन् कि भनेर के साध्य । म व्यर्थ मायामोहमा फसिछु* (पृष्ठ : १) ।

कथामा दुःखको सिर्जना केवल आफ्नै कारणले मात्र हुदो रहेछ । जति पनि मानिसका व्यावहारिक जीवनबाट उब्जेका दुःख छन् ती सबै अज्ञानताको कारणले भएका हुन् । जब मानिसको अन्तर आत्मामा रहेका सुख-दुःख हट्छन् तब ऊ परमात्मामा लीन हुन पुग्दछ

भन्ने आध्यात्मिक दर्शनको मान्यतालाई प्रस्तुत गर्दै सुख र दुःख मनको धर्म भएको हुनाले जति मनलाई शान्त, स्थिर, गराउन सकियो उति आनन्दको अनुभव गर्न पाइन्छ भन्ने कुरालाई आत्मसात् गरेका बदरीनाथद्वारा भनिएको छ- *संसार खालि मनको कल्पना रहेछ । यहाँ म भन्या को ? के जड, हाड, मासु, छाला नै म हुँ ?* (पृष्ठ : १) ।

वेदान्त दर्शनका मतमा व्यावहारिक दृष्टिले मात्र जगत् सत्य छ तर वास्तविक रूपमा पूर्णतया सत्य छैन । आत्मज्ञानको अभावमा जीवको जन्म मरण भइरहन्छ । यो संसार सबै ब्रह्ममय छ, व्यवहार भेदमा भ्रान्तिका कारणले गर्दा अनेक रूपको ज्ञान भएको मात्र हो भन्ने वेदान्त दर्शनको सैद्धान्तिक मान्यता अनुरूप जड्, तत्त्व अर्थात् हाड, छाला, मासुले भरिपूर्ण शरीर म होइन, म त केवल जीवात्मा मात्र हुँ भन्ने आध्यात्मिक भावलाई यहाँ प्रस्तुत गरिएको छ ।

> *विषयमा आशक्त मानिस बन्दनमा पर्दछ । मनुष्य जीवन वासना सिवाय अरू केही होइन, यो राम छायामा पनि खै मैले कसको उपकार गरेँ ? कसको हृदयमा बलेको ज्वाला शान्त गराइदिए ? खाली सपनाको बिजुलीको झिलीमिलीमा रङ्मगिए । सुत्दैमा चौथाइ जीवन बित्यो, घुमफिरमा चौथाइ, राजकाजमा चौथाइ अनि बाँकी समयचाहिँ भोगविलासमा । म को हुँ, सत्य के हो भनेर विचार गरेँ ? रातदिन साम, दाम, डण्ड, भेदकै विधानमा डुबिरहेँ ?* (पृष्ठ : २) ।

कथामा म र मेरो भनी आफ्नो कार्य सम्पन्न गरेका राजा मुकुन्दसेनले छोराहरूको व्यवहारबाट दिक्क भएपछि आध्यात्मिकताको खोजी गरेको प्रसङ्गलाई उल्लेख गरिएको हुँदा वेदान्त दर्शनको प्रभाव रहेको देखिन्छ ।

*ॐ असतोमा सद्गमय ।*
*तमसोमा ज्योर्तिगमय मृत्योर्मा अमृतं गमय ॥*

हे परमात्मा ! मलाई असत्बाट सत्मा लगिदिनुहोस् । अन्धकारबाट उज्यालोमा लगिदिनुहोस् । मृत्युका मुखबाट अमृत तत्त्वमा पुऱ्याइदिनुहोस् भन्ने पूर्वीय दार्शनिक मान्यातालाई आत्मसात् गरेका भट्टराई वेदान्त दर्शनका मात्र होइन, योग दर्शनका पनि

अनुयायी हुन् । उनीद्वारा महान् योगी भगवान् बुद्धको वैराग्य जीवनलाई उद्धृत गर्दै भनिएको छ - *बुद्धले त सारा सुखभोगका साधनलाई दुःखको मुहान सम्झेका छन् । उनी सुखलाई त्यागेर नै बुद्ध बनेका छन् । उनले सुखको समुद्र भेटाए* (पृष्ठ : २) । भगवान् बुद्धले सर्वत्र ईश्वरमा दृष्टि राखेर ज्ञान प्राप्त गरेका थिए । उनले ध्यान योगमा नै आफ्नो सुखको अनुभूति गरे भन्ने कुरा उनको दर्शनबाट बुझ्न सकिन्छ । यहाँ परब्रह्म परमात्मा सर्वव्यापक, शक्ति सम्पन्न ईश्वरमा भर पर्ने मान्छेलाई सुखी भनिएको छ ।

देह र गेहमा आशक्त व्यक्तिले कहिल्यै पनि शान्ति र सुखको अनुभव गर्न पाउँदैन भन्ने कुरालाई उद्धृत गर्दै भनिएको छ- *मानवका शत्रु त काम, क्रोध, लोभ, मोहहरू नै हुन् । यी भित्री शत्रुलाई जित्ने पो बहादुर* (पृष्ठ :२) । पूर्वीय दर्शनमा काम, क्रोध, लोभ, मोह यी चार विषयहरू मानिसका ठूला शत्रु हुन् । यिनीहरूले मानिसमा ठूला ठूला घटनाहरूको सिर्जना गराउँछन् । यिनै शत्रुका कारण घटनाहरू घट्दछन् । अनेक पीडा कष्ट मानिसले भोग्नु परिरहेको हुन्छ । मानिसका यी सबै दुःखका कारण अज्ञान भएको हुनाले भगवान् भक्तिको बाटो रोजेमा आत्मज्ञान प्राप्त हुन्छ र दुःखमय सागरबाट मुक्त हुन सकिन्छ भन्ने सन्देश दिइएको छ ।

सत्-चित्, आनन्द स्वरूप भएका मानिस आफ्नो स्वरूपमा स्थित भएर रहेका हुन्छन् । उनीहरूमा कुनै रागद्वेष रहँदैन भन्दै भनिएको छ- *सर्वज्ञ उही परमात्मा छाइएको छ भने के को राग द्वेष ?* (पृष्ठ : २) । यहाँ न्याय दर्शनको सिद्धान्त अनुरूप मानिसहरूलाई रागद्वेष त्यागेर सुख शान्ति प्राप्तिको लागि आध्यात्मिकताको बाटोतिर लाग्नु पर्ने उद्घोष गरिएको यस कथामा दिव्यदृष्टि भएको मुक्त पुरुषले यस संसारलाई मिथ्या सम्झन्छ । तर व्यावहारिक रूपमा संसारलाई स्वीकार पनि गर्दछ । सबै काम गर्दा गर्दै पनि मुक्त पुरुष ती सबैलाई मिथ्या ठान्दछ भन्ने कुरालाई कथाकारद्वारा दिव्यदृष्टि भएका मनुले वानप्रस्थको विधान बताएका कुरा उल्लेख गरिएको छ । आध्यात्मिक ज्ञान प्राप्त भएपछि मानिसमा वैराग्य प्राप्त हुन्छ सोही अनुरूप आत्मज्ञान नै भगवान् प्राप्तिको मार्ग हो भन्दै भनिएको छ-

> *व्यवहारको प्रहारलाई म भगवान्को अनुग्रह सम्झन्छु । नत्र यो वैराग्य मलाई कसरी आउँथ्यो ? जति भोग गऱ्यो उति झन् आगोमा घिउ हालेजस्तै हुने रहेछ । उसैले तिनै परमात्माको शरण नै पर्छु । भगवान्को हुकुम पनि भएको छ,*

*सर्वधर्मान् परित्यज्य सामेकं शरणं व्रज ।*
*अहं त्वां सर्वपापेभ्यो मोचयिष्यामि मा शुच ॥*

(पृष्ठ : ४)

गृहस्थ मनुष्यले व्यावहारिक जम्माजालभन्दा पर रही सबै धनमान त्याग गरेर भगवान्को शरण पऱ्यो भने सबै पापहरू नष्ट भई मोक्षको मार्ग पहिचान गर्न सक्दछ । अर्थात् उसको जीवन मुक्ति आत्मज्ञानबाट संभव हुन्छ । आत्मज्ञानको उदय तबसम्म हुँदैन जबसम्म मानिसमा सम्पूर्ण निन्दनीय कर्म अन्तःकरणको अशुभ वासना र सञ्चित कर्मको समूल उच्छेद हुँदैन । उन्मुक्त पुरुष हुन निन्दनीय कर्मबाट टाढा रहनु पर्दछ । ब्रह्मज्ञान पछि सम्पूर्ण शुभाशुभ वासना समाप्त भएपछि मुक्त पुरुषलले कुनै पनि निन्दनीय काम गर्दैन । ऊ केवल प्रारब्ध कर्मको भोग गर्नका लागि अरू मान्छे सरह बाँचेको मात्र हुन्छ भन्ने आध्यात्मिक दर्शनको मान्यतालाई आत्मसात् गरिएकोछ ।

## ६.१.३ निष्कर्ष

आत्मज्ञान प्राप्ति सनातन धर्मको परम लक्ष्य हो । आफूभन्दा ठूला, मान्यजन र अग्रजलाई आदर-सत्कार, मान-सम्मान गर्नु, भगवान्लाई भक्तिभाव गर्नु हिन्दू दर्शनको मूल्यमान्यता हो भन्ने आध्यात्मिक भावलाई आत्मसात गरेका भट्टराईद्वारा न्याय, वैशेषिक, योग, वेदान्त र मीमांसा दर्शनलाई उजागर गरिएको यस कथामा राष्ट्रप्रेमी वीर, प्रतापी मुकुन्दसेन पाल्पाका राजा भएर देश र जनताको रक्षाको लागि आफ्नो जीवन अर्पण गरेको कुरा स्मरण गर्दै आफ्नो देश नटुक्रियोस् भनेर छोराहरूलाई मिलेर राज्य गर भन्दै असीम अनुरोध गर्दा पनि नमानेका हुनाले आफूले सन्तानप्रति गरेको योगदानलाई सम्झँदै संसारको सृष्टि यस्तै रहेछ । काम, क्रोध, लोभ, मोहका कारण मानिसहरू यस्ता अज्ञानी भएका हुन् । अध्यात्म ज्ञानले वैराग्य उत्पन्न हुने हुनाले त्यस्तो ज्ञान प्राप्त गरी अज्ञानतालाई निर्मूल पार्न, धर्म, अर्थ, काम, मोक्षको बाटो पहिल्याएर भगवान् भक्ति, तपस्या, गरेमा जीवनको अन्तमा पनि यो नश्वर शरीरलाई त्यागेर आत्माज्ञान, ब्रह्मतत्त्व प्राप्त गर्न सकिन्छ भन्ने निष्कर्ष यस कथामा निकालिएको छ ।

## ६.२ सन्धिभङ्ग कथा विश्लेषण

ऐतिहासिक विषयवस्तुमा आधारित यस *सन्धिभङ्ग* कथालाई कथाकारले वि.सं २०१५ सालमा ऐतिहासिक कथा सङ्ग्रहमा प्रकाशित गरेका छन् । यस कथाका मुख्य पात्रहरूमा काश्मीर नरेश जयापीड, नेपाल नरेश अरमुडि, जयापीडका मन्त्री देवशर्मा रहेका छन् । ऐतिहासिक विषयवस्तुभित्र अध्यात्म दर्शनको बीउ रोपिएको यो कथा अत्यन्त मार्मिक र रोचक रहेको छ ।

### ६.२.१ कथासार

नेपालको लिच्ववीकालीन राजा अरमुडिका पालामा काश्मीर नरेश जयापीडले नेपालमा विना सूचना आक्रमण गर्दछन् । जयापीडले आक्रमण गरेर नेपाल देश र नेपाली जनतालाई दुःख दिएकोमा नेपाली नरेश अरमुडि र नेपाली सेनाहरू अत्यन्त क्रोधित भएर काश्मीरलाई आक्रमण गर्दछन् । उनीहरू बिच युद्ध चर्कन्छ । युद्धमा नेपाली सेनाको जीत हुन्छ । उनीहरूले काश्मीरका राजा जयापीडलाई समातेर राजाको साम् ल्याउँछन् । लिच्छवी राजा अरमुडि धार्मिक प्रवृत्तिका राजा थिए । उनी युद्ध लडाईं झगडाका विपरीत शान्तिका पक्षधर थिए । उनले काश्मीर राजा जयापीडलाई युद्धमा हराएर समातेर ल्याएकोमा विरोध गरेका थिए । राजालाई हत्कडी लगाउने होइन सम्मान गर्नु पर्दछ भन्ने उनको धारणा थियो । उनले काश्मीर राजा जयापीडलाई स-सम्मान राजदरबारको अतिथि कक्षमा राखेका थिए । एक दिन देवशर्मा राजा जयापीडलाई भेट्न भनेर आएका थिए । उनले राजा अरमुडिसँग आफ्ना राजा जयापीडसँग भेट गर्नपाऊँ भनी अनुरोध गरेर जेलभित्र पस्छन् र राजालाई यथार्थ सन्देश चिठ्ठीको माध्यमबाट दिन्छन् । देवशर्मा राष्ट्र सेवक भएका हुनाले उनले आफ्नो जिउ ज्यान अर्पण गरेर भए पनि राजालाई देश बचाउनुहोस् भन्ने सन्देश छोड्छन् । आफ्नो अत्यन्त निकट र प्यारो सिपाहीको जीवन बलिदानबाट प्रेरित भएका राजा जयापीड युद्धकालागि पहिलो सन्धिभङ्ग गरेर पुनः युद्ध गर्न तयार हुन्छन् भने यता नेपाल नरेश अरमुडि पनि युद्ध गर्न नचाहँदा नचाहँदै पनि युद्ध गर्न तयार भएको प्रसङ्ग नै यस कथाको मुख्य कथासार रहेको छ ।

### ६.२.२ सन्धिभङ्ग कथामा आध्यात्मिक दर्शनको प्रभाव

जसले मानव जीवनमा वेदहरूद्वारा स्थापित यज्ञ चक्रको अनुसरण गर्दैन, त्यसले आफूलाई पक्कै पनि पापपूर्ण जीवनतिर लैजान्छ । खाली इन्द्रियहरूको सन्तुष्टिका लागि मात्र बाँच्ने व्यक्तिको जीवन नै व्यर्थ छ । कठोर परिश्रम गर तर इन्द्रिय तृप्तिको आनन्द भोग भन्ने सांसारिक वस्तुलाई त्याग गर । जसले भौतिक संसारको भोग गर्न चाहान्छ, त्यसले आध्यात्मिक दर्शनमा चर्चा गरिएको यज्ञचक्र सम्पन्न गर्न नितान्त आवश्यक छ । प्रकृतिको नियम अनुसार प्राप्त भएको मनुष्य जीवनको खास लक्ष्य कर्मयोग, ज्ञानयोग वा भक्तियोग यी तीन मार्ग मध्ये कुनै एउटा मार्गको अवलम्बन गरेर आत्मा साक्षात्कार गर्नु हो । पाप र पुण्यको सीमा भन्दामाथि उठिसकेका योगीहरूका निमित्त दृढतापूर्वक तोकिएका यज्ञहरू सम्पन्न गर्नुपर्ने आवश्यकता छैन तर इन्द्रिय तृप्तिमा नै संलग्न रहेका व्यक्तिहरूका लागि भने आत्मशुद्धिका लागि यज्ञचक्र पूरा गर्नुपर्दछ (कृपामय, २०५४ : १३६) । आध्यात्मिक साधक बदरीनाथद्वारा नेपालको प्राचीन कालको ऐतिहासिक विषयवस्तुदेखि लिएर राणाकालसम्मको इतिहासलाई स्प्रष्ट रूपमा उल्लेख गर्दै कथालाई धर्म र दर्शनसँग जोडिएको छ । यस कथा सङग्रहभित्रका कथाहरू कथात्मक सरलता, सजीवता, प्रभावशालिता, नाटकीयता, विचारमा परिपक्कता, निष्पक्षता, मर्मस्पर्शिता र स्वाभाविकता आदि कथात्मक शिल्पले भरिपूर्ण रहेका छन् । कथात्मक भित्री सङ्घर्ष, गाढा चिन्तन, मनोविज्ञान र उदान्त रूप कथात्मक अन्तःकरण हुन् । कथात्मक लक्ष्य आत्मा हो भन्ने भनाइले पूर्ण बदरीनाथ भट्टराईले यथार्य र आफ्नै मौलिकपनमा कथाको रचना गरेका छन् । उनको यस कथामा आध्यात्मिक दर्शनको प्रभाव त्यति देखिदैन तापनि कथामा समाजको भावनात्मक यथार्य चित्रण, सामाजिक आचार विचार, वासनातृप्ति, अभाव, वेदना, अन्तरद्वन्दका साथै चहकिलो, उन्नत र व्यापक सत्यताले भरिपूर्ण नैतिक उच्च आदर्श समेत पाइन्छ भन्दै भनिएको छ -*उसलाई कति दानवले दबाउन खोजे, कति राक्षसले सताउन ताक गरे, कति पिशाचले पल्टाउने अठोट गरे तैपनि शूरता र वीरताको आडमा आफ्नो उँचो आदर्श उसले अग्ल्याउँदै गइरहेछ* (पृष्ठ : ५) ।

कथामा देशको महिमा वर्णन गर्दै उच्च नैतिक आदर्श तथा ऐतिहासिक नेपाली वीरताको पहिचान भएको संस्कृतिको झलकलाई उजागर गरिएको छ । मानव जीवन अनेक जन्म-जन्मान्तरको राम्रो नराम्रो कर्मसँगै जुटेर आएको हुन्छ । कर्मका कारणले उसले अनेक

कुरा भोग गर्नुपर्ने हुन्छ । कर्म समाप्त नभएसम्म मानव पवित्र हुँदैन भन्ने कुरासँग बदरीनाथद्वारा अरमुडिको पवित्र भावनासँग दानशीलता, निष्ठाभाषिता, धीरता र उचित समयमा उचित कार्यज्ञता यी चार सद्गुणहरू केवल अभ्यासले मात्र हासिल गर्न सकिदैन, यी उत्तम सहज गुणहरू त असल संस्कारद्वारा मात्र प्राप्त गर्न सकिन्छ भन्ने आध्यात्मिक मान्यतालाई यहाँ देश प्रेमको भावनासँग जोड्दै धर्मको ज्ञान नभएका राष्ट्र विरुद्ध अगाडि बढेका व्यक्तिहरूप्रति व्यङ्ग्य गर्दै भनिएको छ -

> *विनाकारण परराष्ट्रमाथि जाइलाग्नु के राष्ट्रियता हो ? सभ्यतामाथि बञ्चरो चलाएर बिरामी बसेका बेलामा समेत आगो लगाइदिनु, शान्ति सूचना दर्शाएर फेरि पनि रातमा हमला गरे जस्तो गरेर उता राजदूतलाई पनि चट्कनच्यूरा खुवाउनु, बलजफतका साथ लुटपीट गर्नु, प्रक्रियाका वीरलाई नरकको भन्दा बढी यातना दिनु, अनि जवरजस्तीका साथ जितिएको प्रदेशमा शोषण गर्नु के मानवता हो ? न्यायलाई औंल्याउने अन्तराष्ट्रिय विधानलाई लत्याएको पापको स्वाद अब चाख्नुहोस्* (पृष्ठ : ६) ।

आध्यात्मिक चिन्तनका विषयहरूले मानिसलाई मानव धर्म, कर्मयोग तथा पाप, पुण्यको जानकारी गराउँछ । सामाजिक न्याय र नीति नियम यिनै धर्म र पापको आधारमा मानिसको हृदयभित्र पसेर सत्य र असत्य पहिल्याई अगाडि बढ्न उत्सुक बनाउनुको साथै सत्य र मानव धर्मको उद्घोष गरिएको यस कथामा सत्कर्मको बाटो अहिंसा हो । असल कर्मले विवेकशक्ति जागृत हुन थाल्दछ । जसका कारण मानिसले अन्धकारबाट उज्यालोको बाटो पहिचान गर्दछ र उसको वाणीमा नम्रता, व्यवहारमा निपुणता र जीवनमा मनोहारिता प्राप्त हुन्छ भन्ने कुरालाई यहाँ उजागर गरिएको छ । स्वार्थले युक्त भएर अनेक प्रकारका कामना राखेर आशक्ति र स्नेहले बलेका मैमत्त भएर परराष्ट्रमाथि आइलाग्ने राजालाई व्यङ्ग गर्दै भनिएको छ - *तपाईंले हामीसँग बाघभालुको व्यवहार गर्नु खोज्नु भए तापनि दाज्यूभाइले गनुपर्ने स्नेह म गर्नेछु । पाहुनाको कदर गर्नु नै सभ्यता हो* (पृष्ठ :६/७) ।

प्राचीन नेपाली पूर्वीय दर्शनमा भाइचारा अर्थात् भाइभाइबिचको सम्बन्ध स्थापित गर्नु, *पितृ देवो भव, मातृ देवो भव, अतिथि देवो भवः* अर्थात् पिता, माता र पाहुनालाई

देवता समान मान्नु भन्ने धार्मिक, सांस्कृतिक मान्यताको प्रभाव यस कथामा परेको छ । यस भनाइले कथा नैतिकतातिर ढल्केको भए तापनि नेपालीको सामाजिक आदर्श र नैतिक मूल्य मान्यतालाई उजागर गरेर ऐतिहासिक लडाईंको क्रममा राज्यलाई एकीकरण गर्ने मनसायले अरमुडिद्वारा भनिएको छ - *हिमालका दुई काखमा दुई राज्य किन ? यस्तामा जनताको नै हक हुन्छ भन्ने मनुको वचन पनि छ* (पृष्ठ : ६/७) ।

सत्कर्मद्वारा नै मानवले देवत्व, ब्रह्मत्वको साक्षात्कार गर्न सक्दछ । सनातन वैदिक धर्मको सार नै 'अहिंसा परमो धर्म' हो । देशलाई टुक्याउनु हुँदैन । एउटै बनाउनुपर्छ, झैझगडा नगरी सन्धि सम्झौता गरेर दुई राज्यलाई एक बनाउनु पर्छ । दुई देशलाई एक बनाई भाइचाराको सम्बन्ध कायम गर्नुपर्छ । युद्धको उद्घोषबाट हिंसा सिर्जना हुने हुनाले वार्ता र संवादबाट सम्बन्ध स्थापित गर्नुपर्दछ भन्ने भावना भएका बदरीनाथले यस कथामा राष्ट्रप्रेम, इमान्दारिता, नीतिगत एकताको झलक दर्शाएका छन् । राजाको कर्तव्य देशप्रेम, राष्ट्रको संरक्षण र राष्ट्र निर्माणका लागि परराष्ट्रसँग सुमधुर सम्बन्ध कायम गर्नु हो । युद्धको चपेटामा पारेर सोझा सिधा जनताको रगतको खोलो बगाउनु राम्रो होइन बरु सन्धि पत्रले विश्ववन्धुत्वको आदर्श स्थापना गर्नु पर्दछ भन्ने विशाल आदर्शतालाई कथाकारले यहाँ प्रस्तुत गरेका छन् । दोषदृष्टि तथा अहंकारको त्याग गर, दुरदर्शी वन र प्रत्येक वस्तुमा शुभ हेर्न सिक भन्ने आध्यात्मिक मान्यताको सन्देश दिन चाहेका भट्टराईद्वारा विश्वासघातलाई ठूलो पाप ठान्दै भनिएको छ - *विश्वासघात गर्दै कृतघ्न बन्नुभन्दा ठूलो अरू महापाप केही छैन । पृथ्वीलाई स्वर्ग बनाउनु राजाको खास कर्तव्य हो* (पृष्ठ : ८) ।

पूर्वीय हिन्दू आर्य संस्कृतिमा सद्व्यवहार, आदर सत्कार, विश्वास, सत्यता, नैतिकता, सदाचार आदि मानवीय सद्गुण भएका हुनाले मानवले मानवप्रति गर्नुपर्ने मानवधर्म युक्त कार्य विपरीत भयो भने पूर्वीय दर्शनमा पाप ठहरिन्छ । युद्ध, लडाइँ, झगडा, छलफल, शान्ति, सम्झौता, रणनीति, कुटनीति आदिले भरिपूर्ण विषयवस्तुमा आदर्शताको झलक पाइन्छ । संसारमा अनेकौं प्रकारका स्थलचर र जलचर प्राणी रहेका छन् । जड पदार्थको सृष्टिमा पनि विविधता रहेको छ भन्दै भनिएको-*सांसारिक चक्रको रहस्यमय परिवर्तनलाई उनी कसरी पत्ता लगाऊन्* (पृष्ठ :८) ।

यो संसार सबै ब्रह्ममय छ तर व्यवहार भेदमा भ्रान्तिका कारण मिथ्या ज्ञान भएको मात्र हो भन्ने वेदान्त दर्शनको प्रभावलाई कथाकारद्वारा देखाउँदै देवशर्माको जीवन नै

बलिदान दिने त्यागको चिठ्ठीको माध्ययमबाट भनिएको छ- *यदि मेरो इच्छा पूर्ण गराइदिबक्स्यो भने स्वर्गबाट पनि जय मनाउने छु* (पृष्ठ : ८) । अरमुडिले देवशर्माको रगतले भरिएको चिठ्ठी प्राप्त गरी खोलेर हेर्दा राष्ट्र प्रेम र राजाप्रतिको निःस्वार्थ त्याग देखेर आत्म विभोर भएको विषयलाई उच्च आदर्श प्रदान गर्दै कथामा आध्यात्मिकताको मान प्रदान गरिएको छ ।

### ६.२.३ निष्कर्ष

ईश्वरको बीज शक्तिको नाम माया हो । यही मायाका कारणले ईश्वर (ब्रह्म) ले जगतको सृष्टि संहार आदि गरेको हुन्छ । माया ईश्वरको लीला शक्ति हो । माया ब्रह्माको शक्ति हो । माया ईश्वरको उपाधि हो । माया सत्त्व गुण सम्पन्न हुन्छ । ब्रह्म आत्मा र परमात्मा दुवै हो भन्ने वेदान्त दर्शनका विद्वान् बदरीनाथद्वारा नेपालको प्राचीन ऐतिहासिक विषयवस्तुमा आधारित यस *सन्धिभङ्ग* कथामा राजा अरमुडि र काश्मीर राज्यका देशभक्त राष्ट्रप्रेमी देवशर्माको देशभक्ति र वीरता उल्लेख गर्ने क्रममा विभिन्न किसिमका पात्रहरूको मनोभावनालाई मिश्रित शैलीबाट प्रस्तुत गरी आफ्नो आध्यात्मिक भावनालाई कथाका पात्रहरू मार्फत उल्लेख गरिएको छ । आध्यात्मिक र भौतिक क्षेत्रका पृथक-पृथक विचारको यथार्थता देखाइएको यस कथामा भौतिक जगत् सत्य हो भन्ने मीमांसा दर्शन र अनेकता नै सत्य हो, संसारिक तत्त्व मिथ्या हो, वेदान्तको ज्ञानद्वारा अज्ञानता नाश हुन्छ, ब्रह्म आनन्द स्वरूप हुन्छ भन्ने वेदान्त दर्शनका साथै जीवात्मा र परमत्माको मिलन नै योग हो भन्ने योग दर्शन तथा भौतिक र आध्यामिक दर्शनको सङ्गम वैशेषिक दर्शनको प्रभावलाई उजागर गरिएको छ ।

## ६.३ आइमाईको हालीमाली कथा विश्लेषण

वि.सं. २०१५ सालमा प्रकाशित ऐतिहासिक कहानी कथा सङ्ग्रहभित्रको महत्त्वपूर्ण नारी प्रधान चरित्रमा आधारित *आइमाईको हालीमाली* कथा अत्यन्त मार्मिक रहेको छ । रानी देबलदेवीले आफ्नी नातिनी राजल्लदेवीलाई राज्य व्यवस्था सुम्पिन गरिएको सङ्घर्षलाई आधार मानेर यस कथाको रचना गरिएको छ ।

### ६.३.१ कथासार

ई.१३८०-९० तिरको मल्लकालीन नेपालको राज्य व्यवस्था सञ्चालन सम्बन्धी कुरा नै यस कथाको प्रमुख कथानकहरू हुन् । खस राजा आदित्य मल्लले नेपालमा आक्रमण गरेको स्थितिको सामान्य चर्चा यस कथामा वर्णित छ । राजल्लदेवी र जयस्थिति मल्लको कालमा नेपालमा भएको सुधारको सङ्केत पनि कथामा दर्शाइएको छ । मुख्य रूपमा प्रमुख पात्रहरू आइमाई देबलदेवी, नायकदेवी र राजल्लदेवी यी तीन रानीहरूले चलाएको ऐतिहासिक राज्यसत्तामा आधारित रहेर वीराङ्गना, साहसी नेपाली ऐतिहासिक नारीहरूको परिचय र आफ्नै वंश महिला भए पनि सत्ता हस्तान्तरण गरेको मुख्य कथानक रहेको यो कथा नारी प्रधान चरित्रमा आधारित रहेको छ ।

### ६.३.२ आइमाईको हालीमाली कथामा आध्यात्मिक दर्शनको प्रभाव

विषयानन्दमा जुन सुख तथा हर्षको अनुभव हुन्छ, त्यो त मोह नै हो । त्यो हर्ष त मिथ्या हो, त्यो पुनः दुःखमा अनि शोकमा परिणत हुन्छ । संसारमा सर्वत्र आशक्ति छ । जसले आध्यात्मिक साधनाद्वारा आफूलाई चिन्यो ऊ शान्तिको समुद्रमा मस्त रहन्छ भन्ने भावना भएका बदरीनाथ भट्टराई आध्यात्मिक साधक हुन् । विज्ञानको समुद्रमा पनि सुख हुन्छ त्यो त इन्द्रियजन्य हो । ज्ञान समुद्रको आनन्द स्वरूप हो भन्दै भनिएको छ -*नानी, कौमारीले तिमीलाई शक्ति दिऊन्, अन्यायको नाश गरेर न्यायको प्रतिष्ठा गर्न सक्के* (पृष्ठ : ११) ।

आध्यात्मिक दर्शनमा देवी भागवतको आध्यात्मिक भनाइबाट शक्तिदायिनी माता कौमारी (भगवती) ले समस्त लोक कल्याणको निमित्त शक्ति प्रदान गर्दछिन् । अझ नारी कल्याणको लागि त झन् सत् मार्गको ढोका खुला गरिदिन्छिन् भन्ने आध्यात्मिक मान्यतालाई यस कथामा उल्लेख गरिएको छ । हाम्रो सनातन धर्मग्रन्थहरूले विभिन्न माध्यमबाट अमूल्य उपदेश गर्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ । *सूर्य आत्मा जगत्ः तस्थुष च* (युजु अ : ७ । ४८) अर्थात् जगत्कास्थावर तथा जगत्का अन्तर्यामी आत्मा सूर्य भगवान्‌को उत्कृष्ट महानता देवत्व सृष्टिले यो संसार चलिरहेको छ । त्यस्ता महान् सूर्य देवको महिमालाई यस कथाकी पात्र देबलदेवीको चरित्रसँग जोडेर कथालाई

आध्यात्मिकतातिर मोड्दै भनिएको छ- *सूर्य र चन्द्रलाई आफ्ना तालमा नचाउने मेरो ताकत देखेर तिम्रो जिजुबुबा हाँसिबक्सिन्थ्यो* (पृष्ठ : १२) ।

संसारका सबभन्दा ठूला र महत्त्वपूर्ण शक्ति सूर्य र चन्द्रमा हुन् । उनीहरूको ताप, प्रकाश र शीतलताबाट सृष्टिको क्रम अगाडि बढेको छ । त्यस्ता शक्तिको उदाहरण प्रस्तुत गरिएको यस कथामा देवी कौमारीबाट शक्ति प्राप्त गरेकी ऐतिहासिक महारानी देबलदेवी आध्यात्मिक नारी पनि थिइन भन्दै मृत्यु शाश्वत सत्य हो । यो टारेर टर्दैन । जीवात्माले शरीरलाई छोडिदिनुलाई मृत्यु मानिन्छ । कसैको मृत्युमा सन्देह गर्नु अज्ञानता हो भन्ने आध्यात्मिक मान्यतालाई अंगाल्दै भनिएको छ -

*यो नातिनी गर्भ मै छँदा कूटनीतिको विषालु ज्वालामा परेर*
*जुवाइँ एक्कासी मुक्त हुनुभयो । फेरि यो पाएको दशदिनमा*
*विरह र प्रसूतिको वेदनाले विह्वल भएकी छोरी परलोक भइन् ।*
*कालको चक्रले बीसौँ चक्का लगाइसक्दा पनि निको नभएर त्यो*
*घाउमा अझ किन उकुच पल्टिएको होला* (पृष्ठ : १२) ।

आध्यात्मिक दर्शनमा जीवात्माको जन्म र मृत्यु निश्चित कुरा हुन् । बालकको जन्मबाट मानिस जति खुशी हुन्छ उसको मृत्युबाट मानिस अत्यन्त दुःखी र विह्वल बन्छ । माया, प्रेमको बन्धनमा बाँधिएको मानिस आफन्तको वियोगबाट विचलित हुन्छ । आत्यन्तिक दुःखको महसुस गदर्छ । तापनि मृत्यु त निश्चित र अकाट्य छ । यस्तो आफ्नो वशभन्दा पर रहेको मृत्युका लागि कसैले पनि शोक गर्नु हुँदैन भन्ने विचार कथाकारको यहाँ रहेको देखिन्छ । काललाई महाकालशनि मृत्युञ्जयस्त्रोत्रको अठासीऔँ पद्यमा कालबाट नै सम्पूर्ण जगत् निर्माण हुन्छ र कालमा नै सबै विलीन हुन्छन् भन्दै भनिएको छ -*काल स्वरूप स्वयम् शम्भु हुन्, काल आत्मा हो र काल नै ग्रहहरूको देवता हो* (पृष्ठ : ८८) ।

पूर्वीय धार्मिक तथा दार्शनिक ग्रन्थहरूमा काललाई विशेष महत्त्व दिएर विभिन्न विषयबाट कालको महिमा वर्णन गरिएको पाइन्छ । मानिस जन्म, मृत्युको स्वभाविक विषयको चक्करबाट मुक्त हुनुपर्छ भन्ने सन्देश प्रदान गरिएको यस कथामा देवलदेवीले आफ्नी नातिनी राजल्लदेवीलाई राज्य सञ्चालन गर्न प्रोत्साहन गरेका कारणले एकातिर सत्ता हस्तान्तरण आफ्नै वंशमा गराउन खोजिएको बुझिन्छ भने अर्कोतिर महिलाले पनि राज्य

सञ्चालन जस्तो महत्त्वपूर्ण कार्य पनि गर्न सक्छन् यदि उनीहरूमा आँट, साहस भएर आफूले पाएको जिम्मेवारीलाई मन, बचन र कर्मले सिद्ध गर्न पाए भने भन्ने भाव दर्शाएको छ । काम क्रोध लोभ, मोह, मद् र मत्सर आदि छ वटा शत्रुबाट मानिस मुक्त हुनुपर्ने कुरालाई विशेष महत्त्व दिइएको यस कथामा नातिनी र हजुरआमाबिच अप्रत्यक्ष संवाद भइरहेको जस्तो देखिन्छ । ऐतिहासिक सत्य घटनामा आधारित कथा रचना गरेका बदरीनाथले सुल्तानको राक्षसी प्रवृत्तिको घोर विरोध गर्दै राजल्लदेवीद्वारा भनिएको छ -

> *अहिंसाको मूर्ति स्वयंभूमाथि समेत प्रहार गरेको सुनेर आगो भएकी मैले विदेशी र विधर्मीले यस्तो अत्याचार गर्दा पनि के यसरी टोहोलाएर बसिरहने ? हातहतियार तयार भए हामी पनि दुश्मनहरूलाई छिया छिया पार्छौं र चिता बनाएर खुशी साथ जलाउँछौं ? भनेर मैले फुकेको शङ्खको आवाजको प्रतिध्वनि नेपालमा फिँजिनाशाथ सुल्तानले आफ्नो बाटो लिई हाल्यो । जुन देशका लागि सती नगएर बसेकी थिएँ त्यही देशका छातीमा दुश्मनले कुल्चेको हेरिरहनु परेको भए आफैं मृत्युको स्वागत गर्ने थिए* (पृष्ठ : १३) ।

एउटी कर्तव्यनिष्ट, निडर, राष्ट्रकी रक्षक राजकुमारीले महिला भएर पनि आफूलाई कमजोर नठानी दुश्मनको अगाडि पनि घुँडा टेकिनन् । आफ्नो जीवनलाई दाउमा राखेर राष्ट्र निर्माणको कार्यमा आफूले मृत्यु वरण गर्नु परे पनि पछि नहट्ने कुरा उनले व्यक्त गरेकी छिन् । पूर्वीय मान्यता अनुसार जीवात्माको मृत्यु पूर्वनिर्धारित कुरा हो, यसलाई कसैले पनि टार्न सक्दैन । स्वयम् सृष्टिकर्ता भगवान्ले पनि सृष्टिका क्रममा जन्म लिएर मृत्यू वरण गरेको प्रसङ्ग आध्यात्मिक कथाहरूबाट ज्ञान लिएका बदरीनाथ भट्टराई मृत्युलाई सामान्य ठान्दछन् । आध्यात्मिक साधनाबाट व्यावहारिक जीवनमा सफलता प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको यस कथामा भौतिक जीवन र आध्यात्मिक जीवनको सङ्गमलाई देखाइएको छ ।

भट्टराईको यो कथा ऐतिहासिक नारी प्रधान भए तापनि कथाकार आफू आध्यात्मिक व्यक्तित्व भएका हुनाले उनका कथाका कतिपय अंशहरूमा आध्यात्मिक दर्शनको प्रभाव परेको पाइन्छ । कथामा उल्लेखित अहिंसा, धर्म, ज्ञान शङ्ख र मृत्यु शब्दको प्रयोगले पनि पूर्वीय आध्यात्मिकता प्रष्ट रूपमा झल्किन्छ । कथामा उल्लेख गरिएको न्याय, नीति, सूर्य र

चन्द्रमाको संयोगले अध्यारो हटेर उज्यालो प्राप्त गर्न सकिन्छ भन्ने कुरा पूर्वीय आध्यात्मिक दर्शनका परम्परादेखि चल्दै आएका आधारभूत कुरा हुन् । यी वाक्यहरूको प्रयोगले समाजलाई सत् मार्गको सङ्केत गरेको पाइन्छ । त्यस्तै कथाको अन्तमा पशुपति दर्शन गर्न जाऔँ भगवान श्री पशुपतिनाथ विश्व ब्रह्माणका अधिष्ठाता तथा नेपालका राष्ट्रदेव हुन । शिव समस्त मंगलहरूका मूल छन् । परम कल्याणमय तथा शक्तिका आधार हुन । शिवशक्तिको पावन धाम शान्तिको उपवन आर्यावर्तको शिरोभाग हाम्रो देश अध्यात्मको मुकुट मणि हो । यस्ता पशुपतिनाथको दर्शनले मात्र पनि मनुष्यको जीवन सफल हुने भावना प्रस्तुत गर्दै भनिएको छ -*ब्यूँझेपछि जिन्दगीको बत्तीमा तेल सिद्धिएछ जस्तै मलाई लाग्यो । उसैले बाग्मतीको किनारमा बस्ने इच्छा पो उठिरहेछ* (पृष्ठ : १४) ।

भगवान् शिवको चरण जलले पावन भएको वाग्मती नदीले अध्यात्मको सन्देश प्रदान गरेको छ । कथामा सोझै आध्यात्मिक दर्शनको प्रभाव नपरे तापनि आंशिक आध्यात्मिक दर्शनको प्रभाव परेको ऐतिहासिक विषयवस्तुमा आधारित यस कथामा पुरुषमा मात्र होइन महिलामा पनि यदि अवसर पाएमा उत्साह, जागर, साहसीपन, वीरता, इमान्दारिता, कर्तव्य परायणता, राष्ट्रियता, त्याग र तपस्या हुन्छ । महिलाहरू भावुक दयाका सागर हुन् भने अन्याय र अत्याचारको विरुद्ध राष्ट्र निर्माण र राष्ट्रलाई जोगाउन जस्तासुकै कष्ट पनि सहन गर्न सक्ने व्यक्तित्व हुन् । पूर्वीय दर्शनले आफ्नो जीवन क्षणिक छ, संसार असत्य छ, भौतिक सुख, सुविधा एकछिनको भुल्ने बाटो मात्र हो, वास्तवमा मानिसले भौतिक सुखबाट शान्ति पाएको हुँदैन । बेलैमा सांसारिक जीवनको रहस्य बुझेर ईश्वरीय चिन्तन परमार्थ साधन तर्फ लाग्नुपर्छ भन्ने सङ्केत यस कथामा पाइन्छ ।

### ६.३.३ निष्कर्ष

भौतिकवादभन्दा अध्यात्मवाद ठूलो हो भन्ने पुष्टि गरिएको यस कथामा मानिस विवेकशील प्राणी हो, मानिसमा दयाधर्म र सेवाभाव हुनुपर्छ, भौतिक सुख सयलमा मानिस अन्धो भएर युद्ध,, झगडा, तृष्णा अर्थात् काम, क्रोध, लोभ, मोहमा फसेका छन् । त्यस्तो मायामयी संसारको जालबाट बच्न आध्यात्मवादलाई अनुसरण गर्दै जानुपर्दछ । मानिसले भवबन्धनबाट छुट्कारा पाउन उसले आत्मतत्त्वको ज्ञान प्राप्त गर्नुपर्छ । मानिसमा भगवत्त्व प्राप्ति गर्न मनको एकाग्रता र वैराग्यता प्राप्त हुन्छ भन्ने सन्देश बोकेको यस कथामा नारी प्रधानताभित्र देवी भागवतको विशेष प्रभाव रहेको पाइन्छ ।

## ६.४ सङ्घर्ष कथा विश्लेषण

बदरीनाथ भट्टराईको २०१५ सालमा प्रकाशित ऐतिहासिक कहानी नामक कथा सङ्ग्रहबाट प्रकाशित *सङ्घर्ष* चौथो कथा हो । मानवीय सङ्घर्षभित्र आध्यात्मिकता प्रदान गरिएको यस कथामा मीमांसा र वेदान्त दर्शनको विषेश प्रभाव रहेको पाइन्छ ।

### ६.४.१ कथासार

यो कथा गोरखाका राजा द्रव्य शाह र लमजुङ्का राजा नरहरि शाहको राज्य जीवन चरित्रमा आधारित रहेको छ । राजा द्रव्य शाह र नरहरि शाह दाजुभाइ भएर पनि उनीहरू बिच राज्य प्राप्ति सम्बन्धी भएको झगडा नै कथाको मुख्य विषयवस्तु रहेको छ ।  राज्य प्राप्ति र राज्य सञ्चालन सम्बन्धी अस्वस्थ प्रतिस्पर्धा देखाइएको यस कथामा लिगलिग र लमजुङको बिचमा पर्ने चेपे नदीमा श्राद्ध गर्ने निहुँपारी दाजु नरहरि शाहले भाइ द्रव्य शाहलाई बोलाएर मार्ने षड्यन्त्र गरेको प्रसङ्गलाई उल्लेख गरिएको छ । पूर्व सङ्घर्षको अवस्था र पछि हुने सङ्घर्षमय वातावरणलाई उल्लेख गरेर भाइभाइमा युद्ध, लडाइँ, झगडामात्र होइन एक आपसमा मिलेर अगाडि बढ्नु पर्छ । वंश परम्परालाई कायम राखी राजामा हुनु पर्ने सम्पूर्ण गुण उसले ग्रहण गरेको हुनुपर्दछ भन्ने कुरा यस कथामा उल्लिखित रहेको छ । आफै आफैमा राज्य प्राप्तिका स्वार्थले लड्ने राजाले जनताको हित र उनीहरूको अधिकार सुनिश्चित गर्न सक्दैन भनेर राजाको खराब चरित्रको पर्दाफास र असल चरित्रको उदाहरण प्रदान गरिएको यस कथामा राजा र जनताबिच एक आपसमा सकारात्मक धारणा र आध्यात्मिक ज्ञान हुनुपर्दछ भन्ने विषय उल्लेख गरिएको छ ।

### ६.४.२ सङ्घर्ष कथामा आध्यात्मिक दर्शनको प्रभाव

धर्मशास्त्रका विद्वान् सात्त्विक आध्यात्मिक व्यक्तित्व कथाकार बदरीनाथ भट्टराईले यस कथामा अर्कोलाई दुःख दिनु पाप हो र परोपकार गर्नु धर्म हो भनेका छन् । उनी वेदान्त दर्शनका अनुयायी भएका हुनाले उनको विचारमा मानव जीवनको सर्वोपरी लक्ष्य दुःखबाट निवृत्ति र सुखबाट शान्ति र आनन्दको अनुभूति नै हो । यसका लागि मानिसको पहिलो आवश्यकता हो, व्यक्तिमा सनातन शाश्वत मानव मूल्य र मान्यताको सुसंस्कार दिनु दाजु भाइको झगडाले जन्माएको कटुतालाई व्यक्त गरिएको यस कथामा सत्ता प्राप्ति र धन

दौलत, ऐस र आराम लगायतका इन्द्रियजन्य सुख भोगमा रमाउन चाहेका स्वार्थी नरहरि शाहको खराब चरित्रप्रति इङ्गित गर्दै द्रव्य शाहबाट भनिएको छ -

> *ग्रह, तारा, नक्षत्रहरू आफ्नो आफ्नो चालमा चलेका छन् । टक्कराउनुको कुरा त परै रहोस् । छायाले पनि आपसमा बाधा पार्न चाहँदैनन् । जुधिएला भनेर हो कि बादलहरू पनि सकेसम्म अलग्ग भएर हिँड्छन् । पशुपक्षी, कीरा फट्याङ्ग्राहरूको समेत आपसमा वैमनस्य देखिंदैन तर मानिसले मानिसलाई किन सहँदैन ?* (पृष्ठ : १५)

कथाकारद्वारा मानवीय स्वार्थी प्रवृत्ति र समग्र सृष्टिको नियमित प्रक्रियालाई यहाँ जोड्न खोजिएको देखिन्छ । जीवात्माहरू मध्ये सृष्टिको क्रममा मानिस सर्वश्रेष्ठ प्राणी भए तापनि काम, क्रोध, लोभ, मोह, मार्त्सय त्याग गर्न नसकेको कारणले अरू जीवात्माभन्दा पनि तुच्छ कर्म गर्न पुग्छ भन्ने कुरालाई देखाई हिंसाबाट मुक्त हुनुपर्ने सङ्केत गरिएको यस कथामा बुद्धिमान् मानिसले मद्, मात्सर्य, पापकर्म, राजद्रोह, चुक्ली लगाउने, सामूहिक वैरभाव राख्ने जस्ता कार्यहरू त्याग गर्नुपर्दछ भन्दै भनिएको छ -

> *कौरव र पाण्डव आपसी क्रोधाग्निमा होमिएर आफू मात्र स्वाहा भएका होइनन्, किन्तु अरूलाई समेत गोल बनाइदिए । यदि इतिहासलाई हेर्ने हो भने यस्ता दृष्टान्त असङ्ख्य छन् । यस्तै फुट्बाट रजपुत विलाए । के मानवताको आदर्श यही हो ? एउटाको हत्या गरेर हजार जना बाँच्छन् भने मुनासिब छ* (पृष्ठ : १५) ।

हत्या, हिंसा, क्रोध, आतङ्क भन्ने कुरा आध्यात्मिकताभन्दा बाहिरका कुरा हुन् । अर्थात् मानव कल्याण विपरीत कुरा हुन् । त्यसैले सकेसम्म युद्ध गर्नु हुँदैन भन्ने भावना भएका कथाकारद्वारा सत्य र धर्मको पक्षमा उभिएर एउटाको हत्या गरेर हजार जना बाँच्दछन् भने युद्ध गर्न मनासिव छ । गलत कुराले समाजमा विकृति उत्पन्न गराउँछ त्यसैले त्यस्ता विकृत मानसिकता बोकेका फटाह व्यक्तिलाई दण्ड दिएर भए पनि स्वच्छ समाजको निर्माण गनुपर्दछ भन्ने भट्टराईद्वारा विश्ववन्धुत्वको भावनालाई आत्मासात् गर्दै

भनिएको छ- *विश्वलाई नै बन्धु सम्झनु पर्नेमा एउटै पेटमा जन्मेका हौं भन्ने कुरालाई पनि दाज्यूले कसरी बिर्सेका होलान्* (पृष्ठ : १५।१६) ।

भगवत्त्व परायणता, शान्ति, अहंकार, शुन्यता र द्वन्द्वहीनता जस्ता गुणले सम्पन्न बदरीनाथ भट्टराई भातृत्वमैत्री, शान्ति, संयम, दया र सन्तोष आदि गुण मानवमा हुनुपर्ने कुरा व्यक्त गर्दछन् । उनले हरेक मानिसले धार्मिक नीति नियमको परिधिमा रहनुपर्ने कुरा व्यक्त गरेका छन् । उनको भावनालाई चाणक्य नीति शास्त्रमा भनिएको छ,सत्य माता, ज्ञान पिता, धर्म भाइ, दया मेरी बहिनी, शान्ति मेरी पत्नी, क्षमा मेरो छोरो यी छ वटा मेरा वन्धु हुन् (अर्याल, २०६९ : ४०९) । मानिसका लागि सत्य, ज्ञान, धर्म, दया, शान्ति र क्षमा यी छ वटा गुण जीवन निर्वाहका लागि अपरिहार्य र बन्धु तुल्य हुन् भन्ने कुराको सन्देश दिँदै भनिएको छ- *आफूलाई आदर्श राम ठानेर कान्छो भाइले भरतको आचरणलाई लत्यायो भनी उनी उड्कन्छन्* (पृष्ठ : १५।१६) ।

त्रेता युगका मर्यादा पुरुषोत्तम श्रीरामचन्द्रको असल चरित्रलाई कथाका पात्रको चरित्रसँग जोडेर कथामा आध्यात्मिक रस भर्न खोजिएको छ । मानवले मानवका लागि गरेका साना तिना गल्तीहरू सामान्य हुन् । ठूला व्यक्तिले सानालाई ज्ञान, विवेक, माया, प्रेम, उत्साह र प्रेरणा प्रदान गर्नुपर्दछ भने सानाले ठूलालाई आदरसत्कार गर्नुपदर्छ भन्ने पूर्वीय मान्यता अनुरूप यस कथामा दाजु नरहरि शाहले आफूलाई असल व्यवहार नगरेकोमा द्रव्यशाह दुःखी भएको प्रसङ्गलाई उल्लेख गरेर दैवी शक्ति प्राप्त गरेका अति मानवीय व्यक्तित्त्व रामको उदाहरण दिदै भनिएको छ- *नदीको किनारमा बाबुको श्राद्धसँगसँगै गर्ने निहुँले बोलाई एक्लो र हतियार नलिएको मौका छोपी भाइ मार्ने विचार रामको मनमा उब्जन पनि उब्जिएन* (पृष्ठ : १६) ।

मर्यादा पुरुषोत्तम रामबाट मानवधर्म विपरीत कर्म हुनै सक्दैन भन्ने कुरालाई उदाहरण दिदै कथामा सत्कर्मको सन्देश दिइएको छ । आध्यात्मिक कथाहरूको रचनाले बदरीनाथको दार्शनिक रुचि, ज्ञान, सीप र कलाको अभिव्यक्ति यस कथामा पाइन्छ । आफ्नो सनातन धर्म र संस्कृतिको रक्षार्थ कलम चलाएका बदरीनाथ घर परिवार, बन्धु बान्धवमा मेलमिलाप हुनु पर्ने कुरा गर्दै घरपरिवारमा एकको धर्मले कुलकै उद्धार हुने कुरा व्यक्त गर्दछन् । सोही विषयलाई चाणक्य नीतिमा भनिएको छ -

> *जुन कुरासंसारको कतिपय मानिस पुत्र, मित्र, बान्धव, साधु, महात्मा, विद्वान् आदिका सङ्गतबाट टाढा रहन्छन् यो कुरा राम्रो होइन, जसले यिनीहरूलाई साथ दिन्छन्, उसका धर्मले गर्दा उनको कुलको पनि असल फल प्राप्त हुन्छ* (अर्याल, २०६९ : ३४५) ।

जसरी तेजस्वी सूर्यले एक्लैले नै सम्पूर्ण जगत्लाई आफ्नो किरणद्वारा ढाकेको हुन्छ । त्यसरी नै ठूलो पराक्रमी वीर पुरुष एक्लैले यस पृथ्वीलाई आफ्नो चरणद्वारा ढाकेको छ भन्दै भनिएको छ- *त्यहाँको घोर घमासान युद्धमा यमराज बन्न नसकेको भए गोर्खा खतम हुने थियो । यमराजको शक्ति अकाट्य छ यसलाई कसैले जित्न सक्दै* (पृष्ठ : १६) ।

यमराजको शक्तिसँग द्रव्यशाहको विवेकपूर्ण सङ्घर्षलाई दर्शाइएको यस कथामा मानवतावादी आदर्श बोकेका बदरीनाथद्वारा देशभक्ति र राष्ट्रप्रेम भएको मान्छेले आवश्यक परेको बेलामा आफ्नो बल र पुरुषार्थको प्रयोग गर्नुपर्दछ भनिएको छ । यदि देशमा सङ्कट आउन लाग्यो भने आफ्ना बन्धु-बान्धव पनि नभनी देशलाई बचाउने तर्फ लाग्नुपर्छ भन्ने सन्देश दिदैं भनिएको छ -

> *सहोदर भाइमाथिको विशुद्ध स्नेह प्रवाहमा दाज्यूले पीप मिसाए पछि म मात्र किन भ्रातृभक्तिको धारा बहाइरहूँ 'शठे शाठ्यं समाचरेत्' भन्ने नीतिको कदर नगर्ने कुनै पनि राजनीतिक सफल भएको छैन* (पृष्ठ : १६) ।

दुराचार, अत्याचार गर्ने, अर्कालाई निन्दा गर्दै हिँड्ने, फोहोर कुरा गर्ने (दुष्ट वचन बोल्ने), रिसाहा, मूर्ख व्यक्तिलाई दुःख दारिद्रयले तुरुन्तै घेर्दछ भन्ने कुरामा बदरीनाथको समर्थन रहेको छ ।

उनी नैतिकहीन व्यक्तिको विरोध गर्दछन् । जुन विषयलाई महाभारतको विदुर नीतिमा भनिएको छ - *पवित्र नैतिक ज्ञानमा विष पिउने एक्लै मर्दछ हतियारले पनि एउटालाई मात्र मार्दछ । राष्ट्रिय स्तरको जो पनि सत्ता प्रकट हुँदै गएमा राष्ट्र, जनता र सत्ताधारीहरू समेत सबैलाई विनाश गर्दछ* (अर्याल, २०६९ : ५५) ।

कुनै मानिसले आफूसँग जुन व्यवहार गर्छ, उससँग पनि त्यस्तै नै व्यवहार गर्नुपर्दछ । त्यही नै नीति र धर्म पनि हो, कपटीसँग कपटपूर्ण व्यवहार गर्नुपर्छ , सज्जनसँग भने सौहार्द्रपूर्ण व्यवहार गर्नुपर्छ भन्ने कुरालाई द्रव्य शाहको माध्यमबाट कथाकारको विचारमा राष्ट्र निर्माणको समयमा सत्यको पक्षमा युद्ध गर्दा आफन्त बनेका कसैलाई पनि छोड्न हुँदैन अर्थात् नातागोता, कुलकुटम्ब, इष्टमित्र कसैको पनि मुलाहिजा गर्नु हुँदैन भन्ने कुराको आभास रहेको छ ।

आगो र पानी विपरीत धुर्व हुन् । धर्म युद्धका बेलामा यिनीहरूको संगम हुनु हुँदैन भन्ने भट्टराई धर्म युद्धको पक्षमा रहेका छन् । उनीले सत्यको विजयका लागि यहाँ क्रान्तिको पनि समर्थन गरेका छन् । महाभारतमा कौरव र पाण्डवको लडाइँमा भगवान् श्रीकृष्णले पाण्डवको पक्षमा युद्ध गर्न अर्जुनलाई सम्झाए जस्तै बदरीनाथले पनि द्रव्य शाह र नरहरि शाहको युद्धलाई धर्म र अधर्मको लडाइँ मानेर द्रव्यशाहको समर्थन गर्दै भनिएको छ- *आगोले जन्माएको ? आगोको नजिकै पानी बन्नु पाप हो, अनि सूर्य बन्नु धर्म हो । क्रान्तिले निम्याएको बेलामा शान्ति कहाँ पाहुना बन्न जानेको भविष्य कस्तो होला । देवताको पूजा त्यहाँसम्म हुन्छ, जहाँसम्म उनीहरू आफ्नो स्थानमा रहन्छन्* (पृष्ठ : १७) ।

संसारको सृष्टि देवतादेखि मनुष्य लगायत सबै प्राणीका लागि स्वीकार्य रहेको छ । पूर्वीय मान्यतामा देवतादेखि मनुष्य लगायत सबै प्राणीले नीति, नियम र अनुशासनभित्र रहनुपर्छ । बदरीनाथको विचारमा धार्मिक नीति नियमभित्र मनुष्य लगायत देवता पनि बसेनन् भने उनीहरूलाई विभिन्न किसिमको आपत् आई लाग्छ । उनीहरूको पनि विनाश पूर्वघोषित हुने गर्छ अर्थात् देवताहरूको सङ्कल्प, बुद्धिमान्हरूको प्रभाव, विद्वान्हरूमा नम्रता अनि पापीहरूको विनाश यी चार विषय तुरून्त फलदायी रहने कुरालाई कथाकारले यहाँ प्रस्तुत गरेका छन् ।

आफूलाई जन्मदिने आमाको मृत्युपछि आफ्नो अन्तर्हृदयमा जागृत वियोगभाव आस्वादन गरेका बदरीनाथ यहाँ अत्यन्त कारुणिक देखिन्छन् । उनले यहाँ 'जननी जन्म भूमिच्य: स्वर्गादपि गरीयसी' भनेर आमा र जन्मभूमिको महिमालाई उच्च बनाएका छन् । मानिसहरू आमा नहुँदाखेरी आमाको सम्मान गर्ने कुरा व्यक्त गर्दछन् तर आमा हुँदा आमालाई सम्मान गर्दैनन्, भन्ने कुराको व्यङ्ग्य गर्दै भनिएको छ,-*जेहोस् माताको आज्ञा*

*पालना नगरी बाहिर आडम्बरी देखाएर श्राद्धगर्नु भन्दा बाबुआमाको आशय मुताविक चल्नु नै छोराछोरीको कर्तव्य हो* (पृष्ठ : १८) ।

जीवित छदा सांसारिक विषय वासनाको भोगमा चुर्लुम्म डुबेर मान्छे आमा बाबु, दाजुभाइ पनि बिर्सन्छन् । सत्य र उज्यालोको उपदेशलाई गाली सम्झन्छन् र कोमल मातृ हृदयलाई समेत व्यथित तुल्याउँछन् । जब उसका मातापिता उसका सामु रहँदैनन् अर्थात् भौतिक शरीरलाई त्याग गरेर यो संसारबाट विदा लिन्छन् ; तब आडम्बरी भएर श्राद्ध गरेर मात्र के हुने हो र बाँचुञ्जेल छोरोछोरीले आमाबाबुप्रति गर्ने श्रद्धाभाव र सम्मान नै ठूलो हो भन्ने भावना कथाकारको यहाँ रहेको छ ।

### ६.४.३ निष्कर्ष

मीमांसा दर्शनको प्रमुख विषय धर्म हो । धर्मको व्याख्या गर्नु नै यस दर्शनको प्रयोजन हो । धर्मको लक्षण मानिसलाई प्रेरणा दिनु वा उपदेश दिनु हो भन्ने भाव बदरीनाथको रहेको छ । *सङ्घर्ष* कथा द्रव्यशाह र नरहरि शाह दुई दाजुभाइबिचको राज्यप्राप्ति र राज्य सञ्चालन सम्बन्धी विषयको झगडा हो । आफूले राज्य प्राप्त गर्न नसक्ने भएपछि नरहरि शाहले भाइ द्रव्यशाहलाई बाबुको श्राद्धको दिनमा श्राद्धगर्न आउने निहुँ गरी बोलाएर षड्यन्त्र गरी मार्नखोज्दा द्रव्यशाहले थाहा पाएर उक्त षड्यन्त्रबाट जोगिई सङ्घर्ष गरेर भए पनि राज्य प्राप्ति गरेको मुख्य कथावस्तु भएको यस कथामा विश्ववोध वा युगवोधले भरिएको युद्ध, लडाइँ झगडा होइन एकआपसमा मिलेर सकारात्मक सोचेको विकास गरेर अगाडि बढेमा हरेक कुरा प्राप्त गर्न सहज हुन्छ भनिएको छ । मनुद्वारा रचित राजधर्ममा नेपाल सम्मानित भएको अनुभूति गरेका भट्टराई अहिंसा शान्ति, विश्वन्धुत्व, समानता, परोपकार र सहिष्णुताको भावना व्यक्त गर्दछन् । वैदिक आदर्शप्रति मोह र निष्ठा भएका भट्टराई यस कथामा स्वार्थ र अमानवीय प्रवृत्तिबाट टाढा रहन सचेत गराउँछन् । शान्त र सरल स्वभाव भएका आध्यात्मिक भावनाले प्रेरित व्यक्ति नै भौतिक जीवनको सुख भोग गरी अन्तमा आत्मज्ञानको मार्गमा पुग्न सक्दछ भन्ने आध्यात्मिक, मानवतावादी बदरीनाथद्वारा यहाँ अज्ञान र अहंकार रहेसम्म मनुष्यको दोषदृष्टि हट्दैन मानिसमा भएको दोषदृष्टि हटाउँन भगवान् भक्ति साधनामा लाग्नु पर्दछ भन्ने भाव व्यक्त गरिएको छ ।

## ६.५ मनस्ताप कथा विश्लेषण

यो कथा ऐतिहासिक विषयवस्तुमा आधारित भए तापनि जयप्रकाश मल्लको मनोवैज्ञानिक पीडालाई विभिन्न दर्शनका आधारमा व्यक्त गरिएको छ । यस कथालाई बदरीनाथ भट्टराईको २०१५ सालमा प्रकाशित ऐतिहासिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको हो ।

### ६.५.१ कथासार

नेपालको एकीकरण हुनुभन्दा अगाडि नेपालका राज्यहरू बाइसी र चौबीसी राज्यहरूमा विभाजित रहेका थिए । उक्त छरिएर रहेका राज्यहरूलाई एकीकरण गर्ने क्रममा जयप्रकाश मल्ल र पृथ्वी नारायण शाहको एकीकरण युद्धसँग यो कथा सम्बन्धित रहेको छ । तत्कालीन समयमा काठमाडौँका राजा जयप्रकाश मल्ल गोरखाली फौजको आक्रमणबाट भागेर भक्तपुरका राजा रणजित मल्लको शरण लिन पुगेका थिए । जयप्रकाश मल्लले आफू राजा हुँदा गरेका कुकृत्यहरू सम्झेर आफ्ना भाइहरूलाई देश निकाला गरेको, मन्त्रीहरूको हत्या गरेको आदि कुरा सम्झेर पश्चात्ताप गरेका छन् । सोही प्रसङ्गमा पृथ्वीनारायण शाहबाट आफ्नो राज्य आक्रमण भई आफू राज्यच्यूत भएपछि जयप्रकाश मल्लले हीनताबोध गरेका छन् । आफ्ना पूरै अपराधहरू सम्झेर पशुपतिनाथसँग क्षमा याचनाको लागि प्रार्थना गरेको, तथा मनको ताप शमन गर्ने क्रममा स्वयम् जय प्रकाश मल्लद्वारा आफ्नो अपराध व्यक्त गरी भगवान्को शरण परेको प्रसङ्ग नै यस कथाको मुख्य विषयवस्तु रहेको छ ।

### ६.५.२ मनस्ताप कथामा आध्यात्मिक दर्शनको प्रभाव

देहको अभिमानले मानिस आत्मज्ञानबाट वञ्चित रहेको हुन्छ । यस्ता मानिसको उद्धार आध्यात्मिक साधनाले मात्र सम्भव रहेको हुन्छ भन्ने बदरीनाथ यहाँ पूर्ण रूपमा अहिंसाबादी बनेका छन् । बदरीनाथद्वारा कमजोर पात्र जयप्रकाशको माध्यमबाट शत्रुले दिएको पीडा भन्दा मृत्यु वरण गर्नुलाई उपयुक्त ठान्दै भनिएको छ- *शत्रुको मुठीमा पर्नुभन्दा त मृत्युको स्वागत गरेर फुत्कनु बेस* (पृष्ठ : २६) । पूर्वीय दार्शनिक मान्यता अनुरूप जीवात्माको जन्म र मृत्यु निश्चित् भएको हुनाले आत्माको नित्यतालाई पुष्टि गर्दै शरीरको मृत्युदेखि निडर भएर परमार्थ चिन्तनमा लाग्न सचेत बनाउने प्रयास गरेका भट्टराईद्वारा जन्म, मृत्यु संसारको सृष्टि हो भन्ने कुरालाई श्रीमद्भगवद्गीतामा भनिएको छ-

*हे अर्जुन ! जसले मेरो जन्म र कर्मको दिव्य स्वभावलाई यथार्थ रूपले बुझ्दछ, त्यसले यो शरीर छोडेपछि भौतिक संसारमा फेरि जन्म लिनु पर्दैन, बरु उसले त मेरो सनातन धाम नै प्राप्त गर्छ ।* (कृपामय, २०५४ : २४६) ।

जन्म, मरण र इन्द्रियहरूको अवस्थाबाट आत्माको (पुरुषको) अनेकता सिद्ध हुन्छ । संसारमा हामी देख्दछौं एउटाले जन्म लिएको हुन्छ र अर्काले मृत्यु वरण गरेको हुन्छ । एउटा अन्धो हुन्छ भने अर्को बहिरो हुन सक्छ । यदि पुरुष वा आत्मा एउटै हुँदो हो त एउटाको जन्म वा मरणबाट सबैको जन्म वा मरण हुन्थ्यो र एउटा अन्धो भएपछि सबै अन्धा र बहिरो भएपछि सबै बहिरा हुनु पर्दथ्यो तर यस्तो हुँदैन किनभने पुरूष एक नभई अनेक हुन्छ । मानिसले जीवन जिउने क्रममा निडर हुनुपर्दछ भन्दै भनिएको छ -*डरलाई अँगाल्नु पाप हो अनि लत्याउनु धर्म हो* (भट्टराई, २०६४ : २६) । धर्म, कर्म, पाप, मोक्ष आदि पूर्वीय दर्शनका चिन्तनका विषयहरू हुन् । धर्म, कर्म, पूजा, पाठ, भगवान् भक्ति आदि गरेमा मानिसले भगवान् ईश्वरको शरण प्राप्त गर्दछ अर्थात् ब्रह्म ज्ञान, आत्मज्ञान प्राप्त गर्न सक्दछ भन्ने अध्यात्म दर्शनको भावलाई यहाँ उजागर गरिएको छ । आत्मविश्वास नै शक्तिको मुहान हो भन्ने भावना बोकेका भट्टराईले सत्विचार, सद्ज्ञान, सद्बुद्धि, आत्मविश्वास आदि पूर्वीय दर्शनका सत् मार्गहरू हुन् । यिनीहरूको अनुशरणबाट मानिस सद्गुणी र विवेकशील बन्न सक्दछ भनेका छन् ।

लडाइँको क्रममा जयप्रकाश मल्लद्वारा आफ्नो जित पनि असम्भव भएको र आफ्नो राज्य अर्कालाई सुम्पेर सन्धि सम्झौता गर्दा राष्ट्रप्रति आफूले पाप गरेको महसुस गर्दै भनिएको छ- *आफूलाई बरु मृत्यु दण्ड दिनुहोस् अर्थात् गोली चाँडै हान्नुहोस् जसले गर्दा पाप र वेदनाबाट समेत छिटै छुट्दछु* (पृष्ठ : २८) । मानिसले कर्मद्वारा गरिएका सम्पूर्ण पापहरू एकैचोटी नाश हुँदैनन् । पापहरूको सच्चा प्रायश्चित त्यस बेला मात्र हुन्छ जब भगवत्त्व स्वरूपको ज्ञान हुन्छ (जोशी, २०५७ (अनु) : ३३४) भन्ने भावलाई कथाकारले यहाँ प्रस्तुत गरेका छन् ।

कथामा अज्ञान वा मायाका कारण चेतन र जड्तत्त्वमा ब्रह्म र जीवतत्त्वमा भेद भएको हो । वास्तवमा यिनमा भेद छैन भन्ने वेदान्त दर्शनको प्रभावलाई पनि देखाउँदै पृथ्वीनारायण शाहबाट रणजित मल्ललाई सम्झाउँदै महाभारतका प्रमुख पात्रहरूको

उदाहरण दिँदै भनिएको छ - *पाण्डवले पितामह भीष्म र गुरु द्रोणसँग भिडिनै पऱ्यो, त्यस्तै हो हाम्रो नाता मित्रता टुटेको छैन, सद्भाव हराएको छैन, उसैले बनेपामा गएर हरिभजन गर्नुहोस्* (पृष्ठ : २८) ।

बदरीनाथ भट्टराईले यस कथाका पात्रहरूलाई आध्यात्मतर्फ ढल्काएका छन् । राष्ट्रिय एकता र गौरवका निम्ति अत्यन्त उदार बदरीनाथले समाजमा मान्छेले अर्थात् तत्कालीन राजाहरूले भोगिरहेका तीता मीठा अनुभूतिहरू वियोगजन्य व्यथा, देशभक्ति, धार्मिक आध्यात्मिक गुण गौरव आदिलाई देखाउँदै गोर्खाली फौजसँग हार खाएपछि दुःखी भएर पृथ्वीनारायण साहसँग जयप्रकाश मल्लद्वारा भनिएको छ - *झण्डै तीस वर्ष जति राज्य भोग गरिसकेको छु । उसैले पशुपतिनाथको पाउमा परेर प्राण त्याग्नु सिवाय अरु इच्छा केही छैन* (पृष्ठ : २९) । नेपालको प्रसिद्ध तीर्थस्थल आराध्य देवता भगवान् शिवको मन्दिर पशुपतिनाथप्रति अत्यन्त आदर गरिएको छ । जीवनको अन्तमा पशुपतिनाथको शरण परेमा आफूले गरेका पापहरू पखालिन्छन् भन्ने सन्देश प्रदान गरिएको यस कथाका पात्रलाई अन्तिम अवस्थामा भए पनि आध्यात्मिक ज्ञान प्रदान गरिएको छ ।

पवित्र तीर्थस्थल पशुपतिनाथको शरण परेमा साक्षात् भगवान् शिवको अनुग्रह प्राप्त हुने कुरा व्यक्त गर्दै पशुपति आर्यघाटको मृत्यु नै मुक्तिको बाटो हो भन्ने धार्मिक विश्वास समेत रहेको यस कथामा आफूले देश र जनताको लागि मरिमेट्दै विभिन्न समयमा गरिएका कुकृत्य, कुकर्म पापलाई सम्झदै पशुपतिनाथको दर्शन पाएपछि हात जोडेका जयप्रकाशद्वारा भनिएको छ -

> *हे प्रभु, म जस्तो पापी यो संसारमा जन्मेको छैन होला । कूटनीतिमा फसेर मैले कस्ता कस्ता भयानक पाप गरेँ, त्यो बयान गरेर साध्य छैन । बाबु कै क्रियामा भाइलाई देश निकाला गर्नु जरुरै अकृत्य र अक्षम्य हो । अपराधमा पारी सरदारलाई पनि कडा डण्ड दिएँ । फेरि यिनै राणाजीसँग मिलेको शङ्कै शङ्कामा मास्के सुकुललाई प्राण डण्ड दिनु कति अन्याय हो । हे प्रभु, जिन्दगीमा मैले गरेको पाप उध्रिएर के साध्य ? उनीहरूसँग मिलेको प्रमाणै नपाई खालि ब्वाँसाहरूको कुरा सुनेर प्राणडण्ड दिनु निश्चय नै मेरो*

*क्रोधको उद्दण्डता हो । पत्नीलाई समेत कोठामा थुन्यैको थुनै सडाएर मारेँ । त्यो सबै अविवेक र मपाईँत्वको लैलैमा लागेर आत्माभिमानको आभास देखाएको मात्र रहेछु । फेरि भाइ राज्यप्रकाशको आँखा भिकिदिए, प्रधानका स्वास्नीहरूको नाक, कान काटिदिएको पश्चातापले ऐले पनि मलाई सताईरहेछ । अरू त के देवस्व समेत मासेँ, हे करुणा मूर्ति राजनीतिको भूल भूलैयामा फसेर यस्ता पाप अनगिन्ती गरे तैपनि देशभक्तिको अखण्ड धारा मेरो हृदयमा बहिरहेको थियो भन्ने हजुरलाई जाहेरै छ । ध्यान विवेकको अभावले गर्दा उपाय र शक्तिको ठीक प्रयोग हुन सकेन, तैपनि अहिले सर्वात्मना शरण परेको छु । उसैले 'अहं त्वा सर्वपापेभ्यो मोचयिष्यामिमा शुचःभन्ने प्रतिज्ञाको पालना गरिबक्सनेछ । अनि मैले जति शालिग्रामको सेवा, तीर्थ, व्रत, पाठ, पूजा, दीनदुःखीको उद्धार गरेको छु ,त्यो सबै हजुरलाई नै चढाउने छु* (पृष्ठ : २९/३०) ।

भौतिक तथा आध्यात्मिक ज्ञान विज्ञानको दर्शन वैशेषिक दर्शनको प्रभावलाई उल्लेख गरिएको यस कथामा बदरीनाथले गलत चरित्रको उद्घाटन गराएर पात्रमा सत् चरित्रको विकासको आह्वान गरेका छन् । उनले सनातन धर्म विपरीत आचरण गर्ने नास्तिक मार्गमा चल्ने रजोगुणी व्यक्तिप्रति व्यङ्ग्यात्मक झलक प्रस्तुत गर्दै जय प्रकाश मल्ललाई आफ्नो कार्यप्रति पश्चाताप गराएर आध्यात्मिक ज्ञानको बीजारोपण गराएका छन् ।

अतः आफूले देश र जनताको लागि लड्दा लड्दै पनि बल, शक्ति र ज्ञानको अभावमा अकस्मात् नै राज्य सत्ताबाट बाहिरिनुको साथै राज्य नै अर्काको हातमा सुम्पिनु परेको पीडामा एक असल राजाले आफ्नो राज्य सञ्चालनको क्रममा राज्य उन्नतिका लागि गरेका विभिन्न क्रियाकलापका साथै उक्त समयमा जानेर वा अञ्जानवश हुन गएका पापलाई सम्झेर जीवनको उत्तरार्धमा भगवान्को शरण परेको वृत्तान्त उल्लेख गरेबाट कथामा पूर्ण रूपमा आध्यात्मिक दर्शनको प्रभावलाई प्रस्तुत गरिएको छ । भगवान्को ध्यान, एकाग्रता आदि प्रस्तुत गरी योग दर्शनलाई समेत झल्काउन खोजिएको यस कथामा पूर्ण

आस्तिक दर्शन, धर्म र कर्ममा आधारित रहेको विषयलाई एकाकार गराउन भट्टराई सफल भएका छन् ।

### ६.५.३ निष्कर्ष

बदरीनाथ धार्मिक आध्यात्मिक व्यक्तित्व भएका हुनाले उनका अधिकांश कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव रहेको पाइन्छ । मनोवैज्ञानिक शैलीमा लेखिएको यस कथामा भौतिक जीवन र आध्यात्मिक जीवनको सङ्गमलाई देखाइएको छ । कथाकारले कथाको अन्तिम अवस्थामा पूर्णरूपमा आध्यात्मिकतालाई जोडेर कथाको प्रमुख पात्र जयप्रकाश मल्लको मनमा वैराग्य उत्पन्न गराइ भगवान् भक्ति, पूजा, पाठ, ध्यान, एकाग्रता र पशुपतिनाथको दर्शन र मोक्ष प्राप्तिको बाटो अवलम्बन गरेका छन् । मानिसले मन, वचन र कर्मले पाप गर्छ र त्यसको प्रायश्चित्त भगवान् भक्तिबाट हुन्छ भन्ने भावना भएका बदरीनाथद्वारा भगवान्को दर्शन मूर्ति पूजा गरेर मात्र होइन आत्मज्ञानबाट हुन्छ भन्ने मान्यतामा वेदान्त, मीमांसा र वैशेषिक दर्शनको प्रभावलाई देखाइएको छ ।

## ६.६ वेदना कथा विश्लेषण

२०१५ सालमा ऐतिहासिक कहानी कथा सङ्ग्रहमा प्रकाशित यस कथाको स्रोत नेपालको इतिहासमा पृथ्वी नारायण शाहले गरेको एकीकरण हो । यस कथाका प्रमुख पात्रमा पृथ्वीनारायण शाहकी जेठी रानी मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारी रहेकी छन् ।

### ६.६.१ कथासार

पृथ्वीनारायण शाहकी जेठी रानी मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारी हुन् । उनले आफ्ना पति पृथ्वीनारायण शाहलाई आफ्ना मनमा पलाएको वेदना पोखेर चिट्ठी लेखेकी छिन् । देश एकीकरणको क्रममा पृथ्वीनारायण शाहको इन्द्रकुमारीसित विवाह भएको हुन्छ । केही समय पछि पृथ्वीनारायण शाहले देश एकिकरणको योजना बनाउँदा मकवानपुरका राजासँग उनको झगडा हुन्छ । सोही झगडाका कारण पृथ्वीनारायण शाहले आफ्नी पत्नी इन्द्रकुमारीलाई घर लान पाएका हुदैनन् । आफ्नो पतिसँग विछोडिएर बस्नु पर्दाको पीडालाई रानी इन्द्रकुमारीले अन्तन्तै दु:ख महसुस गरेकी छिन् । अर्कोतिर

कथामा आफ्ना पतिले अर्की पत्नी विवाह गरी सकेपछि आफूलाई माया गर्दैनन् हेला गर्छन भन्ने नारी मानसिकतालाई पनि व्यक्त गरिएको छ । पृथ्वीनरायण शाहकी जेठी पत्नी इन्द्रकुमारी निर्दोष पतिव्रता नारी भएको कुरालाई कथाकारद्वारा चिट्ठीका माध्यामबाट व्यक्त गरिएको छ ।

बदरीनाथ भट्टराई आध्यात्मिक दर्शनका पक्षधर भएका हुनाले उनले आफ्नो कथा *वेदना* मा महत्त्वपूर्ण साहित्यिक खुराक प्रदान गरी कथाका हरेक मोडहरूमा आध्यात्मिक दर्शनलाई घुसाउन सफल भएका छन् । कथा गोरखाका राजा पृथ्वीनारायण शाहकी धर्मपत्नी अर्थात् नुवाकोटकी राजकुकारी इन्द्रकुमारीको राज्य सञ्चालनको दासता, देश एकीकरणमा पतिलाई सहयोग गरेको प्रसङ्ग तथा पतिले अर्को बिहे गरेर सौता ल्याएपछि आफू पतिको मायाप्रेमबाट बञ्चित हुन परेको अवस्था आदिलाई वेदनाको रूपमा प्रकट गरिएको प्रसङ्ग एकातिर रहेको छ भने अर्कोतिर फेरि पृथ्वीनारायण शाह एक आदर्श व्यक्ति भएका हुनाले उनमा त्यस्तो किसिमको नकारात्मक भावना नभएको हुन सक्ने आशङ्का व्यक्त गरिएको मुख्य कथासार रहेको छ ।

## ६.६.२ वेदना कथामा आध्यात्मिक दर्शनको प्रभाव

विधाताले मनुष्यको निमित्त विषयभोग (ऐहलौकिक सुखशान्ति आदिको उपभोग), जन्मप्राप्ति, अर्थोपार्जन, स्वर्गादिलोक-लोकान्तरगमन र मोक्षप्राप्तिको साधनका रूपमा ज्ञानेन्द्रिय, मन र प्राणहरू सिर्जना गरेका हुन् (अधिकारी, २०६१ : ३५) । एकाक्षरोपनिषद्का अनुसार एक परमात्मा तत्त्व नै इन्द्र, रूद्र, सूर्य, अग्नि आदि भएकाले त्यही अविनाशी परमतत्त्वको उपासनाद्वारा अविद्या हटाई ज्योतिस्वरूप हुनुपर्दछ भन्ने आध्यात्मिक ज्ञान भएका बदरीनाथ भट्टराईद्वारा पुरुष र नारीको बराबर मान्यता रहेको छ भनी पुरुष र नारीले एक अर्कोलाई सम्मान गरेर एक अर्कामा सहयोग र सद्भाव राख्नु पर्ने, दुवैमा समानता र समता कायम गर्नु पर्ने मान्यता राखिएको छ । सीता-राम, राधा-कृष्ण, शिव-पार्वती जस्तै भएर हरेक पति पत्नी रहनु पर्दछ भन्ने मान्यता बोकेको यस कथामा कथाकारद्वारा इन्द्रकुमारीको मनमा सौताप्रति ईर्ष्या देखाइदिनु हाम्रो परम्परागत संस्कृति अनुसार स्वभाविकै हो । देवताका पालामा पनि नारीबिच यस्ता किसिमका इर्ष्या, द्वेष, कलह हुन्थ्यो भन्ने कुरा पौराणिक कथाहरूबाट बुरुन सकिन्छ । सनातन धर्मको रक्षार्थ अगाडि बढेका बदरीनाथद्वारा स्वयम् लक्ष्मी र सरस्वतीको उदाहरण दिदै भनिएको छ -*वैकुण्ठमा लक्ष्मी र*

*सरस्वतीले त कलहको आगो बाले भने म के पृथ्वीको सहिष्णुताका आधारमा अडिन सकूँला ? घर स्वर्ग बन्ला भन्ने त आशै छैन तर नरक नबनोस् भन्ने मेरो कामना हो* (पृष्ठ : ३१) ।

पूर्वीय दर्शनमा लक्ष्मी, सरस्वती र भगवती भनेका महान् आराध्य देवी माताहरू हुन् । उनीहरू सृष्टिका संवाहक हुन्, परम जननी हुन् । स्त्री जातिका उच्च आदर्शका पुञ्ज हुन् तापनि उनीहरूमा पनि मानवीय जैविक गुण रिस, राग, ईर्ष्या आदि निहित रहेको हुन्छ भन्ने कुरा यस कथाबाट बुझ्न सकिन्छ । स्वर्ग भनेको चारैतिर प्राकृतिक सुन्दरताले भरिपूर्ण उत्तम आनन्दको शहर जसमा कुनै किसिमको अभाव हुँदैन, जहाँ भगवान् ईश्वर र देवता रमण गर्नु हुन्छ । आफ्नो घरलाई इन्द्रकुमारीले स्वर्ग बनाउन चाहना गरेको र नरक नबनोस् भन्ने कामना गरेको उच्च नैतिकता र आदर्श नारीभित्र भएको आध्यात्मिक भावनालाई उल्लेख गरी नारीको मर्म र पीडालाई समाजको कुरीतिसँग जोड्दै भनिएको छ - *म त दोष दिन्छु, त्यो समाजलाई जसले नारीको महत्त्व बुझेको छैन र नरलाई बाटो देखाउँदैन* (पृष्ठ : ३२) । यस पुरुष प्रधान समाजमा नारीको महत्त्व नबुझेर उनीहरूप्रति सम्मान नगरी अनेक तरहका दुःखकष्ट दिएर विभिन्न किसिमका समस्यामा अल्झाएको विषयप्रति व्यङ्ग्य प्रकट गर्दै कथाकारद्वारा असल नारी-पुरुषलाई धर्म र सत् कर्ममा अगाडि बढ्न प्रेरणा प्रदान गरिएको छ ।

पाप, धर्म, वेदना आदिलाई उल्लेख गरेर मानवीय समवेदना देखाउन खोजिएको यस कथामा हरेक पुरुषको सफलताको पछाडि नारीको हात हुन्छ भन्ने कुरा दर्शाउँदै भनिएको छ -

> *आफ्ना पतिदेवको पाउ पर्न जा, उनी तेरा साक्षात् देवता हुन् उनी सिवाय अर्को तेरो कोही छैन । पाले पुण्य मारे पाप भनी बाबुले तँलाई उसका हातमा सुम्पेका छन् । चन्द्रमालाई अँगालेपछि मात्र रात चहकिलो हुन्छ । काँडाबाट बचेर गुलाफ टिप्नु पर्दछ भन्ने किन बिर्सेको ? चुम्बक बनेर सबैलाई खिच्न सक्नुपर्दछ* (पृष्ठ : ३३) ।

मीमांसा दर्शनका पूर्ण समर्थक कथाकार भट्टराईले पत्नीका लागि पति र पतिका लागि पत्नी साक्षात् देवी देवता समान हुन् भन्ने आदर्शमय आध्यात्मिक वाक्यलाई उल्लेख

गरेका छन् । नारी र पुरुष एक अर्काको सहारा पनि हुन्, एकको अभावमा अर्को अधुरो हुन्छ भन्ने भावना उनको रहेको छ । यस ब्रह्माण्ड संसारलाई चालु राख्न भनेर सूर्य र चन्द्रमाको महत्त्वपूर्ण स्थान कायम रहेको कुरालाई नारी र पुरुषको सम्बन्धसँग जोडिएको छ । पतिपत्नीको माया प्रेमविना उनीहरूको जीवन निरस हुन्छ भन्ने भावना भएका भट्टराईले नारीले सङ्घर्ष गरेर चुम्बकले जस्तै आफ्ना पतिलाई आफूतिर आकर्षण गर्न सक्छन् भन्ने कुरा पनि यहाँ व्यक्त गरेका छन् । कथाको कतिपय ठाउँमा प्रमुख चरित्र इन्द्रकुमारीले अध्यात्मको शरण लिइएको देखाउँदै कतै कतै नारीलाई अत्यन्त कमजोर रूपमा पनि प्रस्तुत गरिएको छ ।

बदरीनाथ नारी स्वतन्त्रताका अभियन्ता हुन् । उनका हरेक कथामा नारी क्षमता अभिबृद्धिको उद्घोष पाइन्छ । उनले यस कथामा कतै नारी वीरतालाई उत्कृष्ट बनाएका छन् भने कतै कमजोर पनि बनाएका छन् । वीरको आत्माभिमानमा धक्का लागेर असभ्यताको शिखरबाट पहिरो गएर हत्या हुन सक्छ । आगोको ज्वालाभन्दा सयखण्ड रापिनी सौता हुन्छे । छोरा पाईसकेकी कान्छी स्वास्नीलाई दबाएर पतिलाई हात लिन सकिदैन । पतिमा प्रेम भए लिन आफैं आउँथे । पतिले वास्ता नगरेमा मृत्युको सहारा लिनुपर्ने हुन्छ, जस्ता वाक्यको प्रयोगले कथामा नारीलाई कमजोर रूपमा प्रस्तुत गर्दै पति-पत्नीले एक अर्का विचको आज्ञापालन गर्नु मानवीय धर्म भएको कुरालाई कथाकारद्वारा भनिएको छ- *पतिको सेवाबाट पाइने भक्ति र मुक्ति अहिले नै गुमाइदिए* (पृष्ठ : ३३) ।

यस भौतिक जगत्मा पति र पत्नीबिचको प्रेमालापबाट जुन किसिमको क्षणिक सुख भोग गरेर आनन्द प्राप्त गर्न सकिन्छ, त्योभन्दा बढी सुख भोग अनन्तकालसम्म भगवान् भक्ति र भगवत्त्व प्राप्तिबाट मात्र पाउन सकिन्छ भन्ने कुरा भौतिकविज्ञान तथा आध्यात्मिक ज्ञानले प्रमाणित गरेको कुरालाई यहाँ उजागर गरिएको छ ।

गृहस्थ जीवन व्यतीत गर्ने क्रममा मानिस अत्यन्त स्वार्थी रूपमा प्रस्तुत हुन्छ । हरेक मानिस आफ्नो स्वार्थपूर्तिका लागि अर्कोलाई उछिन्न कोशिस गरिरहेको हुन्छ । भगवान्ले सृष्टिलाई चालु राख्न विभिन्न किसिमका भावना भएका मनुष्यको उत्पादन गर्नु भएको छ । संसारमा मेरो भन्ने वस्तु केही छैन । सबै व्यवहारका क्रममा सिर्जना भएका मात्र छन् भन्ने भावना भएका भट्टराईद्वारा भनिएको छ- *दाजुभाइ, इष्टमित्र, कुलकुटुम्ब सब खालि आफ्ना निम्ति लोलोपोतो गर्दा रहेछन्* (पृष्ठ : ३४) ।

यो संसार खालि भ्रममात्र हो । मानिस विवेकशील उच्च प्राणी भएको हुनाले उसमा दया, धर्म र सेवाभाव हुनुपर्छ । भौतिक विलासिताले मानिस अन्धो भएको छ, उसलाई आफन्तको समेत ज्ञान छैन । तसर्थ मानिसमा आध्यात्मिक ज्ञान प्रदान गरी भौतिक सुखबाट आर्जन भएको घमण्ड पार गराइ आत्मज्ञान प्रदान गर्नुपर्दछ भन्ने वेदान्त दर्शनको मान्यता रहेको छ । मानिसले भावनात्मक रूपले एक अर्कोमा दया र परोपकारको विकास गरी आत्मसुधार गर्नुपर्छ । मानिसले आफूमा भएको पशुभावलाई हटाई संकीर्णताबाट माथि उठेर नैतिक आदर्श र मानवीय मूल्य मान्यतालाई मनन गरी भगवान् भक्ति र योग साधना गरेमा भगवत्त्व प्राप्ति गर्न सकिन्छ भन्ने कुरालाई कथाकारले यहाँ देखाएका छन् ।

### ६.६.३ निष्कर्ष

धर्म नै कर्म हो । प्रत्येक मनुष्यले धर्म अनुसारको कर्म गर्नु पर्दछ । धर्म र कर्मको सम्बन्ध जीवनसँग रहेको हुन्छ भन्ने आध्यात्मिक दर्शनको मान्यता रहेको छ । गृहस्थ धर्म सर्वोत्तम धर्म हो । जीवनमा शान्ति र सन्तुष्ट प्राप्त गर्न घरभित्र नै आध्यात्मिक धार्मिक, सांस्कृतिक युक्त वातावरण हुनु पर्दछ । अध्यात्मिकतामा दया, त्याग, तपस्या आदि आफ्नै मनबाट प्राप्त गर्न सकिने कुरा हुन् । संस्कार, वातावरण, प्रेरणा आदिले साकार रूप लिएपछि मात्र व्यक्तिमा आध्यात्मिक धारणा र विश्वासले मूर्तरूप लिने मौका पाउँछ भन्ने कुरालाई यस कथाकी प्रमुख पात्रको चरित्रसँग जोडेका बदरीनाथले  आध्यात्मिक मार्गको पहिचान वैराग्य, मानवीय धर्मको रक्षा र नारी जातिको उत्थानका लागि गरेका छन् ।

## ६.७ घरझगडा कथा विश्लेषण

राजेन्द्रलक्ष्मी र बहादुर शाहको ऐतिहासिक विषयवस्तुलाई लिएर रचना गरिएको *घरझगडा* कथा २०१५ सालमा बदरीनाथ भट्टराईद्वारा प्रकाशित गरिएको हो । यस कथाका प्रमुख पात्रहरूमा रानी राजेन्द्रलक्ष्मी र बहादुर शाह रहेका छन् ।

### ६.७.१ कथासार

बदरीनाथ भट्टराईले रानी राजेन्द्रलक्ष्मी र बहादुर शाहबिचको वैमनस्यलाई लिएर *घरझगडा* नामक ऐतिहासिक कथाको रचना गरेका हुन् । प्रतापसिंह शाहको मृत्युपछि राजेन्द्रलक्ष्मीले राज्यको बागडोर समाल्छिन् । यसै अवसरमा निर्वासित भएका बहादुर शाह

बेतियाबाट काठमाडौं आउँछन् र राजेन्द्रलक्ष्मीलाई कैद गर्दछन् अनि आफ्नो हातमा शासन सत्ता लिन्छन् तर राजेन्द्रलक्ष्मीले बहादुर शाहको यस्तो कूटनीतिक कार्यलाई स्वीकार नगरी पुनः बहादुर शाहलाई कैद गरेर शासन सत्ता आफ्नो हातमा लिन्छिन् । पछि आफ्ना देवर बहादुर शाह वास्तवमा खराब मान्छे होइनन्, आसेपासेका कुराले मात्र उनले यस्तो व्यवहार गरेका हुन् भन्ने कुराको महसुस उनलाई हुन्छ । आफ्ना घरभित्रको झगडाले गर्दा दुनियाँले फाइदा लिन पाए । यो हामी देवर भाउजूबिचको असमझदारीको फल हो भन्ने कुरा बुझेर उनीहरू आफैंभित्र दुःखी हुन्छन् । बहादुर शाह यस कथाका सहायक पात्र हुन् । उनी राष्ट्रसेवक व्यक्ति हुन् । निःस्वार्थ भावना भएका बहादुर शाहले देशको रक्षाको निम्ति महत्त्वपूर्ण भूमिका निभाएका थिए भने राजेन्द्र लक्ष्मी नेपालको इतिहासमा एकमात्र साहसी वीराङ्गना हुन् । आफ्नो घरको झगडा वास्तविक आन्तरिक कलह थियो । जसको कारण आफैँलाई हानी हुन गयो भन्ने कुराले पश्चात्ताप महसुस गरिएको ऐतिहासिक विषयवस्तुलाई यस कथाको मुख्य कथासार बनाइएको छ ।

### ६.७.२ घरझगडा कथामा आध्यात्मिक दर्शनको प्रभाव

फलमा आशक्ति नराखिकन नै मानिसले निरन्तर आफ्नो कर्म गर्दै जानुपर्दछ । सत्कर्म गर्नाले मानिसले परम पुरुषलाई प्राप्त गर्न सक्दछ अर्थात् भक्तहरूका लागि परमेश्वर भनेको भगवान् हुन् र निराकारवादीहरूका लागि परमेश्वर भनेको मुक्ति हो । अतः जसले राम्रो मार्गदर्शन प्राप्त गरेर फलप्रति अनाशक्त भएर भगवान्मा समर्पण भई कार्य गर्दछ, उसले परम लक्ष्य प्राप्त गर्दछ । बदरीनाथ भट्टराईद्वारा ऐतिहासिक विषयवस्तुमा अध्यात्म ज्ञानको संगम गराइएको यस कथामा राजेन्द्रलक्ष्मीद्वारा भनिएको छ - *दयाको फल मैले पाएँ । कुपात्रमा परेको अमृत पनि विष बन्दोरहेछ तापनि म उम्कन सक्ने थिइनँ* (पृष्ठ : ३७) । दया, माया, दान, धर्म, पूजा, पाठ, यज्ञ आदि आध्यात्मिक दर्शनका सत्मार्गका पक्षहरू हुन् भने विषले जीवलाई मृत्युशैयाको बाटो देखाउँछ । त्यसैले मनुष्यले आफ्नो जीवन रक्षाको लागि अमृत तत्त्वको खोजी गर्नुपर्दछ भन्ने नैतिक आदर्श बोकेको यस कथामा बहादुर शाह कैदबाट छुट्कारा पाएपछि आफ्नो पुत्र रणबहादुर शाहलाई सम्झाउने प्रसङ्गमा राजेन्द्रलक्ष्मीद्वारा भनिएको छ -*मेरो धन, जन, तन, मन जे भने पनि एउटा छोरा हो । यदि पुत्र स्नेहलाई सजीव तुल्याउन सकिन भने मातृत्त्वलाई तिलाञ्जलि दिए हुन्छ* (पृष्ठ : ३७) । गृहस्थ धर्मको पालना गरिएको यस कथामा पूर्वीय परम्परा अनुसार हरेक

वंशको उत्तराधिकारी छोरो नै हुने प्रचलन रहेको कुरा उल्लेख गर्दै राजपरिवारमा ज्येष्ठ पुत्र राजाको उत्तराधिकारी हुने मान्यताबमोजिम आफ्नो वंशको रक्षा र मातृत्वको रक्षाका लागि राजेन्द्रलक्ष्मीद्वारा छोरालाई उत्तराधिकारी बनाउने विषयलाई प्रस्तुत गरिएको छ ।

सृष्टिको क्रममा प्रत्येक मनुष्यको जन्म र मृत्यु अपरिहार्य रहेको छ । समाजमा सन्तान प्राप्ति र सन्तानको शिक्षा, दीक्षा र सामाजिक सुरक्षाका लागि मातापिता हरतरहले प्रयासरत रहन्छन् भन्ने प्रसङ्गमा भनिएको छ - *सन्तान र देशको लागि पृथ्वीझैँ क्षमा र स्थिरताको अवतार बनेर आफ्नो आदर्शलाई कार्यरूपमा ढालेँ* (पृष्ठ : ३८) । सन्तानको रक्षा र कर्तव्य बोधका निम्ति माता, पिताले सोच्नुपर्दछ र देश र जनताको रक्षाका लागि राजा र रानीले निरन्तर रूपमा लागि पर्नु पर्दछ भने परम्परागत संस्कारको प्रभावलाई देखाउँदै सत्मार्गको शिक्षा प्रदान गरिएको छ ।

बदरीनाथ भट्टराई आदर्श व्यक्तित्त्व हुन् । उनी कालो मन, आँसुको पर्दा, विष संशोधन, जातिको पतन, एकताको र राष्ट्रियताको जगमा मन्दिर खडा गर्न राजा र रानीले सक्नुपर्छ भन्दछन् । अवाञ्छनीय प्रवृत्तिले ध्वंसात्मक प्रवृत्तिको सिर्जना गर्छ । त्यस्ता प्रवृत्तिलाई नियन्त्रण गर्न राजदण्डको सिर्जना भएको हो । कुन उपायको अवलम्बन गरेको खण्डमा त्यस्ता अवाञ्छनीय प्रवृत्तिलाई मास्न सकिन्छ भनेर सबैले आ-आफ्नो उत्तरदायित्व पूरा गरेमा सुन्दर र शान्त राज्यको अनुभूति गर्न सकिन्छ भन्दै भनिएको छ- *आमा समानकी हजुरलाई पूजा गरेर जन्मभूमिलाई शिरमा राखी सिँगार्दै उन्नत शिखरमा पुऱ्याउने मेरो मनसाय हो । यदि यो बाहेक कुनै कुभावना लिएको मात्र रहेछु भने हजुर-हत्या गरेको पाप मलाई लागोस्* (पृष्ठ : ३८/३९) ।

पिता, माता, आगो, आत्मा र गुरु यी पाँच तत्त्वलाई पञ्चाग्नि भनिन्छ । बडो यत्नपूर्वक यी पञ्चाग्निहरूको मानिसले सेवा गर्दै रहनुपर्दछ (अर्याल, २०६९:६१) । कथामा सत्य र मानवधर्मलाई उपस्थित गराउँदै आध्यात्मिक सन्देश प्रदान गरिएको छ । असल काम गरेमा धर्म प्राप्त हुने र नराम्रो कर्म गरेमा पाप हुने भन्दै मानिसले मानव धर्म विपरीत गलत कार्य गरेमा वर्तमान र मृत्यु पश्चात् पनि घोर पापको नरकमा डुब्नुपर्ने कुरा बताइएको छ । नारी शक्तिका पूजारी हुन्, सृष्टिका संवाहक हुन् भनेर नारी शक्तिलाई उजागर गर्दै भनिएको छ- *शक्ति नभएका भए महाकाली, महालक्ष्मी र महासरस्वतीलाई कसैले पुज्ने थिएन* (पृष्ठ : ४०) ।

पूर्वीय दर्शनमा देवीदुर्गा शक्तिको असीम महत्त्व छ ।, महाकाली, महालक्ष्मी र महासरस्वती सृष्टि सिर्जनाका आधार हुन् भने संहारका सहयोगी पनि हुन् त्यस्ता महान् त्रिदेवीबाट संसारमा शक्ति प्रदान गरी दुष्टको संहार र सज्जनलाई मुक्ति प्रदान गरिएको इतिहास ज्वलन्त रहेको प्रसङ्गमा भनिएको छ- *खास जननीकै रूपमा नारी जातिलाई पाएको हुँ, नारी सिर्जना र शक्तिको अवतार हो* (पृष्ठ : ४०) ।

बदरीनाथ भट्टराईले नारीजातिलाई शक्तिको अवतार मानेका छन् । नेपालको इतिहासलाई साक्षात्कार गरेका भट्टराईले नेपालका वीर योद्धाहरूमा आध्यात्मिक भावनाको ज्ञान हुँदाहुँदै पनि देश र जनताको रक्षाका निमित्त आफूले मान्नुपर्ने मान्यजनलाई पनि सो अनुसारको व्यवहार गर्न नसकेको गुनासो बहादुर शाहद्वारा राजेन्द्रलक्ष्मीलाई भनिएको छ । अतः कथाकार आफू आध्यात्मिक व्यक्ति भएका हुनाले कथाका ठाउँठाउँमा नैतिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, दार्शनिक तथा पूर्ण साहित्यिक भाषाशैलीको प्रयोग गरेर ज्ञान, बुद्धि, विवेक, शिक्षा, वैराग्य, पाप, धर्म, दुःख-सुख, शरीर, मानव धर्म र कर्मयोग आदिको प्रयोग रहेको हुन्छ भन्दै आध्यात्मिक सत्मार्गको शिक्षा प्रदान गरिएको छ ।

### ६.७.३ निष्कर्ष

शक्तिप्राप्तिका निमित्त मणि, मन्त्र र औषधिको प्रयोग गर्नुपर्छ । तिनीहरूमा मणि स्वतः सिद्ध पदार्थ हो । मणि विशेष नै कार्य विशेषको सिद्धप्रद बन्दछ । चाहे भौतिक शक्ति होस् वा आध्यात्मिक शक्ति, जुनसुकै शक्ति भए पनि संयमित भएर उत्कर्ष कार्यमा प्रयोग गर्नुपर्दछ भन्ने आध्यात्मिक भाव भएका भट्टराईद्वारा शक्ति आर्जन गर्न सक्नुपर्दछ र प्रयोग गर्न पनि जान्नुपर्दछ भन्ने विषयलाई आत्मसात् गरिएको छ । राजेन्द्रलक्ष्मी र बहादुर शाहको ऐतिहासिक कहानीमा आधारित यस कथामा ऐतिहासिक कथानकको अतिरिक्त कतिपय स्थानमा पूर्वीय दर्शनको पूर्ण प्रभाव समेत रहेको पाइन्छ । मातृत्व, पुत्र स्नेह, तिलाञ्जलि, महाकाली, महालक्ष्मी र महासरस्वतीलाई उपस्थित गराएर पौराणिक कालदेखि नै पूज्य मानिएका त्रिदेवी शक्तिका साक्षात् रूप हुन् , मीमांसा र वेदान्त दर्शनका आधारभूत सिर्जना हुन्, प्रकृतिका सञ्चालक र संस्थापक हुन्, भन्ने मान्याता बोकेको यस कथामा आमाको महत्त्व, छोराप्रतिको कर्तव्य, जिम्मेवारी र राजपरिवारमा एकअर्काप्रतिको सहयोग, सद्भावका साथै देशप्रतिको सुरक्षाका लागि मात्र लडाइँ हो नत्र आफूहरूमा माया, प्रेम र सद्भाव नभएको होइन् भन्ने सन्देशात्मक भाव रहेको पाइन्छ ।

## ६.८.असम्भव कथा विश्लेषण

बदरीनाथ भट्टराईको २०१५ सालमा प्रकाशित ऐतिहासिक कहानी कथासङ्ग्रहभित्रको असम्भव कथा आध्यात्मिक दर्शनमा आधारित छ । यस कथाका मुख्य पात्रहरूमा रणबहादुर शाह र उनकी कान्छी श्रीमती कान्तिमती रहेका छन् ।

### ६.८.१ कथासार

कथा रूप र जवानीमा मस्त रहने विलासी राजा रणबहादुर शाह र ब्राह्मण पुत्री, विधुवा कन्या कान्तिमतीको चरित्रमा आधारित छ । भगवान् पशुपतिनाथको दर्शन गर्न जाने क्रममा कान्तिमतीलाई देखेपछि कान्तिमतीको रूप र जवानीबाट प्रभावित भएर रणबहादुर शाहले विवाहको प्रस्ताव पठाउँछन् । जीवन जिउने कठिन परिस्थतिलाई सम्झेर विलासी जीवन जिउन नचाहे पनि बाबुआमाको मनसाय विवाह गरेर जीवन जिउनु राम्रो हुन्छ भन्ने बुझेपछि, विवाह गर्न स्वीकृति दिएकी कान्तिमतीको पुनः विवाह रणबहादुर शाहसँग हुन्छ र पुत्रको रूपमा गीर्वाणयुद्ध वीरविक्रम शाहको जन्म पनि हुन्छ । छोराको जन्मपछि कान्तिमती बिरामी हुन्छिन् । जति उपचार गर्दा पनि उनलाई निको हुँदैन । झारफूक गरेर अनेक दशा पन्छाउँदा पनि उनको स्वास्थ्य सप्रनुको साटो झन् बिग्रँदै जान्छ । राजाको अथाह माया, प्रेम, सद्भाव पाएर पनि आफूले धर्मविरूद्ध काम गरे भन्ने पश्चात्तापका कारण कान्तिमतीलाई मानसिक रोगले सताउँछ । उनी जीवनदेखि निराशा भएर भगवान् पशुपतिनाथसँग क्षमाका लागि प्रार्थना गर्दै आफूले प्रथम मृत पतिप्रति अनादर गरेको, पतिव्रता धर्मलाई पालना नगरेको हुनाले यस्तो बिरामी परेकी हुँ भन्ने धार्मिक संस्कारयुक्त भावनाले कान्तिमतीलाई पोल्छ । उनी आफूले गरेको गल्तीप्रति पश्चात्ताप गर्दै अन्तमा आध्यात्मिक मार्गबाट मुक्ति प्राप्त गर्न भगवान् पशुपतिनाथको शरण परेको मुख्य प्रसङ्ग नै यस कथाको कथानक रहेको छ ।

### ६.८.२ असम्भव कथामा आध्यात्मिक दर्शनको प्रभाव

धर्म यस्तो अमूर्त तत्त्व हो जुन तत्त्व प्रत्येक पदार्थसित अनुस्यूत अर्थात् उनीएको हुन्छ । प्रत्येक सत्पदार्थको स्रष्टा छ । प्रत्येक अनुष्ठाताको समृद्धिकारक छ । जसको अभावमा कसैको पनि सत्ता छैन । भगवान्को स्वरूप पनि धर्ममय मूर्ति हो । मानवले मनुष्य देह प्राप्त गरेको पनि राजसत्तात्मक धर्मकै आधारमा हो । मनुष्यले निःश्रेयस (कल्याण) प्राप्त

गर्ने पनि सत्त्वगुणबाट समृद्ध धर्मकै आधारमा हो (अधिकारी, २०६१ : ९) । धर्म सारा विश्वको आधार हो भन्ने कुरा उपनिषद्‌ले बताएको छ । उपनिषद्का अनुयायी बदरीनाथ भट्टराईद्वारा पूर्वीय परम्परागत संस्कृतिलाई झल्काउँदै भनिएको छ- *बिहेको रहस्य नै नबुझी नयाँ दुलही बनेर जगियामा अग्निको परिक्रमा गरेकी थिएँ* (पृष्ठ : ४२) ।

नेपाली हिन्दू आर्य संस्कृतिमा सानै उमेरमा छोरीको विवाह गरिदिए पुण्य प्राप्त गरिन्छ भन्ने परम्परालाई तोड्दै एउटी अबोध असहाय बालिका दुलही बन्नुको अर्थ नै नबुझी दुलही भएको प्रसङ्ग उल्लेख गरेर तत्कालीन सामाजिक कुसंस्कारलाई कथाकारद्वारा चिर्न खोजिएको पाइन्छ । लोग्नेसँग सामीप्य नै नभई अर्थात् पतिको महत्त्व नै नबुझी विधुवा हुनुपर्दा पनि समाजबाट तिरस्कार सहनुपरेको कुरालाई व्यक्त गर्दै भनिएको छ - *मृत्युको तत्त्व नै नबुझे तापनि लोग्ने टोकुवैको पद पाएर चितालाई तीनपल्ट घुमी दागबत्ती दिएँ । मरेर कहाँ पुगिन्छ भन्ने थाहा थिएन* (पृष्ठ : ४२) ।

कथामा आत्माको नित्यतालाई पुष्टि गर्दै शरीरको मृत्युदेखि निडर भएर परमार्थ चिन्तनमा लाग्न सचेत बनाउने प्रयास गरिएको छ तापनि एक अबोध बालिकाको बिहेको महत्त्व नै नबुझी बिहे गरिदिनु अनि पतिको स्वभाविक मृत्युलाई पनि लाञ्छना लाएर लोग्ने टोकुवै भन्नु तथा पतिको मृत्यु पछिको धार्मिक आध्यात्मिक संस्कार चुरा फुटाउन लगाउनु, पोते, टीका लगायतका राता वस्त्रहरू फाल्न लगाउनु, एक वर्षसम्म घरबाट बाहिर निस्किन नदिई एक छाकमात्र भोजन गरेर कसैसँग पनि नबोली, देखा नपरी बस्नुबाट नारीप्रति गरिएको अपमानलाई तिरस्कार गर्न खोजिएको यस कथामा नारी स्वयम्‌को हृदयमा पनि तत्कालीन कुसंस्कारको प्रभाव परेको हुनाले कथाकी नायिका स्वयम्‌ले नरकको बास भए जस्तो अनुभव गर्दै भनिएको छ-

> *सिंगारिएका दम्पती जात्रुहरूको विलासी दृश्यको झल्कोले र मृत पतिको सम्झनाले मनमा उकुसमुकुस भइरहेको थियो । यो सौन्दर्य लक्ष्मीको मन्दिरको हेमन्तको तुसारोको थप्पडमा त्यसै विलाएर जान्छ के चोला नबदली सुखमय वसन्तको दर्शन पाउँदिन ? उसो भए मृत्युलाई निम्तो दिनु सिवाय के अर्को उपाय छैन ?* (पृष्ठ : ४२/४३) ।

सत् र असत्, राम्रो र नराम्रो, हितकर र अहितकर भनी छुट्याउने काम बुद्धिको हो, गर्ने वा नगर्ने काम मनको हो भन्ने आध्यात्मिक भाव भएका बदरीनाथ भट्टराई आफू अद्वैत वेदान्तका अनुयायी, धर्मशास्त्रका ज्ञाता भएका हुनाले उनका हरेक कृतिहरूमा आध्यात्मिक दर्शनको प्रभाव परेकै पाइएको छ ।

यस कथामा कथाकारले हिन्दूहरूका महान् आराध्य देवता साक्षात् भगवान् शिवको प्रतिमूर्ति पशुपतिनाथलाई दुःखमा, सुखमा, व्रतमा र अन्य पूजा तथा भक्ति योगका कार्यहरूमा दर्शन गरी आफ्नो मनलाई शान्त बनाउने प्रमुख स्थल बनाइएको पाइन्छ ।

> *एकादशीको दिन पशुपतिको दर्शन गर्न जाऔँ भनी आमाले भन्नुभयो, बाटोमा सीता, सावित्री, अरून्धती, मीराहरूको कथा आमाले सुनाउनुभयो । अनि अर्को आधार नदेखिएकोले मैले भजन गरेर नै दिन बिताउने अठोड गरे* (पृष्ठ : ४२/४३) ।

कथामा धार्मिक शिक्षा र आध्यात्मिक सन्देशका लागि एकादशीको व्रत, पशुपतिनाथको दर्शन, सीता, सावित्री तथा अरून्धती जस्ता महान् धार्मिक आस्था र विश्वासमा अडिग रही आफ्नो पतिव्रता धर्मकै कारण त्याग तपस्याले गर्दा साक्षात् भगवान् राम, भगवान् विष्णु, भगवान् शिव र वशिष्ट ऋषि अर्थात् देवताहरूका गुरुको पनि मन जित्न सफल भएका अध्यात्मिक सिद्ध नारीहरूको उदाहरण दिएर सम्पूर्ण आर्य नारीहरूलाई आध्यात्मिक ज्ञान नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो, यसलाई ग्रहण गर्न सकेमा मानिसले मृत्युपछि पनि मोक्ष प्राप्त गर्न सक्दछ भन्ने भाव रहेको छ ।

कथामा बदरीनाथले जीवनको अन्तिम मृत्यु शय्याको अवस्थामा पुग्दा पवित्र तीर्थस्थल आर्यघाटको उपस्थिति गराएर आर्यघाटको महत्त्वलाई उजागर गर्दै कमण्डलु लिएका त्रिपुण्डक लगाएका तपस्वीको उपस्थिति गराएर, जप, तप, ध्यान, पूजापाठ भगवान् दर्शन आदि गराउनु जीवनको अन्तिम मृत्यु शय्याको अवस्थामा नारायण भन्ने शब्दको उच्चारण गराइ कर्मानुष्ठानबाट मोक्ष प्राप्ति हुन्छ भन्ने मान्यता रहेको मीमांसा दर्शनको प्रभावलाई देखाएका छन् । भगवान् भक्तिमा लागेर वैराग्यता प्राप्त गरेकी कान्तिमतीबाट भनिएको छ -

*एक्कासी नारायण भनेको सुनियो । मेरै उमेरकी आइमाईलाई अर्धजल हाल्न ल्याएका रहेछन् । उनलाई प्राण जान निक्कै गाह्रो भयो, पाँच सात हिक्का आएपछि बल्ल प्राण गयो । यो अवस्था देखेपछि मलाई झन् वैराग्य बढ्यो, संसार कति दिनको रहेछ भन्ठानेँ* (पृष्ठ : ४३) ।

वेदान्त दर्शनमा जगत्लाई व्यावहारिक रूपमा राखिएको पाइन्छ । आत्मज्ञानको अभावमा जीवनको जन्ममरण भईरहन्छ । ब्रह्मका अतिरिक्त ईश्वरलाई मान्दा ब्रह्मको प्रतिबिम्व मायामा परेर ईश्वरको उपस्थिति रहन्छ । ईश्वर मायोपाधिक ब्रह्म हो, त्यसैले मानिसले अन्तिम अवस्थामा मात्र पनि ईश्वरको भक्ति गरेमा सांसारिक मायाजालबाट वैराग्य उत्पन्न भई आत्मज्ञान प्राप्त गर्न सक्दछ भन्ने विषयमा उपनिषद्मा भनिएको छ- *ब्रह्मनिष्ठ आत्मज्ञानी संसारमा फर्कंदैन* (देवकोटा, २०३० : ८/१५/१) ।

माया, अज्ञान वा अन्धकारलाई परित्याग गर्दै भगवान्बाट प्राप्त हुने ज्योति (ज्ञान वा प्रकाश) प्राप्त गर्न सक्नु नै आध्यात्मिकता हो भन्दै पतिव्रता धर्म र पत्नीव्रता धर्मलाई समान रूपले हेर्दै भनिएको छ- *पवित्र पतिव्रता धर्ममाथि उच्छृङ्खलताको बञ्चरो चलाउन लगाउनु हाम्रो कर्तव्य होइन । छोरीलाई आइलागेको राजसी सुखबाट बञ्चित गराउनु पनि कसरी ? फेरि हामी मरेपछि तँलाई कल्ले हेरविचार गर्ला ?* (पृष्ठ : ४४) ।

सामान्यतया आस्तिक त्यसलाई भनिन्छ जसले परलोक वा पुनर्जन्ममा विश्वास गर्दछ । परलोक र पुनर्जन्ममा जसले विश्वास गर्दैन त्यसलाई नास्तिक भनिन्छ । हाम्रो सनातन हिन्दू दर्शन आस्तिक र नास्तिक विचारमा रुमल्लिइरहेको छ भन्ने आध्यात्मिक दर्शनका चिन्तक बदरीनाथद्वारा कान्तिमतीको माध्यमबाट भनिएको छ -

*समाजले छिः छिः गरेर बाँच्नु पनि मर्नु हो । यदि वरत्र र परत्र बिग्रन्छ भने त्यस्तो काम कसरी गर्नु ? चन्द्र र सूर्यले दोसाँधमा पारिएकी संध्यामा झैँ पूर्व र पश्चिमको रागमय झुलनामा म हल्लिरहेँ । पञ्चै बाजा बजाएर अग्निसाछी राखेर बिहे गरिएका जेठी र माहिली रानी त प्याँकिए भने ममात्र सधैँ मन परिरहुँला ? सुसारे सरह एउटा कोठामा लगेर राखिदिए भने यसरी धर्मलाई*

*लात मारेको, समाजको बन्धन चुँडालेको के सार भयो र ?* (पृष्ठ : ४४/४५) ।

मानवीय जीवन सामाजिक व्यावहारिक जालोमा फसेको छ, उसभित्र सामाजिक रीतिरिवाज, परम्परागत धर्म, संस्कृति, कर्तव्य आदि भएको हुनाले ऊ भ्रमको बन्धनमा अर्थात् मायाजालमा परेर उसलाई उम्कन गाह्रो भइरहेको कुरालाई यहाँ उपस्थित गराइएको छ ।

बदरीनाथ गीता दर्शनका अनुयायी हुन् । आन्तरिक जीवन र सांसारिक जीवनमा कसरी समन्वय स्थापित गरी निःस्वार्थ कर्मप्रति उत्प्रेरित एवम् सुखमय हुने भावना पैदा गराउनु भन्ने कुरालाई भनिएको छ -

*धर्मशास्त्रले भन्ने बाटो पनि छैन, म यदि मरेकी भए पति के बिहे नगरी बस्दा हुन् त ! पत्नीले मात्र यस नियममा रहनु भन्ने एक पक्षीय सिद्धान्त होइन फेरि मेरो ब्रह्मचर्य भङ्ग भएको पनि छैन । सन्तानका लागि अम्बिका र अम्बालिकाले समेत परपुरुषलाई अँगालेको कथा पुराणमा नै सुनिन्छ । यदि पाप नै हुने भए व्यासजस्ता ऋषिले त्यस्तो कुरा मञ्जुर पनि त गर्दैनथे होलान् नि ?* (पृष्ठ : ४५) ।

मानवधर्मको पक्ष लिँदै बाल विधवा नारीप्रति आत्मविश्वास बढाएका कथाकारले यस कथाको प्रमुख पात्र कान्तिमतीको माध्यमबाट पहिलेदेखि नै आध्यात्मिक भावना, पूजा, पाठ, व्रत, तीर्थ, भगवान् दर्शन, यज्ञ आदि गर्नुपर्ने गृहस्थ धर्मको प्रभावलाई उजागर गरेका छन् । आध्यात्मिक भावना भएकी कान्तिमतीमा आफूले पूर्वीय धार्मिक मूल्य मान्यताभन्दा बाहिरको कार्य गरेको छु भन्ने पश्चातापको भावना रहिरहेको हुन्छ । राजाले रानीको दशा निवारणका लागि यस्ता किसिमका धार्मिक अनुष्ठान गरेको विषयलाई उल्लेख गरेर ऐतिहासिक विषयवस्तुमा आध्यात्मिक दर्शनलाई उपस्थित गराउँदै कान्तिमतीद्वारा भनिएको छ -

*महाराजको जुन प्रेमलाई, जुन विलासलाई, जुन राजसी भोगलाई अमृत सम्झेकी थिएँ, आज त्यही विष बनिरहेछ । अवस्थालाई जति गहिरिएर निहाल्दै जान्छु, उति वेदना बढ्दै*

*आउँछ, पश्चाताप उर्लिन्छ, हदभन्दा हद भयानक दृश्यहरू आँखाका सामुन्ने नाच्छन् । हरे शिव ! अन्धी भएर नै हुँला म यसरी भासमा जाकिएकी, अब मेरो उद्धार कसले गर्ला ?* (पृष्ठ : ४७) ।

वेदान्त दर्शनका अनुयायी बदरीनाथले कथामा मानवीय शारीरिक पक्षमा प्रत्येकका सात्त्विक अंशबाट पाँच ज्ञानेन्द्रिय, राजस अंशबाट पाँच कर्मेन्द्रियहरू, पञ्च प्राण, पञ्च महाभूतका समष्टिमा सात्त्विक सृष्टि अन्तःकरण मन, बुद्धि, चित्त, अहंकार आदि गरी यो शरीरको निर्माण हुन्छ । यो सारा जगत् ब्रह्म हो, उसैबाट चेष्टा गर्ने, उसैमा लीन हुने हो । यो जग परब्रह्मको निवर्त मात्र हो, ब्रह्ममा जगत् अँध्यारोमा डोरीलाई सर्प देखेझैं अज्ञानीका लागि जगत् सत्य हुन्छ, डोरीको ज्ञान नहुँदासम्म सर्प नै हुन्छ, तर त्यो भ्रम सधैं रहिरहदैंन, वास्तविक सत्य देख्ने मानिसमा अज्ञानता हट्नुपर्छ भन्दै कान्तिमतीमा आध्यात्मिक दर्शनको प्रभावले वैराग्य उत्पन्न हुदै गएको प्रसङ्गमा भनिएको छ -

*हे पशुपतिनाथ, आफ्नो गुठिल गुमाएर विलासको घाँस, खाने म पशु हुँ । वास्तवमा मेरो नाथ हजूर नै होइबक्सिन्छ । एक पटक मात्र प्रभुको दर्शन गर्दा म कहाँबाट कहाँ आइपुगें तर ऐले आँखा खुले । अब हजुर सिवाय मेरो शरणमा कोही छैन । हुन त हिलो लागेकी हुँदा म मैली तथा बिटुली छु तैपनि भक्तिको गङ्गा बहाएर चोखी पारिदिबक्स्योस् । तेरो उद्धार गरेर के फाइदा भन्ने हुकुम नहोस् किनभने शरणको मरण गर्नु दीनानाथको नीति होइन । नालको पानी पनि बाग्मतीमा मिसिएर समुद्रमा पुग्यो भने अपार हुन्छ* (पृष्ठ : ४७) ।

वेद सम्मत कर्म धर्म हो, आत्मा चेतना हो र भौतिक जगत् सत्य हो भन्दै यहाँ कान्तिमतीले आफूले दोस्रो विवाह गरेकी हुनाले पश्चत्तापका कारण उनलाई मानसिक रोग लागेर गाह्रो भएको छ । उनलाई जति उपचार गर्दा पनि निको नभएपछि आफ्नो अन्तरहृदयको अध्यात्म भावनाबाट भगवान् पशुपतिनाथको शरण परेको प्रसङ्ग व्यक्त गर्दै भनिएको छ -

*हे पुरानो मालिक तपाईंको वास्ता नराखेर नयाँको पछि लागेकोमा मलाई साह्रै खोप लागिरहेछ । उसैले म फर्केर आइरहिछु, ढोका उघारी बक्स्योस् । मन्दिरको घण्टाको आवाज मैले सुनिसकेँ । शङ्खको चाहिँ अझ सुनेकी छैन । हे आशुतोष, मैले यसरी चिच्च्याएको सुन्दा सुन्दै पनि किन झर्को नलागेको यस्तो क्रन्दन, रोदन कति सुन्न सकिबक्सेको, मेरो हृदय खोतलेर नजरहोस् यो आर्तको पुकारा । यसमा त खाली सरलता र विशुद्ध प्रेम, माथमा राखिबक्सेकी गङ्गाजलभन्दा यो करोडौँ गुना चोखो छ* (पृष्ठ : ४७/४८) ।

बदरीनाथद्वारा कथाकी प्रमुख पात्र कान्तिमतीमा पूर्ण रूपमा आध्यात्मिक दर्शनको प्रभावलाई देखाएर उनमा वैराग्य उत्पन्न गराइ जीवनको अन्तमा भगवान्‌को शरण परेर मुक्ति प्राप्त गर्न भगवान् शिवको सामु आफ्ना सम्पूर्ण दुःख पीडा व्यक्त गराइएको यस कथामा गृहस्थ जीवनको मुक्ति नै आध्यात्मिक साधना हो भन्ने भाव रहेको छ ।

अतः बदरीनाथ भट्टराईको यो असम्भव कथा ऐतिहासिक भैकन पनि आध्यात्मिक दर्शनबाट पूर्ण प्रभावित रहेको छ । कथामा पूर्वीय आध्यात्मिक दर्शनको ऐतिहासिक, परम्परागत, धार्मिक संस्कार, नैतिक मूल्य मान्यता, सामाजिक व्यवहार, नारीमा विद्यमान, उच्च आदर्शता, सदाचार, सद्भावना, सद्गुण, सद्विचारको प्रभाव एकातिर रहेको छ भने अर्कोतिर ऐतिहासिक वीरता, साहस, वंशपरम्परा, राजर्षि सुख सहेल, राजा भएर राजनीतिको अलावा नारीको रूप र यौवनबाट आकर्षित भई कामवासनामा लुप्त हुँदा राजनीतिमा अस्थिरता आउन सक्ने सम्भावनालाई समेत सङ्केत गरिएको छ । बदरीनाथ आफू आध्यात्मिक मानसिकता बोकेका वेदान्त र मीमांसा दर्शनका उपासक भएका हुनाले यिनले यस कथाकी पात्र कान्तिमतीका हरेक क्रियाकलापहरूमा आध्यात्मिक दर्शनको प्रभाव मिसाउन सफल भएका छन् ।

### ६.८.३ निष्कर्ष

धार्मिक, आध्यात्मिक, दार्शनिक एवम् वैराग्य चेतना भएको यस कथामा शिव भगवान्‌मा विशेष आस्था राखिएको पाइन्छ । सांसारिक जीवनबाट वैराग्य लिएर शिव

शरणमा जाने अठोटका साथै कान्तिमतीद्वारा आफूले गरेका कृत्यहरूको पश्चात्ताप गराउँदै यो जन्म सपार्ने अभिलाषा प्रकट गरिएको छ । भगवान्को साधना नगर्ने विषय वासनामा मात्र भुल्नेलाई यमलोक जानुपर्छ भन्ने परम्परागत विश्वासलाई यहाँ दर्शाइएको छ । संसारलाई भवसागर ठानी वेदान्त विद्याबाट मुक्ति प्राप्त गर्न सकिने भन्ने भाव भएका बदरीनाथद्वारा योग, वेदान्त र वैशेषिक दर्शनको प्रभावलाई उजागर गरिएको छ ।

## ६.९. विन्ति पत्र कथा विश्लेषण

शाहकालीन इतिहासको महत्त्पूर्ण विषय रणबहादुर शाहको राज्यकालीन व्यवस्थालाई विशेष स्रोत बनाएर रचना गरिएको यस विन्तिपत्र कथालाई कथाकार भट्टराईले २०१५ सालमा ऐतिहासिक कहानी कथा सङ्ग्रहमा प्रकाशित गरेका हुन् । यस कथामा विशेष गरेर वेदान्त, मीमांसा र वैशेषिक दर्शनको प्रभाव रहेको छ ।

### ६.९.१ कथासार

राजर्षि भाषा शैलीको प्रयोग भएको रानी राजेश्वरी, राजा रणबहादुर शाह र राजपरिवारभित्रका पात्रहरूको विशेष भूमिकाको प्रयोग भएको यस विन्तिपत्र कथालाई पत्रात्मक शैलीमा रचना गरिएको छ । कथाका मुख्य पात्र हेलम्बुमा निर्वासित रणबहादुर शाहकी जेठी रानी राजेश्वरीको मानसिक अवस्था र राष्ट्रको हितका लागि राजालाई सजग गराउँदै लेखिएको विन्तिपत्रमा आधारित रहेको छ । तत्कालीन नेपालको राज्य व्यवस्थाको वृत्तान्त वर्णन रहेको यस कथामा राजेश्वरी एक असल नारी पात्र हुन् । उनीलाई आफू निर्वासित हुनु परेकोमा कुनै पनि गुनासो छैन । केवल राजासँगको प्रेमबाट वञ्चित (विछोड) भएर बस्नु परेको अवस्थाको बोध र रानी भएर पनि राष्ट्रको सेवा गर्न नपाएको र राज्य सञ्चालनमा राजालाई सहयोग गर्न नपाउँदा विपक्षी बदमासहरूले खेल खेलेर राजालाई पदच्युत् गर्लान् कि भन्ने डर एकातिर रहेको छ भने अर्कोतिर राष्ट्रनिर्माण र विकासमा अवरोध आउला भन्ने आशंकाका कारण चिन्ताले उनी दुःखी भएकी छिन् । कथामा असल चरित्रकी धनी रानी राजेश्वरीले नेपाली जनताप्रति देखाएको उदारता र उनीहरूलाई दिएको सही सन्देश तथा आफ्नो कर्तव्यमा अडिग रहेर देश सुरक्षित रहोस् भनेर देशप्रति देखाएको प्रेमभाव र आफ्ना पतिप्रति देखाएको सद्भाव, आदर्श प्रेम र पतिव्रता धर्मलाई उच्च राखेर राजेश्वरीले हजुरसँगको प्रेमाभाव र सामीप्य नछुटोस् भन्ने विन्ति गर्दै लेखेको पत्र नै

कथाको मुख्य विषयवस्तु रहेको यस कथामा सकारात्मक सोच भएकी असल नारीमा सौताप्रतिको ईर्ष्या भावभन्दा पनि पतिप्रतिको सहभाव र सकारात्मक सोचको विकास भएको कुरालाई देखाइएको छ । पूर्वीय मान्यतामा पतिले पत्नीप्रति र पत्नीले पतिप्रति विद्रोह होइन समानता र सहभाव राख्नुपर्दछ भन्ने मुख्य कथानक भएको यस कथामा भौतिक र आध्यात्मिक भावको सङ्गमलाई उजागर गरिएको छ ।

### ६.९.२ विन्ति पत्र कथामा आध्यात्मिक दर्शनको प्रभाव

अध्यात्म यस्तो अमूर्त तत्त्व हो जुन प्रत्येक पदार्थसँग गाँसिएको छ । अध्यात्मको स्वरूप यही हो भनेर किटान गर्नु ब्रह्मको स्वरूप किटान गर्नु बराबर कठिन रहेको छ । अध्यात्मको अभावमा कसैको पनि सत्ता रहँदैन अर्थात् आधार रहँदैन । भगवान्को स्वरूप पनि धर्ममय मूर्ति हो भन्ने पूर्वीय  मान्यता रहेको छ । भौतिक जगत्भित्रको सुख-दुःखमा आधारित ऐतिहासिक, धार्मिक तथा आध्यात्मिक विषयवस्तुलाई आफ्नो कथाको स्रोत बनाएका बदरीनाथ भट्टराई अद्वैत वेदान्त दर्शनका अनुयायी हुन् । धर्म, दर्शन र साहित्यको त्रिवेणी भएको यस कथामा राजेश्वरीद्वारा श्री ५ रणबहादुर शाहलाई पत्र लेख्ने क्रममा भनिएको छ - *श्री महाराजाधिराज श्री श्री श्री रणबहादुर शाहका चरणकमलमा उप्रान्त गाथमा आराम रहिबक्से, यो हेलम्बुकी पाहुनाको स्यूँदोको सिन्दूरको रेखा मलिन हुने थिएन* (पृष्ठ : ४९) ।

कथामा पूर्वीय दार्शनिक मान्यतामा परापूर्वकालदेखि नै राजा महाराजाहरूलाई पत्र मार्फत् सम्बोधन गर्न विन्ति गर्ने शैलीको उल्लेख गरिएको पाइन्छ । पूर्वीय ऐतिहासिक परम्परामा पति पत्नीको सम्बन्धको मुख्य आधारको सुरुवात सिन्दूर र पोतेलाई  लिएको कुरालाई पनि यहाँ दर्शाउन खोजिएको छ । परापूर्वकालदेखि नै हिन्दू आध्यात्मिक सांस्कृतिक मान्यतामा विवाहको सुरुवात् यज्ञ गरेर अग्निलाई साक्षी राखेर सात फेर यज्ञको परिक्रमा गरी पति पत्नीको रूपमा मन्त्र पढेर पतिले पत्नीलाई सिन्दूर पोते लगाइदिने सांस्कृतिक मान्यतालाई उजागर गरिएको छ ।

देवीदेवता हुन् या मानव हुन्, एकले कर्तव्यको पालना गर्नु नै अर्काको अधिकारको प्राप्ति हुनु हो भन्ने सत्य धर्मका अनुयायी बदरीनाथद्वारा भनिएको छ- *सत्य बोल्ने सुखी हुन्छ* (पृष्ठ : ४९) । पूर्वीय दर्शनमा 'सत्यम् शिवम् सुन्दरम्' अर्थात् सत्य नै शिव हो र सत्य

नै सुन्दर हो, बोली वचनको सबैभन्दा असल राम्रो गहना सत्यता हो, मीठो बोली हो (अर्याल, २०६९:४९७) । कथाकारद्वारा मानिसलाई मानवीय धर्म र कर्मको बारेमा बोध गराउँदै भनिएको छ-*यथार्थवादी सिद्धान्तलाई छोड्नु नपरोस् र कर्तव्यबाट नडगूँ भनी पुकार गर्दछु । हाँ मा हाँ मिलाउँदै पूज्य व्यक्तिलाई धोका क्यै गरे पनि दिन्नँ । पतिव्रता धर्मलाई आर्यनारीको प्रतीक सम्झी क्रियात्मक रूपमा ढालेकी पनि छु* (पृष्ठ : ५०) ।

मानवधर्म र कर्मयोग मानवीय जीवन सञ्चालनका लागि आवश्यक भौतिक साधनहरू हुन् । यस्ता मानवीय जीवनका साधनहरूले मानिसलाई कहिले परम सुखको अनुभूति गराउँदछ भने कहिले आत्यन्तिक दुःख पीडामा धकेली दिएको हुन्छ । यस्ता कुरालाई सन्तुलित राख्न मानिसमा धर्म र कर्मानुष्ठान सम्बन्धी, आत्मज्ञान सम्बन्धी मीमांसा र वेदान्त दर्शनको ज्ञान हुनु आवश्यक रहेको हुन्छ भन्ने भावना बदरीनाथको रहेको छ ।

यस कथामा बदरीनाथ भट्टराईको झुकाव नारी र पुरुष बिचको समानतामा रहेको छ । उनले नारीलाई आदर्शको प्रतीकको रूपमा खडा गरेका छन् । पतिव्रता नारीमा भएको निःस्वार्थ प्रेमपूर्ण भावनासँग र हिन्दू आर्यनारीको पतिव्रता धर्मलाई जोडेर समाजलाई सत्मार्गतर्फ उन्मुख गराइएको छ । पतिव्रता धर्मलाई मात्र होइन पत्नीव्रता धर्म पनि पूर्वीय आध्यात्मिक दर्शनको महत्त्वपूर्ण पक्ष हो । यसलाई पुरुषहरूले पनि पालना गर्नु पर्छ भन्ने सन्देश दिदै सत्यधर्म र विवेक हराउन लागेका पुरुषहरूलाई नारीलाई सम्मान गर्नुपर्दछ भन्ने कुरा दर्शाएर सचेत गराइएको छ ।

हिमालको अटलता, सूर्य र चन्द्रमाको नियमित गति अनि अडिकपनको उदाहरण दिएर कथाकारले मनुष्यमा आत्मा विश्वास हुनु पर्दछ भन्ने प्रेरणा समेत प्रदान गर्न खोजेका छन् । *शक्ति छ तैपनि उसको सेवा गरुँला र सत्यको चेतना जगाउँदै उन्नतिको ढोका खोलिदिएर सुखको खोलो बगाइदिउँला भन्ने मनसाय थियो* (पृष्ठ : ५०) ।

सत्यको खोजी गर्न ब्रह्मज्ञान प्राप्तिको मार्गदर्शन गर्ने वेदान्त दर्शनको प्रभाव परेको यस कथामा सत्य, धर्म र नैतिकताको उद्घोष गरिएको छ । कथाकारद्वारा सीता, सावित्री लगायतका आदर्श महिलाहरूको चरित्रको महत्त्व दर्शाएर नारीहरूलाई असल चरित्रमा हिड्न मार्गदर्शन एकातिर गराइएको छ भने अर्कोतिर महिलाको मात्र असल चरित्र भएर हुँदैन

पुरुषले पनि आफू अनुशासनमा बस्नु पर्दछ भन्दै पौराणिक राजा ययातिको समेत उदाहरण दिएर भनिएको छ,-

> *विष कुनै युगमा पनि अमृत हुन सक्दैन, दोषको नक्कल गर्नेले गुणतिर पनि दृष्टि दिनुपर्ने हो । मानिसले, मानिसलाई मलमा गाड्नु भन्दा शिक्षाले नुहाइदिएर कञ्चन तुल्याइदिँदा बुद्धिमानी देखिदो हो । कर्म, भक्ति र ज्ञानलाई तिलाञ्जलि दिएर अलौकिक प्रेमयोगका आडमा राजसिंहासनदेखि सन्यास लिई निर्वाणानन्द बनिबक्सियो* (पृष्ठ : ५१) ।

कथामा गुण, दोष, बुद्धि, विवेक आदिको ज्ञान गराएर अनावश्यक अलौकिक प्रेमवासनामा डुब्दा आफैले अनेक दुःख कष्ट सहनुपर्ने, आफूले सञ्चालन गरिरहेको राज्यबाट समेत बञ्चित हुनु पर्ने जस्ता आपत आइलाग्ने सन्देश राजाहरूलाई प्रदान गरिएको छ । यो जगत्, आभास मात्र होइन वास्तविकता पनि हो, कर्मको नियमबाट संसारको सृष्टि हुन्छ, शरीर, ज्ञानेन्द्रिय, कमेन्द्रियहरू र भोगका विषय तत्त्वहरूले सृष्टि कार्य गर्दछन् (चालिसे, २०६५ : ६४) । मीमांसा दर्शनको प्रभाव रहेको यस कथामा पूर्वीय दर्शनको चिन्तनको विषयलाई हरेक मानव जातिले अनुशरण गरेमा स्वधर्मको रक्षा हुन्छ भन्दै भनिएको छ, - *खुकुरी हातमा चमचमाउँदै महाकाली बनेर नेपालभित्र पसेपछि गड्किए* (पृष्ठ : ५२) ।

देवीभागवत महापुराणमा उल्लेख भएकी महाकाली (दुर्गा) देवीको रूप धारण गर्न हिन्दू पतिव्रता नारीहरू पछि पर्दैनन् भन्दै दुर्गा शप्तशती चण्डी, महाकाली देवीको महिमा अपार रहेको छभन्ने कुरालाई उल्लेख गरिएको यस कथामा सत्यधर्म र मानवधर्मलाई आमन्त्रण गरेर कथालाई आध्यात्मिक बनाउन खोजिएको छ ।

हनुमान्को रामभक्तिका कारण उनले आफ्नो हृदय खोली देखाएको रामको चित्रको उदाहरण दिएर सत्मार्गको पालना गर्ने, उदार, निष्कपट र निश्चल मन भएकी पतिव्रता रानी राजेश्वरीले आफ्ना पतिदेवलाई सत्मार्गमा हिँड्ने विन्ति गर्दै भनिएको छ,-*बाँचुञ्जेल बाहुलीको टीका लगाउन पाऊँ र चरणामृत पिउँदै नजरका सामुन्ने यो शरीर बिसाउन पाऊँ भन्ने मनसाय हो* (पृष्ठ : ५३) ।

आध्यात्मिक संस्कारले युक्त नारीहरू आफ्ना पतिबाट जस्तोसुकै दुःख, कष्ट, घृणा उपेक्षा पाए पनि आफ्नो पतिव्रता धर्मलाई छोड्दैनन् । आफ्नो तन, मनले भ्याएसम्म पतिलाई सही मार्गदर्शन गर्दै पति सेवामा तल्लीन रही रहन्छन् भन्ने भौतिक तथा आध्यात्मिक दार्शनिक विचारको प्रभाव यस कथामा रहेको छ ।

अतः प्रस्तुत कथा रणबहादुर शाह र उनकी जेठी पत्नी राजेश्वरी महारानीको जीवन चरित्रमा आधारित पत्रात्मक शैलीमा उल्लेख गरिएको भावनात्मक विषयवस्तुमा आधारित कथा हो । आफ्ना पति रणबहादुर शाह प्रेमवासनाले एकपछि अर्को पत्नी विवाह गर्दै राज्य सञ्चालनमा व्यस्त हुनुभन्दा प्रेमालापमा व्यस्त हुन्छन् । राजनीति र राजाको कर्तव्यभन्दा बाहिर रहेर उमेर नपुगेकी कान्छी श्रीमतीका छोरा गीर्वाणयुद्धलाई राजा बनाएर राज्य व्यवस्था बिगारेर काशीमा गएर लुक्नु परेको अवस्थामा एउटी असल, धार्मिक पतिव्रता आर्य नारीद्वारा देश र जनताको रक्षाका लागि जस्तोसुकै दुःखकष्टको सामना गर्नु परे पनि महाकाली दुर्गा भएर उपस्थित भई रक्षा गरेको प्रसङ्गका साथै सत्य र धर्मको पालना गर्नुपर्ने सन्देश प्रदान गरिएको यस कथामा एउटा असल राजा भएर देश र जनताको रक्षाका लागि भोग विलासलाई त्याग गर्नुपर्ने, सत् मार्गमा हिड्नु पर्ने सङ्केत गरिएको छ ।

### ६.९.३ निष्कर्ष

सद्गुण, सद्विचार, सद्भावना, ज्ञान, बुद्धि, विवेक, शिक्षा, मानवधर्म, कर्मयोग, दुःख सुख, भगवान् भक्ति, संसारको संरचनात्मक स्वरूप भ्रान्ति हो, सत्य अर्कै छ भन्ने वेदान्त दर्शन पूजा, पाठ र कर्मानुष्ठानबाट मुक्ति प्राप्त गर्न सकिन्छ भन्ने मीमांसा दर्शन आध्यात्मिक र भौतिक जीवनको सङ्गम रहेको वैशेषिक दर्शनलाई बदरीनाथद्वारा समिश्रण गराइ यस कथालाई आध्यात्मिक बनाइएको छ ।

## ६.१० षड्यन्त्र कथा विश्लेषण

बदरीनाथ भट्टराईको ऐतिहासिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको *षड्यन्त्र* कथा नेपालको इतिहासमा भएका षड्यन्त्रपूर्ण व्यवहारलाई लिएर रचना गरिएको हो । यस कथालाई आध्यात्मिक दर्शनको आधारमा अध्ययन विश्लेषण गर्दा वेदान्त, मीमांसा, साङ्ख्य, योग र वैशेषिक दर्शनको प्रभाव रहेको पाइन्छ ।

### ६.१०.१ कथासार

नेपालको इतिहासमा घटेको महत्त्वपूर्ण घटनालाई लिएर रचना गरिएको यस कथामा त्रैलोक्य वीरविक्रम शाहको अचानक मृत्यु भए पश्चात् विह्वल भएका राजपरिवार शोक र पीडाले आकुल व्याकुल भएको हुन्छ भने सुरेन्द्र वीरविक्रम स्वयम् पनि दाजुको मृत्युबाट अत्यन्त दुःखी हुन्छन् । कथाकारले अत्यन्त धेरै पात्रहरूको चयन गरेर यस कथालाई उद्देश्य पूर्ण बनाउन खोजेको देखिन्छ । कथाका मुख्य पात्र नरेन्द्र वीरविक्रम शाहले रणोद्वीपबाट राज्य सत्ता हत्याउन गरेको ऐतिहासिक षड्यन्त्रलाई कथामा स्पष्ट रूपमा देखाइएको छ । रणोद्वीप सिंहबाट राज्यसत्ता हत्याउन जङ्गबहादुर शाहका छोरा जगत्जङ्गले पनि षड्यन्त्र गरिरहेका हुन्छन् । नरेन्द्र वीरविक्रम शाहको बाउन्न जनाको दल पनि नरेन्द्र विक्रम शाहलाई नै राजा बनाउने कार्यमा व्यस्त हुन्छन् तर कर्नेल उत्तरध्वजले भने यी सारा पोलहरू धीर शमशेरलाई खोलिदिएपछि षड्यन्त्र भङ्ग भएको हुन्छ । नेपालको राजनीतिक अवस्थालाई अध्ययन अवलोकन गरेर तयार पारिएको यस कथामा ऐतिहासिक विषयवस्तु राजनैतिक अर्थ व्यवस्था, वीरता, साहसपूर्णता, कुटनीतिक चाल, राष्ट्रनिर्माणका रणनीति हुनुको साथै राजा रानीको राज्य सञ्चालन व्यवस्था राष्ट्रभक्त व्यक्तिलाई विदेशी मुलुकहरूबाट गरिएको हस्तक्षेपको विरोध गरेर परम्परा अनुरूप तोकिएको उत्तराधिकारीको मृत्यु पश्चात् राज्य प्राप्तिमा गरिएको राज्य लोलुपता र षड्यन्त्रलाई विशेष केन्द्रविन्दु बनाएर रचना गरिएको पाइन्छ । ऐतिहासिक विषयवस्तुभित्र नेपाली भाषाको शुद्ध प्रयोग, उखान टुक्काको विशेष प्रयोग गरी शब्दालङ्कार र अर्थालङ्कारको उपयोगले कथाका कतिपय ठाउँमा उत्कृष्ट आलङ्कारिक भाषा साहित्यको प्रयोग गरिएको यस कथाको मुख्य विषयवस्तु सत्ता प्राप्तिसँग सम्बन्धित रहेको छ ।

### ६.१०.२ षड्यन्त्र कथामा आध्यात्मिक दर्शनको प्रभाव

करुणा, दया, शान्ति, अहिंसा, समता आदिका रूपमा अध्यात्म दर्शनको शाश्वत् सिद्धान्तलाई अँगालेका बदरीनाथ भट्टराईले षड्यन्त्रपूर्ण हत्यालाई घृणा गरेका छन् । वेदान्त दर्शन अनुसार जीवभाव र अत्माभाव सबै मायाले खडा भएका हुन् भन्ने विषयलाई पनि बदरीनाथले स्वीकार गरेका छन् । आत्मज्ञान नभई जीव शोक र रागको संसारबाट तर्न सक्दैन । दृष्यपदार्थ जति पनि छन् ती सबै मायाको रूप हुन् । प्रकृति सत्य हो । जीव मायाको रूप हो । मायाको संसारमा व्यस्त जीव ब्रह्मानन्दबाट बञ्चित भएको हुन्छ । ऊ

म र मेरो भन्ने भावमा चुर्लुम्म डुबेर आफन्तको वियोगमा अत्यन्त अशान्त भई शोक गर्दछ भन्ने पूर्वीय दर्शनको मान्यतालाई देखाएर भट्टराई शोक गर्नु अज्ञान हो, आध्यात्मिक चेतनाको अभावमा मानिस अनावश्यक चिन्ता गरेर दुःखी हुन्छ भन्ने भाव व्यक्त गर्दछन् ।

ज्ञानको अभावमा मानिस सांसारिक वस्तुको मायामोहमा दुःखी हुन पुग्दछ । जब उसमा वास्तविक आत्मज्ञानको अनुभूति हुन्छ तब सारा शोकहरू नष्ट हुन्छन् भन्ने ज्ञान भएका भट्टराईद्वारा भनिएको छ, -

> *युवराज त्रैलोक्य वीरविक्रम शाहको एक्कासी मुत्यु भएको खबरले सारा नेपाल शोक समुन्द्रमा डुबिरहेको छ । बाबु सुरेन्द्र वीर विक्रम र आमाहरू छाती पिटिपिटी विलौना गरिरहेको थिए । रानी चाहिँ बेहोस भएर लडिरहेकी थिइन् । यसरी उर्लिरहेको करुणरसको बाढीलाई समाल्ने अभिभारा चाहिँ आफ्नो शिरमा परेको भए पनि नङ्मासु झैँ मिलिरहेका दाजुको मृत्युले गर्दा नरेन्द्र वीर विक्रम शाह भूत लागे जस्तै भइरहेका थिए* (पृष्ठ : ७३) ।

आत्माको नित्यतालाई पुष्टि गर्दै शरीरको मृत्युदेखि निडर भएर परमार्थ चिन्तनमा लाग्न सचेत गराउने प्रयास गर्दै जे कुरा हुने हो त्यो भइसक्यो, घट्ने घटना घटी, सक्यो हरेक जीवात्माले आफ्नो कर्मअनुसार पूर्व निर्धारित कार्य गरी विभिन्न योनी पार गर्नुपर्दछ भने यसमा शोक गर्नु बेकार छ भन्ने आध्यात्मिक मान्यताको तथ्यलाई स्वीकार गर्न सक्यौँ भने स्वर्गमा पनि खुशी रहन सकिन्छ भन्ने भावना कथाकारको रहेको छ ।

धर्म र भक्ति साधनाबाट मानिसको मृत्यु पछि स्वर्ग गइन्छ अर्थात् यो पारमार्थिक शरीरको मृत्यु हुन्छ तर आत्मा उसको भगवान् साधना अनुसार स्वर्ग पुग्दछ । स्वर्गमा पुगेपछि जीवात्मालाई आफ्नो सम्पूर्ण योनीहरूको ज्ञान हुन्छ भन्ने पूर्वीय आध्यात्मिक सांस्कृतिक मान्यताअनुरूप यस कथामा आफ्नो मानव योनीमा आफूले चाहेका कार्य पूरा गरिदिए स्वर्गमा पुगेर पनि उक्त कुरा देख्न सकिन्छ, खुशी मनाउन सकिन्छ भन्ने भावना राख्ने भट्टराईले मानवले मानवको अर्थात् आफन्तको मृत्यु पश्चात् पितृहरूको श्राद्ध र सम्मान गर्नुपर्दछ भन्ने कुरालाई यहाँ उल्लेख गरेका छन् । बदरीनाथ भट्टराई समाजमा

धर्मको स्थापना गर्न चाहने व्यक्ति भएका हुनाले धर्मको उजागर गर्दै भनिएको छ,-*सोझा र धर्मात्मा रणोद्वीप भन्दा उनका भाइ भतिजादेखि नै हामीलाई डर छ* (पृष्ठ : ७४) ।

मानिसभित्रको आध्यात्मिक भोकबाट धर्मको उत्पत्ति हुन्छ, जसले ऊ भित्रका अपूर्णतालाई नाश गरेर मानिसलाई पूर्णताको चेतना प्रकट गराउँछ (प्रसाद, १९८२ : १८) । चिन्तनशील स्वभाव भएको मानिसबाट आध्यात्मिक मूल्यको खोजी गर्ने काम नै धर्म हो भने नीति, आचरण, सेवा, सहयोग, दया, माया, स्नेह करुणा आदि धर्मका रूप हुन् । मानव आचरण र चरित्रबाट धर्मको रूप पहिचान गर्न सकिन्छ भने प्राणीको हितका निम्ति अग्रसर हुने प्रेरणा धर्मले प्रदान गर्दछ भन्ने कुरालाई कथाकारद्वारा धर्मात्मा राजा रणोद्वीपको धार्मिक भावनासँग जोड्दै भनिएको छ- *जगत्जङ्गले मौनव्रत लिएको हुँदा शमशेर खलकको चकचकी बढ्दै गयो* (पृष्ठ : ७६) ।

पूर्वीय दर्शन जीवन सापेक्ष दुःख निवारणका कारणबाट प्रादुर्भाव भएको देखिन्छ । मानवीय आचरण नीति नियम एवम् आचार-विचार आदि कुरा धर्मसँग सम्बन्धित रहेका हुन्छन् । मानिसले धर्म गरेर लौकिक सुख र मोक्षको आशा राखेको पाइन्छ भन्ने सैद्धान्तिक आधारलाई जगत्जङ्गले लौकिक सुखको अपेक्षार्थ मोक्षप्राप्तिको लागि मौनव्रत बसेका हुन् भन्ने कुरा यहाँ बुझ्न सकिन्छ । पूर्वीय मान्यतामा लौकिक सुख प्राप्ति र मोक्ष प्राप्तिको लागि व्रतसँगसँगै तीर्थ जाने प्रचलन पनि रहँदै आएको छ । तीर्थमा स्वयम् भगवान्को साक्षात्कार दर्शन गर्न पाइन्छ,- जसले गर्दा आफूले जीवनभर गरेका पाप नष्ट भएर मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने पूर्वीय मान्यतालाई कथाकारद्वारा हृदयङ्गम गर्दै भनिएको छ,*रणोद्वीप तीर्थ गरेर फर्किहाले* (पृष्ठ : ७६) । आफ्नो उद्देश्य पूर्ति र भगवत्त्व प्राप्तिका लागि आध्यात्मिक संस्कार प्राप्त गरेका रणोद्वीप तीर्थ गर्न गएका हुन् । नेपालको महत्त्वपूर्ण इतिहास लुकेको यस कथामा पूर्वीय आध्यात्मिक दर्शनका मूल्यमान्यतालाई एकातिर उजागर गरिएको छ भने अर्कोतिर मानिसमा बलियाले कमजोरलाई दबाउँदै जाने प्रवृत्तिको विकास भएकोमा कथाकारद्वारा दुःखी भएर भौतिकवादी चिन्तन र आध्यात्मिक धारणालाई एकैसाथ प्रयोग गर्दै भनिएको छ,-

> *रणोद्वीप रातारात गरेर मानिसको शिकार गर्न काठमाडौं आइपुगे अनि नरेन्द्र वीरविक्रमलाई भारदारीमा उभ्याएर भने 'सान्नानीले के गरेका थिए र माघे सङ्क्रान्तिको राति यस्तो*

*हत्याकाण्ड मचाउन आँट्नु भएको ?' त्यस्तै नरेन्द्रले उत्तर दिँदै भने, 'सारा देशको हत्या हुन लागेको देखेर । देश उठ्छ भने व्यक्तिको हत्या गर्नु पाप होइन'* (पृष्ठ : ७८) ।

समय बलवान् छ, जति नजिक कलियुग आउँछ त्यति उत्तरोत्तर धर्म, सत्य, पवित्रता, क्षमा, दया, आयु, बल र स्मरणशक्ति लोप हुँदै जानेछन् । धनीलाई नै मानिसले कुलीन, सदाचार र सद्गुणी मान्नेछन् । हातमा शक्ति हुनेले धर्म र न्यायको व्यवस्था आफ्नो अनुकूल गराउन सक्नेछन् (जोशी, २०५७ : ९२७) । पूर्वीय दर्शनलाई संयोजन गराइएको यस कथामा नरेन्द्र वीरविक्रमशाहले सत्ता हत्याउन धर्मको उपेक्षा गर्दै गरिएको षड्यन्त्रलाई उल्लेख गरी बदरीनाथद्वारा धर्मको रक्षा र देशको रक्षाका लागि राष्ट्रप्रेमी राष्ट्रभक्त योद्धाले युद्ध गर्न डराउनु हुँदैन भन्ने विषयमा श्रीमद्भगवद्गीतामा श्रीकृष्णद्वारा अजुर्नलाई भनिएको छ- *हे अर्जुन ! यो धर्मयुद्ध हो । अधर्म पक्ष टिक्न सक्तैन । विजय तिम्रै हुन्छ । तसर्थ युद्धका निम्ति खडा हौ* (जोशी, २०५७ : ९२७) ।

अन्याय सहनु पनि ठूलो अर्को अन्याय हो भन्ने कुरालाई कथाकारले उजागर गर्दै राष्ट्रभक्ति र भगवान् भक्तिमा तल्लीन हुनुपर्ने सङ्केत स्वरुप उनीद्वारा भनिएको छ- *देशको हत्या हुन लाग्यो भन्ने प्रमाण के छ ? भन्दा नरेन्द्र वीर विक्रमले भने तपाईंलाई क्यै थाहा छैन । बरु काशी जानुहोस् तुलसी पत्रमा रामनाम लेखेर चढाउनोस्* (पृष्ठ : ७७) । अद्वैत वेदान्त दर्शनमा वैष्णव सम्प्रदायमा तुलसी पत्रलाई भगवान् विष्णुको साक्षात् रूप मानिएको छ । वृन्दाको सराप पाएर भगवान् विष्णु तुलसीको रूपमा प्रकट हुनुभएको पौराणिक कथाहरूमा पाउन सकिन्छ तसर्थ तुलसी पत्रमा रामनाम लेख्नु भनेको भगवान् विष्णुका शरणमा जानु अर्थात् अध्यात्मको बाटो पहिचान गर्नु हो । भगवान् भक्तिमा समर्पण भएर जसले काशी जस्तो महान् तीर्थ जहाँ गङ्गा नदी र यमुना नदीको सङ्गम रहेको छ, त्यस्ता स्थानको दर्शनबाट मात्र पनि मानिसले मोक्ष प्राप्त गर्दछ भन्ने आध्यात्मिक मान्यता यस कथामा रहेको पाइन्छ ।

धर्म विरूद्धको लडाइँ भएको हुनाले नरेन्द्र वीरविक्रमको षड्यन्त्र विफल भयो, कतिले आत्मसर्मपण गरे, कतिले जीवन बलिदान दिए, कतिले विदेशी दूतावासको शरण लिए । ब्राह्मणलाई मार्नुहुँदैन भन्ने पूर्वीय मान्यता बमोजिम सात ब्राह्मणहरूलाई चारपाटे मुडेर देश निकालाको दण्ड दिए भने आफूले गरेको षड्यन्त्रको खाल्टोमा नरेन्द्र वीरविक्रम

आफै परे, उनी आजीवन कैदी बने भन्ने कथानकमा धर्म, दर्शन, सदाचार सद्भावना, सामाजिक नैतिक मूल्य मान्यता हुँदा हुँदै पनि राजनीतिक रणनीतिले गर्दा हत्या, हिंसा, षड्यन्त्र जस्ता कुराले कही कही मानव धर्म विपरीत कार्य भएको हो कि भन्ने आभास झल्केको यस कथामा मीमांसा, वेदान्त, वैशेषिक र न्याय दर्शनको प्रभाव रहेको देखिन्छ ।

### ६.१०.३ निष्कर्ष

वेद, पुराण, महाभारत आदि ग्रन्थले प्रतिपादन गरेका त्रितापको आत्यन्तिक नाशलाई दर्शन शास्त्रले आत्मज्ञान, अज्ञाननाश, ब्रह्मबोध एवम् मोक्ष मानेको देखिन्छ । वेद प्रमाणलाई आस्तिक षड्दर्शनले स्वीकार गरेको हुँदा धर्म र दर्शनमा खासै विरोध भने देखिंदैन । धर्ममा श्रद्धा र विश्वास हुन्छ भने दर्शनमा तार्किकता, बौद्धिकता र प्रामाणिकताको सहारा लिइएको हुन्छ । संसार र जीवको सम्बन्ध दर्शनले नित्य मानेको छ । तसर्थ यस कथामा भौतिक जगत् र अध्यात्मको समन्वय देखिएको हुनाले पूर्वीय वेदान्त दर्शन, मीमांसा दर्शनको विशेष प्रभाव रहेको भए तापनि साङ्ख्य र योगदर्शनले बताएका परमेश्वर अविनाशी भए पनि पदार्थ परिवर्तनशील रहेको छ भन्ने सिद्धान्तको प्रभाव पनि परेको पाइन्छ ।

अतः भौतिक उपयोग आध्यात्मिक जीवन प्राप्तिका लागि आवश्यक रहेको छ, पूर्वीय जीवनको सार अध्यात्मज्ञान र मोक्ष प्राप्ति हो । मानिसले जीवन जीउने क्रममा जतिसुकै पाप गरे पनि आत्मज्ञान प्राप्त गरी अध्यात्मको बाटो पहिल्याएर भगवान् साधना गरेमा मुक्ति प्राप्त गर्न सकिन्छ भन्ने सन्देश पनि पाउन सकिन्छ ।

## ६.११. प्रतिफल कथा विश्लेषण

*प्रतिफल* कथा बदरीनाथ भट्टराईको २०१५ सालमा प्रकाशित ऐतिहासिक कहानी कथा सङ्ग्रहको महत्त्वपूर्ण कथा हो । यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गर्दा वेदान्त, योग, वैशेषिक, मीमांसा दर्शनको प्रभाव रहेको पाइन्छ ।

### ६.११.१ कथासार

कथाकी प्रमुख पात्र टोपलक्ष्मीले गरेका क्रियाकलाप र त्यसको प्रतिफललाई कथाको विशेष विषयवस्तु बनाइएको छ । आफ्नी छोरीलाई राजपरिवारमा विवाह गरिदिएर आफ्नो

नातिलाई राज्यको उत्तराधिकारी बनाउन गणेश भगवान्को भाकल गरेकी कथाकी प्रमुख पात्र टोपलक्ष्मीले मन्त्रको पुरश्चरण गर्नुको साथै कार्य विनायकलाई लाख लड्डु र दुबो चढाएकी हुन्छिन् । छोरीको पुत्र प्राप्तिको लागि टोपलक्ष्मी अनेक व्रत तीर्थ, पाठ, पूजा, भगवान् आरधना आदि गर्छिन् तापनि पुत्र प्राप्ति हुँदैन । अन्तमा आफ्नी छोरीकी सौता माहिली महारानीबाट पुत्रको जन्म हुन्छ । उसको नाम राख्न राजाले जेठी महारानीलाई नै अधिकार दिएकाले उनले पृथ्वी वीरविक्रम भनेर राख्छिन् । आफ्नै कोखबाट छोरा नजन्मिए पनि सौताबाट जन्मेको छोरा भए पनि वास्तवमा छोरा नै हो, उसले वंश परम्परालाई कायम नै राख्दछ भन्ने सोचेर छोरा पृथ्वी वीरविक्रमको आगमनबाट आफू खुशी रहेको कुरा पत्रको माध्यमबाट आफ्नी आमा टोपलक्ष्मीलाई साहिंली बडामहारानीले जानकारी गराएको प्रसङ्ग यस कथाको मुख्य विषयवस्तु रहेको छ ।

## ६.११.२ प्रतिफल कथामा आध्यात्मिक दर्शनको प्रभाव

सदाचार र आस्तिकताका प्रतिमूर्ति बदरीनाथ भट्टराईले भक्ति, कर्म र ज्ञानका वास्तविक आदर्शलाई आफ्नो जीवनमा चरितार्थ तुल्याएको पाइन्छ । भट्टराई उच्च स्तरका विद्वान्, शास्त्रका महान् व्यक्ति र अध्यात्म दर्शनका साधक थिए । यो कथा हेर्दा र पढ्दा ऐतिहासिक विषयवस्तुमा आधारित कथा भए तापनि भट्टराई अद्वैत वेदान्त दर्शनका अनुयायी भएका हुनाले यिनका हरेक साहित्यहरूमा आध्यात्मिक दर्शनको प्रभाव रहेको पाइन्छ । दरबारिया वातावरण परिवेश रहनसहन भाषाशैलीले युक्त ऐतिहासिक कथामा महिलाको शक्ति तथा कूटनीतिक स्वार्थी भावनाबाट कथा प्रभावित देखिन्छ । आफ्नो सन्तानमा छोरा नभए पनि छोरीलाई महारानीको पदमा पुऱ्याई अर्थात् राजपरिवारमा विवाह गराइ छोरीबाट जन्मेको पुत्रलाई राजा बनाउने अभियानमा लागेकी टोपलक्ष्मीको मनमा पनि आध्यात्मिक भावना रहेको देखिन्छ । आध्यात्मिक दर्शनको नीति, नियम, दान, धर्म, तीर्थ व्रत, पुरश्चरण आदि साधनाबाट भगवान् गणेश, देवी भगवती, दुर्गा लगायतका हिन्दूहरूका आराध्य देवतालाई खुशी पारेमा आफूले चिताएको कुरा पूरा हुने धार्मिक विश्वासले परिपूर्ण टोपलक्ष्मीमा आध्यात्मिक भावना रहेको कुरा देखाइएको छ ।

आस्तिक दर्शन, धर्म र कर्ममा आधारित आत्माज्ञानका साथै कर्मानुष्ठानबाट मोक्ष प्राप्त हुन्छ भन्ने मान्यता बोकेको मीमांसा दर्शनबाट प्रभावित यस कथामा टोपलक्ष्मीद्वारा भनिएको छ- *ठाउँठाउँमा पूजापाठ पुरश्चरण लगाएकी छु । कार्य विनायकलई हिजो मात्र*

*लाख लड्डु र दूबो चढाउन पठाएँ । शोभा भगवती, दक्षिणकाली र बज्रयोगिनीहरूलाई पञ्चबली गरुँला भनी भाकल गरेकी छु* (पृष्ठ : ८१) ।

भौतिक जीवनलाई सुखी बनाउने असल मार्गदर्शन आध्यात्मिक बाटो लाग्नु हो भन्ने कुरा हिन्दू सनातन धर्मको परम्परा नै रहेको कुरालाई टोपलक्ष्मीका माध्यमबाट कथाकारले गराएका छन् । धर्म, कर्म, पूजा, पाठ गरेर भगवान्लाई सम्झिराख्नु राम्रो कुरा हो भने बली-पञ्चबली दिनु राम्रो संस्कार नभएको कुरा कथाकारको रहेको हुनाले टोपलक्ष्मीको भगवान् साधना सफल नभएको कुराको व्यङ्ग्य यस कथामा पाइन्छ-*जेठी, माहिली, साहिँली शाहज्यादी जन्मने बेलामा पनि मैले यस्तै पूजाआजा गरेकी हुँ* (पृष्ठ : ८१) ।

भौतिक जीवनको सुख प्राप्तिका लागि पनि भगवान् साधना अत्यन्त जरुरी रहेको छ । इन्द्रिय तृप्तिका लागि गरिने दुषित कर्महरूको निवृत्तिका लागि वैदिक अनुष्ठानहरू गर्नु पर्दछ भन्ने मान्यता आध्यात्मिक दर्शनको रहेको छ । योग साधनामा तल्लीन बदरीनाथले गृहस्थ धर्मको व्यावहारिक पक्षलाई यहाँ उपस्थित गराएका छन् । भगवान्प्रतिको भाकल गर्नु भनेको केही समयका लागि भए पनि योग साधनमा रहनु हो अर्थात् भौतिक जीवनको सुख शान्ति प्राप्तिको लागि यज्ञयाज्ञादि कर्म गर्नु हो भन्ने कुरालाई बदरीनाथले मनकामना देवीमाताको प्रसङ्गलाई प्रस्तुत गरिएको छ- *हे भगवती, मेरो इच्छा पूरा गराइदिइबक्स्यो भने १०८ बली हजुरलाई चढाउनेछु । हजुरको मन्दिरमा सुनौला छाना लगाउनेछु* (पृष्ठ : ८१) ।

महाभारतको उद्योग पर्वका अनुसार, यज्ञ, दान, तप गर्नाले शौर्य, बुद्धि, सन्तान, बल र ओज प्राप्त हुन्छ भन्ने आस्था रहेकोमा लोक कल्याणकारी ब्राह्मणहरूले पूरापूर भगवान्को आराधना गरेपछि उनीहरू सदा देवयज्ञ, पितृयज्ञ, दीर्घायु, धन र पुत्र प्राप्तिका निमित्त आशीर्वाद दिन्थे भन्ने भनाइ अनुरूप टोपलक्ष्मीले गणेश भगवान् र देवी भगवतीको आराधना गरेकी छिन् । देवीमाता मनकामनालाई प्रत्येक क्षण आफ्नो मनले साधना गरेर आफ्नी छोरीको पुत्र प्राप्तिको लागि भगवान् भक्तिमा तल्लीन रहेको प्रसङ्ग टोपलक्ष्मीमा एकातिर देखिन्छ भने अर्कोतिर तीर्थव्रत, पूजा, पाठ, भगवान् साधना आदिलाई यहाँ उपस्थिति गराएर कथाकारले पूर्वीय दर्शनको संस्कृति र परम्परालाई कायम राख्न खोजेका छन् । त्यस्तै लडाईं झगडाबाट मुक्ति प्राप्त गर्न तथा शान्ति प्राप्त गर्न भाकल गर्ने, भोग दिने प्रचलन पनि क्षत्रिय राजकुलको परम्परामा रहेको कुरालाई पनि यहाँ उजागर गर्न

खोजिएको भए तापनि कथाकारको यसमा समर्थन भने रहेको पाइँदैन । असल व्यक्ति हुन खोज्नु पनि व्यक्तिगत आशक्ति हो । फलको आशा नराखी कर्म गर्नु चाहिँ भगवान् प्राप्तिको मार्गदर्शन गर्नु हो । परमात्माका लागि गरिने कर्म उत्तमकोटीको कर्म हो, भन्ने आध्यात्मिक साधक बदरीनाथ भट्टराईले भौतिक जीवनको प्राप्तिका लागि आध्यात्मिक मार्गको खोजी गरिएको यस कथामा विषेश गरेर मीमांसा र वेदान्त दर्शनको संयोजन गराएका छन् ।

### ६.११.३ निष्कर्ष

आध्यात्मिक जीवनमा प्रगति गर्नको लागि मानवीय शान्तिको आवश्यकता पर्दछ र यसका लागि परम्परागत नीति नियमहरू परिपालन गर्नु पर्ने हुन्छ । आध्यात्मिक अनुभूतिका क्षेत्रमा उन्नति गर्ने बाटो पनि यही हो । राजा होस् वा रानी, राज्यको प्रशासन प्रमुख होस् वा सर्वसाधारण जनता सबैले सत्मार्गका लागि आध्यात्मिक साधनामा लाग्नु पर्दछ भन्ने भावना भएका भट्टराईद्वारा नेपालको धर्म, संस्कृति र परम्परालाई उजागर गर्दै नेपालको इतिहासमा राजा महाराजाहरू र उनीहरूका रानी पट्रानीहरूले सत्ता प्राप्ति र सन्तान प्राप्ति तथा वंश परम्परा कायम गर्नका लागि अनेकौं षड्यन्त्र रचेर भगवान् साधना स्वार्थ पूर्तिका लागि भए पनि गर्ने गरेको सनातन धर्मलाई यहाँ उजागर गरिएको छ । त्यस्तै धर्म, दर्शन, भगवान् भक्ति, प्रार्थना, पूजा, पाठ भाकल आदि अनेकौं आध्यात्मिक साधनाबाट भौतिक जीवन सुखी हुन्छ र अन्तमा आध्यात्मिक मार्गबाट परत्र पनि सुधार्न सकिन्छ भन्ने आध्यात्मिक चेतना यस कथामा रहेको छ ।

## ६.१२. वीरताको बत्ती कथा विश्लेषण

बदरीनाथ भट्टराईको २०१५ सालमा प्रकाशित ऐतिहासिक कहानी नामक कथा सङ्ग्रहभित्रको अत्यन्त महत्त्वपूर्ण कथा *वीरताको बत्ती* हो । यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गर्दा मीमांसा, वेदान्त, योग र वैषेशिक दर्शन रहेको पाइन्छ ।

### ६.१२.१ कथासार

पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरणको उत्साहित भावना र उनले गरेको सङ्घर्ष, त्याग, तपस्या र आफ्ना बहादुरी योद्धाहरूलाई दिएको राष्ट्र भक्तिप्रतिको प्रेरणा, सत्ज्ञान, राष्ट्रका लागि काम गर्ने उत्साह, उत्प्रेरणा, वीरताको लागि गरिएको सङ्घर्ष तथा

सत्ज्ञानबाट राष्ट्रनिर्माता पृथ्वी नारायण शाहको राष्ट्रिय एकीकरणको उत्साहित कार्यक्रमलाई सगौरव सम्मान गरेर कथानक तयार पारिएको पाइन्छ । यस कथामा देश र जनताको निम्ति आफ्नो जीवनको पर्वाह नगरी लडाइँ लड्ने वीर पुरुषहरूको चरित्रका माध्यमद्वारा राष्ट्रप्रेमको भावनालाई पूर्ण रूपमा व्यक्त गरिएको छ । कथानकको मूल विषयवस्तु पृथ्वीनारायण शाहले विजय गर्ने क्रममा मकवानपुरमा आक्रमण गर्न आफ्ना फौजहरू पठाउँछन् । मकवानपुरका राजा दिग्बन्धसेन र उनले मगाएका गुर्गिन खाँ र नवाव मीरकासिम पृथ्वीनारायण शाहका सेनाहरूको वाण र घुँएत्रोका भरले आफ्नो वीरता प्रदर्शन गरेको ऐतिहासिक प्रसङ्ग यस कथाको रहेको छ ।

### ६.१२.२ वीरताको बत्ती कथामा अध्यात्मिक दर्शनको प्रभाव

धार्मिक विज्ञान नै आत्मज्ञानको स्रोत हो । त्यसमा पनि कर्मकाण्डविना आत्मज्ञानको उदय हुन सक्दैन । निरन्तर आध्यात्मिक साधनाबाट मात्र आत्मज्ञानको मार्ग खुल्दछ भन्ने भावना भएका बदरीनाथ भट्टराईले नेपालको राजनैतिक इतिहासमा नेपालका वीर पुरूषहरूको विषयमा पृथ्वी नारायण शाहले प्रदर्शन गरेको अदम्य साहस, वीरता र पौरखलाई विशेष कथावस्तु बनाइएको भए तापनि कथाकार आफू धार्मिक आध्यात्मिक व्यक्ति भएका हुनाले उनका यस्ता प्रकारका ऐतिहासिक कथामा पनि आध्यात्मिक दर्शनको प्रभाव रहेको कुरालाई भनिएको छ- *पृथ्वीमा शून्यताको राज्य हेर्नलाई झैं आकाशमा अनन्त आँखा झिमझिम गरिरहेका थिए । चीसो हावाको रूप लिएर मुटु छेड्दै कालले संहारीरूप देखाउन पछि हटेको थिएन* (पृष्ठ : १९) ।

कालले जगत्का हरेक वस्तुको परिणामलाई माटोमा मिलाउने काम गर्दछ । साङ्ख्य दर्शनले पुरुष र प्रकृति मध्येको मूल पदार्थ पुरुषलाई मानेको छ र त्यसमा सृष्टिका लागि प्रमुख भूमिका प्रकृतिलाई मानेको छ । प्रकृति र पुरुष यी दुईबाट सृष्टि प्रक्रिया निरन्तर हुने बताइ यस दर्शनले प्रकृतिलाई पुरुषको सहायिका मानेको देखिन्छ । सोही क्रममा संसारमा हरेकका आ-आफ्ना भूमिकाहरू रहेका अवस्थामा कालले पनि आफ्नो भूमिका निर्वाह गर्दा मनुष्यलाई पीडा हुने कुरा कथाकारको रहेको छ । *हाम्रो अर्को जन्म भएको सम्झनुहोस्, मृत्युको मुखबाट उम्किएर आयौँ* (पृष्ठ : १९) ।

यस कथामा अमृतमय श्रीमद्भागवत् महापुराणको छैटौं स्कन्धको पहिलो अध्यायमा वर्णित लिङ्ग शरीरले जीवलाई बारम्बार हर्ष, शोक, भय र पीडा दिने जन्म, मृत्युको चक्करमा पार्छ भन्ने पूर्वीय मान्यता बमोजिम सत्कर्म गर्दा मानिसले पटक पटक जन्मनु मर्नु पर्दैन भन्ने कुरालाई कथाकारले यहाँ जोडेका छन् । त्यस्तै कथाको अर्को प्रसङ्गमा भनिएको छ,- *तपाईं नेपाली हुनुहुन्छ क्यारे । उसैले करजोरी बिन्ती गर्छु । हृदयको कसीमा मेरा कुरा जाँच्नुहोस् । गाईको रगत चुस्ने मुसलमान खुशी पार्नको लागि आफ्ना बहिनीहरूको सतीत्वमा बञ्चरो चलाउन कोशिस गर्नु के सपूतको कर्तव्य हो* (पृष्ठ : २०) ।

नेपाली हुनुको गौरव, नेपालीले एक अर्कालाई सम्मान गर्ने ऐतिहासिक परम्परागत संस्कारलाई कथाकारले उजागर गरेका छन् । पूर्वीय दर्शनमा गाई, लक्ष्मी र मातालाई एउटै मानिएको पाइन्छ । गाईको दूध र मलमुत्र समेत पवित्र हुन्छ । गाई साक्षात् लक्ष्मीको अर्को रूप हुन् भन्ने मान्यतालाई उच्च सम्मान गर्ने व्यक्तिहरूले गाईको रगत मासु खाने, मुसलमानप्रति कथाकारले नीतिगत विरोध गरेका छन् । नेपाली चेली/नारीहरूको सतीत्व अर्थात् अस्तित्व रक्षाको लागि लडाइँमा युद्ध गर्न आउने वीर लडाकुहरूको जीवन रक्षासँग सम्बन्धित यस कथामा राष्ट्र एकीकरणका साथै आफ्ना वीर सिपाहीको रक्षा गर्नु पर्ने सन्देश रहेको छ । कथामा प्रमुख पात्र पृथ्वीनारायण शाह भए तापनि वंशराज र अफिसरको संवादात्मक वार्तालापमा आधारित यस कथामा कनकसिंह, दिग्वन्धन, गुर्गिन खाँ, नवाव मीरकासिम, सिपाहीहरू, अप्सरा, शाहीफौज आदि पात्रहरूलाई खडा गरेर कथालाई अझ सान्दर्भिक, रोचक, ऐतिहासिक र आध्यात्मिक बनाउन खोजिएको छ । देवादिदेव महादेव हिन्दू नेपालीहरूको आराध्यदेव हुन् । उनको शक्ति अपरम्पार छ भगवान् महादेवप्रति अत्यन्त भक्ति गर्ने आध्यात्मिक विद्वान् बदरीनाथद्वारा भनिएको छ,- *महादेवले जस्तै निलेको विषलाई घाँटीमै राख्ने शक्ति ममा छैन* (पृष्ठ : २१) ।

सर्वोच्च देवादिदेव महादेव (शिव) नै ब्रह्मस्वरूप भएर सृष्टि गर्ने, विष्णु स्वरूप भएर सृष्टिको पालना गर्ने र शिव भएर संहार गर्ने साक्षात् भगवान् महादेवको शक्तिले जगत्को कल्याण गर्छ । जगत्को उद्धारको निमित्त भगवान् महादेवले विष सेवन गरी घाँटीमा राखेर भए पनि विषलाई नष्ट गरिदिनु भएको प्रसङ्ग सङ्केत गर्दै भनिएको छ,- *डराएर डाँको छोड्नु मूर्खता हो, उसैले हाँसेर नै मृत्युको स्वागत गर्छु* (पृष्ठ : २१) ।

अधम मानिसलाई जीविका हुन सक्दैन कि भन्ने डर हुने गर्दछ । मध्यम खाले व्यक्तिलाई मृत्युसँग डर लाग्छ तर उत्तम स्वभाव भएको मनुष्य अपमानदेखि डराउने गर्दछ (अर्याल, २०६९ : ८) । आध्यात्मिक त्यागी विद्वान् वीर पुरुष युद्ध, लडाइँ, झगडा जन्म, मृत्युको बन्धनदेखि आत्तिँदैन । डराउँदैन बरु ऊ अरूले गरेको अपमानसँग डराउने गर्दछ । आध्यात्मिक सन्त व्यक्तित्व बदरीनाथले हरेक तत्त्वको आफ्नो महत्त्व हुन्छ भनेका छन् । उनको सत्य विचारलाई गरुड पुराणको नीति सारमा सत्यबाट धर्म रक्षित हुन्छ । विद्या योगबाट रक्षित हुन्छ । पात्र स्वच्छताबाट रक्षित हुन्छ । कुल शिवबाट रक्षित हुन्छ भन्ने प्रसङ्गसँगै कथामा नरहरि शाहद्वारा भनिएको छ,- *देशरक्षाको महायज्ञमा दुश्मनलाई होमेर दुनियाँलाई रक्षाको दक्षिणा दियौँ भने राष्ट्र नै स्वर्ग बन्छ* (पृष्ठ : २२) ।

कथाकार वेदान्त र मीमांसा दर्शनका पूर्ण समर्थक हुन् । उनको यस कथामा धर्मर वेद प्रतिपादित अर्थलाई धर्म भनिएको छ ( जगदीस्वरानन्द, ई.सं. २००४:१/२) । यज्ञलाई दार्शनिक दृष्टिले हेरिएको कुरा पुरुषसूक्तमा सृष्टि प्रक्रियादेखि यज्ञको महिमासम्म उल्लेख भएको कुरालाई कथाकारले यस कथामा छुवाएका छन् । संसारमा सबैभन्दा ठूलो कुरा ज्ञान बुद्धि र विवेक हो । बुद्धिले काम गर्न सकेन शस्त्र भने बलको केही काम लाग्दैन भन्ने विचार भएका बदरीनाथ बुद्धि नपुऱ्याएर बलिदान दिनु पनि एक किसिमको हत्या हो भन्ने ठान्दछन् । उनको विचार सुतेकालाई चित् पार्नु पनि पाप हो भन्ने रहेको छ ।

मानिसले आफ्नो स्वार्थ सिद्धिका लागि मानव धर्म विपरीत पाप कर्म गर्नुहुँदैन भन्ने सन्देश बोकेका भट्टराईद्वारा कथामा भनिएको छ-*आफूलाई बचाएर दुष्टको संहार गर्नु नै बहादुरी हो* (पृष्ठ : २२) । सत्य र असत्यको लडाइँमा डराएर विपक्षीको शरण पर्नु कायरता हो भन्दै भनिएको छ,- *बेकाममा बलिदान दिनु आत्महत्या हो, मृत्युको मुखबाट उम्कनेलाई बुद्धिमान् भन्नुपर्छ, यिनीहरूको ज्यान जोगाउनु के मेरो परम कर्तव्य होइन ?* (पृष्ठ : २३) । राष्ट्र निमार्णको लडाइँमा एकको जित र अर्कोको हार निश्चित रहेको हुन्छ भन्ने भाव भएका बदरीनाथको भावनासँग चाणक्यको नीतिशास्त्र अनुसार,-

> *जसको गुण छ उही जीवित रहन्छ, जसमा धर्म छ, उही जीवित छ र जसले पुण्य धर्मको काम गर्दछ त्यही व्यक्तिलाई जीवित भएको भन्नुपर्छ तर जो गुणहीन छ अनि राम्रा राम्रा काम र धर्म*

*पुण्य गर्दैन त्यस्ताले बाँचेको कुनै अर्थ रहँदैन । यस्ता किसिमका व्यक्ति बाँचेकै भए पनि मरेतुल्य हुन्छन्* (अर्याल,२०६९ : ४२२) ।

उपकारी, गुणी र धर्मात्मा व्यक्ति दुःखी हुँदैन । मानिसले सकेसम्म सत्कर्म गरेर अकाल मृत्युबाट उम्कने कोसिस गर्नुपर्दछ । सङ्कटमा परेका मानिसलाई जोगाउनु हरेक मानवको कर्तव्य हो, मानव धर्म र कर्म हो भन्ने भावनाले भनिएको छ-

*वीर योद्धा हो, तिमीहरूलाई नेपालका तेजिला तारा र वीरताका अन्तरआत्मा मानी प्रार्थना गर्दछु । तिमीहरूलाई हार्दिक स्वागत गरेर फेरि भन्दछु, तिमीहरू उन्नति र मन्दिर उज्यालो पार्ने महाद्वीप हौ । सङ्घर्षबाट निस्केर दुष्टको टाउको माथि बज्रने चड्काका अवतार हौ, उत्साह र शूरताको समुद्रभित्र बलिरहने बडवानल हौ, अन्यायको प्रलय गर्न उदाएका अनन्त सूर्य हौ, अनि सचेत शान्तिका अमृतधाराका मुहान हौ* (पृष्ठ : २४) ।

आध्यात्मिक दर्शन अनुसार जगत्को उत्पत्ति हुनुभन्दा पूर्व ब्रह्ममात्र थियो । ब्रह्मबाट आकाश, तेज, वायु, जल, पृथ्वीको रचना भयो । यिनीहरू सबै आफ्नो शक्ति अनुसारको कार्यमा विभाजन भए । मानव शरीरका पक्षमा प्रत्येकका सात्त्विक अंशबाट पाँच ज्ञानेन्द्रिय, राजस अंशबाट पाँच कर्मन्द्रियहरू, पञ्च प्राणबाट पञ्च महाभूतका समष्टिमा सात्त्विक सृष्टि अन्तःकरण, मन, बुद्धि, चित्त, अहंकार गरी पूर्ण शरीरको निर्माण भएर सांसारिक जम्माजाल अर्थात् सांसारिक मायामोहमा फसेर विभिन्न क्रियाकलापहरूमा संलग्न हुनुपर्छ, यो मानवीय भ्रान्ति हो, मिथ्या ज्ञान हो यसबाट छुट्कारा पाउन भगवान् भक्ति, धर्म, कर्म, पूजा, पाठ, यज्ञ, भजन कीर्तन आदि गर्नुपर्दछ । जसद्वारा ब्रह्मज्ञान प्राप्त गर्न सकिन्छ भन्ने वेदान्त दर्शनको प्रभाव यस कथामा रहेको पाइन्छ ।

### ६.१२.३ निष्कर्ष

स्वाध्ययन र तपस्याबाट आध्यात्मिकज्ञान प्राप्त गर्न सकिन्छ भन्ने भाव भएका बदरीनाथले पृथ्वीनारायण शाहको जीवन चरित्रमा आधारित यस कथामा पुण्यकर्म गर्ने व्यक्तिको कीर्ति स्वर्ग र भूमिसम्म पनि स्पर्श गरेको हुन्छ । ऊ महान् व्यक्तिको रूपमा ख्याती कमाउन सक्दछ अर्थात् जो व्यक्ति द्वन्द्वमा पनि शान्त र प्रसन्न रहन्छ त्यस्तो व्यक्ति

महान् ठहरिन्छ भन्ने मान्यतालाई दर्शाएका छन् । बदरीनाथ भट्टराई धर्म र आध्यात्मिक दर्शनका पक्षधर हुन् । उनी धर्म नष्ट भयो भने कर्तालाई पनि नाश गर्दछ र धर्मको रक्षा भयो भने रक्षित धर्मले कर्ताको रक्षा गर्दछ भन्ने भावना राख्छन् । उनी अर्थ र कामभन्दा पनि बढी दया र समताको आदर गर्दछन् । जो धर्मनिष्ठ छ त्यसले सद्गति प्राप्त गर्दछ भन्ने कुरामा विश्वास गर्ने व्यक्ति भएका हुनाले कथामा धर्म र आध्यात्मिकता भर्न सफल भएका छन् ।

## ६.१३ भीमसेन थापाको दैनन्दिनीबाट कथा विश्लेषण

बदरीनाथ भट्टराईको ऐतिहासिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको *भीमसेन थापाको दैनन्दिनीबाट* कथा २०१५ सालमा प्रकाशन गरिएको हो । कथा भीमसेन थापाको ऐतिहासिक जीवनमा आधारित रहेको छ । यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गर्दा यसमा वेदान्त, मीमांसा र साङ्ख्य दर्शनको प्रभाव रहेको पाइन्छ ।

### ६.१३.१ कथासार

कथामा भीमसेन थापाको दैनन्दिनीको माध्यमबाट १८५९ देखि १८९६ सम्मको राजनैतिक इतिहासलाई क्रमशः देखाइएको छ । अङ्ग्रेजहरूले गरेको आक्रमण, सुगौली सन्धिजस्ता कुराहरूको वर्णन गर्नुका साथै भीमसेन थापाको नजरबन्दीको स्थितिलाई समेत उजागर गरेर कथाकारद्वारा नेपालको ३७ वर्ष लामो ऐतिहासिक घटनालाई डायरी शैलीमा प्रस्तुत गरी कथालाई आकर्षक, सीमित, विश्वसनीय र क्रमबद्ध बनाइएको छ । यस कथामा महान् देशभक्त, वीर, पराक्रमी योद्धा भीमसेन थापाको जीवनीलाई आत्मवृत्तान्त शैलीमा म पात्र भएर तत्कालीन समयको ऐतिहासिक घटनालाई दैनिकीका रूपमा व्यक्त गरिएको छ । कथामा राष्ट्रिय विभूति भीमसेन थापाले देशको रक्षाका लागि गरेको आत्म वलिदान अङ्ग्रेजहरूसँग गरिएको युद्ध, लडाइँ, झै-झगडा तथा उनले अनुभव गरेका राजनैतिक दृष्यहरू, राजारानीमा भएका आन्तरिक कलह, उनीहरूको गैर जिम्मेवारीपनले देशका महान् सपूत भीमसेन थापाको अन्त्यले राष्ट्रलाई हुनगएको अतुलनीय क्षति आदिलाई उल्लेख गरेर एउटा उच्च आदर्श देशभक्त भीमसेन थापा र उनले गरेको योगदानप्रति सम्मान गरिएको कुरा यस कथाको मुख्य विषयवस्तु रहेको छ ।

### ६.१३.२ भीमसेन थापाको दैनन्दिनीबाट कथामा आध्यात्मिक दर्शनको प्रभाव

साङ्ख्य दर्शनभित्र दुःख निवारणका लागि पच्चीस तत्त्वको ज्ञान आवश्यक भएको कुरा बताइएको छ (जगदीस्वरानन्द, २००४ ई : १) । आध्यात्मिक तत्त्व भन्नाले साक्षात् भगवान् परमेश्वरको प्राप्ति गराउने सुन्दर कार्य हो । यो नै सनातन धर्म हो । यसको राम्रो प्रयोग भएमा परमेश्वरको प्राप्ति हुन सक्छ । राष्ट्रभक्त भीमसेन थापाले राजा र देशको रक्षाका लागि सधैँ तत्पर रहेर आफ्नो जीवन नै समर्पण गर्दा पनि राजा राजेन्द्रले विभिन्न आशंका गरेर उनलाई पटकपटक दुःखको भुमरीमा धकेल्न खोजेका छन् । जसका कारण भीमसेन थापामा वैराग्य उत्पन्न भएका सङ्केतहरूलाई कथामा उल्लेख गरिएको छ । दुःखको कारण आफैं हो, आफूभित्र रहेको अज्ञान हो, दुःख निवारणका लागि मानिसमा आध्यात्मिक ज्ञान प्राप्त हुनुपर्दछ भन्ने कुरालाई भीमसेन थापाले भगवान् पशुपतिनाथलाई हरेक ठाउँमा पुकार गरिएको विषयका साथै वीर, साहसी, पराक्रमी, राष्ट्रभक्त पुरुषहरूको उच्च आदर्श सर्मपण र प्रतिबद्धतालाई देखाइएको छ । मानवता, सद्गुण र सद्विचार बोकेका भीमसेन थापामा आध्यात्मिक आस्था रहेको कुरा कथासारबाट बुझ्न सकिन्छ । उनीद्वारा आफ्नो दैनिकीमा राजालाई सम्बोधन गर्दै भनिएको छ - *यहाँ हजुरको चिना देखाउँदा सिद्धाको दशा लाग्यो अब चिताएको पुग्ला भनी भृगुसंहिताका ज्योतिषिले भने* (पृष्ठ : ५४) ।

कथामा आध्यात्मिक दर्शनमा ज्योतिष विज्ञानलाई उल्लेख गरी परम्परागत धर्म र संस्कृतिको प्रभावलाई देखाउँदै समाजमा धर्म र संस्कृतिप्रति विश्वास दिलाउन खोजिएको छ । *आप्तलाई चिनीका साथ विष खुवाउनु बुद्धिमानी होइन अनि काँडा पन्छाएर गुलाब टिप्नु नै मानिसको वैशिष्टच हो* (पृष्ठ : ५४) ।

बदरीनाथद्वारा मानवतावादलाई आमन्त्रण गर्न खोजिएको छ । मानवतावाद विश्वको सबैभन्दा बलियो मान्यताका रूपमा स्थापना भएको वाद हो । यसले साहित्यमा मानव र मानवताका विपरीत कार्य स्वीकार्य छैन भनेको छ । मानवतावाद पूर्वीय र पाश्चात्य दुवै खाले दर्शनको साझा चिन्तनको विषय बनेको अवस्थामा राजनीतिमा यो वाद अझ प्रभावकारी देखिन्छ । यस कथामा चिनीका साथ विष खुवाउनु भनेको नेपालको ऐतिहासिक राजनीतिमा विपक्षीले गरेको षड्यन्त्र मानवता विरोधी कार्य हो । यस्तो कार्य नगर्न सन्देश प्रदान गरेका बदरीनाथले काँडा पन्छाएर गुलाफ टिप्नु भन्ने उक्तिलाई उल्लेख गरी असहज

परिस्थितिमा पनि मानवहित हुने कार्यमात्र गर्नुपर्दछ भनेका छन् । असङ्ख्य योनी पार गरेर बल्लबल्ल प्राप्त गरेको यो मानव जुनीलाई मानवता विरोधी कार्य गरेर पाप कर्ममा डुब्नु हुँदैन भन्ने पूर्वीय दार्शनिक मान्यतालाई कथाकारद्वारा उजागर गर्न खोजिएको छ ।

ऐतिहासिक राजनीतिक विषयवस्तुलाई प्रधानता दिएर रचना गरिएको यस कथामा राजनीतिक उतारचढाव भइरहेको अवस्थामा पनि राजा रणबहादुर शाहका अत्यन्त विश्वासका पात्र भीमसेन थापा थिए । उनले आफ्नो नाबालक छोरा गीर्वाणयुद्ध वीरविक्रम शाहलाई देखाएर तेरो पिछामा भन्दै आफ्नो अन्तिम प्राण त्याग गरेको प्रसङ्गलाई कथामा भनिएको छ- *एकै छिन पछि महाराज स्वर्गे भइबक्स्यो* (पृष्ठ : ५६) । जन्म र मृत्यु मानवका स्वाभाविक कुरा हुन् । जन्म र मृत्युलगायत मानव जीवनका चक्रले संसारलाई चलायमान बनाएको छ । मानव जीवनयापनका आवश्यक सम्पूर्ण कुराको सृष्टि भगवान् ब्रह्माजीले गर्नुभएको छ । सूर्य,जल, पृथ्वी, वायु, आकाश लगायत विभिन्न कीट्पतङ्ग जनावर आदि जीवको सृष्टिको क्रममा आएका हुन् । प्राणको आश्रयले संसारमा देवता, मनुष्य, पशु आदि सारा प्राणीहरू जीवित रहन्छन् । शरीरबाट प्राण वायु निस्केर गएपछि जीवन समाप्त हुन्छ भन्ने पूर्वीय दार्शनिक मान्यताबमोजिम यस कथामा पनि काम गर्दा गर्दै जीवनमा के-के न गर्छु भन्दाभन्दै राजाको जीवनलीला स्वाभाविक रूपमा समाप्त भएको विषयलाई कथाकारद्वारा आध्यात्मिकतासँग जोड्दै भनिएको छ,- *जहाँ हामी हुर्कियौं उही देशको निम्ति मर्नु अमर हुनु हो* (पृष्ठ : ५६) ।

राजा र देशभक्त वीर सपूतहरूले देश र जनताका लागि जीवन समर्पण गर्नु मानवता हो, मर्नु र बाँच्नु भनेको त सृष्टिका स्वाभाविक कुरा हुन् । राष्ट्रका लागि जीवन सर्पण गर्नु भनेको धर्म हो । धर्मले मानिसलाई मुक्तिको बाटो देखाउँछ । मोक्ष गराउँछ भन्ने पूर्वीय दार्शनिक मान्यता रहेको छ । कृतहत कर्म मानव धर्म विरुद्धको कार्य हो । मानवधर्म विपरीत कार्य गरे मानिस पाप कर्ममा फस्दछ भन्ने पूर्वीय मान्यताबमोजिम कथामा भनिएको छ- *साँझमा फेरि मन आत्तियो र गुह्येश्वरी गएँ अनि दुश्मन हटाउने शक्ति दिनुहोस् भनी प्रार्थना गरेँ* (पृष्ठ : ५८) ।

यहाँ भक्ति दर्शनलाई आमन्त्रण गरिएको छ । देवीभागवत महापुराण, शिवपुराण लगायत विभिन्न पुराणहरूमा गुह्यपतन भएर उत्पन्न भएकी महान् शक्ति गुह्येश्वरी देवीको आराधना भक्तिबाट शक्ति प्राप्त गर्दै देशको रक्षामा लागेका भीमसेन थापा पूर्ण

आस्तिक, धर्म र कर्ममा विश्वास गर्ने व्यक्ति भएको कुरा देखाएर कथामा आध्यात्मिकता प्रदान गर्दै भनिएको छ- *श्रद्धा र दूरदर्शीताबाट मन्दिर, धर्मशाला, पुल, धारा इत्यादि बने उनै मुमा महारानी (त्रिपुर सुन्दरी) को वैकुण्ठबास भयो । उहाँको आत्मालाई सुख शान्ति होस् भनी प्रार्थना गरैं* (पृष्ठ : ५९) ।

यज्ञ, दान, जप, तप, सौर्य, बुद्धि, बल, परोपकार, मन्दिर, धर्मशाला आदिको स्थापना गर्नु मानवीय धर्म र कर्मका कुरा हुन् । कल्याणकारी मनुष्यले पूरापूर भगवान्को आराधना गरेपछि पनि सदा देवयज्ञ, पितृयज्ञ, दीर्घायु, धन र पुत्र प्राप्ति कै निमित्त आशीर्वाद दिन्थे ( गद्य महाभारत, २०६३ :१६२७) भन्ने महाभारतको वाणीरहेको छ । बदरीनाथद्वारा महारानी त्रिपुरा सुन्दरीका माध्यमबाट धर्मलाई उच्च बनाएको छ । *बोर्लाङ्तिर गएर हरिभजन गर्ने इच्छा उठ्यो* (पृष्ठ : ६०) । श्रीमद्भागवत् महापुराणमा भक्ति, योग र वेदान्त दर्शन प्रतिपादन गरिएबमोजिमा यस कथामा पनि ज्ञान, भक्ति र वैराग्यलाई उपस्थित गराएर भक्ति, ध्यान र पूजाबाट विषय वासनाहरू मेटिन्छन् र मनुष्य मोक्षको मार्गतर्फ लाग्दछ भन्ने कुरालाई देखाएका छन् ।

*मानवतालाई अँगालेको हुँदा त्यस्तो अनर्थ मैले गरिन* (पृष्ठ : ६० ) । बृहत् नेपाली शब्दकोशमा मानवताको अर्थ प्रवृत्ति, प्रतिष्ठा, आदर्श आदिमा विश्वास गर्ने मत वा सिद्धान्त, मानिसले मानिसप्रति गर्ने राम्रो व्यवहारको सिद्धान्त भनेर परिभाषा गरिए अनुरूप यस कथाका पात्र भीमसेन थापा महान् आदर्श बोकेका दार्शनिक पात्र हुन्; जसले आफ्नो धर्म र नैतिकतामा रहेर देश र जनताको रक्षाको लागि निरन्तर रूपमा आफ्नो जीवनलाई बाजी लगाएको विषयलाई देखाउँदै दया र करुणाका मूर्ति बदरीनाथद्वारा भगवान् शिव अर्थात् पशुपतिनाथप्रति अत्यन्त आदर भाव दर्शाउँदै भनिएको छ,-

> *म त पशुपतिनाथसँग फेरि पनि प्रार्थना गर्छु । हरेक नेपालीको हृदयमा विवेकले सिंहासन जमाओस् र दूध पानी छुट्याओस् । मौका चुकेर माणिक मिल्काउने हातलाई आगोले पोल्न केही बेर छैन । यदि मनुष्यत्वलाई राक्षसत्वले निलेको हेरिरहनुपर्छ भने बरु आँखा फोरेर हावामा उड्नु बुद्धिमानी हो । तर पशुपतिनाथलाई अन्तिम प्रार्थना गरिरहेछु* (पृष्ठ : ६०/६१) ।

बदरीनाथ भट्टराईले कथाका प्रमुख पात्र भीमसेन थापालाई मीमांसा र वेदान्त दर्शनका अनुयायी बनाएका छन् । उनीद्वारा आफ्नो सनातन धर्म र मानवतालाई सधैँ शिरमा राखेर आफ्नो कर्तव्यपथमा अगाडि बढ्ने प्रेरणा प्राप्त गर्न सकिन्छ । हिन्दूहरूका आराध्य देवता पशुपतिनाथलाई हृदयमा जप्दै देश र जनताको निमित्त मानव धर्मको पक्षमा लडेका राष्ट्रिय विभूतिलाई राजनीतिक षड्यन्त्रको जालोमा उनेर फसाइएको प्रसङ्गमा दुःख व्यक्त गर्दै कथामा आध्यात्मिक दर्शन भरिएको छ ।

### ६.१३.३ निष्कर्ष

सांसारिक लीलाको सम्पूर्ण हर्ताकर्ता परमेश्वर, परब्रह्म हो । यस्ता अन्तर्यामी, सर्वव्यापी परमेश्वरको उपासना गर्नु मनुष्यको कतर्व्य हो । ज्ञान प्राप्तिका लागि ईश्वरीय अनुकम्पा अनिवार्य भएकोले ईश्वरको भक्ति र ज्ञान प्राप्त गरी मोक्षको मार्ग अवलम्बन गर्नु वेदान्त दर्शनको मूल सार हो । दैनिकी शैलीमा नेपालको इतिहासलाई वि.सं. १८५९ साल देखि १८९६ सालसम्मको वास्तविक सत्य तथ्य कुरालाई कथाको रूप दिई असल, सत्चरित्र भएका पात्रका माध्यमबाट मानवता, नैतिकता, उच्च आदर्श, सद्गुण सद्विचार, सद्भावनाको विकास गराउँदै राष्ट्रभक्ति र भगवद्भक्तिको माध्यमबाट कर्तव्य पथमा अगाडि बढ्न सफलताको अपेक्षा गरिएको छ । कथामा भीमसेन थापाको राष्ट्रभक्ति र निष्ठालाई देखाउँदै जनताको रक्षा र देश विकासको लागि पुनर्जन्म पनि यही राष्ट्रमा होस् भन्ने भावनाको कदर बदरीनाथले गरेका छन् । कथाका अधिकांश अनुच्छेदहरूमा धर्म, संस्कृति र आध्यात्मिक दर्शनलाई उपस्थित गराइएको यस कथामा भौतिक जीवनको सफलता र आध्यात्मिक जीवनको मुक्तिको बाटोलाई पहिल्याउन मार्ग निर्देशन गरिएको छ ।

## ६.१४ विश्वासघात कथा विश्लेषण

बदरीनाथ भट्टराईको ऐतिहासिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको *विश्वासघात* कथा २०१५ सालमा प्रथम पटक प्रकाशित भएको हो । यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गर्दा यसमा मीमांसा, वेदान्त र वैशेषिक दर्शनको प्रभाव रहेको छ । त्यसैले यो कथा अत्यन्त मार्मिक खालको छ ।

### ६.१४.१ कथासार

कथामा ऐतिहासिक वीर पुरुष माथवर सिंहको षड्यन्त्रपूर्ण हत्या गरिएको प्रसङ्गलाई उल्लेख गरिएको छ । कथाका प्रमुख पात्रहरू राज्यलक्ष्मी र राजेन्द्र वीरविक्रम शाहको निर्देशनमा जङ्गबहादुरले माथवर सिंहप्रति विश्वासघात गरेर दरबारमा बोलाएर मानव धर्म र नैतिक मूल्य मान्यताभन्दा बाहिर रहेर निर्दोष, सच्चा देशभक्त र इमान्दार व्यक्ति माथवर सिंहको हत्या गराएको हुन्छ । महत्त्वपूर्ण ऐतिहासिक विषयवस्तुमा आधारित यस कथाका प्रमुख पात्रहरू राजेन्द्रलक्ष्मी, राजेन्द्र वीरवीक्रम शाह र माथवर सिंह थापा रहेका छन् भने सहायक पात्रहरूमा जङ्गबहादुर, गगनसिंह लगायतका पात्रहरू रहेका छन् । राणा शासनकालमा राजा महाराजाहरूले राष्ट्रको रक्षा, राष्ट्रको एकीकरण लगायत आफ्नो पदको सुरक्षाका लागि विभिन्न किसिमका षड्यन्त्रहरू गरेर आफू सत्तामा जाने विकृत मनस्थितिले राष्ट्रभक्त राष्ट्रिय विभूतिहरूलाई निर्ममतापूर्वक हत्या गरिएको प्रसङ्ग रहेको छ । आफ्नो पक्षको गगनसिंहलाई सत्तामा ल्याउनका लागि राजेन्द्रलक्ष्मीद्वारा विभिन्न षड्यन्त्र गरेर माथवर सिंह जस्तो महान् प्रतापी राष्ट्रभक्तको जङ्गबहादुरद्वारा मृत्यु गराइएको हुन्छ । त्यस्तो गलत कार्यबाट वैराग्य उत्पन्न भएका जङ्गबहादुर भगवान् शिवको शरण परी आफ्नो पापको प्रायश्चित्त गर्दै मोक्षको बाटो खोजी गरेर पशुपतिनाथलाई पुकार गरिएको प्रसङ्ग नै यस कथाको मुख्य कथासार रहेको छ ।

### ६.१४.२ विश्वासघात कथामा आध्यात्मिक दर्शनको प्रभाव

यो द्वैधात्मक संसार हो । हरेक पदार्थ यस संसारमा द्वैधका रूपमा छन् । राम्रो छ त नराम्रो पनि छ । सुख छ त दुःख पनि छ । असल छ त खराब पनि छ । तातो छ त चीसो पनि छ । धर्म छ त अधर्म पनि छ । पूर्वीय धर्म संस्कृतिको विशेष प्रभाव रहेको यस कथामा विना कारण कसैको हत्या हिंसा गर्नु मानवता विरुद्धको कार्य हो भन्ने सन्देश रहेको छ । कथामा धर्म र दर्शनभन्दा बढी मानवीय स्वार्थ, हत्या, हिंसा र षड्यन्त्र आदिलाई उल्लेख गरेर जङ्गबहादुरले माथवर सिंहको हत्या गरिसकेपछि आफूले गरेको पापको प्रायश्चित्त गर्दै भनिएको छ - *हरे शिव ! बाघ भालु र म मानिसमा के फरक भयो ? यसरी मामा मार्ने बकरे बन्नु पर्ला भन्ने मेरो मनमा उब्जेको पनि थिएन । बरु महारानीले अह्राउना साथ सुइँकुच्चा ठोकी गडी काटेको भए यो पापबाट त बच्ने थिएँ* (पृष्ठ : ६६) ।

यो ब्रह्माण्डमा मानिस तिन तापबाट दुःखी हुन्छन्, त्यो एउटा महत्त्वपूर्ण दुःख हो, आध्यात्मिक दुःख जसलाई आफ्नो मनले पैदा गराएको दुःख अर्थात् काम, क्रोध, लोभ, मोह र मत्सर आदि । यसले मानिसलाई सांसारिक मायावी भ्रममा पुऱ्याइदिन्छ र मानिस अनेक किसिमका अमानवीय पाप युक्त कर्म गर्न थाल्दछ । जब मानिसमा पाप र पुण्यको ज्ञान हुन्छ तब उसमा पश्चातापको भावना जागृत हुन्छ । त्यस अवस्थामा मानिसमा वैराग्य उत्पन्न भई आध्यात्मिकताको बाटोको खोजी गर्न थाल्दछ भन्ने पूर्वीय दार्शनिक मान्यता बोकेका भट्टराईद्वारा कथामा आत्मिक पापको प्रायश्चित जङ्गबहादुरलाई गराइएको छ ।

मनमाथि विजय प्राप्त गर्नु कठिन अवश्य छ, परन्तु असम्भव छैन्, यसका लागि कठिन प्रयत्न गर्नुपर्छ भन्ने स्वामी शिवानन्दको दिव्योपदेशको अनुसरण गर्दै भट्टराईद्वारा भनिएको छ,-*यसरी पिरिएर के मामा बाँच्ने हुन् र ? फेरि मैले नमानेको भए पनि एउटा न एउटाको हातबाट उनी अवश्य मारिन्थे । काललाई पनि कसैले रोक्न सक्छ र ?* (पृष्ठ : ६६)

कथामा जङ्गबहादुरद्वारा आफ्नो गल्तीको प्रायश्चित्त गर्न भगवान् शिवको पुकार गर्नु, आफूले गरेको कुकर्मको अनुभूति भएर आफूलाई पशुसँग तुलना गर्नु, बजारमा अर्काको ज्यान मारेर मासु बेची पैसा कमाउन बसेको निर्मम बकरेको उदारहण दिनु, आफूले गरेको पापको ज्ञान भएर प्रायश्चित्तको उपायको खोजी गर्नु भनेको कथाकारद्वारा आध्यात्मिक ज्ञानको सन्देश प्रदान गर्नु हो ।

जीवात्माको कर्म अनुसार आत्माले एकपछि अर्को चोला फेरिरहन्छ । सोही अनुरूप मानिस जन्मेपछि मर्नुपर्ने अनिवार्य कुरा भएको हुनाले श्रीमद्भागवत्मा कपिल मुनिद्वारा भनिएको छ- *परमात्मा जीवात्माको रूपले शरीरभित्र रहन्छ भने जीवात्मा बाहिर कालरूपले रहन्छ* (*पोद्दार,* २०४४:३/२९/३६) । पृथ्वीमा पनि कालको पनि सृष्टिको क्रममा केही हिस्सा रहन्छ । कालले संहार गर्छ, कालको वशमा सबै छन् तर काल कसैको वशमा रहँदैन भन्ने आध्यात्मिक दर्शनको मान्यता रहेको छ । राजाको नुन खाएस्, नुनको सोझो गरेस् भन्ने कुरालाई आत्मसात् गरेका बदरीनाथ भट्टराईद्वारा जङ्गबहादुरले गरेको हत्या वास्तवमा रानीले दिएको निर्देशनलाई पालना गर्ने क्रममा गरिएको मात्र हो भन्ने कुरालाई देखाएर गल्ती र पापको महसुस गराइ कथालाई आदर्शमय बनाइएको छ र भनिएको छ,- *बरु सरासर मावलमा नै गई मामाको छोराहरूलाई सचेत गराउँछु र एक ज्यान भएर मिल्छु ।*

*उसैसँगै विरहको बाढी बहाउँछु, बिलौनाको पूल बाँध्छु अनि पार तर्न के बेर लाग्ला र ?* ( पृष्ठ : ६६) ।

मानिसमा जब आत्मतत्त्वको ज्ञान हुन्छ तब उसमा वैराग्यता उत्पन्न हुन्छ भन्ने आध्यात्मिक दार्शनिक मान्यता अनुरूप श्रीमद्भागवत्, महापुराणमा वेदान्त दर्शनलाई भक्ति साध्य गरिएको छ । यसमा भक्ति शास्त्रको अवतारवादको ज्ञान तथा भक्ति र वैराग्यको महिमा दर्शाई भक्तिबाट विषयवासना मेटिने कुरालाई उजागर गर्दै माथवर सिहंको लास घिसारेर आर्यघाटतिर लगेको देखेपछि गहभरी बह बोकेर दुनियाँद्वारा भनिएको छ,-

> *यो हिमालयको काखमा पनि सर्पले यसरी किन डसेको ? तपोभूमिमा पनि यस्तो लुछाचुँडी । यदि यही तरिकाले मानिसले मानिसको रगत चुस्छ भने पशुत्वले केमा अडिने ? के यो असभ्यताको प्रमाणपत्र होइन ? अझ पनि पाषाण युगलाई अँगाल्ने हो भने नेपालले अरू देशलाई कसरी उछिन्ने ? हाय हाय !! स्वार्थ !! देवतालाई दानव बनाउने तैं न होस् ।* (पृष्ठ :६६) ।

मानिस आफ्नो निजी स्वार्थ पूर्तिका लागि सदा तत्पर रहन्छ । आफूलाई सहज हुने काममा ऊ जस्तोसुकै अमानवीय कार्य गर्न पनि पछि पर्दैन भन्ने बदरीनाथ भट्टराई आध्यात्मिक व्यक्तित्व भएका हुनाले उनले आफ्नो यस कथामा वेदान्त, वैशेषिक र मीमांसा दर्शनलाई उल्लेख गरेको पाइन्छ । उनले भगवान् शिव अर्थात् पशुपतिनाथका उपासक बनेर यस कथाको रचना गरेका छन् । शिवको भक्ति एवम् आत्मसाधनाबाट काम, क्रोध, लोभ, मोह, आदि विचारहरू नाश भई आफूले गरेका पापयुक्त कर्महरू पनि कम भएर जान्छन् तथा मन स्वच्छ भएर ज्ञानको ढोका खुल्दछ भन्ने भावना भएका भट्टराईद्वारा कथाका प्रमुख पात्र जङ्गबहादुरलाई आध्यात्मिकता तर्फ मोडेका छन् ।

### ६.१४.३ निष्कर्ष

मानिसले गरेका असल कार्य वा सदाचारहरू सञ्चित हुँदै गएर एक प्रकारको अपूर्व शक्ति वा ईश्वर पैदा हुन्छ । इन्द्रिय, प्राण, मन, शरीर आदि सबै दृश्य र अदृश्य तत्त्वहरू ईश्वरमा नै आश्रित छन् । त्यसैले ईश्वर निरञ्जन निराकार शक्ति हो । हरेक राष्ट्रमा नेतृत्व

शक्ति बलियो हुनुपर्दछ । आफ्नो राज्यमा भएका दुष्ट, पापी, कण्टक, हिंस्रक, शोषक, सामन्तहरूलाई दण्डका साथै आध्यात्मिक ज्ञान प्रदान गरेर सत्मार्गमा ल्याउन सक्नु पर्दछ भन्ने भावलाई बदरीनाथ भट्टराईद्वारा यहाँ उजागर गरिएको छ ।

## ६.१५ तीन पर्व कथा विश्लेषण

बदरीनाथ भट्टराईको २०१५ सालमा प्रकाशित *तीन पर्व* कथा नेपालको इतिहासको वास्तविक सत्य तथ्य विषयवस्तुलाई लिएर लेखिएको ऐतिहासिक कहानी कथा सङ्ग्रहभित्रको महत्त्वपूर्ण कथा हो । यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विश्लेषण गर्दा वेदान्त, मीमांसा, वैशेषिक र न्याय दर्शनको प्रभाव यसमा रहेको पाइएको छ ।

### ६.१५.१ कथासार

कथा ऐतिहासिक पात्र महारानी राजेन्द्रलक्ष्मीको जीवन चरित्रसँग सम्बन्धित रहेको छ । नेपालको राजनीतिमा घटेका प्रमुख तिन घटनाहरूलाई तीन पर्वको नाम दिई इतिहासमा चिरस्थायी रहेको विषयलाई कथाको रूप दिइएको छ । यस कथामा तीन पर्व भनेर गगनसिहंको हत्या पछि पहिलो राजेन्द्र लक्ष्मीले मच्चाएको कोतपर्व, जसमा फत्यजङ्ग र अभिमानले ल्याएको फौजसँग जङ्गबहादुर पनि भिडेर रगतको खोलो बगाएको अवस्था हो । दोस्रो राजेन्द्र लक्ष्मीले जङ्गबहदुरलाई मार्ने षड्यन्त्र गरेको थाहा पाएपछि जङ्गबहदुर स्वयम्ले वीर ध्वजहरूलाई नै प्रयोग गरेर राजेन्द्रलाई षड्यन्त्रको जालोमा फसाई नजरबन्दमा पारी काशी बास निकाला गरिदिएको प्रसङ्ग भण्डारखाल पर्व हो भने तेस्रो अलौ पर्व जसमा राजेन्द्रलक्ष्मी काशीमा खेदिएपछि राजेन्द्र वीरविक्रमले आफूलाई पच्छ्याएर आएपछि गुरुप्रसाद शाह र रङ्गनाथबाट उत्साहको नाटक पढेकी राजेन्द्रलक्ष्मीले अनेक किसिमका अभिनय गरेर षड्यन्त्रको जालो बुन्दाबुन्दै युद्धको योजना गृहकलहको रूपमा खडा हुन जान्छ । जसका कारण नब्बे दाजुभाइको मृत्युभएर रगतको खोलो बग्छ भने तेइस घाइते भएका हुन्छन् । यस किसिमको घटनलाई नै अलौ पर्व भनिन्छ । नेपालको ऐतिहासिक विभत्स घटनाको व्यङ्ग्यात्मक दृष्टि यस कथाको रहेको छ । कथामा सत्ता साधनाका लागि मानिसहरूको रगत बगाएर आफू भोग विलास गर्ने राजकुलको अस्वाभाविक रणनीति तथा कुकर्मप्रति व्यङ्ग्य गरिएको छ । राजेन्द्रलक्ष्मीको षड्यन्त्रलाई बुझेर उक्त षड्यन्त्रलाई असफल बनाउन जङ्गबहादुर सफल भएका छन् । अतः दरबारभित्रकै आन्तरिक लुछातानी

कलह र सत्ता लुप्तताले निर्दोष जनताको रगतको खोलो बग्नु भनेको असफल राजनीतिको पहिचान हो भन्न सकिने यो कथा पूर्ण रूपमा नेपालको राणाकालीन इतिहाससँग सम्बन्धित रहेको छ । जङ्गबहादुरले जीवनको अन्तमा आफूले गरेको गल्तीलाई पश्चात्ताप गर्दै आध्यात्मिक दर्शनको खोजी गरिएको मुख्य कथासार यस कथाको रहेको छ ।

## ६.१५.२ तीन पर्व कथामा आध्यात्मिक दर्शनको प्रभाव

ज्ञान (शक्ति) बाट कर्मानुष्ठान, कर्मानुष्ठानबाट ज्ञान (शक्ति) को उदय हुन्छ । स्थूल दृष्टिले हेर्ने व्यक्ति अप्राकृत र प्राकृत धर्मको संयोगरूप यस जगत्मा कर्मविनाको शक्ति (ज्ञान) र ज्ञानविनाको कर्मानुष्ठान पनि देखेर भ्रमित हुन सक्छ । प्राकृतिक धर्म (शक्ति) सनातन छ, शाश्वत छ (अधिकारी, २०६१ : १८४) भन्ने पूर्वीय आध्यात्मिक मान्यतालाई आत्मसात् गरेका बदरीनाथले यस कथामा पनि आध्यात्मिकता प्रदान गरेका छन् ।

मातृभूमिको सुरक्षा र राजारानीको आज्ञा पालनाका खातिर आफ्नो जीवनको पर्वाह नगरी जीवन उत्सर्ग गर्ने वीर सपूत जङ्गबहादुर, गगनसिंह, वीरध्वज तथा अभिमान सिंहले राष्ट्रको सुरक्षाको निम्ति सत्ता लुप्ध रानी राजेन्द्रलक्ष्मीलाई समेत नजरबन्दमा राखिएको यो कथा करुणरसले भरिएको छ । राष्ट्रको सुरक्षाका निम्ति आमा भएर सन्तानप्रतिको कर्तव्य पूरा गर्न आफ्नो पूर्णशक्ति प्रदर्शन गर्न सफल साहसी महिलाको जीवनकथाभित्र ठाउँठाउँमा आध्यात्मिक दर्शनलाई जोडिएको यस कथामा वर्तमानमा नैतिकता र मानवता हराएका मानिसहरूमा सद्ज्ञान र सद्बुद्धि प्रदान गर्ने भावना व्यक्त गरिएको देखिन्छ । कथामा मानवीय स्वार्थी प्रवृत्तिलाई इङ्गित गर्दै महारानी राजेन्द्रलक्ष्मीद्वारा भनिएको छ - *सन्तानको स्नेहमा डुब्नु पाप भए, आमाको मनलाई मायाको खानी बनाउने प्रकृतिको नै दोष ठहरिएला* (पृष्ठ : ६७) ।

मानिस विवेकशील उच्च प्राणी भएको हुनाले उसमा दया, माया, प्रेम, स्नेह र धर्मको ज्ञान हुनुपर्दछ । सृष्टिको क्रममा माता पिता भएर सन्तानलाई जन्म दिएपछि सन्तानको पालनपोषण गर्नु शिक्षा दीक्षा दिनु आफ्नो पैतृक सम्पत्तिको हक प्रदान गर्नु र वंश परम्परालाई कायम राख्न प्रयत्न गर्नु उनीहरूको कर्तव्य रहन्छ तापनि कर्तव्यको दुरुपयोग गरेर मानवधर्म विपरीत पुत्र स्नेहमा डुबेर अर्काको अधिकार खोज्नु पाप हुन जान्छ भन्ने भावना बदरीनाथ भट्टराईको रहेको छ । भौतिकताले अन्धो भएको मानिसलाई

अध्यात्मवादले भौतिक सुख दुःखबाट पार गराइ आत्मज्ञान प्रदान गर्दछ । त्यसैले भौतिकताबाट मुक्ति दिलाई मानिसलाई आध्यात्मिकवाद तर्फ उन्मुख गराउनुपर्दछ भन्ने भावना भएका बदरीनाथद्वारा कैकेयीको वरलाई जोडेर राम र भरतलाई राजा दशरथले गरेको अन्याय पूर्ण व्यवहारलाई उजागर गर्दै आदर्श मर्यादा पुरुष श्रीरामको चरित्रको उदाहरण दिएर कथाभित्रको आध्यात्मिकतालाई प्रस्तुत गर्न खोजिएको छ ।

मानिस विवेकशील प्राणी हो तर आफ्नो व्यक्तिगत इच्छा पूरा गर्न ऊ विवेकहीन बन्न पुग्दछ । आफ्नो स्वार्थसिद्धिका लागि अर्काको हत्या जस्तो घृणित र पापयुक्त कर्म गर्न पनि पछि नपर्ने स्वार्थी हत्याराप्रति घृणा व्यक्त गरेका भट्टराईद्वारा भौतिक दुनियाँ स्वार्थमा केन्द्रित भएको देखाउँदै कथामा राजेन्द्रलक्ष्मीद्वारा भनिएको छ,- *ज्यानमारालाई सजाय के ? त्यो पनि पूजा गर्न लागेका बेकसुर सेनापतिको हत्या गर्नेलाई डण्ड के ?* (पृष्ठ : ६८) ।

विनाकारण कसैको हत्या गर्नु मानवधर्म विपरित कार्य हो । महापाप हो । जीवात्मा पाप कर्मबाट चौरासी योनी पूरा गर्दा पनि यस्ता महापाप नष्ट हुन सक्दैनन् जब मानिसमा आध्यात्मिक तत्त्वको ज्ञान हुन्छ तब उसका पाप एकपछि अर्को गर्दै काटिंदै जान्छन् र ऊ परमात्मामा लीन हुन पुग्छ । भगवान्को पूजा, पाठ, ध्यान, भगवान् नाम सङ्कीर्तन गरिरहेको मानिस भनेको आध्यात्मिक दर्शनको मूल्य मान्यता बोकेको धर्म र कर्ममा आधारित मीमांसा दर्शनबाट प्रभावित मानिस हो, त्यस्ता मानिसको हत्या गर्नु भनेको घोर पापको दक्षिण गेटमा प्रवेश गर्नु हो भन्ने मान्यता रहेको कुरालाई उल्लेख गरिएको छ ।

जसले पाप कर्म गर्छ त्यसले सजाय तुरुन्त पाउनु पर्दछ भन्ने मान्यता बोकेका बदरीनाथद्वारा भनिएको छ- *म ज्यानमारा हुँ भनेर सावित कोही हुन्छ ?* (पृष्ठ : ६९) अध्यात्म ज्ञान नभएको अज्ञानी मूर्ख मानिस यस्ता किसिमका अनेक पाप कर्महरू गर्दै जान्छ समाजमा आफ्नो प्रतिष्ठा जाला भन्ने डरले पनि आफूले गरेको पाप कर्मलाई समाजको अगाडि स्वीकार गर्न मान्दैन तापनि पापी हत्याराले आफूले गरेको पापलाई आफूबाट छिपाउन सक्दैन भन्ने भावना कथाकारको रहेको छ ।

हाम्रा आराध्य देवीहरू महाकाली, महालक्ष्मी र महासरस्वती शक्तिका आधार हुन् भन्ने आध्यात्मिक भाव बोकेको यस कथामा नारी शक्तिलाई अत्यन्त आदर गरिएको छ । देवी दुर्गाको शक्ति प्राप्त भएपछि जुनसुकै समस्यालाई पनि समाधान गर्न सकिने बताइएको

छ । यी त्रिदेवीहरूले महाकाली, महालक्ष्मी र महासरस्वतीको रूप धारणा गरी एकैछिनमा आफ्नो शक्ति प्रयोग गरेर संसारको सृष्टिलाई संहार गर्न पनि सक्दछन् भन्ने कुरालाई प्रमुख महत्त्व दिंदै भनिएको छ,- *कालरात्री हुँ, महाकाली हुँ, अनि दुश्मनको डढेलो हुँ, यो हत्याकाण्ड मचाउनेका रगत नबगाई म छाड्दै छाड्दिन* (पृष्ठ : ६९) ।

सृष्टिको संहारकर्ता आदि पुरुष अर्धनारीश्वर भगवान् शङ्करकी अर्धांगिनी साक्षात् माता गौरी (महाकाली, कालरात्री) सतीदेवी, पार्वतीको अर्को रूप हो । यिनलाई शङ्करकी शक्ति, मायाकी प्रतीक मानिन्छ । यदि सत्यमा असत्यको विजय हुन आँट्यो भने साक्षात् देवी दुर्गा, महाकाली स्वयम् प्रकट भएर सत्यको पक्षमा लडाइँ गर्दै दुष्टहरूको नाश गर्दछिन् भन्ने पूर्वीय मान्यता अनुरूप यस कथामा पनि निर्दोष गगन सिंहको हत्याबाट विचलित भएकी महारानी राजेन्द्र लक्ष्मीले हत्यारा पत्ता लगाएर दुष्टको नाश गर्दै रगतको खोलो बगाउन हुङ्कार गरेकी हुन्छिन् । देवी भागवत महापुराणको आध्यात्मितासँग सान्दर्भिक रहेको यस कथामा कथाकारले चञ्चल चित्त भएकी, आफ्नो सन्तानलाई राज्य दिलाउने कुरामा षड्यन्त्र गरिरहेकी राजेन्द्रलक्ष्मीको हृदयमा पनि धर्म-अधर्म, स्वर्ग, मर्त्य आदि कुराको ज्ञान भएको प्रसङ्गलाई जोड्दै राजेन्द्र लक्ष्मीबाट नै भनिएको छ,- *सन्तानले मेरो जयजय मनाउने भयो । त्यही पुण्यले म स्वर्गमा गएर बस्ने भएँ* (पृष्ठ : ७०) ।

अध्यात्म ज्ञानको प्राप्ति नै अमरत्व प्राप्ति हो, परम लाभ, परम शान्ति र परम आनन्दको अवस्था हो । मानिसलाई सबै योनिबाट पार गराइ ईश्वरमा विलीन गराउनु हिन्दू धर्मको मूल्य हो भन्ने विषयलाई स्वर्ग प्राप्तिसँग जोड्दै महाभारतको उद्योग पर्वको विदुरनीतिमा भनिएको छ -*शक्तिशाली भएर पनि क्षमावान् रहने अनि निर्धन भइकन पनि दान दिन खोज्ने यी दुवैथरी मानिसको स्थान स्वर्ग भन्दा उच्च छ* (अर्याल, २०६९ : ५७) ।

अकर्मण्य वा उदासीन स्वभाव भएकी गृहस्थ राजेन्द्रलक्ष्मी सन्तानको माया ममतामा परी जेठी महारानीको जेठो छोरो सुरेन्द्र वीरविक्रम हुँदाहुँदै पनि आफ्नो छोरो रणेन्द्रलाई राजा बनाउने अनेक किसिमको षड्यन्त्र रच्दै सन्तानले जयजय मनाएमा स्वर्गबासको कल्पना गर्दछिन् भन्ने कुरालाई बदरीनाथद्वारा यहाँ विरोध प्रकट गरिएको छ ।

पाठ, पूजा, तीर्थ स्नान अर्थात् माटो वा पत्थरका देवताको दर्शनले जीवलाई धेरै कालसम्म पवित्रता प्राप्त हुन्छ । सन्तको दर्शनले मात्र पनि जीव तत्काल पवित्र हुन्छ भन्ने

श्रीमद्भागवत वाणीलाई आत्मसात् गरेका बदरीनाथद्वारा भनिएको छ - *आफ्नो इच्छा पूरा गर्न अनेक षड्यन्त्र गर्दा पनि राजेन्द्र लक्ष्मी सफल हुन नसकेकी हुनाले जङ्गबहादुर विरूद्ध असन्तोष प्रकट गर्दै उनले विजयराजलाई जपपाठ गर्न लगाइन्* (पृष्ठ : ७०) ।

प्रत्येक कर्मले ढिलो अथवा छिटो कर्मफल निर्दिष्ट गरेको हुन्छ । शुभकर्मले सुख प्राप्ति र अशुभकर्मले दुःख पीडा निम्त्याउँछ । मानिसमा राम्रा र नराम्रा दुवैथरिका इच्छा वा चाहना रहन्छन् । भगवान्प्रतिको साधना गर्नाले आफ्नो कल्याण हुन्छ भन्ने भावना व्यक्त गरिएको यस कथामा आफ्नो छोरो रणेन्द्रलाई राजा बनाउन अनेक किसिमका बुद्धि, विवेकको प्रयोग गरी जालझेल गर्दा तीन पर्वको सिर्जना भयो । त्यसबाट पनि राजेन्द्रलक्ष्मी असफल भएपछि आफ्नो मूर्खताप्रति पश्चात्ताप गर्दै भनिएको छ - *आमा ! दिती र अदितीहरूले समेत आफ्ना सन्तानको उद्धारका लागि कर्म गरेको सुनेर यतातिर लागि परेकी हुँ* (पृष्ठ : ७१) ।

सन्तानको पालनपोषण गर्नु र उनीहरूको रक्षा गर्नु, आमाबाबुको कर्तव्य हो, पौराणिक आख्यानहरूका कर्मठ आमा दिती र अदितीको सन्तानप्रतिको माया, ममता र उनीहरूले आमा भएर गरिएको कर्तव्य र शिक्षादीक्षालाई उल्लेख गरेर वैदिक ऐतिहासिकता प्रदान गरिएको यस कथामा नारी शक्तिको महिमा प्रकट गरिएको छ । भगवान्मा विश्वास गर्नु आध्यात्मिक सफलताको सत्मार्ग हो । भगवान्लाई शङ्काका दृष्टिले हेर्नु हुँदैन भन्ने अध्यात्म ज्ञान बोकेका भट्टराईद्वारा भनिएको छ- *मैले आफ्नो स्वार्थले यो गल्ती गरेकी हुँ* (पृष्ठ : ७१) । राजेन्द्रलक्ष्मीले आफ्नो पीडालाई कम गर्न खोजिएको विषयलाई उल्लेख गर्दै राम्रो कामबाट शान्ति, धर्म, ज्ञान र मुक्ति मिल्छ भने गलत कार्य गरेमा अशान्ति, पाप र जन्मजन्मान्तर दुःख, कष्ट भोग्दै जन्म मरणको चक्रमा डुबिरहनुपर्दछ भन्ने पूर्वीय मान्यता बोकेका भट्टराईले यस कथामा भौतिक र आध्यात्मिक जीवनको सङ्गमलाई उजागर गरेका छन् ।

### ६.१५.३ निष्कर्ष

असत्बाट सत्तिर अग्रसर गराउने, अँध्यारोबाट उज्यालोतिर पथ प्रदर्शन गर्ने र मृत्युबाट अमरतातिर आकर्षित गर्ने एउटैमात्र निर्विकल्प, अमर र अपरम्पार तत्त्व नै ईश्वर हो । कथा ऐतिहासिक विषयवस्तुमा आधारित भए तापनि कथाकार विशिष्ट अध्यात्मवादी

दर्शनबाट प्रभावित भएका व्यक्ति हुनाले उनका हरेक कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव रहेको पाइन्छ । यस तीनपर्व कथामा पनि धर्म, कर्म, पाप, पुण्य, पाठपूजा, ध्यान, भक्ति र वैराग्यलाई उल्लेख गरेर वेदान्त र मीमांसा दर्शनलाई ठाउँठाउँमा उपस्थित गराइ कथामा न्याय, अन्यायको, समन्वय, ईश्वर र स्वर्गको महत्त्व तथा महाकाली र कालरात्री देवीको शक्ति आदिलाई उजागर गरिएकोछ । न्याय दर्शन, सनातन हिन्दूदर्शन, देवी भागवत् महापुराणको शक्तिको महिमाको उच्च स्थान देखाएर साङ्ख्य र वैशेषिक दर्शनलाई पनि उजागर गर्न खोजिएको यस कथामा राजर्षि भाषाशैलीको प्रयोग गर्नुको साथै स्तरीय साहित्यिक भाषाको समेत प्रयोग गरी मानवता, आत्मदर्शन, वैराग्य, वीरता, साहसपूर्णता, बौद्धिकता उच्च आदर्श र नैतिकता समेत प्रयोग गरेर कथालाई आध्यात्मिकता प्रदान गरिएको छ ।

## ६.१६ खड्ग बहादुर कथा विश्लेषण

२०१५ सालमा प्रथम पटक प्रकाशित *खड्ग बहादुर* कथा बदरीनाथ भट्टराईको ऐतिहासिक कहानी कथा सङ्ग्रहबाट साभार गरिएको कथा हो । यस कथालाई आध्यात्मिक दर्शनको आधारमा विभाजन गर्दा न्याय र वैशेषिक दर्शनको प्रभाव रहेको पाइन्छ ।

### ६.१६.१ कथासार

नेपाली चेलीबेटी बेच्ने दुष्ट, क्रुर, पापी हिरालालको हत्या गरी स्वयम् आफूलाई कानुन हातमा जिम्मा लगाएर खड्गबहादुरले आफ्नो वीरता र बौद्धिकताको परिचय दिएका छन् । खड्गबहादुर वीर, साहसी, कर्तव्यनिष्ट र राष्ट्रभक्त व्यक्ति थिए । उनी देश र जनताको रक्षाका लागि जस्तोसुकै कार्य गर्न पनि पछि नहट्ने असल व्यक्ति थिए । देशको आधा आकाश ढाक्ने महिला विरुद्ध भएको बेचबिखनलाई अन्त गरी स्वच्छ समाज निर्माणको कल्पना गर्ने चरित्र खड्गबहादुरले लिएका थिए । आफ्नो जीवनलाई दाउमा राखेर भए पनि हिरालाल जस्तो दुष्ट कामुक व्यक्तिको अन्त्य गर्न खड्गबहादुर सफल भएका थिए भन्ने कुरालाई कथामा देखाइएको छ । कथाकारले कथालाई मानवताको पक्षमा रचना गरेका छन् । मानव भएर मानवको हितगर्नु नै सबैभन्दा ठूलो धर्म हो भन्ने भावना भएको यस कथामा नारी चरित्रलाई विशेष प्रधानता दिइएको छ । भौतिक जीवनको रक्षाका लागि हरेक

मानिसले आ-आफ्नो कर्तव्य पथमा लाग्नु पर्दछ भन्ने कुरालाई आदर्शमय बनाइएको कथावस्तु यस कथामा रहेको छ ।

### ६.१६.२ खड्ग बहादुर कथामा आध्यात्मिक दर्शनको प्रभाव

शरीर धर्मानुष्ठानका लागि पहिलो साधन भएकोले शास्त्रमा रहेका सारा विधि विधानहरूले शरीरलाई नै प्रधानता दिएर स्वस्थ र सुव्यवस्थित गर्न आवश्यक पर्ने उपायहरूको अवलम्बन गर्न उपदेश गर्छन् र प्रधान रूपमा ती उपायहरूको प्रतिपादन गर्छन् (अधिकारी, २०६१ : ६२) । पूर्वीय दार्शनिक मान्यतालाई आत्मसात् गरेका बदरीनाथले धर्म, संस्कृति, परम्परा, नैतिक मूल्य मान्यताका साथै मानवतावाद, सामाजिक सुधार मानवीय उच्च आदर्श आदिलाई कथामा प्रवेश गराएका छन् । यस कथाका मुख्य पात्र खड्गबहादुर एक असल आदर्श प्रगतिवादी व्यक्तित्व भएका हुनाले, उनले समाजमा भएका विकृतिहरूलाई चिरफार गर्न सफल भएको कुरा उल्लेख गरिएको छ । उनमा पूर्वीय सनातन धर्मको ज्ञान गराउन कथाकार सफल रहेका छन् । समाजमा रहेका आर्थिक लुटपाट, कामुक र दुष्ट प्रवृत्ति बोकेका द्रव्य पिचासहरू जसले आफ्ना नेपाली दिदी बहिनीलाई विदेशी गुण्डा दलालको हातमा सुम्पन्छन् अर्थात् उनीहरूलाई बेचेर पैसा आर्जन गर्दछन् । त्यस्ता पापी, घृणित व्यक्तित्वप्रति बदरीनाथद्वारा व्यङ्ग्यात्मक आवाज प्रस्तुत गरिएको छ ।

वास्तविक धार्मिक व्यक्तिको अन्तर हृदयमा सुख, शान्ति, साधुवाद, सज्जनता, श्रद्धा, नम्रता, सरलता, साहस उच्चता जस्ता गुणहरू सम्बर्धन गर्दछ । यस्ता उत्कृष्ट आध्यात्मिक पुरुषमा कुनै नियम लागु हुँदैन । ऊ स्वयम् कानुन हो, किनकि ऊ अब विश्व कै विधान निर्माता, ईश्वरको हातको एक उपकरण बनिसकेको छ । उसको व्यक्तित्वद्वारा ईश्वर नै व्यक्त भइरहेको सम्झनु पर्छ । यसैले यस्ता विशिष्ट गुणहरूलाई सबैले विकास गर्नु पर्दछ भन्ने भावना भएका बदरीनाथद्वारा नैतिक र सामाजिक मूल्यमान्यता हराएका व्यक्तिहरू प्रति लक्ष्य गर्दै भनिएको छ -

> *तँ जस्तो दुष्ट कामुकलाई अब दण्ड दिने के ? हाम्रा वीर नेपाली दिदीबहिनीलाई दासी बनाएर यहाँसम्मको अत्याचार गर्न के तँलाई डर लागेन ? विषको लहरालाई तैले अँगालिस् । हेर*

*त ! मानवीय महिला जातिलाई पैसाले किनिने बजारको पुतली बनाएर जुत्ताले कुल्चने भएको तेरो कुन गति हुँदो रहेछ । अझ सबभन्दा दण्डनीय त त्यो पापी हो । जुन द्रव्य पिचाशले आफ्नी स्वदेशी बहिनीलाई छकाई विदेशी गुण्डाका हातमा सुम्पेर खल्ती भऱ्यो, काशीमा पुस्तक विक्रेता भन्ने परिचय टाँगेर मानिसको वेपार गऱ्यो* (पृष्ठ : ८६) ।

ईश्वर, आत्मा, मोक्ष, शरीर, मन, सुख-दुःख, कर्म आदि पूर्वीय दर्शनका आधारभूत तत्त्वहरू हुन् । यिनै विषयहरूमा केन्द्रित रहेको यस कथामा मानवता विपरीत काम गर्ने हिरालाल, पुण्यप्रसाद जस्ता व्यक्तिहरू काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य आदिबाट प्रताडित छन् । उनीहरूमा मानवीय गुणहरू-प्रेम, दया, माया, स्नेह, करूणा, सद्भाव, भातृत्व लगायतका मानव कल्याणका गुणहरूको लेस पनि रहेको छैन । उनीहरूमा *वसुधैव कुटुम्बकम्* धर्तीका प्राणीहरू सबै बन्धुवान्धव हुन् भन्ने कुराको पनि ज्ञान छैन । उनीहरूमा पाप र धर्मको पनि ज्ञान छैन । खाली निजी स्वार्थमा कुदिरहेका छन् भन्ने कुरा देखाइ मानिसले यस्ता किसिमका मानवता विरोधी पाप कर्महरू गर्नु हुँदैन भन्ने सन्देश भट्टराईले यहाँ गरेका छन् । यसै प्रसङ्गमा भनिएको छ,- *हीरालालले अन्त कतै लुकाउन लगिहाल्यो भने अथवा असह्य भएर यिनै युवतीले उद्धारको उपाय नदेखी आत्महत्या गरिदिइन् भने म पनि अपराधी हुन आउँछु* (पृष्ठ : ८६) ।

लोभ वास्तवमा द्वेष, घृणा, वासना र स्वार्थको कारणबाट पैदा हुन्छ । सङ्घर्ष लुटपाट, हत्या हिंसा, बलात्कार र यातनाद्वारा पीडित मानव अन्तमा भगवान्को शरणमा जान्छ समाजमा अनेक उद्देश्य बोकेका मानिसहरू हुन्छन्, उनीहरूले उक्त समुदायमा आफ्नै आन्तरिक दुर्भावनाहरू माथि विजय प्राप्त गर्न सक्दैनन् । यदि उनीहरूले आध्यात्मिक साधनाको मार्ग अवलम्बन गरे भने शान्ति प्राप्त गरेर आनन्दले लक्ष्यसम्म पुग्न सक्छन् भन्ने भाव कथामा व्यक्त गरिएको छ ।

प्रतिद्वन्दीबाट उम्किएर अर्काको उपकार गर्नु नै बुद्धिमानी हो । अन्याय हटाउनको लागि क्षत्रिय कुल र हात हतियारको सृष्टि भएको हो । यस्ता घोर व्यभिचारीलाई हटाउनै पर्छ भन्ने विचार बदरीनाथको यहाँ रहेको छ । मानव इतिहासलाई पल्टाएर हेर्दा पनि अन्यायको विरूद्ध न्यायको पक्षमा लड्ने वीर पुरुषहरूले आफ्नो मुटुलाई दरो पारेर क्रान्ति

गरेको प्रसङ्गमा भनिएको छ,- *निर्धोलाई छकाउनु महान् अन्याय हो, अन्यायको विरुद्ध लड्नु मानवता हो* (पृष्ठ : ८६) ।

श्रीमद्भगवद्गीतामा भनिएको छ -*जीवनमा सफलता पाउन सङ्कल्प शक्ति हुनुपर्छ । यस्तो शक्ति न्याय, धर्म र सत्यमा आधारित हुनुपर्छ, यसो भएमा मात्र सफलता निश्चित हुन्छ* (पोखरेल, २०६८ : ८) । बदरीनाथले असत् विचारलाई त्यागनका लागि दुई कुरामा विशेष ध्यान दिनुपर्दछ - एक आदर्श माथि विशेष ध्यान दिनु र दोस्रो आदर्शको विरुद्ध कार्य नगर्नु । क्षणिक सुख भोगमा रमाएर गलत कार्य गर्नु हुँदैन भन्ने सन्देश कथाकारले यहाँ प्रदान गरेका छन् । उनले कथामा खड्गबहादुर जस्तो नैतिकवान् र साहसी पात्रको सिर्जना गरेका छन् । सामाजिक नीति नियम र मूल्यमान्यता भन्दा बाहिर रहेर महिलाको हिंसामा संलग्न हिरालालप्रति विमति जनाउँदै खड्ग बहादुरद्वारा भनिएको छ- *आडम्बर शान, रवाफ, आतङ्क, थिचोमिचो र अपराधीलाई दण्ड गर्नाको लागि हतियार लिनु महापाप हो भन्ने न्यायको स्थापना, निर्धाको उद्धार र समाजका लागि खुकुरी चलाउनु महापुण्य हो । वास्तवमा यस्तै रावणहरूको रगत पिउनाको लागि कालीले अवतार लिएकी हुन्* (पृष्ठ : ८८) ।

मानव धर्मको रक्षा र दानवीय प्रवृत्तिका मानिसहरूबाट खडा भएको अन्याय र अत्याचार विरुद्ध उठाएको कदम धर्म अनुकूल हो भन्ने कुरालाई आध्यात्मिक दर्शनले स्वीकार गरेकोछ । श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णद्वारा भनिएको छ, जब जब पृथ्वीमा धर्म सङ्कट आइलाग्छ तब तब म जन्म लिन्छु र दुष्टको संहार गर्छु भन्ने कुराको आभास दिंदै बदरीनाथद्वारा धार्मिक मूल्यमान्यताभित्र रहेर मानवताका पक्षमा शङ्खघोष गर्दै लेखिएको यो कथा पूर्ण रूपमा आध्यात्मिक दर्शनबाट प्रभावित नभए पनि आंशिक रूपमा आध्यात्मिकता बोकेको र पूर्णरूपमा मानव धर्मको पक्षमा रहेको छ ।

### ६.१६.३ निष्कर्ष

मनलाई आत्मा र बुद्धिको संयुक्तरूपले प्रवृत्त गराएपछि स्वच्छ मनको प्रभावबाट नै परमेश्वरको बोध हुन्छ भन्ने आत्मिक भावना बदरीनाथको रहेको पाइन्छ । देश जनता र स्वाधीनताको रक्षाका लागि सधैँ प्रयत्नशील वीरपुरुष खड्गबहादुर असहाय, अनाथ र महिला वर्गको रक्षाको लागि निरन्तर प्रयत्नशील रहन्थे भन्ने मुख्य कथावस्तु रहेको यस कथामा

न्याय र वैशेषिक दर्शनको प्रभाव परेको पाइन्छ । विचारहरूमा शक्ति एकाग्रताले उत्पन्न हुन्छ । प्रत्येक मनुष्यको मनमा राम्रा नराम्रा विचारहरू घुमिरहन्छन् । जसको मन अज्ञानी, अशिक्षित छ, त्यसले नराम्रा विचारहरूलाई आफूतिर खिच्दछ । जसको परिणाम उसले भय, शोक चिन्ता, उदेक व्यहोर्नु पर्ने हुन्छ, भन्ने कुराका समर्थक बदरीनाथले कथाको सुरुदेखि अन्त सम्ममा नै मानव धर्म र मानव कल्याणको विषयमा सचेतना जगाउँदै आध्यात्मिक मार्गबाट अगाडि बढेमा सुख शान्ति र मुक्ति प्राप्त गर्न सकिने सन्देश प्रदान गरेका छन् ।

## ६.१७ शुक्रास्त कथा विश्लेषण

बदरीनाथ भट्टराईको ऐतिहासिक कहानी कथा सङ्ग्रहभित्र रहेको *शुक्रास्त* कथा २०१५ सालमा प्रकाशित भएको हो । नितान्त ऐतिहासिक विषयवस्तुमा आधारित यस कथामा योग वेदान्त र वैशेषिक दर्शनको प्रभाव रहेको पाइन्छ ।

### ६.१७.१ कथासार

नेपाली राजनीतिको इतिहासमा वि.सं. १९९७ सालमा राणाशासन विरुद्ध आफ्नो जीवनलाई बलिदान गर्ने वीर शहीद शुक्रराज शास्त्रीको जीवनीमा आधारित सत्य घटनाको कथावस्तु रहेको यो कथा राष्ट्र र प्रजातन्त्र तथा सम्पूर्ण नेपाली जनताको स्वाधीनताको निम्ति सङ्घर्ष गर्दा गर्दै मन मस्तिष्कमा मृत्यु भएको जति नै पीडा भए पनि आफ्नो जीवनलाई तिलाञ्जलि अर्पण गर्दै हाँसी हाँसी मृत्युलाई वरण गर्न पछि नपरेका वीर योद्धाको अमर गाथामा आधारित रहेको छ ।

बदरीनाथ भट्टराईले वि.सं. १९९७ सालमा क्रुर राणाशासनको विगविगीको समयमा सत्ताधारीहरूले जनतामाथि गरेको अन्याय, अत्याचार, षड्यन्त्र विरुद्ध आवाज उठाएर आफ्नो जीवन उत्सर्ग गर्ने वीर सपूत शुक्रराज शास्त्रीलाई राणाहरूद्वारा अस्त गराइएको प्रसङ्गलाई मुख्य कथानक बनाएका छन् । शुक्रराज शास्त्रीको लामो जीवन कहानीलाई कथा बनाएर शुक्र+अस्त=शुक्रास्त जुन उज्यालो तारा अर्थात् शुक्र जसले हाँसीहाँसी देश र जनताको लागि बलिदान दिएर अस्त भई केही क्षणलाई अँध्यारो बनाए पनि उनले राष्ट्रको निम्ति, प्रजातन्त्रको निम्ति, सम्पूर्ण जनताको स्वाधीनताको निम्ति सङ्घर्ष गरेर आफ्नो जीवनलाई बलिदान गरेका छन् । यस कथाका प्रमुख पात्र शुक्रराज शास्त्रीले पुरातन पन्थी,

यथास्थितिवादीहरूले आफ्नो सत्ता, टिकाउनका लागि गरिएको षड्यन्त्रको विरोध गर्दै देशमा परिवर्तन चाहेका थिए ।

शुक्रराजले मानवतावादका विरोधी राणाहरूको विरुद्ध आवाज उठाउनका लागि देशका जनतालाई शिक्षित बनाउनु पर्दछ भनेर महावीर स्कूलको स्थापना गरेका थिए । जसका कारण सङ्गठनको आरोपमा आफूले जेल नेल खाई आफ्नो जीवनलाई फाँसीको फन्दामा धकेलिनु परेको तीतो यथार्थलाई कथामा उल्लेख गरिएको छ । देश र जनताको उन्नतिमा आफ्नो जीवनलाई उत्सर्ग गर्ने वीर सपूत पटक पटक राणा शासनको भुमरीमा होमिंदै उनीहरूले दिएका दुःख पीडाहरूलाई बहन गर्दै देश र जनताको विकासका लागि आवाज उठाउने सपूतले अन्तमा संसारबाट नै बिदा लिनु परेको छ । कथाका प्रमुखपात्र शुक्रराजमा प्रगतिशील विचार हुँदाहुँदै पनि आध्यात्मिक भावना रहेको पाइन्छ । राणाहरूद्वारा आफूलाई फाँसीको फन्दामा हालिएको अन्तिम अवस्थामा शुक्रराज शास्त्रीले भगवान्को शरण परेको मुख्य कथासार यस कथाको रहेको छ ।

### ६.१७.२ शुक्रास्त कथामा आध्यात्मिक दर्शनको प्रभाव

पाप कर्म गर्न लाग्दा पापीको अन्तर आत्माले उसलाई भन्दछ कि, यो पाप कार्य हो, परन्तु पापी मानिसले यो कुराको वास्तै नगरी अन्याय गर्नतिर प्रवृत रहन्छ (अर्याल, २०६९ : १०) । अहिंसा, सदाचार, सत्चरित्रता, सद्गुण, इमान्दारीता, नैतिकता आदि मानवीय धार्मिक गुणहरू हुन् । धर्मशास्त्रका अनुसार धर्म र कर्ममा विश्वास राख्ने परोपकारी कर्तव्यनिष्ठ मानिसलाई भगवत्त्व प्राप्त हुन्छ भने धर्म र कर्म विपरीत कार्य गर्ने उदण्ड अनैतिक व्यक्तिलाई स्वत कतै न कतैबाट दण्ड गर्ने कार्य उनै ईश्वरले गर्दछन् ।

पूर्वीय परम्परादेखि नै धार्मिक, आस्था र विश्वास बोकेका नेपाली समाजमा हिन्दू सनातन धर्मको प्रभाव गहिरो रूपमा पर्दै आएको कुरा सर्वविदितै छ । श्रीमद्भागवत् महापुराण, श्रीमद्भगवद्गीता लगायतका अठार पुराणहरूको प्रभाव तत्कालीन समाजमा पनि रहँदै आएको कुरा इतिहास पुराणको अध्ययनबाट बुझ्न सकिन्छ । आध्यात्मिक ज्ञान भएका, दर्शनबाट प्रभावित ज्ञानी व्यक्ति काम, क्रोध, लोभ र मोहबाट टाढै थिए भने सत्ता लोभीहरू पाप, धर्मको लेस पनि ज्ञान नभएका पाखण्डी थिए । उनीहरूको नजरमा आफू र आफ्नो सन्तानको स्वार्थ बाहेक अरू केही कुराको पनि ज्ञान, बुद्धि र विवेक थिएन । देशका

जनता बाठा र स्वतन्त्र भए भने हाम्रो सत्ता हडप्छन् र हामी बाहिरिनु पर्छ भन्ने अज्ञानी मानसिकता भएका मानिसका कारण नै यो इतिहास रचिएको छ भन्ने भावना कथाकारको रहेको छ । शुक्रराज शास्त्रीलाई प्रतीक बनाएर कथाकार म पात्र आफै भएर आफ्ना मनमा लागेका, आफूले देखेका, सुनेका र भोगेका विषयवस्तुलाई एकालापात्मक शैलीमा रचना गरिएको यो कथा अत्यन्त कारुणिक र मार्मिक रहेको छ । विश्मय, अवैज्ञानिकता, आसुरी, उदण्डता, शङ्का, र आवेशहरूको कटु अनुभवले मन तरङ्गित हुन्छ भन्ने भाव व्यक्त गर्दै भनिएको छ,- *मृत्युदण्ड पाएका निर्दोष माण्डव्य ईशा, शुकरात, भीम मल्ल , दामोदर पाँडेहरूको र कोतपर्व, भण्डारखाल पर्व, ३८ सालको पर्वहरूमा परेका वीरहरूको परिस्थितिलाई सम्झेँ* (पृष्ठ : ९०) ।

मानवधर्मका विरोधीहरू जसले मानवधर्मको पालना गरेर जनताको रक्षा गर्नुपर्नेमा महान् आदर्श बोकेका देश र जनताका पूजारी धर्म र दर्शनका विद्वान्, निर्दोष महामानवहरूलाई विना कारण मृत्युदण्ड दिएको प्रसङ्गलाई उल्लेख गरेर कथाकारले यहाँ मानवतावादको उद्घोष गरेका छन् । मानिसले मानिसप्रति गर्नुपर्ने राम्रो व्यवहारको विरुद्धमा मानिस नै उत्रिएर मानिसलाई नै दुःख दिनु मानवहित विरुद्ध कार्य भएको सन्देश दिदै भनिएको छ,-

> *वेन, नहुष, रावण, कंस, दुर्योधनहरूको पतन नयाँ बाटोतिर लाग्नाले भएको हो र ? न त कूटनीतिको आश्रयले भएको हो ? पक्षपात, दुनियाँको शोषण, उच्छ्ङ्खलता र कालो स्वार्थका लागि अत्युत्कट पापको फल चाँडै नै यिनीहरूले भोग्नु पर्ने छ* (पृष्ठ : ९१) ।

झुटो बोल्नु, चोरी गर्नु, मानिसलाई ठग्नु, विना काराण कसैलाई दोष दिनु, लाञ्छना लगाउनु, विना प्रमाण कसैलाई दण्ड दिनु, आफ्नो मात्र स्वार्थ सिद्धिको बाटोमा हिड्नु, आध्यात्मिक मूल्य मान्यता विरुद्धका कार्य हुन् भन्ने भावनालाई बदरीनाथले आत्मसात् गरेको विषयलाई महाभारत उद्योग पर्वको तेस्रो अध्यायको विदुर नीतिमा भनिएको छ,-

> *पापी मनुष्यले पापकर्म गर्दा गर्दै त्यसको फल पनि पापयुक्त नै पाउँदछ । पुण्य कर्म गर्नलाई प्रहार (चोट) खप्ने, रूखो बोली*

*बोल्ने, विरोधी खैया (शत्रुता) लिइरहने पटमूर्ख मनुष्यले पापकर्म गर्दागर्दै छिटो छिटो ठूलो कष्ट भोग्दछ* (अर्याल, २०६९ : ९१) ।

उपनिषद्को मुख्य विषय नै परा विद्या र अपरा विद्या हो । साँचो विद्या त्यही हो जसले मुक्ति गराउँछ । परा विद्या आत्मज्ञानी हुन्छ । यसलाई ब्रह्म विद्या भनिन्छ भने अपरा विद्या कर्म प्रधान् विद्या हो यसले वेदबाट निर्देशित कर्म गर्न सिकाउँछ भन्ने भाव भएका बदरीनाथलद्वारा राणाहरूले गरेको अन्याय र शोषणबाट क्रान्तिको ज्वाला सल्केका शुक्रराजको मनमा अनेक तर्क वितर्कहरू छचल्कि रहेको कुरालाई देखाईएको छ,-

*राजा र प्रजाको सहमतबाट खडा भएको प्रजापरिषद्का सारा सदस्य र उनीसँग सम्बन्धित व्यक्तिहरू माथि वाँण चलाउने यिनीहरूले कत्रो अधर्म गरे । अझ धर्मशास्त्र मुताविक दण्ड गरेका छौं भनी कुन नाकले गङ्केका होलान् । धर्मात्मा बनेका उनीहरूले राजधर्मलाई किन लत्याएका नि ?* (पृष्ठ : ९२) ।

सत् धर्मको पालना गर्नु, सधैं सत्य बोल्नु, कर्तव्यको पालना गर्नु, स्वाध्ययनमा अडिक रहनु, राम्रो कामको अनुशरण गर्नु, श्रद्धा पूर्वक दान गर्नु र सनातन धर्मका मूल्य मान्यतालाई पालना गर्नुपर्ने सङ्केत गरिएको यस कथामा धर्म, दर्शन र सत्यको महिमालाई प्रकट गरिएको छ ।

देश र जनताको रक्षाको लागि लड्दा लड्दै पापी, अधर्मी, अज्ञानी व्यक्तिहरूले उल्टै शुक्रराजलाई नै सजाय दिन्छन्, फाँसीको फन्दामा पार्दछन् तापनि ती पापीहरूले पनि आफ्नो पापको फल जीवनचक्रको क्रममा भोग्दै रहनु पर्दछ भन्ने आध्यात्मिक मान्यता रहेको छ । पौराणिक समयदेखि नै राजधर्मको विषयमा विशेष चर्चा हुँदै आएको र पौराणिक राजाहरूले पनि राजधर्मको पालना धार्मिक रूपले गर्दै आएका कुराहरू पौराणिक आख्यानमा प्रष्ट रहेको अवस्थामा कथाकार भट्टराईले यस कथामा राजधर्म, दण्ड र पाप-पुण्यका विषयलाई उधृत गरी आजका मनुष्यहरूलाई आध्यात्मिकतातर्फ अगाडि बढ्ने प्रेरणा प्रदान गर्दै राष्ट्रभक्त शुक्रराजद्वारा भनिएको छ,- *स्वर्गको दरबारको सिर्जना गरे । शिक्षित पति पत्नीको सुध्रिएको गृहस्थ धर्मलाई नै स्वर्ग हो भन्ने झलक दिएँ* (पृष्ठ : ९४) ।

बुद्धि, विवेक, शिक्षा र ज्ञान आदि मानवीय गुणहरू हुन् । एउटा असल घरको असल व्यवस्थापन र शान्तमय वातावरण भनेको स्वर्ग समान हो । भगवान् ईश्वर रहने, देवताहरूको वासस्थान रहेको स्थान स्वर्ग हो । जहाँ सम्पूर्ण प्राकृतिक सुन्दरताको रमणीय वातावरण रहेको हुन्छ । स्वर्गमा पुगेपछि केही कुराको अभाव हुँदैन । प्राकृतिक प्रकोपको सामना गर्नुपर्दैन भन्ने पूर्वीय आध्यात्मिक मान्यतालाई कथाकारद्वारा उजागर गरिएको छ । स्वर्गीय आनन्द प्राप्तिका लागि धर्म, कर्म, योग, शान्ति, सदाचार, निःश्वार्थ भावना, विवेक र वैराग्य प्राप्ति गरेमा मानिसमा आत्माज्ञान पलाउँदछ । आत्मज्ञान प्राप्त गरेको मानिसले जतातत‌ै स्वर्ग देख्छ । उसले भगवान् प्राप्तको अनुभूति गर्दछ र उसमा ईर्ष्या, लोभ, घृणा र वैमनस्यता हट्दै गई यस लोकमा शान्ति र परलोकमा स्वर्ग वा अझै मुक्ति प्राप्त गर्न सक्दछ भन्दै विवेकहीन स्वार्थी प्रवृत्ति भएका सनातन वैदिक पद्धतिलाई नमानी छलकपट कर्म गर्ने राणाहरूको विरोध गर्दै जीवनको अन्तिम लक्ष्य मोक्ष हो भन्ने भावना भएका बदरीनाथद्वारा भनिएको छ- *निर्विवेकी पापी राणाहरूले स्वतन्त्रता र स्वाधीनताको रक्षाको लागि जीवन समर्पण गर्ने शुक्रराजलाई कालपास मिलाउन लागेको देखि आफ्नो जीवनको अन्तमा मनमनै मृत्युदेव, दोस्रो नचिकेता झैँ तपाईंको शरणमा आइरहेछु* (पृष्ठ : ९६) ।

एउटा महान् विद्वान् निडर र आत्मविश्वासी नचिकेताले धर्मराजको सामु गएर आफ्नो पहिचान दिंदा आफ्नो फाइलमा नाम हेरेर मात्र आमन्त्रण गर्ने कुरा थाहा पाएपछि उनले ज्ञान पाएको कुरालाई कथाकारले यहाँ शुक्रराजको माध्यमबाट देखाएका छन् । उनलाई मृत्युवरण गर्नु पर्दाको अवस्थामा वैराग्य उत्पन्न भएको छ । उनको हृदयले बारम्बार भगवान् परमात्माको नाम जपिरहेको छ । पूर्वीय दर्शनको अन्तिम लक्ष्य मोक्ष हो र चार पुरुषार्थमा सबैको मुख्य विन्दु धर्म नै हो । धर्म ह्रास हुँदै आएकोमा अत्यन्त चिन्तित भएका शुक्रराजको पीडित र वैराग्य मनद्वारा भनिएको छ,-

> *मलाई त त्यो ठाउँमा पुऱ्याउनुहोस्, जहाँ अहिंसाको स्नेहमा सत्य ज्योति हरबखत जगमगाइरहेछ । निष्पक्षपाती सचेत देवताको सुखमय शासन चलिहेछ । अहो ! यहाँ त अन्धोले अन्धोलाई डोऱ्याए झैं अविद्याले छोपिएका बुद्धिमान् मूर्खहरूले दुनियाँलाई भासमा गाड्न लागि रहेछन् । जुन तृष्णारूपी वैतरणीमा धेरै जीवहरू डुबे, डुबिरहेकाछन्, डुब्नेछन् पनि उसैले*

*प्रेय चाहान्न । नचिकेतालाई दिएको तेस्रो वर (श्रेय) मलाई पनि अनुग्रह गरेर पार लगाउनुहोस् । हुन त त्यो गुफाभित्र छिपिरहेका अटल आनन्दको खानी चञ्चल चित्त भएकाले पाउन मुश्किल छ । त्यो प्रवचनले पाइन्छ, प्रतिभाले न धेरै शास्त्र सुनेर मात्र । बरु होसियार र शान्त भएर तपाईंको शरण पर्‍यो भने सहज हुन जान्छ । जसको प्रकाशले सूर्य, चन्द्र, बिजुली र आगो समेत प्रकाशित भइरहेछन् जो तीनै अवस्थामा जागा छ, त्यही शुक्र हो, त्यही ब्रह्म हो, त्यही अमृत हो* (पृष्ठ : ९६) ।

एकाग्र मनले मात्र अध्यात्म जगत्मा प्रवेश गर्न सकिन्छ । चेतनाको अधीनमा रहेर मात्र मनले काम गर्दछ । कर्म गराउने मन हो । जन्म मृत्युको चक्रबाट छुट्कारा पाउन मनलाई वशमा राख्नुपर्दछ । मनलाई आत्मामा लीन गराउनु पर्दछ भन्ने भावना भट्टराईको रहेको छ । उनले जीवनको अन्तमा शुक्रास्तलाई पूर्णरूपमा अध्यात्ममा लीन भएको देखाएर कथालाई योग र वेदान्त दर्शनको सङ्गमको रूपमा प्रस्तुत गरेका छन् । वास्तवमा योग र वेदान्त परस्पर सहयोगी एवम् उस्तै सिद्धान्त हुन् । योगमा साधना समाधि अवस्थामा अद्वैत हुन्छ भने वेदान्तमा अभ्यास र अज्ञान अवस्थामा द्वैत र आत्मज्ञानको अवस्थामा अद्वैत हुन्छ भन्ने आध्यात्मिक दर्शनले प्रमाणित गरेको छ । बदरीनाथले कथाका प्रमुख पात्र शुक्रास्तलाई जीवनको अन्तिम अवस्थामा पूर्ण रूपमा आस्तिक बनाएका छन् र उनीद्वारा शुक्रास्तले आफूलाई कालपासभित्र पसाउन खोज्दा पनि भगवान्को सहारामा समय व्यतीत गरिरहेका थिए भन्ने कुरालाई आध्यात्मिक रूपबाट प्रस्तुत गरिएको छ ।

मानवीय जीवनलाई वेदान्त दर्शनसँग जोडी कथाकारद्वारा शुक्रास्तलाई पूर्ण रूपमा योगमा लीन गराइएको छ । ठण्डा भइसकेको भए तापनि आत्मशान्तिका रूपमा पञ्चाग्नि तापेकाले पवित्र तीर्थस्थल नदी वाग्मतीमा स्नान गर्छु भन्ने प्रसङ्गमा भनिएको छ,-*मृत्यु लोकको ढोका खोल्ने तरिका मलाई थाहा छ । अब तिमीहरू कसैले छुनुपर्दैन । म आफै अनन्तको धाममा जान्छु भनी चोखो धोती लगाएको मेलै कालपास समातेर पाठ गरे* ( पृष्ठ : ९७) ।

पूर्ण आस्तिक, धर्म, दर्शन, वेद, पुराण, उपनिषद्, ब्रह्मसूत्र, महाभारतलगायतका सम्पूर्ण ग्रन्थहरूको अध्यात्मनिष्ठ मानिसलाई धर्म र अधर्मको ज्ञान हुन्छ । सत्य र असत्यको

पहिचान तुरुन्त हुन जान्छ भन्ने कुरालाई कथाकारले यस कथाका प्रमुख पात्र शुक्रराजलाई मृत्यु पछि भगवत्त्व प्राप्त गर्ने अर्थात् ब्रह्मत्व प्राप्त गर्ने इच्छा जागृत गराउन सफल भएका छन् । जीवनमा रहेको अज्ञान मायाका कारण, चित् स्वरूपको विस्मृतिका कारण चित् खडा भई जीवले दुःख पाएको हो । उसलाई पटक पटक मर्नु जन्मनु पर्दैन, उसलाई अन्याय विरुद्ध कसरी मृत्युवरण गरेर अन्य सोझा साझा जनताहरूको रक्षा गर्न सकिन्छ भन्ने सधैं सकारात्मक सोच र असल विचार प्राप्त भइरहेको हुन्छ भन्ने कुरालाई उजागर गर्दै शुक्रराजद्वारा कालपासमा आफ्नो गर्धन छिराएर भगवान् प्राप्तिको पाठ निम्न प्रकारले गराउन कथाकार सफल भएका छन् । जस्तै-

*हन्ता चेन्मन्यते हन्तुं हतश्चेन्मन्यते हतम् ।*
*उभौ तौ न विजानीतौ नायं हन्ति न हन्यते ॥*
*अशरीरं शरीरेष्वनवस्थेष्वनवस्थितम् ।*
*महान्त विभुमात्मानं मत्वाधीरो न शोचति ॥*
*ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।*
*पूर्णस्य पूर्णमादाय पूर्णमेवाऽवशिष्यते ॥*
*ॐ शान्तिः शान्तिः शान्तिः*

(पृष्ठ : ९७)

### ६.१७.३ निष्कर्ष

वैराग्य, भक्ति र ज्ञान तिनवटा मार्ग अवलम्बन गर्नु पर्ने कुरा दर्शाइएको यस कथामा जीवनको अन्तमा भगवान् भक्तिबाट मोक्ष प्राप्त गर्न सकिने सन्देश प्रदान गरिएको छ । बदरीनाथको यस कथामा वेदान्त र योग दर्शनको विशेष चिन्तनको अन्तर्ध्वनि प्रकट भएको छ भने भौतिक जीवनको उद्धार आध्यात्मिक चिन्तन अर्थात् श्रवण, मनन र निदिध्याशनबाट हुन्छ भन्ने भावलाई उजागर गरिएको छ ।

## ६.१८ बहादुरीको हत्या कथा विश्लेषण

बदरीनाथ भट्टराईको ऐतिहासिक कथासङ्ग्रहबाट साभार गरिएको *बहादुरीको हत्या* कथा वि.सं. २००७ सालमा राणा शासन फ्याँक्नका लागि गरिएको सङ्घर्षमा आधारित कथा हो । न्याय र वैशेषिक दर्शनको सामान्य प्रभाव रहेको यस कथामा दलबल सहित नेपालमा

प्रवेश गरेका मुक्ति सेनाले वीरगञ्जलाई आफ्नो कब्जामा लिएको ऐतिहासिक घटनामा स्थिरबम मल्लको हत्या नै वर्णित विषय रहेको छ ।

### ६.१८.१ कथासार

वि.सं. २००७ सालमा राणा शासन हुत्याउन नेपाली जनता र राजा एक भएर गरिएको सङ्गठन, राणाहरूको अन्याय र अत्याचार विरुद्ध गरिएको क्रान्तिको आवाज तथा राणा शासन हुत्याएर प्रजातन्त्र प्राप्तिपछि शाहवंशीय परम्परा अनुसारको राज उत्तराधिकारीको समेत यस कथामा प्रसङ्ग जोडिएको छ । नेपाली प्रजातन्त्र सेनानी बहादुर सेनाहरूले राणाहरूभन्दा हामी पनि कम छैनौं । राणाहरू कुवेरका वाहन हुन भने हामी पनि रणचण्डीका वाहन हौ भनेका छन् ।

कथामा स्थिरवम मल्लले नेपाली राष्ट्रिय फौज भनेका आफ्नै दाजुभाइ हुन् । उनीहरूप्रतिको विरोध नभई नेपाली जनतालाई गाँस, बास र कपासका साथै स्वास्थ्य र शिक्षा प्राप्तिको अधिकारलाई वञ्चित गराइ दास बनाउने राणाहरू प्रतिको विरोध हो भनेका छन् । देश र जनताको अधिकारका निम्ति सङ्घर्ष गर्दै अगाडि बढेका वीर सपूत गङ्गालाल, धर्मभक्त, दशरथचन्द र शुक्रराज शास्त्रीलाई पञ्चबली बनाएर फाँसी दिएकोमा विरोध गर्दै आदर्शभावले क्रान्ति हुँदैन, देश र जनताको सुरक्षाका लागि दुईचार जना बदमासलाई रणभूमिमा हुत्याएर पनि अगाडि बढ्नु पर्दछ । देशको पूर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिर किल्ला बाँध्नु पर्दछ अर्थात् काठमाडौंमा चन्द्रागिरिको शिखरमा, वीरगञ्ज क्षेत्रको अमलेखगञ्जमा कब्जा गर्नु पर्दछ भनिएको छ । प्रजातन्त्र प्रेमी नेपाली जनताहरूले राणाहरूलाई कमजोर बनाई सकेपछि देश विदेशको सहयोग पनि नेपाली जनतालाई प्राप्त भएको थाहा पाएपछि राणाहरूले राजा त्रिभुवन र राजा महेन्द्र हँदाहुँदै पनि नाबालक राजा ज्ञानेन्द्रलाई राजा बनाउन थालेकोमा नेपाली जनताले विरोध गरेर श्री ५ त्रिभुवनलाई राजा बनाएको कुरा पनि यस कथामा उल्लेख गरिएको छ । स्थिरवम मल्लले राणा शासनलाई हुत्याउन प्रजातन्त्रको नेतृत्व गरेर मुक्ति सेना खडा गरी कार्यक्रम गर्दै गरेका बेलामा उनलाई राणा पक्षधरले गोली हानेर मृत्यु गराएको कारुणिक कथा नै यस कथाको मुख्य कथासार रहेको छ ।

## ६.१८.२ बहादुरीको हत्या कथामा आध्यात्मिक दर्शनको प्रभाव

जीवात्मा भगवान् कै सूक्ष्म अंश हो र यो ज्ञान सम्पन्न पनि छ तापनि जीवन सांसारिक पक्षहरूको जञ्जालमा फसेर भौतिक जीवनका सम्पूर्ण दुःख भोग्न बाध्य हुन्छ । यस्ता जीवात्माहरू मायाका बन्धनको स्तर अनुरूप विभिन्न प्रकारले जीवन निर्वाह गर्दछन् । भगवान्को मूलशक्ति आध्यात्मिक छ । जीव शक्तिलाई भगवान्को तटस्थ शक्ति मानिन्छ र माया शक्तिलाई उहाँको अपरा शक्ति भनिन्छ । भौतिक उन्मादले तटस्थ स्थितिमा रहेको जीवात्मा जड पदार्थ वा माया शक्तिको बन्धनमा फस्छ र उसले आफ्नो आध्यात्मिक महत्त्व बिर्सिन्छ र आफूलाई भौतिक शक्ति ठानेर घमण्डले युक्त भएर विभिन्न प्रकारका तापमा फस्न पुग्छ भन्ने आध्यात्मिक भाव बोकेका बदरीनाथ भट्टराईले यस बहादुरीको हत्या कथामा राणा शासनको विरुद्ध आवाज उठाएर देश निर्माणको जग खन्दै सम्पूर्ण नेपाली जनताको शिक्षा, स्वास्थ्य र आर्थिक विकासको लागि गरिएको सङ्घर्षलाई कथात्मक रूप दिई कथाका कतिपय ठाउँमा आध्यात्मिकता भर्न सफल भएका छन् । राष्ट्रको अखण्डता, राष्ट्रिय सम्प्रभुता र जनताको सुख-समृद्धिका बाधक राणाहरूलाई हटाउने नेपाली वीर प्रजातन्त्र सेनानी योद्धाद्वारा गरिएको सङ्गठनलाई कथाकारले कथाको आदर्श पक्ष बनाएका छन् । बदरीनाथद्वारा पुरातनपन्थी, यथास्थितिवादी र परिवर्तनका विरोधी राणाहरूका विरुद्ध राष्ट्रभक्त स्थिरवम मल्लको चरित्रलाई उभ्याएर देशमा शिक्षाको ज्योति जगाउनु पर्ने युगीन शोषणको विरोधको आवाज उठाउन आर्थिक अत्याचार र सामाजिक शोषणका विरुद्धमा सम्पूर्ण नेपाली जनता लाग्नु पर्दछ भन्ने सन्देश प्रवाह गर्दै भनिएको छ,- *पञ्चाग्नि ताप्नेको भन्दा हाम्रो तपस्या ठूलो छ फेरि उनीहरू कालको प्रार्थना गर्ने अनि हामी आत्मबलिदान दिन समेत कम्मर कसेर सारा देशलाई उठाउन चाहन्छौं* (पृष्ठ : ९९) ।

आध्यात्मिक दर्शनमा पिता-माता, आगो, आत्मा र गुरुलाई पञ्चाग्नि भनिन्छ । *पञ्चाग्निलाई हरेक मानिसले हृदयदेखि नै सेवा गर्नु पर्दछ* (अर्याल, २०६९ : ७९) भन्ने विषयलाई बदरीनाथ भट्टराईले यहाँ युद्ध र लडाइँसँग जोडेका छन् । श्रीमद्भागवत्मा भगवान् विष्णुलाई प्रथम अवतार मानिएको छ । महा-विष्णु समुद्रमा शयन गर्नुहुन्छ । उहाँबाट जीवात्मा अर्थात् मनुष्यलाई प्रकृति, कार्य र कारण मन, अहंकार लगायतका पञ्चतत्त्व (पञ्चमहाभूत), प्रकृतिका तिन गुण सत्त्व, रज तम तथा इन्द्रियहरू सबैलाई वशमा राख्न सक्ने आध्यात्मिक ज्ञान प्रदान गरिएको अवस्थामा बदरीनाथले विपक्षीले देश

र जनताको लागि जीवन बलिदान दिने वीरहरूलाई मृत्युको मुखमा पुऱ्याउन लागेकोमा दुःख व्यक्त गरेका छन् । यो चराचर जगत्मा प्रकट भएका प्रत्येक वस्तु भगवान्कै शक्ति हुन् । जसरी कुनै एक ठाउँमा जलिरहेको अग्निबाट उत्पन्न प्रकाश र ताप सबैतिर फैलिन्छ त्यसैगरी एक ठाउँमा अर्थात् आध्यात्मिक जगत्मा विराजमान भगवान्को शक्तिहरू सर्वत्र फैलिएका छन् । सम्पूर्ण सृष्टि नै भगवान्का शक्तिद्वारा र चित्त अभिव्यक्तिको रूप हो भन्ने आध्यात्मिक विद्वान् बदरीनाथद्वारा सङ्गठन नै सबैभन्दा ठूलो शक्ति हो भनिएको छ । जस्तै-

> *एकमत भयौं भने बादल, बिजुली र बज्र पनि हामी बन्न सक्छौं । नारकीय दशाबाट उद्धार गराइ देशलाई स्वर्ग बनाउनु हाम्रो परम कर्तव्य हो । त्यसका लागि पहिले मानिसलाई देवता तुल्याउनु परेको छ । खानीलाई कामधेनु बनाउनु परेको छ, उद्योगी कल्पवृक्ष फलाउनु परेको छ । यदि हिमालमा स्वतन्त्रताको सुनौलो मन्दिर खडा गर्न सक्यौं भने मात्र हामी अमर हुने छौं । यसरी मातृभूमिलाई उठाउनका लागि नै जागृत् क्रान्तिलाई निम्त्याएर बलिदान दिन पनि तयार हनु परेको छ । अब चाँडै नै सचेत शान्तिको दर्शनका साथसाथै सुखामृतको अनुभव तपाईंहरू पाउनुहोला* (पृष्ठ : १०२) ।

बदरीनाथ भट्टराई पूर्वीय गहन अध्ययन गरेका धर्म र नीतिका पक्षधर विद्वान् हुन् । महाभारतको विदुर नीतिको तेस्रो अध्यायमा बुद्धि, कुलीनता, इन्द्रिय नियन्त्रण, शास्त्रज्ञान, बहादुरी (पराक्रम), कम बोल्नु, यथाशक्य दान गर्नु र कृतज्ञ हुनु यी आठ प्रकारका गुणले मनुष्यको व्यक्तित्व बढाउँछ, उनीहरूलाई यसै धरतीमा पनि स्वर्ग देखाउँछ (अर्याल, २०६९ : ३) भनिएको विषयलाई यस कथामा बहादुर स्थिरबम मल्लको चरित्रसँग जोड्न सकिन्छ । यस्ता प्रकारका आठ गुणमा चार गुण साधु सन्तहरूसँग सधैं सम्बन्ध राख्दछन् भने बाँकी चार गुण सज्जन पुरुषले अनुसरण गर्दछन् भन्ने भाव राखिएको यस कथामा देश विकासको अभियानमा राजा र जनता अर्थात् नेता र जनताबिच एकमत भयो भने राखिएको उद्देश्य पूरा हुन्छन् । त्यसको लागि नआत्तिकन संयम भएर कार्य गर्दै जानु पर्दछ ।

आध्यात्मिक ज्ञान प्राप्त गरेका बदरीनाथ भट्टराईमा राजनीति र दण्डनीतिको ज्ञान पनि थियो । उनी यस कथामा कही आध्यात्मिक बनेका छन् भने कही प्रगतिवादी तथा क्रान्तिकारी पनि बनेका छन् । बहादुरीको हत्या कथा यथार्थमा आधारित कथा हो । नेपालको इतिहासमा राणाहरूको शोषण दमनबाट उत्पीडित भएका जनताको आवाजलाई जस्ताको तस्तै उजागर गरिएको यस कथामा स्वतन्त्रताको विकास संभव छ भन्दै भनिएको छ -

> *फ्रेन्च, रूसी र हिन्दुस्थानीहरूले हात बाँधेर बसेका भए स्वतन्त्रता यसरी मौलाउन पाउने थिएन । उनीहरू कै इतिहास दोहोऱ्याएर जसरी हार गुहार गर्दै यो वीरगञ्जमा स्वतन्त्रताको प्रवेश गराउनु भयो, उसैगरी सुनौला मन्दिर तयार गरेर प्राण प्रतिष्ठा गर्नुहोला भन्ने पूरा आशा छ । प्रजातन्त्र फलेफूलेपछि दासत्व शोषण र पक्षपातको बीउ पनि पाउनु हुने छैन अनि दिव्य ज्योतिका चहकमा उन्नतिको नयाँ बाटो लाग्नु हुनेछ, रामराज्यको आदर्शताको अनुभव गर्नुहुनेछ* (पृष्ठ : १०३) ।

अध्यात्मवादभित्र आत्मज्ञानका साथै राजनीतिका विषयहरू पनि पर्दछन् । महाभारतको छ अध्यायको विदुर नीतिमा षड्गुण गोपनीयताको राजनीतिक विषयसँग सम्बन्धित छ गुणहरू बताइएको छ :-

१) सन्धि - शत्रुसँग वा छिमेकी वा अरू राष्ट्रको सरकारसँग सहयोग वचन लिनु, दिनुको सम्झौता गर्नु,

२) विग्रह - शत्रु वा अरू विधर्मी, वदमास, प्रजापीडक शासकहरूसँग टाढा रहनु

३) यान - शत्रुलाई आक्रमण गर्नु

४) आसन - उत्तेजित पार्ने खालको शत्रुको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्बल छ भन्ने सम्झेर आफूतर्फ शक्ति सञ्चय भई सक्षम नहुञ्जेलसम्म चुपचाप बस्नु,

५) द्वैधीभाव - दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा विभाजन गरेर एउटा

बाट धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु, अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्यरूपले शत्रु पक्षमा मिल्न पठाउनु, आफूसँग छुट्टिएर शत्रुसँग मिलेको यस किसिमको सेनाको टुकडीले लडाईंको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट गर्छ ।

६) समाश्रय - आफूभन्दा बलियो र सुयोग्य राजा, प्रशासकको आश्रममा गएर शरण लिई सुरक्षित हुनु पर्दछ (अर्याल, २०६९ : २४) भन्ने आदर्श प्रशासक र आदर्श राज्यको कल्पना गरेका बदरीनाथ भट्टराईले यस कथामा राजनीति, दण्डनीति, धर्मनीतिको महिमा देखाउँदै आध्यात्मिकताको झलक पनि प्रदान गरेका छन् ।

### ६.१८.३ निष्कर्ष

जीवनको मौलिक स्वरूप भन्नु नै उसको आत्मा हो । आत्मा पदार्थ होइन । यो आध्यात्मिक तत्त्व हो । आत्मा परम सत्य भगवान् परमात्माको सूक्ष्म अंश हो भन्ने श्रीमद्भगवद्गीताको वाणी अनुसरण गरेका बदरीनाथ भट्टराईद्वारा यस कथामा देशलाई माया गर्ने, देशको निम्ति चिन्ता व्यक्त गर्ने, देशको सीमाना बढेको वा घटेको सन्धि, विग्रह-द्वैधीभाव आदिको विषयमा जानकारी हासिल गरी जनताको गाँस, बास र कपासका साथै शिक्षा, स्वाथ्यका विषयमा चासो राखी उनीहरूको उन्नतिमा तत्पर गम्भीर स्वभाव र असल चरित्र, प्रशंसा गर्न लायक व्यक्ति स्थिरबम मल्लको देश निमार्णको क्रममा राणाहरूसँग क्रान्ति गर्दै रणभूमिमा जीवन बलिदान दिएको कुरालाई सन्देशात्मक रूपले प्रस्तुत गर्दै न्याय र वैशेषिक दर्शनको झलक उजागर गरिएको छ ।

## ६.१९ अध्यायगत निष्कर्ष

भट्टराईले आठौं शताब्दीको लिच्छवीकालीन नेपालको इतिहासमा आधारित सन्धि भङ्ग कथा, मल्लकालीन इतिहासमा आधारित, आइमाईको हालीमाली र मनस्ताप कथामा बाइसी चौबिसी राज्यहरूको ऐतिहासिक झलक, वैराग्यको उदय कथामा आधुनिक नेपालको एकीकरणको सन्दर्भ तथा शाह वंशकालीन नेपालको इतिहास, राणावंशको उदय र अन्त हुनाको कारण उल्लेख गरिएको ऐतिहासिक घटनालाई उपजीव्य बनाएर यस प्रकारका ऐतिहासिक कथाहरू लेखेका छन् ।

भट्टराईले संस्कृत वाङ्मयबाट आवश्यक वस्तुहरू (सामग्री) आयात गरी नेपाली भाषालाई मौलिक तुल्याएका छन् । उनले आफ्ना कथामा प्राकृतिक सौन्दर्यलाई पनि आमन्त्रण गरेका छन् भने दर्शनका पक्षमा यिनी वेदान्ती र विश्व बन्धुत्व पक्षधर देखिन्छन् । यिनका कथामा पूर्वीय ज्ञानको असीम भण्डार एउटै प्रवाहमा प्रवाहित भएको प्रतीत हुन्छ । आध्यात्मिक दर्शनमा वेदान्त दर्शनलाई यत्रतत्र प्रतिविम्बत गराउन सफल भएका बदरीनाथद्वारा आफ्ना कथामा धर्म, संस्कार र दर्शनलाई विशेष महत्त्व दिइएको पाइन्छ ।

नेपाल राष्ट्रको छिमेकी राष्ट्रसँग भएको सन्धि, सम्झौता, युद्ध, झगडा, राजारानीहरूको चरित्र, दरबारभित्रका कलह, झगडा, हत्या, हिंसा, उत्साह र वीरतापूर्ण क्रियाकलाप, प्रेम र बलिदान दिने शहीदहरूको अमरगाथा प्रजातन्त्रका लागि लड्ने प्रजातन्त्र सेनानीहरूको असल चरित्रलाई उद्घाटन गर्ने कार्यमा कथाकार सफल देखिन्छन् ।

काम, क्रोध, लोभ, मोह, मद् र मात्सर्य लगायतका दश इन्द्रियलाई जित्नु मानव जीवनको अन्तिम लक्ष्य रहेको हुन्छ । मानिसले सुख, शान्ति र आनन्द इन्द्रिय वशमा राख्नाले र आध्यात्मिक ज्ञानले मात्र प्राप्त गर्न सक्दो रहेछ भन्ने जानकारी बदरीनाथका कथाहरूबाट पाउन सकिन्छ । भक्तिदर्शन, कर्मयोग, आत्मा परमात्मा, सृष्टि, परब्रह्म, मोक्ष जस्ता विषयलाई समेत चर्चा गर्न पछि नपरेका भट्टराईले जीवन जगत्, कर्मयोग, धर्म, ईश्वर र ईश्वरको व्यापक सत्ता जुन विश्वसंसारमा  व्याप्त भएर पनि विश्वसंसारभन्दा पर रहेको कुरालाई प्रस्तुत गरेका छन् । दुःखको कारण अज्ञानता हो, दुःखनाश नै मोक्ष हो, आत्माको साक्षात्कार तत्त्व ज्ञानबाट हुन्छ, श्रवण मनन् निदिध्याशन ज्ञान प्राप्तिको लागि आवश्यक रहेको हुन्छ भनेर कलीयुगका मानिसहरूलाई आध्यात्मिक सन्देश दिंदै भौतिक जीवनको उद्धार आध्यात्मिक ज्ञानबाट हुन्छ, भन्ने भावना बदरीनाथको रहेको छ । चित्तवृत्ति निरोध भनेर चित्तको व्यापारलाई नियन्त्रण गर्नु भन्ने अर्थ प्रदान गर्ने योग साधनामा लाग्नु पर्ने, भगवान् भक्ति पूजापाठ गर्नुपर्ने आदि आध्यात्मिक सन्देश प्रदान यी कथाहरूमा गरिएको छ । मानिसले यदि मानवीय  धर्म र कर्म अनुसार अगाडि बढेमा आत्म ज्ञानका साथै मोक्षप्राप्त गर्न सकिन्छ भन्ने कुरालाई आत्मसात् गरेका भट्टराईद्वारा आत्मा अमर द्रव्य हो, यो नित्य अविनाशी र स्वयम् प्रकाशमान आत्मज्योति हो भन्ने कुराको आध्यात्मिक भाव रहेका यी कथाहरूलाई अत्यन्त मार्मिक र हृदयस्पर्शी रूपले प्रस्तुत गरिएको छ ।

यस संसारमा मानिसहरू वा जीवहरू तीन तापबाट दुःखी रहेका छन् । आध्यात्मिक दुःख मानिसको आफ्नो मनले पैदा गराएको काम, क्रोध, लोभ, मोह आदि दुःखका कारण मानिस आफै पीडित भएको, दुःखी भएको प्रसङ्गहरू कथाका ठाउँठाउँमा ढालेर कथालाई आध्यात्मिक बनाउन खोजिएको छ भने आधिदैविक देवताहरूबाट आएको दुःख अर्थात् गर्मी, जाडो, हावा, पानी लगायत प्राकृतिक उतार चढाव, प्राकृतिक प्रकोप आदिबाट प्राप्त भएको दुःखलाई पनि कथामा कतै कतै देखाउन खोजिएको छ र आधिभौतिक दुःखमा मानिस, बाघ, भालु, सर्प लगायतका प्राणीबाट प्राप्त भएको दुःखहरूलाई यी ऐतिहासिक कथाहरूमा उल्लेख गरेर दुःख निवृत्तिको प्रमुख उपाय भगवान् नाम संकीर्तन, पूजा, पाठ, व्रत, तीर्थ, यज्ञ, दान, होम गर्नु अर्थात् श्रवण मनन् निदिध्याशन हुन् भन्दै विज्ञान र प्रविधिका कारण आफूलाई बिर्सेर मेसिनको दास हुन लागेको मानिसलाई आध्यात्मिक दर्शनको ज्ञान तर्फ अग्रसर गराइ यी सबै जीवात्मा (मनुष्य) का दुःखबाट छुट्कारा पाउनको नाम मोक्ष हो भन्ने कुरालाई कथाकारले आफ्ना कथाहरूमा उल्लेख गरेका छन् ।

परमात्माको प्राप्ति, आत्मज्ञानप्राप्ति, शिवलोकप्राप्ति नै मोक्षप्राप्ति हो । लडाईं, युद्ध झगडामा पनि आध्यात्मिक दर्शनको ज्ञान भयो अर्थात् भगवान्लाई स्मरण गर्न सकियो भने भगवान्को शक्तिप्राप्त हुन्छ भन्ने कुरालाई यिनका कथाहरूमा देखाइएको छ । वैदिक तथा पौराणिक युगमा पनि नारी शक्तिलाई सर्वोत्तम् शक्ति मानिएको कुरालाई कथाकारले साक्षात् भगवती दुर्गा, लक्ष्मी, सरस्वतीको आराधनाबाट शक्तिप्राप्त हुने कुरा उल्लेख गर्दै आध्यात्मिकताको मार्गदर्शन गरेका छन् ।

●●●

# अध्याय : सात

# सारांश र निष्कर्ष

बदरीनाथ भट्टराईका कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव शीर्षकको यस शोध प्रबन्धमा अध्याय एकदेखि अध्याय छसम्म गरिएको अध्ययन विश्लेषणका समष्टिगत सारांश तथा निष्कर्ष प्रस्तुत गरी यो सातौं अध्याय तयार पारिएको छ ।

पहिलो अध्यायमा शोध प्रस्ताव अन्तर्गत शोध परिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययनको सीमा, अध्ययन विधि अर्न्तगत सामग्री सङ्कलन, सामग्री विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा र शोध प्रबन्धको सङ्गठन वा रूपरेखा उपशीर्षकहरू दिएर तत्सम्बन्धी विषयबारे स्पष्ट पारिएको छ

अध्याय दुईमा बदरीनाथ भट्टराईका कथाको विश्लेषण गर्नका लागि आध्यात्मिक दर्शनको सैद्धान्तिक स्वरूपको चर्चा गरिएको छ । दर्शन सिद्धान्त खण्डमा विशेष गरेर आध्यात्मिक दर्शनको सैद्धान्तिक परिचय अन्तर्गत दर्शनको उत्पत्ति र अर्थ, परिचय र परिभाषा, आध्यात्मिक (षड्दर्शन) दर्शन, न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्त दर्शनको परिचय, दर्शन र साहित्यबिचको सम्बन्ध तथा आध्यात्मिक दर्शनका आधारमा बदरीनाथ भट्टराईका कथा विश्लेषणका सैद्धान्तिक मान्यताहरू- ईश्वर, आत्मा, धर्म मोक्ष, शरीर, मन, सुख-दुःख, कर्मयोग र मानव धर्मको आधारभूत ज्ञानलाई समेत प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा साहित्यिक यात्रा तथा आध्यत्मिक दर्शनको आधारमा बदरीनाथ भट्टराईको परिचय, कथायात्राको चरण विभाजन र आध्यात्मिक दर्शनको आधारमा कथाहरूको वर्गीकरणलाई उल्लेख गरिएको छ । बदरीनाथको नेपाली र संस्कृत कथा कृतिहरूको विवरणका साथै उनको कथा यात्राको संक्षिप्त चरणबद्ध रेखाङ्कन गर्ने क्रममा प्रथम चरण २००१ देखि २००९ सम्म, द्वितीय चरण २०१० देखि २०२० सम्म, तृतीय चरण २०२१ देखि २०३३ गरी चरणगत विभाजन गरिएको छ । साथै बदरीनाथको कथागत प्रवृत्ति र धार्मिक तथा आध्यात्मिक व्यक्तित्वको चर्चा गर्दै आध्यात्मिक दर्शनको प्रभाव परेका कथाहरूलाई विभिन्न समूह, उपसमूहमा प्रस्तुत गरेर विश्लेषण गरिएको छ ।

अध्याय चारमा बदरीनाथ भट्टराईका देवकुल तथा ऋषि कुलसम्बन्धी कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव शीर्षक दिएर देवताहरूको समाज, उनीहरूको चरित्र, मानसिक स्थितिको पर्यवेक्षण गरी प्राचीन देवकुल तथा ऋषिकुलको सजीव छवि यी समूहका कथाहरूमा प्रस्तुत गरिएको छ । दर्शनका पक्षमा यी समूहका कथामा वेदान्त र विश्ववन्धुत्वको प्रयोग गरी देवस्तुति, प्राकृतिक सौन्दर्य, नीति उपदेश, धर्म, दर्शन, संस्कार लगायतका आध्यात्मिक भाव यी कथाहरूमा रहेका छन् । यिनका यस समूहका पच्चिसवटा कथाहरूलाई आध्यात्मिक पक्षबाट अध्ययन गर्दा कथा विष्लेषण, कथासार, कथामा आध्यात्मिक दर्शनको प्रभावलाई विशेष गरेर योग, मीमांसा, वैशेषिक, न्याय, वेदान्त र साङ्ख्य दर्शनको प्रभाव तथा उपनिषद् र श्रीमद्भगवद्गीताका आध्यात्मिक रसलाई उजागर गर्दै ईश्वर, आत्मा, धर्म मोक्ष, शरीर, मन, सुख, दुःख कर्मयोग आदि आध्यात्मिक दर्शनका चिन्तनका विषयलाई उल्लेख गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा पौराणिक समयको राजकुल तथा सामान्य मानव जीवनसम्बन्धी कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव विषय चयन गरिएको छ । यस अध्यायका कथाहरूलाई आध्यात्मिक षड्दर्शन, श्रीमद्भागवत् महापुराण, श्रीमद्भगवदगीता, उपनिषद् र ईश्वर, आत्मा, धर्म मोक्ष, शरीर, मन, सुख, दुःख कर्मयोग आदिका आधारमा अध्ययन अनुसन्धान गरिएको छ । यस समूहमा भगिरथ, ययाति, आखिर आँखा लगाएतका पैंत्तिस कथाहरूको समीक्षात्मक अध्ययन गरी कथाकारकै धार्मिक आस्था र वैदिक दर्शनका आधारमा विश्लेषण गरिएको छ ।

छैटौं अध्यायमा नेपालका ऐतिहासिक राजारानी र वीरवीरङ्गनाका चरित्रमा आधारित कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव शीर्षक दिई षड्दर्शनका साथै भक्ति, योग अद्वैत वेदान्त र मीमांसा तथा ईश्वर, आत्मा, धर्म मोक्ष, शरीर, मन, सुख, दुःख कर्मयोग आदिका आधारमा समीक्षा गरिएको छ । यस समूहका वैराग्यको उदय, सन्धिभङ्ग, बहादुरीको हत्या लगाएतका अठार कथाहरूलाई पूर्वीय दर्शनका पक्षबाट अलग अलग रूपमा अध्ययन विश्लेषण गरी प्रत्येक कथाको कथा विष्लेषण, कथासार, कथामा आध्यात्मिक दर्शनको प्रभाव र निर्कष प्रस्तुत गरी पूर्वीय धर्म र संस्कृतिलाई विषेश परिचित गराइएको छ ।

सातौं अध्यायमा सारांश र निष्कर्ष अर्न्तगत शोध निष्कर्ष र सम्भावित शोध शीर्षकहरू प्रस्तुत गरिएको छ ।

## ७.१ शोध निष्कर्ष

नेपाली भाषामा लेखिएका आध्यात्मिक दर्शनका पुस्तकहरू नभईरहेको अवस्थामा बदरीनाथ भट्टराई जस्ता अध्यात्म साधक व्यक्तित्वले कथा, कविता, अनुवादका माध्यमबाट नेपाली जनमानसमा आध्यात्मिकताको परिचय गराउनु महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । सोही प्रसङ्गमा *बदरीनाथ भट्टराईका कथाहरूमा आध्यात्मिक दर्शनको प्रभाव,* विषयक यस अध्ययनबाट भट्टराई कर्मयोग र भक्तियोगबाट वेदान्तमा पुग्न चाहने आध्यात्मिक साधक हुन् भन्ने सार प्रस्तुत गरी आध्यात्मिक दर्शनलाई उजागर गरिएको छ । नेपाली साहित्यमा बदरीनाथ भट्टराईका कथात्मक योगदानको मूल्याङ्कन गर्दा यिनलाई वेद, उपनिषद् र पुराणहरूमा उल्लिखित आध्यात्मिक कथाहरूको रचना गरी सामाजिक, सांस्कृतिक, धार्मिक, नैतिक मूल्य मान्यता, नीति नियमको मर्यादा पालना गर्ने योग तथा अद्वैत वेदान्तको अनुसरण गर्ने कथाकारका रूपमा प्रस्तुत गरिएको छ । यस शोधप्रबन्धमा पूर्वीय आध्यात्मिक दर्शनका आधारभूत तत्त्वहरू- ईश्वर, आत्मा, धर्म, मोक्ष, शरीर, मन, सुख-दुःख, कर्मयोग तथा मानव धर्मका विषयगत आधारमा बदरीनाथ भट्टराईका कथाहरूको पहिचान गरी विश्लेषण गरिएको छ ।

साहित्य सिर्जना र समालोचना दुवै फाँटमा प्रवेश गरेका बदरीनाथ भट्टराई धर्म दर्शनका वेत्ता भएर वेद, पुराण र इतिहासलाई साहित्यको कोमल स्पर्शले कलात्मक जलप लगाउन सफल व्यक्तित्व हुन् । उनले सुरुमा कथा सम्पादनको कार्यबाट अगाडि बढ्दै विभिन्न सम्पादित कृतिहरूमा भूमिका लेखेर कथा, कविता, नाटक, निबन्ध आदि साहित्यको सिर्जना गरेका छन् । अनुवादका क्षेत्रमा पनि कुशल र सफल व्यक्तित्व भट्टराईले संस्कृत भाषाबाट नेपाली भाषामा धेरै कृतिहरूको अनुवाद गरेका छन् । आधुनिक नेपाली साहित्यको विकासमा अतुलनीय योगदान गरेका भट्टराई विभिन्न पुरस्कारबाट पनि विभूषित भएका छन् । वैदिक, पौराणिक, ऐतिहासिक, सामाजिक विषयवस्तुमा कथा रचना गर्ने बदरीनाथ भट्टराईका २००१ देखि २०३३ सम्मका कथाहरूको अध्ययन गर्दा उनका कथाहरूमा पौरुषेय आस्तिक दर्शनलाई प्रमुख विषय बनाइएको पाइन्छ ।

बदरीनाथ भट्टराईका कथाहरूमा भक्ति र अध्यात्म दर्शनको सङ्गम रहेको पाइन्छ । यो जगत् ईश्वरले व्याप्त छ । काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यलाई त्याग गरी परमार्थ चिन्तनमा लाग्न सके भगवत्त्वप्राप्त गर्न सकिन्छ भन्ने भाव यिनका कथाहरूमा

पाउन सकिन्छ । संस्कृत भाषामा रहेका वेद, ब्राह्मण, उपनिषद्, ब्रह्मसूत्र, श्रीमद्भगवद्गीता, श्रीमद्भागवत् महापुराण, विष्णुपुराणलगायतका अठार पुराणहरूमा उल्लिखित महत्त्वपूर्ण कथाहरूलाई आफ्नो कथाको स्रोत बनाई वैदिक दर्शनमा प्रतिपादित अदृश्य ईश्वर, अनिर्वचनीय माया, प्रकृति, पुरुष, आत्मा, परमात्मा मोक्ष आदि रहस्यात्मक पक्षहरूको प्रयोग गरेका भट्टराईद्वारा पापमा आशक्त मन नै बन्धनको र पुण्यमा संलग्न मन नै मोक्षको कारण बन्छ भन्दै *तत् त्वम् असि* (तिमी त्यही हौ) निराकार ब्रह्म तथा आत्मा एकै हुन् भन्ने अद्वैत वेदान्त दर्शनलाई उद्धृत गरिएको छ । उनी ब्रह्म सत्य र जगत् मिथ्या मान्ने वेदान्त दार्शनिक विषयलाई आफ्नो कथामा प्रस्तुत गर्न सफल व्यक्तित्व हुन् । भगवान्प्रतिको अनन्य भक्तिभाव, द्वैतबाट अद्वैतमा पुग्ने चेष्टा, नाम र रूपमा अभेद, सगुण र निर्गुण ब्रह्ममा सद्भाव र निर्गुणको अभिव्यक्ति जस्ता आध्यात्मिक दर्शनका उल्लेख्य पक्षहरू बदरीनाथका आधारभूत विषयहरू हुन् ।

भगवद्गीतामा उल्लिखित कर्म, भक्ति, उपासना र ज्ञानलाई आफ्ना कथाहरूमा प्रस्तुत गरेका भट्टराईले वैदिक कहानीमा ब्रह्म, आत्मा, सत्य, जीव र जगत् मध्ये स्पष्टरूपमा जागृत अवस्थामा देखापरिरहेका दुई वटा तत्त्वहरू जीव र जगत् या चेतन र जड् हुन् भन्ने भाव व्यक्त गरेका छन् । बदरीनाथ भट्टराईद्वारा उपनिषद्का कतिपय वचनहरूले विश्वमा सम्पूर्ण जीवहरू र पदार्थरूलाई एउटै ब्रह्म तत्त्वका विलासित तत्त्वहरू मानेर जीव, जगत् र ब्रह्मको ऐक्यबद्धतालाई प्रतिपादन गरेका छन् तापनि व्यवहारको दृष्टिले यी तिनैवटा स्वरूप र लक्षणहरू पनि भिन्दा भिन्दै पाइन्छन् । जीवात्माको वास्तविक स्वरूपलाई ब्रह्म नै मानिन्छ तैपनि उपनिषद्हरूले यसको व्यावहारिक शक्ति स्वरूपलाई विभिन्न किसिमबाट लक्षित गरेका छन् । हामीभित्रको मानसिक र आत्मिक शक्ति नै दुर्गाको रूप हो भन्दै दुर्गामाताको शक्तिको वर्णन गरेर समाजमा आध्यात्मिकताको चेतना प्रकट गरिएको छ

ब्रह्मलाई असीमित नित्य चेतना मानेमा जीवात्मालाई शरीर, इन्द्रिय, मन तथा अन्तः करणद्वारा सीमित नित्य, चेतन मानिन्छ । यसले शरीर र इन्द्रियलाई शासन गर्दछ भन्ने उपनिषद् वाणीलाई उनका देवकुल तथा ऋषिकुल सम्बन्धी कथाहरूमा उपासना र कर्मयोग पूर्ण रूपमा प्रयोग गरेर मानवीय चित्त शुद्धिका लागि कर्म उपासना गर्नु पर्दछ । वेदले विधान गरेको कर्मलाई निष्कामना पूर्वक पूरा गर्नु मनुष्य जीवनको सार्थकता हो ।

मानवीय जीवन देवताका पालादेखि नै दु:खले भरिपूर्ण रहेको छ । दु:खको कारण मानिस स्वयम् हो । दु:ख निवारणको उपाय आध्यात्मिकता प्राप्ति हो भन्ने कुरा उल्लेख गरिएको छ

उनका वेद, उपनिषद्, रामायण, महाभारत र विभिन्न पुराणहरूका विषयवस्तुलाई आधार बनाएर लेखिएका पौराणिक समयका राजकुल तथा सामान्य मानव जीवन सम्बन्धी कथाहरूमा आध्यात्मिक, सामाजिक र सांस्कृतिक परम्परालाई उजागर गरिएको छ । यी कथाहरूमा सांसारिक सुख-दु:ख, हर्ष-विस्मात्, सफलता-असफलता, दया-करुणाका साथै नारी र पुरुषमा हुने अस्वाभाविक प्रेम प्रसङ्ग, प्रेम प्रणयमा बाँधिएका प्रेमी-प्रेमिका, पति-पत्नीमा रहेका समझदारी, असमझदारी गरिबीका कारण प्राप्त पीडा-कष्ट आदिलाई देखाएर समाजमा हुने गरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

प्राचीन पौराणिक विषयवस्तु, नेपालको इतिहासमा घटेका यथार्थ घटनाहरू, सामाजिक, काल्पनिक सिर्जनात्मक अभिव्यक्ति र लोक विश्वासका साथै कथाकारका आध्यात्मिक भावना, धार्मिक आस्था विश्वासलाई उजागर गर्दै बदरीनाथ भट्टराईद्वारा पतञ्जलिको राजयोग र अद्वैत वेदान्त दर्शनका साथै आस्तिकता र नास्तिकताको वर्णन गरी, भगवान् गणेश, देवी दुर्गा, लक्ष्मी र सरस्वती, त्रिदेव-ब्रह्मा, विष्णु, महेश्वर अर्थात् भगवान् पशुपतिनाथ लगायतका सूर्य, चन्द्रमा आदि देवताहरूको उपासना गरेर पाप निवारणको उपायको मार्गदर्शन गरी श्रीकृष्णप्रति भक्तिभाव दर्शाउँदै ईश्वरको सेवाकीर्तन तथा अध्यात्म साधनाबाट वेदान्त र योगसम्मत ब्रह्मप्राप्ति अर्थात् मोक्षप्राप्ति हुने निष्कर्षलाई प्रष्ट पारिएको छ ।

भट्टराईका कथामा पूर्वीय दर्शन अन्तर्गत मानिने परमेश्वरको विराट् स्वरूपको शक्तिको महिमा प्रस्तुत गरेर जगत्का सम्पूर्ण प्राणी सुखी हुन् । मानिस भएर जन्मेपछि कसैको पनि अहित हुने काम गर्नु मानवीय धर्म विपरीत कुरा भएको हुनाले प्राणीको हितमा लाग्नु पर्दछ भनेर पुराणहरूको सारलाई व्यक्त गरिएको छ । विशेष गरी भगवान् पशुपतिनाथको भक्ति साधनाबाट अन्तमा शान्ति र मोक्षको अनुभूति गराउनु बदरीनाथको मूल ध्येय रहेको छ । काम, क्रोध, लोभ, मोहका साथै हत्या, हिंसा जस्ता भौतिकवादको निन्दा र आत्मतत्त्वको खोजी यी कथाहरूमा गरिएको छ ।

संसारको मिथ्यात्त्वमा र ब्रह्मको सत्यत्त्व र शाश्वततत्त्वमा बदरीनाथ भट्टराईका सबै आध्यात्मिक कथाहरूले प्रतिपादन गरेका छन् । सरल, सरस वेदान्तको सारलाई नै सर्वस्व ठानेका भट्टराईले यी कथाहरूमा आध्यात्मिकता प्रदान गरेका छन् । बदरीनाथ ज्ञान निष्ठामा, नैतिकतामा, धर्ममा, चरित्रमा, आचार, विचार, सदाचार र व्यवहारमा अनुकरणीय व्यक्तित्त्व थिए । यिनले नेपालको शैक्षिक जागरण र इतिहासमा महत्त्वपूर्ण योगदान दिएका छन् । नेपालका सच्चा राष्ट्र सेवक, संस्कृत मनीषी, नेपाली भाषानुवादक र आध्यात्मिक साधक भट्टराई बहुदेवमा समान आस्था, सनातन हिन्दूधर्मप्रति असीम श्रद्धा भएका योग र अद्वैत वेदान्तको प्रयोग गर्ने कथाकार हुन् । यिनका सबै कथाहरूमा भक्ति, कर्म, उपासना, धार्मिक-नैतिक उपदेशका साथै प्राचीन संस्कृति, परम्पराभित्र आस्तिक दर्शन कुनै न कुनै विषयमा केन्द्रित रहेका छन् । यिनका सम्पूर्ण कथाहरू वैदिक जीवन दर्शन र अध्यात्मदर्शनले परिपूर्ण रहेकाछन् । बदरीनाथ भट्टराईका कथाहरूमा व्यक्त भएका अध्यात्म दर्शनले देह नाशवान् छ, आत्मा अमर छ, आत्माको साक्षात्कार तत्त्व ज्ञानबाट हुन्छ, भन्ने कुराको सारलाई समेटिएको छ । पूर्वजन्मको संस्कार र यस जन्मको आध्यात्मिक साधनाबाट प्राप्त हुने मोक्षको अनुभूति गर्न उत्प्रेरित व्यक्तित्त्व भट्टराई गृहस्थ आध्यात्मिक साधकका रूपमा रहेर आध्यात्मिकताको सन्देश प्रदान गर्न सफल भएका छन् ।

वैदिक ज्ञानद्वारा अज्ञानताको नाश हुन्छ । बह्म आनन्द स्वरूप हुन्छ भन्ने आध्यात्मिक दर्शनको सैद्धान्तिक आधार प्राप्त गरेका बदरीनाथ भट्टराईका कथाहरू सन्देशमूलक मान्न सकिन्छ । नेपाल धर्म प्रधान राष्ट्र भएको हुनाले यहाँ धर्मको विशेष स्थान रहेको हुँदा नीति, उपदेश, मर्यादा, दण्ड विधान, कर्म काण्ड र पूजापाठका धर्म ग्रन्थहरू संस्कृतमा मात्र लेखिएका हुनाले नेपालीमा पनि उक्त वैदिक कुराहरू सबैले बुझ्ने भाषा र मिठासपूर्ण कथात्मक शैलीमा प्राप्त हुनु उपलब्धिमूलक मान्न सकिन्छ साथै आध्यात्मिक दर्शनमा धर्म, संस्कृतिको संरक्षण, आदर्श समाजको परिकल्पना, नैतिक मूल्य मान्यतामा आधारित नीति नियम र अनुशासनको पालना, धार्मिक सम्पदाहरूको संरक्षण, व्यक्तिको चरित्र सुधार्ने, समाजको आर्थिक विपन्तालाई न्यून गर्ने, समाजमा ज्ञान, विद्या, बुद्धि र आध्यात्मिक चेतना फैलाई स्वच्छ समाजको निमार्ण गर्ने कुराहरू आजको समयमा आवश्यक रहेको छ भन्ने कुरालाई आत्मसात् गरेका बदरीनाथ भट्टराईका कथाहरूबाट प्राप्त आध्यात्मिक ज्ञान नै यस अध्ययनको प्राप्ति हो । अतः यिनका कथाहरूको अध्ययन विष्लेषणबाट निम्नानुसारका कुराहरू प्राप्त गर्न सकिन्छ ।

१) पूर्वीय आध्यात्मिक ज्ञानको असीम भण्डार एउटै प्रवाहमा प्रवाहित भएको प्रतीत हुन्छ ।

२) काम, क्रोध, लोभ, मोह, मद् र मात्सर्य लगायतका दश इन्द्रियलाई जित्नु मानव जीवनको अन्तिम लक्ष्य हो भन्ने कुरालाई उजागर गरिएको छ ।

३) भक्ति, ज्ञान, कर्मयोगका मध्ययमबाट आत्मा, परमात्मा, सृष्टि, परब्रह्म र मोक्षप्राप्तिलाई मानव जीवनको कल्याणको आधार मानिएको छ ।

४) चित्तवृति निरोध भनेर चित्तको व्यपारलाई नियन्त्रण भन्ने अर्थ प्रदान गर्ने राजयोग, ज्ञानयोग, कर्मयोग र भक्तियोग आदि थुप्रै योगमार्गहरूद्वारा मानवीय जीवनको उद्दार हुने कुरालाई प्रष्ट्याइएको छ ।

५) यो संसारमा मानिसहरू वा जीवहरू त्रिताप (आध्यात्मिक, आधिदैविक र आधिभौतिक) बाट दुःखी रहेका छन् । उक्त त्रितापबाट मुक्ति हुने उपाय भगवान नाम सङ्कीर्तन, पूजापाठ, व्रततिर्थ, यज्ञ, दान, धर्म आदि हुन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

६) दुःखको कारण अज्ञानता हो, दुःख नाश नै मोक्ष हो, आत्माको साक्षात्कार तत्त्वज्ञानबाट हुन्छ, अर्थात् श्रवण, मनन र निदिध्यासन जस्ता आध्यात्मिक कार्यबाट भौतिक जीवनको उद्दार हुन्छ भन्ने कुरालाई देखाइएको छ ।

७) समाजमा रहेका सामाजिक, नैतिक, धार्मिक मूल्य मान्यताहरू, परम्परागत धर्म संस्कृतिहरू देखाएर बालबालिकालाई सत्मार्गको सन्देश प्रदान गरिएको छ ।

८) वैदिक तथा पौराणिक युगमा नारी शक्तिलाई सर्वोत्तम शक्ति मानि साक्षात् लक्ष्मी, सरस्वती र भगवती दुर्गाको शक्ति असल नारीहरूमा विद्यमान् रहेको कुरालाई सम्मानपूर्वक प्रकट गरिएको छ ।

९) पौराणिककाल तथा ऐतिहासिक राजारानीमा विद्यमान् कुरीतिलाई चिर्दै देश र जनताप्रति गरिएको समर्पण, त्याग, तपस्या, सहयोग, सद्भाव, दया, माया, प्रेम आदिलाई देखाएर वर्तमानका राष्ट्रप्रमुख तथा राष्ट्र नेताहरूमा सत्चरित्र तथा सेवाभावको सन्देश प्रदान गरिएको छ ।

१०) ईश्वर, आत्मा, धर्म मोक्ष, शरीर, मन, सुख, दुःख कर्मयोग आदि आध्यात्मिक दर्शनका चिन्तनका विषयलाई कथा विष्लेषणको आधार मानेर मानवीय जीवनलाई आध्यात्मिक दर्शनको मार्ग दर्शन गरिएको छ ।

## ७.२ सम्भावित शोध शीर्षकहरू

धर्म र अध्यात्म चिन्तनका धनी बदरीनाथ भट्टराई आध्यात्मिक व्यक्तित्त्व हुन् । उनले लामो समयसम्म नेपाली समाजमा कथा, कविता, निबन्ध, नाटक/एकाङ्की र संस्कृत साहित्यको अनुवाद लगायतका साहित्य सिर्जनालाई पस्केर महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनका रचनाहरूमा व्यक्तिको चरित्र सुधार्ने, समाजको आर्थिक विपन्नतालाई न्यून गर्ने, समाजमा ज्ञान, विद्या, बुद्धि र आध्यात्मिक चेतना फैलाई स्वच्छ समाजको निमार्ण गर्ने कुराहरू प्राप्त गर्न सकिन्छ । भट्टराई पूर्वीय आध्यात्मिक दर्शनका साधक मात्र होइनन्, उनी वैदिक दर्शनको ज्ञान प्राप्त गरी गृहस्थ सन्त अर्थात् अत्माज्ञान/ब्रह्मज्ञान प्राप्त गरेका व्यक्ति हुन् । उनले विभिन्न विद्यामा साहित्य रचना गरेका छन् । उनका साहित्यिक कृतिहरूको अध्ययन अनुसन्धान गर्नु भनेको समाजमा सत्मार्गको शिक्षा प्रदान गर्नु हो भन्ने कुरा सम्पूर्ण पाठकहरू लगायत शोधार्थीहरूले महसुस गर्न सक्दछन् । अतः सम्भावित शोध शीर्षकहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

१. बदरीनाथका कथामा वैदिक तथा पौराणिक संस्कृति ।

२. बदरीनाथ भट्टराईका कथाहरूमा धर्म र संस्कृतिको प्रभाव ।

३. बदरीनाथका कथामा उपजीव्यता र काल्पनिकता ।

४. पूर्वीय दर्शनका आधारमा बदरीनाथ भट्टराईका सामाजिक र काल्पनिक कथाहरूमा धर्म र संस्कृतिको प्रभाव ।

५. बदरीनाथ भट्टराईका कथामा नारीको अवस्था ।

परिशिष्ट १ :  बदरीनाथ भट्टराईका सम्पादित कृतिहरु

**सम्पादन गरेका कृतिहरु**

नेपाली गद्यसङ्ग्रह भाग १ (१९९८)

नेपाली पद्यसङ्ग्रह भाग १ (१९९८)

नेपाली पद्यसङ्ग्रह भाग २ (१९९९)

नेपाली गद्यसङ्ग्रह भाग २ (२००२)

नेपाली पद्यसङ्ग्रह भाग ३ (२०११)

"शान्ति" पत्रिका (२०१४)

## परिशिष्ट २ : बदरीनाथ भट्टराईका कथा सङ्ग्रह तथा फुटकर कथाहरु

### रचना गरिएका फुटकर कथाहरु तथा कथा सङ्ग्रहहरु

**(क) कथा सङ्ग्रह**

- पौराणिक बालकथा (वि.सं २०10)
- पौराणिक कहानी (वि.सं. २०1०)
- ऐतिहासिक कहानी (वि.सं. २०1५)
- वैदिक कहानी (वि.सं. २०२९)

**(ख) फुटकर कथाहरू**

- मूलबाटो (२००१, १२२-१२३) शारदा
- परिर्वतन (२००६, ८५-८८) पुरूषार्थ
- आनेश्यको चिठ्ठी (२००६) शारदा
- सत्यको खोजी २००७-२००८(प्र.७) शारदा
- चौसल्ला (२००७) शारदा
- कवि सम्मेलन (२००८,६२-६३) भारती
- कालको साथी इनार २००९(६०-६२) भारती
- कुन्ति
- सफल अश्वमेघ, (२0२१ श्रावण २४ गते) गोरखापत्र
- आमाको शिक्षा (वर्ष ३ अङ्क १, २००७) मर्यादा
- शुकजीको प्रश्नको उत्तर (२०२९) साक्षात्कार
- शिखिध्वजको बोध (वर्ष ७, अङ्क ४, २०२९) साक्षात्कार
- सप्तशतीको सारांश (२०३२ असोज २६ गते) गोरखापत्र
- देवीगीता (वर्ष ५, नववर्षक २०३३) धर्मसन्देश
- पुस्तकको आगो २००९(१४८-१४९) भारती

परिशिष्ट ३ : बदरीनाथ भट्टराईका संस्कृत साहित्यका अनुदित कृतिहरुको आरेख

## संस्कृत साहित्यका अनुदित कृतिहरु


- हरिस्तुति (शङ्कराचार्यको हरिमीडेको अनुवाद), २०२८
- विद्यागीता (त्रिपुरा रहस्य ज्ञान खण्डको अनुवाद), २०२८
- प्रबन्ध पल्लव (२०२९)
- गजेन्द्र मोक्ष (२०३१)
- योग वाशिष्ट रस (२०३१)
- हंश गीता र भिक्षु गीता (२०३३)
- देवी गीता (२०३३)
- स्तुति धारा भाग १ र भाग २ (२०३३)
- ब्रह्मगीता (२०३४)
- रामगीता (२०३४)
- आत्मा पुराणको संक्षित अनुवाद(२०३८)
- दश श्लोकी ब्याख्या सहित
- धर्मबोध (भाग १ देखि ५ सम्म )
- प्रबोध सुधाकर (२०४४)
- विचार चन्द्रोदय (२०४६)
- शाङ्करी अमृतधारा
- त्रिपुरारहस्य ज्ञान खण्ड विधागीता
- श्री शङ्कराचार्यकृत हरिमीडे स्तोत्र - (अनुवाद र ब्याख्या)

## परिशिष्ट ४ : बदरीनाथ भट्टराईका फुटकर निबन्ध तथा निबन्ध सङ्ग्रहहरु


### फुटकर निबन्ध तथा निबन्ध सङ्ग्रह

| फुटकर निबन्धहरु | निबन्ध सङ्ग्रह |
| --- | --- |
| कलाको हेला (२००९), भारती | नेपालका तारा (२०१९) |
| सामाजिक एकरुपता (२००९), पुरूषार्थ | पच्चीस प्रबन्ध (२००८) |
| विष्णु गुप्त, कौटिल्य र अर्थशास्त्र (२०१०), जागृति | हाम्रो वैवाहिक परस्पराको वैशिष्ट्य |
| जस्तालाई तेस्तै (२०११), भारती | राज्याभिषेक गर्ने विधि (झंकार शुभराज्याभिषेक प्रकाशन) |
| पुकार (२०१२), नव निर्माण | अन्य फुटकर निबन्ध |
| सालिक (२०१२), प्रगति | अनन्तराम (२००२) |
| प्राकृत किन पढ्ने ? (२०१३), फूलपाति | सक्कली शिक्षा (२००८) |
| बह्मसूत्र (२०१४), शान्ति | पुस्तकालय (२००७) |
| न्यास (२०१८-२०१९), रूपरेखा | पुरूषार्थ (२००९) |
| आफू को हो ? (२०२३), साक्षात्कार | ईश्वर किन मान्ने ? (२०३१) |
| विद्वान्ले चाडैँ गर्नु पर्ने काम के हो ?(२०२४) | ईश्वरको सेवा कसरी गर्ने ? (२०४०) |
| विशिष्ट सार सङ्क्षेप (२०२५), मधुपर्क | धर्म र विज्ञान धर्म सन्देश (२०३१), नववर्ष |
| नाचघरको बत्ती (२०२६), रूपरेखा | चित्तवृत्ति (२०३१), धर्म सन्देश |
| योग र ज्ञान(२०२६), मर्यादा | ज्ञानयोग (२०३५), धर्म सन्देश |


## परिशिष्ट ५ ः बदरीनाथ भट्टराईको कथाहरुको चरण विभाजन





## परिशिष्ट ६ ः बदरीनाथ भट्टराईको प्रथम चरणका कथाहरु




## परिशिष्ट ७ : बदरीनाथ भट्टराईको द्वितीय चरणका कथाहरु




## परिशिष्ट ७.१ : बदरीनाथ भट्टराईका पौराणिक बाल कथा सङ्ग्रहभित्रका २१ काथाहरु




## परिशिष्ट ७.२ : बदरीनाथ भट्टराईका पौराणिक कहानी कथा सङ्ग्रहभित्रका २१ कथाहरु




परिशिष्ट ७.३ : बदरीनाथ भट्टराईका पौराणिक कहानी कथा सङ्ग्रह भित्रका १८ काथाहरु





परिशिष्ट ७.४ : बदरीनाथ भट्टराईका द्वितीय चरणका फुटकर कथाहरु




**परिशिष्ट ८ : बदरीनाथ भट्टराईको तृतीय चरणका काथाहरुको वर्गीकरण :**




**परिशिष्ट ८.१ : बदरीनाथ भट्टराईका वैदिक कहानी कथा सङ्ग्रहभित्रका १३ काथाहरु :**



## परिशिष्ट ८.२ : बदरीनाथ भट्टराईका तृतीय चरणका फुटकर काथाहरु :



# सन्दर्भसामग्री सूची


अधिकारी, इन्द्रविलास, (२०६६), *तुलनात्मक साहित्य सङ्क्षिप्त परिचय,* काठमाडौ :साझा प्रकाशन ।

अधिकारी, नारायण, (अनु.), (२०६८), *श्रीविष्णु महापुराणम्,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

______________, (२०१० ई.) *भगवान् श्री कृष्ण,* भक्तिवेदान्त बुक ट्रष्ट ।

अधिकारी, राधाकृष्ण, (२०६१), *धार्मिक विज्ञान,* बागबजार : क्वालिटी लेजर प्रिन्ट ।

अधिकारी, हेमाङ्गराज, (२०५३), *पूर्वीय समालोचना सिद्धान्त,* ललितपुर : साझा प्रकाशन ।

अर्याल, मदनप्रसाद, (२०६९), *नीति, विदुर, चाणक्य र भर्तृहरि,* काठमाडौं : परिचित छापाखाना ।

आचार्य, तुलसीराम, (१९९७ ई.)*चाणक्यनीति दर्पण,* (अनु.), वाराणसी : दुर्गा सहित्य भण्डार ।

आचार्य, प्रशान्त, (२०१०), *षड्दर्शन, समन्वय,* दिल्ली : अजयप्रिंटर्स ।

आचार्य, माधव (१९९७ ई.), *सर्वदर्शन सङ्ग्रह,* हिन्दी अनुवाद उमाशंकर शर्मा ऋषि (पाँ. सं.) वाराणसी : चौखम्बा विद्याभवन ।

आचार्य, श्रीराम शर्मा (सम्पा.) (२०५९), *१०८ उपनिषद्,* (ते.सं.) हरिद्वार : ब्रह्मवर्चस् शान्तिकुञ्ज ।

आप्टे, वामनशिवराम (२००६ ई.), *संस्कृतहिन्दी कोश,* दिल्ली : न्यू भारतीय बुक कर्पोरेशन ।

ईश्वरकृष्ण, (२००४ई.), *सांख्यकारिका,* (अनु.) जवालाप्रसाद गौडा, वाराणसी : चौखम्वाविद्याभवन ।

उपाध्याय, केशवप्रसाद, (२०४०), *विचार र व्याख्या,* ललितपुर : साझा प्रकाशन ।

______________, (२०४९), *साहित्यप्रकाश,* ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, राधारमण, (२०६५), *केही उपनिषद् र सूक्त,* काठमाडौं : श्रीमती आशा शर्मा प्रकाशन ।

उपाध्याय, बलदेव, (१९६८), *भारतीय दर्शन,* षष्ठ संस्करण, वाराणसी : शारदा मन्दिर ।

उपाध्याय, विश्वम्भरनाथ (१९८० ई.), *हिन्दी साहित्यकी दार्शनिक पृष्ठभूमि,* आगरा : साहित्य रत्न भण्डार ।

*कल्याण,* (१९६९ ई.), *परलोक और पुनर्जन्माङ्क,* हनुमानप्रसाद पोद्दार, (सम्पा.), गोरखपुर : गीता प्रेस ।

कृपामय, कृष्ण (२०५४), *श्रीमद्भगवद्गीता यथारूप,* (अनु.) नारायण प्रसाद अधिकारी, काठमाडौं : श्री राधाकृष्ण मन्दिर हरे कृष्णधाम ।

गड्तौला, नारायणप्रसाद, (२०५२), *बदरीनाथ भट्टराईको कथाकारिता,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि. कीर्तिपुर ।

गान्धीजी (१९५८ ई.), *मंगल-प्रभात,* (अनु.) अमृतलाल ठाकोर दास, अहमदावाद : नवजीवन प्रकाशन ।

गिरि, रामानन्द (२०५५), *जनक दर्शन,* (अनु.) रामहरि तिमल्सिना, भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

गुप्त, एस.एन.दास (१९८८ ई.), *भारतीय दर्शनका इतिहास,* जयपुर ४ : राजस्थान हिन्दी ग्रन्थ अकादमी ।

गौतम, कुलचन्द, (२०५४), *संस्कृत नेपाली शब्दकोश,* दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय

______________, (२०६३) *रामायण,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

घिमिरे, डुकुलराज (२०६९), *दधिराम मरासिनी र लेखनाथ पौड्यालका कवितामा दार्शनिक पक्षको तुलनात्मक अध्ययन,* (अप्रकाशित) विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्व विद्यालय अनुसन्धान केन्द्र ।

चट्टोपाध्याय, सतीशचन्द्र र दत्त धीरेन्द्र मोहन (१९८३ ई.), *भारतीय दर्शन,* (अनु.) हरिमोहन झा एवं नित्यानन्द मिश्र, पटना : पुस्तक भण्डार ।

चालिसे, चक्रपाणी, (२००२), *नेपाली गद्यसङ्ग्रह,* ललितपुर : साझा प्रकाशन

चालिसे नारायण, (२०६६), *विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासमा पूर्वीय दर्शनको प्रभाव,* अप्रकाशित शोधप्रबन्ध, दाङ : ने.सं.वि. वि. ।

जगदीस्वरानन्द, सरस्वती, (सम्पा.), (२००४ ई.), *वेदान्तदर्शन,* षड्दर्शनम् दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द ।

______________, (२००४ ई.), *न्यायदर्शन,* षड्दर्शनम (अनु.), दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द ।

______________, (२००४ ई.), *मीमांसादर्शन,* षड्दर्शनम् (अनु.), दिल्ली : विजयकुमार, गोविन्दरामहसानन्द ।

जयदयालगोयन्दका, (२०५८) (अनु.), *पातञ्जलयोगदर्शन,* गोरखपुर : गीताप्रेस ।

जोशी, रामप्रसाद, (२०५७), *श्रीमद्भगवत,* (अनु.) काठमाडौं : श्रीमती नानीमैया जोशी ।

ज्ञवाली, खेमराज, (२०६९), *श्री शुकसुधा, श्रीमद्भागवतमहापुराण कथा सार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ज्ञवाली, बाबुहरि, (२०६३), *ईशोपनिषद्,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

तिमल्सिना, डिल्लीराम र माधव भण्डारी, (२०४६), *हाम्रो साहित्य र साहित्यकारहरू,* वाराणसी : नभसंगम ।

त्रिपाठी, वासुदेव, (२०४८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १,* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (२०५४), *नेपाली कविता भाग-४,* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,* ललितपुर : साझा प्रकाशन ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, (२०४९), *नेपाली लोकसाहित्यको विवेचना,* काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

दामोदर सातवलेकर, (अनु.), (१९८९ ई.), *यजुर्वेदका सुबोध भाष्य,* वलसाड भारत : वसन्तश्रीपाद सातवलेकर पारडी स्वाधयाय मण्डल ।

दीक्षित, भट्टजी, (१९४९ ई.), *वैयाकरण-सिद्धान्त-कौमुदी (सम्पा.),* श्रीगोपालदास शास्त्री ने.न., वराणसी ।

दुबे, श्यामचरण (१९८२ ई.), *मानव और धर्म संस्कृति,* दिल्ली : राजकमल प्रकाशन ।

देवकोटा, माधवप्रसाद, (२०३०), *छान्दोग्योपनिषद्,* (अनु.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

______________, (२०३०), *मुण्डकोपनिषद,* (अनु.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

______________, (२०३१) *बृहदारण्यकोपनिषद्,* (२०३१), (अनु.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

निगम, शोभा, (१९७७ ई.), *पाश्चात्य दर्शनका सम्प्रदाय,* पटना : भारती भवन

______________, (२००० ई.), *पाश्चात्य दर्शनके सम्प्रदाय,* दिल्ली: मोतीलाल वनारसीदास ।

______________, *नेपाली शिक्षा परिषद्,* (२०५४), काठमाडौं : लेखनाथ साहित्य सदन ।

नेपाल, वसन्तकुमार शर्मा (२०५८), *नेपालीशब्दसागर,* काठमाडौं : भाभा पुस्तक भण्डार ।

______________, (अनु.), (२०६२), *महर्षि वेदव्यास रचित गद्यमहाभारत (आदिपर्व, सभापर्व, वनपर्व),* काठमाडौं : भाभा पुस्तक भण्डार ।

______________, (२०६३), गद्यमाहाभारत, काठमाडौं : भाभा पुस्तक भण्डार ।

न्यौपाने, टंकप्रसाद, (२०४९), *साहित्यका रूपरेखा,* दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

पन्त, नयराज, (२०६०), *बुद्धिविनोद प्रश्नावली र त्यसको उत्तर,* काठमाडौं : खिलशर्म-राजिवलोचन जोशी स्मारक प्रतिष्ठान ।

पाठक, आर.सी. (१९८७ ई.), *भार्गवस् डिक्स्नरी,* वाराणसी : भार्गव बुक डिपो चोक ।

पाठक, रङ्गनाथ, (२०४६), *षड्दर्शनरहस्य,* पटना : विश्व राष्ट्रभाषा परिषद् ।

पाठक, सर्वानन्द (१९६५ ई.), *चार्वाक दर्शनकी शास्त्रीय समीक्षा,* वाराणसी : चौखम्बा विद्याभवन ।

पाण्डे, राम सुरेश (१९७२ ई.), *महाभारत और पुराणों में सांख्य दर्शन,* दिल्ली : नेशनल पब्लिसिङ् हाउस ।

पाण्डेय, रामनारयण दत्त, (अनु.), (२०५८), *महाभारतशान्तिपर्व,* गोरखपुर : गीता प्रेस ।

पोखरेल, यादवचन्द्र, (२०६८), *श्रीमद्‌भगवद्‌गीता,* काठमाडौं : सुकृतिअफसेट प्रिन्टिङ् प्रेस ।

पोखरेल, छविलाल, (२०४९), *वैदिक सिद्धान्त,* दोस्रो भाग, धरान : बालमाया पोखरेल ।

पोखरेल, बालकृष्ण र अन्य सम्पा. (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोद्दार, हनुमानप्रसाद, (२०४४), *श्रीमद्‌भागवतमहापुराणम भाग एक, भाग दुई,* (अनु) गोरखपु : गीता प्रेस ।

पौडेल कृष्णप्रसाद, (२०३८) *बदरीनाथ भट्टराईः जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि., कीर्तिपुर ।

पौडेल, देवराज, (२०५८), (अनु.) *आपस्तम्बधर्मसूत्र,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, वीणा, (२०७१), *वेदपुराणका केही रत्नहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, हेमनाथ, (२०६४), *कृष्णमणि साहित्य पुरस्कारद्वारा सम्मानित स्रष्टाहरू,* काठमाडौं : कृष्णमणि साहित्य पुरस्कार व्यवस्थापन समिति ।

प्याकुर्‍याल, शम्भु, (२०५३) *अनुकरणीय व्यक्तित्व-बदरीनाथ भट्टराई,* मधुपर्क (पृ.४५, ४६) ।

प्रधान, कृष्णचन्द्र सिंह (सम्पा.) (२०३४), *साझा समालोचना,* (दो.सं.), काठमाण्डौं :साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र, (२०४०), *नेपाली कथावलोकन,* दार्जीलिङ् : दोपा प्रकाशन ।

प्रधान, प्रमोद, (२०५७), *नेपाली बालसाहित्यको इतिहास,* काठमाडौं : बगर फाउण्डेशन नेपाल ।

____________, (२०६५) *नेपाली बालवाङ्मय परिचय कोश,* काठमाडौं : मार्टिन चौतारी ।

बन्धु, चूणामणि र अन्य (आ. सं. २०६९), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, ईश्वर, (२०४३) *झ्यालबाट,* (चौ.सं.), काठमाडौं : साझा प्रकाशन ।

बराल, ईश्वर र अन्य (सम्पा.) (२०५५), *नेपाली साहित्यकोश,* काठमाडौं : ने.रा.प्र.प्र. ।

*बृहदारण्यकोपनिषद्,* (१९७० ई.), गोरखपुर : गीता प्रेस ।

भट्ट, रामचन्द्र, (२०७२), *उपनिषद्मा के छ ?,* काठमाडौं : डिकुर पब्लिकेसन ।

भट्टराई, घटराज, (२०४०), *प्रतिभैप्रतिभा, र नेपाली साहित्य,* काठमाडौं : रिसर्च एसोसिएट्स ।

______________, (वि.स. २०३४), *संस्कृतका अमर साहित्यकार,* काठमाडौं : जगदम्बा प्रकाशन ।

भट्टराई, चूडानाथ, (२०१८), *तरूणतपसी मीमांसा,* काठमाडौं : जगदम्बा प्रकाशन ।

______________, (२०२९), *न्यायदीप,* काठमाडौं : ने.रा.प्र.प्र. ।

भट्टराई, बदरीनाथ, (२०१०), *पौराणिक कथा,* काठमाडौं : ने.भा.प्र.स. ।

______________, (२०१५), *नेपाली ऐतिहासिक कहानी,* काठमाडौं : ने.भा.प्र.स. ।

______________, (२०१९), *नेपालका तारा,* काठमाडौं : नेलाली भाषाप्रकाशिनी समिति ।

______________, (२०३८), *आत्मा पुराण,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, शिवशंकर प्रसाददीपक प्रेस ।

______________, (२०४०), *ईश्वरको सेवा कसरी गर्ने,* काठमाडौं : नेपाल प्रेस ।

______________, (२०४९), *पौराणिक कहानी,* (सा. सं.), काठमाडौं : साझा प्रकाशन ।

______________, (२०६४), *नेपाली ऐतिहासिक कहानी,* ललितपुर : साझा प्रकाशन ।

______________, (२०६३), *वैदिक कहानी,* (दो.सं.), काठमाडौं : साझा प्रकाशन ।

______________, (२०६८), *धार्मिक निबन्धसंग्रह,* श्रीमतीकमला भट्टराई वाग्ले, काठमाडौं ।

______________, (२०६९), *गजेन्द्र मोक्ष* (चौ.सं.), ललितपुर : त्रिवेणी छापाखाना ।

______________, (२०६९), *गजेन्द्रमोक्ष बदरी सन्तति,* ललितपुर : त्रिवेणी छापाखाना ।

______________, (२०६९), *रामगीता,* ललितपुर : त्रिवेणी छापाखाना ।

______________, *आमाको शिक्षा,* मर्यादा, वर्ष ३, अङ्क १,  २०२७ फागुन पृ. ३९-४५ ।

______________, *कवि सम्मेलन,* भारती, वर्ष ३, अङ्क ३ (२००८ साउन पृ. ६२-६३)

______________, *कालको साथी इनार,* भारती, वर्ष ४ अङ्क २, २००९ साउन पृ. ६०-६२ ।

______________, *देवीगीता,* धर्मसन्देश वर्ष ५, नववर्ष अङ्क-१, २०३३ पृ. ५-८ ।

______________, *परिवर्तन* पुरुषार्थ, वर्ष १ अङ्क ३, २००६ फाल्गुन पृ. ८५-८८

______________, *पुस्तकको आगो,* भारती, वर्ष ४ अङ्क ४, २००९ असोज पृ. १४८-१४९ ।

______________, *मूलबाटो,* सारदा, वर्ष १० सङ्ख्या ५, २००१ भाद्र पृ. १२२-१२३

______________, *शिखिध्वजको बोध,* साक्षात्कार, वर्ष ७, अङ्क ४, २०२९ पृ. ३१-३५ ।

______________, *शुकजीको प्रश्नको उत्तर,* साक्षात्कार, वर्ष ७, अङ्क ३, २०२९ पृ. ३५ ।

______________, *सत्यको खोज* पुरुषार्थ, २००७-२००८ चैत्र पृ. ७

______________, *सप्तशतीको सारंश* गोरखापत्र, २०३२ असोज २९ गते ।

______________, *सफल अश्वमेध,* गोरखापत्र, २०२१ श्रावण २४ गते ।

भक्तिवेदान्त, स्वामीप्रभुवादजी, (२०७०), *श्री चैतन्यमहाप्रभुकादिव्यउपदेश,* मुंबई : भक्ति वेदान्त बुक ट्रष्ट, ।

भर्तृहरी, (१९७९ ई.), *वैराग्यशतकम्,* (अनु.) जगन्नाथशास्त्री, वाराणसी : चौखम्वाविद्याभवन ।

भामह, (ई.सं १९४९) ‘*काव्यालङ्कार*’, वाराणसी : चौ.सं. ।

भारद्वाज, विश्वनाथ, (२०१६), *संस्कृत साहित्येतिहास,* काशीः हिन्दू विश्वविद्यालय ।

भूसाल, वेदुराम (२०६४), *दर्शनशास्त्र परिचय,* काठमाडौं : एसिया पब्लिकेशन ।

मसीह, याकुव (१९७३ ई.), *निरीश्वरवादः भारतीय एवं पाश्चात्य,* पटना : विहार हिन्दी प्रकाशन अकादमी

महर्षि, द्वैपायन कृष्ण, (२०२२), *श्रीमद्भागवतम्,* आ.सं., गोरखपुर : गीता प्रेस ।

______________, (२०४४), *महाभारत,* (प्रथम खण्ड) प.सं., गोरखपुर : गीता प्रेस ।

मिश्र, उमेश (१९७० ई.), *भारतीय दर्शन,* लखनऊ : हिन्दी समिति सूचना विभाग, उत्तर प्रदेश ।

मिश्र, कृष्णमुमारी (१९९२ ई.), *आद्यविम्ब और गोदान,* दिल्ली : राधाकृष्ण प्रकाशन ।

मिश्र, वीरेन्द्र (२०४०), *दर्शनशास्त्र एक परिचय,* काठमाडौं : श्रीमती श्यामा मिश्र ।

यादव, भिखारी राय (१९८९ई.), *स्याद्वाद् और सप्तभङ्गीय,* वाराणसी ५ : पार्श्वनाथ विद्याश्रम शोध संस्था ।

राधाकृष्णन्, सर्वेपल्ली (१९६९ ई.), *भारतीय दर्शन* (भाग-१) दो.सं. दिल्ली : राजवाल एण्ड सन्स् ।

______________, (१९७२ ई.), *भारतीय दर्शन* (भाग २), दो. सं.,दिल्ली : राजपाल एण्ड सन्स् ।

______________, (१९७३ ई.), *भारतीय दर्शन* (अनु.), नन्द गोमिल, दिल्ली : राजपाल एण्ड सन्स् ।

______________, (१९९८ ई.), *भारतीय दर्शन* (अनु.), नन्द गोमिल, दिल्ली : राजपाल एण्ड सन्स् ।

______________, (२००३ ई.), *भगवद्गीता,* दिल्लीः हिन्द पाकेट बुक्स, सन् २००३ ।

राना, भीम, (२०६१), *साहित्य ज्ञानमाला,* काठमाडौं : साहित्य प्रकाशन ।

राय, रामकुमार (१९६५ ई.), *भारतीय प्रज्ञा,* वाराणसी : चौखम्बा विद्याभवन ।

रिमाल, राममणि, (२०५०), *नेपालीकाव्य र कवि,* (चौ.सं.), काठमाडौं : साझा प्रकाशन ।

रिमाल, वासु, (२०३२), *केही साहित्यिक चिन्तनहरू,* काठमाडौं : साझा प्रकाशन ।

_______________, (२०३४), *वेदान्तविश्वकोश,* ललितपुर : शारदा रिमाल ।

रेग्मी, ऋषभदेव, (२०३४), *प्राच्यदर्शन परिचय,* काठमाडौं : पा.वि.के., त्रि.वि. ।

लुइटेल, तिलकप्रसाद, (अनु.), (२०६१), *मनुस्मृति,* काठमाडौं : पैरवी प्रकाशन ।

_______________, (२०६३), *ऋग्वेद-संहिता,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

_______________, (अनु.), (२०६३), *अथर्ववेद,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

_______________, (अनु.) (२०६६), *यजुर्वेद,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

_______________,(अनु.) (२०६७), *सामवेद,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वसन्तप्रकाश, (२०५०) *हाम्रो लेखन, मूल्य र मान्यतामा समेत ह्रास आइरहेछ,,* मधुपर्क (चैत्र पृ.१६) ।

वाणभट्ट, (ई.सं १९७०), *कादम्बरी* (दो.सं.) दिल्ली : मोतीलालवनारसी दास ।

वामन, आप्टे शिवराम, (१९७८ ई.), *संस्कृतहिन्दी कोश* सा.स. दिल्ली, मोतिलाल वनारसी दासई ।

विवेचना-विवेकानन्द, (१९९४ ई.), *नारदभक्तिसूत्र,* नागपुर : स्वामीव्योमरूपानन्द, रामकृष्ण मठ ।

विश्वनाथ, (१९५५ ई.) *साहित्य दर्पण,* (दो.सं.) वनारस : चौ.सं.सी ।

वेदव्यास (१९९८ ई.), *ब्रह्मसूत्र* (अनु.) मतिवर भोलेबाबा, वाराणसी : भारतीय विद्या प्रकाशन ।

शम, बालकृष्ण (२०३२), *नियमित आकस्मितता,* काठमाडौं, साझा प्रकाशन ।

शर्मा, अर्जुनदेव (२०६१), *भारतीय दर्शनहरूमा के छ ?* काठमाडौं : प्रबेश प्रकाशन प्रा.लि. ।

शर्मा, चन्द्रधर (१९९८ ई.), *भारतीय दर्शन आलोचना और अनुशीलन,* दिल्ली : मोतीलाल-वनारसीदास

शर्मा, चिरञ्जीवी (२०६२), *शिक्षाका आधारहरू* एम्.के. काठमाडौं : पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटर्स भोटाहिटी ।

शर्मा, तारानाथ, (२०५९), *नेपाली साहित्यको इतिहास,* ते.सं. काठमाडौं : नवीन प्रकाशन ।

शर्मा, नारायण, (२०६५), *उपनिषद् तत्त्व-चिन्तन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, नारायण, (२०६८), *विष्णु महापुराण* (अनु), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, बालचन्द्र, (२०३२), *नेपालको ऐतिहासिक रूपरेखा,* (ते.सं.), वाराणसी : ज्ञान कुत सागर मुद्रण ।

शर्मा, राममूर्मि, (१९६४), *अद्वैतवेदान्त,* शोधग्रन्थ, (प्र.सं.), मेरठः साहित्य भण्डार ।

शर्मा, शरच्चन्द्र, (२०३७), *नेपाली साहित्यको इतिहास* (माध्यमिक काल), काठमाडौं : पा.वि.के., त्रि.वि. ।

शर्मा, हरवंशलाल (१९७२ ई.), *भारतीय दर्शन परम्परा और आदिग्रन्थ,* दिल्ली : नेशनल पब्लिसिङ् हाउस ।

*श्रीमद्भागवतमहापुराणम्* (सन्. २०६९), गोरखपुर : गीता प्रेस ।

श्रीवास्तव, जगदीशप्रशाद (१९८५ ई.), *मिथकीय कल्पना और आधुनिक काव्य,* वाराणसी : विश्वविद्यालय प्रकाशन ।

श्रेष्ठ, दयाराम, (सम्पा), (२०३९) *पच्चीस वर्षका नेपाली कथा,* काठमाडौँ : ने.रा.प्र.प्र. ।

श्रेष्ठ, दयाराम र अन्य, (२०५६), *नेपाली-कक्षा ९ र १०,* भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

*षड्दर्शनम्,* (२००४ ई.), सरस्वती, जगदीश्वरानन्द, (अनु.) सम्पा., दिल्ली : विजयकुमार गोविन्दरामहासानन्द ।

सत्याल, यज्ञराज, (२०१६), *नेपाली साहित्यको भूमिका,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

सरस्वती, मधुसूदन (२०६०), *श्रीमद्भगवद्गीता,* वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

सदानन्द, (२०२३), *वेदान्तसार,* (अनु.) रामगोविन्दशुक्लवाराणसी : भारतीयविद्याभवनप्रकाशन ।

सांकृत्यायन, राहुल, (२००४ ई.), *दर्शन दिग्दर्शन,* इलाहावाद : किताबमहल ।

______________, (२०११ ई.), *दर्शन दिग्दर्शन,* इलाहाबाद : किताबमहल ।

सातवलेकर, दामोदर (सम्पा.) (१९३३ ई), *श्रीमद्भगवद्गीता लेखमाला,* सातारा : स्वाध्यामण्डल औंध ।

सिंह, अमर, (२०३१), *बृहदाण्यकोपनिषद्,* काठमाडौँ : ने.रा.प्र.प्र. ।

______________, (२०३५), *छन्दोग्योपनिषद्,* काठमाडौँ : ने.रा.प्र.प्र. ।

______________, (२०३६), *अमरकोश* काठमाडौँ : ने.रा.प्र.प्र. ।

सिंह, बद्रीनाथ, (१९८३ ई.), *भारतीयदर्शन* (ते.सं.), वाराणसी : स्टुडेन्ट फ्रेन्डर्स एन्ड कम्पनी ।

सिन्हा, हरेन्द्रप्रसाद, (१९८३ ई.), *भारतीय दर्शनकी रूपरेखा,* दिल्ली : मोतीलाल वनारसीदास ।

______________, (२००२ ई.), *भारतीयदर्शन,* वाराणसी : मोतीलालवनारसीदास ।

सुवेदी, अभि, (२०३८), *सिर्जना र मूल्याङ्कन,* काठमाडौं : साझाप्रकाशन ।

सुवेदी, राजेन्द्र, (२०६८), *नेपाली समालोचना परम्परा र प्रवृत्ति,* काठमाडौं : पाठ्यसामग्री प्रकाशन ।

स्वरूपानन्द, (२०५६), *श्रीमद्भगवतगीता* (अनु.), कनखल हरिद्वार : स्वरूपानन्द

स्वामीप्रभुवाद, भक्तिवेदान्त (१९८४ ई.), *आत्मा साक्षात्कारका विज्ञान,* मुंबई : भक्ति वेदान्त बुक ट्रट ।

हिरियन्ना, एम. (१९७९ ई.) *भारतीय दर्शनकी रूपरेखा* (अनु.) गोवर्द्धन भट्ट, अनुगुप्त एवं सुरवीर चौधरी, दिल्ली : राजकमल प्रकाशन ।

हुमागाँई, जनक प्रसाद (२०५६), *नेपाली बालसाहित्य,* काठमाडौं : साहित्य प्रकाशन ।

●●●